संग्रह-२

बुद्धकालीन गृहस्थीहरू

[भाग-१]



भिक्षु अमृतानन्द

संग्रह–२

बुद्धकालीन गृहस्थीहरू

[भाग–१]

भिक्षु अमृतानन्द

● यो "बुद्धकालीन गृहस्थीहरू" ले मानव दर्शनको पृष्ट भूमिमा दशजना गृहस्थीहरूको प्रतिनिधित्व गरेको छ । यसले गार्हस्थ्य जीवनसँग सम्बन्धित अहिंसा, मित्रता, सत्यता, सेवा, श्रद्धाबाट उत्पन्न दिव्य ज्ञानद्वारा नै धर्म, अर्थ, काम तथा मोक्ष प्राप्तगर्न सकिने र बुद्धका उपदेशहरू नै सबल र सत्यहुन् भन्ने अटल विश्वास-लाई विभिन्न उपायहरूद्वारा सार्थकपारि दिएको छ। यसलाई गार्हस्थ्यजीवनको पृष्ट भूमिमा विभिन्न उपदेशहरूद्वारा विश्लेषण गरेर देखाउँदै श्रद्धा र सहयो-गको पूर्व रङ्ग तयारपारेको यहाँ देख्न पाइन्छ। त्यस्तै सत्यको विजय र असत्यको पराजय पनि । ●

संग्रह–२

बुद्धकालीन गृहस्थीहरू

[भाग–१]

आचार्य

भिक्षु अमृतानन्द

प्रकाशक

आनन्दकुटी विद्यापीठ

स्वयम्भू, काठमाडौं,

नेपाल ।

भा. रु. ६/–   ने. रु. ८/–

प्रकाशक :-
आनन्दकुटी विद्यापीठ
स्वयम्भू, काठमाडौं,
नेपाल।
फोन : ११११६३

बुद्धाब्द : २५१६

प्रथमावृत्ति : १५००

मुद्रक :-
नेपाल प्रेस
काठमाडौं, नेपाल।
फोन : ११०३२

स्वर्गीय पूज्य प्रव्रज्याचार्य
ऊ. चन्द्रमणी महास्थविरको
स्मृतिमा ।

प्रकाशकीय

'आनन्दकुटी विद्यापीठ' र 'आनन्दकुटी साइन्स कलेज' का संस्थापक पूज्य आचार्य भिक्षु अमृतानन्द महास्थविरले अथक प्रयासगरी संकलित गर्नु भएको यसग्रन्थ हामी गृहस्थीहरूलाई अति उपयोगी बौद्ध-ज्ञान सम्बन्धी यो दोश्रो संग्रह "बुद्धकालीन गृहस्थीहरू' (भाग–१) पनि आनन्दकुटी विद्यापीठलाई प्रकाशनगर्न सुम्पिदिनु भएकोमा विद्यापीठ परिवार निकै हर्षित र वहाँको चीर ऋणी पनि भएको छ। साथै सर्वसाधारण नेपाली गृहस्थीहरूको समक्ष यो पुस्तक पुऱ्याइदिन पाएकोमा विशेष हर्ष लाग्नु स्वाभाविकै हो ।

यस्ता मानवोपयोगी पुस्तकहरूले अवश्य पनि हामीहरूलाई सच्चरित्र र सद्धर्मको बाटो देखाई गृहस्थी जीवन सुधार्नको निमित्त धेरै मद्दत पुऱ्याउने छ भन्ने विश्वाश लिन सकिन्छ ।

तीर्थनारायण मानन्धर
सेक्रेटरी,
आनन्दकुटी विद्यापीठ

६ भाद्र २०२९

भावनाको भेट्

मानव सभ्यताको शुरू शुरू देखिनै नेपालले विद्वत जगतमा आफ्नो प्रतिष्ठा कायम गर्दै आएका कुराहरू हाम्रा प्राचीनग्रन्थ, वेद, उपनिषद्, पुराण आदिहरूबाट प्रष्ट हुन्छ। सोही समय देखिनै यस हिमवतखण्ड नेपालमा अनेकौं ऋषि मुनिहरूको आश्रम रहिआएको छ। जनक, याज्ञवल्क र गार्गी जस्ता स्वतन्त्र चिन्तन मनन तथा विचार र विवेकको प्रतिपादन गर्दै आउने महान् व्यक्तिहरूको उदय नेपालमा समय समयमा भएको छ। यही ज्ञान भूमिमा शान्तिका पथ प्रदर्शक भगवान् बुद्धको जन्म भयो र स्वतन्त्र चिन्तन र ज्ञान-विवेकको परम्परामा नयाँ मोड लिई मानव धर्मको उदय भयो।

आज विश्वमा एक तनाव पूर्ण स्थिति उत्पन्न भएको छ। यसको मुख्य कारण मानवले मानवलाई चिन्न नसक्नुनै हो भन्नुमा केही अत्युक्ति नहोला। मानव शक्तिको लागि भगवान् बुद्धको सन्देशको व्यापक प्रचारको आवश्यक छ भन्न सकिन्छ। भौतिकवादको एकतर्फी विकासले मात्र मानिसलाई आत्म सन्तुष्टि हुन नसकेको हामी पाउँछौं। विकासको र विज्ञानको दृष्टिकोणले अत्यन्त विकसित देशहरूमा पनि मानिसहरू

तथाकथित सुखका साधनमा डुवेर उकुस मुकुस भई शान्तिको निमित्त छटपटाइरहेका छन् । भौतिक सुखले, शक्तिको पराकाष्टाले या विज्ञानको विकासले मात्र उनीहरूको चित्त शान्त गर्न सकेको छैन । विश्वका सम्पूर्ण मानव आज प्रत्यक्षया अप्रत्यक्ष अन्तरद्वन्द्वता को अनुभवबाट सधैं चिन्तित, आशंकित र त्रासमय वातावरणमा पिलिसइरहेका छन् । आत्म सन्तुष्टिका लागि अध्यात्मवादको विकास आवश्यक छ भन्ने पनि महसूस गरेका छन् । यस दिशातर्फ मानव मात्रलाई सजग गराउन भगवान् बुद्धको अहिंसाको सिद्धान्त तथा "इच्छा माथिको विजय" अर्थात् चित्तवृत्ति निरोध आज पनि सम्पूर्ण मानवको निमित्त अत्यन्त आवश्यक छ ।

आज नेपालका परम सुपुत्र भगवान् बुद्धको शान्तिको सन्देश बुझ्ने उत्सुकता संसारभरका बौद्ध धर्मावलम्वीहरूमा मात्र नभई विश्वको समस्त मानवमा उदाएकोले र विश्वको तनाव पूर्ण स्थितिको निराकरण केवल शान्ति र सह-अस्तित्वको आधारमा मात्र सम्भव हुने भएकोले भगवान् बुद्धका उपदेशहरूको प्रचार र प्रसार हुन अत्यन्त आवश्यक वेलामा श्रद्धेय भिक्षु श्री अमृतानन्दज्यूले आफ्नो धेरै काल देखिको लगनसिलता र कठीन परिश्रमबाट तयार गर्नु भएको यस पुस्तकले नेपाली समाजलाई बुद्धकालीन गार्हस्थ जीवनको सच्चा चित्रण गर्नुको साथै भगवान् बुद्धको सत्य सन्देशहरूले मानवधर्मकोमर्म पनि राम्ररी बोध गराउने छ भन्ने विश्वास राखदछु । यस देशका विभिन्न भागहरूमा रहेका प्राचीन संस्कृति र ऐतिहासिक महत्वका कुराहरूलाई सर्व साधारणले

बुझ्ने भाषामा प्रचार गर्न सके नेपालको निमित्त ठूलो योगदान हुन सक्ने कुरा निर्विवाद छ। तसर्थ म भिक्षु श्री अमृतानन्दज्यूलाई उहाँको यस सु-प्रयासको लागि हार्दिक बधाई अर्पण गर्दछु।

कृष्णराज अर्याल
वि सं. २०२६ भाद्र ३
शिक्षा राज्यमन्त्री

—०—

भूमिका

बौद्धिक मूल्याङ्कनको मुख्य आधार समझदारी हो त्यसैले कुनै पनि युग या समयको साहित्यिक प्रतिभाको खोजी र ग्रन्थको उपादेयताको उचित मूल्याङ्कन र कद्दर विभिन्न ग्रन्थद्वारा समाजको उत्थानगर्न चाहने विद्वान्‌हरूबाटै प्राय सम्भवहुन्छ । यसै आधारमा प्रस्तुत 'बुद्धकालीन गृहस्थीहरू' नामक अनुदित संकलन (ग्रन्थ) खासगरेर अविद्याको निरोध र सत्यज्ञान आदिको प्रेरणाको उद्‌गम श्रोतको रूपमा रही समाज र धर्मको आधारमा खडा भएको अन्य परम्पराको अन्तगरी समाजलाई परिष्कृत, सार्थक र उत्कृष्टताको नयाँ आलोक दिन पथ प्रदर्शन गर्ने प्रतिनिधिको रूपमा नेपाली साहित्यको उद्यानमा सम्मिलित गराइएको हो भन्ने कुरा यसका अनुवादक विशिष्ट अनुभवी भाषा विशेषज्ञ आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले 'बुद्धकालीन ब्राह्मण' पछि लगत्तै यो दोश्रो 'बुद्धकालीन गृहस्थीहरू' (भाग–१, संग्रह–२) उपहारको रूपमा दिनु भएकोले पनि अनुमान गर्न सकिन्छ । साथै चाँडै न ओइला-उने नयाँ खालको सुवासित एक थूँगा फूल बढी फुलाउन पाएकोमा नेपाली साहित्य-उद्यान र त्यसका मालीहरू पनि आशाभिमुखीभई गौरवका अनुभव गर्दा होलान् ।

यसै क्रममा प्रस्तुत ग्रन्थकार (अनुवादक) को साधारण परिचय समावेशगर्न पनि त्यत्तिकै आवश्यकता छ जति आवश्यकता अनुवादकज्यूले नेपाली साहित्य उद्यानले आशागरिरहेको बौद्ध-साहित्यरूपी फूललाई क्रमशः फुलाउँदै लैजानु पर्ने आवश्यकता देख्नु भएको छ ।

अभिष्ट प्राप्तिको निमित्त त्याग र तपस्याको जरुरत छ भन्ने कुरालाई मूलमन्त्र ठानी, सर्वप्रथम बौद्धिक विकासद्वारा नै देशको सर्वाङ्गीण विकास सम्भव छ भन्ने धारणालिई आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले भिक्षाद्वारा २००८ सालमा आनन्दकुटी विद्यापीठ (बौद्ध छात्रावास हाइस्कूल) को स्थापना गर्नु भयो र त्यसपछि आनन्दकुटी साइन्स कलेजको स्थापनागरी भिक्षाद्वारा नै विभिन्न आवश्यकीय साधनहरू समेत संग्रह गरिदिनु भएको छ । यसको साथै वहाँ अन्तरराष्ट्रिय क्षेत्रले परिचित, विभिन्न भाषाका ज्ञाता, बहुमुखी प्रतिभा सम्पन्न, कर्मठ, बौद्धिक, साहित्यिक, दार्शनिक, धार्मिक, सामाजिक तथा, सदाचारको क्षेत्रमा जति व्यक्तित्व शाली र कर्तव्यनिष्ठ हुनुहुन्छ त्यतिनै मिलनसार, कारुणिक, शान्त र गम्भीर । हुनत वहाँले गर्नु भएका विभिन्न क्षेत्रको विशेष परिचयत जति अन्तरराष्ट्रिय क्षेत्रले पाउने मौका पाएको छ त्यति हामीले पाउन सकेकाछैनौं ।

वहाँ जस्ता बौद्धिकताको साथै सात्विक गुणले सुशोभित बहुमुखी प्रतिभाशालीबाट विभिन्न बौद्धधर्म सम्बन्धी ग्रन्थहरू उत्तरोत्तर नेपाली साहित्यले भित्र्याउन पाउने छ भन्ने आशालिंदै ग्रन्थको भूमिकातिर लागेको छु ।

प्रस्तुत ग्रन्थ मागधि (पालि) भाषामा लेखिएको त्रिपिटकका विभिन्न ग्रन्थहरूबाट संग्रहित, विभिन्न विषयमा अग्रस्थान पाएका गुणग्राही विद्वान्, धनीमानी तथा विवेकी दश गृहस्थी पात्रहरूको धार्मिकजन्य इतिहास शैलीमा मागधि (पालि) भाषाको माध्यमद्वारा ११० सूत्रहरूले चरित्र चित्रण गरेका छन् । यिनका चरित्रहरूले तत्कालीन सभ्यता, संस्कृति, धर्म, दर्शन तथा इतिहासको साथ साथै समाज के कुरातिर कसरी उन्मुख भएको छ र कस्तो वातावरणलाई भित्र्याउन खोजेको छ भन्ने कुराको संकेत मात्र होइन—अझ गहिरिएर विचारगर्ने हो भने—प्राचीन गृहस्थाश्रम पद्धतिलाई नविनी करणगरी नयाँ गृहस्थीहरूको उत्पादनगर्ने आधुनिक उपकरण सज्जित नयाँ कारखानाको श्रीगणेश हो कि भन्ने भान पर्दछ ।

साहित्य र संस्कृतिले कुनै एक खास युगको भावना, व्यवस्था र सृजनात्मक अभिव्यक्तिको प्रतिबिम्बन गर्दछ र यी त्यस युगको मापदण्डको रूपमा रहेका हुन्छन् । साहित्य, संस्कृति, भावना तथा आदर्शहरू परम्पराका सन्तति मात्र होइनन् बरू भविष्यका जननी पनि हुन् । समष्टिरूपमा भन्ने हो भने यसैको आधारमा आधारित प्रस्तुत गृहस्थीहरूका विभिन्न गृहस्थी पात्रहरूले आध्यात्मिकताको साथै विभिन्न बौद्धिक चेतनाको पुनरावलोकन मात्र गराएका छैनन् र जागृतसमस्याहरूको अतलस्पर्शी गहिराइमा सुतिरहेकाहरूलाई श्रद्धा, शील, त्याग र प्रज्ञा आदि जस्ता विभिन्न विचारत्वद्वारा व्युझाइदिएका पनि छन् । यहाँका विभिन्न दश पात्रहरूले—सामाजिक, धार्मिक, ऐतिहासिक, पुनर्जन्म आदि जीवनसँग सम्बन्धित जटिल ग्रन्थीहरूलाई—मनोविज्ञान पुटित आदर्श र

कर्तव्यको सहायताद्वारा —सजिलैसँग फुकालि दिएकाछन् । जुन कुराहरू जीवन तथा विचार रसको आदर्शमा सुगमतापूर्वक व्यक्त भएका देखिन्छन् । यस भित्रका गृहस्थीहरूको कार्यकलापलाई सरसरती हेर्दा पनि प्रत्येकमा कुनै न कुनै रूपमा गार्हस्थ्यजीवनको अवस्था, कर्तव्य र सत्यतातिर संकेतगरेको राम्ररी नै थाहापाउन सकिन्छ भने— रागादिक्लेशबाट मुक्त भएको काय, वचन र मनको निर्माणगर्ने पाठाशालाको अनुभव हुन्छ । यी उपदेश प्रधान कथाहरू हुन् । यिनीहरूमा जीवनको प्राय अदृश्य, अमूर्त तथा अन्त सत्यलाई नै विभिन्न उपदेशहरूद्वारा व्यावहारिक (साकार) बनाएको कुरा जुनसुकै गृहस्थी-जीवनबाट पनि प्रतिबिम्बित हुन्छ । यस मध्येका अनाथपिण्डिक, चित्र गृहपतिको बुद्ध, धर्म, सङ्घ, आर्यशील, दशाङ्गिक मार्गहरूले नै बुद्ध दर्शनको सारदेखाइ दिएको छ र जीवक कौमारभृत्यलाई योग्य चिकित्सक बनाउने चिकित्सा शास्त्रको सिद्धान्तद्वारा 'चतुरार्यसत्य' को मूल ढोकालाई घच् घच्याइ दिएको आवाज पनि प्रतिध्वनित हुन्छ । साथै एकातिर मनोवैज्ञानिक ढंगले गरिने चिकित्साशास्त्रको चरमोत्कर्षको सफलता र शल्यचिकित्साको पूर्वकालीन ज्ञान पनि यसैबाट भएको छ भने अर्कोतिर अनाथपिण्डिक जस्तो गृहस्थीको दानकार्यले बलिराजा, कर्ण, शिवी र हरिश्चन्द्र आदिलाई बिर्साइदिने योजना बनेको छ; २५ वर्षसम्म बुद्धलाई श्रावस्तीमै राख्न सम्पत्तीको खोलोबगाई बुद्ध प्रतिको अगाध श्रद्धा भक्तिको मूल फुटाइ दिएको छ। त्यस्तै बुद्धका खास उपदेशहरू र मैत्रीभावना सम्बन्धी तस्बीर पनि खिचि दिएको छ । साथै दानफल भन्दा ध्यानफल नै विशेष लाभदायी हुन्छ भन्ने कुराको मार्मिक उद्गार गुञ्जाउँदै पञ्चभय वैरादि

उपशान्त र चार स्रोतापत्यङ्गले स्नातक मात्र आर्य हुन सक्तछ भनी परम्परागत आर्यलक्षणमा संशोधन गरिएको पनि पाइन्छ। कतै कतै अतिशयोक्तिपूर्ण कुराहरूको अनुभव भए पनि बलजफत यस धर्ममा ल्याउने चेष्टा बिलकुलै नगरिएको कुरा केशपुत्रनिगमवासी कालामहरू-लाई अवैरचित्त युक्त बुद्धको 'तिमीहरूको हृदयले जुन धर्म असल ठान्दछ त्यसैमा जाऊ' भन्ने उपदेशद्वारा पनि सन्तोष मान्न सकिन्छ।

यसरी नै खोज्दै जाने हो भने—एकातिर दानद्वारा अग्रस्थान प्राप्तगरेका अनाथपिण्डिक गृहपति अन्तरगतको प्राणीघात, अदिन्नादान काममिथ्याचार, मृषावाद र सुरामेरयमद्यपान जस्ता पञ्चभयले भयभीत पारेको वातावरणको समूलोच्छेदन र बुद्ध, धर्म, सङ्घ तथा आर्यशील जस्ता स्रोतापत्यङ्गले सुसम्पन्न हुनको निमित्त तत्कालीन प्रबुद्ध समाज क्रमशः संगठित हुन भगवान् गौतम बुद्धको नेतृत्वका पिपासु थिए भन्ने कुराका प्रमाणहरूको संकलन यो ग्रन्थबाट पनि प्रशस्तगर्न पाइन्छ भने अर्कोतिर कुनै पनि विषयमा तल्लीन भएपछि त्यसको ज्ञानफल अवश्य प्राप्तगर्न सकिन्छ भन्ने कुरालाई सार्थक पारिदिएको देखिन्छ।

कुनै पनि देश, जातिको— इतिहास, दर्शन, कला, साहित्य आदि हेर्दा सामाजिक व्यवस्थाको क्रान्तिकारी परिवर्तनमा निम्नवर्गभन्दा (जातीय आधार विशेष नभई अरू वस्तुहरूद्वारा वञ्चित) विशेष अग्रणी उच्चवर्ग (सबै वस्तुले सम्पन्न) नै भएको सुनिन्छ, देखिन्छ र पढिन्छ पनि। त्यस्तै यो धार्मिक तथा दार्शनिक परिवर्तनको रट्टा गट्टा मिलाउने कार्य-रूपी प्राङ्‌गणमा सर्वप्रथम सबल गृहस्थीहरू नै उभिइरहेका कुरा

प्रस्तुत ग्रन्थले पनि देखाइदिएको छ । यसका स्रष्टा हुनुहुन्छ भगवान् गौतम बुद्ध ।

× × ×

उपदेश प्रधान प्रस्तुत ग्रन्थसम्बन्धी विषय वस्तुको प्रस्तुतीकरणको सन्दर्भमा प्रस्तुत ग्रन्थलाई नै आधारभूतमानी भगवान् गौतमको विस्तृत घटनाक्रम र परिचय यहाँ सम्भव हुन नसके पनि छोटो परिचय त्यत्तिकै आवश्यक छ जति ग्रन्थरूपी महासागरमा डुबुल्की मार्न ।

इतिहास र साहित्य, कला र संस्कृति, धर्म र दर्शनलाई आधुनिक मध्यकालीन र पौराणिक जुनसुकै इतिहासको सन्दर्भमा हेरे पनि कुनै धर्म, जाति, समाज, इतिहास आदिको उत्थान र अवसान विशेष विवेकशील तथा विद्वर्गबाट भएको पाइन्छ नकि अन्य मण्डलीबाट । यसैको परिप्रेक्षमा कपिलवस्तु जनपदस्थित शुद्धोदनका छोरा (ई. पू. ६२४ मा जन्मनु भएको) सिद्धार्थ गौतमले आफ्नो राजसी ठाँटबाँट र अएस् आरामलाई छोडी तत्कालीन देश र समाजको विभिन्न क्लेशजन्य अवस्थालाई बुझी त्यसबाट छुट्कारा दिलाउनको निमित्त सामाजिक आचरण तथा धर्म र संस्कृतिमै संशोधनगर्ने उद्देश्यले धर्मजन्य अहिंसारूपी अस्त्र प्रयोगगर्ने मार्गको अनुशरणगर्नमा कटिबद्ध भई वैचारिक द्वन्द्वतामा अल्झिनु भएका सिद्धार्थले कोशलराज्यको 'अनोमा' नदिको किनारामा २९ वर्षको उमेरमा सन्यास ग्रहणगरी, बहुमूल्य वस्त्र त्यागी, कषायवस्त्र धारीको रूपमा आफूलाई देखिनु भयो ।

अनि समाधिका सात सोपानका विशेषज्ञाता सांख्यदर्शनज्ञ आलारकालाम कहाँ ज्ञानपिपासु सिद्धार्थ पुग्नु भयो र अनि उनबाट आकिञ्चन्यायतनसम्मको शिक्षा पाउनु भयो । यस भन्दा पनि विशेष ज्ञान हासिल गर्नचाहने सिद्धार्थ, समाधिको आठ सोपानका विशेषज्ञ उद्दक रामपुत्रका आश्रममा पुग्नुभयो । उनैबाट समाधिको सोपान मानिएको नैवसंज्ञानासंज्ञायतनको शिक्षा पाउनुभयो । जुन कुरा समाधि सम्बन्धी आफ्नो अनुभव तपुस्सको कारण अनन्य हितैषी शिष्य आनन्दलाई बताउनुभएको 'अनुपूर्वविहार' शीर्षकले विस्तृतीकरण गरेर देखाईदिएको मात्र होइन ज्ञानदर्शनरूपी राजमार्गको पनि उद्घाटन गरिदिएको छ ।

तर सिद्धार्थले जुन् ज्ञानको निमित्त अभिनिष्क्रमण गर्नु भएको हो त्यो पुराहुन नसक्दा त्यहाँबाट भौंतारिंदै गई वैशाखपूर्णिमाको दिन उरुवेलको नेरञ्जरा नदीको पिपलको रूखमनी बस्ने अठोटगरी 'श्रोत्रिय' नामक घाँसीले दिएको आठ मुठी घाँस त्यहीं ओच्छ्याई 'चाहे मेरो हाडछालामात्र किन बाँकी नरहोस्, सम्यक् सम्बोधि प्राप्त नगरी यो आसनबाट उठ्ने छैन" भन्ने प्रतिज्ञागरी बज्रासनमा बसी साँझ बितिसके पछि रातको पहिलो र दोश्रो प्रहरमा आफ्नो पूर्वजन्मको ज्ञान र मध्यरातमा दिव्यचक्षु तथा अन्तिम प्रहरमा प्रतीत्यसमुत्पादको ज्ञान गर्नु भयो । अर्थात् प्रतीत्यसमुत्पादको ज्ञाननै परम मोक्षज्ञान हो । जसको निमित्त सिद्धार्थ गौतम प्रव्रजित हुनु भएको थियो । त्यसपछि प्रतीत्यसमुत्पादलाई अनुलोम तथा विलोम (अन्वय व्यतिरेक) गरेर तृष्णाजनित दुःख हो, अत दुःख सहेतुक छ; जवसम्म दुःख हेतु रहन्छ तवसम्म दुःख भइनै रहन्छ; हेतुरूपी तृष्णाको नाश भएपछि समुदय

जनित भएभरका क्लेशहरू पनि नष्ट हुन्छन् । यो तृष्णारूपी हेतुको नाशको उपाय नै अष्टाङ्गिकमार्ग हो । जसको अभ्यास र आचरणबाट हेतुको नाश अवश्यंभावी छ – भन्ने मूल सिद्धान्त मानिएको चतुरार्य-सत्य तथा यसै अन्तरगतको - सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् जीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि—अष्टाङ्गिकमार्गको पनि ज्ञान भयो । यही ज्ञानले मध्यममार्गको रूपमा प्रसिद्ध पाएको छ र यसैको उपदेशरूपी सागरमा सर्वप्रथम आषाढपूर्णिमाको दिनमा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई बुद्धले पौडन सिकाउनु भयो । जुन उपदेश धर्मचक्रप्रवर्तनको रूपमा प्रतिष्ठित भएको छ ।

संक्षेपमा यसरी नै सिद्धार्थले बुद्धत्व प्राप्तगरी सर्वप्रथम मगध-देशलाई नयाँ आलोकदिंदै क्रमशः विश्वमा शान्तिको अग्रदूतको रूपमा पूजिन थालेको कुरा 'तपुस्स र भल्लुक' रूपी दर्पणबाट प्रतिबिम्बित भएको छ ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेको सात हप्तासम्म बोधिवृक्ष तथा अन्य विभिन्न वृक्षहरू मनी निराहार बसी विमुक्ति ध्यानको परम सुखको अनुभव गरिसकेपछि सर्वप्रथम उत्कल (उडिसा) निवासी दुइ व्यापारी तपुस्स र भल्लुकद्वारा प्रदत्त सत्तु पिण्ड (एक प्रकारको लड्डु) ग्रहण गर्नु भयो भने बोधिलाभ गर्ने दिनमा सेनानी ग्राम (बिहार) निवासी कृषक पतिकी कन्या सुजाताद्वारा प्रदत्त खीर भोजन गर्नु भएको थियो । सत्त पिण्ड ग्रहण गरेकै दिन गृहस्थी तपुस्स र भल्लुकलाई

सर्वप्रथम द्वैवाचिक शिष्यको रूपमा अग्रस्थान दिएको पुष्टिएको छ भने अन्तिम शिष्य सुभद्र परिव्राजक हुन् भन्ने कुराको साथै चुन्दनामक लोहारले दिएको भोजनपछि शालको रूखमनी ८० वर्षको उमेरमा परिनिर्वाण भएको कुरा पनि प्रतिध्वनित भएको छ ।

त्यसपछि धर्मप्रचार-अभियानको-संकल्पगरे अनुसार आलारकालाम र उद्दक रामपुत्रलाई धर्मोपदेश दिनेइच्छा थियो । तर उनीहरू परलोक भइसकेका हुनाले पहिलाका ५ शिष्य (कौण्डन्य, वप्प, भद्दिय, महानाम, अस्सजि) जो भ्रमवस सिद्धार्थ गौतमलाई तपस्या भंगी ठानी ऋृषिपतन (सारनाथ) को जंगलमा तपस्याको निमित्त बसेकाथिए— उनीहरूलाई नै प्रथम धर्मचक्र प्रवर्तनको उपदेश दिनु भयो ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्दा पनि माथिल्लो स्तरमा बस्ने महात्माहरूले विश्वलाई नै जन्मभूमि समान ठानि दिन्छन् । त्यसैले ऋग्वेद, अथर्ववेद, मनुस्मृति, वेदभाष्यकार, सायणाचार्य, महाभारत र रामायण आदिले मगधलाई व्रात्य (व्रतगर्ने नभई नोचताको अर्थमा) बस्ने ठाउँ हो भनी प्रष्टै सुनिनेगरी फलाके पनि—प्राकृतिक दृश्यका रमणीय छटाले परिपूर्ण तथा हिमश्रृङ्खलाको आसपासको आफ्नो जन्मभूमि छाडी मगधलाई नै जन्मभूमि समान ठानी तपोभूमि बनाउनु भयो । हुन सक्छ समय अनुसार धर्म, ज्ञान, आचार र विवेकरूपी पाङ्ग्राहरू सजिलैसँग गुडन सक्ने तपस्यारूपी राजमार्ग पहिल्याएर पनि । जहाँ प्राचीन ऋृषिहरूले पनि तपोभूमि बनाएको कुराको उल्लेख यत्र तत्र पाइन्छ ।

यसरी यहाँ बुद्धजीवनको केही अध्ययन सम्बन्धी आधारभूतरूपी झ्यालबाट चिहाउँदा ऐतिहासिक, भौगोलिक र निष्पक्षता जस्ता आदि कुराहरूको संकेत प्रस्तुत ग्रन्थकै मनोवैज्ञानिक विश्लेषणबाट पाउन सकिन्छ। ऐतिहासिक सन्दर्भमा सरसर्ती हेर्दा 'कण्टके नैव कण्टकम्' भन्ने सिद्धान्त चरितार्थ भएको कुरा वैदिक कर्मकाण्डका अन्यमनस्को? बुद्ध धर्मको सम्बर्धनमा विभिन्न विषयका विद्वान् ब्राह्मणहरू नै अग्रणी तथा प्रमुख सहायक गराइएका कुरा धर्मसेनापति सारिपुत्र, महामौद्गल्यायन, महाकाश्यप, रेवत आदिबाट नझल्कने होइन तैपनि प्रस्तुत ग्रन्थ र यो भन्दा अगिल्लो 'बुद्धकालीन ब्राह्मण', सारिपुत्र आदि र मित्रताको जगमा सम्बन्ध खडागरी 'प्राणीमात्र एकहुन्' भन्ने भावनालिई सम्प्रदायजन्य कुभावनाको समूलोच्छेदनगर्न आँटगर्ने यस धर्मको कार्यकलापबाट परिहार भएको छ भन्ने कुरा बुद्ध धर्मरूपी रथको क्रमशः महारथी हुँदै आएका र बुद्धको परिनिर्वाण पछि पनि महाकाश्यपले बुद्धधर्मरूपी झण्डालाई निहुरिन नदिएकोबाट पनि प्रष्टिएको छ। त्यस्तै सारिपुत्र र महामौद्गल्यायनलाई बराबर सारिपुत्र जन्मदाता र महामौद्गल्यायन पालनकर्ता जस्तै हुन् भनी भगवान् बुद्ध भन्नुहुन्थ्यो भन्नेकुरा म.नि. ३.४.१. द्वारा प्रमाणित भएकैछ र प्रस्तुत ग्रन्थको 'चित्रगृहपति' अन्तरगतको 'मापदण्ड' शीर्षकले पनि बुद्धका ज्यादै प्रियपात्र थिए भन्ने कुरा जनाउँछ। त्यसैले नै सङ्घमा वैमनस्य चल्दा त्यसको निरोधको निमित्त मानव मष्तिष्कलाई परिष्कारगर्न सक्ने क्षमता भएका सारिपुत्रलाई नै जिम्मा दिइन्थ्यो भन्ने कुरा पनि 'चित्र-गृहपति' ले संकेत गरेको छ।

हुनत उपदेशको निमित्त ४५ वर्षसम्म आफ्ना शिष्य मण्डलीका साथ विभिन्न जनपदको भ्रमण र वहाँको ज्ञानोपदेशले गर्दा हजारौं विद्वान्, सेठ, राजकुल, नारी गृहस्थी आदिहरू पनि चतुरार्यसत्यद्वारा, लाभान्वित भई; धर्मको उपासकबनी बुद्धधर्मको उन्नयनमा प्रमुखरूपले सहायक सिद्धभएकामात्र होइनन् सहर्ष आत्मोत्सर्गको निम्ति पनि सक्षम भएका कुराहरू प्रस्तुत ग्रन्थको परिवेशमा बसेर यात्रागर्दा देखिने विभिन्न कार्यकलापरूपी दृश्यहरूले देखाएकै छन् ।

बुद्धधर्मको समुन्नतिको निमित्त जसरी बुद्धको बुद्धत्व प्राप्तिमा विभिन्न जनपद, दार्शनिक, तपस्वी, पवित्रभूमि, प्राकृतिक सौन्दर्य आदि सहायक भएकाछन् त्यसरी नै (बुद्धको जीवन कालमा) ऋृषिपतन मृगदावन, उरुवेल, राजगृह, पावा, श्रावस्ती, नालक आदि विभिन्न भूभाग र विद्वान्, राजा, श्रेष्ठी, श्रमण र परिव्राजक आदि पनि त्यसरी नै सहायक सिद्ध भएकाछन् । यिनै बुद्धानुयायीहरूले बुद्धधर्मरूपी जमिन-लाई समय समयमा विभिन्न प्रकारका दुःखोच्छेदगर्ने ज्ञानरूपी साधनहरू प्रयोग गरेर नै उर्वरा बनाईदिंदै आएकाहुन् भन्ने कुरा पनि त्यति नै चम्किलो देखिन्छ जत्तिकै ध्रुवतारा ।

तत्कालीन वातावरण अनुरूप यस धर्मरूपी वासन्तिक वाटिकाले दुःख, दुःखहेतु, र त्यसको निरोधको उपायलाई सरलतापूर्वक उन्मूलन गराउने सुवास फैलाइ दिनुको साथै दानबाट—आयु, वर्ण, सुख र शक्ति प्रदानगर्ने प्रेरणा पनि दिएको छ । साथै धार्मिक संस्थानका संस्थापक भन्दा बढी व्यावहारिक जीवनका प्रणेतामा हुने विशिष्ट गुण बुद्धमा

भएकाले नै विभिन्न गृहस्थी तथा अन्य मानिसहरू यसमा मग्न भएका हुन् भन्ने कुरालाई गृही कर्तव्य अन्तरगतको अस्तिसुख, भोगसुख, अॠणसुख, निरवद्यसुख र सम्पत्तीको सदुपयोग आदिले पनि देखाइ दिएकै छन् ।

हुनत भगवान् बुद्धको जीवन कालमा वहाँलाई मद्दतगर्ने सारिपुत्र आदि जस्ता विशिष्ट प्रतिभाहरूको आभा देखिएता पनि बुद्धले जे जति गर्नु भयो त्यसमा अरू केवल सहायकमात्र हुन् नकि प्रवर्तक । यतिसम्म भन्न सकिन्छ कि यदि बुद्धलाई बुद्धमार्गको मार्गनिर्माणकर्ताको रूपमा चिन्न सकिन्छ भने सारिपुत्र आदिलाई त्यस बाटोको रेखदेखगरी हिडने प्रथम युगका पथिकहरूको रूपमा मात्र ।

एकातिर वातावरण अनुकूल बुद्धधर्मको जग हालिएको छ भने अर्कोतिर सरस तथा नाटकीय ढङ्गले विद्वान् तथा साधारण जनमानसलाई विमुग्धपारी आकर्षणगर्न सक्षम भएको कुरा प्रस्तुत ग्रन्थबाट प्रतिबिम्बित भएका त्याग, सहानुभूति, समयोचित ज्ञान, अवैरचित्त, चार आश्वासन जस्ता विशिष्ट गुण गुम्फित विभिन्न प्रकारका दशगृहस्थीहरूको चरित्र नै काफी छ । अन्यत्र भौंतारिइरहनु पर्दैन ।

गौतमले स्वधर्मलाई स्थायित्व दिनको निमित्त ॠषिपतनदेखि शुरूगरेको अभियानको शिलशिलामै राजगृह, वेणुवन, वैशाली, संकुलपर्वत, श्रावस्ती, कोशाम्बि, आलवी, सुंसुमारगिरि, कलन्दकनिवाप आदि स्थानहरूको भ्रमणगरी यस ग्रन्थमा समावेशित गृहस्थी पात्रहरूलाई पनि निर्माण-मार्गारूढ गराउनु भएको कुरा आदर्शकै रूपमा रहेको छ ।

उक्त कुराको मन्थनबाट यो सार निस्किएको छ कि ६ वर्षको घोर तपस्या पछि गौतम बुद्धले उरुवेलमा जुन दुःख, दुःख समुदय, दुःख निरोध, र दुःख निरोधगामिनी प्रतिपद् (अष्टांगिकमार्ग) ज्ञान प्राप्त गर्नु भयो त्यही नै बौद्धधर्मको खासकेन्द्र विन्दु हो र यसैलाई चतुरार्यसत्य भनिएको हो । जसरी अन्य ऋषिमुनिहरू ज्ञानका स्रष्टा होइनन् द्रष्टा-थिए त्यसरी नै गौसत बुद्ध पनि 'चतुरार्यसत्य' का द्रष्टाको रूपमा पूजिनु भएको छ भन्ने कुरालाई स्वतः कल्पना गर्न सकिने सरलबाटो पहिल्याइ दिएको छ ।

यसको विश्लेषणबाट अझ के प्रत्यक्ष हुन्छ भने—जन्म, मरण, शोक, रुदन, परिवेदन, दौर्मस्य, अप्रियवस्तुको संयोग, प्रिय वस्तुको वियोग र इच्छित वस्तुको अप्राप्ति आदि र रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई पञ्च उपादानस्कन्धको रूपमा मानी यसैलाई दुःखको संज्ञा दिइएको हो । किन कि यी सबै मनुष्यमात्रको निमित्त अनुभूत र प्रत्यक्ष छन् । जस्तो वैशेषिक दर्शनले पृथ्वी, वायु, जल र अग्नि यी चार महाभूतहरूलाई मूर्तद्रव्य मानेको छ भने बुद्धले यसलाई रूपको संज्ञा दिनु भएको छ । यस्तै सुख दुःख आदिको—अनुभवलाई वेदना, वेदनाजन्य ज्ञान (चेतनता) लाई संज्ञा वा विज्ञान, यी सवैको संस्करण हुने तत्वलाई संस्कार र यिनै पाँच स्कन्धहरू उपादानस्कन्धको रूपमा सार्थक भएका छन् । जसलाई साख्य दर्शनले 'महत्' को रूपमा हेरेको छ । संज्ञा, वेदना र विज्ञान अन्योन्याश्रयी हुन् । त्यस्तै काम, भव, विभव, इन्द्रियसुख यश आदिको तृष्णाबाट नै दुःखको समुदय हुन्छ र यी सबै तृष्णाको परित्यागबाट दुःख निरोध हुन्छ भन्ने कुरा प्रस्तुत ग्रन्थको

'अनाथपिण्डिक' र 'चित्र-गृहपति' ले देखाइदिएको मात्र होइन दर्शनरूपी ज्ञानको भण्डार पनि खोलिदिएको छ। यी दुःख निरोधका जुन अष्टाङ्गिक मार्गछन् त्यसैमध्ये सम्यक् वचन, सम्यक् कर्म र सम्यक् जीविकालाई शील; सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधिलाई समाधी र सम्यक् दृष्टि र सम्यक् सङ्कल्पलाई प्रज्ञा भन्दछन् भन्ने कुराहरूको साथै यिनै अष्टाङ्गिक मार्ग अन्तरगत हिंसा, चोरी र व्यभिचारलाई कायिक; झुट कुरा, चुक्ली, अप्रिय कुरा र प्रलापलाई वाचिक र लोभ, प्रतिहिंसा र मिथ्या धारणालाई मानसिकको नामकरण गरी तीन भागमा विभाजित गरेको कुरा प्रस्तुत ग्रन्थले देखाउँदै अज्ञानताले अलमलिइरहेका मानिसहरूलाई ज्ञान मार्गद्वारा डोऱ्याई मनुष्यत्व मार्गमा पुऱ्याईदिएको छ।

यसरी प्रस्तुत ग्रन्थले चार आर्यसत्य-ज्ञानको संक्षेपीकरणगरेर देखाइदिनुको साथै यसैको आचरणबाट मनुष्यमात्रको दुःखनिरोध तथा प्रत्यक्ष सुखलाभ हुन्छ भन्ने कुरालाई सुरिलो तथा रसिलो स्वरलहरीमा सबैलाई लठ्याइदिएको छ।

प्रस्तुत ग्रन्थको अर्को सारांशमा दुःख, प्रतीत्यसमुत्पाद र अनात्म यही सिद्धान्त नै हाम्रो अगाडि आएको छ। यस ग्रन्थले खास गरेर यसैलाई विभिन्नरूप लिएर प्रदक्षिणागर्दै तिनीहरूका विभिन्नरूपहरूका र उपायको मार्गहरूका अवलोकन गराइदिएको छ।

हुनत गौतम बुद्धले सबै धर्महरूको (दुःखादि) उच्छेदको निमित्त नै 'प्रतीत्यसमुत्पाद' र 'अनात्म' सिद्धान्तको स्थापना गर्नु

भएको हो । यो सिद्धान्त गौतम बुद्धको तपस्याद्वारा प्रतिफलित सिद्धान्त हो र यसको पूर्वापर ज्ञानको निमित्त तीन भागमा विभाजित गरिएका स्कन्ध, आयतन र धातुज्ञान पनि अत्यन्त आवश्यक छन् । जसरी सांख्य शास्त्रका प्रवर्तक कपिलले—

"मूल प्रकृतिरविकृति महदाद्याः प्रकृतयः सप्त ।
षोडशकस्तु विकारो न प्रकृति न विकृति पुरुषः ॥"

भनेर मानेका छन् त्यसरी नै गौतम बुद्धले ३६ तत्व मान्नुभएको कुरा पनि प्रस्तुत ग्रन्थको अनाथपिण्डिक गृहपतिको मृत्यु शय्यामा दिइएका उपदेशबाटै उद्धृत गर्न सकिन्छ । जस्तै – आयतनमा —चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मनगरी छ ज्ञानेन्द्रियहरू र रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्म पनि यिनैका छ विषयहरू हुन् । यस दर्शनमा धर्मको खास अर्थ वेदना, संज्ञा र संस्कार, मानिएको देखिन्छ । त्यस्तै धातु अन्तरगत १२ आयतन र, चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान जिह्वाविज्ञान, कायविज्ञान र मनोविज्ञानगरी जम्मा १८ तत्व मानिएको छ । तथापि यसमा यो विचारणीय छ कि उपर्युक्त तत्वहरूमा ५ कर्मेन्द्रियहरूलाई भिन्नै स्थान भने दिइएको पाइँदैन । यस दर्शन अनुसार यी पञ्चस्कन्ध, द्वादशायतन र अष्टादश धातुहरू सबै नै कृत्य, संस्कृत र विध्वंशी छन् । यी नित्य, सत्य, शास्वत तथा अविकारी छैनन् ।

यसै क्रममा प्रतीत्यसमुत्पादको अन्वयार्थको विश्लेषणगर्दा (प्रति इत्य) प्रतिको अर्थ हो 'एक' इतिको अर्थ हुन आउँछ 'फेरि, तदनन्तर दोश्रोको समुत्पाद । अर्थात् विलोममा यौटाको निरोध पछि अर्कोको

समुत्पादको पनि निरोध हुन्छ । यसकारण यसलाई हेतु प्रत्ययको वाद पनि भनिन्छ । त्यसैले वेदना, संज्ञा र संस्कारलाई नै धर्म भनिएको हो र यिनीहरू पनि प्रतीत्यसमुत्पादहुन् भन्ने कुरालाई बुद्धले भन्नु भएको—'जसले प्रतीत्यसमुत्पादलाई देखेको छ उसले धर्मलाई पनि देख्दछ र जसले धर्मलाई देख्दछ उसले प्रतीत्यसमुत्पादलाई पनि देख्दछ' बाट अव-बोधगर्न सकिन्छ । यसैलाई—जरामरण, जाति, भव, उपादान, तृष्णा, वेदना, स्पर्श, छ आयतन, नाम-रूप, विज्ञान, संस्कार र अविद्यालाई—द्वादशाङ्ग (द्वादश निदान) पनि भनिन्छ । पुनः यही द्वादशाङ्गलाई अविद्याबाट संस्कार,—संस्कारबाट विज्ञान—विज्ञानबाट नाम-रूप आदि तरिकाले जरामरणसम्म पुगिन्छ र यसैलाई उल्टो क्रमबाट गणनागर्दा अविद्यासम्म पुगिन्छ । यसैले नै यी सबै क्षणिक उत्पन्न धर्म र विनाशी हुन् भन्ने कुरालाई सरलतापूर्वक हृदयङ्गमगर्न सकिन्छ । यसैलाई नै अनुलोम विलोम गरेर बुद्धदर्शनले दुःख, दुःख समुदय, दुःख निरोध र दुःख निरोधका अष्टाङ्गिक मार्गलाई साधारण जनमार्गको रूपमा समेत प्रस्तुत गरिदिएको छ । यी सबै – हेतु प्रत्ययफल—न त नित्य हुन् न त सत्य नै । अर्थात् यी सबै कार्य कारणको निरोधगर्न सकिन्छ । यसैलाई यस दर्शनको सारांशले प्रतीत्यसमुत्पाद या क्षणिकवाद भन्दछ ।

× × ×

बुद्ध-पूर्वकालीन दार्शनिकहरूको रङ्गमञ्चमा एक आत्मवादी र आत्माको अस्तित्व नै स्वीकार नगर्ने (उच्छेदवादी) अर्को वर्गको अभिनय चलिरहेको थियो । यी मध्येका नायक पात्र 'भष्मी भूतस्य

देहस्य पुनरागमनं कुतः' भन्ने चार्वाक र त्यसैका सहगामी अजित-केशकम्बल थिए। यी अनात्मवादीहरूको खास भनाइ के हो भने— जसरी शारिरीक विकासबाट इन्द्रियहरूको विकास हुन्छ त्यसरी नै सबै विकसित इन्द्रियहरूको सन्निकर्षबाट चेतनाको विकास हुन्छ र त्यही विकसित चेतनाको दोश्रो नाम नै आत्मा हो। जब इन्द्रियहरू र शरीर नष्ट हुन्छ तब आत्मा पनि नष्ट हुन्छ। यसै कारण आत्माको भिन्नै अस्तित्व हुँदैन। त्यस्तै आत्मावादीहरूको पनि दुइमत छ। एक व्यक्त र दोश्रो अव्यक्त। यिनै आत्मावादी र अनात्मवादी (उच्छेदवादी) हरू भन्दा भिन्नै तेश्रो नयाँमार्ग (मध्यममार्ग) तयार पार्ने गौतम बुद्धले प्रत्येक क्षणमा उत्पन्न चित्त-चैतसिक प्रवाहलाई प्रत्येकक्षणमा परिवर्तन हुने सरीतासँग दाँजी विच्छिन्न तथा अविच्छिन्न दुवै तरिकाको स्रोत देखाइदिनु भएको छ। यस्तो स्रोताधारले आत्माको परिशोधन र निर्वाण दुवैको समस्या समाधानगरी आत्मदर्शनका पिपासुहरूको प्यास मेटाइ दिएको कुरा दीर्घनिकायको महानिदान सूत्रले देखाइदिएको छ।

जसरी यो दर्शन अनात्मवादी छ त्यसरी नै अनिश्वरवादी पनि। यस दर्शनले यदि ईश्वरमान्ने पक्षलाई अवलम्बन गर्‍यो भने मानिसलाई पनि ईश्वराधीन मान्नुपर्ने हेतु पैदा हुने हुनाले नै 'मनुष्य आफ्नो स्वामी आफै हो, उसले आफुलाई इच्छागरे अनुसार बनाउन सक्तछ' भनेर भनिएको हो। हुन पनि जब आत्मालाई नै नित्यमानिएको छैन भने ईश्वरीय कल्पना त झन असम्भव हुन्छ।

हुनत यहाँ नित्य आत्मा भएकोले नै पुनर्जन्म हुन्छ भन्ने धारणा भएकाहरूको मनमा यसदर्शनले (तपस्सु र भल्लुक, नकुलपिता, हस्तक

आलवक, वेलाम ब्राह्मणद्वारा पनि) पुनर्जन्म मानेर पनि आत्म नित्य नमान्दा विरोधाभाष जस्तो लाग्नु कुनै अस्वाभाविक हुँदैन तर तृष्णा-जन्य कर्मको स्रोत अविच्छिन्न रूपले प्रवाहित हुने हुनाले पूर्वजन्मको फलले यस जन्मको जीवनरूपी डुङ्गालाई सञ्चालन गरेको हुन्छ भन्ने कुरालाई सरलतात्मक रूपमा पूर्वजन्मको सम्बन्धलाई सम्झाउनको निमित्त—जसरी दियोको बलेको बत्तीद्वारा अर्को दियोको बत्ती बाल्न सकिन्छ त्यसरी नै पूर्वजन्मको कर्मफल हेतुप्रत्ययद्वारा उत्पन्न हुन्छ भन्ने दृष्टान्तद्वारा शंकासमाधान गरिदिएको छ। यस्तै कुराहरूको गहिराइमा नै बौद्धदर्शनको जगबसेको छ र प्रस्तुत ग्रन्थको सार पनि यसैको परिवेश भित्र नै परिचालन भएको छ।

× × ×

द्वैवाचिक शिष्यको रूपमा प्रथमस्थान पाएका तपुस्स र भल्लुक, दानद्वारा अग्रस्थान प्राप्तगर्ने अनाथपिण्डिक, धर्मकथिकहरू मध्ये अग्र-स्थान पाएका चित्र गृहपति, प्रणीतदानदिनेमा महानाम शाक्य, प्रियंकर वस्तुको दानदिने मध्येमा वैशालीवासी उद्गत गृहपति, संघोपस्थापक उपासकहरू मध्ये हस्तिग्रामवासी उद्गत गृहपति, विशिष्ट श्रद्धा राख्नेमा शूर अम्बष्ठ, व्यक्तिगत प्रसन्न हुनेमा जीवक कौमारभृत्य र विश्वासीहरू मध्ये नकुलपिता—यी दश विभिन्न विचारका तर उदार चित्त भएका प्रत्येक गृहस्थीहरूको आभ्यन्तरिक कुराहरूको खोजी र विस्तृत विश्लेषण गर्न यहाँ सम्भव नभएता पनि यिनीहरूको व्यक्तिगत तथा व्यावहारिक जीवन र आर्थिक उन्नतिको राम्रो स्रोत पैदा गराउन पञ्चकामविषय,

पञ्चकामविषयका आस्वादलाई—कृषि, गौपालन, वाणिज्य, नोकरी आदि शिल्पलाई – उत्साह, प्रयत्न र परिश्रमपूर्वक धनोपार्जनको निमित्त युद्ध वा कलह मात्र होइन बाबुले छोरो, छोरोले आमा पनि नभनी काम, क्रोध, लोभ, मोह आदिको जालमा जेलिई कामका आस्वाद गुण र वचनमा लट्ठिएकाहरूलाई सही उपायद्वारा धनोपार्जनको निमित्त देखाइदिएका सरल उपायहरूलाई महानाम शाक्य अन्तरगतका उपदेशहरूले खडा-गराइदिएको आदर्शको बाटोलाई बुद्धधर्मले सफलिभूत गराइदिने विभिन्न प्रकारका उपदेशहरूले अभिसिञ्चित गृहस्थी पात्रहरूलाई सफलताको बाटोतिर डोऱ्याईदिएको छ। जुन कुराहरू माथि पनि उल्लेख भइसकेका छन्।

साँच्चै भन्ने हो भने पारिवारिक जीवनलाई सपारी बुद्ध, धर्म, सङ्घप्रति अटल श्रद्धा र आर्यकान्त शीलले युक्तभएका आर्यश्रावकहरूलाई निर्वाण पथतिर लैजाने नयाँ मार्गको ढोका खोलिदिएको छ भने--श्रद्धा, स्मृति, वीर्य, समाहित चित्त प्रज्ञावानले निर्वाण प्राप्तगर्न सक्ने कुरा बताएको छ।

हुनत ध्यान दृष्टिले (प्रज्ञा चक्षु) विचारगर्न सक्ने क्षमता भएका--गौतम बुद्धले--बुद्धानुस्मृति, धर्मानुस्मृति, सङ्घानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति जस्ता छ धर्महरूको भाविता गरेपछि; राग, द्वेष, मोहबाट पारभई सजिलैसँग अर्थाविबोध, धर्माविबोध तथा प्रीतिमय ज्ञानद्वारा चित्तले सजिलैसँग आनन्दको मार्ग पहिल्याउन सक्तछ र त्यहाँबाट गृहस्थीहरू पूर्वानुस्मृति, दिव्यचक्षु र विद्याचरण

सम्पन्नतामा पुगी देवता भन्दा पनि ठूला हुन सक्तछन् भन्नुहुँदै गृहस्थीहरू-लाई कर्म प्राप्ति फलोन्मुखमा पुऱ्याउने आश्वासनदिँदै, भिक्षुत्वको महत्व, नियम, आचरण तथा अनुशासनको तरिका आदिको सारगर्भित रूपमा अभिव्यक्तिगरेको पनि पाइन्छ ।

हुनत यी गृहस्थीहरूको व्यक्तिगत जीवनको चर्चा गर्दा आर्थिक उन्नतिको पराकाष्ठामा पुगेको पाइन्छ र यसको मुख्य स्रोत व्यापार नै देखिएको छ भने कसिगर भन्दा पनि तुच्छ ठानी फालिएका गणिकापुत्र 'जीवक कौमारभृत्य' जस्ता अनाथलाई चिकित्सा शास्त्रले सनाथ मात्र पारिदिएको होइन 'उद्योगिनं पुरुषसिंह मुपैतिलक्ष्मी' भन्ने उक्तिलाई पनि सार्थक बनाई, अन्यगृहस्थीहरूलाई समेत प्रेरणाको वातावरण सीर्जना गरिदिएको छ भने हामीले अनैतिक ठानेको कार्यलाई गणिकाको प्रशंसाले भर्तृहरि तथा अमरखैय्यामको मात्र होइन यौन शास्त्रका विद्वान् फ्रायड्लाई जन्माइदिएको छ भने अनाथपिण्डिककी दासी पूर्णाले आत्मविश्वासमा बुद्धलाई समेत डोऱ्याइदिएकी छ र 'यत्रनार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' भन्ने उक्तिलाई व्यावहारिक बनाइदिएको छ । हुनत यस्ता कुराहरू नाटकभित्र आउने चुट्किला प्रहसन जस्ता मात्र हुन् ।

बुद्धचरितरूपी डुङ्गामा यात्रा गर्दा देखिएका कुराहरूको साथै उक्त विभिन्न मार्मिक सहानुभूति र उपदेशका घटनाहरू मध्ये आफ्नो र परहितको लागि आनापानस्मृतिको साथै आर्यजीवन, ब्रह्मजीवन र तथागत जीवनको महत्वपूर्ण भूमिकाले गृहस्थीहरूलाई कर्तव्यरूपी चौबाटोको संगममा पुऱ्याइदिएको छ । एकातिर पति र पत्नीको घनिष्ठताको

साथै मनोवैज्ञानिक ढङ्गबाट गरिने कटुसत्यले पनि मृतसञ्जीवनीको काम दिएको कुरा 'नकुल माता र पिता' बाट अनुभवगर्न पाइन्छ भने अर्कोतिर बुद्धका महत्वपूर्ण उपदेशहरूको महत्वलाई साधारण मानिएका खेत, कुखुराको फुल, एउटै डोरीमा बाँधिएका (हलोमा नारिएका) गोरुहरू जस्ताका उदाहरणद्वारा सजिलैसँग द्विविधाको अन्तगरी सम्बन्धित विषयमा लठ्याइदिएको छ ।

हुनत प्रस्तुत संग्रहलाई उपदेशै उपदेश शैली निर्मित दार्शनिक आदर्शवादको रङ्गमञ्चमा ल्याएर अभिनय गराएको देखिए पनि जसरी नाट्य रङ्गमञ्चका विभिन्न पात्रहरूको अभिनयको अनुभवमा कतै निकै राम्रो र घतलाग्दो, कतै साधारण, कतै नबुझेर राम्रो नलाग्नु स्वाभाविक भएजस्तै यहाँ पनि त्यस्तै अनुभव हुन सक्तछ होला तर निगण्ठनाथपुत्र जस्तासँगको कथनोपकथनको झझल्को पनि देखिने हुनाले सायद त्यति निरसिलो होला भन्न सकिदैन । किनकि मानिस यौटै विचारधाराको शृङ्खलामा बाँधिने प्राणी होइन उ जुनसुकै आधारमा आधारित भएता पनि विचारमा स्वतन्त्र छ भन्ने कुरा त आफ्नो गृहिणीलाई समेत अन्यपुरुलाई सुम्पिदिने जस्ता घटनाले सार्थक पारिदिएकै छ भने यसबाट पाइने सारहरू मध्ये विभिन्न उपदेश, अनुभव, उत्साह, विचार, कौशल, तल्लीनता, सम्मान, मित्रता, त्याग, असिहा धैर्य, उत्साह, अनुकरण, कामको परिणाम, भक्ति, जिगिषा, अनुशासन, कद्दर, एकता, दूरदर्शिता, वास्तविकज्ञान, इहलोक र परलोक आदिहरू नै मुख्य हुन आउंछन् । सरलरूपमा अन्यज्ञानहरू यस संग्रहका प्रत्येक पात्र परिचय र प्राक्कथनले पनि दिएकै छन् । यसले गर्दा ग्रन्थनिर्माणकलाको दक्षता प्रशंसापूर्ण

भएको छ।

समालोचनात्मक दृष्टिकोणले भूमिकाको स्थान जति महत्वपूर्ण छ त्यति नै यस संग्रहको मार्मिक अनुभूतिको अनुभव सन्तोषजनक रूपमा गराउन नसके पनि यसमा भएका सबै गृहस्थीपात्रहरूको उत्तिकै रोचक र उत्तिकै बहुमुखी प्रतिभाको आभा प्रदानगर्न सक्ने खालका यस भित्रका विषय वस्तुलाई तत्कालीन समाज र अवस्थाको इतिहासभित्र रङ्मगिंदा अनुभव हुन्छ। यो त केवल ग्रन्थ परिचय गराउने बलजफती आँट मात्र हो। किनकि यस विषयमा स्वयं अल्पज्ञ छु। यही कुरा यसभन्दा अगिल्लो "बुद्धकालीन ब्राह्मण" को भूमिकामा पनि भनिसकेकोले पुनः त्यही कुरा यहाँ दोहऱ्याएको छु।

× × ×

मौलिक ग्रन्थ लेख्दा सम्बन्धित स्वतन्त्र विचारको राजमार्गमा दौडने साहस जति बढ्दछ त्यतिनै शब्दानुवादलाई प्राधान्यदिने अनुवादकले ज्ञानरूपी कीरणलाई मूलग्रन्थरूपी कोठाभित्रै सिमित पार्न पर्दछ। यदि यहाँ कुनै छिद्राहरू भएमात्र त्यसका केही आभाहरू बाहिरनिस्कन्छन्। त्यो ग्राह्य छ। किन भने अनुवादन कला यस्तो कलाहो कि केवल अर्काको विचारलाई अन्यभाषारूपी जाँतोमा पृष्टपेषण गर्नु शिवाय अरू कुनै सहारा नै के हुन्छ र। यदि अन्यसार समेत निकाल्ने (भावानुवादमा सम्भव छ) प्रयत्न गऱ्यो भने मूल लेखको अस्तित्वमा आघातपर्ने मात्र होइन कि सुन पित्तल र पित्तल सुन जस्तै हुन जान्छ। हो, अनुवादकको

हातमा यतिसम्म अधिकार रहन्छ कि सुन र पित्तलमा रहेको कस फाली टल्काइदिने मात्र । यसो गर्न सक्नु पनि अनुवादकको खुबीहरू मध्ये एक मानिन्छ । त्यसैले अनुवादकमा पनि मौलिकता हुन्छ भन्ने विचार यस्तै कुराहरूमा आएर अडिएको हुन्छ भने यस अनुदित ग्रन्थले पनि मूलग्रन्थमा जति दुर्बोध्यता छ त्यति नै सुबोधता, मृदुता, सामञ्जस्यता, विषय वस्तुको प्रस्तुतिकरण तथा अभिव्यक्तिको दक्षता, क्रमिकता पात्र संगठनको शिल्पता तथा पात्र परिचय र विभिन्न शीर्षक आदिले मौलिकताको आधुनिकबाटो पनि देखाइने प्रयास गरेको छ । तर ग्रन्थको शैली र सिद्धान्त भित्रै बसेर ।

धार्मिकजन्य आदर्श तथा उपदेशात्मक शैली मागधि (पालि) मा लेखिएको मूल ग्रन्थबाट संग्रहित प्रस्तुत संग्रह सकभर सहशैलीमै अनुदित भएको कुरा विभिन्न ठाउँका दोहरिएका वाक्य र उपदेशहरूले देखाइ दिएकै छन् । हुनत बुद्धकालीन भाषा शैली आजको जस्तो परिष्कृत अवस्थामा नभए पनि मनोवैज्ञानिकतापूर्ण उपदेशात्मक शैलीलेगर्दा त्यसबेलाको समाज र भाषाको स्वभावसँग सहजै परिचित हुन सकिन्छ । त्यसैले प्रस्तुत संग्रहात्मक ग्रन्थ पढिदिंदा पनि त्यसै बेलाको समाज तथा भाषाको इतिहासलाई सम्झेर पढिदिएमा आघातशैलीको बदला भाषाको स्तर पत्तालगाउने कुरामा पनि सहायक हुनेछ । तैपनि यहाँ अनुवादक-बाट सकभर भाषा-शैलीलाई सरल र सरस तुल्याउन प्रयास भएको कुरा प्रस्तुत "बुद्धकालीन गृहस्थीहरू" पढदा अनुभवगर्न पाइन्छ ।

हुनत बोधगम्यताको निमित्त सरलीकृत आधुनिक शैलीमै अनुवाद

हुन नसक्ने होइन तर त्यसोगरेमा तत्कालीन समयको भाषा, व्याकरण, लालित्य, भाव प्रस्तुतिकरण शीलपको अस्तित्व के रहन्छ र ! यसैलाई आधारमानी अनुदित भएको बुझिन्छ र यस्तो हुनु आवश्यक पनि छ । अन्यथा पैतृक आर्जनको नामनिशा नै के रहन्छ र !

५।५।०२६ बटुकृष्ण "भूषण" एम. ए.

Preface

After the compilation of "Buddhakalin Brahman" (Buddha's Contemporary Brahmans) Volume One, Part One,I am happy to place before the readers "Buddhakalin Grihasthiharu" (Laymen of Buddha's Time) Part One, Volume Two.

Of hundreds of laymen, this work includes only ten.

As mention of the ten names of laymen was made in the original Pali work, Anguttaranikaya, in Etadagga Division all the discourses on which I landed during my research into stories and discourses where references were made about them, have been compiled together.

The ten laymen given here were extolled by the Buddha himself. They are: (1) Tapussabhalluka, (2) Anathapindika, (3) Citta Grihapati, (4) Hatthaka Alavaka, (5) Mahanama Sakka, (6) Uggata Grihapati

of Vaisali, (7) Uggata Grihapati of Hatthigamaka, (8) Sura Ambattha Grihapati, (9) Jivaka Komarabhacco and (10) Nakulapita Grihapati.

(1) Five references have heen found to have made about Tapussabhalluka: once in Mahavagga of Vinayapitaka, Thrice in Anguttaranikaya and once in Theragathapali of Suttapitaka.

(2) Thirty references have been found to have made about Anathapindika: twice in Cullavagga, once in Mahavaggapali, once in Pacittiyapali of Vinayapitaka, six times in Samyuttanikaya, nineteen times in Anguttaranikaya and once in Majjhimanikaya of Suttapitaka.

(3) Sixteen references have been found to have made about Citta Grihapati: eleven times in Samyuttanikaya, three times in Anguttaranikaya of Suttapitaka and twice in Cullavaggapali of Vinayapitaka.

(4) Eight references have been found to have made about Hatthaka Alavaka: seven times in Anguttaranikaya, and once in Samyuttanikaya of Suttapitaka.

(5) Twenty-one references have been found to have made about Mahanama Sakka: eight times in Anguttaranikaya, eight times in Samyuttanikaya, twice in

Majjhimanikaya of Suttapitaka, once ia Cullavaggapali and twice in Pacittiyapali of Vinayapitaka.

(6) Six references have been found to have made about Uggata Grihapati of Vaisali: five times in Anguttaranikaya and once in Samyuttanikaya of Suttapitaka.

(7) Four references have been found to have made about Uggata Grihapati of Hatthigamaka: thrice in Anguttaranikaya and once in Samyuttanikaya of Suttapitake.

(8) Two references have been found to have made about Sura Ambattha in Anguttaranikaya of Suttapitaka.

(9) Sixteen references have been found to have made about Jivaka Komarabhacco: ten times in Mahavaggapali, once in Cullavaggapali of Vinayapitaka, thrice in Anguttaranikaya, once in Majjhimanikaya and once in Dighanikaya of Suttapitaka.

(10) Six references have been found to have made about Nakulapita Grihapati: four times in Anguttaranikaya and twice in Samyuttanikaya of Suttapitaka.

Thus this compilation includes the translation from original Pali of 12 discourses from Mahavaggapali, 57

from Anguttaranikaya, 1 from Theragatha, 6 from Culla-vagga, 3 from Pacittiya, 30 from Samyuttanikaya, 4 from Majjhimanikaya and 1 from Dighanikaya, 114 all told.

These discourses and works aıe as follows:

References given here are to the pages of the Pali works published from Nalanda in India and with R. to the pages of the Pali works published in Roman by Pali Text Society in London.

1. *TAPUSSABHALLUKA*:

Mh. 5, Rajayatanakatha, R.3
A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26
" Vol. III, Tapussasuttam, R. Vol. III, 450
" Vol. IV, 74, Tapussasuttam, R. Vol. IV, 438
Th. 235, Bhalliyatheragatha, R.2

2. *ANATHAPINDIKA:*

Cu. 249 Anathapindikakatha, R, 154
" 258 Jetavanaviharanumodana, R. 164
Sa. Vol. I, 212 Sudattasuttam, R. Vol. Vol. I, 220
" Vol. I,58, Pancaverabhayastuttam, R. Vol. II,68
" Vol. I,53, Anathapindikasuttam, R. Vol. I, 55

" Vol.IV. 324 Pathama Anathapindikasuttam, R. Vol. V, 380

" " " 329, Dutiya Anathapindikasuttam, R. Vol. V385

" " " 331, Pathama Bhayaverupasantasuttam, R. Vol. V, 387

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26

" " " 60, Sacittavaggo, R. Vol. I, 63

" " " 242 Arakkhitasuttam R. Vol. I, 261

" " " 243, Byapannasuttam, R. Vol. I, 262

A. Vol. II, 67, Sudattasuttam, R. Vol. II, 63

" " " 69, Pattakammasuttam, R. Vol. II, 65

" " " 73, Ananyasuttam, R. Vol. II, 69

" " " 68, Gihisamicisuttam, R. Vol. II, 65

" " " 310, Adiyasuttam, R. Vol. III, 45

" " " 312, Itthasuttam, R. Vol. III, 47

" " " 450, Verasuttam, R. Vol. III, 204

" " " 452, Pitisuttam, R. Vol. III, 206

" " " 457, Gihisuttam, R. Vol. III, 211

A. Vol, III, 149, Bhallukadisuttam, R. Vol. III, 451

A. Vol. IV. 35, Velamasuttam, R. Vol. IV, 392

" " " 46, Pathamaverasuttam, R. Vol. IV, 405

" " " 241, Kamabhogisuttam, R. Vol. V, 176

" " " 246, Bhayasuttam, R. Vol. V, 182

" " " 248, Kinditthikasuttam, R. Vol. V, 185

Pa. 216, Angulimuddikavatthu, R. 162

Mh. 387, Attharasavatthukatha, Kosambakakkhandhm R. 354

Ma. Vol. III, 345 Anathapindikovadasuttam, R. Vol. II, 258

3 *CITTA (CITRA) GAHAPATI* :

Sa. Vol. II, 196, Ekaputtakasuttam, R. Vol. II, 235
Sa. Vol. III, 252, Samyojanasuttam, R. Vol. IV 281
" " " 253, Pathama Isidattasuttam, R. Vol. IV, 283

" " " 255, Dutiya Isidattasuttam, R. Vol. IV, 285

" " " 257, Mahaka Patihariyasuttam, R. Vol. IV, 288

" " " 259, Pathama Kamabhusuttam, R. Vol. IV, 291

" " " 260, Dutiya Kamabhusuttam, R. Vol. IV, 193

" " " 265, Niganthanataputtasuttam, R. Vol. IV, 298

" " " 263, Godattasuttam, R. Vol.IV, 295

" " " 267, Acelakassapasuttam, R.Vol.IV, 300

" " " 268, Gilanadassanasuttam, R. Vol. IV, 302

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26
A. Vol. I, 81, Ayacanavagga, R. Vol. II, 88
A. Vol. III, 149, Bhallukadisuttam, R. Vol. III, 451
Cu. 32, Patisaraniyakammam, R. 15
" 37, Attharasavatthukatha R. 19

4. *HATTHAKA (Hastaka) ALAVAKA*:

A. Vol. I, 26, Etadaggavaggo R. Vol. I, 26
" " " 126, Hatthakasuttam, R. Vol.I, 136
" " " 259, Hatthakasuttam, R. Vol. I, 278
" " " 81, Ayacanavagga, R. Vol. I, 88
A. Vol. III, 149, Bhallukadistuttam, R. Vol. III, 451
" " " 321, Pathama Hhtthakasuttam, R. Vol. IV, 216
" " " 323, Dutiya Hātthakasuttam, R. Vol. IV, 218
Sa. Vol. II, 196, Ekaputtakasuttam, R. Vol. II, 235

5. *MAHANAMA SAKKA*:

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26

A. Vol. I, 257, Bharandukalamasuttam, R,Vol.I, 276
" " " 203, Mahanamasakkasuttam, R.Vol I, 219
A. Vol. III, 149, Bhallukadisuttam, R. Vol. III, 451
" " " 7, Mahanamasuttam, R. Vol. III, 284
" " " 324, Mahanamasuttam, R. Vol,. IV, 220
A. Vol. IV, 371, Pathama Mahanamasuttam, R. Vol. V, 328
" " " 375, Dutiya Mahanamasuttam, R. Vol. V, 332
Sa. Vol. IV, 337, Mahanamasuttam, R. Vol. V, 395
" " " 278, Kankheyyasuttam, R. Vol. V. 327
" " " 314, Pathama Mahanamasuttam, R.Vol. V, 369
" " " 316, Dutiya Mahanamasuttam, R. Vol. V, 371
" " " 317, Godhasakkasuttam, R. Vol. V, 371
Sa. Vol. IV, 319, Pathama Saranani suttam, R. Vol. V, 375
" " " 321, Dutiya Sarananisuttm, R. Vol. V. 378
" " " 349, Gilanasuttam, R. Vol. V, 408
Cu. 279, Sanghabhedakkhandham, R. 180
Pa. 140, Mahanama Bhesajjapavaranavatthu, R. 101
" 141, Chabbaggiya-Mahanamavatthu, R. 102

M. Vol. I, 126 Culadukkhakkhandhasuttam, R. 91

M. Vol. II 20, Sekhasuttam, R. 354

6. *UGGATA GAHAPATI OF VESALI:*

A. Vol. I, 26 Etadaggavaggo, R. Vol. I, 26
A. Vol. II, 314 Manapadayisuttam, R. Vol. III, 49
A. Vol. II, 315 Manapadayisuttam, R. Vol. III, 50
A. Vol. III, 149, Bhallukadisutam, R. Vol. III, 451
A. Vol. III, 315, Pathama Uggatasuttam, R. Vol. IV, 208

Sa. Vol. III, 100, Vesalisuttan, R. Vol IV, 109

7 *UGGATA GAHAPATI OF HATTHIGAMAKA:*

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26
A. Vol. III, 149, Bhallukadisuttam, R. Vol. III, 451
A. Vol. III, 318, Dutiya Uggasuttam, R. Vol.IV, 212
Sa. Vol. III, 101, Vajjisuttam, R. Vol. IV, 109

8. *SURA AMBATTHA GAHAPATI:*

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26
A. Vol. III, 149, Bhallukadisuttam, R. Vol.III, 451

9. *JIVAKA KOMARABHACCO;*

A. Vol. I, 26, Etadaggavaggo, R. Vol. I, 26

A. Vol. III, 149, Bhallukadisuttam, R. Vol. III, 451

A. Vol. III, 325, Jivakasuttam, R. Vol. IV, 222

Cu 208, Navakammika, R. 119

Mh. 286, Jivakavatthu, Civarakkhandha, R. 268

" 288, Setthibhariyavatthu, R. 270

" 290, Bimbisararajavatthu, R. 272

" 291, Rajagahasetthivatthu, 273

" 292, Setthiputtavatthu, R. 275

" 293, Pajjotarajavatthu, R. 276

" 296, Samatimsavirecanakatha, R. 279

" 297, Varayacanakatha, R. 280

" 298, Kambalanujananadikatha, R. 281

" 76, Pancabadhavatthu, Mahakhandha, R. 71

M. Vol. II, 39, Jivakasuttam, R.I, 368

Di. Vol. I, 41 Samannaphalasuttam, R. 71

10. *NAKULAPITA GAHAPATI*:

A. Vol. I, 16, Etadaggavaggo, R. Vol. I, 26

A. Vol. III, 149, Bhallukadisuttam, R. Vol. III, 451

A. Vol. III, 17, Nakulapitusuttam, R. Vol. III, 295

11]

A. Vol. II, 65, Pathamasamajivisuttam, R.Vol.II,612

Sa. Vol. III, 106, Nakulapitusuttam, R. Vol.IV, 116

Sa. Vol. II, 241, Nakulapitusuttan, R. Vol. III, 1

Anandakuti, Bhikkhu Amritananda
Kathmandu, Aug. 28,1972
Nepal.

List of Abbreviations:

A = Anguttaranikaya
Cu = Cullavaggapali
Di = Dighanikaya
M = Majjhimanikaya
Mh = Mahavaggapali
Pa = Pacittiyapali
Sa = Samyuttanikaya
Th = Theragatha

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

प्राक्कथन

"बुद्धकालीन ब्राह्मण" संग्रह–१, भाग–१ पछि "बुद्धकालीन गृहस्थीहरू" भाग–१, संग्रह–२ पाठकहरूका सामुन्ने प्रस्तुतगर्न पाएकोमा मलाई खुशी लागेको छ ।

शयकडौं गृहस्थी उपासकहरूमध्ये यस ग्रन्थमा केवल १० जना-लाई मात्र समावेश गर्न सकिएको छ ।

अङ्गुत्तरनिकाय[1] नामक मूलपालि ग्रन्थ अन्तरगतको "एतदग्गवग्गो" अर्थात् एतद् अग्र भन्ने वर्गमा १० गृहस्थी उपासकहरूका नामहरू एकै ठाउँमा पाइएको हुँदा, यिनीहरूकैबारेमा अन्त अरू ग्रन्थ-हरूका कुन कुन सूत्रहरूमा र कथाहरूमा उल्लेख भएको रहेछ भनी खोजीगर्दा भेटिएका सूत्रहरूलाई एकत्रितपारी यसमा राखिदिएको छु ।

---

१. एक एक अङ्ग बढदैगई ११ अङ्गसम्मको कुरा भएको हुँदा यसलाई 'अङ्गुत्तर' अथवा 'अङ्गोत्तर' निकाय भनिएको हो । यस ग्रन्थमा एक एक अङ्गदेखि लिएर ११ अङ्गसम्मका कुराहरू पाइन्छन् ।

समय समयमा देशना गरिएका, यत्रतत्र छरिएका सूत्रहरू एकै ठाउँमा संग्रहगर्दा उस्तै कुरा दुइ तीन पटक र उही कुरा दुइ तीन पात्रहरूलाई उपदेश गरिएको रहेछ भन्ने कुरा पनि ज्ञातहुन आएको छ। अतएव यस संग्रहात्मक पुस्तकमा पाठकवर्गलाई कहीं कहीं उही नै कुरा दोहरो तेहरो भएको जस्तो लाग्नु कुनै आश्चर्य हुनेछैन। बर्षौंको घटनामा उहीनै कुरा दुइतीन पटक एकै पात्रलाई बा भिन्नाभिन्नै पात्रहरूलाई उपदेश दिइएको न होला भन्न सकिंदैन। राम्रा र असल कुराहरू एक पटक त के १०, २० पटक पनि पुनः पुनः भनिन्छ नै। हाम्रै जीवनमा हेरेता पनि उही नै कुरा, उही नै उपदेश आफ्ना गुरुजनबाट, आमा बाबुबाट अथवा साथी सुमित्रहरूबाट बर्षौंको कुरा त छाडिदेउँ, एक महीनाको भित्रै धेरै पटक ती नै कुराहरू सुनिन्छन्, भनिन्छन् भने दशौं, बीसौं बर्षको सत्संगत कालमा उही नै उपदेश, उही नै कुरा एकै पुरुषलाई दुइ तीन पटक तथा उही नै उपदेश भिन्नाभिन्नै पात्रहरूलाई दोहऱ्याई बताइएको भए पनि यसमा कुनै अस्वभाविकता आउला जस्तो लाग्दैन। यहाँ यत्तिमात्र फरकपर्न आउँन सक्तछ कि यत्रतत्र पढदा उही नै कुरा भएता पनि पढनेलाई अघि पढिसकेको कुरा बिर्सेर गैसकेको पनि हुन सक्छ अथवा दोहरिएको जस्तो लाग्दैन तर सोही कुराहरूको संकलनगरी एक ठाउँमा राखदा पढनेलाई तुरन्तातुरन्तै उही नै कुरा दोहरिएर आएको जस्तो प्रभाव पर्न जानु स्वाभाविकै हो। यस्तो प्रभावपर्ने भएता पनि लेखनुपर्ने सूत्रहरू न लेखि भएन। अतएव पाठकहरूले ग्रन्थ पढदा कहीं कतै त्यस्तो प्रभाव पर्न गएको खण्डमा उपरोक्त कुराको संझना गरिदिनु हुनेछ भन्ने आशा गर्दछु। यदि पाठकहरूले राम्ररी मननगरी हेरेको खण्डमा उही नै कुरा जस्तो

लागेको ठाउँमा पनि केही न केहीं फरक अवश्य नै पाउनु हुनेछ । जस्तै महानाम शाक्यको कथामा, 'कसरी उपासक हुन्छ' भन्ने शीर्षकको कुरामा, पहिलो सूत्रमा शील सहितको कुरा र दोश्रो सूत्रमा प्रज्ञासमेतको कुरा अन्तरगत भएको पाउनु हुनेछ । अतः प्रथमतः हेर्दा उही नै कुरा जस्तो लागेता पनि विशेष ध्यान दिएर हेर्दा, केही न केही फरक देख्न सक्नु हुनेछ ।

यसमा उल्लेख भएका दश गृहस्थी उपासकहरू स्वयं बुद्धद्वारा प्रशंसित छन् । ती हुन् :—

(१) तपुस्स र भल्लुक गृहपति, (२) अनाथपिण्डिक गृहपति, (३) चित्र-गृहपति, (४) हस्तक आलवक, (५) महानाम शाक्य, (६) वैशालीवासी उद्गत गृहपति, (७) हस्तिग्रामवासी उद्गत गृहपति, (८) शूर अम्बष्ठ गृहपति, (९) जीवक वैद्य र (१०) नकुलपिता गृहपति ।

(१) तपुस्सभल्लुककोबारेमा — विनयपिटकको[१] महावग्ग पालिमा १ ठाउँमा, सूत्रपिटकको अङ्गुत्तरनिकायमा ३ ठाउँमा र थेरगाथापालिमा[२] १ ठाउँमागरी जम्मा ५ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

---

१. भिक्षुहरूको नियम सम्बन्धी कुराहरू संग्रहित भएका ग्रन्थहरू ।

२. स्थविरहरूले आफैंले व्यक्त गरेका श्लोकहरूको संग्रह भएको ग्रन्थ ।

(२) अनाथपिण्डिककोबारेमा—विनयपिटकको चुल्लवग्गपालिमा २ ठाउँमा, महावग्गपालिमा १ ठाउँमा, पाचित्तियपालिमा १ ठाउँमा; सूत्रपिटकको संयुत्तनिकायमा[१] ६ ठाउँमा, अङ्गुत्तरनिकायमा १९ ठाउँमा र मज्झिमनिकायमा[२] १ ठाउँमागरी जम्मा ३० ठाउँमा समुल्लेख भएको पाइएको छ।

(३) चित्र-गृहपतिकोबारेमा—सूत्रपिटकको संयुत्तनिकायमा ११ ठाउँमा र अङ्गुत्तरनिकायमा ३ ठाउँमा तथा विनयपिटकको चुल्लवग्गपालिमा २ ठाउँमागरी जम्मा १६ ठाउँमा समुल्लेख भएको पाइएको छ।

(४) हस्तक आलवककोबारेमा—सूत्रपिटकको अङ्गुत्तरनिकायमा ७ ठाउँमा र संयुत्तनिकायमा १ ठाउँमागरी जम्मा ८ ठाउँमा समुल्लेख भएको पाइएको छ।

(५) महानाम शाक्यकोबारेमा— सूत्रपिटकको अङ्गुत्तरनिकायमा ८ ठाउँमा, संयुत्तनिकायमा ८ ठाउँमा र मज्झिमनिकायमा २ ठाउँमा तथा विनयपिटकको चुल्लवग्गपालिमा १ ठाउँमा र पाचित्तिय पालिमा २ ठाउँमागरी जम्मा २१ ठाउँमा समुल्लेख भएको पाइएको छ।

(६) वैशालीवासी उद्गत गृहपतिकोबारेमा—सूत्रपिटकको

---

१. छोटो शैलीमा वर्णन गरिएका सूत्रहरूको संग्रह भएको ग्रन्थ अर्थात् संयुत्तनिकाय।

२. मध्यम प्रमाणका सूत्र संग्रहित ग्रन्थ अर्थात मध्यमनिकाय।

अङ्गुत्तरनिकायमा ५ ठाउँमा र संयुत्तनिकायमा १ ठाउँमागरी जम्मा ६ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

(७) हस्तिग्रामक उद्गत गृहपतिकोबारेमा—सूत्रपिटकको अङ्गुत्तरनिकायमा ३ ठाउँमा र संयुत्तनिकायमा १ ठाउँमागरी जम्मा ४ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

(८) शूर अम्बष्ठकोबारेमा—सूत्रपिटकको अङ्गुत्तरनिकायमा २ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

(९) जीवक वैद्यकोबारेमा—विनयपिटकको महावग्गपालिमा १० ठाउँमा, चुल्लवग्गपालिमा १ ठाउँमा तथा सूत्रपिटकको अङ्गुत्तरनिकायमा ३ ठाउँमा, मज्झिमनिकायमा १ ठाउँमा र दीघनिकायमा[१] १ ठाउँमागरी जम्मा १६ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

(१०) नकुलपिता गृहपतिकोबारेमा—सूत्रपिटकको अङ्गुत्तरनिकायमा ४ ठाउँमा र संयुत्तनिकायमा २ ठाउँमागरी जम्मा ६ ठाउँमा समुल्लेख भएको पाइएको छ ।

यसप्रकार जम्मा ११४ सूत्रहरूका संख्या भएता पनि वास्तवमा ११० सूत्रहरूका मात्र अनुवाद भएको छ । बाँकि ४ सूत्रहरू अनाथपिण्डिकको संग्रहमा अन्तरगत छन् । यिनीहरू सं. नि. को 'सुदत्तसुत्तं' चुल्ल. व. को 'अनाथपिण्डिककथा' मा[२], अं. नि. को 'भयसुत्तं' र

१. लामा लामा सूत्रहरूको संग्रह भएको ग्रन्थ अर्थात् दीर्घनिकाय ।

२. हेर. पृ. ३१ को पादटिप्पणिमा ।

सं.नि. को 'पञ्चभयवेरसुत्तं' अं.नि. को 'पठमभयवेरूपसन्तसुत्त'मा[१] तथा सं.नि. को 'अनाथपिण्डिकसुत्तं' म.नि. को 'अनाथपिण्डिकोवादसुत्तं' मा[२] अन्तरगत भएका छन्। उपरोक्त ११४ सूत्रहरूका नामहरू निम्न प्रकार छन्। यसमा दिइएका ग्रन्थ र पृष्टहरू नालन्दाबाट प्रकाशित पालिग्रन्थ अनुसार हुन्।

तपुस्स र भल्लुक :—

	पृष्ट[३]
महाव. पृ. ५: राजायतनकथा—	५
अं. नि. भाग–१, पृ. २६: एतदग्गवग्गो—	२४
अं. नि. भाग–३, पृ. १४८: तपुस्ससुत्तं—	२३
अं. नि. भाग–४, पृ. ७४: तपुस्ससुत्तं—	७
थे. गा. पृ. २३५: भल्लियत्थेरगाथा—	२२

अनाथपिण्डिक गृहपति :—

चुल्ल. व. पृ. २४९: अनाथपिण्डिककथा—	३१
चुल्ल. व. पृ. २५८: जेतवन विहारानुमोदना—	४२
सं. नि. भाग–१, पृ. २१२: सुदत्तसुत्तं—	३१

१. हेर. पृ. ११४ को पाददटिप्पणिमा।

२. हेर. पृ. १३४ को पाददटिप्पणिमा।

३. सयपुस्तकको पृष्ट। सूत्रको नाम पाददटिप्पणिमा दिइएको छ।

चित्र-गृहपति :—

हस्तक आलवक :—

महानाम शाक्य :—

वैशालीवासी उद्गत गृहपति :—

हस्तिग्रामक उद्गत गृहपति :—

शूर अम्बष्ठ उपासक :—

जीवक वैद्य :—

"बुद्धकालीन ब्राह्मण" को प्राक्कथनमा उल्लेख गरेझैं यस प्रकारको संकलनात्मक ग्रन्थ तयारगर्नुको एकमात्र लक्ष, नेपाली पाठकहरूका सामुन्ने बौद्धसाहित्यको पालिवाङ्मयलाई अनुवादको रूपमा प्रस्तुत गर्नुको साथ साथै पाठक सज्जनवृन्दहरूले मूल सूत्रहरूका कुराहरू सोजै थाहापाउन सकुन् भन्ने अभिप्राय हो। नेपालीमा पनि मूलपालि सूत्रहरूका कुराहरू उपलब्ध भएमा नेपाली साहित्यले, नेपाली समाजमा मात्र सीमित नभई बौद्धजगतमा पनि ख्याति प्राप्तगर्न सक्नेछ भन्ने

आशा राख्दछु र यसबाट केही अंशमा भए पनि नेपाली साहित्यको महत्व बढेर नै जानेछ शिवाय घटेर जानेछैन होला भन्ने विश्वास राखेको छु। त्यसैले विदेशी बौद्धहरूलाई यस ग्रन्थमा कुन् कुन् पालि ग्रन्थहरूबाट कुन् कुन् सूत्रहरूको उल्लेख भएको रहेछ भन्ने मात्र भएता पनि अवबोध गराउनको निमित्त अंग्रेजीमा पनि ग्रन्थपरिचय दिन परेको हो।

जतिसक्यो उति विभिन्न विषयका पुस्तकहरू आफ्नो भाषामा उपलब्ध हुनु पनि भाषाविकासको एक माध्यम हो। अंग्रेजी, फ्रेञ्च, रूसी, जर्मनी तथा चीनी आदि भाषाहरू किन धनी तथा विश्वविख्यात भए भने यी भाषाहरूमा उल्लेख नभएका विश्वका कुनै पनि त्यस्ता विषयहरू छैनन् होलान् जुन् कि यी भाषाहरूमा उपलब्ध हुन नसकुन्। आफ्नो क्षेत्र नै बुद्धधर्म सम्बन्धी पालिसाहित्य भएको हुँदा जानी न जानी भए पनि नेपालीमै "बुद्धकालीन गृहस्थीहरू" प्रस्तुत गरेको छु। यसबाट एक बिन्दुमात्र नेपाली साहित्य विकासमा सहयोग र नेपालीहरूलाई बुद्धकालमा घटेका केही घटनाहरू मात्र जानकारी हुनसकेता पनि म खुशि नै हुनेछु। हुनत यत्तिकैले बुद्धधर्म, बौद्धसाहित्य, बौद्धइतिहास तथा बौद्ध-समाजको ज्ञानको लागि पर्याप्त हुनेछ भन्ने कुरा होइन। अझ यस्ता ग्रन्थहरू दर्जनका दर्जन हुनसकेमा मात्र नेपाली-साहित्यमा पनि बौद्धसाहित्य भएको ठहरिने छ।

यस पुस्तकको अनुवादकार्य २५।११।०२८ मा शुरू भई १४।३।०२९ सालमा समाप्त भएको थियो। यस बीच एशियन् बुद्धिष्ट सम्मेलनमा भागलिन श्रीलङ्का जानपरेको थियो र श्रीलङ्कामा बसुञ्जेल २४ बैशाख देखि २० जेष्ठसम्म अनुवादको काम जारिनै रहेको थियो।

कोलम्बोमा भएको दशौं विश्वबौद्ध सम्मेलनमा पनि भागलिई काठमाडौं फर्कि सकेपछि १४।३।०२९ मा अनुवादकार्य समाप्त गर्न सकें ।

ग्रन्थ संशोधन कार्यमा मात्र नभई प्रूफहेर्ने कार्यमा समेत जे जति श्री बटुकृष्ण 'भूषण' बाट 'बुद्धकालीन ब्राह्मण' को लागि मेहनत तथा सौहार्दपूर्ण सुझावहरू पाएको थिएँ, उत्तिकै नै परिश्रम तथा लगनता यस ग्रन्थको संशोधनादि कार्यमा पनि पाएको हुँदा, गुणमात्सर्यता रहित, कृतवेदितापूर्वक वहाँलाई धन्यवाद ज्ञापन गरेको छु । यस रूपमा प्रस्तुत पुस्तक पाठकहरूका सामु राख्न सकेको नै एक मात्र श्री बटुकृष्णज्यूबाट पाएको सौहार्दपूर्ण सहयोगले नै हो । विद्वतःपूर्ण भूमिका पनि लेखिदिनु भएकोमा वहाँप्रति ज्यादै आभारी छु। यदि वहाँबाट यसकिसिमको सहयोग नपाएको भए कदाचित पाठकहरूले यो पुस्तक हेर्न पाउन सक्नुहुने थिएन होला।

प्रत्येक पात्रहरूका शुरूमै पालि मूलसूत्रको अलावा अर्थकथामा पाइएका विशेष कुराहरूलाई समेत ध्यानमाराखी छोटकरी परिचय दिएको छु । प्रत्येक सूत्रको पादटिप्पणिमा ग्रन्थ र सूत्रको नामराखिदिएको छु। सूत्र भन्ने नाउँ नभएको मूलपालिलाई 'मूल पालि' भनी सूत्रको शुरूमै लेखिदिएको छु । सूत्रहरूको शीर्षक आफ्नै विचारले राखेको हुँ । आफ्नो तरफबाट लेखिएका कुराहरू कोष्ठभित्र राखिदिएको छु। पुनरावृत्ति हटाउनको निम्ति '...' र '०' को चिन्ह प्रयोग गरेको छु । यस पुस्तकमा उल्लेख भएका सबै शीर्षकहरूको एक अकारादि क्रम-सूचि र नामावली तथा शब्दावली पनि राखि दिएको छु ।

यो पुस्तक पनि उहीनै नोट्सहरूबाट तयार हुनसकेको हो जुनबेला गतवर्ष म पाल्पामा श्री रणबहादुर शाक्यपरिवारहरूबाट समुचित

उपस्थानपाई चिकित्सा गर्दैथिए । अतएव यत्किञ्चित् यस कार्यद्वारा कुशलपुण्य प्राप्त भएमा वहाँहरूलाई पनि सो कुशलपुण्य प्राप्तहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रेसमा गई प्रूफ ल्याउनमा निरन्तर निरालसतापूर्वक सेवा प्रदान गरेकोमा आनन्दकुटी वासी श्री चन्द्र उपासक र श्री महेन्द्रकाजी शाक्यलाई धन्यवाद दिएको छु ! यस्तैगरी शब्दावली तथा नामावली तयार पार्नको लागि सहयोग पाएकोमा आयुष्मान् अश्वघोष र आयुष्मान् कुमार काश्यप पनि हार्दिक धन्यवादका पात्र भएका छन् । अंग्रेजीमा ग्रन्थपरिचय तयारपार्न सहयोग पाएकोमा प्राध्यापक श्री कृष्णबहादुर मानन्धरलाई पनि धन्यवाद ज्ञापन गरेकैं कभरमा छापिएको ब्लोक प्रदान गरेकोमा अनगारिका धम्मावतीलाई पनि धन्यवाद दिएको छु । अन्तमा प्रकाशनको कार्यभार आनन्दकुटी विद्यापीठले उदारतापूर्वक ग्रहण गरेकोमा विद्यापीठका संचालकवर्ग सहित सबै विद्यापीठ परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु ।

भवतु सब्ब मङ्गलं

आनन्दकुटी, स्वयम्भू,
कठमाडौं,
नेपाल ।

भिक्षु अमृतानन्द
१५।५।०२६

त्रि-पिटक

सुत्तपिटक

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

- (१) खुद्दकपाठ
- (२) धम्मपद
- (३) उदान
- (४) इतिवुत्तक
- (५) सुत्तनिपात
- (६) विमानवत्थु
- (७) पेतवत्थु
- (८) थेरगाथा
- (९) थेरीगाथा
- (१०) जातक
- (११) निद्देस
  - १–महानिद्देस
  - २–चुल्लनिद्देस
- (१२) पटिसम्भिदामग्ग
- (१३) अपदान
- (१४) बुद्धवंस
- (१५) चरियापिटक

विनयपिटक

१–पाराजिकपालि
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

---★---

संक्षिप्त शब्दको अर्थः—

अ. क. = अट्ठकथा (अर्थकथा) ।

अं. अ. क.
अं. नि. अ. क. } = अङ्गुत्तरनिकाय अर्थकथा ।

अं. नि–१ = अङ्गुत्तरनिकाय एकनिपात इत्यादि ।

उदान = उदान ।

चुल्ल. व. = चुल्लवग्गपालि ।

जा. भा–१ = जातकपालि भाग–१

थे. गा.
थेरगा. } = थेरगाथा ।

थेरगा. अ. क.
थे. गा. अ. क. } = थेरगाथा अर्थकथा ।

दी. नि–१ = दीघनिकाय भाग–१

दी. नि. अ. क. = दीघनिकाय अर्थकथा ।

धम्म. अ.
धम्म. अ. क. } = धम्मपद अर्थकथा ।

पटि. अ. क. = पटिसम्भिदामग्ग अर्थकथा ।

पाचि. = पाचित्तियपालि ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क = मज्झिमनिकाय अर्थकथा ।

महाव. = महावग्गपालि ।

समन्त. पा. = समन्तपासादिका ।

सं. नि–१ = संयुत्तनिकाय सगाथवग्गो ।

सं. नि–२ = " निदानवग्गो ।

सं. नि–५ = " महावग्गा ।

सं. नि–I = " भाग १ इत्यादि ।

सं. नि. अ.
सं. अ. क.
सं. नि. अ. क. } = संयुत्तनिकाय अर्थकथा ।

सिं. बु. च. = सिंहल बुद्ध चरित ।

हि. जि. पि. = हिन्दी विनयपिटक ।

D.P.P. = Dictionary of Pali-Proper Names.

—o—

मूल ग्रन्थहरू:-

दीघनिकाय (दीर्घनिकाय)
मज्झिमनिकाय (मध्यमनिकाय)
अङ्गुत्तरनिकाय (अङ्गोत्तरनिकाय)
संयुत्तनिकाय (संयुक्तनिकाय)
महावग्गपालि (महावर्गपालि)
चुल्लवग्गपालि (चूलवर्गपालि)
पाचित्तियपालि (पाचित्तियपालि)
थेरगाथापालि (स्थविर गाथा)

सहायक ग्रन्थहरू:-

अमरकोष
जातकट्ठकथा—आचार्य बुद्धघोष
धम्मपदट्ठकथा – ” ”
नेपाली शब्दकोष—बालचन्द्र शर्मा
पपञ्चसूदनी—आचार्य बुद्धघोष
परमत्थदीपनी—धम्मपालत्थेर
पद्मचन्द्र कोष – गणेशदत्त शास्त्री
बुद्ध चरित—आनन्दमैत्रेय्य
मनोरथपूरणी—आचार्य बुद्धघोष
सद्धम्मप्पकासिनी—महानामत्थेर
समन्तपासादिका—आचार्य बुद्धघोष
सारत्थप्पकासिनी— ” ”
सुमङ्गलविलासिनी—” ”
शब्दार्थ-कौस्तुभ—चतुर्वेदी द्वारकाप्रसाद शर्मा
हिन्दीमा अनुदित – विनयपिटक, संयुक्तनिकाय, अङ्गुत्तरनिकाय र दीर्घनिकाय ।

Dictionary of Pali-Proper Names–Malalasekara.
Pali English Dictionary–Rhys Davids William Stede.

विषय-सूचि

अकारादि क्रमले शीर्षक-सूची

संग्रह–२

बुद्धकालीन गृहस्थीहरू

[भाग–१]

"नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

१. तपुस्स र भल्लुक दाजुभाइ

परिचय

तपुस्स[१] र भल्लुक[२] दुइ दाजुभाइ उक्कल (उत्कल) राज्यको असितञ्जन[३] नगरमा एक धनाढ्य कुलमा जन्मेका थिए। तपुस्स गृहपति जेठा र भल्लुक गृहपति कान्छा थिए। ठूला भएपछि यी दुवै दाजुभाइहरूले ब्यापार गर्नथाले। गाडामा खेप गर्थे।

एकदिन ५०० गाडामा मालसामान राखी ब्यापारगर्न परवेश गइरहेको बेला यी दुवै बुद्धगयातिर पुगेका थिए। बाटोमा आफ्ना गाडाहरू चलाउन सकेनन्। बैलहरूले एक पाइला पनि सारेनन्। कति प्रयत्न गर्दापनि गाडा चलाउन सकेनन्। त्यसबखतमा भवान्तरमा यी दुवैका रगत सम्बन्धी नातापर्ने एक देवपुत्र कुनै मनुष्यमा आवेश भई आई यिनीहरूलाई, "भगवान् बुद्ध भरखरै बुद्धत्व प्राप्तगरी राजायतन

---

१. कहीं कहीं 'तपस्सो' भनी उल्लेख भएको पाइन्छ।

२. कहीं कहीं 'भल्लिक' भनी उल्लेख भएको पाइन्छ।

३. थेरगाथा अर्थकथामा 'पोक्खरवती' भनिएकोछ पृ. ४८।

वृक्षमुनी बस्नु भएको छ। वहाँले सात सप्ताहदेखि केही आहार ग्रहण गर्नु भएको छैन। तिमीहरू त्यहाँ गई वहाँलाई सत्तु, मधु आदिद्वारा संग्रह गर। तिमीहरूका लागि दीर्घकालसम्म पुण्यलाभ हुनेछ" भनी भनेबमोजिं यी दुवैले त्यस्तै गरे।

भगवान्ले भोजन सिध्याइसकेपछि तपुस्स र भल्लुक गृहपतिले पूजार्थ भगवान्सँग केश-धातु मागेका कुरा र भगवान्ले यिनीहरूलाई आफ्नो शीरबाट आठ मुठ्ठी (आठ पटक) केश-धातु दिनु भएको कुरा पनि अङ्गुत्तरनिकाय अर्थकथामा[१] समुल्लेख भएको पाइन्छ[२]। यी केशहरू राखी यिनीहरूले असितञ्जन नगरको द्वारनिर एक स्तूप बनाएका थिए। भनिन्छ कि सो स्तूपबाट प्रत्येक उपोसथको[३] दिनमा नीलो रश्मी निस्किन्थ्यो[४]।

× × ×

भगवान् मल्ल राज्यको उरुवेलकप्प (उरुवेलकल्प) भन्ने निगममा बस्नुभएको बेला एकदिन भगवान् भिक्षाटनबाट फर्की भोजन-पछि दिवा बिहारको निमित्त महावन भित्र जानु अगाडि, 'त्यहाँ तपुस्स

---

१. मूल सूत्रहरूको अर्थ-व्याख्यागरिएको ग्रन्थलाई 'अर्थकथा' भनिन्छ।

२. अं. अ. क. पृ. २०८

३. प्रत्येक पूर्णिमाको दिनमा उपोसथ ब्रतशील पालन गरिने भएकोहुँदा बौद्धसाहित्यमा पूर्णिमाको दिनलाई 'उपोसथ' भनिन्छ।

४. अं. अ. क. पृ. २०८

गृहपति आउनेछन् र उनलाई गम्भीर धर्मोपदेश हुनेछ' भन्ने कुरा थाहापाउनुभई तथागतले आनन्द महास्थविरलाई जंगल बाहिरै बस्न लगाउनु भएको थियो[१]। जुन कुरा तल 'तपुस्स गृहपति र आनन्द महास्थविर' भन्ने शीर्षकमा आउनेछ।

तपुस्स गृहपति पनि बिहानको खानाखाई भगवान्सँग सतसंगत गर्नको लागि त्यसतरफ गए। टाढैबाट तपुस्सले आयुष्मान् आनन्दलाई देखी वहाँकहाँगई कुरागर्न थाले र पछि आनन्द महास्थविरले तपुस्स गृहपतिलाई महावन भित्र भगवान्कहाँ लग्नुभएको थियो। यस सूत्रमा केवल तपुस्स गृहपतिको नाउँ मात्र उल्लेख भएकोछ। यद्यपि अर्थकथामा पनि यी भल्लुक गृहपतिका दाजुहुन् भन्ने कुराको उल्लेख भएको पाइँदैन तथापि यी भल्लुकका दाजुहुन् भन्नेकुरा प्रसङ्गबाट बोध हुन्छ।

भगवान्ले आनन्द महास्थविरलाई सम्बोधन गर्नुहुँदै सुनाउनु भएको धर्मोपदेशबाट तपुस्स गृहपति प्रसन्न भएका थिए।

एकदिन राजगृहमा भगवान्कहाँ गई धर्मोपदेश सुनी तपुस्स गृहपति स्रोतापन्न र कान्छाभाइ भल्लुक भिक्षुभई अर्हत् भए[२]।

बुद्धधर्मको इतिहासमा सर्वप्रथम भगवान् बुद्धको शरणजाने उपासकहरू यिनीहरूनै हुन्। यिनीहरू शरणपर्दा केवल बुद्ध र धर्म भन्ने

---

१. अं. अ. क. पृ. ८१४

२. थेरगा. अ. क. पृ. ४८ : भल्लिकथेरगाथा।

मात्र थिए। भिक्षुहरू नभएकोले 'सङ्घ' भन्ने शब्द थिएन। त्यसैले यिनीहरूलाई 'द्वैवाचिक' उपासक भनिएको हो।

× × ×

१–सत्तुदान

[बैशाख पूर्णिमाको रातको प्रथमयाममा प्रतित्य समुत्पाद, द्वितीययाममा दिव्यचक्षु र तृतीययाममा प्रतित्यसमुत्पादलाई अनुलोम र प्रतिलोम पूर्वक बिचारगरिसकेपछि अरुणोदयमै पद्मासनमा बस्नु भएको सिद्धार्थ गौतम बोधिसत्वले सर्वज्ञताका साथै बुद्धत्व प्राप्तगर्नु भयो। तदनन्तर बिहान अर्थात् प्रतिपदादेखि खान पान तथा मल-मूत्र त्याग विनानै सोही पद्मासनमै एक हप्ता बिताउनु भयो। यस्तैगरी जम्मा सात हप्तासम्म बोधिवृक्ष[१] र बोधिवृक्षको आसपासमै बसी विमुक्ति ध्यानको परम सुख अनुभवगर्दै सात हप्तासम्म निराहार बस्नु भयो। आठौं हप्ताको बिहान राजायतन रूखमुनी बसीरहनु भएको समयमा तपुस्स र भल्लुक दुइ दाजुभाइ ब्यापारीहरू भगवान् समक्ष आई मही सहित चतुर्मधु राखी

---

१. भगवान्ले बुद्धगयामा पीपलको रूखमुनी बसी बुद्धत्व प्राप्तगर्नु भएको हुँनाले सो पीपलको रूखलाईनै 'बोधिवृक्ष' भन्ने प्रचलन भएको हो।

पिण्डपारिएको सत्तुपिण्ड प्रदान गरे[१]। जुन कुरा मूलपालिमा यसरी उल्लेख भएकोछ।]

मूलपालि :—

एक हप्ता बितिसकेपछि भगवान् बुद्ध समाधि-आसनबाट उठी, मुचलिन्द वृक्षबाट राजायतन वृक्षनिरगई, आसनबाँधी परम विमुक्ति-सुख अनुभवगर्दै बस्नुभयो[२]।

त्यसबखतमा तपुस्स र भल्लुक भन्ने व्यापारीहरू उक्कला (उत्कला[३]) देशबाट त्यस देशतिर जाँदैथिए जुन देशमा भगवान् हुनुहुन्थ्यो। अनि तपुस्स र भल्लुकका पूर्वजन्ममा ज्ञातिपर्ने एक देवताले यी दुवैलाई यसो भने :—

"हे मारिष ! यहाँ भगवान् बुद्ध भरखरै बुद्धत्व ज्ञान प्राप्तगरी राजायतन-वृक्षमुनी बस्नुभएकोछ। तिमीहरू त्यसठाउँमा गई भगवान्लाई मही र चतुर्मधुमा मुछिराखेको सत्तुपिण्ड चढाऊ। यो पुण्य-कार्यद्वारा तिमीहरूको दीर्घकालसम्म हित र सुख हुनेछ।"

---

१. अं. अ. क. आधारित।

२. महाव. पृ. ५ : राजायतनकथा।

३. वर्तमान उडीसा—हि. वि. पि.।

अनि तपुस्स र भल्लुक ब्यापारीहरू मही र सत्तु पिण्डलिई भगवान्कहाँ गई भगवान्लाई अभिवादनगरी एक छेउमा उभिए। त्यसपछि उनीहरूले भगवान्सँग प्रार्थनागरे :—

"भगवान् ! यो मही र चतुर्मधुयुक्त सत्तु पिण्ड ग्रहण गर्नु होस्। यसद्वारा हामीहरूको निम्ति दीर्घकालसम्म हित र सुख हुनेछ।"

त्यसबखतमा भगवान्को मनमा यस्तो लाग्यो :—

"तथागतले हातमा थापेर लिंदैनन्। यो मही र मधुयुक्त सत्तु पिण्ड केमा थापेर लिने होला ?"

त्यसैबेलामा चतुर्दिशाका चारै देवपुत्रहरूले भगवान्को मनको कुरा थाहापाई चारैदिशाबाट चारै देवपुत्रहरूले "भगवान् ! मही र मधुयुक्त सत्तु पिण्ड यसमा थापेर लिनुहोस्" भन्दै शैलमय पात्रहरू चढाए।

भगवान्ले त्यो अभिनव शैलमय पात्रहरू स्वीकारगरी त्यसैमा मही र मधुयुक्त सत्तु पिण्ड ग्रहणगरी भोजन गर्नु भयो। त्यसपछि तपुस्स र भल्लुक ब्यापारीहरूले भगवान्सँग प्रार्थनागरे :—

"भन्ते ! हामीहरू भगवान् र धर्मको शरणमा पर्दछौं। आजदेखि आजीवनसम्म शरणमा आएका उपासकहुन् भनी हामीहरूलाई स्वीकार गर्नु होस्[१] !"

---

१. समन्तपासादिका ग्रन्थानुसार शरणगइसके पछि यिनीहरूले पूजार्थ भगवान्संग केही चीज माग्दा भगवान्ले आफ्नो शीरको केश दिनु भएकोथियो भन्ने उल्लेख भएको पाइन्छ। पृ. ७२०

यो लोकमा सर्वप्रथम बुद्ध र धर्मको शरणमा गएका—यिनीहरूनै द्वैवाचिक[१]—उपासकहरू हुन् ।

× × ×

मूल सूत्र :—

२–तपुस्स गृहपति र आनन्द महास्थविर

एक समय भगवान् मल्लराज्यस्थित उरुवेलकप्प[२] नामक मल्लहरूको निगममा वस्नु भएको थियो[३] ।

एक दिन भगवान् पूर्वाण्हसमयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी उरुवेलकप्पमा भिक्षाटनार्थ जानुभयो । भिक्षाटन पछि भोजन सिध्याई आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नु भयो :—

"आनन्द ! म दिवा-विहारको निमित्त महावनमा बसुन्जेलसम्म तिमी यहींनै बसिरहू ।"

---

१. यसबेलासम्म भिक्षुसङ्घ नभएकोहुनाले यिनीहरू बुद्ध र धर्मको शरणमा गएका हुँदा यिनीहरूलाई 'द्वैवाचिक' अर्थात् दुइ बचनले शरणमा गएका भनी भनिएको हो । भिक्षु सङ्घ स्थापना भइसके पछि बुद्ध, धर्म र सङ्घका शरण जाने परम्परा बसेकोहो ।

२. मल्लराज्यको नगर पावा र कुशीनगरको अतिरिक्त भोगनगर, अनुप्पिया र उरुवेलकप्प पनि मल्लदेशका नगरहरू हुन् ।

३. अं. नि–९. पृ. ७४ : तपुस्ससुत्त ।

"हवस्" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनु भयो ।

भगवान् महावनमा गई दिवा-विहारगर्नको निम्ति एक रूखमुनी बस्नुभयो ।

त्यस समय तपुस्स गृहपति जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् आनन्दलाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका तपुस्स गृहपतिले आयुष्मान् आनन्दसँग यस्तो बिन्तिगरे :—

"भन्ते ! हामी गृहीकामभोगी, कामविषयमा रमणगर्ने, कामविषयमा रतहुने तथा कामविषयबाट उद्गमहुनेहरूलाई 'नैष्क्रम्य' प्रपात जस्तो लाग्छ । मैले सुनेको छु कि—यहाँ 'शान्तिछ' भनी देख्ने युवक भिक्षुहरूको चित्त यस धर्म-विनयको (बुद्धधर्मको), नैष्क्रम्यमा जान्छ प्रसन्नगर्छ, राख्छ तथा त्यसैमा चित्त पनि लगाउँछन् ।' नैष्क्रम्यगरी यस धर्म-विनयमा बस्ने भिक्षुहरूको जीवन र अरू जनताको जीवनमा भिन्नताछ ।"

"हे गृहपति ! यस कुराको सम्बन्धमा भगवान्को दर्शनगर्न जानु बेश होला । हामी जाऔं, जहाँ भगवान् हुनुहुन्छ त्यहाँगई भगवान्सँग यो कुरा सोधौं र जस्तो भगवान्ले भन्नुहुनेछ त्यस्तै हामीले धारण तथा ग्रहण गरौं ।"

"हवस्, भन्ते !" भनी तपुस्स गृहपतिले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिए ।

अनि आयुष्मान् आनन्द, तपुस्स गृहपतिसँग, जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए। त्यहाँपुगेपछि भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान् आनन्दले भगवान्‌लाई निम्नकुरा सुनाउनु भयो :—

"भन्ते ! यी तपुस्स गृहपति यस्तो भन्दछन्—'भन्ते ! हामी गृही-कामभोगी ··· कामविषयबाट उद्गमहुनेहरूलाई 'नैष्क्रम्य' प्रपात जस्तो लाग्छ। 'यहाँ शान्तिछ' भनी देख्ने युवक भिक्षुहरूको चित्त यस धर्म-विनयको नैष्क्रम्यमा जान्छ,···त्यसैमा चित्त पनि लगाउँछन्' भन्ने मैले सुनेकोछु। नैष्क्रम्यगरी यस धर्म-विनयमा बस्ने भिक्षुहरूको जीवन र अरू जनताको जीवनमा भिन्नताछ'।"

अनुपूर्व विहार

१—"यस्तैहो, आनन्द ! यस्तैहो, आनन्द !! मलाईपनि अघि —सम्बोधि प्राप्तहुनु अगाडि, बोधिसत्वमै छँदा—यस्तै लाग्थ्यो— 'नैष्क्रम्यमा शान्तिछ, एकान्तवास राम्रै हो' भनी जानेर पनि नैष्क्रम्यमा मेरो चित्त जाँदैनथ्यो, प्रसन्न हुँदैनथ्यो, बस्दैनथ्यो र लाग्दैनथ्यो।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि नैष्क्रम्यमा 'शान्तिछ' भनी जानेर पनि नैष्क्रम्यमा मेरो चित्त नगएको, प्रसन्न नभएको, नबसेको र नलागेको ?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'कामविषयको आदिनव (अवगुण) देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; नैष्क्रम्यको (ध्यानको) अभ्यास नगरेकोले त्यसको आनिसंस (गुण, प्रभाव) पनि प्राप्तगर्न सकिन । त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि नैष्क्रम्यमा मेरो चित्त नगएको, प्रसन्न नभएको, बस्न नसकेको र नलागेको ।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि मैले कामविषयको आदिनव (अवगुण) जानी त्यसलाई बहुल हेर्ने गरेको भए, नैष्क्रम्यको आनिसंस (गुण, प्रभाव) हेरी त्यसलाई सेवनगरेको भए, नैष्क्रम्यमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जाने-थियो, प्रसन्नहुनेथियो, बस्नेथियो र लाग्ने पनि थियो ।'

"आनन्द ! त्यसपछि मैले कामविषयको आदिनव (अवगुण) हेरी त्यसमा बहुलतर चित्त लगाएँ, नैष्क्रम्य (ध्यान) को आनिसंस (गुण, प्रभाव) हेरी त्यसलाई सेवनगरे । अनि नैष्क्रम्यमा (ध्यानमा) 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो, प्रसन्न हुनथाल्यो, बस्न-थाल्यो र लाग्न पनि थाल्यो । त्यसपछि कामबाट अलगभई, अकुशल-धर्मबाट अलगभई—सवितर्क, सविचार भएको, विवेकज (समाधिज) प्रीति-सुख युक्त प्रथम-ध्यान प्राप्तगरी बसें । त्यस्तोगरी बस्दा, आनन्द ! मेरो चित्त 'कामसहगत-संज्ञा' मननगरी बस्दथ्यो । त्यो मेरोलागि बाधापूर्ण थियो । सुखमा दुःख उत्पन्नहुँदा हुने बाधाकैं बाधापूर्ण थियो ।

२—'आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म वितर्क, विचारलाई उपशान्तगरी, अभ्यन्तर सम्प्रसाद-लाई एकाग्रगरी, वितर्क-विचार रहित—समाधिज प्रीति-सुख भएको द्वितीय-ध्यान प्राप्तगरी नबसौं !' तर आनन्द ! अवितर्कमा 'शान्तिछ' भनी जानेर पनि अवितर्कमा मेरो चित्त जाँदैनथ्यो…।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि अवितर्कमा 'शान्तिछ' भनी जानेर पनि अवितर्कमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'वितर्कको अवगुण (आदिनव) देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; अवितर्कको अभ्यास नगरेकोले त्यसको आनिसंस (गुण, प्रभाव) पनि प्राप्तगर्न सकिन। त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि अवितर्कमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि मैले वितर्कको आदिनव (अवगुण) जानी त्यसलाई बहुल हेर्ने गरेको भए, अवितर्कको आनिसंस (गुण, प्रभाव) हेरी त्यसलाई सेवनगरेको भए, अवितर्कमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,…।'

"आनन्द ! त्यसपछि मैले वितर्कको आदिनव (अवगुण) हेरी त्यसमा बहुलतर चित्त लगाएँ, अवितर्कको आनिसंस (गुण, प्रभाव) हेरी त्यसलाई सेवनगरें। अनि अवितर्क (ध्यान) मा 'शान्तिछ' भनी

त्यसमा मेरो चित्त जानथाल्यो,…। त्यसपछि वितर्क-विचारलाई उपशान्तगरी, अभ्यन्तर सम्प्रसादलाई एकाग्रगरी, वितर्क-विचार रहित, समाधिज प्रीति-सुख भएको द्वितीय-ध्यान प्राप्तगरी बसें । त्यस्तोगरी बस्दा मेरो चित्त 'वितर्कसहगत-संज्ञा' मननगरी बस्दथ्यो । त्यो मेरा-लागि बाधापूर्ण थियो । सुखमा दुःख उत्पन्नहुँदा हुने बाधाजस्तै बाधापूर्ण थियो ।

३—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म प्रीतिलाई पनि त्यागी, उपेक्षितभई, स्मृतिवान्, ज्ञानवान्भई, शरीरले सुख अनुभवगरी नबसौं ! —जसलाई ज्ञानीहरू— 'उपेक्षावान्, स्मृतिवान्, सुखपूर्वक बस्ने' भनी भन्दछन् ।' तर आनन्द ! नैष्प्रीतिकमा 'शान्तिछ' भनी जानेर पनि नैष्प्रीतिकमा मेरो चित्त जाँदैनथ्यो,…।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि नैष्प्रीतिकमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'प्रीतिको अवगुण (आदिनव), देख्नसकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; नैष्प्रीतिक (समाधि) को अभ्यास नगरेकोले त्यसको आनिसंस (गुण, प्रभाव) पनि प्राप्तगर्न सकिन । त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि नैष्प्रीतिकमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि मैले प्रीतिको अवगुण (आदिनव) जानी त्यसलाई बहुल हेर्ने गरेको भए, नैष्प्रीतिकको आनिसंस (गुण, प्रभाव) हेरी त्यसलाई सेवनगरेको भए, नैष्प्रीतिकमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जाने-थियो,...।'

"आनन्द ! त्यसपछि मैले प्रीतिको आदिनव (अवगुण) हेरी त्यसमा बहुलतर चित्त लगाएँ, नैष्प्रीतिक (समाधि) को गुण हेरी त्यसलाई सेवनगरें । अनि नैष्प्रीतिक (समाधि) मा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,...। त्यसपछि प्रीतिलाई पनि त्यागेर, उपेक्षितभई, स्मृतिवान्‌भई, ज्ञानवान्‌भई शरीरले सुखानुभव प्राप्तगरी बसें—जसलाई ज्ञानीहरू—'उपेक्षावान्, स्मृतिवान्, ज्ञानवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । त्यस्तोगरी बस्दा मेरो चित्त 'प्रीतिसहगत-संज्ञा' मननगरी बस्दथ्यो । त्यो मेरोलागि बाधापूर्ण थियो । सुखमा दुःख उत्पन्नहुँदा हुने बाधाजैं बाधापूर्ण थियो ।

४—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सौमनस्य दौर्मनस्यलाई पहिलेनै अन्तगरी, सुख दुःखलाई त्यागी; दुःख र सुख नभएको स्मृति परिशुद्धभई उपेक्षायुक्त चतुर्थ-ध्यान प्राप्तगरी नबसौं !' तर आनन्द ! अदुःखमसुखमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो,...।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, अदुःखमसुखमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,...?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'उपेक्षासुखको अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; अदुःखमसुखको अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन। त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि अदुःखम-सुखमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि मैले उपेक्षा-सुखको अवगुण जानी त्यसलाई बहुल हेर्ने गरेको भए, अदुःखमसुखको गुण हेरी त्यसलाई सेवनगरेको भए, अदुःखमसुखमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,…।'

"आनन्द ! त्यसपछि मैले उपेक्षासुखको अवगुण हेरी त्यसमा बहुलतर चित्तलगाएँ, अदुःखमसुखको गुण हेरी त्यसलाई सेवनगरें। अनि मेरो चित्त, अदुःखमसुखमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,…। त्यसपछि सौमनस्य दौर्मनस्यलाई पहिलेनै अन्तगरी, सुख-दुःखलाई त्यागी, दुःख र सुख नभएको— स्मृति परिशुद्धभई उपेक्षित भएको चतुर्थ-ध्यान प्राप्तगरी बसें। त्यस्तोगरी बस्दा, मेरो चित्त 'उपेक्षासहगत संज्ञा' मननगरी बस्दथ्यो। त्यो मेरोलागि बाधापूर्ण थियो। सुखमा दुःख उत्पन्नहुँदा हुने बाधाझैं बाधापूर्णथियो।

५—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सबै रूपसंज्ञालाई अतिक्रमगरी, प्रतिघ-संज्ञालाई अन्तगरी, नानात्व-संज्ञालाई मनन नगरी—'अनन्त आकाश' भनी

आकाशानन्त्यायतन (समापत्ति) प्राप्तगरी नबसौं !' तर आनन्द ! आकाशानन्त्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो,...।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, आकाशानन्त्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,...?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'रूप (रूपीय ध्यान) को अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; आकाशानन्त्यायतनको अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन । त्यसैले यस्मा 'शान्तिछ' भनी जानेर पनि आकाशानन्त्यायतनमा मेरो चित्त नगएको,...।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि मैले रूप (रूपीय ध्यान) को अवगुण जानी त्यसलाई बहुल हेर्ने गरेको भए, आकाशानन्त्यायतनको गुण हेरी त्यसलाई सेवन-गरेको भए, आकाशानन्त्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,...।'

"आनन्द ! त्यसपछि मैले रूप (रूपीय ध्यान) को अवगुण हेरी त्यसमा बहुलतर चित्त लगाएँ, आकाशानन्त्यायतनको गुण हेरी त्यसलाई सेवनगरें । अनि आकाशानन्त्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,...। त्यसपछि सर्वतो रूपसंज्ञालाई समतिक्रमगरी, प्रतिघ-संज्ञालाई अन्तगरी, नानत्व-संज्ञालाई पनि मनन नगरी, 'अनन्त

आकाश' भनी आकाशानन्त्यायतन (समापत्ति) प्राप्तगरी बसें। त्यस्तोगरी बस्दा, मेरो चित्त 'रूपसहगत-सञ्ज्ञा' मनन गरी बस्दथ्यो। त्यो मेरोलागि बाधापूर्ण थियो। सुखमा दुःख उत्पन्न हुँदा हुने बाधाझैं बाधापूर्ण थियो।

६—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रमगरी, 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतन (समापत्ति) प्राप्तगरी नबसौं !' तर आनन्द ! विज्ञानन्त्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो,…!'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, विज्ञानन्त्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'आकाशानन्त्यायतनको अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; विज्ञानन्त्यायतन (समापत्ति) को अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन। त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि विज्ञानन्त्यायतनमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

"यदि मैले आकाशानन्त्यायतनको अवगुण जानी त्यसलाई बहुल हेर्ने गरेको भए, विज्ञानन्त्यायतनको गुण हेरी त्यसलाई सेवनगरेको भए, विज्ञानन्त्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,…।'

"आनन्द ! त्यसपछि मैले आकाशानन्त्यायतनको अवगुण हेरी त्यसमा बहुलतर चित्तलगाएँ, विज्ञानन्त्यायतनको गुण हेरी त्यसलाई सेवनगरें। अनि विज्ञानन्त्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,…। त्यसपछि सर्वतो आकाशानन्त्यायतनलाई समतिक्रमगरी, 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतन (समापत्ति) प्राप्तगरी बसें। त्यस्तोगरी बस्दा, मेरो चित्त 'आकाशानन्त्यायतनसहगत-संज्ञा' मननगरी बस्दथ्यो। त्यो मेरोलागि बाधापूर्ण थियो। सुखमा दुःख उत्पन्न हुँदा हुने बाधाझैं बाधापूर्ण थियो।

७—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रमगरी, 'केही छैन' भनी आकिञ्चन्यायतन (समापत्ति) प्राप्तगरी नबसौं !' तर आनन्द ! आकिञ्चन्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो,…।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, आकिञ्चन्यायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'विज्ञानन्त्यायतनको अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; आकिञ्चन्यायतन (समापत्ति) को अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन। त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि आकिञ्चन्यायतनमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि विज्ञानन्त्यायतनको अवगुण जानी त्यसलाई बहुल हेर्न गरेको भए, आकिञ्चन्यायतनको गुण हेरी त्यसलाई सेवनगरेको भए, आकिञ्चन्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,…।'

"आनन्द ! त्यसपछि मैले विज्ञानन्त्यायतनको अवगुण हेरी त्यसमा बहुलतर चित्त लगाएँ, आकिञ्चन्यायतनको गुण हेरी त्यसलाई सेवन गरें । अनि आकिञ्चन्यायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,…। त्यसपछि सर्वतो विज्ञानन्त्यायतनलाई समतिक्रमगरी 'केही छैन' भनी आकिञ्चन्यायतन (समापत्ति) प्राप्तगरी बसें । त्यस्तो-गरी बस्दा, मेरो चित्त 'विज्ञानन्त्यायतनसहगत-संज्ञा' मननगरी बस्दथ्यो । त्यो मेरोलागि बाधापूर्ण थियो । सुखमा दुःख उत्पन्न हुँदा हुने बाधाझैं बाधापूर्ण थियो ।

८—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रमगरी, नैवसंज्ञाना-संज्ञायतन (समापत्ति) प्राप्तगरी नबसौं !' तर आनन्द ! नैवसंज्ञाना-संज्ञायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो, …।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, नैवसंज्ञानासंज्ञायतनमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'आकिञ्चन्यायतनको अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; नैवसंज्ञानासंज्ञायतन (समापत्ति) को अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन । त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि नैवसंज्ञानासंज्ञायतनमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो : —

'यदि आकिञ्चन्यायतनको अवगुण जानी त्यसलाई बहुल हेर्ने गरेको भए, नैवसंज्ञानासंज्ञायतनको गुण हेरी त्यसलाई सेवनगरेको भए, नैवसंज्ञानासंज्ञायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो, …।'

"आनन्द ! त्यसपछि मैले आकिञ्चन्यायतनको अवगुण हेरी त्यसमा बहुलतर चित्त लगाएँ, नैवसंज्ञानासंज्ञायतनको गुण हेरी त्यसलाई सेवनगरें । अनि नैवसंज्ञानासंज्ञायतनमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जान थाल्यो,…। त्यसपछि सर्वतो आकिञ्चन्यायतनलाई समतिक्रम गरी नैवसंज्ञानासंज्ञायतन (समापत्ति) प्राप्तगरी बसें । त्यस्तोगरी बस्दा, मेरो चित्त 'आकिञ्चन्यायतनसहगत-संज्ञा' मननगरी बस्दथ्यो । त्यो मेरोलागि बाधापूर्ण थियो । सुखमा दुःख उत्पन्न हुँदा हुने बाधाझैं बाधापूर्ण थियो ।

९—"आनन्द ! त्यसपछि मलाई यस्तो लाग्यो :—

'किन म सर्वतो नैवसंज्ञानासंज्ञायतनलाई अतिक्रमगरी संज्ञा-वेदयित निरोध (संज्ञालाई विदित गर्नेको निरोध) प्राप्तगरी नबसौं !'

तर आनन्द ! संज्ञावेदयित निरोधमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त जाँदैनथ्यो,…।'

"अनि मलाई यस्तो लाग्यो :—

'के हेतु, के प्रत्यय रहेछ जो कि, संज्ञावेदयित निरोधमा 'शान्तिछ' भनी जानेर पनि त्यसमा मेरो चित्त नगएको,…?'

"त्यसपछि, आनन्द ! मलाई यस्तो लाग्यो :—

'नैवसंज्ञानासंज्ञायतनको अवगुण देख्न सकिन, त्यस्तो देख्नेतिर बहुल हुन सकिन; संज्ञावेदयित निरोधको अभ्यास नगरेकोले त्यसको आनिसंस पनि प्राप्तगर्न सकिन। त्यसैले यसमा 'शान्तिछ' भनी जानेर पनि संज्ञावेदयितनिरोधमा मेरो चित्त नगएको,…।'

"पुनः मलाई यस्तो लाग्यो :—

'यदि नैवसंज्ञानासंज्ञायतनको अवगुण जानी त्यसलाई बहुल हेर्ने गरेको भए, संज्ञावेदयितनिरोधको गुण हेरी त्यसलाई सेवनगरेको भए, संज्ञावेदयित निरोधमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानेथियो,…।'

"आनन्द ! त्यसपछि मैले नैवसंज्ञानासंज्ञायतनको अवगुण हेरी त्यसमा बहुलतर चित्त लगाएँ, संज्ञावेदयित निरोधको गुण हेरी त्यसलाई सेवनगरें। अनि संज्ञावेदयित निरोधमा 'शान्तिछ' भनी त्यसमा मेरो चित्त जानथाल्यो,…। त्यसपछि सर्वतो नैवसंज्ञानासंज्ञायतनलाई समतिक्रमगरी संज्ञावेदयित निरोध (समापत्ति) प्राप्तगरी बसें। प्रज्ञाद्वारा हेरेर मेरो आस्रवहरू पनि परिक्षीण भएर गयो।

"आनन्द ! जबसम्म यी (उपरोक्त) नौ अनुपूर्व विहारी समापत्ति हरूलाई अनुलोभ प्रतिलोम गरी समाधिष्ठ भएर उठन सकेको थिइन, तबसम्म मैले – देव, मार, ब्रह्मलोकमा; श्रमण-ब्राह्मण, प्रजा र देवसहित मनुष्यहरूलाई, – 'अनुत्तर सम्यक् सम्बुद्धत्व अभिसम्बोध गरिसकें' भनी ज्ञापनगरेको थिइन । आनन्द ! जब यी नौ अनुपूर्वविहारी समापत्तिहरू यसप्रकार अनुलोभ प्रतिलोमगरी समाधिष्ठ भएर उठन पनि जाने, तबमात्र मैले—देव, मार···र देवसहित मनुष्यहरूलाई—'अनुत्तर सम्यक् सम्बुद्धत्व अभिसम्बोध गरिसकें' भनी ज्ञापनगरें । यस्तो ज्ञानदर्शन पनि मलाई उत्पन्न भयो—'मेरो चित्त विमुक्तछ' अकोप्य (अपरिवर्त्य) छ, यहीनै (मेरो) अन्तिम जन्महो, अब उप्रान्त पुनर्भव पनि छैन' ।"

× × ×

३–भल्लुक प्रव्रज्या

[एकदिन भगवान् बुद्ध बुद्धगयाबाट वाराणशीस्थित ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई धर्मचक्र सूत्र उपदेश गरिसके पछि क्रमशः राजगृह नगरमा गई त्यहाँ बस्नु भएको थियो ।

त्यस बखतमा त्यहाँ तपुस्स र भल्लुक गृहपतिहरू भगवान्कहाँ आएकाथिए र भगवान्को उपदेश सुनिसकेपछि जेठो भाइ तपुस्स गृहपति स्रोतापन्न भए र कान्छोभाइ भल्लुक गृहपति भिक्षुसङ्घमा प्रव्रजितभई षडभिज्ञ लाभी अरहत् भए । एकदिन मार देवपुत्रले आयुष्मान् भल्लुक-

लाई डराउन खोजेको थियो जुन बखत आयुष्मान् भल्लुकले आफुमा कुनै पनि भय नभएको कुरा भन्नु हुँदै मूल पालि थेरगाथामा उल्लेख भएको गाथा भन्नु भयो[१] ।]

मूलपालि :—

"यो पानुदी मच्चुराजस्स सेनं,
नलसेतुं व सुदुब्बलं महोघो ।
विजितावी अपेत भेरवोहि,
दन्तो सो परिनिब्बुतो ठितत्तो ति[२] ॥"

अर्थ :—

"हे मारदेव ! मृत्युराजको सेनालाई मैले मर्दनगरिसकेकोछु, कमजोर पुल ठूलो बाढीमा जसरी अड्न सक्तैन त्यसरीनै तिम्रो मारसेना[३]लाई विजयगरी, भयबाट पनि मुक्तभई सकेकोछु र शान्त-दान्तभई परिनिर्वाणमा प्रतिष्ठित भएकोछु ।"

× × ×

१. थे. गा. अ. क. पृ. ४८

२. थे. गा. पृ. २३५ : भल्लियथेरगाथा ।

३. यी आठ कारणलाई मार-सेना भनिन्छन् :—

(१) काम, (२) रति, (३) क्षुधापिपासा, (४) तृष्णा, (५) शारीरिक तथा मानसिक आलस्यपन, (६) भय-त्रास, (७) शंका सन्देह र (८) मान-मक्ष · सुत्त. नि. पधानसुत्तं ।

मूल सूत्र :–

४–छ गुणमा प्रतिष्ठित

श्रावस्तीमा ।

"हे भिक्षुहरू ! तपुस्स गृहपति तथागतमा निष्ठाराखी अमृतदर्शी तथा अमृत साक्षात्कारगरी छ गुण-धर्महरूमा प्रतिष्ठित छन्[१] । कुन छ भने ?—

'(१) बुद्धप्रति अटल श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) सङ्घप्रति अटल श्रद्धा, (४) आर्य-शील, (५) आर्य-प्रज्ञा तथा (६) आर्य-विमुक्ति ।'

"यीनै छ गुण-धर्ममा प्रतिष्ठितभई तपुस्स गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी तथा अमृत साक्षात्कारगरी बसेकाछन् ।"

× × ×

५–अग्रस्थान घोषणा

[एक समय श्रावस्तीस्थित जेतवन विहारमा भेला भएका भिक्षुहरू तथा उपासकहरूको अगाडि विभिन्न उपासकहरूको विशेषताबारे चर्चा हुँदा बुद्धको शरणजाने-उपासकहरूमध्ये सबभन्दा पहिले शरणजाने तपुस्स र भल्लुक उपासकहरू हुन् भन्नु हुँदै भगवान्‌ले निम्न कुरा भन्नु भयो ।]

---

१. अं. नि.–६. पृ. १४८ : तपुस्ससुत्तं ।

मूल सूत्र :–

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं पठमं सरणं गच्छन्तानं यदिदं तपुस्स भल्लिका वाणिजा'ति[१] ॥

अर्थ :—

"हे भिक्षुहरू ! मेरा श्रावक उपासकहरूमध्ये प्रथम शरण जानेहरूमा तपुस्स र भल्लुक दुइ व्यापारी अग्रगण्य हुन् ।"

—☆—

१. अं. नि–१. पृ. २६ : एतदग्गवग्गो ।

२. अनाथपिण्डिक गृहपति

परिचय

बुद्धधर्ममा अनाथपिण्डिक गृहपतिको ठूलो स्थानछ । यिनले बुद्धधर्मको लागि जे जति परित्यागगरे त्यो अवर्णनीयछ । सारा त्रिपिटक ग्रन्थहरूमा— जुनसुकै सूत्रमा पनि— यिनले बनाएको जेतवन विहारकै नाउँ धेरैजसो आउँछ ।

२० एकड जति भूमिभागमा विभिन्नप्रकारका घरहरु निर्माणका लागि र निर्माणकार्य सिद्धिएपछि तीन महीनासम्म महोत्सब कार्यका लागि समेत गरी जम्मा ५४ करोड धन खर्च गरे । अतः बौद्ध-साहित्यमा अनाथपिण्डिक गृहपतिको नाउँ अति सुविख्यातछ र अनाथपिण्डिक गृहपति सबै दाताहरूमध्येमा अग्रगण्य छन् ।

यिनी श्रावस्ती नगरका एक ठूलो धनी व्यापारी कुलमा जन्मेका थिए । यिनका बाबुको नाउँ सुमन सेठ[१] थियो । यिनको विवाह राजगृह नगरवासी त्यस्तै ठूलो धनाढ्य व्यापारी 'राजगृह सेठ' को बहिनी पुण्यलक्षणा भन्ने कुमारीसँग र 'राजगृह सेठ' को विवाह अनाथपिण्डिक महाजनकी बहिनीसँग भएको थियो[२] ।

---

१. अं. नि. अ. क. पृ. २०८ ।

२. सं. नि. अ. पृ. २४० ।

अनाथपिण्डिक महाजनका 'काल' भन्ने एक छोरा,[१] 'महासुभद्रा',[२] 'चूलसुभद्रा'[३] र 'सुमना'[४] भन्ने तीन छोरीहरू थिए। विशाखा उपासिकाकी कान्छी बहिनी अर्थात् धनञ्जानी सेठकी कान्छी छोरी 'सुजाता' भन्ने कुमारीसँग आफ्नो छोरा काललाई विवाह गरिदिएका थिए। यी (बुहारी) नोकरहरूप्रति कर्कश व्यवहार गर्दथिन् र एकदिन भगवान्‌ले यिनलाई उपदेश पनि दिनु भएको थियो[५]। महासुभद्रा र चूलसुभद्रा यथासमयमै विवाहितभई परकुल गइन्। यिनीहरू दुवैले स्रोतापन्न-फल प्राप्त गरेका थिए। सुमना कुमारीले सकृदागामी फल प्राप्तगरेकी थिइन् र कुमारी अवस्थामानै परलोक भइन्। अनाथपिण्डिकका पुत्र कालले पनि स्रोतापन्नकै फल प्राप्तगरेका थिए।

अनाथपिण्डिक महाजनका एक 'पूर्णा' भन्ने दासी थिई। एकदिन भगवान् जेतवन विहारबाट चारिकागर्न निस्कन लाग्नुहुँदा अनाथपिण्डिक महाजनले भगवान्‌लाई रोक्न नसकी अँध्यारो मुख पारी बसेको देखेर पूर्णा दासीले पञ्चशील पालनगर्ने कबुलगरी भगवान्‌लाई रोक्नमा सफल भएकी थिई। यो घटनालाई ध्यानमा राखी अनाथपिण्डिक महाजनले आफ्नो दासी पूर्णालाई दासत्वबाट मुक्तगरी पुत्रीस्थानमा राखेकाथिए[६]।

---

१. धम्म. अ. पृ. ४२८। २. धम्म. अ. पृ. ७६।

३. धम्म. अ. पृ. ५५०। ४. धम्म. अ. पृ. ७६।

५. अं. नि–७. पृ. २२३ : भरियासुत्तं।

६. अं. नि. अ. क. पृ. ७१६।

अनाथपिण्डिक महाजनको बालकपन देखिको कालकणि भन्ने एक साथी थियो । पछि उ गरीब भएर आफुकहाँ आउँदा उसलाई अनाथपिण्डिक साहुले आफ्नै घरमा राखी सबैप्रकारका सुखभोग दिएका थिए[१] ।

राजगृह-सेठ र अनाथपिण्डिक महाजनको खूब राम्रो सम्बन्ध थियो । यिनीहरू अन्योन्य व्यापारको निमित्त एक अर्काको देशमा आइपुग्दा एक योजनसम्म टाढा गई बाटोहेर्न जान्थे ।

एकदिन अनाथपिण्डिक महाजन ५०० गाडामा मालसामान लिई राजगृह नगरतिर गए । राजगृह सेठलाई आफु आइरहेको खबर सधैंझैं पठाए । किन्तु उनी पहिलेको जस्तो बाटोहेर्न आएनन्[२] । घरमा पुग्दा क्षेमकुशल कुरा वाहेक अरू कुरा पनि गरेनन् । बडो व्यस्तभई नोकरचाकरहरूलाई काम अह्राउँदै थिए । पछि बुद्धलाई निम्तो गरेको कुरा थाहापाई अनाथपिण्डिक महाजनले पनि निम्तो गरे । जुन कुरा तलको सूत्रबाटै स्पष्ट हुनेछ ।

अनाथपिण्डिक महाजनले बुद्धको प्रथमबार दर्शन भेट राजगृह नगरमा गरेका थिए र बुद्धलाई श्रावस्ती नगरमा पाल्नुहुन निम्तो पनि दिएका थिए । साथै बुद्धका प्रथम उपदेश सुनी उनले स्रोतापन्न-फल पनि प्राप्तगरेका थिए । राजगृहबाट फर्केर जाँदा ४५ योजन हिंडनुपर्ने

---

१. जा. भा. १. पृ. २६८ : कालकण्णिजातक ।

२. सं. नि. अ. क. पृ. २४० ।

बाटामा, एक एक योजनमा[१] त्यहाँका मानिसहरूलाई भनी आफुले पनि खर्च दिई विहार बनाउन लगाएका थिए[२]। अनाथपिण्डिक महाजनका कुरालाई त्यस ठाउँका जनताले खूब मान्दथे र उनको कुरालाई ठूलो सम्मानकासाथ सुन्दथे।

माथि उल्लेख भएकैं अनाथपिण्डिक महाजनले ५४ करोड धन खर्चगरी जेतवन विहार—भगवान्को उपदेश मुताबिक—भिक्षुसङ्घप्रति अर्पित गरेर आफ्नो घरमा पनि दिनका दिन शयकडौं भिक्षुहरूका लागि आसन, भोजन, गिलानप्रत्यय भैषज्य परिष्कार तयारगरिराखेका हुन्थे। उनको घरमा कहीले पनि भिक्षुहरू खालि हुन्नथे[३]। उनी दिनको तीन पटकसम्म पनि विहारमागई बुद्धप्रमुख भिक्षुहरूको उपस्थान गर्थे[४]। विहारमा जाँदा कहीले पनि खालिहात जान्नथे। खानेकुरा वा पूजाका सामग्री नभएको बेलामा बालुवा भएपनि आँगनमा छर्न लैजान्थे[५]।

२४ वर्षसम्मको सतसंगतकालमा[४] अनाथपिण्डिक गृहपतिले कहीले पनि भगवान्सँग कुनै प्रश्न गरेको कतैबाट पनि ज्ञात हुँदैन। हो, एकचोटि मात्र उनले भगवान्सँग दान-पात्रबारे प्रश्न सोधेको कुरा तलको 'कति दान-पात्र छन् ?' भन्ने सूत्रले पुष्ट्याइ गर्दछ। अन्य

---

१. १ योजनको ४ कोस।

२. सं. नि. अ. क. I पृ. २४३।

३. अं. नि. अ. क. पृ. २०८।

४. म. नि अ. क–IV पृ. २०५।

५. म. नि. अ. क–IV पृ. २०४।

भिक्षुहरूसँग सोधेता पनि दानसम्बन्धी कुरा मात्र सोध्दथे र भिक्षुहरूले पनि उनलाई धेरैजसो दानकै विषयमा कुरा सुनाउँदथे[१] ।

अनाथपिण्डिकको जीवन अध्ययनगर्दा यो स्पष्ट हुन्छ कि उनी कुनै पनि कारणले भगवान्‌लाई तकलिफ दिन चाहन्नथे । यतिसम्म भगवान्‌प्रति उनको श्रद्धा, भक्ति तथा स्नेह देखिन्छ कि यदि उनले भगवान्‌सँग केही प्रश्न सोधेको खण्डमा, उनलाई उत्तरदिंदा भगवान्‌लाई तकलिफ हुनेछ । यस्तो विचारगरी कहील्यै कुनै कारणबाट पनि भगवान्‌लाई तकलिफ दिन चाहन्नथे । इत्यादि कारणले गर्दा जहिले पनि भगवान् स्वयंलेनै उनलाई केहीन केही उपदेश सुनाउनु हुन्थ्यो । भगवान्‌लाई तकलिफ दिन चाहन्नथे भन्ने कुराको पुष्ट्याईं अनाथपिण्डिक बिरामी हुँदा भगवान्‌लाई बोलाउन नपठाई अरू भिक्षुहरूलाई बोलाउन पठाएबाट पनि प्रष्ट हुन्छ भन्ने कुरा तल लेखिएका सूत्रहरूले संकेत गरेकाछन् ।

× × ×

अनाथपिण्डिक महाजन ब्यापारगर्नमा मात्र दक्ष थिएनन् बल्कि उनी धर्म-छलफल र धर्म बुझ्नमा पनि दक्ष थिए । एकदिन उनले अन्य-तैर्थीय परिव्राजकहरूसँग गरेको तर्क-वितर्कबाट उनको धर्मज्ञान तथा तर्क-दक्षताबारे तल लेखिएको 'परिव्राजकाराममा' भन्ने सूत्रबाट स्पष्ट हुनेछ ।

अनाथपिण्डिकलाई 'अनाथपिण्डिक' भन्ने व्यवहारिक नामबाटै उनको चरित्र झल्किन्छ । उनी अनाथ, गरीबकुरुवाहरूलाई भात (पिण्ड)

---

१. म. नि. अ. क–IV पृ. २०६ ।

खूब दिन्थे । त्यसैले अनाथहरूलाई भात (पिण्ड) दिने साहु भन्ने अर्थले 'अनाथपिण्डिक' भन्ने नामले सुप्रसिद्ध भएका हुन् । उनको खास नाम चाहिं 'सुदत्त' हो । उनी राजगृहको शीतलबनमा पहिलोबार बुद्धकहाँ जाँदा—"यदि 'बुद्ध' 'बुद्धहुन्' भने मलाई मेरो व्यवहारिक नामले नपुकारी आमाबाबुले दिएको 'सुदत्त' नामले पुकार्नेछन्" भनी मनमा चिताए बमोजिम भगवान् बुद्धले उनलाई—'हे सुदत्त ! यताआऊ !' भनी भन्नुभएबाट अनाथपिण्डिक गृहपतिको मनमा ठूलो प्रीति उत्पन्न भएको थियो । यो कुरा तलको सूत्रबाट थाहा हुनेछ । उनी दिने कार्यमा सधैं अघिबढेको र दिनेकार्यमा कहीले पनि पछि नहटेको देखिन्छ । जस्तोसुकै विपत्ति आइपरेको बेलामा पनि दिनेकार्यबाट विमुख भएका देखिन्नन् । यस कुराको पुष्ट्याईं तल लेखिएको 'दान भन्दा ध्यान महत्फल छ' भन्ने सूत्रबाट स्पष्ट हुन्छ । अरू भिन्न भिन्न समयमा भिन्न भिन्न प्रकारले बुद्ध भगवान्ले दिनुभएका उपदेशहरूका संकलनहरू तल लेखिएका सूत्रहरूबाट अवबोध हुनेछ । अनाथपिण्डिक महाजनको देहावशान भगवान् तथा आयुष्मान् सारिपुत्र महास्थविरहरू परिनिर्वाण हुन अगाडिनै भएका हो ।

× × ×

मूल पालि :—

१–भगवान्सँग पहिलो भेट

त्यस बखत अनाथपिण्डिक गृहपति राजगृहवासी सेठको

बहिनीको पति भएका थिए[१] । अनि अनाथपिण्डिक गृहपति केही कामले राजगृह गए ।

त्यस बखत राजगृहवासी सेठले भगवान् सहित भिक्षुसङ्घलाई भोलिको लागि निम्तो गरेका थिए । त्यसैले उनले आफ्ना दाश, कर्मचारीहरुलाई भने कि—"हे भणे ! हैत, समयमै उठी यागु, भात र सूप तथा तरकारीहरू पनि तयार गर !"

त्यहाँ अनाथपिण्डिक गृहपतिको मनमा यस्तो लाग्यो—"अघि अघि म यहाँ आइपुग्दा यी गृहपति (जेठान) सबै काम छाडी पहिले मसँग सम्मोदनीय कुराकानी गर्थे । किन्तु अहिले भने यी खुब व्यस्त भई दाश, कर्मचारीहरूलाई—"हैत, समयमै उठी यागु, भात, सूप तथा तरकारीहरू पनि तयार गर !" भनी भन्दैछन्, "यी गृहपतिको भोलि के रहेछ ? आवाह छ कि, विवाहछ[२] कि, महायज्ञछ कि अथवा भोलिको निम्ति यिनले मगध राजा सेनीय बिम्बिसार सहित सेनालाई निम्तो गरेकाछन् कि !" भन्ने विचारगरे ।

अनि राजगृहवासी सेठ दाश, कर्मचारीहरूलाई अऱ्हाउनु पर्ने काम आऱ्हाइसके पछि अनाथपिण्डिक गृहपतिकहाँ गई सम्मोदनीय कुरा

---

१. चुल्ल.व.पृ. २४९: अनाथपिण्डककथा र सं. नि. I पृ. २१२: सुदत्तसुत्तं ।

२. कन्या ल्याउनेलाई 'आवाह' र कन्या दिनेलाई 'विवाह' भनिन्छ ।

कानी गरी एक छेउमा बसे। त्यस पछि राजगृहवासी सेठसँग अनाथपिण्डिक गृहपतिले सोधेः—"भो गृहपति ! अघि अघि म यहाँ आइपुग्दा तपाइ सबै काम छाडी पहिले मसँग कुरा गर्नु हुन्थ्यो, किन्तु अहिले (आज) तपाइ खूब व्यस्त भई दाश कर्मचारीहरूलाई 'हैत, समयमै उठी यागु आदि पकाऊ !' भनी भन्दै हुनुहुन्छ। के भोलि तपाइकहाँ आवाह-विवाह छ कि, महायज्ञ छ कि अथवा मगध राजा सेनीय विम्बिसार सहित सेनालाई निम्तो गर्नु भएको छ कि, क्याहो ?"

"भो गृहपति ! (जुवाई) मकहाँ न त आवाह-विवाह नै छ, न त मगध राजा सेनीय बिम्बिसार सहित सेनालाई नै निम्त्याएको छु, किन्तु महायज्ञ-कार्य सम्पन्न गर्नु पर्ने छ–त्यो हो–भोलिको निम्ति मैले बुद्ध प्रमुख भिक्षुसङ्घलाई निम्त्याएको छु।"

"भो गृहपति ! के तपाइ 'बुद्ध' भन्नु हुन्छ ?"

"हो, म 'बुद्ध' भन्दछु।"

"भो गृहपति ! के तपाइ 'बुद्ध' भन्नु हुन्छ ?"

"हो, म 'बुद्ध' भन्दछु।"

"भो गृहपति ! के तपाइ साँच्चैनै 'बुद्ध' भन्नु हुन्छ ?"

"हो, म साँच्चैनै 'बुद्ध' भन्दछु।'

यति कुरा सुनेर अनाथपिण्डिक गृहपति यसो भन्दछन् :—

"भो गृहपति ! 'बुद्ध, बुद्ध' भन्ने शब्दसम्म पनि यो लोकमा सुन्न दुर्लभ छ। के अहिले भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्न सकिएला ?"

"भो गृहपति ! अहिले वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्ने समय छैन, अबेर भइसक्यो । भोलि तपाइ समयमै वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्न जानुहोस् !"

अनि अनाथपिण्डिक गृहपति "भोलि चाँडैनै भगवान् अरहत् सम्यक् सम्बुद्धको दर्शन गर्न जानेछु" भनी बुद्धको अनुस्मरण गर्दै सुते । "प्रभात भयो" भन्दै रातको तीनपटकसम्म उठे । त्यस पछि अनाथपिण्डिक गृहपति जहाँ (राजगृहको) शिव-द्वार (नगर द्वार) थियो त्यहाँ गए । अमनुष्य (देव आदि) ले द्वार खोलिदिए । नगरद्वारको बाहिर पुग्नासाथ आलोक (उज्यालोपन) लोप भई अन्धकार भयो । त्यस बखतमा अनाथपिण्डिक गृहपतिको मन लोमहर्षित (जिरिङ्ग) भयो । त्यहींबाटै फर्कने विचार गरे । त्यस बखत शिवक यक्षले अन्तरध्वनी गरी यस्तो सुनाए :—

१—"सतं हत्थी सतं अस्सा सतं अस्सतरी रथा ।
सतं कञ्ञासहस्सानि आमुक्कमणिकुण्डला ।
एकस्स पद वीतिहारस्स कलं नाग्घति सोलसिं ॥

२—"अभिक्कम गहपति, अभिक्कम गहपति ।
अभिक्कन्तं ते सेय्यो नो पटिक्कन्तं'ति ॥"

अर्थ :—

१-२—"शय हाती, शय घोडा, शय खच्चरनीको रथ र मणिकुण्डल लगाएका शत सहश्र कन्याहरू, (तिम्रो) एक पाइलाको सोह्र

भागमध्ये एक भाग पनि मूल्य छैन। त्यसैले, गृहपति ! (तिमी) अगाडिनै बढेर जाऊ ! अगाडिनै बढेर जाऊ !!"

यस पछि अन्धकार लोपभई आलोक प्रादुर्भाव भयो। अनि डरले जिरीङ्गीएका अनाथपिण्डिक गृहपतिको मनबाट डर हट्यो।

दोश्रो पटक पनि आलोक अन्तरधान भयो अन्धकार उत्पन्न भयो र अनाथपिण्डिक गृहपति जिरिङ्गीई डराउन थाले। दोश्रो पटक पनि शिवक यक्षले अघिकै जस्तै कुराको आवाज सुनाए। यस पछि अन्धकार लोप भयो, आलोक प्रादुर्भाव भयो। डरले जिरीङ्गीएका अनाथपिण्डिक गृहपतिको मनमा जुन डर थियो सो पनि दूर भयो।

तेश्रो पटक पनि आलोक अन्तरधान भयो, अन्धकार उत्पन्न भयो र अनाथपिण्डिक गृहपति जिरिङ्ग भई डराउन थाले। तेश्रो पटक पनि शिवक-यक्षले अघि भनेको जस्तै कुराको आवाज सुनाए। यस पछि पुनः अन्धकार लोप भयो, आलोक प्रादुर्भाव भयो। अनि डरले जिरीङ्गीएका अनाथपिण्डिक गृहपतिको मनबाट डर हटेर नै गयो। त्यस पछि अनाथपिण्डिक गृहपति जहाँ शीत-बन थियो त्यहाँ गए।

त्यस बखतमा भगवान् रातको प्रत्यूष समयमा उठी, खुला ठाउँमा चंक्रमण (टहलनु) गरी रहनु भएको थियो। अनाथपिण्डिक गृहपति आइरहेको टाढैबाट देखी, भगवान् बुद्ध चंक्रमण-स्थलबाट ओर्ल्हीं बिच्छ्याइ राखेको आसनमा बस्नु भयो। त्यस पछि भगवान्ले अनाथपिण्डिक गृहपतिलाई यसो भन्नु भयो—"हे सुदत्त ! (यता) आऊ !"

अनाथपिण्डिक गृहपति, 'भगवान्ले मलाई मेरो नाम लिई बोलाउँदै हुनुहुन्छ' भन्दै बडो खुशी भई, हर्षले गद् गद् भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई, भगवान्को चरण-कमलमा शीरले ढोगी उनले भगवान्सँग "भन्ते! भगवान् सुखपूर्वक निदाउनु भयो होला ?" भनी सोधे।

भगवान्ले उत्तर दिनु भयो :—

१—"सब्बदा वे सुखंसेति ब्राह्मणो परिनिब्बुतो।
यो नलिम्पति कामेसु सीतिभूतो निरूपधि॥
२—"सब्बा आसत्तियो छेत्वा विनेय्य हदये दरं।
उपसन्तो सुखंसेति सन्ति पप्पुय्य चेतसा'ति॥"

अर्थ:—

१—"जो निर्वाण प्राप्त ब्राह्मण (पाप नभएको), जो काम वासनामा लिप्त छैन र द्वेष रहित, शीतल भई बस्दछ उ सदैव आरामपूर्वक निदाउँछ।

२—"चित्तमा परम शान्ति प्राप्तगरी जसले हृदयको दुःखलाई हटाई सबै आसक्तलाई छेदनगरी सकेको छ, उ नै उपशान्त भई आरामपूर्वक निदाउँछ[१]।"

यस पछि अनाथपिण्डिक गृहपतिलाई आनुपूर्विकथा भन्नुहुँदै

---

१. यहाँसम्मको कुरा सं. नि. I पृ. २१२: सुदत्तसुत्तमा पनि समुल्लेख भएको छ।

भगवान्ले—दान-कथा, शील-कथा, स्वर्ग-कथा, कामविषयको अवगुण, तुच्छता, संक्लिष्टता तथा नैष्क्रम्यताको आनिसंस (गुण) प्रकाश गर्नु भयो। जब अनाथपिण्डिक गृहपतिको चित्त उपयुक्तछ, मृदुछ, नीवरण रहितछ, हर्षित तथा प्रसन्नछ भनी भगवान्ले थाहा पाउनु भयो अनि वहाँले जुन स्वयं प्राप्तगर्नु भएको धर्महो त्यही धर्म प्रकाश गर्नु भयो— "यो दुःखहो, यो दुःखको समुदयहो, यो दुःखको निरोध (निर्वाण) हो र यो दुःख निरोधको मार्गहो।" जस्तै सुकिलो वस्त्रमा रङ्गले राम्ररी समात्छ त्यस्तैगरी अनाथपिण्डिक गृहपतिलाई सोही आसनमै विरज, वीतमल, धर्मचक्षु प्राप्त भयो र "जे जति समुदय धर्मका हुन् ती जम्मै निरोध धर्म हुन्" भन्ने ज्ञान पनि भयो। त्यसपछि अनाथपिण्डिक गृहपतिले—दृष्टधर्म, प्राप्तधर्म, विदितधर्म र धर्मको गहिरोपनलाई बुझि-सके पछि—निःशंकी, निश्चिन्त तथा वैशारद्य भई धर्मकोबारे कसैको सहायता नचाहिने भइसकेपछि—भगवान्सँग यसरी प्रार्थना गरे :—

"धन्य, भन्ते ! धन्य, भन्ते !! जस्तो घोप्टेकोलाई उत्तानो पारिदिँदा, अन्धकारमा तेलको बत्ती राखिदिँदा—आँखा हुनेहरूले रूप देखे झैं—तपाइ भगवान्ले अनेक प्रकारबाट धर्म प्रकाश पारिदिनु भयो। भन्ते ! अब म तपाइको शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि मलाई आजीवनसम्म शरणमा आएको उपासक हो भनी स्वीकार गर्नु-होस् ! भोलिको निम्ति भिक्षुसङ्घ सहित तपाइले मेरो निम्तो पनि स्वीकार गर्नु होस् !"

भगवान्ले तूष्णिभावद्वारा निम्तो स्वीकार गर्नु भयो।

अनाथपिण्डिक गृहपति भगवान्‌ले निम्तो स्वीकार गर्नु भएको कुरा बुझी आसनबाट उठी भगवान्‌लाई अभिवादन र प्रदक्षिणा गरी फर्केर गए ।

राजगृहवासी सेठले "अनाथपिण्डिक गृहपतिले बुद्ध प्रमुख भिक्षु-सङ्घलाई भोलिको निम्ति निम्तो गरे" भन्ने खबर सुनी अनाथपिण्डिक गृहपतिलाई यसो भने :—

"भो गृहपति ! तपाइले भोलिको निम्ति बुद्ध प्रमुख भिक्षुसङ्घ-लाई निम्त्याउनु भएकोछ । तपाइ यहाँ आगन्तुक हुनुहुन्छ । म तपाइलाई कामकाज गर्ने मानिसहरू दिनेछु जसले बुद्ध प्रमुख भिक्षुसङ्घको लागि भोजन समेत तयारगरि दिनेछन् ।"

"भो गृहपति ! भयो ठीकछ; भोजन तयारगर्नको निम्ति मसँग मानिसहरू छन्" भनी अनाथपिण्डिक गृहपतिले जवाफ दिए ।

मगध राजा सेनीय बिम्बिसारले पनि "अनाथपिण्डिक गृहप-तिले बुद्ध प्रमुख भिक्षुसङ्घलाई भोलिको निम्ति निम्तो गरे" भन्ने खबर सुनी अनाथपिण्डिक गृहपतिलाई भने :—

"हे गृहपति ! तिमीले भोलिको निम्ति भगवान् प्रमुख भिक्षु-सङ्घलाई निम्तो दिएकाछौ । तिमी यहाँ आगन्तुक ह्वौ । बुद्ध प्रमुख भिक्षुसङ्घको लागि भोजन तयार पार्नको निम्ति म तिमीलाई मानिस दिनेछु ।"

अनाथपिण्डिक :—"भो देव ! भइहाल्यो, बुद्ध प्रमुख भिक्षु-सङ्घको लागि भोजन तयारपार्ने मानिसहरू मसँगै छन् ।"

अनाथपिण्डिक गृहपतिले त्यस रात बितिसके पछि राजगृहवासी सेठको घरमा प्रणीत खाद्य भोज्य तयारपार्न लगाई भगवान्‌लाई समयको सूचना पनि दिन पठाए—"भन्ते ! समय भयो, भोजन तयारछ ।"

भगवान् पूर्वाण्ह समय चीवर पहिरी पात्र-चीवर ग्रहणगरी जहाँ राजगृहवासी सेठको घरहो त्यहाँ जानु भई भिक्षुसङ्घ सहित बिच्छ्याइ राखेको आसनमा वस्नु भयो । अनाथपिण्डिक गृहपतिले पनि बुद्ध प्रमुख भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्य आफ्नै हातले सन्तर्पित गरी भोजनद्वारा तृप्तगराए । त्यस पछि भगवान्‌ले पात्र एक छेउमा राखि-सक्नु भएपछि अनाथपिण्डिक एक छेउमा बसी भगवान्‌सँग यस्तो प्रार्थना गर्न लागे :—

"भन्ते ! भिक्षुसङ्घ सहित श्रावस्तीमा वर्षावास गर्नुहुन मेरो निम्तो स्वीकार गर्नुहोस् !"

"हे गृहपति ! तथागत शून्यागारमा अभिरमण गर्छ ।"

"भगवान् ! मैले कुरा बुझें, सुगत ! कुरा बुझें ।"

यसपछि भगवान्‌ले अनाथपिण्डिक गृहपतिलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित गराई आसनबाट उठी फर्कनु भयो ।

त्यस बखत अनाथपिण्डिक गृहपतिका कुराहरू राम्ररी सुन्ने धेरै साथी तथा मित्रहरू थिए । आफ्नो काम सकिए पछि अनाथपिण्डिक गृहपति राजगृहबाट श्रावस्ती फर्केर गए । बाटैका छेउमा घरहुने मानिसहरूलाई अनाथपिण्डिक गृहपतिले यसो भने :—

"हे आर्यहरू ! लोकमा बुद्ध उत्पन्न भइसक्नु भएको छ । मैले वहाँलाई निम्तो गरी आएको छु । वहाँ यही बाटो भएर पाल्नु हुनेछ । अत: तिमीहरूले आरामहरू बनाऊ ! विहारहरू बनाऊ ! दान-वस्तुहरू तयार गर !"

ती मानिसहरूले पनि अनाथपिण्डिक गृहपतिको कुरा सुनी आराम र विहारहरू बनाए, दान-वस्तुहरू पनि तयार गरे ।

श्रावस्ती नगरमा पुगिसकेपछि अनाथपिण्डिक गृहपतिले श्रावस्तीको चारैतिर ठाउँ हेरी विचार गरे :—"भगवान्‌लाई कता बसाउनु उचित हुनेछ ? त्यस्तो ठाउँ उचित हुनेछ जुन ठाउँ गाउँबाट धेरै टाढा पनि न होस्, न धेरै नगिच नै; यातायातको सुविधा पनि होस्, इच्छुकहरूलाई आउन सजिलो पनि होस्; दिनमा अल्प-भीड र रातमा अल्प-शब्द र अल्प-घोष होस्; मनुष्यहरूको वायुमण्डलबाट दूर होस्, रहस्यमय काम गर्ने मनुष्यहरूलाई पाएक पर्ने जस्तो निर्जन स्थानहोस् र जुन ठाउँमा बास गर्दा ध्यानगर्न समेत उपयुक्त हुनसकोस् ।"

यसै बखत अनाथपिण्डिक गृहपतिले जेत कुमारको त्यस्तै उद्यान देखे जो उपरोक्त गुणले युक्तथियो । अनि उनले जेत कुमारकहाँ गई भने :—

"भो आर्यपुत्र ! मलाई तपाइको उद्यान आराम बनाउनको निम्ति दिनुहोस् ।"

"हे गृहपति ! यो उद्यान अदेय छ, कोटी रुपैयाँ बिछ्याइ दिएता पनि दिन सक्दिन ।"

"भो आर्यपुत्र ! मैले उद्यान लिईसकें ।"

"हे गृहपति ! लिएको छैन ।"

"लियो कि लिएन" भनी व्यवहारिक–महामात्य (न्यायाधीश) सँग सोधे । महामात्यले भने :—

"भो आर्यपुत्र ! तपाइले मोल भन्नु भएको हुँदा उद्यान लिएको ठहरिन्छ ।"

अनि अनाथपिण्डिक गृहपतिले गाडामा हिरण्य ल्याई जेतवनमा कोटी हिरण्य[१] बिच्छाइ दिए । पहिलो पटक ल्याएको हिरण्य जेतवनमा बिच्छ्याउँदा एक कोठाको ठाउँ जत्रै ठाउँलाई पुगेन र अनाथपिण्डिक गृहपतिले मानिसहरूलाई—"हे भणे ! जाऊ ! हिरण्य ल्याऊ ! यो ठाउँमा बिच्छ्याइ दिनेछु ।"

त्यस बखत जेत कुमारको मनमा यस्तो लाग्यो :—

"यी गृहपतिले यत्तिका हिरण्य परित्याग गरिसके भने यो काम मामुलि होओइन होला ।"

---

१. जेतवनमा बिच्छ्याउन १८ कोटि हिरण्य (सुवर्णमय रुपैयाँ) लागेको थियो भनी अ. क. मा उल्लेख छ—पृ. ९०१

यति मनमा सोची जेत कुमारले अनाथपिण्डिक गृहपतिलाई भने :—

"हे गृहपति ! भइहाल्यो, त्यो ठाउँमा बिच्छ्याउन नलगाए पनि हुन्छ । त्यो ठाउँ मलाई देऊ, मेरो दान हुनेछ ।"

अनि अनाथपिण्डिक गृहपतिले "यी राजकुमार नामीछन्, सबैले यिनलाई चिन्दछन्; यस्ता नामी आनुभाव सम्पन्न व्यक्ति यस धर्ममा प्रसन्न हुनु राम्रो हो" भनी विचार गरी त्यो ठाउँ जेत कुमारलाई नै दिए । जेत कुमारले त्यस ठाउँमा कोठा[1] बनाइ दिए ।

अनाथपिण्डिक गृहपतिले पनि जेतवनमा विहारहरू[2], परिवेणहरू (प्राङ्गण सहित भएका घरहरू), भण्डारहरू, उपस्थान शालाहरू (सभागृह, Hall for attendance), अग्नि शालाहरू, (पानी तताउने घरहरू), कप्पियकारकहरू[3] बस्ने कुटीहरू, चर्बीहरू, चंक्रमण (टहलने) स्थानहरू, चंक्रमण-शालाहरू, पानीखाने ठाउँहरू, पानीघर-हरू, स्नान घरहरू, स्नान गृहशालाहरू, पुष्करीणीहरू र मण्डपहरू बनाउन लगाए[4] ।

× × ×

---

१. साततले प्रासाद बनाइ दिए—अ. क. पृ. ९०१

२. भिक्षुहरू बस्ने आश्रमलाई 'विहार' भन्दछन् ।

३. भिक्षुहरूको हेरचाह गर्नेहरूलाई 'कप्पियकार' भनिन्छ ।

४. समन्तपासादिका अनुसार ८ करिस प्रमाण भूमि भागमा अर्थात् २० एकड जमिनको भागमा निर्माणकार्य गरे—पृ. ९०२

मूल पालि :—

२–जेतवन विहार दान

भगवान् चारिकागर्दै क्रमशः श्रावस्ती नगरमा पुगी अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नुभएको थियो[१] ।

अनि अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । त्यसपछि अनाथपिण्डिक गृहपतिले भगवान्सँग निवेदन गरे :—

"भन्ते ! भोलि भगवान् प्रमुख भिक्षुसङ्घको निम्ति मेरो निम्तो स्वीकार गर्नु होस् !"

भगवान्ले तूष्णिभावद्वारा निम्तो स्वीकार गर्नु भयो ।

भगवान्ले निम्तो स्वीकार गर्नु भएको बुझी अनाथपिण्डिक गृहपति आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए । त्यस रात बितिसकेपछि अनाथपिण्डिक गृहपतिले प्रणीत खाद्य भोज्य तयारगरी भगवान्लाई समयको सूचना दिन पठाए— "भन्ते ! समय भयो, भोजन तयार छ ।'

त्यसपछि भगवान् पूर्वाण्ह समयमा चीवर धारण गरी, पात्र-चीवर ग्रहण गरी जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थान हो त्यहाँ जानुभई भिक्षुसङ्घ सहित बिच्छ्याइराखेको आसनमा बस्नु भयो। अनाथपिण्डिक गृहपतिले भगवान् प्रमुख भिक्षुसङ्घलाई आफ्नै हातले

---

१. चुल्ल व. पृ. २५८: जेतवनविहारानुमोदना ।

प्रणीत खाद्य भोज्य सन्तर्पित गरी, भोजनद्वारा संतृप्तगराए। भोजनोपरान्त भगवान्‌ले पात्र एक छेउमा राख्नु भएपछि अनाथपिण्डिक गृहपति एक छेउमा बसे। अनि अनाथपिण्डिक गृहपतिले भगवान्‌सँग निम्न कुरा सोधे :—

"भन्ते! जेतवन विहारबारे मैले के कस्तो व्यवहार गर्नु पर्ला?"

"त्यसो भए, हे गृहपति! जेतवन विहार चतुर्दिशाबाट आए नआएका सङ्घको निम्ति प्रतिष्ठित गरीदो।"

"हवस्" भनी अनाथपिण्डिक गृहपतिले जेतवन विहार चतुर्दिशाबाट आए नआएका सङ्घको निम्ति प्रतिष्ठित गरी दिए अर्थात् अर्पण गरे।

यसपछि भगवान्‌ले अनाथपिण्डिक गृहपतिलाई निम्न गाथाद्वारा अनुमोदन गर्नु भयो :—

१—"सीतं उण्हं पटिहन्ति ततो वाळमिगानि च।
सरिंसपे च मकसे सिसिरे चापि वुट्ठियो॥

२—"ततो वातातपे घोरा सञ्जातो पटिहञ्ञति।
लेणत्थं च सुखत्थं च झायितुं च विपस्सितुं॥

३—"विहारदानं सङ्घस्स अग्गं बुद्धेन वण्णितं।
तस्माहि पण्डितो पोसो सम्पस्सं अत्थमत्तनो॥

४—"विहारे कारये रम्मे वासयत्थ बहुस्सुते ।
तेसं अन्नं च पानं च वत्थसेनासनानि च ॥

५—"ददेय्य उजुभूतेसु विप्पसन्नेन चेतसा ।
ते तस्स धम्मं देसेन्ति सब्बदुक्खा पनूदनं ।
यं सो धम्मं इधञ्ञाय परिनिब्बाति अनासवो'ति ॥

अर्थ :—

१—"जाडो र गर्मीलाई हटाउँछ, क्रूर जानवरहरूबाट पनि बचाउँछ; सर्प, लामखुट्टे र शिशिर हावा र बर्षादबाट पनि बचाउँछ ।

२—"घोर हावा र गर्मीबाट बचाउँछ । बस्नको लागि, ध्यान गर्नको लागि र विपश्यना[१] भावना गर्नका लागि पनि सुखावह हुन्छ ।

३,४,५—"सङ्घलाई विहारदान दिनु 'अग्रदानहो' भनी बुद्धद्वारा पनि वर्णितछ । आफ्नो हितलाई ध्यानमा राख्ने पण्डित पुरुषले रमणीय विहारहरू बनाई, त्यसमा बहुश्रुतहरू राखी, उनीहरूको निम्ति अन्न, पान, वस्त्र र शयनासनको प्रबन्ध गरी, ऋजु भएका (सङ्घ) लाई प्रसन्न चित्तले दान दिउन् । उनीहरूले (सङ्घले) उनलाई (दातालाई) सबै दुःखबाट मुक्तहुने उपदेश दिन्छन् र जुन धर्मोपदेश अवबोध गरी यसै जन्ममा अनास्रव भई परिनिर्वाण हुनसक्दछ ।"

---

१. अनित्य, दुःख, अनात्म भनी ध्यान गर्नेलाई विपश्यना भावना भनिन्छ ।

यी गाथाद्वारा अनुमोदन गरी भगवान् आसनबाट उठी फर्केर जानु भयो ।

× × ×

मूल सूत्र :—

३–दान कथा

एक दिन अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे[१] । अनि उनलाई भगवान्‌ले यसो भन्नु भयो :—

"हे गृहपति ! भोजन दानदिंदा आर्य श्रावकले प्रतिग्राहकलाई निम्न चार कुरा पनि दिएको ठहर्दछ :—

'(१) आयु दिएको हुन्छ, (२) वर्ण दिएको हुन्छ, (३) सुख आराम दिएको हुन्छ र (४) शक्ति दिएको हुन्छ ।'

"आयु दिएर आयुकै भागी हुन्छ, वर्ण दिएर वर्णकै भागी हुन्छ, सुख दिएर सुखकै भागी हुन्छ, र शक्ति दिएर शक्तिकै भागी हुन्छ–दिव्य-लोक तथा मनुष्य लोकमा पनि । अतः भोजन दानदिंदा प्रतिग्राहकलाई उक्त चार कुरा पनि आर्यश्रावकद्वारा दिइएको हुन्छ ।"

---

१. अं. नि–४. पृ. ६७ः सुदत्तसुत्तं ।

यसपछि पुनः गाथा भन्नु भयो :—

१—"यो सञ्ञतानं परदत्त भोजिनं,
कालेन सक्कच्च ददाति भोजनं।
चत्तारि ठानानि अनुप्पवेच्छति,
आयुं च वण्णं च सुखं बलं च॥
२—"सो आयुदायी वण्णदायी, सुखं बलं ददो नरो।
दीघायु यसवा होति, यत्थ यत्थूपपज्जती'ति॥"

अथ :—

१—"जसले अर्काले दिएको मात्र भोजन गर्ने र काय र वचन-द्वारा संयम गर्नेलाई यथासमय सत्कारपूर्वक भोजन दान दिन्छ; उसले त्यसलाई आयु, वर्ण, सुख र शक्ति समेत गरी चार कुरा प्रदान गरेको ठहर्दछ।

२—"आयु दिने, वर्ण दिने, सुख र शक्ति प्रदान गर्ने पुरुष जहाँ जहाँ जन्मिन्छ, त्यहाँ त्यहाँ उ दीर्घायु तथा यशवान् पनि हुन्छ।"

× × ×

मूल सूत्र :—

४-प्रार्थनाले मात्र स्वर्गलाभ हुन सक्तैन

एक दिन अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो

त्यहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे[१] । अनि भगवान्‌ले एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भन्नु भयो :—

"हे गृहपति ! यो लोकमा इष्ट, कान्त र मनाप भएका पाँच धर्म (वस्तु) हरू दुर्लभ छन् । कुन पाँच भने ?—

"(१) यो लोकमा इष्ट, कान्त र मनापहुने 'आयु' दुर्लभ छ, (२) इष्ट, कान्त र मनापहुने 'वर्ण' दुर्लभ छ, (३) इष्ट, कान्त र मनापहुने 'सुख' दुर्लभ छ, (४) इष्ट, कान्त र मनापहुने 'यश' दुर्लभ छ र (५) इष्ट, कान्त र मनापहुने 'स्वर्ग' पनि दुर्लभै छ । यही पाँच वस्तुहरू हुन् जुन यो लोकमा दुर्लभ छन् ।

"हे गृहपति ! लोकमा दुर्लभ भएका र इष्ट, कान्त, मनाप भएका यी पाँच वस्तुहरू आयाचना र प्रार्थना गर्नाले मात्र प्राप्त हुन सक्छन् भनी म भन्दिन । यदि यी पाँच इष्ट–कान्त–मनाप भएका, लोकमा दुर्लभ भएका वस्तुहरू आयाचना र प्रार्थना गरेर मात्र प्राप्त हुने भए यहाँ कसलाई केको परिहानी हुनेछ र ?

१—"हे गृहपति ! 'आयु' को कामना गर्दै, आयुको आयाचना वा अभिनन्दन गरी आयुको अभिलाषा गर्नु आर्यश्रावकको निम्ति उपयुक्त छैन । 'आयु' चाहने आर्यश्रावकले आयु-दायी प्रतिपदामा (मार्गमा) लाग्नु पर्छ । आयु-दायी प्रतिपदामा लागे मात्र आयुलाभ हुनसक्छ । यसरी उ दिव्य वा मानुषीय आयु-लाभी हुनसक्छ ।

---

१. अं. नि–५, पृ. ३१२: इट्ठसुत्तं ।

२—"हे गृहपति ! 'वर्ण' को कामना गर्दै, वर्णको आयाचना वा अभिनन्दन गरी वर्णको अभिलाषा गर्नु आर्यश्रावकको निम्ति उपयुक्त छैन । 'वर्ण' चाहने आर्यश्रावकले वर्ण-दायी प्रतिपदामा लाग्नुपर्छ । वर्ण-दायी प्रतिपदामा लागे मात्र वर्णलाभ हुनसक्छ । यसरी उ दिव्य वा मानुषीय वर्ण-लाभी हुनसक्छ ।

३—"हे गृहपति ! 'सुख' को कामनागर्दै, सुखको आयाचना वा अभिनन्दन गरी सुखको अभिलाषा गर्नु आर्यश्रावकको निम्नि उपयुक्त छैन । सुख चाहने आर्यश्रावकले सुख-दायी प्रतिपदामा लाग्नुपर्छ । सुखदायी प्रतिपदामा लागे मात्र सुख लाभ हुनसक्छ । यसरी उ दिव्य वा मानुषीय सुख-लाभी हुनसक्छ ।

४—"हे गृहपति ! 'यश' को कामनागर्दै, यशको आयाचना वा अभिनन्दन गरी यशको अभिलाषा गर्नु आर्यश्रावकको निम्नि उपयुक्त छैन । 'यश' चाहने आर्यश्रावकले यश-दायी प्रतिपदामा लाग्नुपर्छ । यश-दायी प्रतिपदामा लागे मात्र यश लाभ हुनसक्छ । यसरी उ दिव्य वा मानुषीय यश-लाभी हुनसक्छ ।

५—"हे गृहपति ! 'स्वर्ग' को कामनागर्दै, स्वर्गको आयाचना वा अभिनन्दन गरी स्वर्गको अभिलाषा गर्नु आर्यश्रावकको निम्ति उपयुक्त छैन । 'स्वर्ग' चाहने आर्यश्रावकले स्वर्ग-दायी प्रतिपदामा लाग्नु पर्छ । स्वर्ग-दायी प्रतिपदामा लागे मात्र स्वर्ग लाभ हुनसक्छ । यसरी उ स्वर्ग-लाभी हुनसक्छ ।"

उक्त कुरा भनि सक्नु भएपछि फेरि निम्न गाथा पनि सुनाउनु भयो :—

१—"आयुं वण्णं यसं कित्ति, सग्गं उच्चा कुलीनतं।
रतियो पत्थयानेन, उळारा अपरापरा।
अप्पमादं पसंसन्ति, पुञ्ञकिरियासु पण्डिता॥

२—"अप्पमत्तो उभो अत्थे, अधिगण्हाति पण्डितो।
दिट्ठे व धम्मे च यो अत्थो, यो चत्थो सम्परायिको।
अत्थाभिसमया धीरो, पण्डितो ति पवुच्चती ति॥"

अर्थ :—

१—"आयु, वर्ण, यश, कीर्ति स्वर्ग, उच्चकुलीनता र अरू ठुल-ठूला रतिसम्पत्तिको प्रार्थनागर्ने पुरुष पुण्यकार्यमा अप्रमत्त हुनु प्रशंसनीय छ।

२—"अप्रमादी हुने पण्डितले इहलोकार्थ र परलोकार्थ—यी दुवै अर्थ अधिग्रहण गर्छन्। यसरी अर्थलाभ गर्ने धीर नै 'पण्डित' कहलाउँछ।"

× × ×

मूल सूत्र :–

५–पञ्चभय

एक दिन अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो

त्यहाँ गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे[१]। एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्‌ले निम्न कुरा भन्नु भयो :—

"हे गृहपति ! पाँच भय-त्रास र वैरभावलाई न त्याग्ने व्यक्तिलाई 'दुःशील' भन्छन् र उ नर्कमा पनि उत्पन्न हुन्छ। कुन पाँच भने ?—

'(१) प्राणीघात, (२) अदिन्नादान, (३) काम-मिथ्याचार, (४) मृषावाद र (५) सुरा-मेरय-मद्यपान—यी पाँच भय-त्रास र वैरभावलाई [२] नत्याग्ने व्यक्तिलाई 'दुःशील' भन्छन् र उ नर्कमा पनि उत्पन्न हुन्छ।'

"हे गृहपति ! पाँच भय-त्रास र वैरभावलाई त्याग्ने व्यक्तिलाई 'शीलवान्' भन्छन् र उ सुगतिमा पनि उत्पन्न हुन्छ। कुन पाँच भने ?—

'(१) प्राणीघात, (२) अदिन्नादान, (३) काम-मिथ्याचार, (४) मृषावाद र (५) सुरा-मेरय-मद्यपान—यी पाँच भय-त्रास र वैरभावलाई त्याग्ने व्यक्तिलाई 'शीलवान्' भन्छन् र उ सुगतिमा पनि उत्पन्न हुन्छ।'

"(१)हे गृहपति ! जुन प्राणीहिंसक पुरुषलाई प्राणीघातको कारणलेगर्दा यस जन्ममा भय-त्रास र वैरभावको सामना गर्नुपर्ने हुन्छ,

१. अं. नि–५. पृ. ४५०: वेरसुत्तं।

२. प्राणीघातादि पाँच दुःशील काम गर्नेहरूको चित्तमा भय त्रास र वैरभाव भएको हुन्छ। अतः यस्ता कामलाई त्याग्नुपर्छ।

सम्परायिक भय-त्रास र वैरभावको सामना गर्नु पर्ने हुन्छ र मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव समेत हुन्छ; प्राणीघातकर्म त्याग्ने पुरुषलाई यस जन्ममा त्यस्तो भय-त्रास र वैरभावको सामना गर्नु पर्ने कारण हुँदैन, न सम्परायिक भय-त्रासको सामना गर्नु पर्ने कारण नै हुन्छ, न त मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव नै हुन्छ। यसरी प्राणीघातलाई त्यागीबस्ने पुरुषको भय-त्रास र वैरभाव उपशान्त भएको हुन्छ।

"(२) हे गृहपति ! जुन अदिन्नादायी पुरुषलाई अदिन्नादानको कारणलेगर्दा यस जन्ममा भय-त्रास र वैरभावको सामना गर्नु पर्ने हुन्छ, सम्परायिक भय-त्रास र वैरभावको सामना गर्नु पर्ने हुन्छ र मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव समेत हुन्छ; अदिन्नादान (चोरी) कर्मलाई त्याग्ने पुरुषलाई यस जन्ममा त्यस्तो भय-त्रास र वैरभावको सामना गर्नु पर्ने कारण हुँदैन, न सम्परायिक भय-त्रास र वैरभावको सामना गर्नु पर्ने नै हुन्छ, न त मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव नै हुन्छ। यसरी अदिन्नादानलाई त्यागी बस्ने पुरुषको भय-त्रास र वैरभाव उपशान्त भएको हुन्छ।

"(३) हे गृहपति ! जुन काममिथ्याचारी पुरुषलाई काम मिथ्याचारको कारणलेगर्दा यस जन्ममा ··· दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव समेत हुन्छ; काम मिथ्याचार कर्मलाई त्याग्ने पुरुषलाई यस जन्ममा त्यस्तो भय-त्रास र वैरभावको सामना गर्नु पर्ने कारण हुँदैन, ··· न त मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव नै हुन्छ। यसरी काम

मिथ्याचारलाई त्यागी बस्ने पुरुषको भय-त्रास र वैरभाव उपशान्त भएको हुन्छ ।

"(४) हे गृहपति ! जुन मृषावादी पुरुषलाई मृषावादको कारलेगर्दा यस जन्ममा ... दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव समेत हुन्छ; मृषावाद कर्मलाई त्याग्ने पुरुषलाई यस जन्ममा त्यस्तो भय-त्रास र वैरभावको सामना गर्नुपर्ने कारण हुँदैन, ... न त मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव नै हुन्छ । यसरी मृषावादलाई त्यागी बस्ने पुरुषको भय-त्रास र वैरभाव उपशान्त भएको हुन्छ ।

"(५) हे गृहपति ! जुन सुरा-मेरय-मद्यपायी पुरुषलाई मद्य-पानको कारणले गर्दा यस जन्ममा ... दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव समेत हुन्छ; सुरा-मेरय-मद्यपान कर्मलाई त्याग्ने पुरुषलाई यस जन्ममा त्यस्तो भय-त्रास र वैरभावको सामना गर्नुपर्ने कारण हुँदैन, ... न त मानसिक दुःख दौर्मनस्य प्रतिसंवेदनानुभव नै हुन्छ । यसरी सुरा-मेरय-मद्यपानलाई त्यागी बस्ने पुरुषको भय-त्रास र वैरभाव उपशान्त भएको हुन्छ ।"

उक्त कुरा भनिसक्नु भएपछि पुनः निम्न गाथा प्रकाश गर्नु भयो :—

१—"यो पाणमतिपातेति, मुसावादं च भासति ।
लोके अदिन्नं आदियति, परदारं च गच्छति ॥
२—"सुरामेरयपानं च, यो नरो अनुयुञ्जति ।
अप्पहाय पञ्च वेरानि, दुस्सीलो इति वुच्चति ।
कायस्स भेदा दुप्पञ्ञो, निरयं सोपपज्जति ॥

३—"यो पाणं नातिपातेति, मुसावादं न भासति।
लोके अदिन्नं नादियति, परदारं न गच्छति।
४—"सुरामेरयपानं च, यो नरो नानुयुञ्जति।
पहाय पञ्च वेरानि, सीलवा इति वुच्चति।
कायस्स भेदा सप्पञ्ञो, सुगतिं सोपपज्जतीं'ति॥"

अर्थ :—

१,२—"जसले यो लोकमा प्राणीघात गर्छ, मृषावाद बोल्छ, चोरी गर्छ, परदारगमन गर्छ र सुरापान गर्ने काममा लागिरहन्छ; पञ्च भय-त्रास र वैरभाव न त्यागेको हुनाले उसलाई 'दुःशील' भन्दछन्। उ निर्बुद्धि भई मृत्युपछि नर्कमा पनि उत्पन्न हुन्छ।

३,४—"जसले यो लोकमा प्राणीघात गर्दैन, मृषावाद बोल्दैन, चोरी गर्दैन, परदारगमन गर्दैन र जो सुरापानगर्ने काममा पनि लाग्दैन; पञ्च भय-त्रास र वैरभावलाई त्यागेको हुनाले उसलाई 'शीलवान्' भन्दछन्। उ प्रज्ञावान् भई मृत्युपछि सुगतिमा पनि उत्पन्न हुन्छ।"

× × ×

मूल सूत्र :—

६—गृही-कर्तव्य

एक समय अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे[१]। एक छेउमा

१. अं. नि–४. पृ. ६८: गिहिसामीचिसुत्तं।

बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्‌ले निम्न कुरा भन्नुभयो :—

"हे गृहपति ! चार धर्म (कर्तव्य) द्वारा सम्पन्न भएको आर्य-श्रावकलाई गृही-कर्तव्य पालनगरी यशलाभी र स्वर्गगामी मार्गमा लागेको भन्न सकिन्छ । कुन चार धर्म (कर्तव्य) भने ?—

"(१) यहाँ आर्यश्रावकले भिक्षुसङ्घलाई चीवरद्वारा प्रत्युपस्थान गरेको हुन्छ, (२) भिक्षा भोजनद्वारा प्रत्युपस्थान गरेको हुन्छ, (३) शयनासनद्वारा प्रत्युपस्थान गरेको हुन्छ र (४) गिलानप्रत्यय अर्थात् भैषज्र्यपरिष्कारद्वारा प्रत्युपस्थान गरेको हुन्छ । यिनै चार धर्म (कर्तव्य) द्वारा सम्पन्न भएको आर्यश्रावकलाई नै गृही-कर्तव्य पालनगरी यशलाभी र स्वर्गगामी मार्गमा लागेका भन्द छन् ।"

पुनश्च निम्न गाथा सुनाउनु भयो :—

१—"गिहिसामीचिपटिपदं, पटिपज्जन्ति पण्डिता ।
सम्मग्गते सीलवन्ते, चीवरेन उपट्ठिता ॥
२—"पिण्डपातसयनेन, गिलानप्पच्चयेन च ।
तेसं दिवा च रत्तो च, सदा पुञ्ञं पवड्ढति ।
सग्गं च कमतिट्ठानं, कम्मं कत्वान भद्दकं'ति ॥"

अर्थ :—

१—"पण्डित गृहस्थीहरूले गृही-कर्तव्य पालनगरी समग्र शीलवान्‌हरूलाई चीवरद्वारा उपस्थान गर्छन् ।

२—"भिक्षा-भोजनद्वारा, शयनासनद्वारा र गिलानप्रत्यय अर्थात् औषधी उपचारद्वारा उपस्थान गर्छन् । यसरी रात दिन पुण्य बढने भद्रकार्य गरी उनिहरू स्वर्गलोकमा प्रतिष्ठित हुन्छन् ।"

[यो उपदेश सुनी अनाथपिण्डिक गृहपति सन्तुष्ट भए ।]

× × ×

मूल सूत्र :—

७--चार गृही-सुख

एक दिन आनथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे[१] । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले निम्न उपदेश सुनाउनु भयो :—

"हे गृहपति ! गृही-कामभोगीले निम्न चार सुख समय समयमा उपलब्ध गर्नु पर्छ । कुन चार भने ?—

'(१) अस्ति-सुख अर्थात् 'छ' भन्ने सुख, (२) भोग-सुख, (३) अ-ऋण-सुख र (४) निरवद्य-सुख ।'

"(१) हे गृहपति ! 'अस्ति-सुख' भनेको केहो भने—यहाँ कुलपुत्रको आफ्नो उत्थान-बल-वीर्यद्वारा, बाहुबलद्वारा तथा पसिना

१. अं. नि–४. पृ ७३: आनण्यसुत्तं ।

बगाई धर्मपूर्वक कमाइराखेको धार्मिक-सम्पत्ति हुन्छ। 'मेरो आफ्नै उत्थान-बल-वीर्यद्वारा, बाहुबलद्वारा तथा पसिना बगाई धर्मपूर्वक कमाइराखेको धार्मिक-सम्पत्ति छ' भनी मनमा चिताउँदा उसलाई अपार सुखानुभव र सौमनस्यानुभव हुन्छ। यसैलाई 'अस्ति-सुख' अर्थात् 'छ' भन्ने सुख भनिएको हो।

"(२) हे गृहपति ! 'भोग-सुख' भनेको केहो भने – यहाँ कुलपुत्रले आफ्नो उत्थान-बल-वीर्यद्वारा, बाहुबलद्वारा तथा पसिना बगाई धर्मपूर्वक कमाइराखेको धार्मिक-सम्पत्तिको उपभोग पनि गर्छ, पुण्यादिकार्य पनि गर्छ। 'मैले आफ्नै उत्थान-बल-वीर्यद्वारा, बाहुबलद्वारा तथा पसिना बगाई धर्मपूर्वक कमाइराखेको धार्मिक-सम्पत्तिबाट आफुले पनि उपभोग गरिरहेको छु, पुण्यादिकार्य पनि गरिरहेको छु' भनी मनमा चिताउँदा उसलाई अपार सुखानुभव र सौमनस्यानुभव हुन्छ। यसैलाई 'भोग-सुख' भनी भनिएको हो।

"(३) हे गृहपति ! 'अ-ऋण-सुख' भनेको केहो भने—यहाँ कुलपुत्रले कसैलाई पनि थोरै वा धेरै ऋण तिर्नुपर्ने हुँदैन। 'कसैलाई पनि थोरै वा धेरै ऋण तिर्नुपर्ने छैन' भनी मनमा चिताउँदा उसलाई अपार सुखानुभव र सौमनस्यानुभव हुन्छ। यसैलाई 'अ-ऋण-सुख' भनी भनिएको हो।

"(४) हे गृहपति ! 'निरवद्य-सुख' भनेको केहो भने—यहाँ आर्यश्रावक निरवद्य (निर्दोष) कायकर्मले युक्तभएको हुन्छ, निरवद्य वचीकर्मले युक्तभएको हुन्छ, निरवद्य मनः कर्मले युक्तभएको हुन्छ।

'निरवद्य कायकर्मले युक्तछु, निरवद्य वचीकर्मले युक्तछु, निरवद्य मनः कर्मले युक्तछु' भनी मनना चिताउँदा उसलाई अपार सुखानुभव र सौमनस्यानुभव हुन्छ। यसैलाई 'निरवद्य-सुख' भनी भनिएको हो।

"हे गृहपति ! यिनै चार सुखलाई गृही कामभोगीले समय समयमा उपलब्ध गर्नु पर्दछ।"

तत्पश्चात पुनः निम्न गाथा सुनाउनु भयो :—

१—"आनण्यसुखं ञत्वान[१], अथो अत्थिसुखं परं[२]।
भुञ्जं भोगसुखं मच्चो, ततो[३] पञ्ञा विपस्सति ॥
२—"विपस्समानो जानाति, उभो भोगे सुमेधसो।
अनवज्जसुखस्सेतं, कलं नाग्घति[४] सोळसिं'ति ॥"

अर्थ :—

१—"अ-ऋणसुखलाई जानी, अस्तिसुखलाई पनि जानी मनुष्यले भोगसुख अनुभव गर्नु पर्छ, त्यसपछि प्रज्ञा-दृष्टिले हेर्नु पर्छ।

२—"यसरी हेरी मेधावी भई दुवै सुख अर्थात् निरवद्य सुख र अरू बाँकी तीन सुखहरू मध्ये, निरवद्य सुखको अगाडि अरू तीनसुखहरू सोह्र भागमा एक भाग जतिको पनि मूल्य छैन भन्ने पनि थाहा पाउँछ।"

[यी उपदेश सुनी अनाथपिण्डिक गृहपति प्रसन्न भए।]

× × ×

१. रोमनमा: कत्वान। २. रोमनमा: सरे।
३. रोमनमा: तथो। ४. रोमनमा: नग्घति।

मूल सूत्र :—

८—सम्पत्तिको सदुपयोग

एक समय अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे[१]। एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले निम्न कुरा भन्नु भयो :—

"हे गृहपति ! इष्ट, कान्त र मनाप भएका चार धर्महरू (कुराहरू) यो लोकमा दुर्लभ छन् । कुन चार भने ?—

चार सम्पत्ति—"(१) हे गृहपति ! धर्मतापूर्वक मलाई इष्ट, कान्त र मनाप भएको 'भोगसम्पत्ति लाभ होस्' भन्ने यो पहिलो इष्ट-कान्त-मनाप भएको धर्म (कुरा) लोकमा दुर्लभछ ।

'(२) हे गृहपति ! धर्मतापूर्वक भोगसम्पत्ति लाभहुनेलाई, 'ज्ञाति सहित र उपाध्याय सहित यशलाभ होस्' भन्ने यो दोश्रो इष्ट-कान्त-मनाप भएको कुरा लोकमा दुर्लभछ ।

'(३) हे गृहपति ! धर्मतापूर्वक भोगसम्पत्ति लाभगरी ज्ञाति-सहित र उपाध्याय सहित यशलाभ हुनेले 'म चिरकालसम्म बाँच्न पाऊँ, दीर्घायु हुनपाऊँ' भन्ने यो तेश्रो इष्ट-कान्त-मनाप भएको कुरा लोकमा दुर्लभछ ।

---

१. अं. नि–४. पृ. ६९ : पत्तकम्मसुत्तं ।

'(४) हे गृहपति ! धर्मतापूर्वक भोगसम्पत्ति लाभगरी ज्ञाति सहित, उपाध्याय सहित यशपनि लाभगरेको हुन्छ र चिरकालसम्म बाँची दीर्घायु लाभ पनि गरी, 'मरणपछि सुगति स्वर्गलोकमा पुग्न सकियोस्' भन्ने यो चौथो इष्ट-कान्त-मनाप भएको कुरा लोकमा दुर्लभछ ।'

"यी (उक्त) चार···लोकमा दुर्लभ धर्महरूले निम्न चार कुराको लाभार्थ नजिक पुऱ्याइ दिन्छन् :—

'(१) श्रद्धा-सम्पदा, (२) शील-सम्पदा, (३) त्याग-सम्पदा र (४) प्रज्ञा-सम्पदा ।'

चारसम्पदा—१—"हे गृहपति ! श्रद्धा-सम्पदा भनेको केहो भने—यहाँ आर्यश्रावक श्रद्धालु हुन्छ र तथागतको बोधीमा यस्तो श्रद्धा राख्छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१]···र वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।' यसैलाईनै 'श्रद्धा-सम्पदा' भनिन्छ ।

२—"हे गृहपति ! शील-सम्पदा भनेको केहो भने—यहाँ आर्यश्रावक, प्राणीघातबाट अलग रहेको हुन्छ, अदिन्नादानबाट अलग रहेको हुन्छ, कामिमिथ्याचारबाट अलग रहेको हुन्छ, मृषावादबाट अलग रहेको हुन्छ तथा सुरा, मेरय, मद्य, प्रमादस्थानबाट पनि अलग रहेको हुन्छ । यसैलाईनै 'शील-सम्पदा' भनिन्छ ।

३—"हे गृहपति ! त्याग-सम्पदा भनेको केहो भने—यहाँ आर्यश्रावक निर्लोभी हुन्छ, त्यागी हुन्छ, शुद्ध-हातले दानकार्यमा अग्रसर

---

१. हेर तल बुद्धानुस्मृतिमा ।

भई याचक-पात्र हुन्छ, दानसंविभाजनमा दत्तचित्त भई घर बस्छ। यसैलाईनै 'त्याग-सम्पदा' भनिन्छ।

४—"हे गृहपति ! प्रज्ञा-सम्पदा भनेको केहो भने—(१) अभिध्याविषम लोभाभिभूत अर्थात् लोभमा वशीभूत भई बस्दा अकृत्य (नगर्नु पर्ने) कामगर्छ, कृत्य (गर्नु पर्ने) काम गर्दैन। अकृत्यकाम गर्नाले र कृत्यकाम नगर्नाले यश र सुख विध्वंश हुन्छ। (२) ब्यापादाभिभूत अर्थात् द्वेष भावमा वशीभूत भई बस्दा अकृत्यकाम गर्छ, कृत्यकाम गर्दैन। अकृत्यकाम गर्नाले र कृत्यकाम नगर्नाले यश र सुख विध्वंश हुन्छ। (३) थीनमिद्धाभिभूत अर्थात् शारीरिक तथा मानसिक आलस्यपनमा वशीभूत भई बस्दा अकृत्यकाम गर्छ, कृत्यकाम गर्दैन। अकृत्य काम गर्नाले र कृत्यकाम नगर्नाले यश र सुख बिध्वंश हुन्छ। (४) उद्धच्चकुक्कुच्चाभिभूत अर्थात् शारीरिक र मानसिक चञ्चलपनमा वशीभूत भई बस्दा अकृत्यकाम गर्छ, कृत्यकाम गर्दैन। अकृत्यकाम गर्नाले र कृत्यकाम नगर्नाले यश र सुख विध्वंश हुन्छ। (५) विचिकिच्छाभिभूत अर्थात् शंका-उपशंकामा वशीभूत भई बस्दा अकृत्यकाम गर्छ, कृत्यकाम गर्दैन। अकृत्यकाम गर्नाले र कृत्यकाम नगर्नाले यश र सुख विध्वंश हुन्छ।

"हे गृहपति ! सो आर्यश्रावकले अभिध्याविषमलोभ चित्तको 'उपक्लेश हो' भनी जानी—चित्तको उपक्लेश अभिध्या विषमलोभलाई हटाउँछ। ब्यापाद चित्तको 'उपक्लेश हो' भनी जानी—चित्तको उपक्लेश ब्यापदलाई हटाउँछ। थीनमिद्ध चित्तको 'उपक्लेश हो' भनी जानी—चित्तको उपक्लेश थीनमिद्धलाई हटाउँछ। उद्धच्चकुक्कुच्च चित्तको

"'उपक्लेश हो' भनी जानी—चित्तको उपक्लेश उद्धच्चकुक्कुच्चलाई हटाउँछ। विचिकिच्छा चित्तको 'उपक्लेश हो' भनी जानी—चित्तको उपक्लेश विचिकिच्छालाई हटाउँछ।

"हे गृहपति! जव आर्यश्रावकको—अभिध्याविषमलोभ चित्तको 'उपक्लेश हो' भनी जानी 'अभिध्याविषमलोभ चित्तोपक्लेश' प्रहीण हुन्छ, ब्यापाद चित्तको 'उपक्लेश हो' भनी जानी 'ब्यापाद विषमलोभ चित्तोपक्लेश' प्रहीण हुन्छ, थीनमिद्ध चित्तको 'उपक्लेश हो' भनी जानी, 'थीनमिद्ध चित्तोपक्लेश' प्रहीण हुन्छ, उद्धच्चकुक्कुच्च चित्तको 'उपक्लेश हो' भनी जानी 'उद्धच्च कुक्कुच्च चित्तोपक्लेश' प्रहीण हुन्छ र विचि-किच्छा चित्तको 'उपक्लेश हो' भनी जानी 'विचिकिच्छा चित्तोपक्लेश' प्रहीण हुन्छ, तब सो आर्यश्रावकलाई महाप्राज्ञ, पृथुलप्राज्ञ, आपाथ-दर्शी र प्रज्ञासम्पन्न भनिन्छ। यसैलाईनै 'प्रज्ञासम्पदा' भनिन्छ।

"हे गृहपति! सो आर्यश्रावकले उत्थानबलवीर्यद्वारा, बाहुबल-द्वारा तथा पसिना बगाई धर्मतापूर्वक उपार्जन गरेको भोगसम्पत्तिद्वारा निम्न चार उपयुक्त कामहरू गर्छ। कुन चार भने—

सदुपयोग—१—"उत्थानबलवीर्यद्वारा, ...उपार्जन गरेको भोगसम्पत्तिद्वारा आफुलाई सुखीपार्छ, हृष्ट-पुष्टगरी बलियोपार्छ तथा राम्ररी सुख परिहरण गर्छ; पुत्र, भार्या, दाश, कामदारहरूलाई पनि सुखीपार्छ, हृष्ट-पुष्टगरी बलियोपार्छ तथा राम्ररी सुख परिहरण गराउँछ; इष्ट-मित्र साथीहरूलाई पनि सुखीपार्छ, हृष्ट-पुष्टगरी बलियो-पार्छ तथा राम्ररी सुख परिहरण गराउँछ। यसरी सो आर्यश्रावकले

भोगसम्पत्तिद्वारा यो पहिलो उपयुक्त काम पूरा गरेको हुन्छ, युक्तियुक्त काम पूरा गरेको हुन्छ तथा समुचित परिभोग पनि गरेको हुन्छ ।

२ – "फेरि उत्थानबलवीर्यद्वारा,… उपार्जन गरेको भोगसम्पत्तिबाट कुनै कारणले आइपर्ने – आगोको आपद, पानीको आपद, राजाको आपद, चोरको आपद अथवा अप्रिय अनधिकारी व्यक्तिको आपदादि— आपदहरूका रोकावटकालागि पहिलेनै रक्षात्मक कामको व्यवस्थाको निमित्त धन व्ययगर्छ, आफुलाई सुरक्षित राख्छ । यसरी सो आर्यश्रावकले भोगसम्पत्तिद्वारा यो दोश्रो उपयुक्त काम पूरा गरेको हुन्छ, युक्तियुक्त काम पूरा गरेको हुन्छ तथा समुचित परिभोग पनि गरेको हुन्छ ।

३—"फेरि उत्थानबलवीर्यद्वारा,… उपार्जन गरेको भोगसम्पत्तिद्वारा—(१) ज्ञाति-बली, (२) अतिथी-बली, (३) पूर्वप्रेत-बली, (४) राज-बली तथा (५) देव-बली इत्यादि पञ्चबली[1] कार्य पनि गर्छ । यसरी सो आर्यश्रावकले भोगसम्पत्तिद्वारा यो तेश्रो उपयुक्त काम पूरा गरेको हुन्छ तथा समुचित परिभोग पनि गरेको हुन्छ ।

४ – "फेरि उत्थानबलवीर्यद्वारा,… उपार्जन गरेको भोगसम्पत्तिद्वारा—अप्रमादी भई क्षान्तिशीलमा बसेका, आत्मदमनका साथ आत्मशान्ति भएका, परिनिर्वाणको बाटोमा लागेका र उँभोजाने बाटोमा लागेका श्रमण, ब्राह्मण (श्रेष्ठ) हरूलाई— दान दिन्छ – जुनकार्य उसको

१. पञ्चबलीको अर्थ हिंसा युक्त बलीकार्य होइन परन्तु ज-जसलाई जुनरूपले सेवा, स्वागत, पुण्यदान, शुल्कदान तथा हिंसारहित पूजागर्नु हो ।

निम्ति स्वर्गगामी, सुखविपाकी र विशिष्ट स्वर्गदायी पनि हुन्छ। यसरी सो आर्यश्रावकले भोगसम्पत्तिद्वारा यो चौथो उपयुक्त काम पूरा गरेको हुन्छ, युक्तियुक्तकाम पूरा गरेको हुन्छ तथा समुचित परिभोग पनि गरेको हुन्छ।

"हे गृहपति ! यसरी सो आर्यश्रावकले आफ्नो उत्थानबलवीर्य-द्वारा, बाहुबलद्वारा तथा पसिनाबगाई धर्मतापूर्वक उपार्जन गरेको भोग-सम्पत्तिद्वारा यिनै चार उपयुक्त कामहरू गरेको हुन्छ।

"यी चार उपयुक्त काममा बाहेक अरू कुनै काममा भोगसम्पत्ति खर्च हुन्छ भने—त्यस्तालाई—'अकारणमा, अनुपयुक्त ठाउँमा, व्यर्थमा खर्च भएको' भनी भनिन्छ र यी चार उपयुक्त कामहरूमा भोगसम्पत्ति खर्च हुन्छ भने—त्यस्तालाई—'सकारणमा, उपयुक्त ठाउँमा, सार्थक काममा खर्च भएको' भनी भनिन्छ। यसप्रकार गरिएको खर्चलाई 'भोगसम्पत्तिको सदुपयोग' भनी भन्दछन्।"

त्यसपछि पुनः गाथा भन्नु भयो :—

१—"भुत्ता भोगा भता भच्चा, वितिण्णा आपदासु मे।
उद्धग्गा दक्खिणा दिन्ना, अथो पञ्चबलीकता।
उपट्ठिता सीलवन्तो, सञ्ञता ब्रह्मचारयो॥

२—"यदत्थं भोगं इच्छेय्य, पण्डितो घरमावसं।
सो मे अत्थो अनुप्पत्तो, कतं अननुतापियं॥

३—"एतं अनुस्सरं मच्चो, अरियधम्मे ठितो नरो।
इधेव नं पसंसन्ति, पेच्च सग्गे पमोदती'ति॥"

अर्थ :—

१—"भोगसम्पत्ति अनुभोग गरेकोछु, पालन-पोषण गर्नुपर्ने अर्थात् भृत्यलाई पालन-पोषण गरेकोछु, आपदबाट पनि उत्तीर्ण भएकोछु; उँभोलाग्नेलाई (श्रमण-ब्राह्मणलाई) दान दक्षिणा दिएकोछु, पञ्चबली कार्य र संयमी, ब्रह्मचारी तथा शीलवान्लाई उपस्थान पनि गरेकोछु।

२—"पण्डितभई घरमावस्नेलाई जुन कामको निमित्त भोग-सम्पत्ति चाहिन्थ्यो, सो कामको लागि सम्पत्ति पनि प्राप्तछ र त्यसद्वारा अनुताप गर्नु नपर्ने काम पनि गरेकोछु।

३—"आर्य-धर्ममा प्रतिष्ठितभई, उपरोक्त पुण्यकार्यको अनुस्मरण गरी बस्ने पुरुष यसलोकमा पनि प्रशंसित छ र मृत्युपछि स्वर्गलोकमा पनि प्रमुदित हुनेछ।"

[यी उपदेश सुनी अनाथपिण्डिक गृहपति प्रसन्न भए।]

× × ×

मूल सूत्र :—

६—प्रीतिमय-जीवन

एकदिन अनाथपिण्डिक गृहपति पाँचशय उपासकहरूका साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक

छेउमा बसे[1] । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले निम्न कुरा भन्नुभयो :—

"हे गृहपति ! तिमीहरूले भिक्षुसङ्घलाई चीवर, भिक्षाभोजन, शयनासन र गिलानप्रत्यय भैषज्य परिष्कारद्वारा उपस्थान गरिरहेकाछौ । परन्तु 'हामीले भिक्षुसङ्घलाई चीवर, भिक्षाभोजन, शयनासन र गिलानप्रत्यय भैषज्यपरिष्कारद्वारा उपस्थान गरिरहेकाछौं' भनी यत्तिले मात्र सन्तोष मान्न हुँदैन । किन्तु यस्तो पनि सोचनुपर्छ कि—'कुनै उपायद्वारा हामीहरू पनि समय समयमा प्रविवेक (ध्यान) मय प्रीति प्राप्तगरी बसेका छौं कि छैनौं ?"

यसो भन्नुहुँदा आयुष्मान् सारिपुत्रले भगवान्लाई यस्तो निवेदन गर्नु भयो :—

"भन्ते ! आश्चर्य, अद्‌भुत, कति सुभाषित !! भगवान्ले—'हे गृहपति ! तिमीहरूले भिक्षुहरूलाई चीवर, भिक्षाभोजन, शयनासन र गिलानप्रत्यय भैषज्य परिष्कारद्वारा उपस्थान गरिरहेकाछौ; यत्तिले मात्र सन्तोष मान्न हुन्न किन्तु यस्तो पनि सोचनु पर्छ कि—'कुनै उपायद्वारा हामीहरू पनि समय समयमा प्रविकेक (ध्यान) मय प्रीति प्राप्तगरी बसेकाछौं कि छैनौं ?' भनी जुन कुरा आज्ञागर्नु भयो त्यो सारैनै सुभाषित छ ।

"भन्ते ! जुन समय आर्यश्रावक प्रविवेक-प्रीति प्राप्तगरी बस्छ त्यस समयमा उसमा निम्न पाँच कारणहरू हुँदैनन् । जस्तै :—

१. अं. नि–५. पृ. ४५२ : पीतिसुत्तं ।

१ – 'जो कामसंयुक्त दुःख दौर्मनस्य हो सो पनि त्यस समयमा हुँदैन ।

२ – 'जो कामसंयुक्त सुख-सौमनस्य हो सो पनि त्यस समयमा हुँदैन ।

३—'जो अकुशलसंयुक्त दुःख-दौर्मनस्य हो सो पनि त्यस समयमा हुँदैन ।

४ – 'जो अकुशलसंयुक्त सुख-सौमनस्य हो सो पनि त्यस समयमा हुँदैन ।

५ – 'जो कुशलसंयुक्त दुःख-दौर्मनस्य हो सो पनि त्यस समयमा हुँदैन ।'

"भन्ते ! जुन समयमा आर्यश्रावक प्रविवेक-प्रीति प्राप्तगरी बस्छ त्यस समयमा उसमा यी (उक्त) पाँच कारणहरू हुँदैनन् ।"

"साधु ! साधु[१] !! सारिपुत्र, जुन समय आर्यश्रावक प्रविवेक-प्रीति प्राप्तगरी बस्छ, त्यस समयमा उसमा यी (उक्त) पाँच कारणहरू हुँदैनन् र जो कामसंयुक्त दुःख दौर्मनस्य हो···र जो कुशलसंयुक्त दुःख दौर्मनस्य हो सो पनि त्यस समयमा हुँदैन । जुन समयमा आर्यश्रावक प्रविवेक-प्रीति प्राप्तगरी बस्छ त्यस समयमा उसमा उक्त पाँच कारणहरू हुँदैनन् ।"

× × ×

---

१. बौद्ध साहित्यमा 'साधु ! साधु !' भन्ने शब्द 'ठीकछ, राम्रोछ, असलछ, धन्यहो' भन्ने भाव व्यक्तार्थ प्रयोग भएको पाइन्छ ।

मूल सूत्र :—

१०–बिरामी अनाथपिण्डिक

श्रावस्तीमा[1] ।

त्यसबखत अनाथपिण्डिक गृहपति बिरामी तथा दुःखी थिए । अनि अनाथपिण्डिक गृहपतिले एक पुरुषलाई बोलाई—"हे पुरुष ! तिमी आऊ, तिमी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँगई मेरो बचनले आयुष्मान् सारिपुत्रको चरणकमलमा वन्दना गरेर—'भन्ते ! अनाथपिण्डिक गृहपति सारै बिरामीछ, तथा सारै दुःखीछ । उ आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले वन्दना गर्छ' भनेर पुनः यस्तो निवेदन गर—'भो भन्ते ! यदि अनुकम्पाराखी जहाँ अनाथपिण्डिक गृहपति छ त्यहाँ आयुष्मान् सारिपुत्र पाल्नुभए बेश हुने थियो ।"

"हवस् भन्ते[2] !" भनी अनाथपिण्डिक गृहपतिलाई प्रत्युत्तर दिई सो पुरुष जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान् सारिपुत्रलाई अभिवादनगरी एक छेउमा बसी यस्तो निवेदन गऱ्यो :—

"भन्ते ! अनाथपिण्डिक गृहपति सारै बिरामी हुनुहुन्छ तथा दुःखी पनि । वहाँले आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले वन्दना गर्नु भएकोछ । यस्तो पनि निवेदन गर्नुहुन्छ कि—'भो भन्ते ! अनुकम्पाराखी जहाँ अनाथपिण्डिक गृहपति छ त्यहाँ आयुष्मान् सारिपुत्र पाल्नुभए बेश हुने थियो ।"

---

१. सं. नि–५. पृ. ३२४ : पठम अनाथपिण्डिकसुत्तं ।

२. भन्ते भनी सम्बोधन गर्ने चलन भिक्षुहरूलाई मात्र नभई आफुले मान्नपर्ने अरूलाई पनि भनिएको पालि साहित्यमा पाइन्छ ।

आयुष्मान् सारिपुत्रले तूष्णिभावले स्वीकार गर्नु भयो ।

अनि आयुष्मान् सारिपुत्र पूर्वाण्हसमयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी आयुष्मान् आनन्द सहित अरू श्रमणहरूलाई पछाडि राखी, जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थानहो त्यहाँ जानुभई बिच्छ्याई राखेको आसनमा बस्नुभयो । त्यसपछि आयुष्मान् सारिपुत्रले अनाथपिण्डिक गृहपतिसँग सोध्नुभयो :—

"हे गृहपति ! क्षमनीय तथा यापनीय छौ ? दुःखवेदना घटेर जान्छ कि बढेर आउँछ त ? घटेर गएको देखिन्छ कि बढेर आएको देखिन्छ नि ?"

"भन्ते ! मलाई क्षमनीय तथा यापनीय छैन । मेरो दुःख वेदना बढेकै छ, घटेको छैन; बढेकै धेरै देखिन्छ, घटेको देखिन्न ।"

सारिपुत्रोपदेश

बुद्धगुण—"हे गृहपति ! जुनरूपले बुद्धप्रति अप्रसाद युक्त चित्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय, दुर्गति, विनिपात, तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो अप्रसादचित्त तिमीमा छैन । बुद्धप्रति—'वहाँ भगवान् अरहत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देव-मनुष्यका शास्ता हुनुहुन्छ तथा भगवान् बुद्ध हुनुहुन्छ' भन्ने अटलश्रद्धा पनि तिमीमा छँदैछ । यदि

तिमीले आफुमा भएको बुद्धप्रतिको अटलश्रद्धालाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।

धर्मगुण – "हे गृहपति ! जुनरूपले धर्मप्रति अप्रसादयुक्त चित्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो अप्रसाद्चित्त तिमीमा छैन । धर्मप्रति—'भगवान्को धर्म सु-आख्यात छ, प्रत्यक्षणीय छ, अ-कालिक छ, 'आऊ, हेर !' भन्न योग्य छ, औपनयिक (निर्वाण नजिक पुऱ्याउने) छ तथा विज्ञपुरुषद्वारा बोधनीय छ' भन्ने अटलश्रद्धा पनि तिमीमा छँदैछ । यदि तिमीले आफुमा भएको धर्मप्रतिको अटलश्रद्धालाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।

सङ्घगुण—"हे गृहपति ! जुनरूपले सङ्घप्रति अप्रसादयुक्त चित्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो अप्रसाद्चित्त तिमीमा छैन । सङ्घप्रति—'भगवान्को श्रावकसङ्घ सुप्रतिपन्नछ, ऋजुप्रतिपन्नछ, निर्वाणमार्गमा प्रतिपन्नछ, अनुकूल मार्गमा प्रतिपन्नछ; यिनै चारजोडा अर्थात् आठ पुद्गलहरू भगवान्का श्रावकसङ्घ हुन्, जो पूजनीय छन्, पाहुना बनाउन योग्य छन्, दक्षिणेय छन्, हातजोरी नमस्कारगर्न योग्यछन् तथा लोकवासीका निम्ति पुण्य-क्षेत्र पनि हुन्' भन्ने अटलश्रद्धा पनि तिमीमा छँदैछ । यदि तिमीले आफुमा भएको सङ्घप्रतिको अटलश्रद्धालाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।

आर्य-शील—"हे गृहपति ! जुनरूपको दुश्शीलताले युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुन-

सक्छ, त्यस्तो दुश्शीलता तिमीमा छैन। तिमीमा अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरार्माशत तथा समाधि-संवर्तनिक आर्यकान्त शील छँदैछन्। यदि तिमीले आफुमा भएको ती अखण्ड,…समाधिसंवर्तनिक आर्यकान्त शीललाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

दशांगिकमार्ग—(१) "हे गृहपति ! जुनरूपको मिथ्यादृष्टि युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्यादृष्टि तिमीमा छैन। तिमीमा सम्यक्दृष्टिनै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्दृष्टिलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(२) "हे गृहपति ! जुनरूपको मिथ्यासङ्कल्प युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्यासङ्कल्प तिमीमा छैन। तिमीमा सम्यक्सङ्कल्पनै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्सङ्कल्पलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(३) "हे गृहपति ! जुनरूपको मिथ्यावाचा युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्यावाचा तिमीमा छैन। तिमीमा सम्यक्वाचानै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्वाचालाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(४) "हे गृहपति ! जुनरूपको मिथ्याकर्म युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,…तथा नर्कमा उत्पन्न हुनसक्छ,

त्यस्तो मिथ्याकर्म तिमीमा छैन। तिमीमा सम्यक्कर्मनै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्कर्मलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(५) "हे गृहपति ! जुनरूपको मिथ्याजीविका युक्त हुँदा यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्याजीविका तिमीमा छैन। तिमीमा सम्यक्जीविकानै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्जीविकालाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(६) "हे गृहपति ! जुनरूपको मिथ्याव्यायाम (वीर्य) युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्याव्यायाम तिमीमा छैन। तिमीमा सम्यक्व्यायाम (वीर्य) नै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्व्यायामलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(७) "हे गृहपति ! जुनरूपको मिथ्यास्मृति युक्त हुँदा यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्या-स्मृति तिमीमा छैन। तिमीमा सम्यक्-स्मृतिनै छ। यदि तिमीले आफुमा भएको सो सम्यक्-स्मृतिलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ।

(८) "हे गृहपति ! जुनरूपको मिथ्यासमाधि युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्यासमाधि तिमीमा छैन। तिमीमा सम्यक्समाधिनै छ।

यदि तिमीले आफुमा भएको सो सम्यक्समाधिलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।

(९) "हे गृहपति ! जुनरूपको मिथ्याज्ञान युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्याज्ञान तिमीमा छैन । तिमीमा सम्यक्ज्ञाननै छ । यदि तिमीले आफुमा भएको सो सम्यक्ज्ञानलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।

(१०) "हे गृहपति ! जुनरूपको मिथ्या-विमुक्ति युक्त हुँदा, यहाँ अश्रुतवान् पृथक्जन मृत्युपछि अपाय,...तथा नर्कमा उत्पन्न हुनसक्छ, त्यस्तो मिथ्या-विमुक्ति तिमीमा छैन । तिमीमा सम्यक्-विमुक्तिनै छ । यदि तिमीले आफुमा भएको सो सम्यक्-विमुक्तिलाई राम्रोसँग मननगरी हेरेको खण्डमा तिम्रो वेदना तुरन्तै शान्त भएर जानसक्छ ।"

यति उपदेश सुनिसकेपछि अनाथपिण्डिक गृहपतिको वेदना तुरन्तै शान्त भएर गयो र आयुष्मान् सारिपुत्र र आयुष्मान् आनन्द-लाई क्षीर भोजन अर्पित गरे । आयुष्मान् सारिपुत्रले भोजन सिध्याएर एक छेउमा पात्र राख्नु भएपछि अनाथपिण्डिक गृहपति एक स्यानो आसनलिएर एक छेउमा बसे । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई आयुष्मान् सारिपुत्रले निम्न गाथाद्वारा अनुमोदन गर्नु भयो :—

१—"यस्स सद्धा तथागते, अचला सुप्पतिट्ठिता ।
सीलं च यस्स कल्याणं, अरियकन्तं पसंसितं ॥

२—"सङ्घे पसादो यस्सत्थि, उजुभूतं च दस्सनं ।
अदलिद्दो ति तं आहु, अमोघं तस्स जीवितं ॥

३—"तस्मा सद्धं च शीलं च, पसादं धम्मदस्सनं।
अनुयुञ्जेथ मेधावी, सरं बुद्धानसासनं'ति ॥"

अर्थ :—

१—"जसको श्रद्धा तथागतप्रति अचल र सुप्रतिष्ठित छ, जसको कल्याण शील, आर्यकान्त र प्रशंसित छ;

२—"जसको चित्त ऋजु, दर्शनीय र सङ्घमा प्रसन्न छ, त्यस्ताको जीवनलाई अ-दरिद्र र असोघ भनिन्छ।

३—"त्यसैले मेधावी पुरुषहरू बुद्ध र धर्मको अनुस्मरणगर्दै श्रद्धा, शील, प्रसन्नता र धर्मदर्शनमा अनुयुक्त होऊन्।"

यी गाथाद्वारा अनाथपिण्डिक गृहपतिलाई अनुमोदनगरी आयुष्मान् सारिपुत्र आसनबाट उठी फर्केर जानुभयो।

त्यसपछि आयुष्मान् आनन्द जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका आयुष्मान् आनन्दसँग भगवान्ले सोध्नुभयो :—

"हे आनन्द ! यस्तो मध्यान्ह समयमा कहाँबाट आइरहेछौ ?"

"भन्ते ! आयुष्मान् सारिपुत्रले यस्तो प्रकारले अनाथपिण्डिक गृहपतिलाई अववाद-उपदेश गर्नुभयो" भनी भगवान्लाई जम्मैकुरा सुनाउनुभयो।

"हे आनन्द ! सारिपुत्र पण्डित हुन्, महाप्राज्ञ हुन्, जहाँ कि चार स्रोतापत्त्यङ्गलाई दश आकारले विभाजनगरी बताईदिए।"

× × ×

मूल सूत्र :—

११–कति दान-पात्र छन् ?

एक दिन अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे[१] । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिले भगवान्सँग प्रश्न सोधे :—

"भन्ते ! लोकमा कति दक्षिणेय छन् ? कुन ठाउँमा दान दिनुपर्छ ?"

"हे गृहपति ! लोकमा शैक्ष र अशैक्ष[२] दुइ दक्षिणेय छन् । यही दुइ दक्षिणेय हुन् जहाँ दानदिन योग्य छ ।"

यति भन्नु भएपछि पुनः गाथा भन्नु भयो :—

"सेखो असेखो च इमस्मिं लोके,
आहुनेय्या यजमानानं होन्ति ।
ते उज्जुभूता कायेन, वाचाय उद चेतसा,
खेत्तं तं यजमानानं, एत्थ दिन्नं महप्फलं ॥"

---

१. अं. नि–२ पृ. ६०: सचित्तवग्गो ।

२. स्रोतापन्नादि चार मार्गहरूमा लागेकालाई 'शैक्ष' र अरहन्त-फल प्राप्त गरिसकेकालाई 'अशैक्ष' भनिन्छ ।

अर्थ :—

"यो लोकमा शैक्ष र अशैक्ष दुइ यजमानहरूका आहुनेय्य (स्वागत योग्य) हुन्, उनीहरू काय, वाक् र चित्तले ऋजु हुन्छन् र यजमानहरूको क्षेत्र समान भएको हुँदा— यहाँ दानदिनु महत्फलदायी हुन्छ ।"

[यति कुरा सुनेपछि अनाथपिण्डिक गृहपति सन्तुष्ट भए ।]

× × ×

मूल सूत्र :—

१२–भद्राभद्र मरण

एक समय अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे[१] । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले निम्न कुरा सुनाउनु भयो :—

"हे गृहपति ! चित्त सुरक्षित भएनभने काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि सुरक्षित हुँदैन । असुरक्षित काय-कर्म, वची-कर्म र मनः-कर्म हुनेको काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि रागादि क्लेशद्वारा भिजेको हुन्छ । रागादि क्लेशद्वारा भिजेको काय-कर्म, वची-कर्म र मनः-कर्म दूषित हुन्छ । दूषित काय-कर्म, वची-

१. अं. नि–३. पृ. २४२: अरक्खितसुत्तं ।

कर्म, र मनः-कर्म हुनेको मृत्यु, भद्ररूपले हुँदैन अभद्ररूपले नै हुन्छ ।

"हे गृहपति ! जस्तो कि – राम्ररी छाना नछाएको घरको धुँरी पनि असुरक्षित हुन्छ, मुसीहरू पनि असुरक्षित हुन्छन् र भित्ता पनि असुरक्षित हुन्छ; धुँरीबाट पनि पानी पस्छ, मूसीहरूबाट पनि पानी पस्छ र भित्ता पनि भिज्छ; धुँरी पनि कुहिन्छ, मूसीहरू पनि कुहिन्छन् र भित्ता पनि गल्छ ।

"हे गृहपति ! यस्तैगरी चित्त सुरक्षित नहुँदा काय-कर्म पनि, वची-कर्म पनि तथा मनः-कर्म पनि सुरक्षित हुन्न । असुरक्षित काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको काय-कर्म पनि, वची-कर्म पनि तथा मनः-कर्म पनि रागादि क्लेशद्वारा भिजेको हुन्छ । रागादि क्लेशद्वारा भिजेको काय-कर्म, वची-कर्म तथा मनः-कर्म दूषित हुन्छ । दूषित काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको मृत्यु, भद्ररूपले हुँदैन अभद्ररूपले नै हुन्छ ।

"हे गृहपति ! चित्त सुरक्षित भएमा काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि सुरक्षित हुन्छ । सुरक्षित काय-कर्म, वची-कर्म र मनः-कर्म हुनेको काय-कर्म पनि वची-कर्म पनि र मनः-कर्म पनि रागादि क्लेशद्वारा भिजेको हुँदैन । रागादि क्लेशद्वारा नभिजेको काय-कर्म, वची-कर्म र मनः-कर्म दूषित हुँदैन । दूषित नभएको काय-कर्म, वचीकर्म र मनः-कर्म हुनेको मृत्यु, भद्ररूपले नै हुन्छ अभद्ररूपले हुँदैन ।

"हे गृहपति ! जस्तो कि—राम्ररी छाना छाएको घरको धुँरी

पनि सुरक्षित हुन्छ, मुसीहरू पनि सुरक्षित हुन्छन्, र भित्ता पनि सुरक्षित हुन्छ; धुँरीमा पनि पानी पर्दैन, मुसीहरूमा पनि पानी पर्दैन र भित्ता पनि भिज्दैन; धुँरी पनि कुहिंदैन, मुसीहरू पनि कुहिंदैनन् र भित्ता पनि गल्दैन ।

"हे गृहपति ! यस्तैगरी चित्त सुरक्षित हुँदा काय-कर्म पनि, वची-कर्म पनि तथा मनः-कर्म पनि सुरक्षित हुन्छ । सुरक्षित काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको काय-कर्म पनि, वची-कर्म पनि तथा मनः-कर्म पनि रागादि क्लेशद्वारा भिजेको हुँदैन । रागादि क्लेशद्वारा नभिजेको काय-कर्म, वची-कर्म तथा मनः-कर्म दूषित हुँदैन । अदूषित काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको मृत्यु, भद्ररूपले नै हुन्छ अभद्ररूपले हुँदैन ।

[यति कुरा सुनेर अनाथपिण्डिक गृहपति प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

१३–दश-कामभोगीहरू

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नु भएको थियो[१] ।

---

१. अं. नि–१०. पृ. २४१: कामभोगीसुत्तं ।

अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले निम्न कुरा भन्नुभयो :—

"हे गृहपति ! दश-कामभोगीहरू लोकमा विद्यमान् छन्। कुन दश भने ? —

a (१) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस[१] तथा अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र बलियोपार्छ, न बाँडछ न त पुण्यकार्य नै गर्छ।

a (२) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस तथा अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा केवल आफुलाई मात्र सुखी र बलियोपार्छ तर बाँडदैन, न त पुण्यकार्य नै गर्छ।

a (३) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस तथा अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ।

b (१) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस र अ-साहस (साहस कर्म विना), धर्म र अधर्मतापूर्वक भोगसम्पत्ति

---

१. धर्माधर्मको वास्ता नराखी जुनसुकै तरिकाले भए पनि भोगसम्पत्ति मात्र उपार्जन गर्न कोशिस गर्ने।

खोजीगर्छ र साहस र असाहस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र बलियोपार्छ, न बाँडछ न त पुण्य-कार्य नै गर्छ।

b (२) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस र असाहस, धर्म र अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहस र असा-हस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा केवल आफुलाई मात्र सुखी र बलियोपार्छ तर बाँडदैन, न त पुण्यकार्य नै गर्छ।

b (३) 'हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस र असाहस, धर्म र अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहस र असा-हस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ।

c (१) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहस विना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहसविना धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र बलियोपार्छ, न बाँडछ, न त पुण्यकार्य नै गर्छ।

c (२) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहसविना-धर्मतापूर्वक भोगसम्पित्ति खोजीगर्छ र साहसविना-धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा केवल आफुलाई मात्र सुखी र बलियोपार्छ तर बाँडदैन, न त पुण्यकार्य नै गर्छ।

c (३) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहसविना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहसविना-धर्मतापूर्वक खोजीगरेको

भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ ।

d (१) "हे गृहपति ! यहाँ एकथरी कामभोगीले साहसविना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ र साहसविना-धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि, पुण्यकार्य पनि गर्छ । त्यो कामभोगी त्यस भोगसम्पत्तिमा बाँधिएको पनि हुन्न, मूर्छित पनि हुन्न, न डुबिनैरहेको हुन्छ बल्कि अवगुण देख्ने र मुक्ति-चाहनेभई सम्पत्ति परिभोग गर्छ ।

निन्दा-प्रशंसा–a १—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र बलियोपार्छ, न बाँडछ, न त पुण्यकार्य नै गर्छ; त्यस्तालाई—तीन-कारणले निन्दा गर्छन् । 'साहस तथा अधर्मतापूर्वक भोगसम्पत्तिको खोजीगर्छ' भनी यो पहिलो कारणले निन्दा गर्छन् । 'न आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले निन्दा गर्छन् । 'न बाँडछ न त पुण्य नै गर्छ' भनी यो तेश्रो कारणले पनि निन्दा गर्छन् । यसरी सो कामभोगी यी तीनै कारणले निन्दित हुन्छ ।

a २—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई भने सुखी र बलियोपार्छ तर बाँडदैन, पुण्यकार्य पनि गर्दैन; त्यस्तालाई—दुइ कारणले निन्दा गर्छन् र एक कारणले प्रशंसा गर्छन् । 'साहस तथा अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले निन्दा गर्छन् । आफु-

लाई सुखी र बलियोपार्छ' भनी यो एक कारणले प्रशंसा गर्छन् । 'बाँडदैन, पुण्यकार्य पनि गर्दैन' भनी यो दोश्रो कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी दुइ कारणले निन्दित र एक कारणले प्रशंसित हुन्छ ।

a ३—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस तथा अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ; त्यस्तालाई—एक कारणले निन्दा गर्छन्, दुइ कारणले प्रशंसा गर्छन् । 'साहस तथा अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो एक कारणले निन्दा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'बाँडछ, पनि पुण्यकार्य पनि गर्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । यसरी सो कामभोगी एक कारणले निन्दित र दुइ कारणले प्रशंसित हुन्छ ।

b १—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस र असाहस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र बलियोपार्छ, न बाँडछ, न त पुण्यकार्य नै गर्छ; त्यस्तालाई—एक कारणले प्रशंसा र तीन कारणले निन्दा गर्छन् । 'साहसविना धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो एक कारणले प्रशंसा गर्छन् । साहस र अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले निन्दा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले निन्दा गर्छन् । 'न बाँडछ, न त पुण्यकार्य नै गर्छ' भनी यो तेश्रो कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी एक कारणले प्रशंसित र तीन कारणले निन्दित हुन्छ ।

b २—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस र असाहस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई भने सुखो र बलियोपार्छ तर बाँडदैन, पुण्यकार्य पनि गर्दैन; त्यस्तालाई—दुइ कारणले प्रशंसा गर्छन्, दुइ कारणले निन्दा गर्छन् । 'असाहस र धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'साहस र अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले निन्दा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । 'न बाँडछ, न त पुण्यकार्य नै गर्छ' भनी यो दोश्रो कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी यी दुइ कारणले प्रशंसित र यी दुइ कारणले निन्दित हुन्छ ।

b ३—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहस र असाहस, धर्म र अधर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ; त्यस्तालाई—तीन कारणले प्रशंसा र एक कारणले निन्दा गर्छन् । 'साहस रहित धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'साहस र अधर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो एक कारणले निन्दा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । 'बाँडछ पनि पुण्यकार्य पनि गर्छ' भनी यो तेश्रो कारणले प्रशंसा गर्छन् । यसरी सो कामभोगी यी तीन कारणले प्रशंसित र एक कारणले निन्दित हुन्छ ।

c १—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहसविना-धर्मतापूतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा न आफुलाई सुखी र

बलियोपार्छ, न बाँडछ, न त पुण्यकार्य नै गर्छ; त्यस्तालाई—एक कारणले प्रशंसा र दुइ कारणले निन्दा गर्छन् । 'साहसविना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो एक कारणले प्रशंसा गर्छन् । 'न आफुलाई सुखी र बलियोपार्छ' भनी यो पहिलो कारणले निन्दा गर्छन् । 'न बाँडछ, न त पुण्यकार्य नै गर्छ' भनी यो दोश्रो कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी एक कारणले प्रशंसित र दुइ कारणले निन्दित हुन्छ ।

c २—'हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहसविना-धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई भने सुखी र बलियोपार्छ तर बाँडदैन, पुण्यकार्य पनि गर्दैन; त्यस्तालाई—दुइ कारणले प्रशंसा गर्छन् र एक कारणले निन्दा गर्छन् । 'साहसविना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । 'न बाँडछ, न पुण्यकार्य गर्छ' भनी यो एक कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी यी दुइ कारणले प्रशंसित र एक कारणले निन्दित हुन्छ ।

c ३—''हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहसविना-धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ, किन्तु उ सो भोगसम्पत्तिमा बाँधिएको हुन्छ, मूर्छित भएको हुन्छ, डुबिरहेको हुन्छ र अवगुण नदेख्ने तथा मुक्ति नचाहनेभई सम्पत्ति परिभोग गर्छ; त्यस्तालाई—तीन कारणले प्रशंसा गर्छन् र एक कारणले निन्दा गर्छन् । 'साहस रहित धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'आफु-

लाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । 'बाँडछ पनि पुण्यकार्य पनि गर्छ' भनी यो तेश्रो कारणले प्रशंसा गर्छन् । 'किन्तु उ भोगसम्पत्तिमा बाँधिएको हुन्छ, ··· मुक्ति नचाहनेभई सम्पत्ति परिभोग गर्छ' भनी यो एक कारणले निन्दा गर्छन् । यसरी सो कामभोगी यी तीन कारणले प्रशंसित र एक कारणले निन्दित हुन्छ ।'

d १—"हे गृहपति ! यहाँ जो त्यो कामभोगीले साहसविना-धर्मतापूर्वक खोजीगरेको भोगसम्पत्तिद्वारा आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि पुण्यकार्य पनि गर्छ र भोगसम्पत्तिमा बाँधिएको हुन्न, मूर्छित भएको हुन्न, डुबिरहेको हुन्न र अवगुण देखेको हुन्छ तथा मुक्ति चाहनेभई सम्पत्ति परिभोग गर्छ; त्यस्ता कामभोगीलाई—चारै कारणले प्रशंसा गर्छन् । 'साहसविना-धर्मतापूर्वक भोगसम्पत्ति खोजीगर्छ' भनी यो पहिलो कारणले प्रशंसा गर्छन् । 'आफुलाई सुखी र बलियोपार्छ' भनी यो दोश्रो कारणले प्रशंसा गर्छन् । 'बाँडछ पनि, पुण्यकार्य पनि गर्छ भनी यो तेश्रो कारणले प्रशंसा गर्छन् । 'भोगसम्पत्तिमा बाँधिएको हुँदैन, मूर्छित हुँदैन, डुबिरहेको हुँदैन र अवगुण देखेको हुन्छ तथा विमुक्ति चाहनेभई सम्पत्ति परिभोग गर्छ' भनी यो चौथो कारणले पनि प्रशंसा गर्छन् । यसरी सो कामभोगी यी चारै कारणले प्रशंसित हुन्छ ।

"हेगृहपति ! यी नै (उक्त) दश-कामभोगीहरू लोकमा विद्यमान छन् । यी दश-कामभोगीहरूमा जो कामभोगी साहसविना धर्मतापूर्वक भोगसम्पति खोजीगर्छ र साहसविना धर्मतापूर्वक भोगसम्पत्ति खोजीगरी आफुलाई पनि सुखी र बलियोपार्छ, बाँडछ पनि, पुण्यकार्य पनि गर्छ र भोगसम्पत्तिमा बाँधिएको पनि हुन्न, मूर्छित हुन्न, डुबिरहेको

हुन्न बल्कि अवगुण देख्नेभई, मुक्ति चाहनेभई सम्पत्ति परिभोग गर्छ; सोही कामभोगी ती दश-कामभोगीहरू मध्येमा अग्र, श्रेष्ठ प्रमुख, उत्तम र प्रवर ठहरिन्छ ।

"हे गृहपति ! जस्तै – गाइबाट दूध दूधबाट दही, दहीबाट नौनी, नौनीबाट घ्यू, घ्यूबाट घ्यूकोमण्ड अग्र देखिन्छ त्यस्तै—यी (उक्त) दश-कामभोगीहरू मध्येमा जो कामभोगी साहसविना धर्मतापूर्वक ···, मुक्ति चाहनेभई सम्पत्ति परिभोग गर्छ; सोही कामभोगी ती दश-कामभोगीहरू मध्येमा अग्र;··· प्रवर ठहरिन्छ ।"

[यी कुरा सुनेर अनाथपिण्डिक गृहपति सन्तुष्ट भए ।]

× × ×

मूल सूत्र :—

१४–स्रोतापन्न लक्षण

एक दिन अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे[१] । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्‌ले निम्न कुरा सुनाउनु भयो :—

१. अं. नि–९ पृ. ४६: पठमवेरसुत्तं ।

"हे गृहपति ! जब आर्यश्रावकको (अ) पाँच भय र वैरभावहरू उपशान्त हुन्छन् र (आ) चार स्रोतापत्यङ्गहरूले सुसम्पन्न हुन्छन् तब उसले चाहेमा आफुले आफैलाई यस्तो भन्नसक्छ, प्रकाशगर्न सक्छ कि— 'म नरकगतिबाट मुक्तछु, तिरश्चिनगतिबाट मुक्तछु, प्रेतगतिबाट मुक्तछु, अपायगतिबाट मुक्तछु; म स्रोतापन्नहुँ अविनिपातीहुँ र निश्चितपूर्वक सम्बोधिपरायण पनि हुँ ।'

"(अ) कुन पाँच भय र वैरभावहरू उपशान्त भएका हुन्छन् भने ?—हे गृहपति ! प्राणातिपाती र प्राणातीपातको कारणले जुन यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; प्राणातिपातबाट विरतरहँदा यसै जन्ममा र सम्परायिकमा भय-वैरादि तथा मानसिक दुःख-दौर्मनस्य उपशान्त हुन्छ । अदिन्नादायी र अदिन्नादानको कारणले जुन यसै जन्ममा ··· मानसिक दुःख-दौर्मनस्य हुन्छ; अदिन्नादानबाट विरत रहँदा ··· मानसिक दुःख-दौर्मनस्य उपशान्त हुन्छ । काममिथ्याचारी र काममिथ्याचारको कारणले जुन यसै जन्ममा ··· मानसिक दुःख-दौर्मनस्य हुन्छ; काममिथ्याचारबाट विरत रहँदा ··· मानसिक दुःख-दौर्मनस्य उपशान्त हुन्छ । मृषावादी र मृषावादको कारणले जुन यसै जन्ममा ··· मानसिक दुःख-दौर्मनस्य हुन्छ; मृषावादबाट विरत रहँदा ··· मानसिक दुःख-दौर्मनस्य उपशान्त हुन्छ । सुरामेरय मद्य प्रमादस्थायी र सुरामेरय मद्य प्रमादस्थानको कारणले जुन यसै जन्ममा ··· मानसिक दुःख-दौर्मनस्य हुन्छ; सुरामेरय मद्य प्रमादस्थानबाट विरत रहँदा ··· मानसिक दुःख-दौर्मनस्य उपशान्त हुन्छ । यिनै पाँच भय-वैरबाट उपशान्त भएको हुन्छ ।

बुद्धगुण—"(आ) कुन चार स्रोतापत्यङ्गले सुसम्पन्न भएको हुन्छ भने—हे गृहपति! यहाँ आर्यश्रावक बुद्धप्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्याचरण सम्पन्न हुनुहुन्छ, सुगत (असल ठाउँमा पुग्नु भएको) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देव-मनुष्यका शास्ता तथा बुद्ध भगवान् हुनुहुन्छ।'

धर्मगुण—"यहाँ आर्यश्रावक धर्मप्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'भगवान्का धर्म सु-आख्यातछ, प्रत्यक्षणीयछ, अ-कालिक छ, 'आऊ, हेर!' भन्न योग्य छ, औपनयिक (निर्वाण नजिक पुऱ्याउने) छ तथा विज्ञपुरुषद्वारा बोधनीय छ।'

सङ्घगुण—"यहाँ आर्यश्रावक सङ्घप्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ, ऋजुप्रतिपन्नछ, ज्ञेयमार्ग प्रतिपन्नछ, उपयुक्तमार्ग प्रतिपन्नछ; यिनै चार जोडा अर्थात् आठ पुद्गलहरू भगवान्का श्रावकसङ्घ हुन् जो पूजनीय छन्, पाहुना बनाउन योग्य छन्, दक्षिणेय छन्, हातजोरी नमस्कार गर्न योग्य छन् र लोकवासीका निम्ति पुण्यक्षेत्र समान पनि छन्।'

आर्यशील—"यहाँ आर्यश्रावक आर्यकान्त शीलले सुसम्पन्न भएको हुन्छ अर्थात् उसको शील—अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक हुन्छ। यिनै चार स्रोतापत्यङ्गले सुसम्पन्न भएको हुन्छ।

"हे गृहपति ! जब आर्यश्रावकको यी (उक्त) पाँच भय-वैरहरू उपशान्त भएका हुन्छन्, यी (उक्त) चार स्रोतापत्त्यङ्गहरूले सुसम्पन्न भएका हुन्छन् तब उसले चाहेमा आफैले आफुलाई यस्तो भन्नसक्छ, प्रकाशगर्न सक्छ कि—'म नरकगतिबाट मुक्तछु, तिरश्चिनगतिबाट मुक्तछु, प्रेतगतिबाट मुक्तछु, अपायगतिबाट मुक्तछु; म स्रोतापन्नहुँ अविनिपातीहुँ र निश्चितपूर्वक सबोधिपरायण पनि हुँ'।"

[यति कुरा सुनी अनाथपिण्डिक खुशी भए।]

× × ×

मूल पालि :—

१५—कौशाम्बिक भिक्षुहरू

[एक समय भगवान् कौशम्बीस्थित घोषितारामममा बस्नु भएको थियो। त्यस बखत त्यहाँ केही भिक्षुहरूका बीच वादविवाद भएको थियो। यिनीहरू भगवान्का कुरा पनि मान्न तयार भएनन्। यस प्रकार केही भिक्षुहरूका बीच दुइ विचार धारा भए। पछि यिनीहरू कौशम्बीबाट श्रावस्तीस्थित जेतवन विहारमा गए।]

त्यसबेला[१] अनाथपिण्डिक गृहपतिले सुने कि—"ती कौशम्बिक—सङ्घमा झगडागराउने, कलह गराउने, विवाद गराउने, कुरा गराउने—भिक्षुहरू श्रावस्तीस्थित जेतवन विहारमा आउँदै छन्।" अनि अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्-

१. महाव. पृ. २६८: कोसम्बकखन्धं।

लाई अभिवादनगरी एक छेउमा बसे। त्यसपछि उनले भगवान्सँग सोधे :—

"भन्ते ! ती कौशाम्बिक—सङ्घमा झगडा गराउने, कलह गराउने, विवाद गराउने, कुरा गराउने—भिक्षुहरू श्रावस्तीस्थित जेतवन विहारमा आउँदैछन्। उनीहरूप्रति मैले के कस्तो व्यवहार गर्नु पर्ला ?"

"हे गृहपति ! त्यसोभए दुवैथरीलाई दान देऊ ! दुवैथरीलाई दान दिई, दुवैथरीका धर्म-कुराहरू सुन। दुवैथरीका धर्म-कुराहरू सुनिसके पछि त्यसमध्ये जुन भिक्षुहरू धर्मवादी हुन्, उनीहरूका दृष्टि, धारणा र विचारलाई लेऊ !"

× × ×

मूल पालि:—

१६–कर्मान्त गाउँमा

त्यस समय काशीजनपदमा अनाथपिण्डिक गृहपतिको कर्मान्तगाउँ थियो[१]। गृहपतिले अन्तेवासीलाई यस्तो आज्ञा दिएका थिए—"यदि भदन्तहरू आउनु भएमा भोजन तयारगरि दिनू।"

त्यस बखत केही भिक्षुहरू काशीजनपदमा चारिकागर्दै जहाँ अनाथपिण्डिक गृहपतिको कर्मान्तगाउँ थियो त्यहाँ पुगे। सो पुरुषले

१. पाचि. पृ. २१६: अङ्गुलिमुद्दिकवत्थु।

भिक्षुहरू आइरहनु भएको टाढैबाट देखेर ती भिक्षुहरूकहाँ गई अभिवादनगरी निवेदनगरे :—

"भन्ते ! भोलिको निम्ति गृहपतिको निम्तो स्वीकार गर्नु होस् !"

ती भिक्षुहरूले तूष्णिभावले निम्तो स्वीकार गर्नु भयो ।

अनि सो पुरुषले त्यस रात बितिलकेपछि प्रणीत खाद्य भोज्य तयारगरी समयको सूचना दिन पठाए । भिक्षुहरूलाई भोजन गराउन हातको औंठी झिकी भोजन गराए । "आर्य ! भोजन गरेर पाल्नुहोस् ; म पनि काममा जान्छु" भनी काममा गए । औंठी लिनबिर्से । "यदि हामीहरू गयौं भने यो औंठी हराउने छ" भनी भिक्षुहरू त्यहीं नै बसिरहे । सो पुरुष कामबाट फर्केर आउँदा भिक्षुहरू त्यहींनै बसिरहेका देखेर सोधे :—

"हे आर्य ! किन तपाइहरू यहींनै बसिरहनु भएको ?"

भिक्षुहरूले सो पुरुषलाई कारण बताए अनि श्रावस्तीमा गई भिक्षुहरूलाई यो कुरा सुनाए । यसै सन्दर्भमा भगवान्ले भिक्षुहरूलाई धार्मिक कुरा सुनाई आमन्त्रणगरी—"हे भिक्षुहरू म अनुमति दिन्छु कि आरामभित्र वा वासस्थानभित्र भएका रत्न वा रत्नसम्मत बस्तुलिई वा लिनलगाई निक्षेप गरिराख्नू —जसको हो उसले लिनेछ ।"

× × ×

मूल पालि : —

१७–सञ्चोनभएका अनाथपिण्डिक

श्रावस्तीमा[१] ।

त्यस बखत अनाथपिण्डिक गृहपतिलाई सञ्चो थिएन, सारै बिसञ्चो भएकाले दुःखी थिए । अनि अनाथपिण्डिक गृहपतिले एक पुरुषलाई बोलाई —"हे पुरुष ! आऊ ! तिमी जहाँ आयुष्मान् आनन्द हुनुहुन्छ त्यहाँगई, मेरो बचनले आयुष्मान् आनन्दको चरणकमलमा शीरले वन्दनागरी — 'भन्ते ! अनाथपिण्डिक गृहपतिलाई सञ्चोछैन, सारै बिसञ्चो भएकाले दुःखीछ । उ आयुष्मान् आनन्दको चरणकमलमा शीरले वन्दना गर्छ' भनी भनेर यस्तो निवेदनगर—'भन्ते ! अनुकम्पा-राखी आयुष्मान् आनन्द जहाँ अनाथपिण्डिक गृहपति छ त्यहाँ पाल्नुभए बेश हुने थियो ।"

"हवस्" भनी अनाथपिण्डिक गृहपतिलाई प्रत्युत्तरदिई सो पुरुष जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् आनन्दलाई अभिवादनगरी एक छेउमा बस्यो । अनि उसले आयुष्मान् आनन्दलाई निवेदन गऱ्यो : —

"भन्ते ! अनाथपिण्डिक गृहपतिलाई सञ्चोछैन; सारै बिसञ्चो भएकाले वहाँ दुःखी हुनुहुन्छ । वहाँ आयुष्मान् आनन्दको चरणकमलमा

१. सं. नि–५. पृ. ३२९ : दुतियअनाथपिण्डिकसुत्तं ।

शीरले वन्दना गर्नु हुन्छ र यस्तो पनि भन्नुहुन्छ—'भन्ते ! अनुकम्पाराखी आयुष्मान् आनन्द जहाँ अनाथपिण्डिक गृहपतिछ, त्यहाँ पाल्नुभए बेश हुनेछ' ।"

आयुष्मान् आनन्दले तूष्णिभावले स्वीकार गर्नु भयो ।

अनि आयुष्मान् आनन्द पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र चीवर ग्रहणगरी जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थान हो त्यहाँ जानुभई बिच्छ्याइराखेको आसनमा बस्नुभयो । त्यसपछि आयुष्मान् आनन्दले अनाथपिण्डिक गृहपतिसँग सोध्नुभयो :—

"हे गृहपति ! क्षमनीय र यापनीयत छौ ? दुःखवेदना घटेर जान्छ कि बढेर आउँछनि ? घटेर गएको देखिन्छ कि बढेर आएको देखिन्छ ?"

"भन्ते ! मलाई क्षमनीय र यापनीय छैन । मेरो दुःखवेदना बढेकैछ, घटेको छैन; बढेकै धेरै देखिन्छ, घटेको देखिन्न ।"

"हे गृहपति ! अश्रुतवान् पृथक्जनलाई चार कारणहरूले उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुन्छन् । कुन चार भने :—

(१) "हे गृहपति ! अश्रुतवान् पृथक्जनको चित्त बुद्धप्रति अप्रसन्नयुक्त हुन्छ, आफुमा बुद्धप्रति अप्रसन्नयुक्त चित्त भएको पाउँदा उसकोमनमा—उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुन्छ ।

(२) "फेरि, अश्रुतवान् पृथक्जनको चित्त धर्मप्रति अप्रसन्न

युक्त हुन्छ, आफुमा धर्मप्रति अप्रसन्नयुक्त चित्त भएको पाउँदा उसको मनमा — उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुन्छ ।

(३) "फेरि, अश्रुतवान् पृथक्जनको चित्त सङ्घप्रति अप्रसन्नयुक्त हुन्छ, आफुमा सङ्घप्रति अप्रसन्नयुक्त चित्त भएको पाउँदा उसको मनमा —उत्रास, जिरीङ्ग र सम्परायिक मरणभय उत्पन्न हुन्छ ।

(४) "फेरि, अश्रुतवान् पृथक्जनको चित्त दुशिशल्ययुक्त हुन्छ, आफुमा दुश्शिल्ययुक्त चित्त भएको पाउँदा उसको मनमा—उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुन्छ ।

(१) "हे गृहपति ! श्रुतवान् आर्यश्रावकको चित्त बुद्धप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको हुन्छ—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,[१] तथा भगवान् बुद्ध हुनुहुन्छ ।' बुद्धप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको चित्त आफुमा पाउँदा, उसको मनमा उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुँदैन ।

(२) "फेरि, श्रुतवान् आर्यश्रावको चित्त धर्मप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको हुन्छ—'भगवान्‌को धर्म सु-आख्यातछ,[१] तथा विज्ञपुरुषद्वारा बोधनीयछ ।' धर्मप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको चित्त आफुमा पाउँदा, उसको मनमा उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुँदैन ।

(३) "फेरि, श्रुतवान् आर्यश्रावकको चित्त सङ्घप्रति उत्कृष्ट

---

१. हेर पृ. ८७ बुद्धगुण, धर्मगुण ।

प्रसन्नताले सुसम्पन्न भएको हुन्छ – 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ,[२०] तथा लोकवासीका निम्ति पुण्यक्षेत्र पनि हुन् ।' सङ्घप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको चित्त आफुमा पाउँदा, उसको मनमा उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुँदैन ।

(४) "फेरि श्रुतवान् आर्यश्रावकको चित्त आर्यकान्त शीलले सुसम्पन्न हुन्छ अर्थात उसको शील – अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक हुन्छ । आर्यकान्त शीलले सुसम्पन्न भएको चित्त आफुमा पाउँदा, उसको मनमा उत्रास, जिरीङ्ग र सम्परायिक मरण-भय उत्पन्न हुँदैन ।"

"भन्ते, आनन्द ! म डराउँदिन, केलाइ म डराउने ! बुद्धप्रति म उत्कृष्ट प्रसन्नताले सुसम्पन्नछु—'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,[२०] तथा भगवान् बुद्ध हुनुहुन्छ ।' धर्मप्रति म उत्कृष्ट प्रसन्नताले सुसम्पन्नछु — 'भगवान्को धर्म सु-आख्यातछ,[२०] तथा विज्ञपुरुषद्वारा बोधनीयछ ।' सङ्घप्रति म उत्कृष्ट प्रसन्नताले सुसम्पन्नछु — 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ,[२०] तथा लोकवासीका निम्ति पुण्यक्षेत्र हुन् ।'

"भन्ते ! जुन भगवान्ले गृही-सदाचार, गृही-शिक्षापदहरू उपदेश गर्नु भएकोछ, त्यसमा म आफुलाई कुनै खण्डित भएको पाउँदिन ।"

---

२. हेर. पृ. ८७ बुद्ध, धर्म, संघगुणमा ।

"हे गृहपति ! यो तिम्रोलागि ठूलो सुलाभहो !! तिमीले स्रोतापत्तिफलको कुरा व्यक्तगऱ्यौ !"

× × ×

मूल सूत्रः—

१८—असल र खराबचित्तको परिणाम

फेरि एकदिन एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले भन्नुभयो[1]—

"हे गृहपति ! चित्त खराब (अनिर्मल) भएमा काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि खराबनै हुन्छ। खराब काय-कर्म, वची-कर्म, तथा मनः-कर्म हुनेको मृत्यु पनि खराबरूपलेनै हुन्छ, असलरूपले हुँदैन।

"हे गृहपति ! जस्तो कि—राम्ररी छाना नछाएको घरको धुँरी पनि खराब हुन्छ, मूसीहरू पनि खराब हुन्छन् तथा भित्ताहरू पनि खराबनै हुन्छन्।

"हे गृहपति ! त्यस्तैगरी—चित्त खराब भएमा काय-कार्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि खराबनै हुन्छ। खराब काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको मृत्यु पनि खराबरूपलेनै हुन्छ, असलरूपले हुँदैन।

---

१. अं. नि—३. पृ. २४३ : ब्यापन्नसुत्तं।

"हे गृहपति ! चित्त असल (निर्मल[१]) भएमा काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि असल (निर्मल) हुन्छ । असल काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको मृत्यु असलरूपलेनै हुन्छ, खराबरूपले हुँदैन ।

"हे गृहपति ! जस्तो कि—राम्ररी छाना छाएको घरको धुँरी पनि खराब हुन्न, मूसीहरू पनि खराब हुन्नन् भित्ताहरू पनि खराब हुन्नन् ।

"हे गृहपति ! यस्तैगरी—चित्त असल (निर्मल) भएमा काय-कर्म पनि, वची-कर्म पनि, मनः-कर्म पनि असलनै हुन्छ । असल काय-कर्म, वची-कर्म तथा मनः-कर्म हुनेको मृत्युपनि असलनै हुन्छ, खराब हुन सक्दैन ।

[यति कुरा सुनेर अनाथपिण्डिक गृहपति सन्तुष्ट भए ।]

× × ×

---

१. यस ठाउँमा असल (निर्मल) चित्त भनेको चित्तको प्रकृति, निर्मल स्वभावलाई भनेको हो । चित्तको प्रकृतिरूप निर्मल हुन्छ । बाहिर-बाट आउने रागादि क्लेशद्वारानै चित्त मलिन हुन्छ । जस्तै अं. नि. को एकक निपातमा, 'पभस्सरमिदं भिक्खवेचित्तं । तंच खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलिट्ठं', अर्थात् हे भिक्षुहरू ! यो चित्त प्रभाश्वर निर्मलछ किन्तु सोही आगन्तुक उपक्लेशद्वारा लिकण्ठ हुन्छ—पृ. १० ।

मूल सूत्र :—

१९—दान-भन्दा ध्यान-महत्फल

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नु भएको थियो[1] ।

अनि अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिसँग भगवान्ले सोध्नुभयो :—

"हे गृहपति ! के अहीले पनि तिम्रो कुलघरमा दान दिइन्छ ?"

"भन्ते ! अहीले पनि मेरो कुलघरमा दान दिइन्छ, तर त्यो रूक्षछ, केही अँमिलोखोलेको साथ कनिका पकाएर खाना दिइन्छ ।"

"हे गृहपति ! चाहे रूक्षहोस्, चाहे प्रणीतहोस्; यदि त्यो दान असत्कारपूर्वक, अगौरवपूर्वक दिइन्छ भने अथवा आफ्नै हातले दिइन्न भने अथवा फ्याक्ने जस्तोगरी दिइन्छ र दिएको दानको फलपनि पाईंदैन भन्ने धारणाले दिइन्छ भने, त्यस्तो दानको फलद्वारा जहाँ जन्मेतापनि बढिया बढिया स्वादिष्ट खाना खानमा उसको मन लाग्दैन; राम्रा राम्रा लुगाहरू लगाउनमा उसको मन लाग्दैन, राम्रा राम्रा रथवाहनहरूद्वारा जानमा उसको मन लाग्दैन, न उत्तम उत्तम पञ्चविषय-सुखभोग गर्नमानै

---

१. अं. नि–९. पृ. ३५ : वेलामसुत्तं ।

उसको मन लाग्छ । उसका जुन पुत्रहरू, स्त्रीहरू, दाशहरू, प्रेश्यहरू, अथवा कामदारहरू हुन्छन् तिनीहरूले उसको कुरा सुन्नमा मन दिंदैनन्, न कानं थाप्छन्, न त कुरा बुझ्नको निम्ति ध्यानै दिन्छन् । सो किन भएको भने ?—गृहपति ! सोही असत्कारपूर्वक दिइएको दान-कर्मको फलद्वारानै त्यस्तो हुन गएको हो ।

"हे गृहपति ! चाहे रूक्षहोस्, चाहे प्रणीत होस्; यदि त्यो दान सत्कारपूर्वक, गौरवपूर्वक तथा आफ्नै हातले दिइन्छ, फ्याक्ने जस्तो गरेर पनि दिईंदैन बल्कि दिएको दानको फल पाइन्छ भन्ने धारणाले दिइन्छ भने, त्यस्तो दानको फलद्वारा जहाँ जन्मेतापनि बढिया बढिया स्वादिष्ट खाना खानमा उसको मनलाग्छ; राम्रा राम्रा लुगाहरू लगाउनमा उसको मनलाग्छ, राम्रा राम्रा रथहरूद्वारा जानमा उसको मनलाग्छ, उत्तम उत्तम पञ्चविषय-सुखभोग गर्नमा पनि उसको मनलाग्छ । उसका जुन पुत्रहरू, स्त्रीहरू, दाशहरू, प्रेश्यहरू अथवा कामदारहरू हुन्छन्, तिनीहरूले उसको कुरा सुन्नमा मन दिन्छन्, कान पनि थाप्छन् र कुरा बुझ्नको निम्ति ध्यान पनि दिन्छन् । सो किन भएको भने ?—गृहपति ! सोही सत्कारपूर्वक दिइएको दानकर्मको फलद्वारानै त्यस्तो हुन गएको हो ।

वेलाम ब्राह्मणको दान

"हे गृहपति ! अतीत समयमा वेलाम भन्ने ब्राह्मण थिए । उनले यस्तो दान दिएका थिए :—रूपैयाँ भरिएका ८४ हजार सुवर्ण-पात्रहरू, सुन भरिएका ८४ हजार चाँदीका पात्रहरू, हिरण्य भरिएका

८४ हजार काँसका पात्रहरू, सुवर्णालंकृत, सुवर्ण ध्वजापताका र हेमजाल विभूषित ८४ हजार हात्तीहरू; सींहचर्म, ब्याघ्रचर्म, मृगचर्म, उत्तम कम्बलहरूले सुसज्जित सुवर्णालंकार, सुवर्णध्वजा र हेमजालहरूले अलंकृत ८४ हजार रथहरू; अनेक वस्त्रालंकृत र दूध थाप्ने काँसका भाँडाहरू सहित ८४ हजार धेनुहरू दान दिए। आमुक्तमणि-कुण्डल विभूषित ८४ हजार कन्याहरू पनि दान दिए। दुवैतरफबाट रातो तकिया भएको, अनेकप्रकारका बिच्छ्याउनाहरू सहित ओढने कपडाहरू समेत भएका ८४ हजार पलङ्गहरू; ८४ हजार पाँच पाँच गजका सन कपडा, रेशम कपडा, कम्बल, सूती कपडाका र पछ्यौराहरूगरी सहश्रकोटी कपडाहरू दान दिए। अन्न, पान, खाद्य, भोज्य, लेय्य, पेय्य वस्तुहरूको त कुरै गर्नु पर्दैन — मानो दानवस्तुहरूका नदी बगेझैं।

"हे गृहपति! शायद तिम्रो मनमा, 'त्यस्तो दानदिने वेलाम ब्राह्मण को रहेछन्?' भन्ने लाग्ला। तिमीले यसरी विचारगर्नै पर्दैन। त्यसबेला त्यस्तो महान दानदिने वेलाम भन्ने ब्राह्मण मनै थिएँ। त्यसबखत दक्षिणेय[१] पुरुषहरू कोही पनि थिएनन्, न त्यो दान कुनै प्रतिग्राहकबाट विशुद्ध अर्थात् महत्फलनै भएको थियो।

---

१. स्रोतापन्न, सकृदागामी, अनागामी तथा अरहन्तहरूलाई 'दक्षिणेय' भनिन्छ। त्यसबखत त्यस्ता कुनै पनि पुरुष नभएकोले कुनैपनि प्रतिग्राहकबाट दानको फल विशुद्ध भएको थिएन अर्थात् दानपात्रबाट महत्फल भएको थिएन।

दान-विशुद्धि

"हे गृहपति ! त्यसबखतमा जुन त्यत्रो महान दान वेलाम ब्राह्मणले दिए त्यो दानको फल भन्दा कुनै एक दृष्टिसम्पन्न[१] पुरुषलाई दिएको दानको फल महानछ ।

१—"शय दृष्टिसम्पन्न हुनेलाई दिएको दानको फलभन्दा एक सकृदागामी[२] हुनेलाई दिएको दानको फल महानछ ।

२—"शय सकृदागामी हुनेलाई दिएको दानको फलभन्दा एक अनागामी[३] हुनेलाई दिएको दानको फल महानछ ।

३—"शय अनागामी हुनेलाई दिएको दानको फलभन्दा एक अरहन्तलाई[४] दिएको दानको फल महानछ ।

४—"शय अरहन्त हुनेलाई दिएको दानको फलभन्दा एक प्रत्येक बुद्धलाई दिएको दानको फल महानछ ।

५—"शय प्रत्येक-बुद्ध हुनेलाई दिएको दानको फलभन्दा एक तथागत अरहत् सम्यक् सम्बुद्ध[५]लाई दिएको दानको फल महानछ ।

---

१. स्रोतापन्न पुरुष । यो सातपटक बाहेक जन्म हुन्न र त्यसपछि परि-निर्वाण हुन्छ ।

२. एकपटकसम्ममात्र जन्मलिई त्यसपछि निर्वाण हुने पुरुष ।

३. यसलोकमा जन्म नलिई ब्रह्मलोकबाटै निर्वाण प्राप्त गर्ने पुरुष ।

४. यसै जन्ममा आस्रवक्षयगरी निर्वाण प्राप्त पुरुष ।

५. स्वयं सम्बोधि प्राप्तगरी निर्वाण प्राप्त महापुरुष ।

६—"शय तथागत अरहत् सम्यक् सम्बुद्धलाई दिएको दानको फलभन्दा बुद्धप्रमुख भिक्षुसङ्घलाई दिएको दानको फल महानछ ।

७—"शय बुद्धप्रमुख भिक्षुसङ्घलाई दिएको दानको फलभन्दा चारैदिशाबाट आउने भिक्षुसङ्घको निमित्त बनाइदिएको विहारदानको फल महानछ ।

८—"चारैदिशाबाट आउने भिक्षुसङ्घको निम्ति बनाइदिने विहारदानको फलभन्दा प्रसन्नचित्तले बुद्ध, धर्म तथा सङ्घको शरणमा जानेको फल महानछ ।

९—"बुद्ध, धर्म तथा सङ्घको शरणमा जानेको फलभन्दा प्रसन्न-चित्तले निम्न पाँच शिक्षापदहरू पालनगरेको फल महानछ—'(१) प्राणीघातबाट विरत रहनु, (२) अदिन्नादान (चोरी) बाट विरत रहनु, (३) काम-मिथ्याचारबाट विरत रहनु, (४) मृषावादबाट विरत रहनु र (५) सुरा, मेरय, मद्य प्रमादस्थानबाट विरत रहनु ।' योभन्दा पनि नाकले गन्ध सुँघने बेलासम्म अथवा दूध दुहनको लागि एकचोटि गाइको थुनामा हात लगाउने समयसम्म मैत्रीचित्त भावना गरेको फल महानछ ।

"हे गृहपति ! वेलाम ब्राह्मणले जुन महान दान दिएका थिए — जुन एक दृष्टिसम्पन्न पुरुषलाई दिइने भोजन दान हो, जुन शय दृष्टि-सम्पन्न पुरुषहरूलाई दिइने भोजन दानहो, जुन एक सकृदागामीलाई दिइने भोजन दानहो, जुन शय सकृदागामीहरूलाई दिइने भोजन दानहो, जुन एक अनागामीलाई दिइने भोजन दानहो, जुन शय अनागामीहरू-

लाई दिइने भोजन दानहो, जुन एक अरहन्तलाई दिइने भोजन दानहो, जुन शय अरहन्तहरूलाई दिइने भोजन दानहो, जुन एक प्रत्येक-बुद्धलाई दिइने भोजन दानहो, जुन शय प्रत्येक-बुद्धहरूलाई दिइने भोजन दानहो, जुन एक तथागत अरहत् सम्यक् सम्बुद्धलाई दिइने भोजन दानहो, जुन शय तथागत अरहत् सम्यक् सम्बुद्धलाई दिइने भोजन दानहो र जुन बुद्धप्रमुख भिक्षुसङ्घलाई दिइने भोजन दानहो, जुन चारैदिशाबाट आउने भिक्षुसङ्घको निम्ति विहार बनाइदिइनेहो, जुन प्रसन्नचित्तले बुद्ध, धर्म तथा सङ्घको शरणमा जाने हो, जुन प्रसन्नचित्तले पाँचै शिक्षापदहरूको पालन गर्नेहो, जुन गन्ध सुँघने समयसम्म मैत्री-चित्त भावना गर्नेहो र जुन एक चुट्कीको समयसम्म भएपनि अनित्यसंज्ञा[१]को भावना गर्नेहो— यिनीहरूमध्ये एक चुट्कीको समयसम्म भएपनि अनित्यसंज्ञाको भावना गर्नु नै सबभन्दा महत्फलछ।"

[यति उपदेशसुनी अनाथपिण्डिक गृहपति प्रसन्न भए।]

× × ×

मूल सूत्र :—

२०—सम्पत्तिद्वारा हुनुपर्ने काम

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक सेठको

---

१. अनित्यतालाई मननगरी त्यसैलाई प्रधानता राखी भावना गर्नेलाई 'अनित्यसंज्ञा'को भावना भन्दछन्।

जेतवन विहारमा बस्नु भएको थियो[1] ।

त्यसबखत अनाथपिण्डिक गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । अनि भगवान्ले अनाथपिण्डिक गृहपतिलाई निम्नकुरा भन्नुभयो :—

"हे गृहपति ! भोगसम्पत्तिद्वारा यी पाँच कर्तव्य पालन गर्नु पर्छ । कुन पाँच भने ?—

"(१) उत्थान बलवीर्यद्वारा उपलब्ध गरिएको, बाहुबलद्वारा सञ्चित गरिएको र पसिना बगाई धर्मतापूर्वक उपार्जन गरिएको भोग-सम्पत्ति हुने आर्यश्रावकले आफुलाई धर्मतापूर्वक सुखी तुल्याउनु पर्छ, प्रमुदित तुल्याउनु पर्छ र राम्ररी सुखभोग परिहरण गर्नु पर्छ । भोग-सम्पत्तिबाट गर्नु पर्ने यो पहिलो कर्तव्य हो ।

"(२) फेरि उत्थान बलवीर्यद्वारा उपलब्ध गरिएको भोगसम्पत्ति हुने आर्यश्रावकले ज्ञाति-मित्रहरूलाई सुखी तुल्याउनु पर्छ, प्रमुदित तुल्याउनु पर्छ र राम्ररी सुखभोग परिहरण गराउनु पर्छ । भोगसम्पत्ति-बाट गर्नु पर्ने यो दोश्रो कर्तव्य हो ।

"(३) फेरि उत्थान बलवीर्यद्वारा उपलब्ध गरिएको…भोग-सम्पत्तिलाई आपदहरूबाट अर्थात् अग्निभयबाट, पानीको भयबाट, राजभयबाट, चोरकोभयबाट र अप्रिय अनधिकारी व्यक्तिको हातमापर्ने भयबाट बचाई आफुलाई निर्बिघ्न र क्षेम तुल्याउनु पर्छ । भोगसम्पत्ति-बाट गर्नु पर्ने यो तेश्रो कर्तव्य हो ।

---

१. अं. नि–५. पृ. ३१० : आदियसुत्तं ।

"(४) फेरि उत्थानबलवीर्यद्वारा उपलब्ध गरिएको...भोग-सम्पत्तिबाट धर्मानुकूल पञ्चबली[१] अर्थात् (१) ज्ञाति-बली, (२) अतिथी-बली, (३) पूर्वप्रेत-बली, (४) राज-बली र (५) देव-बली (पूजा) गर्नुपर्छ। भोगसम्पत्तिबाट गर्नुपर्ने यो चौथो कर्तव्य हो।

"(५) फेरि उत्थानबलवीर्यद्वारा उपलब्ध गरिएको, बाहुबल-द्वारा सञ्चित गरिएको र पसिना बगाई धर्मतापूर्वक उपार्जन गरिएको भोगसम्पत्ति हुने आर्यश्रावकले प्रमाद रहित भई, क्षान्ति-शीलमा बसेका, आत्मदमनका साथ आत्म-शान्ति भएका, परिनिर्वाणको बाटोमा लागेका र उँभोजाने बाटोमा लागेका श्रमण-ब्राह्मण (श्रेष्ठ) हरूलाई दानदिन्छ— जुन पुण्यकार्यले उसकोलागि स्वर्गगामी, सुखविपाकी र विशिष्ट स्वर्गवास-सम्म पनि पुऱ्याउन सक्ने हुन्छ। भोगसम्पत्तिबाट गर्नुपर्ने यो पाँचौं कर्तव्य हो।"

"हे गृहपति! यदि यी पाँच दातव्य कार्य गर्दा आर्यश्रावकको भोगसम्पत्ति परिक्षीण हुँदै गयो भने उसले यस्तो विचार गर्छ :—

'जुन भोगसम्पत्तिद्वारा दातव्य कार्य गर्नुपर्ने थियो सोही कार्य गर्दै भोगसम्पत्ति परिक्षीण हुँदैगयो।' यसबाट उसलाई अन्यथा हुँदैन।

---

१. यहाँ पञ्चबलीको अर्थ हिंसायुक्त कुनै पूजा नभई केवल ज्ञाति-संग्रह, अतिथी-संग्रह, परलोक भइसकेका ज्ञातिहरूलाई पुण्य अर्पण, राज्य वा राजालाई तिर्नुपर्ने कर, शुल्कादि तिर्ने र अहिंसापूर्वक देवतादि-को पूजा गर्नु हो।

यदि यी पाँच दातव्य कार्य गर्दा आर्यश्रावकको भोगसम्पत्ति अभिवृद्धि भएर आयो भने उसले यस्तो विचार गर्छ :—

'जुन भोगसम्पत्तिद्वारा दातव्य कार्य गर्नु पर्ने थियो सोही कार्य गर्दै भोगसम्पत्ति अभिवृद्धि भएर आयो ।' यसबाट पनि उसलाई अन्यथा हुँदैन । बल्कि दुवै कारणबाट उ सन्तुष्टनै हुन्छ" भन्नुहुँदै निम्न गाथा सुनाउनु भयो :—

१—"भुत्ता भोगा भता भच्चा, वितिण्णा आपदासु मे ।
उद्धग्गा दक्खिणा दिन्ना, अथो पञ्चबलीकता ।
उपट्ठिता सीलवन्तो, सञ्ञता ब्रह्मचारयो ॥

२—"यदत्थं भोगं इच्छेय्य, पण्डितो घरमावसं ।
सो मे अत्थो अनुप्पत्तो, कतं अननुतापियं ॥

३—"एतं अनुस्सरं मच्चो, अरियधम्मे ठितो नरो ।
इच्छे नं पसंसन्ति, पेच्च सग्गे पमोदती'ति ॥"

अर्थ :—

१—"भोगसम्पत्ती अनुभोग गरेकोछु, पालन-पोषण गर्नु पर्ने अर्थात् भृत्यलाई पालन-पोषण गरेकोछु, आपतबाट पनि उत्तीर्ण भएकोछु; उँभोलाग्नेलाई (श्रमण-ब्राह्मणलाई) दान दक्षिणा दिएकोछु, पञ्चबली-कार्य र संयमी, ब्रह्मचारी तथा शीलवान्‌लाई उपस्थान पनि गरेकोछु ।

२—"पण्डितभई घरमा बस्नेलाई जुन कामकोनिमित्त भोग-सम्पत्ती चाहिन्थ्यो, सो कामकोलागि सम्पत्ती पनि प्राप्तछ र त्यसद्वारा अनुताप गर्नु नपर्ने काम पनि गरेकोछु ।

३—"आर्य-धर्ममा प्रतिष्ठितभई, उपरोक्त पुण्यकार्यको अनुस्मरण गरी बस्ने पुरुष यसलोकमा पनि प्रशंसितछ र मृत्युपछि स्वर्गलोकमा पनि प्रमुदित हुन्छ ।"

[यी उपदेश सुनेर अनाथपिण्डिक गृहपति खुशी भए ।]

× × ×

मूल सूत्र :—

२१—निर्मल-जीवन

एक समय अनाथपिण्डिक गृहपति पाँचशय उपासकहरूका साथ जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे[१] ।

त्यस समय आयुष्मान् सारिपुत्रलाई भगवान्ले आमन्त्रणगरी भन्नुभयो :—

"हे सारिपुत्र ! तिमीलाई थाहाछ कि यहाँ केही गृहस्थीहरू निर्मलरूपले (अ) पाँच शिक्षापदहरू संयमपूर्वक पालनगरी (आ)

१. अं. नि–५. पृ. ४५७ : गिहिसुत्तं ।

चार प्रत्यक्षसुखकर विशुद्ध चित्तलाई प्रयाश विना, कष्ट विना र दुःख विनानै प्राप्तगरी घरमा बसीरहेका हुन्छन् । यदि तिनीहरूमध्ये कुनैले चाहेमा आफुले आफैलाई, 'म नरकगतिबाट मुक्तछु, तिरश्चीनगतिबाट मुक्तछु, प्रेतगतिबाट मुक्तछु, अपायगतिबाट मुक्तछु; स्रोतापन्नहुँ, अविनिपातीहुँ र निश्चितरूपले सम्बोधिपरायण पनि हुँ' भनी भन्नसक्छ, प्रकाश गर्न सक्छ ।

पञ्चशील—"(अ) कुन पाँच शिक्षापदहरू उसले पालन गर्छ भने—सारिपुत्र ! यहाँ आर्यश्रावक (१) प्राणातिपातबाट विरत रहन्छ, (२) अदिन्नादानबाट विरत रहन्छ, (३) काममिथ्याचारबाट विरत रहन्छ र (५) सुरा, मेरय, मद्य, प्रमादस्थानबाट विरत रहन्छ । यिनै पाँच शिक्षापदहरू संयमपूर्वक पालनगर्छ ।

बुद्धगुण -"(आ) कुन चार प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्रयाश विना, कष्ट विना र दुःख विना प्राप्तगरी उ घरबस्छ भने ?—सारिपुत्र ! यहां आर्यश्रावक बुद्धप्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ–'वहाँ भगवान् अरहन्त हुनुहुन्छ,[१]...तथा बुद्ध भगवान् हुनुहुन्छ ।' यसरी उसले अशुद्ध-चित्तलाई विशुद्धपार्न र अनुज्ज्वल-चित्तलाई उज्ज्वलपार्न यो पहिलो प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्राप्तगरेको हुन्छ ।

धर्मगुण—"हे सारिपुत्र ! पुनः आर्यश्रावक धर्मप्रति विशिष्टरूपले प्रसन्न भएको हुन्छ –'भगवान्को धर्म सु-आख्यातछ,[२]...तथा

---

१. हेर. पृ. ६८ बुद्धगुण ।

२. हेर. पृ. ६९ धर्मगुण ।

विज्ञपुरुषद्वारा बोधनीय छ ।' यसरी उसले अशुद्ध-चित्तलाई विशुद्धपार्न र अनुज्ज्वल-चित्तलाई उज्ज्वलपार्न यो दोश्रो प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्राप्तगरेको हुन्छ ।

सङ्घगुण - "हे सारिपुत्र ! पुनः आर्यश्रावक सङ्घप्रति विशिष्ट-रूपले प्रसन्न भएको हुन्छ—'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्नछ,[१] ... र लोकवासीकानिम्ति पुण्य-क्षेत्र समान् पनि हुन् ।' यसरी उसले अशुद्ध-चित्तलाई विशुद्धपार्न र अनुज्ज्वल-चित्तलाई उज्ज्वलपार्न यो तेश्रो प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्राप्तगरेको हुन्छ ।

शीलगुण—"हे सारिपुत्र ! पुनः आर्यश्रावक आर्यकान्त शीलले युक्त भएको हुन्छ अर्थात् उसको शील—"अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित र समाधि-संवर्तनिक' हुन्छ । यसरी उसले अशुद्ध-चित्तलाई विशुद्धपार्न र अनुज्ज्वल-चित्तलाई उज्ज्वलपार्न यो चौथो प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्राप्तगरेको हुन्छ ।

"यिनै चार प्रत्यक्षसुखकर विशुद्ध-चित्तलाई प्रयाशविना, कष्ट-विना र दुःखविना प्राप्तगरी घरमा बसेको हुन्छ ।

"हे सारिपुत्र ! तिमीलाई थाहाछ कि यहाँ केही गृहस्थीहरू निर्मलरूपले पाँच शिक्षापदहरूलाई[२] प्रयाशविना, कष्ट विना र दुःख विनानै प्राप्तगरी घरमा बसीरहेका हुन्छन् । यदि तिनीहरूमध्ये कुनैले

१. हेर पृ. ६९ सङ्घगुण ।

२. प्राणीहिंसा नगर्ने, अदिन्नादान नलिने, कामसिथ्याचार नगर्ने, मृषा-वाद नबोल्ने र सुरापानादिमादक पदार्थ सेवन नगर्ने ।

चाहेमा आफुले आफैलाई, 'म नरकगतिबाट मुक्तछु,…र निश्चितरूपले सम्बोधिपरायण पनि हुँ' भनी भन्नसक्छ, प्रकाशगर्न सक्छ ।"

यसपछि भगवान्‌ले निम्न गाथा भन्नुभयो :—

१—"निरयेसु भयं दिस्वा, पापानि परिवज्जये।
अरियधम्म समादाय, पण्डितो परिवज्जये॥

२—"न हिंसे पाणभूतानि, विज्जमाने परक्कमे।
मुसा च न भणे जानं, अदिन्नं न परामसे॥

३—"सेहि दारेहि सन्तुट्ठो, परदारं च नारमे[१]।
मेरयं वारुणिं जन्तु, न पिवे चित्तमोहिनिं॥

४—"अनुस्सरेय्य सम्बुद्धं, धम्मं चानुवितक्कये।
अब्यापज्झं हि तं चित्तं, देवलोकाय भावये॥

५—"उपट्ठिते[२] देय्यधम्मे, पुञ्ञत्थस्स जिगीसतो[३]।
सन्तेसु पठमं दिन्ना, विपुला होति दक्खिणा॥

६—"सन्तो हवे पवक्खामि, सारिपुत्त सुणोहि मे।
इति कण्हासु सेतासु, रोहिणीसु हरीसु च॥

---

१. बर्मी र रोमनमा 'आरमे'।

२. स्याम 'अपत्थिते'।

३. सिंहल, स्याम, रोमनमा 'जिगिंसतो'।

७—"कम्मासासु सरूपासु, गोसु पारेवतासु[१] वा।
यासु कासुचि एतासु, दन्तो जायति पुङ्गवो॥

८—"धोरह्यो बलसम्पन्नो, कल्याण जवनिक्कमो।
तमेव भारे भुञ्जन्ति, नास्स वण्णं परिक्खरे॥

९—"एवमेव मनुस्सेसु, यस्मि किस्मिञ्चि[२] जातियो।
खत्तिये ब्राह्मणे वेस्से, सुद्दे चण्डालपुक्कुसे॥

१०—"यासु कासुचि एतासु, दन्तो जायति सुब्बतो।
धम्मट्ठो शीलसम्पन्नो, सच्चवादी हिरीमनो॥

११—"पहीणजातिमरणो, ब्रह्मचरियस्स केवली।
पन्नभारो विसंयुत्तो, कतकिच्चो अनासवो॥

१२—"पारगू सब्बधम्मानं, अनुपादाय निब्बुतो।
तस्मि च विरजे खेत्ते, विपुला होति दक्खिना॥

१३—"बाला च अविजानन्ता, दुम्मेधा अस्सुताविनो।
बहिद्धा ददन्ति[३] दानानि, न हि सन्ते उपासरे॥

---

१. रोमनमा पारापतासु।

२. सिंहलमा कस्मिचि, स्याममा कस्मिञ्चि, रोमनमा कस्मिञ्च।

३. स्याम, सिंहल, रोमनमा देन्ति।

१४—"ये च सन्ते उपासन्ति, सप्पञ्ञे धीरसम्मते।
सद्धा च नेसं सुगते, मूलजाता पतिट्ठिता॥

१५—"देवलोकं च ते यन्ति, कुले वा इध जायरे।
अनुपुब्बेन निब्बानं, अधिगच्छन्ति पण्डिता'ति॥"

अर्थ :—

१—"नर्कमा हुने भयदेखी, आर्यधर्म (पञ्चशील) लाई पालन-गरी, पण्डितले पापलाई परित्याग गर्नुपर्छ।

२—"विद्यमान प्राणीहरूलाई हिंसा नगर्नू, जानि जानि कूटो नबोल्नू र नदिएको वस्तु चोरी पनि नगर्नू।

३—"स्व-पत्नीद्वारा सन्तुष्टरहनू, परदार गमन नगर्नू तथा चित्तलाई मोहितपार्ने मादकपदार्थ पनि सेवन नगर्नू।

४—"सम्बुद्धको अनुस्मरणगर्नू, धर्मको चिन्तनगर्नू र देवलोक पुऱ्याउने अद्वेषभाव अर्थात् मैत्रीचित्तलाई भावनागर्नू।

५—"प्रथमतः सन्तजनप्रति देयधर्म समर्पण गरिदिंदा, पुण्यार्थी पुरुषको निम्ति दक्षिणाको फल विपुल हुन्छ।

६—१०—"हे सारिपुत्र! सन्तजन कसलाई भन्दछन् भन्ने-कुरा म तिमीलाई बताउँछु, सुन!—कृष्ण, श्वेत, रोहितादि जुनसुकै वर्णका गोरू भएतापनि त्यसको वास्ता नराखी, बलसम्पन्न तथा राम्ररी

तान्नसक्ने गोरू भएको जुन गाडा हो;—सोही गाडाबाटनै सबैले आपनो माल ओसार्न चाहेझैं—मनुष्यहरूका बीचमा पनि क्षत्री, ब्राह्मण, वैश्य, शूद्र अथवा चाण्डाल पुक्कुसादि जुनसुकै वर्ण वा जातिका भएतापनि—यसमध्ये—जो पुरुष शान्त-दान्त भएको हुन्छ, धर्मस्थित शीलसम्पन्न भएको हुन्छ र सत्यवादी पनि हुन्छ,

११—"जो जन्ममरणबाट मुक्तहुन्छ, शुद्ध ब्रह्मचारी हुन्छ, पञ्चस्कन्धादि क्लेशभारबाट मुक्त हुन्छ र कृत-कृत्य अनास्रव पनि हुन्छ,

१२—"जो सबैधर्मबाट पारीपुग्छ, निश्शेष परिनिर्वाण पनि हुन्छ—त्यस्ता निर्मल पुण्य-क्षेत्रसमान भएका पुरुषलाई सन्त भनिन्छ र त्यस्तालाई दिएको दक्षिणाको फल विपुल पनि हुन्छ ।

१३—"अश्रुतवान्, दुर्मेध, बाल (मूर्ख) जनले अज्ञानताको कारणले त्यस्ता सन्तहरूप्रति दक्षिणा नदिई त्यसभन्दा बाहिरका पुरुषमा दक्षिणा दिन्छन् ।

१४, १५—"जसले—प्रज्ञावान्, धीरसम्मत सन्तजनको उपासना गर्छ; जसको सुगतप्रतिको श्रद्धाले जरोहालि सकेको हुन्छ र सु-प्रतिष्ठित पनि भएको हुन्छ—त्यस्ता पण्डित पुरुषहरू देवलोकमा पनि जान्छन्, इहलोकमा जन्मेर क्रमशः उनीहरूले निर्वाण पनि प्राप्तगर्छन् ।"

[भगवान्ले आयुष्मान् सारिपुत्रलाई आमन्त्रणगरी दिनुभएको यी उपदेश सुनेर अनाथपिण्डिक गृहपति सहित सबै पाँचशय उपासकहरू प्रसन्न भए ।]

× × ×

मूल सूत्र :–

२२–बुद्धद्वारा प्रशंसा

[एक दिन भगवान्‌ले अनाथपिण्डिक गृहपतिको प्रशंसा गर्नु हुँदै श्रावस्ती जेतवन विहारमा भेलाभइरहेका परिषद्‌लाई यसो भन्नु भयो :–]

"हे भिक्षुहरू[१] ! अनाथपिण्डिक गृहपति तथागतमा निष्ठा-राखी, अमृतदर्शी र अमृतसाक्षात्‌गरी छ गुण-धर्महरूले सुसम्पन्नभई बसेका छन्‌ । कुन छ भने ? –

(१) बुद्धप्रति अटलश्रद्धा, (२) धर्मप्रति अटलश्रद्धा, (३) सङ्घप्रति अटलश्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान तथा (६) आर्य-विमुक्ति ।'

"हे भिक्षुहरू ! अनाथपिण्डिक गृहपति उक्त छ गुणहरूले सुसम्पन्नभई तथागतमा निष्ठाराखी, अमृतदर्शी तथा अमृतसाक्षात्‌गरी बसेकाछन्‌ ।"

× × ×

मूल सूत्र :–

२३–अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन

---

१. अं. नि–६. पृ. १४९ : भल्लुकादिसुत्तं ।

विहारमा, भिक्षुहरू तथा उपासकहरूका एक सभामा दाताहरूबारे कुरा चलिरहेको बेलामा भगवान्ले 'दाताहरूमध्ये अनाथपिण्डिक गृहपति अग्रगण्य छन्' भन्नुहुँदै निम्नकुरा परिषद्लाई सुनाउनु भयो —]

"एतदग्गं, भिक्खवे! मम सावकानं दायकानं यदिदं सुदत्तो गहपति अनाथपिण्डको'ति[१]।"

अर्थ :—

"हे भिक्षुहरू! मेरा श्रावक उपासक दाताहरूमध्ये सुदत्त गृहपति अनाथपिण्डिक सबभन्दा अग्रदाता हुन्।"

× × ×

मूल सूत्र :—

२४–आर्य लक्षण

एक दिन एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिलाई भगवान्ले यस्तो भन्नुभयो[२] :—

---

१. अं. नि–१. २६: एतदग्गवग्गो।

२. सं. नि–५. पृ. ३३१: पठमभयवेरूपसन्तसुत्तं। यसै सूत्रको कुरा अं. नि–१०. पृ. २४६ मा भयसुत्तं भनी र सं. नि–२. पृ. ५८ मा पञ्चभयवेरसुत्तं भनी उल्लेख भएको छ।

"हे गृहपति ! जब आर्यश्रावकको मनमा (क) पञ्च-भय-वैरादि उपशान्त हुन्छ, (ख) चार स्रोतापत्त्यङ्गले सुसम्पन्न हुन्छ र (ग) आर्य-ज्ञानलाई प्रज्ञाद्वारा राम्रोसँग देखेर सुप्रतिविद्ध गरेको हुन्छ, तब उसले चाहेमा आफुले आफैंलाई यसरी व्यक्तगर्न सक्छ—'मेरो नरकगति, तिरश्चीनगति, प्रेतगति, अपायगति र विनिपातगति क्षीण भइसक्यो; म स्रोतापन्न हुँ, अविनिपाती हुँ र सम्बोधिपरायण पनि हुँ।'

"(क) कुन् पाँच भय-वैरादि उपशान्त भएका हुन्छन् भने :—

१—"हे गृहपति ! जुन प्राणातिपाती तथा प्राणातिपातको कारणले यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; प्राणातिपातबाट विरत रहँदा यसै जन्ममा र सम्परायिकमा सो भय-वैरादि हुँदैनन्, न मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी नै हुन्छन् । यसरी प्राणातिपातबाट विरत रहनेको भय-वैरादि उपशान्त भएका हुन्छन् ।

२—"हे गृहपति ! जुन अदिन्नादायी तथा अदिन्नादानको कारणले यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; अदिन्नादानबाट विरत रहँदा यसै जन्ममा र सम्परायिकमा सो भय-वैरादि हुँदैनन्, न मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी नै हुन्छन् । यसरी अदिन्नादानबाट विरत रहनेको भय-वैरादि उपशान्त भएका हुन्छन् ।

३—"हे गृहपति ! जुन काममिथ्याचारी तथा काममिथ्या-चारको कारणले यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक

दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; काममिथ्याचारबाट विरत रहँदा यसै जन्ममा र सम्परायिकमा सो भय-वैरादि हुँदैनन्, न मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी नै हुन्छन्। यसरी काममिथ्याचारबाट विरत रहँनेको भय-वैरादि उपशान्त भएका हुन्छन्।

४—"हे गृहपति ! जुन मृषावादी तथा मृषावादको कारणले यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; मृषावादबाट विरत रहँदा यसै जन्ममा र सम्परायिकमा सो भय-वैरादि हुँदैनन्, न मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी नै हुन्छन्। यसरी मृषावादबाट विरत रहँनेको भय-वैरादि उपशान्त भएका हुन्छन्।

५—"हे गृहपति ! जुन सुरा-मेरय-मद्य-प्रमादस्थायी तथा सुरा-मेरय-मद्य-प्रमादस्थानको कारणले यसै जन्ममा र सम्परायिकमा भय-वैरादि र मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी हुन्छ; सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत रहँदा यसै जन्ममा र सम्परायिकमा सो भय-वैरादि हुंदैनन्, न मानसिक दुःख-दौर्मनस्य प्रतिसंवेदी नै हुन्छन्। यसरी सुरा-मेरय-मद्य-प्रमादस्थानबाट विरत रहनेको भय-वैरादि उपशान्त भएका हुन्छन्।

"(ख) कुन चार स्रोतापत्यङ्गले सुसम्पन्न भएको हुन्छ भने :—

बुद्धगुण—"(१) हे गृहपति ! यहाँ आर्यश्रावक बुद्धप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको हुन्छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१] ... तथा वहाँ भगवान् बुद्ध हुनुहुन्छ।'

१. हेर पृ. ६८ बुद्धगुण।

धर्मगुण—"(२) हे गृहपति ! यहाँ आर्यश्रावक धर्मप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको हुन्छ – 'भगवान्‌को धर्म सु-आख्यात छ,[१]... तथा विज्ञजनद्वारा बोधनीय छ ।'

सङ्घगुण – "(३) हे गृहपति ! यहाँ आर्यश्रावक सङ्घप्रति उत्कृष्ट प्रसन्नताले सुसम्पन्न भएको हुन्छ – 'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[१]... तथा लोकवासीका निम्ति पुण्य-क्षेत्र समान पनि छ ।'

शीलगुण – "(४) हे गृहपति ! यहाँ आर्यश्रावक आर्यकान्त शीलले सुसम्पन्न हुन्छ अर्थात् उसको शील – 'अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित र समाधिसंवर्तनिक' हुन्छ ।

प्रतित्यसमुत्पाद

"(ग) जो प्रज्ञाद्वारा राम्रोसँग देखेर सुप्रतिविद्ध गरेको हुन्छ त्यस्तो आर्य-ज्ञान कुनहो भने ? —

"हे गृहपति ! यहाँ आर्यश्रावक प्रतित्यसमुत्पादलाई नै राम्ररी ध्यानपूर्वक मनमा राख्छ—'त्यो हुनाले यो हुन्छ, त्यसको उपादानले यसको उत्पन्न हुन्छ; त्यो नभएमा यो हुने छैन, त्यसको निरोध भएमा यसको पनि निरोध हुनेछ । जस्तै—(१) अविद्याको कारणले (२)

---

१. हेर पृ. ६९ मा धर्मगुण, सङ्घगुण ।

संस्कार[१], (३) संस्कारको कारणले विज्ञान[२], (४) विज्ञानको कारणले नाम[३]·रूप (पञ्चस्कन्ध), (५) नाम-रूपको कारणले षडायतन, (६) षडायतनको कारणले स्पर्श, (७) स्पर्शको कारणले वेदना[४], (८) वेदनाको कारणले तृष्णा[५], (९) तृष्णाको कारणले उपादान[६], (पुनः पुनः लिने तृष्णा), (१०) उपादानको कारणले भव[७] (जन्मिने कारण), (११) भवको कारणले जाति[८] (जन्म), (१२) जाति-(जन्म) को कारणले जरा, मरण, शोक, सन्ताप, दौर्मनस्य, हैरानी (आदि) सम्भव हुन्छ। यसरी केवल दुःखस्कन्धको समुदय (उद्गम) हुन्छ।

"अविद्याकै अवशेषगरी निरोध हुँदा संस्कार निरोध हुन्छ,

---

१. पुण्य-संस्कार, अपुण्य-संस्कार र रूप-अरूप ध्यान संस्कार।

२. प्रतिसन्धि-विज्ञान अर्थात् जन्मिने चित्त (विज्ञान)।

३. रूप, वेदना, संज्ञा, संस्कार, विज्ञानस्कन्ध। यी पाँच स्कन्धहरू मध्ये रूप र संस्कार बाहेक अरू तीन स्कन्धलाई 'नाम' भन्दछन्।

४. सुख-वेदना, दुःख-वेदना, अदुःखमसुख-वेदना अर्थात् उपेक्षा-वेदना तथा सौमनस्य, दौर्मनस्य अर्थात् मानसिक सुख र दुःख अनुभव।

५. कामविषय-तृष्णा, भव-विषय-तृष्णा, विशिष्ट भव-विषय-तृष्णा; कामलोक-तृष्णा, रूपलोक-तृष्णा र अरूपलोक-तृष्णा।

६. काम-उपादान, दृष्टि-उपादान, शीलव्रत-उपादान।

७. मातृकोषमा पुग्ने चित्त (प्रति-सन्धिगर्ने विज्ञान-चित्त, Conception)।

८. इन्द्रिय सहित जन्मिसकेको प्राणी।

संस्कार निरोध हुँदा विज्ञान निरोध हुन्छ, विज्ञान निरोध हुँदा नाम-रूप निरोध हुन्छ, नाम-रूप निरोध हुँदा षडायतन निरोध हुँछ, षडायतन निरोध हुँदा स्पर्श निरोध हुन्छ, स्पर्श निरोध हुँदा वेदना निरोध हुन्छ, वेदना निरोध हुँदा तृष्णा निरोध हुन्छ, तृष्णा निरोध हुँदा उपादान निरोध हुन्छ, उपादान निरोध हुँदा भव निरोध हुन्छ, भव निरोध हुँदा जन्म (जाति) निरोध हुन्छ, जाति निरोध हुँदा जरा, मरण, शोक, सन्ताप, दौर्मनस्य, हैरानी (आदि) सम्भव हुँदैन। यसरी केवल दुःखस्कन्धको निरोध हुन्छ । यही आर्य ज्ञानलाई प्रज्ञाद्वारा राम्रोसँग देखेर सुप्रतिविद्ध पनि गरेको हुन्छ ।

"हे गृहपति ! जब आर्यश्रावकको उक्त पाँच भय-वैरादि उपशान्त हुन्छ, उक्त चार स्रोतापत्यङ्गहरूले सुसम्पन्न हुन्छ तथा उक्त आर्य-ज्ञानहरूलाई प्रज्ञाद्वारा राम्रोसँग देखेर सुप्रतिविद्ध पनि गरेको हुन्छ तब त्यो आर्यश्रावकले चाहेमा आफुले आफैलाई, 'मेरो नरकगति, ··· क्षीण भइसक्यो; म स्रोतापन्न हुँ, अविनिपाती हुँ र सम्बोधिपरायण पनि हुँ" भनी व्यक्त गर्नसक्छ, प्रकाश गर्नसक्छ ।"

[यी उपदेश सुनेर अनाथपिण्डिक गृहपति प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

२५–परिव्राजकाराममा

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको

जेतवन विहारमा बस्नु भएको थियो[१] ।

एक दिन अनाथपिण्डिक गृहपति दिनको मध्यान्ह समयतिर भगवान्को दर्शनार्थ श्रावस्तीबाट बाहिरनिस्के । तर अनाथपिण्डिक गृहपतिको मनमा यस्तो लाग्यो :—

"भगवान्को दर्शनार्थ जानु अझै समय भएको छैन । भगवान् ध्यानमा बस्नु भएको होला । ध्यानी भिक्षुहरूको दर्शनार्थ जानु पनि उचित समय छैन । ध्यानी भिक्षुहरू पनि ध्यानमा बस्नु भएका होलान् । 'अतः किन म अन्यतैर्थीय परिव्राजकहरूका आराम (आश्रम) तिर नजाऊं !"

त्यसपछि अनाथपिण्डिक गृहपति जहाँ अन्यतैर्थीय परिव्राजकाराम हो त्यहाँ गए ।

त्यसबेला अन्यतैर्थीय परिव्राजकहरू एकत्रित भई उच्चशब्द महाशब्द गर्दै अनेक प्रकारका तिरश्चीन कुराहरू गर्दै बसीरहेका थिए । ती अन्यतैर्थीय परिव्राजकहरूले अनाथपिण्डिक गृहपति आइरहेको टाढैबाट देखे । अनी ती तैर्थीयहरूले आफ्ना परिषद्लाई शान्तपारे—

"भो ! तपाइहरू शान्त हुनुहोस् ! निःशब्द हुनुहोस् !! श्रमणगोतमका श्रावक यी अनाथपिण्डिक गृहपति आरामतिर आउंदैछन् । श्रावस्तीमा जति श्रमणगोतमका शुद्धजीवी श्रावकहरू छन् ती मध्ये यी अनाथपिण्डिक गृहपति पनि एक हुन् । भो आयुष्मान्हरू ! श्रमणगोतमका श्रावकहरू निःशब्दतालाई रुचाउँछन्, निःशब्द स्वभावले विनीत

१. अं. नि–१०. पृ. २४८: किंदिट्ठिकसुत्तं ।

छन् र निःशब्दताकै वर्णवादी छन् । शायद निःशब्द परिषद् देखेर उनी यहाँ आउन सक्छन् ।"

अनि ती तैर्थीय परिव्राजकहरू निःशब्द भएर शान्तभए ।

अनेक दृष्टि

अनाथपिण्डिक गृहपति पनि जहाँ ती तैर्थीय परिव्राजकहरू थिए त्यहाँगई, तिनीहरूसँग सम्मोदनीय कुराहरू गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका अनाथपिण्डिक गृहपतिसँग ती तैर्थीय परिव्राजकहरूले निम्न कुरा सोधे :—

"हे गृहपति ! बताऊ, श्रमणगौतम के दृष्टि (विचार) का हुनुहुन्छ ?"

"भन्ते ! मलाई भगवान्को दृष्टिबारे सबै कुरा थाहा छैन ।"

"हे गृहपति ! यदि तिमीलाई भगवान्को दृष्टिबारे सबै कुरा थाहा छैन भने भिक्षुहरूका के दृष्टि छन्त; यसबारे बताऊ !"

"भन्ते ! भिक्षुहरूका दृष्टिबारे पनि मलाई सबै कुरा थाहा छैन ।"

"हे गृहपति ! यदि तिमीलाई बुद्धको दृष्टिबारे र भिक्षुहरूका दृष्टिबारे सबै कुरा थाहाछैन भने; तिम्रो आफ्नो दृष्टि, विचार, धारणा बारे कुरा बताऊ !"

"भन्ते ! 'हामी के दृष्टिकाह्वौं' भनी भन्नमा हामीलाई कुनै मुश्किल छैन । तैपनि पहिले तपाइहरूले आ-आपना दृष्टिबारे कुरा बताउनु भएमा 'हामी के दृष्टिकाह्वौं' भनी बताउन हामीलाई उत्ति मुश्किल पर्ने छैन ।"

यसो भन्दा एक तैर्थीय परिव्राजकले अनाथपिण्डिक गृहपतिलाई भन्यो :—

"हे गृहपति ! 'शाश्वत लोकहो, यहीनै सत्यहो अरू असत्य (मोघ) हुन्' भन्ने दृष्टिक हुँ म ।"

अर्को परिव्राजकले पनि अनाथपिण्डिक गृहपतिलाई यस्तो बतायो :—

"हे गृहपति ! 'अ-शाश्वत लोकहो, यहीनै सत्यहो अरू असत्य हुन्' भन्ने दृष्टिक हुँ म ।"

फेरि अर्कै एक परिव्राजकले अनाथपिण्डिक गृहपतिलाई सुनायो :—

"हे गृहपति ! 'अन्तवान् लोकहो—यहीनै सत्यहो अरू असत्य (मोघ) हुन्; अनन्तवान् लोकहो—यहीनै सत्यहो अरू असत्य हुन्; त्यही जीवहो, त्यही शरीरहो—यहीनै सत्यहो अरू असत्य हुन्; अर्कै जीवहो, अर्कै शरीरहो—यहीनै सत्यहो अरू असत्य हुन्; मरणपछि सत्व हुन्छ—यहीनै सत्यहो अरू असत्य हुन्; मरणपछि सत्व हुँदैन —यहीनै सत्यहो अरू असत्य हुन्; मरणपछि सत्व हुन्छ पनि हुन्न पनि—यहीनै सत्यहो अरू असत्य हुन्; न सत्व मरणपछि हुन्न, न हुन्छ—यहीनै सत्यहो

अरू असत्य हुन्' भन्ने दृष्टिक हुँ म।"

यी कुराहरू सुनी अनाथपिण्डिक गृहपतिले ती परिव्राजकहरूलाई भने :—

"भन्ते ! जुन आयुष्मान्‌ले, 'शाश्वत लोकहो—यहीनै सत्यहो अरू असत्य हुन्' भन्ने दृष्टिकहुँ म' भनी भन्नुभयो—त्यस्ता आयुष्मान्‌को दृष्टि (धारणा, विचार), यात आफुले अज्ञानतापूर्वक विचार गर्नाको कारणले (अयोनिसो मनसिकारहेतु), यात अर्काको मात्रै कुरा सुन्नाको कारणले हुनगएको हो। सो दृष्टि (धारणा) संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा भएको हो। जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययबाट उत्पन्न भएको हुन्छ, त्यो अनित्यहो। जो अनित्यहो, त्यो दुःखहो। जो दुःखहो त्यसैमा आयुष्मान् तल्लीनहुनु भएको छ, त्यसैमा डुब्नु भएको छ।

"भन्ते ! जुन आयुष्मान्‌ले, 'अशाश्वत लोकहो—यहीनै सत्यहो अरू असत्य हुन्' भन्ने दृष्टिकहुँ म' भनी भन्नुभयो—त्यस्ता आयुष्मान्‌को दृष्टि (धारणा), यात आफुले अज्ञानतापूर्वक विचार गर्नाको कारणले यात अर्काको मात्रै कुरा सुन्नाको कारणले हुनगएको हो। सो दृष्टि (धारणा) संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा भएको हो। जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययबाट उत्पन्न भएको हुन्छ, त्यो अनित्यहो। जो अनित्यहो, त्यो दुःखहो। जो दुःखहो त्यसैमा आयुष्मान् तल्लीनहुनु भएको छ, त्यसैमा डुब्नु भएको छ।

"भन्ते ! जुन आयुष्मान्‌ले, 'अन्तवान् लोकहो—यहीनै सत्यहो अरू असत्यहुन्; अनन्तवान् लोकहो—यहीनै सत्यहो अरू असत्यहुन्; त्यही

जीवहो, त्यही शरीरहो…; अर्कै जीवहो, अर्कै शरीरहो…; मरणपछि सत्व हुन्छ…; मरणपछि सत्व हुँदैन …; मरणपछि सत्व हुन्छ पनि हुन्न पनि…; न सत्व मरणपछि हुन्न, न हुन्छ—यहीनै सत्यहो अरू असत्यहुन्' भन्ने दृष्टिकहुँ म' भनी भन्नुभयो—त्यस्ता आयुष्मान्को दृष्टि, यात आफुले अज्ञानतापूर्वक विचार गर्नाको कारणले यात अर्काको मात्रै कुरासुन्नाको कारणले हुन गएको हो। सो दृष्टि संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा भएको हो। जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययबाट उत्पन्न भएको हुन्छ, त्यो अनित्यहो। जो अनित्यहो, त्यो दुःखहो। जो दुःखहो त्यसैमा आयुष्मान् तल्लीनहुनु भएको छ, त्यसैमा डुब्नु भएको छ।"

यी कुराहरू सुनी ती परिव्राजकहरूले अनाथपिण्डिक गृहपतिलाई भने—"हे गृहपति ! हामीहरूसबैले आ-आफ्ना स्व-दृष्टिबारेको विचार व्यक्त गरिसक्यौं। अब भन ! तिम्रो दृष्टि के हो ?"

"भन्ते ! जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा उत्पन्न भएको हो त्यो अनित्य हो। जो अनित्य हो, त्यो दुःखहो। 'जो दुःखहो, न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्महो' भन्ने दृष्टिकहुँ म।"

'हे गृहपति ! जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा उत्पन्न भएको हो, त्यो अनित्य हो। जो अनित्य हो त्यो दुःखहो। जो दुःखहो त्यसैमा तिमी तल्लीन भएकाछौ, त्यसैमा डुबिरहेकाछौ।"

"भन्ते ! जो संस्कारित, कल्पित तथा हेतुप्रत्ययद्वारा उत्पन्न भएको हो, त्यो अनित्यहो। जो अनित्यहो त्यो दुःखहो। 'जो दुःखहो न त्यो मेरो हो, न त्यो म हुँ, न त्यो मेरो आत्मनै हो' भन्ने मैले यथार्थतः

प्रज्ञाद्वारा देखेको छु। त्यसबाट उत्तीर्ण र विमुक्तहुन पनि म यथार्थतः जान्दछु।"

यति भनेपछि ती परिव्राजकहरू तूष्णिभूत, मङ्कुभूत (चुप-लागेर), शीर निहुराई, केहीं नबोली बसे। अनि अनाथपिण्डिक गृहपति, ती परिव्राजकहरू तूष्णिभूत, मङ्कुभूत, शीर निहुराई, केही नबोली बसेको देखी आसनबाट उठी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई, भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। त्यसपछि अनाथ-पिण्डिक गृहपतिले अन्यतैर्थीय परिव्राजकहरूसँग भएको कुराहरू जम्मै भगवान्लाई सुनाए।

"साधु ! साधु !! गृहपति, यस्तैगरी कहिले कहिले मोघपुरुष-हरूलाई सहधर्मतापूर्वक (कारण सहित) सु-निग्रह गर्नुपर्छ।"

त्यसपछि भगवान्ले अनाथपिण्डिक गृहपतिलाई धार्मिक कुराद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो। अनाथपि-ण्डिक गृहपति भगवान्ले धार्मिक कुराद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित र सम्प्रहर्षित गराउनु भएपछि आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणागरी फर्केर गए।

अनाथपिण्डिक गृहपति गएको केहीछिन पछि भगवान्ले भिक्षु-हरूलाई आमन्त्रण गर्नुभई भन्नुभयो :—

"हे भिक्षुहरू ! जो भिक्षु यस धर्म-विनयमा उपसम्पन्नभई शयवर्ष पुगेको हुन्छ त्यस भिक्षुले पनि यस्तैगरी अन्यतैर्थीय परिव्राजक-

हरूलाई सहधर्मतापूर्वक (कारण सहित) सुनिग्रह गर्न सिक्नुपर्छ जस्तो अनाथपिण्डिक गृहपतिले गरे ।"

× × ×

मूल सूत्र :—

२६—रोगग्रस्त अनाथपिण्डिक गृहपति

यस्तो मैले सुने[१] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नु भएको थियो ।

त्यस बखतमा अनाथपिण्डिक गृहपति रोगले पीडितभई सारै दुःखी थिए । अनि अनाथपिण्डिक गृहपतिले एक पुरुषलाई बोलाई—"हे पुरुष ! आऊ ! तिमी जहाँ भगवान् हुनुहुन्छ त्यहाँगई मेरो वचनले भगवान्को चरणकमलमा शीरले वन्दनागरी निवेदन गर—'भन्ते ! अनाथपिण्डिक गृहपति रोगग्रस्तभई सारै बिरामी छ, अति दुःखी पनि । उसले भगवान्को चरणकमलमा शीरले वन्दनागर्छ ।' त्यसपछि जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँगई मेरो वचनले आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले वन्दनागरी—'भन्ते ! अनाथपिण्डिक गृहपति रोग-ग्रस्तभई सारै बिरामी छ, अति दुःखी पनि छ' भनी भन । यस्तो पनि

१. म. नि—३. पृ ३४५: अनाथपिण्डिकोवादसुत्तं ।

निवेदन गर—'उ आयुष्मान् सारिपुत्रको चरणकमलमा शीरले वन्दनागर्छ र यस्तो प्रार्थनागर्छ—साधु, भन्ते ! अनुकम्पाराखी आयुष्मान् सारिपुत्र जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थान हो त्यहाँ पाल्नुभए बेश हुने थियो' ।"

"हवस्, भन्ते[१] !" भनी अनाथपिण्डिक गृहपतिको कुरा सुनी सो पुरुष जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसी उसले भगवान्लाई निवेदनगर्‍यो—"भन्ते ! अनाथपिण्डिक गृहपति रोगग्रस्तभई सारै बिरामी छन्, सारै दुःखी पनि । उनी भगवान्को चरणकमलमा शीरले वन्दनागर्छन् ।" यसपछि सो पुरुष जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि उसले आयुष्मान् सारिपुत्रलाई अभिवादनगरी एक छेउमा बसी आयुष्मान् सारिपुत्रसँग निवेदनगर्‍यो—"भन्ते ! अनाथपिण्डिक गृहपति रोगग्रस्तभई सारै बिरामी छन्, अति दुःखी पनि । उनी तपाइको चरणकमलमा शीरले वन्दनागर्छन् र निवेदनगर्छन्—'साधु ! भन्ते ! अनुकम्पाराखी आयुष्मान् सारिपुत्र जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थान हो त्यहाँ पाल्नुभए बेश हुने थियो ।" आयुष्मान् सारिपुत्रले तूष्णिभावले स्वीकार गर्नु भयो ।

सारिपुत्रोपदेश

त्यसपछि आयुष्मान् सारिपुत्र चीवर पहिरी पात्र-चीवर

---

१. 'भन्ते' भनी आमन्त्रण गर्ने चलन आदरणीय श्रमण भिक्षुहरूलाई मात्र न भई गृही पुरुषहरूका बीचमा पनि 'भन्ते' शब्द प्रयोग भएको पालिसाहित्यमा कहीं कहीं पाइन्छ ।

ग्रहणगरी, आयुष्मान् आनन्द सहित अरू भिक्षुहरूलाई पछाडि राखी जहाँ अनाथपिण्डिक गृहपतिको निवासस्थान हो त्यहाँ जानुभई बिच्छ्याइ राखेको आसनमा बस्नुभयो । अनि आयुष्मान् सारिपुत्रले अनाथपिण्डिक गृहपतिसँग सोध्नुभयो —

"हे गृहपति ! क्षमनीय, यापनीयछौ ? दुःख वेदना घटेर जान्छकि बढेर आउँछ ? घटेर गएको देखिन्छ कि बढेर आएको देखिन्छ नि ?"

"भन्ते ! मलाई न क्षमनीय छ, न यापनीय नै । मेरो दुःखवेदना घटेको छैन बल्कि बढेकैछ । बढेकै धेरै देखिन्छ, घटेको देखिंदैन ।

१—"भन्ते, सारिपुत्र ! जस्तो कि - कुनै बलवान् पुरुषले धार भएको तरवारको टुप्पोले टाउकोमा घोंचेझैं मेरो शीरमा अधिक वायुले घोच्छ । मलाई क्षमनीय र यापनीय छैन । धेरै दुःखवेदना बढेर आएको छ, घटेको छैन । धेरै दुःखवेदना बढेकै देख्दछु, घटेको देख्दिन ।

२—"भन्ते, सारिपुत्र ! जस्तो कि—कुनै बलवान् पुरुषले बलियो डोरीले टाउकोमा बेस्करी कसेर बेरिदिएझैं मेरो शीरमा अधिक वेदना हुन्छ । मलाई क्षमनीय र यापनीय छैन । धेरै दुःखवेदना बढेर नै आएको छ, घटेको छैन । धेरै दुःखवेदना बढेकै देखिन्छ, घटेको देखिदन ।

३—"भन्ते, सारिपुत्र ! जस्तो कि—कुनै दक्ष गोघातक वा उसको अन्तेवासीले धार भएको चूपीले पेट चिरेझैं मेरो पेटमा वायुले शोला हान्छ । मलाई क्षमनीय छैन, न मलाई यापनीय नै । धेरै दुःखवेदना बढेरनै आएकोछ, घटेको छैन । धेरै दुःखवेदना बढेकै देखिन्छ, घटेको देख्दिन ।

४—"भन्ते, सारिपुत्र ! जस्तो कि—कुनै बलवान् दुइजना पुरुषहरूले दुर्बल पुरुषलाई हातखुट्टा समाती भुङ्ग्रोमा वल्टाई पल्टाई पिल्स्याएर्कैं मेरो शरीरमा अधिक डाहाहुन्छ। मलाई क्षमनीय छैन, न यापनीय नै । धेरै दुःखवेदना बढेर नै आएको देखिन्छ, घटेको देखिंदैन । धेरै दुःखवेदना बढेको नै देखिन्छ, घटेको देख्दिन ।"

"हे गृहपति ! त्यसोभए तिमीले यस्तो सिक्नुपर्छ :—

भित्रका छ आयतन (क)—(१) 'म चक्षुमा आसक्त हुने छैन, अतः चक्षुको हेतुले हुने चक्षुवि-ज्ञान पनि ममा हुने छैन, (२) श्रोतमा आसक्त हुने छैन, अतः श्रोतको हेतुले हुने श्रोत-विज्ञान पनि ममा हुने छैन, (३) घ्राणमा आसक्त हुने छैन, अतः घ्राणको हेतुले हुने घ्रा-णविज्ञान पनि ममा हुने छैन, (४) जिह्वामा आसक्त हुने छैन, अतः जिह्वाको हेतुले हुने जिह्वा-विज्ञान पनि ममा हुने छैन, (५) कायमा आसक्त हुने छैन, अतः कायको हेतुले हुने काय-विज्ञान पनि ममा हुने छैन र (६) मनमा पनि आसक्त हुने छैन, अतः मनको हेतुले हुने मनोविज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

बाहिरका छ आयतन (ख)—(१)'म रूपमा आसक्त हुने छैन, अतः रूपको हेतुले हुने रूप-विज्ञान पनि ममा हुने छैन, (२) शब्दमा आसक्त हुने छैन, अतः शब्दको हेतुले हुने शब्द-विज्ञान पनि ममा हुने छैन, (३) गन्धमा आसक्त हुने छैन, अतः गन्धको हेतुले हुने गन्ध-विज्ञान पनि ममा हुने छैन, (४) रसमा आसक्त हुने छैन, अतः रसको हेतुले

हुने रस-विज्ञान पनि ममा हुने छैन, (५) स्पर्शमा आसक्त हुने छैन, अतः स्पर्शको हेतुले हुने स्पर्श-विज्ञान पनि ममा हुने छैन र (६) धर्म (मन-विषय) मा पनि आसक्त हुने छैन, अतः धर्मको हेतुले हुने धर्म-विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

छ विज्ञान-काय (ग)–(१) 'म चक्षु विज्ञानमा आसक्त हुने छैन, अतः चक्षु-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) श्रोत-विज्ञानमा पनि आसक्त हुने छैन, अतः श्रोत-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) घ्राण-विज्ञानमा पनि आसक्त हुने छैन, अतः घ्राण-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (४) जिह्वा-विज्ञानमा पनि आसक्त हुने छैन, अतः जिह्वा-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (५) काय-विज्ञानमा पनि आसक्त हुने छैन, अतः काय-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन र (६) चित्त-विज्ञानमा पनि आसक्त हुने छैन, अतः चित्त-विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

छ स्पर्श-काय (घ)—(१) 'म चक्षुसंस्पर्शमा पनि आसक्त हुने छैन, अतः चक्षुसंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) श्रोतसंस्पर्शमा पनि आसक्त हुने छैन, अतः श्रोतसंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) घ्राणसंस्पर्शमा पनि आसक्त हुने छैन, अतः घ्राणसंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (४) जिह्वा-संस्पर्शमा पनि आसक्त हुने छैन, अतः जिह्वासंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (५) कायसंस्पर्शमा पनि आसक्त हुने छैन, अतः

कायसंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन र (६) चित्तसंस्पर्शमा पनि आसक्त हुने छैन, अतः चित्तसंस्पर्शको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

छ वेदना-काय (ङ)— (१) 'म चक्षु-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः चक्षु-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) श्रोत-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः श्रोत-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) घ्राण-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः घ्राण-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (४) जिह्वा-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः जिह्वा-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (५) काय-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः काय-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (६) चित्त-संस्पर्शज वेदनामा पनि आसक्त हुने छैन, अतः चित्त-संस्पर्शज वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

छ धातुहरू (च)— (१) 'म पृथ्वीधातुमा पनि आसक्त हुने छैन, अतः पृथ्वी-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) आप-धातुमा पनि आसक्त हुने छैन, अतः आप-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) तेज-धातुमा पनि आसक्त हुने छैन, अतः तेज-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (४) वायु-धातुमा पनि आसक्त हुने छैन, अतः वायु-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (५) आकाश-धातुमा पनि आसक्त हुने छैन, अतः आकाश-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन र (६) विज्ञान-धातुमा पनि आसक्त

हुने छैन, अतः विज्ञान-धातुको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

पञ्चस्कन्ध(छ)—(१) 'म रूपमा पनि आसक्त हुने छैन, अतः रूपको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) वेदनामा पनि आसक्त हुने छैन, अतः वेदनाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) संज्ञामा पनि आसक्त हुने छैन अतः संज्ञाको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (४) संस्कारमा पनि आसक्त हुने छैन, अतः संस्कारको हेतुले हुने विज्ञान पनि ममा हुने छैन र (५) विज्ञानमा पनि आसक्त हुने छैन, अतः विज्ञानको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

चार-अरूप (ज)—(१) 'म आकाशानन्त्यायतनमा पनि आसक्त हुने छैन, अतः आकाशानन्त्यायतनको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (२) विज्ञानन्त्यायतनमा पनि आसक्त हुने छैन, अतः विज्ञानन्त्यायतनको हेतुले हुने विज्ञान पनि ममा हुने छैन, (३) आकिञ्चन्यायतनमा पनि आसक्त हुने छैन, अतः आकिञ्चन्यायतनको हेतुले हुने विज्ञान पनि ममा हुने छैन र (४) नैवसंज्ञानासंज्ञायतनमा पनि आसक्त हुने छैन, अतः नैवसंज्ञानासंज्ञायतनको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

इहलोक (झ)—'म इहलोकमा पनि आसक्त हुने छैन, अतः इहलोकको कारणले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

परलोक (ञ) – 'म परलोकमा पनि आसक्त हुने छैन, अतः परलोकको हेतुले हुने विज्ञान पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।

स्वयंज्ञान (ट)—'जो मैले देखेको, सुनेको, छोएको, जानेको, प्राप्तगरेको, खोजीगरेको, अनु-खोजीगरेको, तलासगरेको हो त्यसमा पनि म आसक्त हुने छैन, अतः जसको हेतुले विज्ञान हुने हो सो पनि ममा हुने छैन' भनी तिमीले सिक्नुपर्छ ।"

आयुष्मान् सारिपुत्रका यी उपदेशहरू सुनेर अनाथपिण्डिक गृहपति आँसु खसाली रुनथाले । अनि त्यसबेला आयुष्मान् आनन्दले अनाथपिण्डिक गृहपतिसँग—

"हे गृहपति ! तिम्रो चित्त आफ्नो सम्पत्तिमा आसक्त भएको छकि, अल्झिएको छकि क्याहो ?" भनी सोध्नुभयो ।

"ओ भन्ते ! न म आसक्तछु, न त म अल्झिएरनै बसेको छु ! किन्तु , भन्ते ! यतिका दीर्घकालसम्म मैले शास्ताको उपासनागरें, ध्यानी भिक्षुहरूको पनि उपासनागरें तर यस्तो (गम्भीर) धर्मोपदेश यसभन्दा अघि मैले कहिले पनि सुन्नपाएको थिइन ।"

सारिपुत्रः—

"हे गृहपति ! केवल शुद्धजीवन बिताई बस्ने गृहस्थीहरूको निम्ति यस्तो (गम्भीर) धर्मकथा सु-बोधनीय हुँदैन, उनीहरू रुचाउँदैनन् पनि अथवा उनीहरूको मन पनि लाग्दैन; यस्तो (गम्भीर)

धर्मकथा प्रव्रजितहरूलाई मात्र बोधनीय हुन्छ, उनीहरू यस्तो कथा रुचाउँछन् पनि मन पनि लगाउँछन् ।"

"भन्ते, सारिपुत्र ! त्यसोभए शुद्धजीवी गृहस्थीहरूले पनि यस्तो धर्मकथा बुझ्न सकुन् ! भन्ते ! सारिपुत्र ! यहाँ अल्पक्लेश स्वभावका कुलपुत्रहरू पनि हुनसक्लान्, धर्मश्रवणगर्न नपाउँदा उनीहरूका निम्ति परिहानी पनि हुनसक्छ; धर्मलाई अवबोध गर्नसक्ने पनि हुनसक्लान् ।"

अनाथपिण्डिक-देवपुत्र

अनाथपिण्डिक गृहपतिलाई उक्त अववाद उपदेश गर्नु भई आयुष्मान् सारिपुत्र र आयुष्मान् आनन्द आसनबाट उठी फर्केर जानुभयो । आयुष्मान् सारिपुत्र र आयुष्मान् आनन्द फर्केको केही समय पछि अनाथपिण्डिक गृहपति परलोकभई तुषित देवलोकमा उत्पन्न भए ।

त्यसपछि अनाथपिण्डिक देवपुत्र, रातबितिसकेपछि अत्यन्त कान्तिवर्णले युक्तभई आफ्नो शरीरले जेतवन उज्यालो पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । [1]त्यसपछि अनाथपिण्डिक देवपुत्रले भगवान्लाई निम्न गाथा सुनाए:—

१—"इदं हि तं जेतवनं, इसिसङ्घनिसेवितं ।
आवुत्थं धम्मराजेन, पीतिसञ्जननं मम ॥

१. यहाँदेखि तलसम्मको कुरा सं. नि–१. पृ. ५३, देवतासंयुक्त, अनाथपिण्डिकसुत्तमा पनि छ ।

२—"कम्मं विज्जा च, धम्मो च सीलं जीवितमुत्तमं।
एतेन मच्चा सुज्झन्ति, न गोत्तेन धनेन वा॥
३—"तस्माहि पण्डितो पोसो, सम्पस्सं अत्थमत्तनो।
योनिसो विचिने धम्मं, एवं तत्थ विसुज्झति॥
४—"सारिपुत्तो व पञ्ञाय, सीलेन उपसमेन च।
यो पि पारङ्गतो भिक्खु, एतावपरमो सिया'ति।"

अर्थ :—

१—"मेरो मनमा प्रीति उत्पन्न गराउने, ऋषिसङ्घले सेवन गरेको, धर्मराजले वास गर्नु भएको, यही त्यो जेतवन विहार हो।

२—"कर्म, विद्या, धर्म र शीलनै जीवनको उत्तम अङ्गहो, यसैले मनुष्य शुद्धिहुन्छ, गोत्र र धनले शुद्धिहुन सक्तैन।

३—"त्यसैले पण्डितपुरुषले, आफ्नो हितलाई ध्यानमा राखी, राम्ररी जानी-बुझी धर्मसञ्चय गर्नु पर्छ, यसैले त्यहाँ (मनुष्यलोकमा) विशुद्ध हुन्छ।

४—"सारिपुत्र झैं प्रज्ञावान्, शीलवान्, उपशान्त तथा पारङ्गत भई बस्ने भिक्षुनै सर्वोत्तम छ।"

भगवान्ले पनि यसको अनुमोदन गर्नु भयो। अनि अनाथपिण्डिक देवपुत्र 'भगवान्ले मलाई अनुमोदन गर्नु हुन्छ' भनी भगवान्लाई अभिवादन र प्रदक्षिणागरी त्यहींनै अन्तरधान भएर गए।

त्यसरात बितिसकेपछि भगवान्ले भिक्षुहरूलाई आमन्त्रणगर्नु भई—"हे भिक्षुहरू! यो बितेको रातमा—रात बितिसकेपछि अत्यन्त कान्ति-

वर्णले युक्तभई, आफ्नो शरीरले जेतवन उज्यालोपारी, जहाँ म थिएँ त्यहाँ एक देवपुत्र आई, मलाई अभिवादनगरी एक छेउमा बसे। अनि सो देवपुत्रले निम्न गाथा सुनाए :—

"इदं हि तं जेतवनं ..." इत्यादि। (माथि लेखिएको गाथा जस्तै)

"यति भनी सो देवपुत्र, 'शास्ताले अनुमोदन गर्नुभयो' भनी मलाई अभिवादन र प्रदक्षिणागरी त्यहींनै अन्तरधान भएर गए।"

यो कुरा सुनी आयुष्मान् आनन्दले भगवान्सँग सोध्नुभयो :—

"उहीनै सो अनाथपिण्डिक देवपुत्र होलान् भन्ते ! होइन त ? अनाथपिण्डिक गृहपति आयुष्मान् सारिपुत्रप्रति अभिप्रसन्न थिए।"

"साधु ! साधु !! आनन्द, जहाँसम्म तर्कद्वारा जान्नुपर्ने थियो तिमीले जानीहाल्यौ। आनन्द ! अनाथपिण्डिक नै सो देवपुत्र थिए।"

भगवान्ले यति भन्नु भएपछि सन्तुष्टभई आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो।

—✦—

३. चित्र-गृहपति

परिचय

बुद्धको समयमा बुद्ध-धर्म राम्ररी जान्नसक्ने मात्र न भई बुद्ध-धर्म राम्ररी साक्षात्कारगरी व्याख्यान समेत गर्नसक्ने गृहस्थीहरू थिए। यिनीहरू मध्ये चित्र-गृहपतिको नाउँ विशेष उल्लेखनीय छ ।

यिनको जन्म मगधदेशस्थित मच्छिकासण्ड[१] भन्ने नगरका ख्यातिप्राप्त एक प्रतिष्ठित कुलमा भएको थियो । अङ्गुत्तरार्थकथानुसार यिनको जन्म हुँदा विचित्ररूपले पुष्पवृष्टि भएको हुनाले यिनको नाउँ 'चित्र'भनिएको हो । यिनको पिता परलोक भएपछि यिनले आफ्नो पिताको सेठ-पद पाएका थिए । भौतिक धनसम्पत्तिले सुसम्पन्न भएरै यी चित्र-गृहपति सदाचार तथा कुशलधर्मले पनि सुसम्पन्न थिए । त्यस बखतका ख्यातिप्राप्त अरू उपासकहरूको[२] जस्तै यिनको पनि ५००

---

१. अं.अ.क.पृ. २०९ । डा. मललसेकरको D.P.P. मा मच्छिकासण्ड नगर काशी देशमा भनिएको छ ।

२. (१) धम्मदिन्न उपासक, (२) विशाख उपासक, (३) उद्गत गृहपति, (४) हस्तक आलवक र (५) चुल्ल अनाथपिण्डिक गृहपतिहरूका पनि पाँच पाँच शय उपासक मित्र परिवारहरू थिए सं.अ.क.III पृ. २२३ (५३. ६.३)

उपासक मित्र परिवारहरू थिए । चित्र-गृहपतिको अम्ब्राटक वनखण्ड अतिरिक्त मृगपथक भन्ने अर्को गाउँ पनि अम्वाटक वनखण्डको पछाडि-पट्टि थियो[१] ।

यस जीवनमा धर्मावबोधगरी निर्वाण साक्षात्कारगर्न बुद्धकै श्रीमुखबाट उपदेश सुन्नुपर्छ भन्ने नभई, कुनै पनि श्रावक भिक्षुहरूबाट धर्मोपदेश सुनी तदनुसार साक्षात्कारगरी अवबोध समेत गर्नसक्छ भन्ने कुराको प्रमाण चित्र गृहपतिको जीवनले राम्ररी देखाएको छ । यिनले आफ्नो जीवनमा बुद्धसँग दर्शन-भेट नभइकनै सर्वप्रथम बुद्धका प्रथम शिष्यहरू पञ्चभद्र-वर्गीय[२] मध्येका महानाम महास्थविर मच्छिकासण्डमा भिक्षाटन[३] गइरहेको देखेर प्रभावितभई वहाँले दिनुभएको षडायतन विभक्ति अर्थात् षडायतनविभङ्ग[४] सूत्रको उपदेश सुनी सर्वप्रथम यिनी स्रोतापन्न फल[५] साक्षात्गरी निर्वाणपरायण भएका थिए ।

महानाम महास्थविरको उपदेश सुनी स्रोतापन्न मार्गफल साक्षात्-

---

१. सं.अ.क. III पृ. ९३. (३९. १.१)

२. कौण्डन्य, भद्दिय, वप्प, महानाम र अस्सजी भिक्षुहरू भगवान्का प्रथम भिक्षु शिष्यहरू थिए । यी पाँचलाई 'पञ्चभद्रवर्गीय' भन्दछन् ।

३. अं.अ.क.पृ. २०९. (१.६ ३.)

४. म. नि. III पृ. २९७.

५. धम्म.अ.क.पृ. २५५: सुधम्मत्थेरस्सवत्थु । अं. अ क.पृ. २१० मा अनागामी भएको कुरा उल्लेख छ । (१.६.३.)

कारगरी सकेपछि बुद्ध, धर्म तथा सङ्घप्रति अटल श्रद्धाले युक्तभई, चित्र-गृहपतिले महानाम महास्थविरलाई आफ्नो अम्वाटक वनखण्डमा घरहरू बनाई चतुर्दिशाबाट आउने भिक्षुसङ्घको नाउँमा प्रदानगरे। पछि यो स्थान अम्वाटकाराम (अम्वाटक विहार) को नाउँले प्रसिद्ध भयो। महानाम महास्थविर यस विहारमा धेरै दिनसम्म बस्नु भएको थियो।

एक दिन चित्र-गृहपतिले महानाम महास्थविरसँग ऋद्धिप्रातिहार्य देखाउनहुन अनुरोध गरेपछि महानाम महास्थविर त्यस विहार छाडी जानु भयो[१]।

यसपछि अम्वाटकाराम धेरै भिक्षुहरूका केन्द्रस्थान भयो। यस विहारमा ऋषिदत्त महास्थविर[२], महक महास्थविर[३], कामभू महास्थविर[४], गोदत्त महास्थविर[५], लकुण्टक भद्रीय महास्थविर[६] र अन्तमा सुधर्म महास्थविर[७] नेवासिक[८] भई बस्नु भएको थियो। चित्र-गृहपतिले अम्वाटकाराममा आउने भिक्षुहरूसँग अनेक धर्म विषयमा

---

१. अं.अ.क.पृ. २१० (१.६.३)

२. हेर तल 'शाश्वत लोक' शीर्षकमा।

३. हेर तल 'प्रातिहार्य' शीर्षकमा।

४. हेर तल 'निर्वाण-रथ' शीर्षकमा।

५. हेर तल 'अनिमित्त-चित्त' शीर्षकमा।

६. थेरगा.पृ. ३१०(७.३.४७७)थेरगा. अ.क.पुः ४७२.(७.१.२)

७. हेर तल 'आयुष्मान् सुधर्म' शीर्षकमा।

८. नित्यवास गर्नेलाई 'नेवासिक' भन्दछन्।

छलफल गर्थे । कुनै बेला महास्थविरहरूसँग कुरा सोध्थे, कुनै बेला महास्थविरहरूलाई धर्मको कुरा बताइदिन्थे । यसप्रकार चित्र-गृहपति धर्मधर, धर्मकथिकभई बसेका थिए ।

सुधर्म महास्थविर अम्बाटकाराममा नेवासिककोरूपमा बसि-रहनु भएको बेलामा चित्र-गृहपतिले कुनै भिक्षुगण वा सङ्घलाई निम्त्याउनु अथवा कुनै विशेष कामगर्नु भन्दा अगाडि, आदरको कारणले सुधर्म महास्थविरसँग सोध्ने गर्थे अथवा वहाँको अनुमतिलिई पुण्यकार्य गर्थे ।

एक दिनको कुराहो: भगवान्का प्रमुख शिष्य अग्रश्रावक[1] सारिपुत्र महास्थविर र महामौद्गल्यायन महास्थविर, विभिन्न महास्थविरहरू सहित १००० भिक्षुहरूका साथ[2] काशीबाट चारिकागर्दै मच्छिकासण्ड नगरमा आउँदै हुनुहुन्छ भन्ने कुरा सुनी चित्र-गृहपति, अग्रश्रावक महास्थविरहरूको स्वागतार्थ गए । अम्बाटकाराममा आइपुग्नु भएपछि सारिपुत्र महास्थविरले चित्र-गृहपतिलाई धर्मोपदेश गर्नु भयो । यो उपदेश सुनी चित्र-गृहपतिले अनागामी मार्ग-फल साक्षात्कारगरे[3] । त्यसैबखत चित्र-गृहपतिले अग्रश्रावक प्रमुख वहाँसँग आउनु भएका एक हजार भिक्षुहरूलाई समेत भोजनार्थ निम्तोगरे । अग्रश्रावकहरूलाई निम्तो गरिसकेपछि विहारमा नेवासिक भई बस्नु भएका सुधर्म महास्थविरलाई

---

१. सारिपुत्र र महामौद्गल्यायन महास्थविरहरूलाई अग्रश्रावक भनिन्छ ।

२. अं.अ.क.पृ. २१० (१ ६.३)

३. धम्म.अ.क.पृ, २५५ बालवर्ग ।

पनि भोजनार्थ निम्तोगरे। सुधर्म महास्थविर चित्र-गृहपतिले वहाँसँग नसोधी अग्रश्रावकहरूलाई निम्तो दिएको कुराबाट अप्रसन्न भई विहार छाडेर जानु भएको कुरा तल लेखिएको मूल पालिबाट थाहा हुनेछ। यस अप्रसादनीय घटनाको कारणलाई लिई भगवान् बुद्धले सुधर्म महास्थविरलाई चित्र-गृहपतिसँग क्षमा माग्न लगाउनु भयो र अन्तमा सुधर्म महास्थविरले चित्र-गृहपतिको अम्बाटकाराममै बस्नु भई, अहम-न्यतालाई समाप्तगरी, चतुप्रतिसम्भिदा विशेषज्ञान सहित अरहत्व प्राप्त गर्नु भयो[१]।

बुद्धको दर्शन विनानै चित्र-गृहपतिले तीस वर्षभित्र स्रोतापन्न तथा अनागामी मार्ग-फल प्राप्त गरिसकेपछि एक दिन उनको मनमा यस्तो लाग्यो :—

"यत्तिका वर्ष वितिसकेर पनि मैले भगवान् बुद्धको दर्शन-भेट गर्न पाएको छैन। तापनि मैले साँच्चैकै बुद्ध अर्थात् आफैले बोधगर्नु पर्ने बोधिज्ञान लाभगरी आफ्नो विमुक्तिको मार्ग प्राप्तगरी सकेको छु। बत्तीस महापुरुष लक्षणहरूले युक्त हुनुभएका तथागत सम्यक् सम्बुद्धको दर्शन गर्नु पनि कल्याणकरनै हो। अतः वहाँको दर्शनार्थ श्रावस्ती जानुपऱ्यो।"

यति मनमा विचारगरी चित्र-गृहपति, पाँच शय गाडामा अनेक सम्पत्ति तथा खाद्य-भोज्य पदार्थ राखी, श्रावस्तीमा जानचाहने भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई पनि आमन्त्रणगरी, करीब दुइ

---

१. अं.अ क.पृ. २१० (१.६.३) र धम्म.अ.क.पृ. २५८ बालवर्ग।

हजार परिवारहरूका साथ आफ्ना भार्या सहित मच्छिकासण्ड नगरबाट श्रावस्तीका लागि प्रस्थान गरे। मगध देशबाट ३० योजन टाढारहेको श्रावस्तीस्थित जेतवन विहारमा पुग्न एक महीना लागेको थियो[१]।

जेतवन विहारमा पुगिसकेपछि चित्र-गृहपतिले बुद्ध प्रमुख भिक्षु-सङ्घलाई एक महीनासम्म प्रतिदिन दान पुण्य गरेर पनि आफुले लगेको बस्तुहरू सिध्याउन नसकी भगवान्‌संग अनुरोधगरी ५०० गाडाका माल सामानहरू जम्मै सङ्घको निम्ति चढाइदिए[२]।

चित्र-गृहपति श्रावस्तीस्थित जेतवन विहारमा भगवान्‌को दर्शनगर्न आउँदैछन् भन्ने सुनी श्रावस्तीवासी उपासक र उपासिकाहरू लस्करका लस्कर चित्र-गृहपतिसँग भेटगर्न गए। तिनीहरू सबैले चित्र-गृहपतिलाई अनेक प्रकारका खाद्य-भोज्य सामानहरू उपहारको रूपमा दिए। चित्र-गृहपतिले महान लाभसत्कार पाए।

भगवान् बुद्धले चित्र-गृहपतिलाई षडायतन विभक्ति अर्थात् षडायतन विभङ्ग सूत्रकै उपदेश दिनु भएको थियो। भगवान् बुद्धले चित्र-गृहपतिको पाण्डित्यताको प्रशंसा गर्नु हुँदै उपासकहरूमध्ये धर्मव्याख्यान गर्नेमा चित्र-गृहपति अग्रछन् भनी घोषणा गर्नु भयो। यस्तैगरी अरू अरू गुणहरूबारे प्रशंसा गर्नु भएका कुराहरू पनि तल लेखिएका त्यस त्यस ठाउँका सूत्रहरूबाटै थाहा हुनेछ।

यसरी चित्र-गृहपति तथागत सम्यक् सम्बुद्धको दर्शनगरी दुइ

---

१. अं.अ.क.पृ. २१० (१.६.३)

२. धम्म.अ क.पृ. २५९. बालवर्ग।

महीना आउन-जान बाटामा बिताई, एक महीना जेतवन बिहारमा बिताई तीन महीनापछि आपनो घरफर्के।

चित्र-गृहपति 'म बुद्ध-भक्त हु" भनी अन्य धर्मावलम्बीहरूलाई बेवास्ता गर्दैनथे। उनी अरू धर्मावलम्बीहरूका आचार्य प्राचार्यहरूको पनि कदर गर्थे भन्ने कुरा मच्छिकासण्डमा आएका निगण्ठनाथपुत्र कहाँ शिष्टाचार भेटगर्न गएको कुराबाट स्पष्ट हुन्छ। जुन कुरा तल लेखिएको 'निगण्ठनाथपुत्र' भन्ने शीर्षकमा पाइनेछ। आपना एक साथी जो निगण्ठ सम्प्रदायमा प्रव्रजित भएको थियो—३० वर्षसम्ममा पनि कुनै ध्यान प्राप्तगर्न नसकेको कुरा सुनी उसैको इच्छानुसार भिक्षुसङ्घमा लगी भिक्षुत्व दिलाइदिएबाट मित्रधर्म पालनगरेको कुरा पनि तल लेखिएको 'अचेलकश्यप' शीर्षकबाट थाहापाउन सक्नेछ।

चित्र-गृहपति बुद्ध-धर्ममा दिक्षित भई ३० वर्षसम्म उपासकत्वमा वसी, शुद्ध तथा नीर्मल गृहस्थीजीवन बिताई, पुनः यसलोकमा आउन नपर्नेगरी ब्रह्मलोकबाटै परिनिर्वाणगामी भई, बुद्ध-परिनिर्वाण हुनु भन्दा अगाडिनै देहावशान भएको कुरा तल लेखिएको सूत्रबाट बुझिन्छ। चित्र गृहपति एक धर्मकथिक मात्र नभई एक परमभक्ति सम्पन्न शुद्धजीवी उपासक पनि थिए। गृहस्थीहरूका जीवन नाप्ने माप-दण्ड समान चित्र-गृहपतिलाई बनाउनु भएबाट यिनको जीवन कति उत्कृष्ट थियो भन्ने कुरा स्वतः सिद्ध हुन्छ।

× × ×

मूल सूत्र :—

१–संयोजन

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बसेका थिए[१] ।

त्यस बखतमा भिक्षाटन सिद्धिएपछि मण्डलमालमा भेलाभई-बसिरहेका केही थेर भिक्षुहरूका बीच यस्तो कुरा चल्यो :–

"जो 'संयोजन' र 'संयोजनीय धर्महरू' हुन् ती धर्महरू 'नानार्थ-नानाव्यञ्जन' हुन् कि 'एकार्थ तथा व्यञ्जनमात्र नाना' हुन् ?"

त्यहाँ केही थेर भिक्षुहरूले यस्तो भने—"जो 'संयोजन' र 'संयोजनीय धर्महरू हुन्' ती धर्महरू 'नानार्थ र नानाव्यञ्जन हुन्' ।"

केही थेर भिक्षुहरूले भने—"जो 'संयोजन र संयोजनीय धर्महरू' हुन् ती धर्महरू 'एकार्थ तथा व्यञ्जनमात्र नाना' हुन् ।"

त्यस बखतमा चित्र-गृहपति केही कामले मृगपथक[२] भन्ने आफ्नो गाउँमा आएका थिए । अनि चित्र-गृहपतिले सुने—"भिक्षाटन

---

१. सं. नि–III पृ. २५२: संयोजनसुत्तं ।

२. मच्छिकासण्डको पछाडिपट्टि भएको आफ्नै गाउँ—सं. अ. क. IV पृ. ९३. (३९.१.१)

पछि मण्डलमालमा भेलाभई बसिरहेका थेर भिक्षुहरूका बीच—'जो 'संयोजन र संयोजनीय धर्महरू' हुन् ती धर्महरू 'नानार्थ-नानाब्यञ्जन' हुन् कि 'एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन् ?"

त्यसपछि चित्र-गृहपति जहाँ ती थेर भिक्षुहरू थिए त्यहाँ गएर थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे। अनि उनले थेर भिक्षुहरूसँग सोधे :—

"भन्ते ! भिक्षाटन पछि मण्डलमालमा भेलाभई बसिरहनुभएका थेर भिक्षुहरूका बीच—'जो 'संयोजन' र 'संयोजनीय धर्महरू' हुन् ती धर्महरू 'नानार्थ-नानाब्यञ्जन' हुन् कि 'एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन् ?...'नानार्थ र नानाब्यञ्जन' हुन्।...'एकार्थ तथा ब्यञ्जनमात्र नाना' हुन् भनी कुरा चलेको थियो भन्ने मैले सुने।"

"हो, गृहपति !"

"भन्ते ! जो 'संयोजन' र 'संयोजनीय धर्महरू' हुन् यिनीहरू 'नानार्थ र नानाब्यञ्जन' हुन्। भन्ते ! तपाइहरूलाई उपमा सुनाउँछु। उपमाद्वारा पनि यहाँ केही विज्ञपुरुषहरूले भनेका कुराहरूको अर्थ अवबोध गर्न सक्नेछन्।

"जस्तो कि—एउटै डोरीमा बाँधेको कालो गोरु र सेतो गोरुलाई यदि कसैले—'कालो गोरु सेतो गोरुको संयोजन (बन्धन) हो अथवा सेतो गोरु कालो गोरुको संयोजन (बन्धन) हो' भनी भनेमा के उसले यो कुरा ठीक भनेकोछ भन्न सक्ला ?"

"हे गृहपति ! सक्दैन। न कालो गोरु सेतो गोरुको बन्धन (संयोजन) हो, न त सेतो गोरुनै कालो गोरुको बन्धन हो; बल्कि जुन त्यहाँ एउटै डोरीले (दुवै गोरुहरूलाई) बाँधिएका छन् सोही डोरी संयोजन हो।"

"भन्ते ! यस्तैगरी—न चक्षु रूपको संयोजन हो, न रूपनै चक्षुको संयोजन हो; बल्कि जुन त्यहाँ ती दुवैको (चक्षु र रूपको) कारणबाट उत्पन्न हुने छन्दराग हो, सोही नै त्यहाँ संयोजन हुन आउँछ। न श्रोत शब्दको बन्धन हो, न शब्दनै श्रोतको बन्धन हो; ···न घ्राण गन्धको बन्धन हो, न गन्धनै घ्राणको बन्धन हो; ···न जिव्हा रसको बन्धन हो; न रसनै जिव्हाको बन्धन हो; ···न काय स्पर्शको बन्धन हो, न स्पर्शनै कायको बन्धन हो; ···न मन धर्मको बन्धन हो, न धर्मनै मनको बन्धन हो; बल्कि जुन त्यहाँ ती दुवैको कारणबाट उत्पन्नहुने छन्दरागहो, सोहीनै त्यहाँ संयोजन (बन्धन) हुन आउँछ।"

"हे गृहपति ! तिम्रोलागि यो लाभ हो ! सुलाभ हो !! जो कि तिमी यस्तो गम्भीर बुद्ध वचनबारेमा पनि प्रज्ञाचक्षु लाभीछौ।"

× × ×

मूल सूत्र :—

२–धातु-कथा

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक

वनखण्डमा बसेका थिए[१] ।

अनि चित्र-गृहपति जहाँ ती थेर भिक्षुहरू थिए त्यहाँगई थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे । त्यसपछि चित्र-गृहपतिले थेर भिक्षुहरूलाई निवेदनगरे :—"भन्ते थेर ! भोलिको निम्ति मेरो भोजन स्वीकार गर्नुहोस् !" थेर भिक्षुहरूले तूष्णिभावले स्वीकार गरे । थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरूलाई अभिवादन तथा प्रदक्षिणागरी चित्र-गृहपति फर्केर गए ।

त्यो रात बितिसकेपछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको निवासस्थानहो त्यहाँगई बिच्छ्याइराखेको आसनमा बसे ।

चित्र-गृहपति थेर भिक्षुहरूका छेउमागई अभिवादनगरी एक छेउमा बसे । त्यसपछि चित्र-गृहपतिले आयुष्मान् थेर भिक्षुहरूसँग यो कुरा सोधे :—

"भन्ते ! 'धातु नानत्व, धातु नानत्व' भनी भनिन्छ, कतिसम्ममा वा कसरी भगवान्ले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ ?"

यो कुरा सोध्दा आयुष्मान् थेर भिक्षु चुपलागेर बसे ।

दोश्रोपटक पनि चित्र-गृहपतिले सोधे :—

---

१. सं. नि–III पृ. २५३: पठम इसिदत्तसुत्तं ।

"भन्ते ! 'धातुनानत्व, धातुनानत्व' भनी भनिन्छ, कतिसम्ममा वा कसरी भगवान्‌ले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ ?"

दोश्रोपटक पनि आयुष्मान् थेर भिक्षु चुपलागेर बसे ।

तेश्रोपटक पनि चित्र-गृहपतिले सोधे :—

"भन्ते ! 'धातुनानत्व, धातुनानत्व' भनी भनिन्छ कतिसम्ममा वा कसरी भगवान्‌ले धातुनानत्व हुन्छ भनी भन्नु भएको रहेछ ?"

तेश्रोपटक पनि आयुष्मान् थेर भिक्षु चुपलागेरनै बसे ।

त्यसबेला त्यस सङ्घमा सबभन्दा कान्छा आयुष्मान् ऋषिदत्त हुनुहुन्थ्यो । अनि आयुष्मान् ऋषिदत्तले आयुष्मान् थेर भिक्षुसँग सोधेः—"भन्ते, थेर ! चित्र-गृहपतिको प्रश्नको उत्तर म दिऊँ कि ?"

"आवुसो ! ऋषिदत्त, चित्र-गृहपतिको यस प्रश्नको उत्तर देऊ !"

"हे गृहपति ! 'धातुनानत्व, धातुनानत्व' भनी भनिन्छ, 'कति-सम्ममा वा कसरी भगवान्‌ले धातुनानत्व हुन्छ' भनी भन्नुभएको रहेछ भन्ने कुरा तिमी सोध्दछौ होइन ?"

"हो, भन्ते !"

"हे गृहपति ! भगवान्‌ले यसरी धातुनानत्व भन्नुभएको हो—'चक्षुधातु, रूपधातु, चक्षुविज्ञानधातु; श्रोतधातु, शब्दधातु, श्रोत-विज्ञानधातु; घ्राणधातु, गन्धधातु, घ्राणविज्ञानधातु; जिव्हाधातु, रसधातु, जिव्हाविज्ञानधातु; कायधातु, स्पर्शधातु, कायविज्ञानधातु तथा

चित्तधातु, धर्म (चित्तविषय) धातु, चित्तविज्ञानधातु । गृहपति ! यतिसम्मलाई भगवान्‌ले 'धातुनानत्व, धातुनानत्व' भनी भन्नुभएको हो, होइनत ?"

अनि चित्र-गृहपतिले आयुष्मान् ऋषिदत्तको भाषणलाई अनुमोदनगरी थेर भिक्षुहरूलाई प्रणीत खाद्य, भोज्य स्वयं आफ्नै हातले अर्पणगरी तृप्तगराए । त्यसपछि थेर भिक्षुहरू पात्रबाट हात हटाई भोजन सिध्याइसकेपछि आसनबाट उठी फर्केर गए ।

त्यसबखत आयुष्मान् थेर भिक्षुले आयुष्मान् ऋषिदत्तलाई भने :—"आवुसो, ऋषिदत्त ! धन्य !! जुन प्रश्नको उत्तर मैले दिनसकेको थियिन, सो प्रश्नको उत्तर तिमीले दियौ । यस्तैगरी जहिले अरुपनि प्रश्नहरू आउलान् त्यसबेला तिमीलेनै उत्तर देऊ !"

× × ×

मूल सूत्र :—

३- शाश्वतलोक

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बसेका थिए[१] ।

---

१. सं नि-III. पृ. २५५ दुतियइसिदत्तसुत्तं ।

चित्र-गृहपति जहाँ ती थेर भिक्षुहरू थिए त्यहाँ गई थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे। अनि चित्र-गृहपतिले थेर भिक्षुहरूसँग निवेदन गरे :—

"भन्ते थेर! भोलिको निम्ति मेरो भोजन स्वीकर गर्नु होस्।"

थेर भिक्षुहरूले तूष्णिभावले स्वीकार गरे। थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणागरी चित्र-गृहपति फर्केर गए। त्यो रात बितिसकेपछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको निवासस्थान हो त्यहाँगई बिच्छ्याइराखेको आसनमा बसे।

चित्र-गृहपति थेर भिक्षुहरूका छेउमा गई अभिवादनगरी एक छेउमा बसे। त्यसपछि चित्र-गृहपतिले आयुष्मान् थेर भिक्षुसँग यो कुरा सोधे :—

"भन्ते थेर! जो लोकमा अनेकप्रकारका दृष्टि (धारणा) हरू उत्पन्न हुन्छन् जस्तै— '(१) शाश्वतलोक हो, (२) अशाश्वत लोक हो, (३) अन्तवान् लोक हो, (४) अनन्तवान् लोक हो, (५) उही जीवहो उही शरीरहो, (६) अर्कै जीवहो अर्कै शरीरहो, (७) मरणपछि सत्व हुन्छ, (८) मरणपछि सत्व हुँदैन, (९) मरणपछि सत्व हुन्छ पनि हुन्न पनि र (१०) मरणपछि सत्व न हुन्न, न हुन्छ' भनी अथवा जुन् ६२ दृष्टि (धारणा) हरूबारे ब्रह्मजाल[1] (सूत्र) मा भनि-

१. दी. नि.-१ पृ. ३ ब्रह्मजालसुत्तं।

एकोछ— यी दृष्टिहरू के भएमा हुन्छन्, के नभएमा हुँदैनन् होला ?"

उक्त कुराहरू सोध्दा आयुष्मान् थेर भिक्षु चुपलागेर बसे।

दोश्रोपटक पनि, तेश्रोपटक पनि चित्र-गृहपतिले सोधे—

"भन्ते थेर ! लोकमा अनेकप्रकारका दृष्टिहरू उत्पन्न हुन्छन् जस्तै— '(१) 'शाश्वतलोक हो,··· र (१०) मरणपछि न सत्व हुन्न न हुन्छ' भनी अथवा जुन ६२ दृष्टिहरूबारे ब्रह्मजालमा भनिएको-छ— यी दृष्टिहरू के भएमा हुन्छन्, के नभएमा हुँदैनन् होला ?'

तेश्रोपटक पनि आयुष्मान् थेर भिक्षु चुपलागेरनै बसे।

आयुष्मान् ऋृषिदत्त त्यसबेला त्यस भिक्षु सङ्घमा सबभन्दा कान्छा हुनुहुन्थ्यो। अनि आयुष्मान् ऋषिदत्तले आयुष्मान् थेर भिक्षु-सँग सोध्नु भयो कि— "भन्ते थेर ! चित्र-गृहपतिको प्रश्नको उत्तर म दिउँ कि ?"

"आवुसो ऋषिदत्त ! चित्र-गृहपतिको यस प्रश्नको उत्तर देऊ !"

"हे गृहपति ! तिमी यो सोध्दछौ होइन ?— 'भन्ते थेर ! जो लोकमा अनेकप्रकारका दृष्टिहरू उत्पन्न हुन्छन् जस्तै— 'शाश्वतलोक हो,··· मरणपछि सत्व न हुन्न न हुन्छ' भनी अथवा ६२ दृष्टिहरूबारे जुन ब्रह्मजालमा भनिएको छ— यी दृष्टिहरू के भएमा हुन्छन्, के नभएमा हुँदैनन् होला ?"

"हो, भन्ते !"

"हे गृहपति ! जो यी अनेकप्रकारका दृष्टिहरू लोकमा उत्पन्न हुन्छन् जस्तै — 'श्वाखतलोक हो…' भनी… यी दृष्टिहरू स्व-काय-दृष्टि भएकामा हुन्छन् र स्व-कायदृष्टि न भएकामा हुँदैनन् ।"

"भन्ते ! कसरी स्वकायदृष्टि हुन्छ नि ?"

"हे गृहपति ! यहाँ अश्रुतवान् पृथक्जन, आर्यहरू नदेख्ने, आर्यधर्म नजान्ने, आर्यधर्ममा अविनीत; सत्पुरुषहरू न देख्ने, सत्पुरुषधर्म न जान्ने, सत्पुरुषधर्ममा अविनीत पुरुषले—

"A १ 'रूप' आत्म हो, 'रूपवान्' आत्म हो, 'आफुमा भएको रूप' आत्म हो अथवा 'रूपमा' आत्म छ भनी हेर्छ ।

"A २ 'वेदना' आत्म हो, 'वेदनावान्' आत्म हो, 'आफुमा भएको वेदना' आत्म हो अथवा 'वेदनामा' आत्म छ भनी हेर्छ ।

"A ३ 'संज्ञा' आत्म हो, संज्ञावान्' आत्म हो, 'आफुमा भएको संज्ञा' आत्म हो अथवा 'संज्ञामा' आत्म छ भनी हेर्छ ।

"A ४ संस्कार' आत्म हो, 'संस्कारवान्' आत्म हो, 'आफुमा भएको संस्कार' आत्म हो अथवा 'संस्कारमा' आत्म छ भनी हेर्छ ।

"A ५ 'विज्ञान' आत्म हो, 'विज्ञानवान्' आत्म हो, 'आफुमा भएको विज्ञान' आत्म हो अथवा 'विज्ञानमा' आत्म छ भनी हेर्छ । यसरी स्व-काय दृष्टि भएको हुन्छ ।"

"भन्ते ! कसरी स्व-काय-दृष्टि न भएको हुन्छ नि ?"

"हे गृहपति ! यहाँ श्रुतवान् आर्यश्रावक, आर्यहरू देख्ने, आर्यधर्म जान्ने, आर्यधर्ममा सुविनीत; सत्पुरुषहरू देख्ने, सत्पुरुषधर्म जान्ने, सत्पुरुषधर्ममा सुविनीत पुरुषले —

"B १ 'न रूप' आत्म हो 'न रूपवान्' आत्महो, 'न आफुमा भएको रूप' आत्म हो अथवा 'न रूपमा' आत्मछ भनी हेर्छ ।

"B २ 'न वेदना' आत्म हो, 'न वेदनावान्' आत्महो, 'न आफुमा भएको वेदना' आत्म हो अथवा 'न वेदनामा' आत्म छ भनी हेर्छ ।

"B ३ 'न संज्ञा' आत्म हो, 'न संज्ञावान्' आत्म हो, 'न आफुमा भएको संज्ञा' आत्म हो अथवा 'न संज्ञामा' आत्म छ भनी हेर्छ ।

"B ४ 'न संस्कार' आत्म हो, 'न संस्कारवान्' आत्म हो, 'न आफुमा भएको संज्ञा' आत्म हो अथवा 'न संस्कारमा' आत्म छ भनी हेर्छ ।

"B ५ 'न विज्ञान' आत्म हो, 'न विज्ञानवान्' आत्म हो, 'न आफुमा भएको विज्ञान' आत्म हो अथवा 'न विज्ञ नमा नै' आत्म छ भनी हेर्छ । यसरी स्व-काय-दृष्टि न भएको हुन्छ ।"

"भन्ते ! आर्य ऋषिदत्त, कहाँबाट पाल्नु भएको रहेछ ?"

"हे गृहपति ! अवन्तीबाट आएको हुँ ।"

"भन्ते ! अवन्तीमा हामीले पहिले न भेटेका हाम्रा मित्र छन्; उनी प्रव्रजित भए भन्ने सुन्दछौं, के तपाईले वहाँलाई देख्नु भएको छ ?"

"हे गृहपति ! देखेको छु ।"

"भन्ते ! त्यसो भए वहाँ आयुष्मान् आजकल कहाँ बस्नुहुँदो रहेछ ?"

यो कुरा सुनी आयुष्मान् ऋषिदत्त चुपलागेर बस्नु भयो ।

"भन्ते ! तपाई नै हुनुहुन्छ कि क्या हो ?"

"हो, गृहपति !"

"भन्ते, आर्य ऋषिदत्त! मच्छिकासण्डमा मनलगाएर बस्नुहोस् । अम्बाटक वनखण्ड रमणीय छ । म आर्य ऋषिदत्तको निम्ति उत्साहपूर्वक चीवर, भिक्षाभोजन, शयनासन, गिलानप्रत्यय भैषज्र्य परिष्कारादिद्वारा उपस्थान गर्नेछु ।"

"हे गृहपति ! कल्याण नै भनेका छौ ।"

अनि आयुष्मान् ऋषिदत्तको भाषणलाई अभिनन्दन र अनुमोदनगरी चित्र-गृहपतिले थेर भिक्षुहरूलाई प्रणीत खादय भोज्य स्वयं आफ्नै हातले अर्पितगरी तृप्तगराए । पात्र हातबाट हटाई, भोजनोपरान्त थेर भिक्षुहरू आसनबाट उठी फर्केर गए । आयुष्मान् थेर भिक्षुले आयुष्मान् ऋषिदत्तलाई भने —

"साधु ! आवुसो ऋषिदत्त ! जुन प्रश्नहरूका उत्तर मलाई थाहा थिएन, तिमीले ती प्रश्नहरूका उत्तरहरू दियौ । त्यसकारण फेरि पनि यस्ता प्रश्नहरू आएमा तिमीले नै त्यसको उत्तर देऊ !"

आयुष्मान् ऋषिदत्त शयनासनहरू पट्याई राखी, पात्र-चीवर ग्रहणगरी मच्छिकासण्डबाट जानु भयो । त्यहाँबाट जानुभइसकेपछि आयुष्मान् ऋषिदत्त पुनः मच्छिकासण्डमा कहिले पनि फर्कनु भएन ।

मूल सूत्रः—

४—प्रातिहार्य

एक समय केही थेर भिक्षुहरू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बसेका थिए[1]।

चित्र-गृहपति जहाँ थेर भिक्षुहरू थिए त्यहाँगई थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे। अनि चित्र-गृहपतिले थेर भिक्षुहरूलाई निवेदनगरे— "भन्ते! भोलिको निम्ति मेरो भोजन स्वीकार गर्नुहोस्।" थेर भिक्षुहरूले तूष्णिभावले स्वीकारगरे। थेर भिक्षुहरूले निम्तो स्वीकार गरेको बुझी आसनबाट उठी थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणागरी चित्र-गृहपति फर्केर गए। त्यो रात बितिसकेपछि थेर भिक्षुहरू पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको निवासस्थान हो त्यहाँ गई बिछ्याइराखेको आसनमा बसे।

अनि चित्र-गृहपतिले थेर भिक्षुहरूलाई प्रणीत घ्यू र पायश आफ्नै हातले सन्तर्पित गरी तृप्तगराए। पात्रबाट हात हटाई भोजनोपरान्त थेर भिक्षुहरू आसनबाट उठी फर्केर गए। "बाँकी रहेकालाई खान देऊ!" भनी आफु पनि थेर भिक्षुहरूका पछि पछि लागे। त्यसबखत खूब गर्मी चढेको थियो र जिमिनको बालुवाले खूब पोल्दथ्यो। तो थेर भिक्षुहरू भोजन लागेझैं गर्मीलेगर्दा ढलमलाउँदै हिंडीरहेका थिए।

त्यस समय त्यस भिक्षुसङ्घमा आयुष्मान् महक सबभन्दा कान्छो हुनु हुन्थ्यो। आयुष्मान् महकले आयुष्मान् थेर भिक्षुहरूसँग सोध्नु भयोः—

---

१. सं. नि—III पृ. २५७: महकपाटिहारियसुत्तं।

"भन्ते थेर ! शीतल हावा लागे बेश हुन्थ्यो कि, आकाशमा बादल छाइदिए बेश हुन्थ्यो कि अथवा केही केही वृष्टि भइदिए वेश हुन्थ्यो कि ?"

"साधु ! आवुसो महक ! राम्रै हुन्थ्यो होला यदि शीतल हावा आइदिए, आकाशमा बादल छाइदिए अथवा केही केही वृष्टि पनि भइदिए !"

अनि आयुष्मान् महकले त्यस्तो ऋद्धि-संस्कार गर्नु भयो कि जसको प्रभावले शीतल हावा, आकाशमा बादल तथा केही केही वृष्टि पनि भयो । त्यसबखत चित्र-गृहपतिको मनमा यस्तो लाग्यो:—"अहो ! जो सबभन्दा यस भिक्षु सङ्घमा कान्छो हुनुहुन्छ, वहाँको यस्तो ऋद्धि-प्रभाव !"

आराममा पुगिसकेपछि आयुष्मान् महकले थेर भिक्षुहरूसँग निवेदन गर्नुभयो–– "भन्ते ! यत्तिकैले पुग्यो ?"

"आवुसो महक ! यत्तिकैले पुग्यो, यत्तिकैले खूबगऱ्यौ, यत्तिकैले नै पूजा सत्कार पनि भयो !" भन्दै थेर भिक्षुहरू आ-आपना विहार (घर) मा गए । आयुष्मान् महक पनि आफ्नो विहारमा जानु भयो ।

त्यसबखत चित्र-गृहपति जहाँ आयुष्मान् महक हुनु हुन्थ्यो त्यहाँगई आयुष्मान् महकलाई अभिवादनगरी एक छेउमा बसे । अनि चित्र-गृहपतिले आयुष्मान् महकसँग प्रार्थना गरे—

"भन्ते ! आर्य महकले केही उत्तरीय-मनुष्यधर्म ऋद्धिप्राति-हार्य देखाउनु भए बेश हुन थियो ।"

"हे गृहपति ! त्यसोभए आँगनमा चीवर बिच्छ्याई त्यसमा तृणकाष्टहरू राख !"

"हवस्" भनी चित्र-गृहपतिले आयुष्मान् महकले भन्नुभए जस्तै आँगनमा एक चीवर बिच्छ्याई त्यसमा तृणकाष्टहरू राखे ।

आयुष्मान् महक कोठाभित्र पसी चुकुल लगाई त्यस्तो ऋद्धि अभिसंस्कार गर्नुभयो जसको प्रभावले तालाको प्वालबाट र चुकुलको बीचबाट अर्चि निस्की तृणादि जम्मै जलाई दियो तर उत्तरासङ्गमा भने आगो लागेन । चित्र-गृहपति उत्तरासङ्ग टक टक्याई संवेगभई, जिरिङ्गभई एकछेउमा उभिइरहे । आयुष्मान् महक कोठाबाट बाहिर निस्की चित्र-गृहपतिसँग सोध्नुभयो:— "हे गृहपति ! पुग्यो त ?"

"भन्ते महक ! पुग्यो, खूब गर्नुभयो ! पूजित पनि भएँ । भन्ते ! आर्य महक मच्छिकासण्डमा मनलगाई बस्नुहोस् ! अम्बाटक वनखण्ड रमणीय छ ! आर्य महकको निम्ति म चीवर, भिक्षा-भोजन, शयनासन र गिलानप्रत्यय भैषज्र्यादि परिष्कारद्वारा उपस्थान गर्नेछु ।"

"हे गृहपति ! कल्याण नै भन्यौ ।"

त्यसपछि आयुष्मान् महक शयनासन पटचाई राखी, पात्र-चीवर ग्रहणगरी मच्छिकासण्डबाट निस्केर जानुभयो । मच्छिकासण्ड-बाट गइसकेपछि आयुष्मान् महक पुनः मच्छिकासण्डमा कहिले पनि फर्कनु भएन ।

× × ×

मूल सूत्र :—

५–निर्वाण-रथ

एक समय आयुष्मान् कामभू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बस्नु भएको थियो[1] ।

चित्र गृहपति जहाँ आयुष्मान् कामभू हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् कामभूलाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका चित्र-गृहपतिलाई आयुष्मान् कामभूले भन्नु भयो--

"हे गृहपति ! भगवान्ले निम्नगाथा भन्नु भएको छ--

'नेलङ्गो सेतपच्छादो, एकारो वत्तती रथो ।
अनीघं पस्स आयन्तं, छिन्नसोतं अबन्धनं' ति[2]।'

अर्थ :--

'शील-शुद्धिले निर्दोष भएका, विमुक्तिरूपी सेतो भीत भएका, स्मृतिरूपी एकै धुर भएको रथमा गएका, रागादि बन्धन मुक्त भएका, तृष्णारूपी स्रोतलाई पारगरेका अरहन्तलाई आइरहेको हेर !'

"हे गृहपति ! भगवान्ले संक्षिप्तरूपले भन्नु भएको यस

---

१. सं. नि. III ४ पृ. २५९ पथमकामभूसुत्तं ।

२. यो गाथा भगवान्ले लकुण्टकभद्रिय भिक्षुको कारणले भन्नु भएको हो– उदान. पृ. १५६.

गाथाको सविस्तर अर्थ कसरी बुझ्ने ?"

"भन्ते ! के यो गाथा (श्लोक) भगवान्ले भन्नु भएको हो ?"

'हो, गृहपति !"

"भन्ते ! त्यसोभए एकछिन पर्खनुहोस् ! त्यसको अर्थ विचार गर्नेछु ।"

चित्र-गृहपति एकछिन चुपलागेर बसे । अनि त्यसपछि उनले आयुष्मान् कामभूलाई निवेदन गरे :—

"भन्ते ! 'नेलङ्ग = निर्दोष' भनेको नै शील हो । 'सेतच्छादो = सेतो भीत' भनेको नै विमुक्ति हो । 'एकारो = एकै धुर' भनेको नै स्मृति हो । 'वत्तति = गए' भनेको नै अगाडि पछाडि जानु हो । 'रथ' भनेको यही चातुर्महाभौतिक, आमा-बाबुको कारणले भएको शरीर नै… हो । राग, द्वेष र मोहलाई 'नीघ' भनिन्छ अर्थात् दुःखलाई 'नीघ' भनिन्छ । ती राग, द्वेष र मोह क्षीणास्रव भिक्षुहरूमा हुँदैनन्— निर्मूल गरी जरोसमेत उखलिइसकेको हुन्छ, तालवृक्ष छेदन भएको जस्तै हुन्छ, पुनः सम्भावना नहुने गरी फेरि (जन्म) हुने हेतु भएको हुँदैन । त्यसैले क्षीणास्रव भिक्षुलाई 'अनीघो = दुःख रहित भएका' भनिन्छ । 'आयन्तं = आइरहेका' भनेको आइरहेका अरहन्तलाई भनेको हो । 'सोतो = स्रोत' भनेको तृष्णा हो । ती तृष्णाहरू क्षीणास्रव भिक्षुमा हुँदैनन्— निर्मूलगरी जरोसमेत उखलिइसकेको हुन्छ… । त्यसैले क्षीणास्रव भिक्षुलाई 'छिन्नसोतो = स्रोतबाट उत्तीर्ण भएको' भनिन्छ । राग, द्वेष र

मोह बन्धन हो। ती रागादि बन्धन क्षीणास्रव भिक्षुमा हुँदैनन्— निर्मूलगरी जरो समेत उखलिइसकेको हुन्छ…। त्यसैले क्षीणास्रव भिक्षुलाई '**अबन्धनो**=बन्धन मुक्त भएको' भनिन्छ।

"भन्ते! जुन गाथा भगवान्‌ले '**नेलङ्गो सेतपच्छादो…**' इत्यादि भनी संक्षिप्तरूपमा भन्नुभएको हो त्यसको सविस्तर अर्थ यस्तै प्रकारले म जान्दछु।"

"गृहपति! तिम्रो निम्ति यो लाभ हो, सुलाभ हो! यस्तो गम्भीर बुद्धवचनमा पनि तिमीमा प्रज्ञा-चक्षु प्राप्त छ!!"

× × ×

मूल सूत्रः—

६–निरोध-समापत्ति

एक समय आयुष्मान् कामभू मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बस्नुभएको थियो[१]।

चित्र-गृहपति जहाँ आयुष्मान् कामभू हुनु हुन्थ्यो त्यहाँ गई एक छेउमा बसे। अनि उनले आयुष्मान् कामभूसँग प्रश्नहरू सोध्न थाले :—

(१) "भन्ते! कति संस्कारहरू छन्?"

"हे गृहपति! तीन संस्कारहरू छन्— काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कार।"

---

१. सं नि. III पृ. २६० दुतियकामभूसुत्तं।

"साधु ! भन्ते !" भनी चित्र-गृहपतिले आयुष्मान् कामभूको भाषणलाई अभिनन्दन र अनुमोदनगरी आयुष्मान् कामभूसँग पुनः अर्को प्रश्न सोधे :—

(२) "भन्ते ! कुनचाहिं काय-संस्कार, कुनचाहिं वची-संस्कार तथा कुनचाहिं चित्त-संस्कार हो नि ?"

"हे गृहपति ! आश्वास-प्रश्वास काय-संस्कार हो, वितर्क-विचार वची-संस्कार हो तथा संज्ञा र वेदना चित्त-संस्कार हो ।"

"साधु ! भन्ते !" भनी चित्र-गृहपतिले फेरि अर्को प्रश्न सोधे :—

(३) "भन्ते ! किन आश्वास प्रश्वास काय-संस्कार, किन वितर्क-विचार वची-संस्कार तथा किन संज्ञा र वेदना चित्त-संस्कार नि ?"

"हे गृहपति ! आश्वास-प्रश्वास भनेको कायिक हो । यी आश्वास-प्रश्वास कायप्रतिबद्ध हुन्, त्यसैले आश्वास-प्रश्वास काय-संस्कार हुन् । हे गृहपति ! पहिले वितर्क र विचारगरी पछिमात्र वचन-पथमा आउँछ अर्थात् वचन प्रकट हुन्छ, त्यसैले वितर्क र विचार वची-संस्कार हुन् । संज्ञा र वेदना चैतसिक हुन् अर्थात् चित्तमा हुने अङ्ग हुन् अथवा चित्तको अभिन्न अङ्ग हुन् अतः यी संज्ञा र वेदना चित्त प्रतिबद्ध हुन्, त्यसैले संज्ञा र वेदना चित्त-संस्कार हुन् ।"

"साधु ! भन्ते !" भनी चित्र-गृहपतिले फेरि अर्को प्रश्न सोधे :—

(४) "भन्ते ! कसरी संज्ञावेदयित-निरोध-समापत्ति[१] हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने भिक्षुको मनमा यस्तो हुन्न-- 'म संज्ञावेदयित-निरोध-समापत्तिमा बस्ने छु', 'म संज्ञावेदयित-निरोध-समापत्तिमा बस्दैछु' अथवा 'म संज्ञा-वेदयित-निरोध-समापत्तिमा तल्लीनछु'; किन्तु उसले आफ्नो चित्तलाई पहिले नै त्यस किशिमले समाधिष्ठ पारिसकेको हुन्छ कि जुन किशिमले समाधिष्ठ हुँदा त्यस समापत्तिमा स्वतः चित्त पुग्नसक्छ ।"

"साधु ! भन्ते !" भनी फेरि अर्को प्रश्न सोधे :--

(५) "संज्ञावेदयित-निरोध-समापत्तिमा पुग्ने भिक्षुको काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कारहरू मध्ये कुनचाहिं संस्कार पहिले निरोध हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिमा पुग्ने भिक्षुको वची-संस्कार पहिले निरोध-हुन्छ,-त्यसपछि काय-संस्कार अनि चित्त-संस्कार निरोध हुन्छ ।"

फेरि पनि चित्र-गृहपतिले अर्को प्रश्न सोधे :--

(६) "भन्ते ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ, जो भिक्षु यहाँ संज्ञावेदयित-निरोध-समापत्तिमा पुगेको हुन्छ-- यिनीहरूका बीच के भिन्नता छ नि ?"

---

१. संज्ञा-विदित गर्नेको निरोध अर्थात् त्यस्तो समाधि जुन् समाधिमा पुग्दा वा बस्दा सातदिनसम्म पनि शान्तभई तथा सचेत भई बस्न सक्छ ।

"हे गृहपति ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ, उसको काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कार निरोधभई प्रति प्रशब्धि भएको हुन्छ, आयु परिक्षीण भएको हुन्छ, उष्मधातु पनि रहेको हुँदैन तथा इन्द्रियहरू पनि विच्छिन्न भइसकेका हुन्छन् अर्थात् इन्द्रियहरू निकम्मा हुन्छन्; तर जो भिक्षु यहाँ संज्ञावेदयित-निरोध-समापत्तिमा पुगेको हुन्छ, उसको काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कार निरोधभई प्रतिप्रशब्धि चाहिं हुन्छ किन्तु आयु परिक्षीण भएको हुँदैन, उष्म-धातु रहेकै हुन्छ र इन्द्रियहरू पनि निर्मल नै भएका हुन्छन् ।

"हे गृहपति ! जो यहाँ निर्जीव भई मृत्यु भएको हुन्छ र जो भिक्षु यहाँ संज्ञावेदयित-निरोध-समापत्तिमा पुगेको हुन्छ–– यिनीहरूका बीचमा यही नै भिन्नता छ ।"

"साधु ! भन्ते !" भनी चित्र गृहपतिले फेरि अर्कै प्रश्न सोधे :––

(७) "भन्ते ! कसरी संज्ञावेदयित-निरोध-समापत्तिबाट उठिन्छ त ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठने भिक्षुको मनमा यस्तो हुन्न कि–– 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठनेछु,' 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठछु' अथवा 'म संज्ञावेदयित-निरोध-समापत्तिबाट उठिसकें'; किन्तु उसले आफ्नो चित्तलाई पहिले नै त्यस किसिमले अभ्यस्त पारिसकेको हुन्छ कि जसबाट उसको चित्त स्वतः त्यस स्थितिमा पुगिसकेको हुन्छ ।"

"साधु ! भन्ते !" भनी फेरि अर्को प्रश्न सोधे :––

(८) "भन्ते ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठने भिक्षुको काय-संस्कार, वची-संस्कार तथा चित्त-संस्कारहरू मध्ये कुन चाहि संस्कार पहिले उत्पन्न हुन्छ नि ?"

"हे गृहपति संज्ञावेदयित-निरोध-समापत्तिबाट उठने भिक्षुको सर्वप्रथम चित्त-संस्कार उत्पन्न हुन्छ, त्यसपछि काय-संस्कार अनि वची-संस्कार ।"

"साधु ! भन्ते" भनी फेरि अर्को प्रश्न सोधे :—

(९) "भन्ते ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठेको भिक्षुलाई कति स्पर्श अनुभव हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठेको भिक्षुलाई तीन स्पर्शहरूले स्पर्शित गरेका हुन्छन्— (१) शून्यताको स्पर्श,[१] (२) अ-निमित्तताको स्पर्श[२] र (३) अ-प्रणिहितताको स्पर्श[३] ।"

"साधु ! भन्ते !" भनी फेरि पनि अर्को प्रश्नसोधे :—

(१०) भन्ते ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठिसकेको भिक्षुको चित्तधार कतातिर लागेको हुन्छ अथवा बगेको हुन्छ नि ?"

"हे गृहपति ! संज्ञावेदयित-निरोध-समापत्तिबाट उठिसकेको

---

१. अनात्म भावको स्पर्श ।

२. अनित्य भावको स्पर्श ।

३. दुःखरहित अर्थात् तृष्णारहित भावको स्पर्श— पटि.अ.क.पृ. १६५.

भिक्षुको चित्तधार निर्वाणतिर लागेको हुन्छ र निर्वाणतिरै बगेको हुन्छ ।"

"साधु ! भन्ते !" भनी आयुष्मान् कामभूको भाषणलाई अभिनन्दन तथा अनुमोदनगरी फेरि पनि चित्र-गृहपतिले अर्को प्रश्न सोधे :--

(११) "भन्ते ! संज्ञावेदयित-निरोध-समापत्तिलाई कति धर्म (कुरा) हरू बहुपकारी हुन्छन् त ?"

"हे गृहपति ! पहिले नै सोध्नु पर्ने कुरो पछि सोध्यौ । तैपनि म तिमीलाई उत्तर दिनेछु । संज्ञावेदयित-निरोध-समापत्ति प्राप्तिको लागि समथ र विपश्यना[1] भन्ने यी दुइ ध्यानहरू बहुपकारी हुन्छन् ।"

× × ×

मूल सूत्र :–

७-अनिमित्त-चित्त

एक समय आयुष्मान् गोदत्त मच्छिकासण्ड नगरको अम्बाटक वनखण्डमा बस्नु भएको थियो[2] ।

---

१. ध्यानको पूर्व भागलाई समथ र अन्तिम भागलाई विपश्यना अथवा नीवरणलाई हटाउने प्रयासगरी गरिने ध्यानलाई समथ र अनित्यादिलाई प्रमुख लक्षगरी गरिने भावनालाई विपश्यना भन्दछन् ।

२. सं. नि. III पृ. २६३ गोदत्तसुत्तं ।

एक दिन चित्र-गृहपति जहाँ आयुष्मान् गोदत्त हुनु हुन्थ्यो त्यहाँगई आयुष्मान् गोदत्तलाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका चित्र-गृहपतिसँग आयुष्मान् गोदत्तले सोधे :—

"हे गृहपति ! जुन यी— (क) अप्रमाण-चित्त विमुक्ति हो, (ख) आकिञ्चन्यायतन-चित्त विमुक्ति हो (ग) शून्यता-चित्त विमुक्ति हो, तथा (घ)अनिमित्त-चित्त विमुक्ति हो—थिनीहरू नानार्थ र नाना-व्यञ्जन हुन् कि एकार्थ र व्यञ्जन मात्र नाना हुन् ?"

"भन्ते ! यहाँ त्यस्ता पर्याय पनि छन् कि जुन पर्यायमा आउँदा यी विषयहरू नानार्थ र नानाब्यञ्जन पनि हुन्छन् फेरि जुन पर्यायमा पुग्दा एकार्थ र व्यञ्जन मात्र नाना पनि हुन्छन्। कुन पर्यायमा पुग्दा नानार्थ र नानाव्यञ्जन हुन्छन् भने ?—

(क) "यहाँ भिक्षु मैत्री सहगत-चित्त एकदिशामा फैलाई बस्छ, तथा द्वितीय दिशा, तृतीय दिशा, चतुर्थ दिशामा मैत्रीचित्त फैलाई बस्छ। यस्तैगरी उर्ध, अधो, तीर्य, सबैठाउँमा, सबैप्रकारले, सबै लोकमा मैत्री-चित्त, अवैर-चित्त, अद्वेष-चित्त, विपुल-चित्त, महान-चित्त र अप्रमाण-चित्त फैलाई बस्छ। यस्तैगरी करुणा-चित्त,··· मुदिता-चित्त,··· र उपेक्षासहगत-चित्त एक दिशामा फैलाई बस्छ तथा द्वितीय दिशा···चतुर्थ दिशामा उपेक्षाचित्त फैलाई बस्छ। यस्तैगरी उर्ध, अधो,··· सबैलोकमा उपेक्षा-चित्त,··· र अप्रमाण-चित्त फैलाइ बस्छ यसैलाई अप्रमाण-चित्त-विमुक्ति भनिन्छ।

(ख)- "भन्ते ! यहाँ कुनचाहिं आकिञ्चन्यायतन-चित्ता विमुक्ति हो भने ?— यहाँ भिक्षु सबैप्रकारले विज्ञानन्त्यायतन अति-

झमगरी, 'केही छैन' भनी आकिञ्चन्यायतनमा समाधिष्ठ भई बस्छ। यसैलाई 'आकिञ्चन्यायतन-चित्त-विमुक्ति' भनिन्छ।

(ग)- "भन्ते ! यहाँ कुनचाहिं शून्यता-चित्त-विमुक्ति हो भने ?-- यहाँ भिक्षु अरण्यमा, वृक्षमूलमा अथवा शून्यागारमा बसी यस्तो विचारगर्छ-- 'आत्मले अथवा आत्मत्वले शून्य छु'। यसैलाई 'शून्यता-चित्त-विमुक्ति' भनिन्छ।

(घ)- "भन्ते ! यहाँ कुनचाहिं अनिमित्त [१]-चित्त-विमुक्ति हो भने?-- यहाँ भिक्षु कुनै पनि निमित्तलाई मनमा लिई नबसी 'अनिमित्त-चित्त-समाधिमा' समाधिष्ठभई बस्छ। यसैलाइनै 'अनिमित्त-चित्त विमुक्ति' भनिन्छ।

"भन्ते ! यही पर्यायमा पुग्दा उपरोक्त विषयहरू नानार्थ र नाना व्यञ्जन हुन्छन्।

"भन्ते ! त्यो कुन पर्याय हो त जुन पर्यायमा आउँदा यी विषयहरू एकार्थ र नानाव्यञ्जन हुन्छन् भने ? —

१- "भन्ते ! रागचित्त प्रमाणकारी हो, द्वेषचित्त प्रमाणकारी हो र मोहचित्त पनि प्रमाणकारी हो। ती क्षीणास्त्रव भिक्षुमा प्रहीण भएका हुन्छन्। जरो उखलिई सकेको, छेदनगरेको तालवृक्ष झैं असम्भाव्य भई पुनः उत्पन्न हुन नसक्ने हुन्छन्। जतिसम्म अप्रमाण चित्त विमुक्तिहरू छन् यसमध्ये अकोप्य-चित्त-विमुक्ति (अपरिवर्त्य

---

१. कुनै पनि रूपादिको निमित्तलाई नलिई अरूप समाधि भाविता गर्नें। सं. अ.क. III. पृ. ९८,

रूपले चित्त विमुक्ति भैसकेको) अर्थात् निर्वाणचित्त अग्र देखिन्छ । त्यो अकोप्य (अपरिवर्त्य) चित्तविमुक्ति रागबाट पनि शून्यछ, द्वेषबाट पनि शून्यछ र मोहबाट पनि शून्यछ ।

२– "भन्ते ! रागचित्त प्रपञ्चकारी हो, द्वेषचित्त प्रपञ्चकारी हो र मोहचित्त पनि प्रपञ्चकारी हो । ती क्षीणास्रव भिक्षुमा प्रहीण भएका हुन्छन् । जरो उखलिई सकेको, छेदनगरेको तालवृक्ष फैं असम्भाव्य भई पुनः उत्पन्न हुन नसक्ने हुन्छन् । जतिसम्म आकिञ्चन्यायतन-चित्त-विमुक्तिहरू छन् यसमध्ये अकोप्य-चित्त-विमुक्ति अर्थात् निर्वाण-चित्त अग्र देखिन्छ । त्यो अकोप्य-चित्त-विमुक्ति रागबाट शून्य छ, द्वेषबाट शून्य छ र मोहबाट पनि ,शून्य छ ।

३– "भन्ते ! रागचित्त निमित्तकारी, द्वेषचित्त निमित्तकारी र मोहचित्त पनि निमित्तकारी हो । ती क्षीणास्रव भिक्षुमा प्रहीण भएका हुन्छन् । जडो उखलिइसकेको, छेदनगरेको तालवृक्ष फैं असम्भाव्यभई पुनः उत्पन्न हुन नसक्ने हुन्छन् । जतिसम्म अनिमित्त-चित्त-विमुक्तिहरू छन् यसमध्ये अकोप्य-चित्त-विमुक्ति अर्थात् निर्वाण-चित्त अग्र देखिन्छ । त्यो अकोप्य-चित्त-विमुक्ति रागबाट पनि शून्यछ, द्वेषबाट पनि शून्यछ र मोहबाट पनि शून्यछ ।

"भन्ते ! यहीपर्याय हो जुन पर्यायमा पुग्दा यी विषयहरू एकार्थ र व्यञ्जनमात्र नाना हुन्छन् ।"

"हे गृहपति ! तिम्रो निम्ति यो लाभ हो ! यो सुलाभ हो ! जसलाई यस्तो गम्भीर बुद्धवचनमा समेत प्रज्ञाचक्षु प्राप्त छ ।"

× × ×

मूल पालि :—

८—आयुष्मान् सुधर्म

त्यस बखत आयुष्मान् सुधर्म मच्छिकासण्डमा चित्र-गृहपतिको विहारमा आवासिक[१] नवकर्मिक[२] र ध्रुव भोजनगर्ने[३] भई बसेका थिए[४]।

त्यस बखत चित्र-गृहपतिले जब कुनै सङ्घलाई[५], गणलाई[६], वा व्यक्तिलाई निम्तोगर्न चाहन्थे तब आयुष्मान् सुधर्मसँग नसोधी कसैलाई पनि निम्तो गर्दैनथे ।

त्यस समय केही थेर भिक्षुहरू जस्तै—आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकात्यायन, आयुष्मान् महाकोट्ठिक, आयुष्मान् महाकप्पिन, आयुष्मान् महाचुन्द, आयुष्मान् अनुरुद्ध, आयुष्मान् रेवत, आयुष्मान् उपालि, आयुष्मान् आनन्द

---

१. नित्यरूपले विहारमा बस्ने भिक्षुलाई आवासिक भनिन्छ ।

२. नयाँ वा पुराना बनाउने कामकाज हेर्नेलाई नवकर्मिक भन्दछन् ।

३. नित्य भोजन एकै दाताकहाँबाट प्राप्त गर्ने ।

४. चुल्ल. व. पृ. ३९: पटिसारणीयकम्मं ।

५. बिनय परियाय अनुसार चारजनादेखि माथिको समूहलाई सङ्घ भनिन्छ।

६, तीनजनासम्मलाई गण भनिन्छ ।

तथा आयुष्मान् राहुल — काशीबाट चारिकागर्दै जहाँ मच्छिकासण्ड नगरहो त्यहाँ आइपुगे ।

थेर भिक्षुहरू मच्छिकासण्ड नगरमा आइपुगे भन्ने खबर सुनी चित्र-गृहपति जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि थेर भिक्षुहरूलाई अभिवादनगरी एक छेउमा बसे । अनि उनलाई आयुष्मान् सारिपुत्रले धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित गराई धर्मकथा ग्रहग गराउनु भयो ।

आयुष्मान् सारिपुत्रले धर्मकथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित गराई धर्मकथा ग्रहणगराई सकेपछि चित्र-गृहपतिले थेर भिक्षुहरूसँग प्रार्थना गरे—"भन्ते ! भोलिको निम्ति थेर भिक्षुहरूले मकहाँ आगन्तुक भोजन स्वीकार गर्नु होस् !" थेर भिक्षुहरूले तूष्णिभावले निम्तो स्वीकारगरे ।

थेर भिक्षुहरूले निम्तो स्वीकार गर्नु भएको बुझी चित्र-गृहपति, थेर भिक्षुहरूलाई अभिवादन र प्रदक्षिणागरी जहाँ आयुष्मान् सुधर्म हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान् सुधर्मलाई अभिवादनगरी एक छेउमा बसे । अनि चित्र-गृहपतिले आयुष्मान् सुधर्मसँग प्रार्थना गरे—"भन्ते ! भोलिको निम्ति थेर भिक्षुहरूका साथ भोजन स्वीकार गर्नु होस् !"

आयुष्मान् सुधर्मले, "अघि अघि यी चित्र-गृहपतिले कुनै सङ्घ, गण तथा व्यक्तिलाई निम्तोगर्दा मसँग नसोधिकन गर्दैनथे; अहिले यी गृहपतिले मसँग नसोधिकन निम्तो गरे । अब यी चित्र-गृहपतिको चित्त बिग्रीयो, यी मलाई चाहँदैनन्, मलाई त्यागगरे" भनी मनमा सोची—

"भइहाल्यो गृहपति" भन्दै निम्तो अस्वीकार गर्नु भयो। दोश्रो पटक पनि, तेश्रो पटक पनि चित्र-गृहपतिले त्यस्तै प्रार्थनागरे। आयुष्मान् सुधर्मले पनि "भइहाल्यो गृहपति !" भन्दै निम्तो अस्वीकार नै गर्नु भयो। अनि चित्र-गृहपति, "के गरौंत, यदि आयुष्मान् सुधर्मले अस्वीकार गरेमा !" भनी आयुष्मान् सुधर्मलाई अभिवादन र प्रदक्षिणागरी फर्केर गए।

त्यस रातबितिसकेपछि चित्र-गृहपतिले प्रणीत खाद्य भोज्य प्रतिपादनगर्न लगाए। त्यस बखतमा आयुष्मान् सुधर्म, "चित्र-गृहपतिको घरमागई थेर भिक्षुहरूका लागि प्रतिपादित गरिने भोजन कस्तो रहेछ, हेर्नु पऱ्यो" भन्ने विचारले पूर्वाण्ह-समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ चित्र-गृहपतिको घरहो त्यहाँ गई बिच्छ्याइराखेको आसनमा बस्नु भयो। चित्र-गृहपति पनि आयुष्मान् सुधर्मको छेउमा गई आयुष्मान् सुधर्मलाई अभिवादनगरी एक छेउमा बसे। अनि एक छेउमा बसेका चित्र-गृहपतिलाई आयुष्मान् सुधर्मले यसो भन्नुभयो :—

'हे गृहपति ! प्रतिपादित खाद्य भोज्यहरू प्रसस्तमात्रामा रहेछन्, तर यहाँ एक चीज पुग्दैन, त्यो हो तिलको लड्डु।"

"भन्ते ! बुद्ध वचनमा अनेक रत्नहरूका कुराहरू छँदाछँदै आयुष्मान् सुधर्म तिलको लड्डुबारे कुरा गर्नु हुन्छ। भन्ते ! अघि एक दिन दक्षिणपथका वाणिज्यहरू पूर्वीजनपदतिर व्यापारका लागि गएका थिए। उनीहरूले त्यहाँबाट कुकुराहरु ल्याए। ती कुकुराहरूले कौवासँग संवासगरी बच्चा पाए। जब ती कुकुराका बच्चाहरूले कौवा जस्तैगरी कराउन खोजदथे तब कौवा-कुकुराको आवाजगरी कराउँथे। जब ती

बच्चाहरूले कुखुरा जस्तै कराउन खोजदथे तब कुखुरा-कौवाको आवाजगरी कराउँथे। त्यस्तैगरी आर्य सुधर्मले पनि अनेक बुद्धवचनमा रत्नका कुराहरू छँदाछँदै तिलको लड्डुकोबारे कुरा निकाल्नु भयो।"

यो कुरा सुनी, "तिमीले मलाई गालिगर्छौं, निन्दागर्छौं; यो तिम्रो विहारहो, तिमी आफै हेर, म जाँदैछु" भनी आयुष्मान् सुधर्मले भन्नुभयो।।

"भन्ते! न म आर्य सुधर्मलाई गालिगर्छु, न निन्दा नै। भन्ते! आर्य सुधर्म मच्छिकासण्डमा वस्नुहोस्, अम्बाटक वनखण्ड रमणीयछ। म आर्य सुधर्मलाई चीवर, भिक्षा-भोजन, शयनासन र गिलानप्रत्यय भैषज्र्य परिष्कारद्वारा सेवागर्नेछु" भनी चित्र-गृहपतिले प्रार्थनागरे।

दोश्रो पटक पनि, तेश्रो पटक पनि आयुष्मान् सुधर्मले चित्र-गृहपतिलाई—"तिमीले मलाई गालिगर्छौं, निन्दागर्छौं; यो तिम्रो विहारहो, तिमी आफै हेर, म जाँदैछु" भनी भन्नुभयो।

"भन्ते! आर्य सुधर्म कहाँ जानु हुन्छ नि?'

"हे गृहपति! म श्रावस्तीमा भगवान्को दर्शनगर्न जानेछु।"

"भन्ते! त्यसोभए जुन कुरा तपाइले भन्नुभयो र जुन कुरा मैले भने ती जम्मै कुराहरू भगवान्लाई सुनाउनुहोस्! यसमा कुनै आश्चर्य हुनेछैन कि पुनः आर्यपुत्र सुधर्म मच्छिकासण्डमा पाल्नुहुने छ।"

त्यसपछि आयुष्मान् सुधर्म शयनासनहरू पट्याई, सच्याई राखी, पात्र-चीवर ग्रहणगरी श्रावस्तीतिर जानु भयो। क्रमशः श्रावस्ती-स्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा पुगी जहाँ भगवान

हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बस्नुभयो। एक छेउमा बसिसकेपछि आयुष्मान् सुधर्मले जुन कुरा आफुले भनेको थियो र जुन कुरा चित्र गृहपतिले भनेका थिए ती जम्मै कुराहरू भगवान्मा बिन्तिगरे।

आयुष्मान् सुधर्मको कुरा सुनिसकेपछि भगवान्ले उनलाई यसरी गर्हा गर्नु भयो—"हे मोघपुरुष! तिमीले अयुक्त, अननुलोमिक, अप्रतिरूप, अ-श्रामणिक, अनुचित तथा अकरणीय काम गर्‍यौ। हे मोघपुरुष! कसरी तिमी श्रद्धालु, प्रसन्न, दायक, कारक, सङ्घसेवक चित्र-गृहपतिलाई यस्तो तुच्छ कुरामा निन्दागर्छौ!! हे मोघपुरुष! यो तिम्रो क्रियाले न अप्रसन्न भएकालाई प्रसन्न पार्नसक्छ, न प्रसन्न भएकालाई बढी प्रसन्न पार्नसक्छ; बल्कि यो तिम्रो क्रियाले अप्रसन्न भएकालाई झन् अप्रसन्नपार्ने र प्रसन्न भएका कुनै कुनैका प्रसन्नतालाई आघात पार्ने जस्तै हुनजान्छ।"

अनि भगवान् बुद्धले ती भिक्षुलाई अनेकप्रकारले निन्दागरी, गर्हागरी—दुर्भरताको, दुःपोष्यताको, महेच्छताको[1], असन्तुष्टिताको, सङ्गणिकताको[2], र आलस्यताको निन्दागरी—अनेकप्रकारले सुभरताको, सुपोष्यताको, अल्पेच्छताको[3], सन्तुष्टिताको, शीलवान्ताको, लग्नताको, प्रासादिकताको, गौरवताको र वीर्यवानताको वर्णनागरी—तदनुरूप, तदनुकूल धार्मिकथका सुनाउनु भई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो:—

---

१. महालोभी स्वभाव, प्रमाणाधिक इच्छा।

२. दुइ तीनजना भेलाभई कुराकानिगरी बसिरहने बानिलाई 'सङ्गणिक' भन्दछन्।

३. निर्लोभता, अलिकता पनि आशा नलिने, इच्छा नगर्ने स्वभाव।

"हे भिक्षुहरू ! त्यसोभए सुधर्म भिक्षुलाई सङ्घद्वारा 'चित्र-गृहपतिसँग तिमीले क्षमा माग्नुपर्छ' भनी प्रतिसारणीय-कर्म[1] गर्नुपर्छ। यो कार्य यसरी गर्नुपर्छ :—

"सर्वप्रथम सुधर्म भिक्षुमाथि दोष लगाउनुपर्छ, अनि उनको ध्यान आकर्षण गर्नुपर्छ, ध्यानाकर्षण गराइसकेपछि दोषबारे विनयानुकूल (सङ्घको विधान बमोजिम) आपत्ति (धारा) लगाउनुपर्छ। आपत्ति लगाइसकेपछि व्यक्त तथा सबल भिक्षुले सङ्घलाई ज्ञापन गर्नुपर्छ :—

(क) "भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् ! यी सुधर्म भिक्षुले श्रद्धालु, प्रसन्न, दायक, कारक, सङ्घसेवक चित्र-गृहपतिलाई तुच्छ कुरामा आक्षेपगरे, निन्दागरे। 'सुधर्म ! भिक्षुले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्ने कुरामा सङ्घलाई सहमतछ भने सङ्घले प्रतिसारणीयकर्म गरोस्। यो ज्ञापनहो।

(ख) "भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् ! यी सुधर्म भिक्षुले श्रद्धालु,··· सङ्घसेवक चित्र-गृहपतिलाई तुच्छ कुरामा आक्षेपगरे, निन्दागरे। 'सुधर्म भिक्षुले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्ने कुरामा सङ्घलाई सहमत छ भने सङ्घले प्रतिसारणीयकर्म गरोस्। 'सुधर्म ! तिमीले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्नेबारे जुन प्रतिसारणीयकर्म

---

१. दोषीलाई वैधानिकपूर्वक दोषारोपण गर्ने प्रक्रिया। सङ्घ सभाद्वारा दोषीको दोषदेखाई दोषबाट प्रतिकारगर्ने उपाय पनि बताइदिने संवैधानिक प्रक्रिया।

सङ्घलेगर्छ त्यसमा जुन आयुष्मान्लाई सहमतछ वहाँ आयुष्मान् तूष्णि रहनुहोस्; जुन आयुष्मान्लाई सहमत छैन वहाँ बोल्नुहोस् ।

(ग) "दोश्रो पटक पनि यही कुरा दोहऱ्याउँछु, तेश्रो पटक पनि यहीनै कुरा दोहऱ्याउँछु—'भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् ! यी सुधर्म भिक्षुले श्रद्धालु,... सङ्घसेवक चित्र-गृहपतिलाई तुच्छ कुरामा आक्षेपगरे, निन्दागरे । 'सुधर्म भिक्षुले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्ने कुरामा सङ्घलाई सहमत छ भने सङ्घले प्रतिसारणीयकर्म गरोस् । 'सुधर्म ! तिमीले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्नेबारे जुन प्रतिसारणीयकर्म सङ्घलेगर्छ त्यसमा जुन आयुष्मान्लाई सहमतछ वहाँ तूष्णि रहनुहोस्; जुन आयुष्मान्लाई सहमत छैन वहाँ बोल्नुहोस् ।

(घ) 'सुधर्म भिक्षुले चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भन्ने प्रतिसारणीयकर्म सङ्घले (पारित) गऱ्यो, सङ्घलाई स्वीकारछ 'त्यसैले सङ्घ तूष्णिछ' भनी धारणा गर्दछु ।"

× × ×

मूल पालि :—

६—सुधर्म भिक्षुद्वारा क्षमा याचना

'चित्र-गृहपतिसँग क्षमा माग्नुपर्छ' भनी सङ्घले सुधर्म भिक्षुलाई प्रतिसारणीयकर्म गऱ्यो[१] । सङ्घद्वारा प्रतिसारणीयकर्म गरिसकेपछि

---

१. चुल्ल. व. पृ. ३७: अट्ठारसवत्तं ।

सुधर्म भिक्षु मच्छिकासण्डमा गई चुपलागेर बसे चित्र-गृहपतिसँग क्षमा मागन सकेनन्। अनि उनी पुनः श्रावस्तीमै फर्केर गए। भिक्षुहरूले उनीसँग सोधे :—

"आवुसो सुधर्म ! के तिमीले चित्र-गृहपतिसँग क्षमा माग्यौ ?"

"हे आवुसो ! मच्छिकासण्डमा गएर चित्र-गृहपतिसँग मैले क्षमा मागन सकिन, त्यसै चुपलागेर बसें।"

भिक्षुहरूले यो कुरा भगवान्लाई निवेदनगरे। त्यसपछि भगवान्ले यसो भन्नुभयो—"त्यसोभए हे भिक्षुहरू ! चित्र-गृहपतिसँग क्षमा याचना गराउन सङ्घले सुधर्म भिक्षुलाई अनुदूत दिऊन्। यसरी (अनुदूत) दिनुपर्छ—पहिले भिक्षुसँग अनुरोध गर्नुपर्छ अर्थात् अनुदूत हुने भिक्षुको स्वीकृति लिनुपर्छ। त्यसपछि व्यक्त तथा सबल भिक्षुले सङ्घलाई ज्ञापन गर्नुपर्छ :—

"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् ! यदि सङ्घलाई सहमतछ भने सङ्घले 'चित्र-गृहपतिसँग क्षमा याचना गराउन' सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिनुहोस् ! यो ज्ञापन हो।

"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस्। 'चित्र-गृहपतिसँग क्षमा याचना गराउन' सङ्घले सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिन्छ। 'चित्र-गृहपतिसँग क्षमा याचना गराउन' सङ्घले सुधर्म भिक्षुलाई अमुक भिक्षु अनुदूत दिनेबारे जुन आयुष्मान्लाई सहमत छ वहाँ तूष्णि रहनुहोस्; जुन आयुष्मान्लाई सहमत छैन वहाँ बोल्नुहोस्।

" 'चित्र-गृहपतिसँग क्षमा याचना गराउन' सङ्घले सुधर्म भिक्षु-लाई अमुक भिक्षु अनुदूत दिए। सङ्घलाई सहमतछ, 'त्यसैले सङ्घ तूष्णिछ' भनी धारणागर्छु।"

"हे भिक्षुहरू ! ती सुधर्म भिक्षुले मच्छिकासण्डमा गई 'हे गृहपति ! क्षमागर, म तपाइलाई प्रसन्नपार्नेछु' भनी चित्र-गृहपतिसँग क्षमा याचना गर्नु पर्छ। यसोभन्दा क्षमागरे बेशैभयो, यदि क्षमा गरेनन् भने 'हे गृहपति ! यी भिक्षुलाई क्षमा गरिदेऊ, यिनले तिमीलाई प्रसन्न गराउनेछन्' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसोभन्दा क्षमागरे बेशै-भयो, यदि क्षमा गरेनन् भने 'यी भिक्षुलाई क्षमागर, म तिमीलाई प्रसन्न गर्नेछु' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसोभन्दा क्षमागरे बेशैभयो, यदि क्षमा गरेनन् भने 'हे गृहपति ! यी भिक्षुलाई सङ्घको वचनले क्षमागर !' भनी अनुदूत भिक्षुले भन्नुपर्छ। यसोभन्दा क्षमागरे बेशैभयो, यदि क्षमा गरेनन् भने अनुदूत भिक्षुले सुधर्म भिक्षुलाई चित्र-गृहपतिले देख्ने ठाउँमा, सुन्ने ठाउँमा, उत्तरासङ्ग (एकसरो चीवर) एकांश गराई टुक्रुक्क बसाई हात जोडाइ आपत्ति देशना[१] गराउनुपर्छ।"

अनि मच्छिकासण्डमागई आयुष्मान् सुधर्मलाई अनुदूत भिक्षुले चित्र-गृहपतिद्वारा क्षमा दिलाइदिए।

× × ×

---

१. कुनै भिक्षुले कुनै भिक्षुको अगाडि बसी आफुले गरेको नियम विरोधको कुरालाई प्रकटगर्ने विधिलाई 'आपत्ति देशना' भन्दछन्।

मूल सूत्र :–

१०–मापदण्ड

यस्तो मैले सुने[१]।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नुभएको थियो। त्यसबखत भगवान्ले भिक्षुहरू-लाई आमन्त्रणगरी यस्तो भन्नुभयो :—

"हे भिक्षुहरू! लाभसत्कार र यशकीर्ति भनेको अति दरुण, कटु र खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानीकारक पनि हुन्छ। त्यसैले तिमीहरूले यस्तो सिक्नुपर्छ कि—'उत्पन्न भएको लाभ-सत्कार र यशकीर्ति छाडनेछौं तथा उत्पन्न भएको लाभसत्कार र यश-कीर्तिलाई चित्तले समातन लगाउने छैनौं।' श्रद्धालु एक पौत्रिक उपासकले आफ्नो एकलौटे प्रिय मनाप पुत्रको यस्तो सम्यक् कामना गर्नुपर्छ—

(१) 'हे तात! तिमी त्यस्तो हुनसक! जस्तो कि चित्र-गृहपति तथा हस्तक आलवक छन्।'

"भिक्षुहरू! मेरो श्रावक उपासकहरूमा यहीनै मापदण्डहो, यहीनै प्रमाणकरहो जस्तो कि—'चित्र-गृहपति तथा हस्तक आलवक।'

---

१. सं. नि. पृ. II १९६: एकपुत्तकसुत्तं।

(एकलौटे प्रिय पुत्रको यस्तो पनि सम्यक् कामना गर्नु पर्छ –)

(२) 'यदि तात ! तिमी घरबार छाडी अनगारिकभई प्रव्रजित हुन चाहन्छौ भने – 'तिमी त्यस्तो हुन सक, जस्तो कि – सारिपुत्र तथा महामौग्दल्यायन हुनुहुन्छन् ।'

"भिक्षुहरू ! मेरो श्रावक भिक्षुसङ्घमा यहीनै मापदण्डहो, यहीनै प्रमाणकरहो जस्तो कि – 'सारिपुत्र तथा महामौद्गल्यायन हुन् ।'

(एक लौटे प्रिय पुत्रको यस्तो पनि सम्यक् कामना गर्नु पर्छ –)

(३) 'हे तात ! तिमीलाई शैक्षत्व[१] प्राप्त नभइकन लाभसत्कार र यशकीर्ति प्राप्त नहोस् ! यदि भिक्षुलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार र यशकीर्ति प्राप्तभयो भने उसको निम्ति यो हानीकारक हुन्छ ।'

"भिक्षुहरू ! यसप्रकार लाभसत्कार र यशकीर्ति अति दरुण, कटु र खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानीकारक पनि हुन्छ । अतः तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्ति छाडनेछौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैन' भनी सिक्नुपर्छ ।"

× × ×

---

१. स्रोतापन्न मार्ग र फल, सकृदागामी मार्ग र फल, अनागामी मार्ग र फलमा पुग्ने र अरहत् मार्गमा पुगेकालाई 'शैक्ष' भन्दछन् । अरहत्-फल प्राप्त भइसकेकालाई 'अशैक्ष' भन्दछन् ।

मूल सूत्र :—

११–बुद्धद्वारा प्रशंसा

[एकदिन श्रावस्तीस्थित जेतवन विहारमा भगवान्‌ले चित्र-गृहपतिको प्रशंसा गर्नु हुँदै यसो भन्नुभयो—]

"हे भिक्षुहरू[१] ! चित्र-गृहपति छ गुण-धर्महरूले सुसम्पन्नभई, तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृत साक्षात्कारगरी बसेकाछन् ।
कुन छ गुण-धर्म भने ?—

'(१) बुद्धप्रति अटल-श्रद्धा, (२) धर्मप्रति अटल-श्रद्धा, (३) सङ्घप्रति अटल-श्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान र (६) आर्य-विमुक्ति ।'

"यीनै छ गुण-धर्महरूले सुसम्पन्नभई चित्र-गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृत साक्षात्कारगरी बसेकाछन् ।"

× × ×

मूल सूत्र :—

१२–अग्रस्थान घोषणा

[एकदिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासक-हरूका एक सभामा धर्मकथिक श्रावक उपासकहरूकाबारे कुरा चलिरहेका

१. अं. नि–६. पृ. १४९: भल्लुकादिसुत्तं ।

बेलामा भगवान्‌ले धर्मकथिकहरू मध्येमा चित्र-गृहपति अग्रगण्यछन् भनी भन्नुहुँदै निम्नकुरा व्यक्त गर्नु भयो ।]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं धम्मकथिकानं यदिदं चित्तो गहपति मच्छिकासण्डिको[१] ।"

अर्थ :—

"हे भिक्षुहरू ! मेरा धर्मकथिक श्रावक उपासकहरू मध्येमा मच्छिकासण्ड बस्ने चित्र-गृहपति अग्रछन् ।"

× × ×

मूल सूत्र :—

१३–आयाचना

"भिक्षुहरू ! श्रद्धालु उपासकले सम्यक् आयाचना गर्नेहो भने यसप्रकार आयाचना गर्नु पर्छ—'त्यस्तो हुन सकोस् ! जस्तो कि—चित्र-गृहपति तथा हस्तक आलवक ।' भिक्षुहरू ! मेरो श्रावक उपासकहरूमा यहीनै मापदण्डहो, यहीनै प्रमाणकरहो जस्तो कि—चित्र-गृहपति तथा हस्तक आलवक छन्[२] ।"

× × ×

---

१. अं नि–१. पृ. २६: एतदग्गवग्गो ।

२. अं. नि–२. पृ. ८१: आयाचनवग्गो ।

मूल सूत्र :—

१४-निगण्ठनाथपुत्र[१]

त्यस समय निगण्ठनाथपुत्र धेरै निगण्ठ-परिवारहरूका साथ मच्छिकासण्ड नगरमा आइपुगे[२]।

त्यसबखत चित्र-गृहपतिले, "निगण्ठनाथपुत्र धेरै निगण्ठ परिवारहरूका साथ मच्छिकासण्ड नगरमा आइपुग्नु भएकाछन्" भन्ने खबरसुनी चित्र गृहपति केही उपासकहरूसँग जहाँ निगण्ठनाथपुत्र थिए त्यहाँ गए। अनि निगण्ठनाथपुत्रसँग सम्मोदनीय कुरागरी एकछेउमा बसे। एकछेउमा बसेका चित्र-गृहपतिसँग निगण्ठनाथपुत्रले सोधे :—

"हे गृहपति ! के तिमी श्रमण गौतममा अवितर्क अविचार युक्त समाधिछ ? अथवा वितर्क विचार निरोध हुन्छ भनी विश्वास गर्दछौ ?"

"भन्ते ! यस विषयमा 'श्रमण गौतममा अवितर्क अविचार युक्त समाधि छ अथवा वितर्क विचार निरोध हुन्छ' भनी म न केवल श्रद्धाले मात्र ग्रहण गर्छु।"

यसोभन्दा, निगण्ठनाथपुत्रले त्यहाँ उपस्थित सबैलाई हेरी यसो भने—"हेर ! यी चित्र-गृहपति कति सोजा छन्, कति सीधा छन्,

---

१. निगण्ठनाथपुत्र पनि लेखिएको पाइन्छ।

२. सं. नि. III पृ. २६५: निगण्ठनाटपुत्तसुत्तं।

कति असठ छन्, कति अमायावी छन्! हावालाई जालमा पोकोपार्न खोजेझैं, वितर्क विचार निरोध हुन्छ भनी ठान्दछन्। आफ्नो मुट्ठीले गङ्गाको स्रोत रोक्न खोजेझैं (जो) वितर्क विचारलाई निरोधगर्न खोज्दछन्।"

यसपछि चित्र-गृहपति सोध्दछन्:—

"भन्ते! तपाइ ज्ञान र श्रद्धामध्ये कुनचाहिं प्रणीततरछ भनी भन्नुहुन्छ?"

"हे गृहपति! म श्रद्धाभन्दा ज्ञानलाई नै प्रणीततरछ भनी भन्दछु।"

रूपावचर-ध्यान

प्रथमध्यान—'भन्ते! म जतिञ्जेलसम्म इच्छागर्छु त्यतिञ्जेलसम्म कामबाट अलगभई, अकुशलबाट अलगभई, वितर्क र विचार भएको, एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथमध्यानमा बस्दछु।

द्वितीयध्यान—"भन्ते! म जतिञ्जेलसम्म इच्छागर्छु त्यतिञ्जेलसम्म वितर्क र विचारलाई उपशमगरी, अभ्यन्तर सम्प्रसादलाई एकाग्रगरी, वितर्क विचार रहित, समाधिबाट प्राप्तहुने प्रीति-सुख भएको द्वितीय-ध्यानमा बस्दछु।

तृतीयध्यान—"भन्ते म जतिञ्जेलसम्म इच्छागर्छु त्यतिञ्जेलसम्म प्रीतिलाई पनि त्यागेर, उपेक्षितभई, स्मृतिवान् ज्ञानवान्भई, शरीरले सुखानुभव गर्छु, जसलाई ज्ञानीहरू 'उपेक्षावान्, स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्छन् । यसप्रकारको तृतीय-ध्यानमा पनि बस्दछु ।

चतुर्थध्यान—"भन्ते ! म जतिञ्जेलसम्म इच्छागर्छु त्यतिञ्जेलसम्म सौमनस्य दौर्मनस्यलाई पहिलेनै अन्तगरी, सुख र दुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति परिशुद्धभई उपेक्षा भएको चतुर्थ-ध्यानमा पनि बस्दछु ।

"भन्ते ! यसरी मैले चतुर्थध्यानसम्म स्वयं जानी, हेरी ग्रहण गरेकोहुँ, कुनै श्रमण ब्राम्हणप्रतिको श्रद्धाले मात्र ग्रहण गरेको होइन । भन्ते ! अवितर्क अविचारले युक्त समाधि पनि छ, वितर्क र विचारको निरोध पनि छ ।"

यसोभन्दा आफ्नो परिषद्लाई हेरी निगण्ठनाथपुत्रले यसो भने—"हेर ! यी चित्र-गृहपति कति बाङ्गा, कति सठ र कति मायावी (छलकपट) रहेछन् ।"

"भन्ते ! अहिले भरखर मात्र तपाइले मलाई 'हेर ! यी चित्र-गृहपति कति सोजा, सोधा, असठ र अमायावी (छलकपटरहित) छन्' भनी भन्नुभयो; फेरि अहिले तपाइ, 'हेर यी चित्र-गृहपति कति बाङ्गा, सठ र मायावी छन्' भनी भन्नुहुन्छ । यदि तपाइले पहिले भन्नुभएको कुरो असत्यहो भने, पछि भन्नुभएको कुरो सत्य ठहर्छ; यदि

पछि भन्नुभएको कुरो असत्यहो भने पहिले भन्नुभएको कुरो सत्य ठहर्छ ।

"भन्ते ! यहाँ दश सहधर्मिक (कारणसहित) प्रश्नहरू उपस्थित हुन्छन् । जब यिनीहरूको अर्थ बुझ्नु हुनेछ तबमात्र तपाइहरूले मलाई निगण्ठपरिषद् अगाडि लैजानुहोला । ती दश प्रश्नहरू यिनै हुन्—एकै प्रश्न, एकै उद्देश्य र एकै उत्तर; दुइ प्रश्न, दुइ उद्देश्य र दुइ उत्तर; तीन प्रश्न, तीन उद्देश्य र तीनै उत्तर; चार प्रश्न, चार उद्देश्य र चारै उत्तर; पाँच प्रश्न, पाँच उद्देश्य र पाँचै उत्तर; छ प्रश्न, छ उद्देश्य र छनै उत्तर, सात प्रश्न, सात उद्देश्य र सातै उत्तर आठ प्रश्न, आठ उद्देश्य र आठै उत्तर; नौ प्रश्न, नौ उद्देश्य र नौनै उत्तर तथा दश प्रश्न, दश उद्देश्य र दशै उत्तर ।"

निगण्ठनाथपुत्रसँग यी कारणसहित दश प्रश्नहरू सोधी चित्र-गृहपति आसनबाट उठी फर्केर गए ।

× × ×

मूल सूत्र :—

१५—अचेल-कश्यप

त्यस बखतमा चित्र-गृहपतिका पुराना गृही साथी अचेल-कश्यप भन्ने मच्छिकाखण्ड नगरमा आइपुगेका थिए[१] ।

---

१. सं. नि. III पृ. २६७: अचेलकस्सपसुत्तं ।

चित्र-गृहपतिले, "हाम्रा पुराना गृही साथी अचेल-कश्यप मच्छिकासण्डमा आइपुगेका छन्" भन्ने खबर सुने। अनि चित्र-गृहपति जहाँ अचेल-कश्यप बसेका थिए त्यहाँगई अचेल-कश्यपसँग सम्मोदनीय कुरागरी एक छेउमा बसे। त्यसपछि चित्र-गृहपतिले अचेल-कश्यपसँग सोधे :—

"भन्ते कश्यप ! तपाइ प्रव्रजित हुनुभएको कतिवर्ष भयो ?"

"हे गृहपति ! म प्रव्रजित भएको तीसवर्ष भइसक्यो।"

"भन्ते कश्यप ! यी तीसवर्षका बीच कुनै उत्तरीय-मनुष्यधर्म अथवा कुनै आर्यज्ञान दर्शनविशेषता प्राप्तगरी कुशलपूर्वक बस्नुभएकोछ त ?"

"हे गृहपति ! यी तीसवर्षको प्रव्रज्याभित्र मैले न कुनै उत्तरीय-मनुष्यधर्मनै प्राप्तगर्न सकें, न त कुनै आर्यज्ञान दर्शनविशेषतानै प्राप्तगर्न सकें—सिवाय नग्नता, मुण्डनता र भुइमा बसेको धूलो टक्टक्याउनु बाहेक !"

यो कुरासुनी चित्र-गृहपतिले अचेल-कश्यपलाई भने :—

"आश्चर्य ! अद्भुतहो भन्ते ! यसोभए कसरी त्यो धर्म सु-आख्यात हुनसक्ला ! जहाँ कि तीसवर्ष सम्ममा पनि कुनै उत्तरीय-मनुष्यधर्म वा आर्यज्ञान दर्शनविशेषता अधिगमन गर्न सक्नु भएन ! सिवाय नग्नता, मुण्डनता र भुइमा बसेको धूलो टक्टक्याउनु बाहेक !!"

"हे गृहपति ! तिमी उपासकत्वमा गएको कतिवर्ष भयोनि ?"

"भन्ते ! म उपासकत्वमा गएको पनि तीसैवर्ष भइसक्यो।"

"हे गृहपति ! यी तीसवर्षको बीचमा तिमीले कुनै उत्तरीय-मनुष्यधर्म वा आर्यज्ञान दर्शनविशेषता प्राप्तगरी कुशलपूर्वक बसेका छौ त ?"

"भन्ते ! गृहस्थीहरूले पनि यस्तो ज्ञान प्राप्तगर्न सक्छन् । भन्ते ! म जतिञ्जेलसम्म इच्छागर्छु त्यतिञ्जेलसम्म कामबाट अलगभई, अकुशलबाट अलगभई, वितर्क र विचार भएको एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथम-ध्यान,[१] ···द्वितीय ध्यान,··· तृतीय-ध्यान···र चतुर्थ-ध्यानमा बस्दछु । यदि भगवान् भन्दा अगाडि मेरो मृत्युभएमा भगवान्ले मलाई यसो भन्नुभएमा कुनै आश्चर्य लाग्ने छैन — 'चित्र-गृहपतिमा त्यो संयोजन छैन जुन संयोजन भएको भए उ पुनः यसलोकमा आउने थियो' ।"

यति कुरा सुनेर अचेल-कश्यपले चित्र-गृहपतिलाई यसोभने : —

"हे गृहपति ! आश्चर्य, अद्भुत ! कस्तो यो सु-आख्यात धर्म-विनय ! जहाँ कि शुद्धगृही जीवनमा बस्नेले पनि उत्तरीय-मनुष्यधर्म र आर्यज्ञान दर्शनविशेषता प्राप्तगरी कुशलपूर्वक बस्दछन् । हे गृहपति ! यस्तो धर्म-विनयमा प्रव्रज्या तथा उपसम्पदा पाउनपाए वेश हुनेथियो ।"

त्यसपछि चित्र-गृहपतिले अचेल-कश्यपलाई जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँलगी थेर भिक्षुहरूसँग प्रार्थनागरे — "भन्ते ! यी अचेल-कश्यप हाम्रा पुराना गृही साथीहुन् । यिन्लाई थेर भिक्षुहरूले प्रव्रज्या र उपसम्पदा गरिदिनुभए बेश हुने थियो । म उनको चीवर, भिक्षा-

---

१. हेर पृ. १८३ रूपावचर-ध्यानमा ।

भोजन, शयनासन र गिलानप्रत्यय भैषज्र्य परिष्कारद्वारा उपस्थान गर्नेछु।" यसपछि अचेल-कश्यपले यस धर्म-विनयमा प्रव्रज्या र उपसम्पदा पाए।

अनि आयुष्मान् कश्यप उपसम्पदा भएको केही दिन पछि एकान्तवासगरी, अप्रमत्तभई, आतप्तसम्पन्नभई बसिरहँदा—जसको निम्ति कुलपुत्रहरू घरबार छाडी अनगारिकभई प्रव्रजित हुन्छन्—सोही अनुत्तरफल प्राप्तगरी, ब्रह्मचर्यवास पूरागरी, यसैजन्ममा स्वयं अभिज्ञान साक्षात्कारगरी बसे। उनलाई "जन्म क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरीसकें र पुनः यहाँ आउनुपर्ने कुनै हेतु छैन" भन्ने ज्ञान पनि भए।

आयुष्मान् कश्यप अन्यतर अरहत् पनि हुनु भयो।

× × ×

मूल सूत्र :—

१६—बिरामी चित्र-गृहपति

त्यसबखत चित्र गृहपति सारै बिरामीभई दुःखी थिए[१]। अनि केही आराम-देवता, वन-देवता, वृक्ष-देवता तथा अरू देवताहरू पनि एकत्रितभई चित्र-गृहपतिलाई यसो भने—"हे गृहपति! प्रणिधान गर, अनागतमा तिमी चक्रवर्ती राजा हुन सक्नेछौ!"

१. सं. नि. III पृ. २६८: गिलानदस्सनसुत्तं।

यसोभन्दा चित्र-गृहपतिले ती देवताहरूलाई भने :—"त्यो पनि अनित्यहो, त्यो पनि अध्रुवहो, त्यो पनि छाडेरनं जानुपर्छ ।"

चित्र-गृहपतिका यी कुरा सुनी चित्र-गृहपतिका मित्र, अमात्य तथा नगिचका ज्ञातिबन्धुहरूले उनलाई यसो भने—"भो आर्यपुत्र ! स्मृति थातमा राख्नुहोस् ! प्रलाप नगर्नुहोस् ! होस राख्नुहोस् !"

"तिमीहरूलाई म के भनौं जोकि तिमीहरू मलाई 'भो आर्यपुत्र ! स्मृति थातमा राख्नुहोस् ! प्रलाप नगर्नुहोस् ! होस राख्नुहोस् !' भनी भन्दछौ ।"

"तपाइ आर्यपुत्र ! यसो भन्नुहुन्छत—'त्यो पनि अनित्य हो, त्यो पनि अध्रुवहो, त्यो पनि छाडेरनं जानुपर्छ' ।"

"आराम-देवता, वन-देवताहरूले मलाई यस्तो भने कि—'हे गृहपति ! प्रणिधानगर, अनागतमा तिमी चक्रवर्ती राजा हुन सक्नेछौ !' यो कुरा सुनी मैले ती देवताहरूलाई—'त्यो पनि अनित्यहो, त्यो पनि अध्रुवहो, त्यो पनि छाडेरनं जानुपर्छ' भनी भनेकोहुँ ।

"ती आराम-देवताहरूलाई यस्तो लाग्यो कि—'यी चित्र-गृहपति शीलवान् कल्याणधर्मी हुन् । यदि यिनले प्रणिधान गरेको खण्डमा यिनी चक्रवर्तीराजा हुन सक्नेछन् । यिनको यो प्रणिधान सिद्ध हुनेछ । किनभने यिनको चित्त-प्रणिधि विशुद्धछ, यिनी शीलवान् तथा धार्मिकछन्, अतः यिनलाई धर्मकोफल प्राप्तहुनेछ ।' ती आराम-देवताहरूले यस्तो विचारगरी मलाई—'प्रणिधानगर, अनागतमा तिमी चक्रवर्ती राजा हुनेछौ' भनी भनेका हुन् । तिनीहरूलाईनै मैले यसो भनेकोहुँ—'त्यो पनि अनित्यहो, त्यो पनि अध्रुवहो, त्यो पनि छाडेरनै जानुपर्छ' ।"

"हे आर्यपुत्र ! त्यसोभए हामीहरूलाई पनि उपदेश दिनुहोस् ।"

"हे आर्यपुत्रहरू ! त्यसोभए तिमीहरूले यस्तो सिक्नुपर्दछ :— 'बुद्धप्रति अत्यन्त प्रसन्न व्हौं—वहाँ भगवान् अरहत् हुनुहुन्छ[१] ०। धर्मप्रति अत्यन्त प्रसन्न व्हौं—भगवान्को धर्म सु-आख्यातछ[२] ० । सङ्घ-प्रति अत्यन्त प्रसन्न व्हौं—भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ[३] ०। जे जति कुलघरमा देयवस्तुहरू छन् ती सबै शीलवान् कल्याण धर्मीहरू-लाई प्रदानगरौं अर्थात् 'यति हामीलाई, यति शीलवान्हरूलाई भनी नभनौं' भनी तिमीहरूले सिक्नुपर्दछ ।"

अनि चित्र-गृहपति मित्र, अमात्य तथा ज्ञाति-बन्धुहरूलाई बुद्ध, धर्म, सङ्घ तथा त्यागमा प्रतिष्ठित गराई परलोकगए ।

—☆—

१. २. ३. हेर. पृ. ८७ बुद्ध, धर्म र सङ्घ गुणमा ।

४. हस्तक आलवक

परिचय

श्रावस्तीबाट ३० योजन र बाराणशीबाट करीब १२ योजन टाढापर्ने, राजगृह र श्रावस्तीको बीचमा आलवी[१] भन्ने देश थियो ।

आलवी देशको आलवी नगरमा अ लवक भन्ने राजाका पुत्र आलवक राजकुमार थिए ।

एकदिन आलवक राजा सिकारबाट फर्किंदा आलवक यक्षको हातमा परेको थियो र उसको हातबाट मुक्तहुन आलवक यक्षदेवतालाई राजाले प्रत्येकदिन एक एक थाल भात र एकजना मानिस बलीकोरूपमा चढाउने बचन दिएका थिए[२] । एकदिन बलीदिन देशमा कुनै बालक नपाएर आफ्नै नवजात पुत्रलाई बली चढाउन राजदूतको हातमा पठाइदिए ।

त्यसबखत आलवक यक्ष-देवतालाई भगवान् बुद्धले दमनगरी हिंसक यक्षलाई अहिंसक बनाई बुद्ध, धर्म तथा सङ्घको शरणमा प्रतिष्ठित गराई स्रोतापन्न फलमा पुऱ्याइसक्नु भएको थियो ।

---

१. वर्तमानः जि. फरुखावाद, भारत ।

२. यसबारे सविस्तर कुरा आलवक सूत्रमा पाइन्छ । सं. नि–१. पृ. २१५ र सुत्तनि. पृ. २९५ ।

अतः नवजात बालक राजकुमारलाई आलवक यक्ष-देवताकहाँ चढाउन लैजाँदा उ लज्जितभई शीर झुकाएर बसेको बेलामा भगवान्ले उसलाई नवजात बालक राजकुमारलाई हातमा थापी भगवान्को हातमा राखिदिन सूचित गर्नु भयो । अनि आलवक यक्षले राजदूतको हातबाट बालकलिई भगवान्को हातमा राखिदिए र भगवान्ले फेरि सो बालकलाई यक्षको हातमा दिई राजदूतको हातमा फर्काइदिन लगाउनु भयो । यक्षको हातबाट बुद्धको हातमा, बुद्धको हातबाट पुनः यक्षको हातमा र अन्तमा राजदूतको हातमा सुम्पी दिएकोहुँदा, त्यसदिनदेखि आलवक राजकुमारलाई 'हस्तक आलवक' भनी नामकरण गरिएकोहो[१] ।

ठूलाभएपछि हस्तक आलवक राजकुमार बुद्धको अनन्य भक्त भएकाथिए । उनले अनागामी मार्ग-फल साक्षात्कारगरेका थिए । त्यसबखतमा सुप्रतिष्ठित श्रद्धालु धम्मदिन्नादि उपासकहरूकाझैं[२] हस्तक आलवक राजकुमारको पनि ५०० उपासक श्रावक मित्र परिवारहरू थिए[३] ।

चार संग्रहवस्तुद्वारा परिषद्लाई संग्रहगर्ने विशेषगुण राजकुमारमा थियो । उनी आफुमा भएका कुनै पनि गुणहरू अरूलाई देखाउन चाहन्नथे । जसको बारेमा भगवान् बुद्ध स्वयंले प्रशंसा गर्नु भएको कुरा तल लेखिएका सूत्रहरूबाट बुझिनेछ ।

---

१. अं. अ. क. पृ. २१२ ।

२. हे. पृ. १३७ परिचय चित्र-गृहपति, फूटनोटमा ।

३. सं. अ. क. III पृ. २२३ ।

चित्र गृहपति प्रज्ञाविशेषतामा र हस्तक आलवक ऋद्धि विशेषतामा अरू उपासकहरूमध्ये अग्रगण्य थिए । अतः भगवान्ले हस्तक आलवकलाई चतुसंग्रह वस्तुद्वारा परिषद्लाई संग्रह गर्नेहरूमध्येमा अग्रस्थान दिनु भएको कुरा तल सूत्रमै स्पष्ट हुनेछ । भगवान् परिनिर्वाण हुनु अगावै हस्तक आलवक राजकुमार देहावशानभई अविहा ब्रह्मलोकमा उत्पन्न भएको कुरा पनि तलको सूत्रबाटै स्पष्ट हुनेछ । चित्र-गृहपतिलाईझैं आलवक राजकुमारलाई पनि गृहस्थीहरूका जीवन नाप्ने मापदण्ड समान बताउनुभएबाट यिनको जीवन पनि कति उत्कृष्ट थियो भन्ने कुरा स्वतः सिद्धहुन्छ । चित्र-गृहपति र हस्तक आलवक — यी दुइजनालाई मात्र भगवान् बुद्धले मापदण्डको रूपमा लिनु भएकोछ ।

× × ×

मूल सूत्र :—

१—सुख शयन

एक समय भगवान् आलवी[१] (राष्ट्र) को सिसपावनमा[२] गाईहरू आवत-जावतगर्ने बाटोमा, खसिराखेका पत्करहरू वछ्याई बसिरहनु भएको थियो[३] ।

---

१. श्रावस्तीबाट ३० योजन र बनारसबाट १२ योजन ताढापर्छ । D. P. P. I. P. २९५ ।

२. सेतव्य नगरको उत्तरपट्टि ।

३. अं. नि—३. पृ. १२६ः हत्थकसुत्तं ।

त्यसबेला हस्तक आलवक टहलिँदै आइरहेको बेलामा भगवान्‌लाई सिसपावनमा गाईहरू आवत-जावतगर्ने बाटोमा खसिराखेका पत्करहरू बछ्याई बसिरहनु भएको देखेर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका हस्तक आलवक राजपुत्रले भगवान्‌सँग निम्न कुरा सोधे :—

"भन्ते ! के भगवान् सुखपूर्वक शयन गर्नु हुन्छ ?"

"हे राजकुमार ! म सुखपूर्वक शयनगर्छु । संसारमा सुखपूर्वक शयनगर्नेहरूमध्ये म एकहुँ ।"

"भन्ते ! यो (आजकाल) हेमन्तऋतुको शीतल रातछ, माघर फागुनको बीच हिमपात समयछ[१], गौकन्टक भूमिछ अर्थात् गाईहरूको हिडाइले गर्दा खाल्टा खुल्टी परेको कडा जिमिनछ, पत्करहरू पातला छन्, रूखमा पातहरू कमछन्, कषायवस्त्रहरू चीसाछन्, चारैतिरबाट हावा बगिरहेकोछ तैपनि भगवान् भन्नुहुन्छ— 'हे राजकुमार ! म सुखपूर्वक शयन गर्दछु । संसारमा सुखपूर्वक शयनगर्नेहरूमध्ये म एकहुँ' ।"

१—"हे राजकुमार ! त्यसोभए म तिमीसँगनै सोध्दछु, तिमीलाई जस्तो लाग्छ त्यस्तो भन । यहाँ— कुनै गृहपति वा गृहपतिपुत्रको लिपपोत गरेको, हावापस्न नसक्ने, चुकुल लगाएको, झ्याल बन्दगरेको अग्लो अग्लो घर हुन्छ । त्यसमा पलङ्ग राखेको, चार-चार अङ्गुलि लामो झल्लर भएको अस्तर बछ्याइ राखेको, ऊनको अस्तर बछ्याइ राखेको,

१. माघ आखिरीको ४ दिन र फागुणको ४ दिनलाई हिमापात समय भनिन्छ ।

बाक्ला-बाक्ला ऊनका बिच्छ्याउना बिच्छ्याइ राखेको, त्यसमाथि उत्तम कदलिमृगको छाला बछ्याइ राखेको हुन्छ । पलङ्गमाथि भीत टाँगिएको र पलङ्गको शिरान र गोडामनि दुवैतिर रक्तवर्ण तकिया भएको, तेलको बत्ती बालिराखेको, चार भार्याहरूद्वारा राम्ररी सेवा-टहल गराइएको हुन्छ । हे कुमार ! यसप्रकार बस्ने सो पुरुष सुखपूर्वक शयन गर्छ कि गर्दैन ? यसमा तिमीलाई कस्तो लाग्छ ?"

"भन्ते ! सो पुरुष सुखपूर्वकनै शयन गर्छ । लोकमा सुखपूर्वक शयन गर्नेहरूमध्ये उ एकहो ।"

२—"हे कुमार ! यदि त्यो गृहपति वा गृहपतिपुत्रलाई रागजन्य कायिक वा मानसिक डाहाले जलन भयो भने, रागजन्य कायिक वा मानसिक डाहाले जलनभई उ दुःखपूर्वक शयन गर्दैन त ?"

"अवश्य पनि भन्ते ! उ दुःखपूर्वकनै शयन गर्छ ।

"हे कुमार ! जुन त्यो गृहपति वा गृहपतिपुत्र रागजन्य डाहाबाट जलनभई दुःखपूर्वक शयन गर्छ; त्यस्तो राग तथागतमा प्रहीण भइसक्यो, मूल जरो काटिइसक्यो, काटेको तालवृक्ष समान भइसक्यो, अभावप्राप्तभई पुनः उत्पन्न नहुने भइसक्यो । त्यसैले म सुखपूर्वक शयन गर्छु ।

३—"हे कुमार ! यदि त्यो गृहपति वा गृहपतिपुत्रलाई द्वेषजन्य कायिक वा मानसिक डाहाले जलन भयोभने, द्वेषजन्य कायिक वा मानसिक डाहाले जलनभई उ दुःखपूर्वक शयन गर्दैनत ?"

"अवश्य पनि भन्ते ! उ दुःखपूर्वकनै शयन गर्छ ।"

"हे कुमार ! जुन त्यो गृहपति वा गृहपतिपुत्र द्वेषजन्य डाहाबाट जलनभई दुःखपूर्वक शयनगर्छ; त्यस्तो द्वेष तथागतमा प्रहीण भइसक्यो, मूलजरो काटिइसक्यो, काटेको तालवृक्ष समान भइसक्यो, अभावप्राप्तभई पुनः उत्पन्न नहुने भइसक्यो । त्यसैले म सुखपूर्वक शयन गर्छु ।

४—"हे कुमार ! यदि त्यो गृहपति वा गृहपतिपुत्रलाई मोहजन्य कायिक वा मानसिक डाहाले जलन भयोभने; मोहजन्य कायिक वा मानसिक डाहाले जलनभई उ दुःखपूर्वक शयन गर्दैनत ?"

"अवश्य पनि भन्ते ! उ दुःखपूर्वकनै शयन गर्छ ।"

"हे कुमार ! जुन त्यो गृहपति वा गृहपतिपुत्र मोहजन्य डाहाबाट जलनभई दुःखपूर्वक शयन गर्छ; त्यस्तो मोह तथागतमा प्रहीण भइसक्यो, मूल जरो काटिइसक्यो, काटेको तालवृक्ष समान भइसक्यो । अभाव प्राप्तभई पुनः उत्पन्न नहुने भइसक्यो । त्यसैले म सुखपूर्वक शयन गर्छु ।"

पुनः भगवान् गाथा भन्नुहुन्छ :—

१—"सब्बदा वे सुखं सेति, ब्राह्मणो परिनिब्बुतो ।
यो न लिम्पति[1] कामेसु, सीतिभूतो निरुपधि ॥

२—"सब्बा आसत्तियो छेत्वा, विनेय्य हदये दरं ।
उपसन्तो सुखं सेति, सन्ति पप्पुय्य चेतसो'ति ।।"

---

१. स्याम र रोमनमाः लिप्पति ।

अर्थ :—

१—"जो पुरुष कामभोगमा लिप्तछैन, क्लेशरूपी उपधि (बाधा) रहितछ, जो शीतलछ; सो पापलाई बगाई ब्राह्मण भएको, परिनिर्वाण भएको पुरुष सदा सुखपूर्वक शयन गर्छ ।

२—"सबै आसक्तिलाई छेदनगरी, हृदय वेदनालाई दूरगरी, चित्तमा परम शान्तिप्राप्तगरी उपशान्तभई बस्ने पुरुष सधैं सुखपूर्वक शयन गर्दछ ।"

[यी उपदेश सुनी आलवक राजकुमार प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

२—अल्पेच्छता[1]

एक समय भगवान् आलवी (राष्ट्र) मा अग्गालव चैत्य (चौतारो) मा बस्नु भएको थियो[2] ।

---

१. आफुमा भएका गुणहरू अरूलाई देखाउन वा बताउन न चाहनेलाई 'अल्पेच्छता' भन्दछन् ।

२. अं. नि–८ पृ, ४२१: पठमहत्थकसुत्तं ।

त्यहाँ भगवान्ले भिक्षुहरूलाई, "हे भिक्षुहरू !" भनी आमन्त्रण गर्नु भयो र "भदन्त !" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए-पछि भगवान्ले निम्न कुरा बताउनु भयो :—

"भिक्षुहरू ! हस्तक आलवक सात आश्चर्यजनक अद्भुत गुणले युक्तछन् भनी जान । कुन सात गुणहरूले भने ?—

'हे भिक्षुहरू ! (१) हस्तक आलवक श्रद्धावान्, (२) शीलवान् (३) लज्जावान्, (४) पाप-भीरू, (५) बहुश्रुत, (६) त्यागवान् र (७) प्रज्ञावान् छन् ।'

"हे भिक्षुहरू ! हस्तक आलवक यी (उक्त) सात आश्चर्य-जनक अद्भुत गुणहरूले युक्तछन् भनी जान" भनी भगवान्ले भन्नुभयो । यति भन्नु भएपछि सुगत आसनबाट उठी विहार (आफु बस्ने घर) भित्र जानु भयो ।

अनि कुनै एक भिक्षु पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ हस्तक आलवकको घरहो त्यहाँ गए । घरमा पुगेपछि बिच्छ्याइ राखेको आसनमा बसे । हस्तक आलवक पनि जहाँ ती भिक्षु थिए त्यहाँगई उनलाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका सो हस्तक आलवकलाई ती भिक्षुले निम्न कुरा सुनाए :—

"हे आवुसो ! भगवान्ले तिमी सात आश्चर्यजनक अद्भुत गुणहरूले युक्तछौ भनी भन्नु भएको छ । कुन सात भने ?—'श्रद्धावान्छौ, शीलवा-न्छौ, लज्जावान्छौ, पाप-भीरूछौ, बहुश्रुतछौ, त्यागवान्छौ र प्रज्ञावान् पनि छौ ।'

"हे आवुसो यिनै सात आश्चर्यजनक अद्भुत गुणहरूले तिमी युक्तछौ भनी भगवान्ले भन्नु भएको छ।"

"भन्ते ! त्यस बेला (भगवान्ले उक्त कुरा भन्नु भएको वेला) त्यहाँ कुनै शुद्धवस्त्रधारी गृहस्थी त थिएन ?"

"हे आवुसो ! त्यस बेला त्यहाँ कुनै पनि शुद्धवस्त्रधारी गृहस्थी थिएन।"

"भन्ते ! राम्रै भयो जो कि त्यस बेला त्यहाँ कुनै शुद्धवस्त्रधारी गृहस्थी थिएन।'

त्यसपछि सो भिक्षु हस्तक आलवकको घरमा भिक्षा ग्रहणगरी आसनबाट उठी फर्केर गए। भोजन सिध्याएर सो भिक्षु जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुले भगवान्लाई निम्न कुरा बिन्तिगरे :—

"भन्ते ! म पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ हस्तक आलवकको घरहो त्यहाँ गई बिच्छ्याइराखेको आसनमा बसें। अनि हस्तक आलवक जहाँ म थिएँ त्यहाँ आई मलाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका हस्तक आलवकलाई मैले यसो भने :—

'हे आवुसो ! भगवान्ले तिमी सात आश्चर्यजनक अद्भुत गुणहरूले युक्तछौ भनी भन्नु भएको छ। कुन सात भने ?—'श्रद्धावान्छौ, शीलवान्छौ, लज्जावान्छौ, पाप-भिरूछौ, बहुश्रुतछौ, त्यागवान्छौ र प्रज्ञावान् पनि छौ।'

"भन्ते ! यसोभन्दा हस्तक आलवकले मसँग निम्न कुरा सोधेः—

'भन्ते ! त्यस बेला त्यहाँ कुनै शुद्धवस्त्रधारी गृहस्थीत थिएन ?'

'हे आवुसो ! त्यस बेला त्यहाँ कुनै शुद्धवस्त्रधारी गृहस्थी थिएन।'

"अनि हस्तक आलवकले—'भन्ते ! राम्रै भयो, जो कि त्यस बेला त्यहाँ कुनै शुद्धवस्त्रधारी गृहस्थी थिएन' भनी भने।"

"हे भिक्षु ! राम्रै हो ! असलै हो !! हे भिक्षु ती कुलपुत्र अल्पेच्छी थिए। आफुमा कुशल-गुणधर्म भइकन पनि अरू कसैलाई थाहादिन चाहन्नथे। त्यसो भएको हुँदा हे भिक्षु ! तिमीले हस्तक आलवकलाई यो आठवाँ आश्चर्यजनक अद्‌भुत अल्पेच्छता-गुणले पनि युक्त छन् भनी धारणगर।"

× × ×

मूल सूत्र :—.

३—चारसंग्रह-वस्तु

एक समय भगवान् आलवी (राष्ट्र) अग्गालव चैत्य (चौतारो) मा बस्नु भएको थियो[१]।

एक दिन हस्तक आलवक पाँचशय उपासकहरूले परिवृत्त भई जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। भगवान् कहाँ पुगेपछि भगवा—

---

१. अं. नि—८. पृ. ३२३: दुतियहत्थकसुत्तं।

न्लाई अभिवादनगरो एक छेउमा बसे। एक छेउमा बसेका हस्तक आलवकसँग भगवान्ले निम्न कुरा सोध्नु भयो :—

"हे हस्तक ! तिम्रो यो परिषद् अति विशाल छ। यत्तिको ठूलो परिषद्लाई तिमीले कसरी संग्रहित गर्दछौ ?"

"भन्ते ! भगवान्ले जुन चार संग्रह-वस्तुको उपदेश दिनु भएको छ, ती चार संग्रह-वस्तुद्वारा यस विशाल परिषद्लाई संग्रह गर्दछु।

(१)'भन्ते ! जब जसलाई दानद्वारा संग्रह गर्नु पर्छ भनी थाहा पाउँछु तब म उसलाई दानद्वारा संग्रह गर्दछु,(२) जब जसलाई प्रियवचनद्वारा संग्रह गर्नु पर्छ भनी थाहा पाउँछु तब म उसलाई प्रियवचनद्वारा संग्रह गर्दछु, (३) जब जसलाई अर्थ चर्याद्वारा (आवश्यक परेको कामकाज गरिदिने) संग्रह गर्नु पर्छ भनी थाहा पाउँछु तब म उसलाई अर्थचर्याद्वारा संग्रह गर्दछु र (४) जब जसलाई समानतापूर्वक व्यवहारद्वारा संग्रह गर्नु पर्छ भनी थाहा पाउँछु तब म उसलाई समानतापूर्वक व्यवहारद्वारा संग्रह गर्दछु।'

"भन्ते ! मेरो कुलगृहमा भोगसम्पत्ति छ। जस्तो कि अरू कहाँ कुनै नोकर-चाकरले मालिकको कुरा सुन्दैनन् मेरो घरमा त्यस्तो छैन, सबैले मेरो कुरा सुन्दछन्।"

"साधु ! साधु !! हस्तक आलवक। यत्तिका विशाल परिषद्लाई संग्रहगर्ने उपाय यही नै हो। अतीत कालमा पनि जसले विशाल परिषद्लाई संग्रह गरेका थिए, ती सबैले यही चार संग्रह-वस्तुद्वारा नै संग्रह गरेका थिए। अनागतमा पनि जसले विशाल परिषद्लाई संग्रह गर्ने

छन्, उनीहरू सबैले पनि यहीनै चार संग्रह-वस्तुद्वारा संग्रह गर्ने छन्। वर्तमानकालमा पनि जसले विशाल परिषद्‌लाई संग्रह गर्दछन् उनीहरू सबैले पनि यहीनै चार संग्रह-वस्तुद्वारा विशाल परिषद्‌लाई संग्रह गर्दछन्।"

अनि हस्तक आलवक भगवान्‌को धर्मोपदेशद्वारा प्रभावित भई, संप्रतिष्ठित भई, उत्साहित भई, सम्प्रहर्षित भई आसनबाट उठी, भगवान्‌लाई अभिवादन र प्रदक्षिणागरी फर्केर गए।

हस्तक आलवक गइसकेको केहि छिनपछि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो :—

"हे भिक्षुहरू! हस्तक आलवक आठ आश्चर्यजनक अद्‌भुत गुण-धर्महरूले युक्तछन् भनी धारण गर। कुन आठ गुणहरूले भने ? —

'(१) भिक्षुहरू! हस्तक आलवक श्रद्धावान्, (२) शीलवान् (३) लज्जावान्, (४) पाप-भीरू, (५) बहुश्रुत, (६) त्यागवान्, (७) प्रज्ञावान् तथा (८) अल्पेछी छन्।'

'हे भिक्षुहरू! यिनै आठ आश्चर्यजनक अद्‌भुत गुण-धर्महरूले हस्तक आलवक युक्तछन् भनी धारण गर!"

× × ×

मूल सूत्र :—

४–बुद्धद्वारा प्रशंसा

[एक दिन भगवान्‌ले श्रावस्तीस्थित जेतवनविहारमा हस्तक आलवककोबारे प्रशंसा गर्नु हुँदै निम्न कुरा भन्नुभयो :—]

"हे भिक्षुहरू ! हस्तक आलवक छ गुण-धर्महरूले सुसम्पन्न भई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृत साक्षात्कारगरी बसेका छन्[1] । कुन छ गुणधर्म भने ?—

'(१) बुद्ध-प्रति अटल श्रद्धा,(२) धर्मप्रति अटलश्रद्धा,(३) सङ्घप्रति अटलश्रद्धा (४) आर्य-शील, (५) आर्य-ज्ञान तथा (६) आर्य-विमुक्ति ।'

"भिक्षुहरू ! यिनै छ गुण-धर्महरूले सुसम्पन्न भई हस्तक आलवक तथागतमा निष्ठा राखी, अमृतदर्शी र अमृत साक्षात्कारगरी बसेका छन् ।"

× × ×

मूल सूत्र :—

५—अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवनविहारमा भिक्षु तथा उपासकहरूका एक सभामा चतुसंग्रह वस्तुद्वारा परिषद्लाई संग्रह गर्नेहरू मध्ये हस्तक आलवक श्रेष्ठछन् भनी भन्नुहुँदै भगवान्ले निम्न कुरा भन्नुभयो :—]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं चतुहि सङ्गहवत्थूहि परिसं सङ्गण्हन्तानं यदिदं हत्थको आलवको[2]'ति ।"

---

१. अं. नि–६ पृ. १४९: भल्लुकादिसुत्तं ।

२. अं. नि–१ पृ. २६: एतदग्गवग्गो ।

अर्थ :—

"हे भिक्षुहरू ! मेरा श्रावक उपासकहरूमा चतुसंग्रह[१] वस्तुद्वारा परिषद्‌लाई सङ्ग्रह गर्नेहरू मध्येमा हस्तक आलवक सबभन्दा अग्र छन् ।"

× × ×

मूल सूत्र :—

६—मापदण्ड

यस्तो मैले सुने[२] ।

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नु भएको थियो । त्यस बखत भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रणगरी यस्तो भन्नुभयो :

"हे भिक्षुहरू ! लाभसत्कार र यशकीर्ति भनेको अति दरुण, कटु, खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानीकारक पनि हुन्छ । त्यसैले तिमीहरूले यस्तो सिक्नु पर्छ कि—'उत्पन्न भएको लाभसत्कार र यशकीर्ति छाडनेछौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न दिनेछैनौं ।"

---

१. दान, प्रियवचन, अर्थचर्या, र समानात्मता ।

२. सं. नि—२. पृ. ११६: एकपुत्तकसुत्तं ।

"श्रद्धालु एक पौत्रिक उपासकले आपनो एकलौटे प्रिय मनाप पुत्रको यस्तो सम्यक् कामना गर्नुपर्छ :—

'(१) हे तात ! तिमी त्यस्तो हुन सक ! जस्तो कि चित्र-गृहपति तथा हस्तक आलवक छन् ।'

"भिक्षुहरू ! मेरा श्रावक उपासकहरूमा यहीनै मापदण्डहो, यहीनै प्रमाणकर हो, जस्तो कि—चित्र-गृहपति तथा हस्तक आलवक हुन् ।

(एकलौटे प्रियपुत्रको यस्तो पनि सम्यक् कामना गर्नुपर्छ—)

'(२) यदि तात ! तिमी घरबार छाडी अनगारिक भई प्रव्रजित हुन चाहन्छौ भने—'तिमी त्यस्तो हुन सक ! जस्तो कि—सारिपुत्र तथा महामौद्गल्यायन हुनुहुन्छ ।'

"भिक्षुहरू ! मेरा श्रावक भिक्षुसङ्घमा यहीनै मापदण्ड हो, यहीनै प्रमाणकर हो जस्तो कि—सारिपुत्र तथा महामौद्गल्यायन ।

(एकलौटे प्रियपुत्रको यस्तो पनि सम्यक् आयाचना गर्नुपर्छ :—)

'(३) हे तात ! तिमीलाई शैक्षत्व[१] प्राप्त नभइकन लाभसत्कार र यशकीर्ति प्राप्त नहोस् ! यदि भिक्षुलाई शैक्षत्व प्राप्त नभइकन

---

१. स्रोतापन्न मार्ग र फल, सकृदागामी मार्ग र फल, अनागामी मार्ग र फलमा पुग्ने र अरहत् मार्गमा पुगेकालाई 'शैक्ष' भन्दछन् । अरहत् फल प्राप्त भइसकेकालाई 'अशैक्ष' भन्दछन् ।

लाभसत्कार र यशकीर्ति प्राप्तभयो भने उसको निम्ति यो हानीकारक हुन्छ ।'

"भिक्षुहरू ! यसप्रकार लाभसत्कार र यशकीर्ति अति दरुण, कटु, खरो हुन्छ र अनुत्तर योगक्षेम प्राप्तिको लागि हानीकारक हुन्छ । अतः तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्ति छाडनेछौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न दिनेछैनौं' भनी सिक्नुपर्छ ।"

× × ×

मूल सूत्र :—

७–आयाचना

"भिक्षुहरू ! श्रद्धालु उपासकले आयाचना गर्नेहो भने यस-प्रकार सम्यक् आयाचना गर्नु पर्छ – 'त्यस्तो हुन सकोस् ! जस्तो कि चित्र-गृहपति र हस्तक आलवक ।' भिक्षुहरू ! मेरा श्रावक उपास-कहरूमा यहीनै मापदण्ड हो, यहीनै प्रमाणकर हो, जस्तो कि— चित्र-गृहपति र हस्तक आलवक[1] ।"

× × ×

१. अं. नि–२ पृ. ८१ः आयाचनवग्गो ।

मूल सूत्र :—

८–हस्तक देवपुत्र

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा बस्नु भएको थियो[१] ।

एक दिन हस्तक देवपुत्र रात बितिसकेपछि सुन्दरवर्णले युक्त भई जेतवन विहारजम्मै आलोकितपारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि, 'भगवान्को अगाडि उभिइएर बस्छु' भन्दा जस्तै -बालुवामा घ्यू वा तेल राख्दा बालुवाले शोषेझैं उनी उठ्न सक्तैनथे, उभिएर बस्न सक्दैनथे । अनि भगवान्ले हस्तक देवपुत्रलाई 'स्थूल शरीर निर्माणगर' भनी भन्नुभयो ।

"हवस्" भनी भगवान्को कुरा सुनी हस्तक देवपुत्रले स्थूल शरीर अभिनिर्माणगरी, भगवान्लाई अभिवादगरी एक छेउमा खडाभए । एक छेउमा खडाभएका हस्तक देवपुत्रसँग भगवान्ले सोध्नु भयो :—

"हे हस्तक ! अघि तिमी मनुष्यछँदा जुन धर्महरू तिमीमा प्रवर्तित थिए ती धर्महरू अहिले पनि तिमीमा प्रवर्तित छन् कि छैनन् ?"

"भन्ते ! अघि म मनुष्यछँदा जुन धर्महरू ममा प्रवर्तित थिए ती धर्महरू अहिले पनि ममा प्रवर्तित छन् र अघि मनुष्यछँदा जुन धर्महरू ममा प्रवर्तित थिएनन् ती धर्महरू पनि अहिले ममा प्रवर्तित छन् । भन्ते !

---

१. अं. नि–३ पृ. २५९: हत्थकसुत्तं ।

जस्तै—भगवान् आजकल यहाँ भिक्षुहरूले, भिक्षुणीहरूले, उपासकहरूले, उपासिकाहरूले, राजाहरूले, राजमहामात्यहरूले, तैर्थीकहरूले तथा तैर्थीक श्रावकहरूले आकीर्ण भई विहार गर्नु भएको छ त्यस्तैगरी—म पनि आजकल देवपुत्रहरूले आकीर्ण भई बस्दछु । 'हस्तक देवपुत्रकहाँगइ धर्म श्रवणगरौं' भनी ताढा ताढादेखि देवपुत्रहरू मकहाँ आउँछन् । भन्ते ! तीन कारणले तृप्त र सन्तुष्ट हुन नपाउँदै म मृत्यु भएं । कुन तीन कारणले भने ?—

'(१) भगवान्‌को दर्शनगर्नमा तृप्त र सन्तुष्टहुन नपाउँदै, (२) सद्धर्म श्रवण गर्नमा तृप्त र सन्तुष्टहुन नपाउँदै र (३) संघको उपस्थान गर्नमा तृप्त र सन्तुष्टहुन नपाउँदै मेरो मृत्यु भयो ।'

"भन्ते ! यिनै तीन कारणले तृप्त र सन्तुष्टहुन नपाउँदै मेरो मृत्यु भयो ।"

यसपछि हस्तक देवपुत्रले गाथा भने :—

१—"नाहं भगवतो दस्सनस्स, तित्तिमज्झगा[1] कुदाचनं ।
सङ्घस्स उपट्ठानस्स, सद्धम्म सवनस्स च ॥

२—"अधिसीलं[2] सिक्खमानो, सद्धम्म सवने रतो ।
तिण्णं धम्मानं अतित्तो, हत्थको अविहं गतो'ति ॥"

---

१. स्याममा: तित्तिअद्धा, रोमनमा: तित्तिअज्झ ।

२. सिंहल र रोमनमा: अधिसीले ।

अर्थ :—

१—"भगवान्को दर्शनले म कहिले पनि तृप्त भइन, न म सङ्घ उपस्थान तथा सद्धर्म श्रवणले नै तृप्त भएँ।

२—"अधिशील[१] सिक्दै, सद्धर्म श्रवणमा रतहुँदै—तीनै धर्ममा अतृप्त भइकनै हस्तक आलवक अविहा (ब्रह्मलोक) मा उत्पन्न भए।"

—★—

१. विशिष्टशील।

५. महानाम शाक्य

परिचय

सिंहहनु शाक्य राजाका कञ्चना नामक रानी थिइन् । यिनको तरफबाट शुद्धोदनादि पाँच दाजुभाइहरू र एक बहिनी भए ।

भगवान् बुद्ध (सिद्धार्थ कुमार) शुद्धोदन महाराजका जेठा बडामहारानी महामाया देवीका तरफबाट जन्मिनु भएको जेठो छोरो हुनुहुन्थ्यो ।

शुद्धोदन महाराजका कांछा बडामहारानी प्रजापति गौतमीका तरफबाट एक पुत्री नन्दकुमारी[१] र नन्दकुमार भए ।

महानाम शाक्य भगवान् बुद्धका जेठा काका सक्कोदन[२] (शुक्लोदन) शाक्यका जेठा छोरा थिए । यिनको अनुरुद्ध शाक्य नामक एक भाइ पनि थिए । पछि अनुरुद्ध[३] शाक्य प्रव्रजित भएर गए ।

आनन्द महास्थविर भगवान् बुद्धका कान्छा काका अमितोदन (अमृतोदन) का पुत्र[४] हुनुहुन्थ्यो ।

---

१. रूपनन्दा र सुन्दरीनन्दा पनि भनिन्छन् ।

२. म.नि.अ.क. II पृ. ५०

३. अं.अ.क. पृ. १०७ मा अमृतोदनको कुलमा जन्मेका भनी उल्लेख भएको छ ।

४. म. नि. अ. क. II पृ. ५० ।

महानाम शाक्य भगवान्भन्दा जेठा[१] थिए नन्द र आनन्दहरू भगवान्भन्दा कान्छा हुन् ।

तिस्स स्थविर भगवान्का फुपू अमितादेवी (अमृतादेवी) का छोरा हुनुहुन्थ्यो[२] । शाक्य परिवारको विस्तृत तालिका परिचयको अन्तमा दिइएको छ ।

× × ×

भगवान् बुद्ध बुद्धत्व प्राप्तगरी पहिलोबार कपिलवस्तु नगरमा पाल्नुहुँदानै महानाम शाक्यले बुद्धको उपदेश सुनी स्रोतापन्न-फल साक्षात्कार गर्नु भएको हो[३] । पछि गएर सकृदागामी-फलको पनि साक्षात्कार गर्नु भयो[४] ।

कपिलवस्तुका शाक्य कुमारहरू भगवान् बुद्धको शासन (धर्म) मा धमाधम प्रव्रजित हुन थालेका थिए । एक दिन महानाम शाक्यको मनमा, "हाम्रा कुलबाट अहिलेसम्म कोही पनि प्रव्रजित भएका छैनन् । म वा मेरो भाइ अनुरुद्ध मध्ये कुनै एक जना प्रव्रजित नभई भएन"

---

१. म.नि.अ.क. II पृ. ५०. कतै कतै १ वर्षले जेठा छन् भनी स्पटसँग भनिएको छ ।

२. सं. नि. II पृ. ३२८: तिस्ससुत्तं ।

३. अं. अ. क. पृ. २१३ ।

४. म. नि. अ. क. II पृ. ५० ।

भन्ने विचार आएपछि आफ्नो भाइ अनुरुद्धसँग यसबारे छलफल गरे। अनि अनुरुद्ध शाक्यले गृहस्थीको काम समाल्न नसक्ने कुरा बताई आफैं प्रव्रजित हुने इच्छा प्रकटगरे र पछि भद्रीय शाक्यराजाका साथ आफ्ना आमाको समेत स्वीकृति प्राप्तगरी प्रव्रजित भए[१]। यो कुरा तल सूत्रमा "महानाम र अनुरुद्ध शाक्य" शीर्षकमा आउने छ।

महानाम शाक्यका नागमुण्डा भन्ने आफ्नी दाशी स्त्रीका तरफ-बाट जन्मेकी एक सुन्दरी छोरी थिइन्। यिनलाई पछि कोशल नरेश प्रसेनजीतसँग विवाहगरी दिए[२]।

स्रोतापन्न भइसकेपछि महानाम शाक्यले भगवान्सँग 'कसरी उपासक हुन्छन्?' भन्नेदेखि लिएर स्रोतापन्न हुने आर्यश्रावकले कुन चर्यामा बस्नुपर्छ भन्नेसम्मको कुरा र तल लेखिएका "कुन विषयमा मन-लगाई बस्ने?" र "आर्यश्रावकको चर्या" भन्ने शीर्षकबाट महानाम शाक्यले कुन किशिमको जीवन बिताएका रहेछन् भन्ने जानकारी पाइन्छ।

त्यस्तैगरी सकृदागामी मार्गफलमा प्रतिष्ठित भइसकेपछि बुद्धसंग सोधेका विभिन्न कुराका ढाँचाबाट महानाम शाक्यको अनुभूतिमा उत्त-रोत्तर गम्भीरपन आएको र सकृदागामी हुने पुरुषको मनमा राग-द्वेष-मोह हुनु नपर्ने भन्ने भ्रमपूर्ण धारणा[३] भएको हुँदा आफुमा के भएर

१. चुल्ल.व.पृ. २७९: सङ्घभेदक्खन्धकं छसक्यपब्बज्जाकथा।

२. धम्म. अ. पृ. १७२: विडुढभवत्थु।

३. म. नि. अ. क. II पृ. ५१।

राग-द्वेष-मोह भएको होला भन्ने शंका भई बुद्धसँग सोधेको प्रश्न तल लेखिएको "अलपसुख बहुदुःख" भन्ने शीर्षकको सूत्रबाट प्रष्ट हुनेछ ।

महानाम शाक्यको जीवनमा श्रद्धा र प्रज्ञा तुलाजस्तै बराबर थियो । सकृदागामीसम्मको फल प्राप्त गरेर पनि श्रद्धाको भावमा कुनै कमी देखिदैन थियो । बल्कि उनको श्रद्धा झन् झन् प्रगाढ हुँदै गएको नै देखिन्थ्यो । यहाँ केही मानिसहरू 'श्रद्धाको भावभन्दा ज्ञानको भाव श्रेष्ठछ' भन्दै अश्रद्धालुभई अहंकारको पथतिर लम्किन्छन् । अनुभूतिले भन्दछ कि जति जति ज्ञानको साक्षात्कार उपलब्धी हुँदै जान्छ त्यति त्यतिनै श्रद्धामा दृढता बढदै गएको देखिन्छ। अनुभूति विनाको ज्ञानहुने-हरूनै श्रद्धालाई न्यून सम्झी आफुलाई ज्ञानी ठान्दै तुच्छ अहंकारको बाटोमा लाग्छन् । अतः श्रद्धा र प्रज्ञा तेल र बत्ती जस्तै हुन् ।

महानाम शाक्यले जति जति धर्मविबोध गर्दै गए उति उतिनै उनको श्रद्धामा दृढताका साथ अटलपन बढदै गएको हुनाले नै उनी बुद्धप्रमुख भिक्षुसङ्घलाई उत्तमातिउत्तम भोजनादि दिनेहरूमा प्रमुख मानिएका हुन् । जुन कुरा तल लेखिएको 'अग्रस्थान घोषणा' बाट स्पष्ट भएको छ ।

× × ×

भगवान् बुद्धका पालामा त्यस्ता भिक्षुहरू पनि थिए जसले कुनै हितैषीको राम्रो सुझाउलाई अज्ञान र अहंकारको कारणले सुझाउदिने

पुरुषमाथि उल्टो बदलालिन चाहन्थे । यस्तै घटना एक दिन महानाम शाक्यलाई पनि आइलागेको थियो । जुन कुरा तल लेखिएको 'छवर्गीय भिक्षुहरू' बाट दर्शिएको छ ।

भगवान् बुद्ध कपिलवस्तु नगरमा पाल्नुहुँदा जुन बखतमा पनि महानाम शाक्य भगवान्को सेवा सुश्रुषा र उपस्थान गर्नमा अग्रसर हुन्थे । त्यस्तैगरी भगवान्सँग धर्मकोबारे छलफल गर्ने मौकालाई पनि गुमाउन चाहन्नथे । कहिले काहीं भगवान् बिरामी भएको बेलामा पनि धर्मको छलफलगर्ने पिपासालाई रोक्न सक्दैनथे । जुन कुरा तल लेखिएको "बिरामी बुद्धकहाँ" ले पुष्टचाईं गर्छ ।

कपिलवस्तुका शाक्यहरू सबका सब बुद्धभक्त थिए भन्ने कुरा होइन । बुद्धप्रति प्रगाढ श्रद्धा राख्ने शाक्यहरू भैं बुद्धप्रति शिष्टाचारको नाताले श्रद्धामात्र राख्ने शाक्यहरू पनि न देखिएका होइनन् । एक दिन शरणानि शाक्यको मृत्युपछि केही शाक्यहरूले भगवान्को हँसी पनि उडाएका थिए, जसबाट महानाम जस्ता शाक्यको मनमा खेद हुनु स्वाभाविकै थियो । यो कुराको स्पष्टिकरण तलको 'शरणानि शाक्यबारे' बाट पाइन्छ ।

अरू विविध कुराहरूबारे तलका विभिन्न मूल सूत्रहरू अध्ययनगरी पाठकहरू स्वयंले महानाम शाक्यको जीवनबारे आ-आपनो अडकल, अनुमान लगाउनु सक्नु नै हुनेछ ।

× × ×

शाक्यराज वंश (जयसेन राजादेखि)*

पितृपक्ष

- जयशेन राजा (कपिलवस्तु पुर)
  - सिंहहनु (= काञ्चना)
    - शुद्धोदन (= महामाया) (= प्रजापति)
      - सिद्धार्थ (= यशोधरा)
        - राहुल
      - नन्दा
      - नन्द
    - धौतोदन
    - शुक्लोदन
      - महानाम
      - अनुरुद्ध
    - अशुक्लोदन
    - अमृतोदन (=मृगी ?)
      - आनन्द
    - अमृता
    - प्रमिता (अमता)
      - थुल्लतिस्स
  - यशोधरा (= अंञ्जन राजा)

* सि. बु. च.

मातृपक्ष

- देवदह शाक्य (कोलियपुर)
  - अञ्जन राजा (= यशोधरा अथवा लुम्बिनी)
    - दण्डपाणी
      - मृगी ?
    - सुप्रबुद्ध (= अमृता)
      - यशोधरा (= सिद्धार्थ)
        - राहुल
      - देवदत्त
    - महामाया (= शुद्धोदन)
    - प्रजापति (= शुद्धोदन)
  - कञ्चना (= सिंहहनु)

(=) यस चिन्हको अर्थ स्त्रीपुरुष र पुरुष स्त्री हो ।
तिब्बेतन परम्परानुसार यस तालिकामा भएका कुनै कुनै नाउँहरूमा भिन्नता पनि पाइन्छ ।

मूल पालि:—

१—महानाम र अनुरुद्ध शाक्य

त्यस समय बुद्ध भगवान्, अनुप्रिया (मल्लराज्य) मा अनुप्रिय भन्ने मल्लहरूका निगममा बस्नु भएको थियो[१]।

त्यस बखत नामी नामी शाक्य कुमारहरू भगवान्‌को अनुगमनगरी घरबार छाडी अनगारिकभई प्रव्रजित हुन्थे। महानाम शाक्य र अनुरुद्ध शाक्य दुइ दाजुभाइ थिए। अनुरुद्ध शाक्य सुकुमार थिए र उनको तीन प्रासाद थिए—हेमन्त ऋतुमा बस्ने, गृष्म ऋतुमा बस्ने र वर्षा ऋतुमा बस्ने। उनी वर्षा समयमा वर्षा ऋतुको प्रासादमा चार महीना पुरुष रहित स्त्रीहरूले मात्र युक्त, तूर्य वादनादिद्वारा परिचर्या गराउँदै प्रासादबाट तल ओर्लिहंदैनथे। एक दिन महानाम शाक्यको मनमा यस्तो लाग्यो :—

"आजकल नामी नामी शाक्य कुमारहरू भगवान्‌को अनुगमनगरी घरबार छाडी अनगारिकभई प्रव्रजित हुँदैछन्। हाम्रो कुलबाट कोही पनि घरबार छाडी अनगारिकभई प्रव्रजित भएका छैनन्। म आफैं प्रव्रजित होउँ अथवा अनुरुद्ध (भाइ) लाई प्रव्रजित गराउँ।"

'हे तात ! अनुरुद्ध ! आजकल नामी नामी शाक्य कुमारहरू भगवान्‌को अनुगमनगरी घरबार छाडी अनगारिकभई प्रव्रजित हुँदैछन्।

---

१. चुल्ल. व. पृ. २७९: सङ्घभेदक्खन्धकं – छसक्यपब्बज्जाकथा।

हाम्रा कुलवाट कोही पनि घरबार छाडी अनगारिकभई प्रव्रजित भएका छैनन् । त्यसोहुनाले तिमी प्रव्रजित होऊ अथवा म प्रव्रजित हुनेछु ।"

यो कुरा सुनी अनुरुद्ध शाक्य भन्दछन्—"हे दाइ ! म सु-कुमारछु, घरबार छाडी अनगारिकभई प्रव्रजित हुन सक्दिन । तपाइ प्रव्रजित हुनुहोस् ।"

त्यसोभए अनुरुद्ध ! आऊ तिमीलाई म घरमावसी गर्नुपर्ने काम-काज सम्बन्धी कुरा सिकाउँछु—"सबभन्दा पहिले खेत जोतनुपर्छ । जोतिसकेपछि पानी लगाउनुपर्छ, त्यसपछि रोपनुपर्छ । रोपिसकेपछि पानी हटाउनुपर्छ । त्यसपछि काट्नुपर्छ, काटेर एक ठाउँमा लैजानुपर्छ । त्यसपछि मुठा मुठा बाँधनुपर्छ, मुठा बाँधेर चुट्नुपर्छ, चुटिसकेपछि पराल पन्छाउनुपर्छ, पराल पन्छाइ सकेपछि भूष हटाउनुपर्छ । भूष हटाई सकेपछि निफन्नुपर्छ, निफनिसकेपछि (घर) लैजानुपर्छ । घर लगिसकेपछि फेरि प्रतिवर्ष यस्तै गर्नुपर्छ ।"

"भो दाइ ! काम सिद्धिएको देखिंदैन, कामको अन्त देखिंदैन । कहिले काम सिद्धिने हो, कहिले कामको अन्त भएको देखिने हो, कहिले हामीले केही काम नगरी पञ्चकामविषयको सुख भोगगरी त्यसमा आराम गर्नेहो !"

"हे तात ! अनुरुद्ध ! काम कहीले पनि सकिंदैन । कामको अन्त पनि देखिंदैन । कामकाज नसिध्याइकनै हाम्रा पिता र पितामहहरूको मृत्यु भयो ।"

"त्यसोभए, भो दाजु ! तपाइनै घरमावसी कामकाज हेर्नुहोस् !

म घरबार छाडी अनगारिकभई प्रव्रजित हुनेछु[१] ।"

× × ×

मूल सूत्र :—

२—कसरी उपासक हुन्छ ?

एक समय भगवान् , शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामामा बस्नु भएको थियो[२] ।

एक दिन महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग निम्न कुरा सोधे :—

(क) "भन्ते ! कसरी 'उपासक' हुन्छ ?"

"हे महानाम ! जब मानिसले बुद्धको शरणलिन्छ, धर्मको शरणलिन्छ र सङ्घको शरणलिन्छ तब उ 'उपासक' हुन्छ ।"

(ख) "भन्ते ! कसरी उपासक 'शीलवान्' हुन्छनि ?"

"हे महानाम ! जब उपासक प्राणीघातबाट अलग रहन्छ, अदिन्नादान (चोरी) बाट अलग रहन्छ, काममिथ्याचारबाट अलग

१. यसपछिको कुरा यहाँ लेखेको छैन । अर्को पुस्तकको अनुरुद्ध कथामा आउनेछ ।

२. अं. नि—८. पृ. ३२४: महानामसुत्तं ।

रहन्छ, मृषावादबाट अलग रहन्छ र सुरा, मेरय, मद्य प्रमादस्थानबाट अलग रहन्छ, तब उपासक 'शीलवान्' हुन्छ।"

(ग) "भन्ते ! कसरी उपासक 'आत्महितको लागि रत हुन्छ, तर परहितको लागि रत हुँदैन' ?"

"हे महानाम ! जब उपासक (१) स्वयं श्रद्धासम्पन्न हुन्छ तर अर्कालाई श्रद्धासम्पन्न हुनको लागि प्रेरणा दिंदैन; (२) स्वयं शीलसम्पन्न हुन्छ तर अर्कालाई शीलसम्पन्न हुनको लागि प्रेरणा दिंदैन; (३) स्वयं त्यागी हुन्छ तर अर्कालाई त्यागी बन्नको लागि प्रेरणा दिंदैन; (४) स्वयं भिक्षुहरूको दर्शनाभिलाषी हुन्छ तर अर्कालाई भिक्षुहरूको दर्शनगर्नको लागि प्रेरणा दिंदैन; (५) स्वयं सद्धर्म सुन्नमा मन लगाउँछ तर अर्कालाई सद्धर्म सुन्नको लागि प्रेरणा दिंदैन; (६) स्वयं सुनेको धर्मलाई (मनमा) धारणा गर्ने स्वभावको हुन्छ तर अर्कालाई धर्म धारणागर्नको लागि प्रेरणा दिंदैन; (७) स्वयं (मनमा) धारणगरेको धर्मको अर्थोपपरीक्षण गर्छ तर अर्कालाई धारणगरेको धर्मको अर्थोपपरीक्षण गर्नको लागि प्रेरणा दिंदैन; (८) स्वयं अर्थबुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउँछ तर अर्कालाई अर्थबुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउनको लागि प्रेरणा दिंदैन।

"हे महानाम ! यसरी उपासक आत्महितको लागि रत हुन्छ किन्तु परहितको लागि रत हुँदैन।"

(घ) "भन्ते ! कसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत हुन्छ ?"

"हे महानाम ! जब उपासक (१) आफुस्वयं पनि श्रद्धासम्पन्न हुन्छ, अर्कालाई पनि श्रद्धासम्पन्न हुनमा प्रेरणा दिन्छ; (२) आफु स्वयं पनि शीलसम्पन्न हुन्छ, अर्कालाई पनि शीलसम्पन्न हुनमा प्रेरणा दिन्छ; (३) आफु स्वयं पनि त्यागी हुन्छ, अर्कालाई पनि त्यागी बन्नमा प्रेरणा दिन्छ, (४) आफु स्वयं पनि भिक्षुहरूको दर्शनाभिलाषी हुन्छ, अर्कालाई पनि भिक्षुहरूको दर्शनगर्नमा प्रेरणा दिन्छ; (५) आफु स्वयं पनि सद्धर्म श्रवणगर्नमा इच्छा राख्छ, अर्कालाई पनि सद्धर्म श्रवणगर्नमा प्रेरणा दिन्छ; (६) आफु स्वयं पनि सुनेको धर्मलाई मनमा धारणगर्छ, अर्कालाई पनि धारणगर्नमा प्रेरणा दिन्छ; (७) आफु स्वयं पनि धारणगरेको धर्मको अर्थोपपरीक्षणगर्छ, अर्कालाई पनि अर्थोपपरीक्षण गर्नमा प्रेरणा दिन्छ; (८) आफु स्वयं पनि अर्थबुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउँछ, अर्कालाई पनि धर्मानुसार जीवन बिताउन प्रेरणा दिन्छ।

"हे महानाम ! यसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत भएको हुन्छ।"

[यी उपदेश सुनी महानाम शाक्य सन्तुष्ट भए।]

× × ×

मूल सूत्र :—

३—कसरी उपासक 'शीलवान्' हुन्छ ?

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रो-

धारामभा बस्नु भएको थियो[१] ।

त्यस बखत महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्याहाँ गई भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्‌सँग निम्न प्रश्न सोधे :—

(क) "भन्ते ! कसरी 'उपासक' हुन्छ ?"

"महानाम ! जब बुद्धको शरणमा गएको हुन्छ, धर्मको शरणमा गएको हुन्छ र सङ्घको शरणमा गएको हुन्छ तब 'उपासक' हुन्छ ।"

(ख) "भन्ते ! कसरी उपासक 'शीलसम्पन्न' हुन्छ ?"

"महानाम ! जब उपासक प्राणीहिंसाबाट अलग रहन्छ, अदिन्नादानबाट अलग रहन्छ, कामभिथ्याचारबाट अलग रहन्छ, मृषावादबाट अलग रहन्छ र सुरा, मेरय, मद्य प्रमादस्थानबाट अलग रहन्छ—तब उपासक 'शीलसम्पन्न' हुन्छ ।"

(ग) "भन्ते ! कसरी उपासक 'श्रद्धासम्पन्न' हुन्छ ?"

"महानाम ! यहाँ उपासक श्रद्धासम्पन्न हुन्छ, तथागतको बोधित्वप्रति श्रद्धा राखदछ—'वहाँ भगवान् अर्हत् हुनुहुन्छ,[२०] देवमनुष्यहरूका शास्ता हुनुहुन्छ र बुद्ध भगवान् हुनुहुन्छ' भनी श्रद्धाराख्छ ।' महानाम ! यसरी उपासक 'श्रद्धासम्पन्न' हुन्छ ।"

(घ) "भन्ते ! कसरी उपासक 'त्यागसम्पन्न' हुन्छ ?"

---

१ सं. नि. IV. पृ. ३३७ महानामसुत्तं ।

२. हेर तल पृ. २२५ बुद्धानुस्मृति ।

"महानाम ! यहाँ उपासक मात्सर्यमलरहितभई घरमा बस्छ—'मुक्त-त्यागीभई, दान धर्मद्वारा हात शुद्धगरी, याचक पात्रभई दान कार्यमा अग्रसर भएर विविधप्रकारले दान दिनमा संलग्न भई घरमा बस्छ।' महानाम ! यसरी उपासक 'त्यागसम्पन्न' अर्थात् त्यागी हुन्छ।

(ङ) "भन्ते ! कसरी उपासक 'प्रज्ञासम्पन्न' हुन्छ ?"

"महानाम ! यहाँ उपासक प्रज्ञासम्पन्न हुन्छ—'उदयास्तगामिनी प्रज्ञाले युक्त, आर्यनिर्वेधिक ज्ञानद्वारा सकल दुःख क्षयगामिनी प्रज्ञा हुन्छ।' महानाम ! यसरी उपासक 'प्रज्ञासम्पन्न' अर्थात् प्रज्ञावान भएको हुन्छ।"[1]

[यी उपदेश सुनी महानाम शाक्य सन्तुष्ट भए।]

× × ×

मूल सूत्र :—

४-कुन विषयमा मनलगाई बस्ने ?

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तु नगरस्थित न्यग्रोधारामममा बस्नु भएको थियो[1]।

त्यस समय केही भिक्षुहरू, 'चीवर सिद्धिएपछि, तीन महीना[2]

१. अ. नि–११ पृ. ३७१: पठममहानामसुत्तं।

२. सिइरहेको चीवर सिद्धिएपछि वर्षावास तीन महीना पनि बित्नेछ र वर्षाकाल तीन महीना बितिसकेपछि भगवान् चारिकार्थ जानु हुनेछ भन्ने अर्थ हो।

पनि बितिसकेपछि भगवान् चारिकार्थ जानु हुनेछ' भन्दै भगवान्को चीवर सिउँदै थिए ।

महानाम शाक्यले, "चीवर सिद्धिएपछि, तीन महीना पनि बितिसकेपछि भगवान् चारिकार्थ जानुहुनेछ' र केही भिक्षुहरू भगवान्को चीवर सिउँदैछन्" भन्ने खबर सुने । अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग निम्न प्रश्न सोधे :—

"भन्ते ! मैले सुने कि 'चीवर सिद्धिएपछि, तीन महीना पनि बितिसकेपछि भगवान् चारिकार्थ जानुहुनेछ' भन्दै केही भिक्षुहरू भगवान्को चीवर सिउँदैछन् । भन्ते ! हामी विभिन्न विषयमा मनराखी बस्नेहरूले कुन विषयमा मन लगाउनु बढिया होला ?"

"साधु ! साधु !! महानाम, तिमीहरूका निम्ति यो प्रतिरूपहो, कुलपुत्रहरूका निम्ति यो प्रतिरूपहो जो कि तिमी तथागतकहाँ आई, 'हामी विभिन्न विषयमा मनराखी बस्नेहरूले कुन विषयमा मन लगाउनु बढिया होला ?' भनी सोध्दछौ ।

"हे महानाम ! (१) श्रद्धा हुनेले निर्वाण प्राप्तगर्न सक्नेछ, श्रद्धा नहुनेले सक्तैन; (२) वीर्य गर्नेले निर्वाण प्राप्तगर्न सक्नेछ, वीर्य नगर्नेले सक्तैन; (३) स्मृति राख्नेले निर्वाण प्राप्तगर्न सक्नेछ, स्मृति नराख्नेले सक्तैन; (४) समाहित चित्त हुनेले निर्वाण प्राप्तगर्न

सक्नेछ, असमाहित चित्त हुनेले सक्तैन; (५) प्रज्ञावानले निर्वाण प्राप्त-गर्न सक्नेछ, अप्रज्ञावान्‌ले सक्तैन ।

छ अनुस्मृति

"हे महानाम ! उक्त पाँच कुशलधर्महरूमा प्रतिष्ठितभई अर्का छ कुशलधर्महरूको भाविता गर :—

१–बुद्धानुस्मृति—"हे महानाम ! यसरी तिमीले तथागतको अनुस्मरण गर—'वहाँ भगवान् अर्हत् हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्या चरण सुसम्पन्न हुनुहुन्छ, सुगत (असल मार्गमा पुग्नु भएको) हुनुहुन्छ, लोकविद् हुनुहुन्छ, अनुत्तर हुनुहुन्छ, पुरुषदम्य सारथी हुनुहुन्छ, देवमनुष्यहरूका शास्ता (गुरु) हुनुहुन्छ र वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।'

"हे महानाम ! जुनवेला आर्यश्रावकले तथागतको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ । जब तथागत-अनुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त (निश्चल) हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखित-चित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यसैलाई भन्छन्—'विषमतामा बस्ने मनुष्य-हरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहितबस्ने मनुष्य-

हरूमध्येमा अवैरभई (मैत्री) विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमापुगी बुद्धानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

२–धर्मानुस्मृति—"पुनः हे महानाम ! यसरी तिमीले धर्मानुस्मरण गर—'भगवान्को धर्म सु-आख्यातछ, सन्दृष्टिकछ, अकालिकछ, 'आऊ हेर' भन्न लायकछ, निर्वाण नजिक पु-याइदिन्छ, विज्ञजनले आफै अवबोधगर्न सक्छ ।'

"हे महानाम ! जुनवेला आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ, त्यसवेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ । जब धर्म-अनुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थाविबोध, धर्माविबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखितचित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यसैलाई भन्छन्—'विषमतामाबस्ने मनुष्यहरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमापुगी धर्मानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

३–सङ्घानुस्मृति—"पुनः हे महानाम ! यसरी तिमीले सङ्घानुस्मरण गर—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ, भगवान्को श्रावकसङ्घ ऋजु मार्गमा गएको छ, भगवान्को श्रावकसङ्घ न्यायप्रतिपन्नछ, भगवा-

न्को श्रावकसङ्घ उपयुक्त मार्गमा लागेकोछ—जो चारजोडा र आठ पुरुष पुद्गलहरू छन् — यिनै भगवान्‌का श्रावकसङ्घ हुन् - यी सत्कारगर्न योग्यछन्, पाहुना बनाउन योग्यछन्, दक्षिणादिन योग्यछन्, हातजोरी नमस्कारगर्न योग्यछन् र लोकवासीकानिम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।'

"हे महानाम ! जुनवेला आर्यश्रावकले सङ्घको अनुस्मरणगर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ । जब सङ्घानुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थविबोध, धर्मविबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखितचित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यसैलाई भन्छन्—'विषमतामाबस्ने मनुष्य-हरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई (मैत्री) विहारगर्ने आर्यश्रावक र धर्म-स्रोतमापुगी सङ्घानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

४–शीलानुस्मृति—"पुनः हे महानाम ! यसरी तिमीले आफ्नो शीललाई अनुस्मरण गर – 'मेरो शील अखण्डछ, अछिद्रछ, निर्दागीछ, क्रमसहितछ, स्वातन्त्र्यछ, विज्ञप्रशंसितछ, दृष्टिद्वारा परामर्शित छैन र समाधिसंवर्तनिक पनि छ ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले शीलको अनुस्मरणगर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ । जब शीलानुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखितचित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यसैलाई भन्छन् —'विषमतामाबस्ने मनुष्य-हरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमापुगी शीलानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

५-त्यागानुस्मृति—"पुनः हे महानाम ! यसरी तिमीले आफ्नो त्यागलाई अनुस्मरण गर —'मेरो निम्ति लाभ हो, सुलाभ हो; जो कि मात्सर्य मलयुक्त भएर घरमाबस्ने मानिसहरूमध्ये म मात्सर्य मलरहित भई घरमा बस्दछु — त्यागीभई, शुद्ध हातगरी, याचक पात्रभई दानकार्यमा र दान विभाजन कार्यमा रत भई घरमा बस्दछु ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले त्यागको अनुस्मरणगर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ । जब त्याग-अनुस्म-रणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको

हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखितचित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यसैलाई भन्छन्—'विषमतामाबस्ने मनुष्यहरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमापुगी त्यागानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

६–देवतानुस्मृति –"पुनः हे महानाम ! तिमीले यसरी देवतानुस्मरण गर –'चातुर्महाराजिका देवता छन्, तावर्तिंत्रश देवता छन्, यामा देवता छन्, तुषित देवता छन्, निर्माणरति देवता छन्, परनिर्मित वशवर्ती देवता छन्, ब्रह्मकायिक देवता छन्, यो भन्दा उत्तरोत्तर पनि देवता छन् । जुन प्रकारको (१) श्रद्धाले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको श्रद्धा ममा पनि छ; जुन प्रकारको (२) शीलले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको शील ममा पनि छ; जुन प्रकारको (३) श्रुतिले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यस प्रकारको श्रुति ममा पनि छ; जुन प्रकारको (४) त्यागले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको त्याग ममा पनि छ; जुन प्रकारको (५) प्रज्ञाले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको प्रज्ञा ममा पनि छ ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले देवताको अनुस्मरणगर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ। त्यस बखत उसको चित्त ऋजु भएको हुन्छ। जब देवतानुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थविबोध, धर्मविबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखित चित्त समाधिष्ठ हुन्छ।

"हे महानाम ! यसैलाई भन्छन्—'विषमतामबस्ने मनुष्य-हरूमध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमापुगी देवतानुस्मृति भावितागर्ने आर्यश्रावक'।"

[यति उपदेश सुनी महानाम शाक्य प्रसन्न भए।]

×　　　×　　　×

मूल सूत्र :—

५—आर्यश्रावकको चर्या

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामम बस्नु भएको थियो[1]।

---

१. अं. नि–६. पृ. ७: महानामसुत्तं।

त्यसबखत महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग निम्नकुरा सोधे :—

"भन्ते ! जो आर्यश्रावक मार्ग-फल प्राप्तछ, जसले त्रिविध बुद्धोपदेश (शील, समाधि, प्रज्ञा) लाई जान्दछ—उसले कुनचाहिं ध्यान (चर्या) धेरै गर्दछ ?"

छ अनुस्मृति

"महानाम ! जो आर्यश्रावकलाई मार्ग-फल प्राप्तछ, जसले त्रिविध बुद्धोपदेशलाई जानेकोछ उसले यी ध्यान (चर्या) धेरै गरेको हुन्छ।

१ - बुद्धानुस्मृति—"महानाम ! यहाँ आर्यश्रावकले तथागतको अनुस्मरण गर्छ—'वहाँ भगवान् अर्हत् हुनुहुन्छ,[१] देवमनुष्यहरूका शास्ता (गुरु) हुनुहुन्छ र भगवान् बुद्ध हुनुहुन्छ।'

"महानाम ! जुनबेला आर्यश्रावकले तथागतको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त रागयुक्त हुँदैन, द्वेषयुक्त हुँदैन, न मोहयुक्तनै हुन्छ। त्यसबखत उसको चित्त ऋजु भएको हुन्छ। जब तथागत-अनुस्मरणको कारणले चित्त[२] निर्मल हुन्छ, तब आर्यश्रावकलाई[२]

१. हेर. पृ. २२५ बुद्धानुस्मृति।

२. हेर. पृ. २२५।

प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ,[१] समाधिष्ठ हुन्छ।

"महानाम ! यसैलाई भन्दछन्—'विषमतामाबस्ने मनुष्यहरूमध्येमा समतामाबसी[२] विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमा पुगी बुद्धानुस्मृति भावितागर्ने आर्यश्रावक।'

२—धर्मानुस्मृति—"महानाम ! फेरि आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ—'भगवान्को धर्म सु-आख्यातछ,[३] विज्ञजनले आफैं अवबोध पनि गर्न सक्छ।'

"महानाम ! जुनबेला आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त[४] निर्मलहुन्छ, तब आर्यश्रावकलाई[४] प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ,[४] समाधिष्ठ हुन्छ।

"महानाम ! यसैलाई भन्दछन्—'विषमतामाबस्ने मनुष्यहरूमध्येमा समतामाबसी[४] विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमा पुगी धर्मानुस्मृति भावितागर्ने आर्यश्रावक।'

३—सङ्घानुस्मृति—"महानाम ! फेरि आर्यश्रावकले सङ्घको अनुस्मरण गर्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ,[४] हातजोरी

---

१. हेर. पृ. २२५।

२. हेर. पृ. २२५।

३. हेर. पृ. २२६।

४. हेर. पृ. २२६।

नमस्कारगर्न योग्यछन् र लोकवासीकानिम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।'

"महानाम ! जुनबेला आर्यश्रावकले सङ्घको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त[१]० निर्मल हुन्छ, तब आर्यश्रावकलाई प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ[१]० समाधिष्ठ हुन्छ ।

"महानाम ! यसैलाई भन्दछन्—'विषमतामावस्ने मनुष्यहरुमध्येमा समतामाबसी[१]० विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमा पुगी सङ्घानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

४ – शीलानुस्मृति—"महानाम ! फेरि आर्यश्रावकले आफ्नो शीललाई अनुस्मरण गर्छ—'मेरो शील अखण्डछ[२]० समाधि संवर्तनिकछ ।'

"महानाम ! जुनबेला आर्यश्रावकले आफ्नो शीललाई अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त[२]० निर्मल हुन्छ, तब आर्यश्रावकलाई प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ[२]० समाधिष्ठ हुन्छ ।

"महानाम ! यसैलाई भन्दछन्—'विषमतामावस्ने मनुष्यहरूमध्येमा समतामाबसी[३]० विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमा पुगी शीलानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

---

१. हेर. पृ. २२७ ।

२. हेर. पृ. २२७ ।

३. हेर. पृ. २२८ ।

५ – त्यागानुस्मृति—"महानाम ! फेरि आर्यश्रावकले आफ्नो त्यागलाई अनुस्मरण गर्छ—'मेरो निम्ति लाभहो ![1]० जो कि[1]० म[1]० दानविभाजन कार्यमा रतभई घरमा बस्दछु ।'

"महानाम ! जुनबेला आर्यश्रावकले आफ्नो त्यागलाई अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त[1]० निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ[2]० समाधिष्ठ हुन्छ ।

"महानाम ! यसैलाई भन्दछन्—'विषमतामाबस्ने मनुष्यहरू-मध्येमा समतामाबसी[2]० विहारगर्ने आर्यश्रावक र धर्मस्त्रोतमा पुगी त्यागानुस्मृति भावितागर्ने आर्यश्रावक ।'

६ – देवतानुस्मृति—"महानाम ! फेरि आर्यश्रावकले देवतानु-स्मरण गर्छ—'चातुर्महाराजिका देवता छन्,[3]० ब्रह्मकायिक देवता छन् र योभन्दा उत्तरोत्तर देवतापनि छन् । जुन प्रकारको श्रद्धाले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको श्रद्धा० शील० श्रुति० त्याग[3]० प्रज्ञा ममा पनिछ ।'

"महानाम ! जुनबेला आर्यश्रावकले देवतानुस्मरण गर्छ, त्यसबेला उसको चित्त राग युक्त हुँदैन, द्वेष युक्त हुँदैन, न मोहयुक्तनै हुन्छ । त्यसबखत उसको चित्त ऋजु भएको हुन्छ । जब देवतानुस्मरणको

---

१. हेर. पृ. २२८ ।

२. हेर. पृ. २२९ ।

३. हेर. पृ. २२९ ।

कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा काय शान्त हुन्छ, काय शान्त भएपछि सुखानुभव हुन्छ र सुखितचित्त समाधिष्ठ हुन्छ।

"महानाम! यसैलाई भन्छन्—'विषमतामाबस्ने मनुष्यहरू-मध्येमा समतामाबसी विहारगर्ने आर्यश्रावक, वैरसहित बस्ने मनुष्यहरूमध्येमा अवैरभई विहारगर्ने आर्यश्रावक र धर्मस्रोतमा पुगी देवतानुस्मृति भाविता गर्ने आर्यश्रावक।'

"महानाम! जो आर्यश्रावक मार्ग-फल प्राप्तछ, जसले त्रिविध बुद्धोपदेशलाई जान्दछ उसले यिनै ध्यानहरू धेरैगर्छ।"

[यति उपदेश सुनेपछि महानाम शाक्य प्रसन्न भए।]

× × ×

मूल सूत्र :—

६—शैक्षजीवन र तथागतजीवन

एकसमय आयुष्मान् लोमसकंभिय,[१] शाक्य जनपदको कपिल-वस्तुस्थित न्यग्रोधाराममा बस्नुभएको थियो[२]।

१. सिंहल र रोमनमाः लोमसवङ्गीस छ।

२. सं. नि. IV २७८: कङ्खेय्यसुत्तं।

त्यसबखत महानाम शाक्य जहाँ आयुष्मान् लोमसकंभिय हुनुहुन्थ्यो त्यहाँगई आयुष्मान् लोमसकंभियलाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले आयुष्मान् लोमसकंभियसँग निम्न प्रश्न सोधे :—

"भन्ते ! जो शैक्षजीवन (विहार) हो सोही तथागतजीवन (विहार) हो कि ? अथवा शैक्षजीवन भिन्नै हो तथागतजीवन भिन्नै हो ?"

"आवुसो महानाम ! जो शैक्षजीवन हो सोही तथागतजीवन होइन शैक्षजीवन भिन्नै हो, तथागतजीवन भिन्नै हो । महानाम ! जो भिक्षुहरूले लक्षित उद्देश्य प्राप्त गरेका छैनन्, जो भिक्षुहरू अहिले शैक्षनै छन् अनुत्तर योगक्षेम (निर्वाण) प्राप्तिका निम्ति प्रयत्नशील छन् ती भिक्षुहरूले निम्न पाँच नीवरण (आवरण) हटाउनका निम्ति प्रयत्न गर्छन् : '(१) कामच्छन्द नीवरण, (२) व्यापाद नीवरण, (३) थीनमिद्ध (शारीरिक र मानसिक आलस्यपन) नीवरण, (४) उद्धच्चकुक्कुच्च (शारीरिक तथा मानसिक चञ्चलपन) नीवरण र (५) शंका-उपशंका नीवरण ।'

"आवुसो महानाम ! जो भिक्षुहरू अरहन्त हुन् जसले आस्रवक्षय गरिसके, ब्रह्मचर्यवास पूरागरिसके, गर्नुपर्ने गरिसके, भारमुक्त भइसके, स्व-अर्थ प्राप्त गरिसके, भवसंयोजन नष्ट पारिसके, जो स्वयं ज्ञातगरी मुक्त भइसके—– उनका पाँच नीवरणहरू प्रहीण भइसकेको

हुन्छ, मूल जरो उखलिइसकेको हुन्छ, छेदन गरेको तालवृक्ष समान अभाव प्राप्त भई पुनः उत्पन्न नहुने भइसकेको हुन्छ ।

"आवुसो महानाम ! जो भिक्षुहरू अरहन्त भइसके, स्वयं ज्ञातगरी मुक्त भइसके— उनका पाँच नीवरणहरू प्रहीण भइसके··· पुनः उत्पन्न नहुने भइसके— यसकारणले पनि जान्नुपर्छ कि शैक्षजीवन भिन्नै हो तथागतजीवन भिन्नै हो ।

आना-पान (प्राण-अपान) स्मृति

"आवुसो महानाम ! एक समय भगवान्, इच्छानङ्गलस्थित इच्छानङ्गल वनखण्डमा बस्नु भएको थियो । त्यस बखत भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो— 'भिक्षुहरू ! यी तीनमहीना म एकान्तवासमा बस्न चाहन्छु । भिक्षा भोजन ल्याउने एकजना बाहेक अरू कुनै पनि मकहाँ न आउनू ।' 'हवस, भन्ते !' भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिई त्यसपछि कोहीपनि भगवान्कहाँ गएनन्, सिवाय भिक्षा भोजन लैजाने एकजना बाहेक ।

"आवुसो महानाम ! अनि तीन महीना बिताइसकेपछि एकान्तवास (ध्यान) बाट उठी भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो— 'भिक्षुहरू ! यदि अन्यतैर्थीय परिव्राजकहरूले, 'श्रमण गौतमले यी तीनमहीना कुनचाहिं ध्यानमा धेरै समय बिताउनु भयो ?' भनी सोधेमा तिमीहरूले ती अन्यतैर्थीय परिव्राजकहरूलाई यसरी जवाफ दिनुपर्छ— 'आवुसो ! भगवान्ले यी तीनमहीना वर्षावास आनापान (प्राण-

अपान) स्मृतिमा धेरै समय बिताउनु भयो ।'

(क) 'भिक्षुहरू ! त्यस समय मैले होसराखी शास लिन्थें, होसराखी शास फेर्थें । लामो शास लिंदा 'लामो शास लिन्थें' भनी जान्दथें, लामो शास फेर्दा 'लामो शास फेर्थें' भनी जान्दथें । छोटो शास लिंदा 'छोटो शास लिन्थें' भनी जान्दथें, छोटो शास फेर्दा 'छोटो शास फेर्थें' भनी जान्दथें ।

(ख) 'सबै शरीरमा होसराखी शास लिंदा 'सबै शरीरमा होस राखी शास लिन्थें' भनी जान्दथें, सबै शरीरमा होस राखी शास फेर्दा 'सबै शरीरमा होस राखी शास फेर्थें' भनी जान्दथें । कायसंस्कार'[1] लाई शान्तगरी शासलिंदा 'कायसंस्कारलाई शान्तगरी शास लिन्थें' भनी जान्दथें, कायसंस्कारलाई शान्तगरी शास फेर्दा 'कायसंस्कारलाई शान्तगरी शास फेर्थें' भनी जान्दथें ।

(ग) 'प्रीतिसंवेदी भई शास लिंदा 'प्रीतिसंवेदी भई शास लिन्थें' भनी जान्दथें, प्रीतिसंवेदी भई शास फेर्दा 'प्रीतिसंवेदी भई शास फेर्थें' भनी जान्दथें । सुखप्रतिसंवेदी भई शासलिंदा 'सुखप्रतिसंवेदी भई शास लिन्थें' भनी जान्दथें, सुखप्रतिसंवेदी भई शास फेर्दा 'सुखप्रतिसंवेदी भई शास फेर्थें' भनी जान्दथें ।

(घ) 'चित्तसंस्कार[2] प्रतिसंवेदी भई शास लिंदा 'चित्त-

---

१. श्वास-प्रश्वासलाई काय-संस्कार भन्दछन् ।

२. संज्ञा र वेदनालाई चित्तसंस्कार भन्दछ । हेर पृ. १६१. निरोध-समापत्ति ।

संस्कार प्रतिसंवेदी भई शास लिन्थें' भनी जान्दथें, चित्तसंस्कार प्रतिसंवेदी भई शास फेर्दा, 'चित्तसंस्कार प्रतिसंवेदीभई शास फेर्थें' भनी जान्दथें। चित्तसंस्कारलाई शान्तगरी शासलिंदा 'चित्तसंस्कारलाई शान्तगरी शास लिन्थें' भनी जान्दथें, चित्तसंस्कारलाई शान्तगरी शास फर्दा 'चित्तसंस्कारलाई शान्तगरी शास फेर्थें' भनी जान्दथें। चित्त प्रतिसंवेदीभई शास लिंदा 'चित्तप्रतिसंवेदी भई शास लिन्थें' भनी जान्दथें, चित्तप्रतिसंवेदी भई शास फेर्दा 'चित्तप्रतिसंवेदी भई शास फेर्थें' भनी जान्दथें।

(ङ) 'प्रमुदित-चित्तभई शास लिंदा 'प्रमुदित चित्त भई शास लिन्थें' भनी जान्दथें, प्रमुदित चित्तभई शास फेर्दा 'प्रमुदित चित्तभई शास फेर्थें' भनी जान्दथें। समाहित-चित्तभई शास लिंदा 'समाहित चित्तभई शास लिन्थें' भनी जान्दथें, समाहित चित्त भई शास फेर्दा 'समाहित चित्तभई शास फेर्थें' भनी जान्दथें। विमुक्त चित्तभई शास लिंदा 'विमुक्त चित्तभई शास लिन्थें' भनी जान्दथें, विमुक्त चित्तभई शासफेर्दा 'विमुक्त चित्तभई शास फेर्थें' भनी जान्दथें।

(च) 'अनित्यतालाई देख्नेभई शास लिंदा 'अनित्यतालाई देख्ने भई शास लिन्थें' भनी जान्दथें, अनित्यतालाई देख्नेभई शासफेर्दा 'अनित्यतालाई देख्नेभई शास फेर्थें' भनी जान्दथें। वैराग्यतालाई देख्नेभई शास लिंदा 'वैराग्यतालाई देख्नेभई शास लिन्थें' भनी जान्दथें, वैराग्यतालाई देख्नेभई शास फेर्दा 'वैराग्यतालाई देख्नेभई शास फेर्थें' भनी जान्दथें। निरोधलाई देख्नेभई शास लिंदा 'निरोधलाई देख्नेभई

शास लिन्थें' भनी जान्दथें, निरोधलाई देख्ने भई शास फेर्दा 'निरोधलाई देख्नेभई शास फेर्थें' भनी जान्दथें। प्रतिनिसर्ग (छाडनु) लाई देख्नेभई शास लिंदा 'प्रतिनिसर्गलाई देख्नेभई शास लिन्थें' भनी जान्दथें, प्रतिनिसर्गलाई देख्नेभई शासफेर्दा 'प्रतिनिसर्गलाई देख्नेभई शास फेर्थें' भनी जान्दथें।

'भिक्षुहरू यदि साँच्चैनै 'आर्यजीवन (विहार) ब्रह्मजीवन अथवा तथागतजीवन' भनी भन्ने हो भने आनापान-स्मृति-समाधि-लाई नै भन्न योग्यछ।

'भिक्षुहरू जो भिक्षुहरूले लक्षित उद्देश्य प्राप्तगरेका छैनन्, जो अहिले शैक्ष नै छन्, जो अनुत्तर-योग-क्षेम (निर्वाण) प्राप्तिको लागि प्रयत्नशील छन्, उनीहरूले आनापान-स्मृति-समाधि अभ्यस्तगरी भावितागरेमा आस्रवक्षय प्राप्तगर्न सक्नेछन्।

'भिक्षुहरू! जो भिक्षुहरूले अरहन्त क्षीणास्रव भई ब्रह्मचर्यवास पूरागरिसके, गर्नुपर्ने गरिसके, भारमुक्त भइसके, स्व-अर्थ प्राप्तगरीसके, भवसंयोजन परिक्षीण गरिसके, स्वयंज्ञातगरी मुक्तभइसके— उनीहरूका निम्ति पनि--आनापान-स्मृति-समाधि अभ्यस्तगरी भावितागरेमा— यसै जीवनमा सुखपूर्वक जीवन बिताउनका निम्ति र स्मृति तथा सम्प्रज्ञान प्राप्तिका लागि समेत हितकर हुनेछ।

'भिक्षुहरू ! यदि साँच्चैनै 'आर्यजीवन, ब्रह्मजीवन अथवा तथागतजीवन' भनी भन्ने हो भने यही आना-पान-स्मृति-समाधिलाई नै भन्न योग्यछ।'

"आवुसो महानाम! यस कारणले पनि (भगवान्ले भन्नु भएको उक्त उपदेशको कारणले पनि) जान्नुपर्छ कि— शैक्षजीवन भिन्नै हो, तथागतजीवन भिन्नै हो।"

[यी उपदेश सुनी महानाम शाक्य प्रसन्न भए।]

× × ×

मूल सूत्रः—

७–गोध शाक्यसँग

यस्तो मैले सुने[१]।

एक समय भगवान्, शाक्यजनपदको कपिलवस्तु नगरस्थित न्यग्रोधाराममा बस्नु भएको थियो।

त्यस बखत महानाम शाक्य जहाँ गोध शाक्य थिए त्यहाँ गए। त्यहाँ पुगेपछि गोध शाक्यसँग महानाम शाक्यले निम्न प्रश्न सोधे :—

"हे गोध! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको, विनिपातमा नजाने र अवश्यसेव सम्बोधिपरायण भएको पुरुष भनी जान्दछौ?"

"हे महानाम! तीन धर्मले युक्तभएको पुरुषलाई म स्रोतापन्नमा पुगेको, विनिपातमा नजाने र अवश्यसेव सम्बोधिपरायण भएको

---

१. सं. नि IV पृ. ३१७ गोधसक्कसुत्तं।

पुरुष भनी जान्दछु । कुन तीन धर्म भने ?— 'हे महानाम ! (१) यहाँ आर्यश्रावक बुद्धप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ— 'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१] देवमनुष्यहरूका शास्ता (गुरु) हुनुहुन्छ र भगवान् बुद्ध हुनुहुन्छ ।' (२) धर्मप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ— 'भगवान्को धर्म सु-आख्यात छ,[२] विज्ञजनले आफैं अवबोध गर्न पनि सक्छ ।' (३) सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ— 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्नछ,[३] हातजोरी नमस्कारगर्न योग्य-छन् र लोकवासीका निम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।'

"हे महानाम ! यिनै तीन धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको, विनिपातमा नजाने र अवश्यमेव सम्बोधिपरायण भएको पुरुष हो भनी जान्दछु । तिमीले कति धर्मले युक्त भएको पुरुषलाई स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछौ त ?"

"हे गोध ! चार धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको, विनिपातमा नजाने र अवश्यमेव सम्बोधिपरायण भएको पुरुष भनी जान्दछु । कुन चारधर्म भने ?— 'हे गोध, (१) यहाँ आर्यश्रावक बुद्धप्रति अटल श्रद्धाले युक्त हुन्छ— 'उहाँ भगवान् अरहत् हुनुहुन्छ,[१] भगवान् बुद्ध हुनुहुन्छ ।' (२) धर्मप्रति अटल

---

१. हेर पृ. २२५ बुद्धानुस्मृतिमा

२. हेर पृ. २२६ धर्मानुस्मृतिमा

३. हेर पृ. २२६ संघानुस्मृतिमा

श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्‌को धर्म सु·आख्यात छ,[1] ० विज्ञजनले आफै अवबोधगर्न पनि सक्छ।' (३) सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्‌को श्रावकसङ्घ सु·प्रतिपन्न छ,[2] ० लोकवासी·कानिमित्त सर्वोत्तम पुण्यक्षेत्र पनि हुन्।' (४) श्रेष्ठ तथा सुन्दर शीलले युक्त भएको हुन्छ— 'अखण्ड, अछिद्र, निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित,— दृष्टिद्वारा अपरामिशत र समाधिसंवर्तनिक शीलले युक्त भएको हुन्छ।"

"हे महानाम! पख! हे महानाम! पख!! भगवान्‌लाई नै यी कुराहरू थाहाछ कि कुन धर्मले युक्त भएको पुरुष स्रोतापन्न हुन्छ।"

"हे गोध! त्यसो भए हामी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाउँ र भगवान्‌लाई यी कुराहरू सुनाऔं।"

अनि महानाम शाक्य र गोध शाक्य जहाँ भगवान् हुनु·हुन्थ्यो त्यहाँगई भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान् समक्ष निम्न कुरा बिन्ति गरे:—

"भन्ते! म जहाँ गोध शाक्य थिए त्यहाँ गएँ र उनीसँग मैले 'हे गोध! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछौ?' भनी सोधें। यसरी सोध्दा भन्ते!

---

१. हेर. पृ. २२६ धर्मानुस्मृतिमा

२. हेर पृ. २२६ संघानुस्मृतिमा।

मलाई गोध शाक्यले 'हे महानाम ! तीन धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछु' भनी भने । यति भनी गोध शाक्यले मसँग सोधे— 'महानाम ! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको··· पुरुष भनी जान्दछौ त ?' यसरी सोध्दा भन्ते ! मैले गोध शाक्यलाई यस्तो जवाफ दिएँ— 'हे गोध ! चार धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको··· पुरुष भनी जान्दछु ।' भन्ते ! यति कुरासुनी गोध शाक्यले भने— 'हे महानाम ! पख! हे महानाम, पख !! भगवान्लाई नै यी कुराहरू थाहाछ कि कुनधर्महरूले युक्त भएको पुरुष स्रोतापन्न हुन्छ ।'

१– "भन्ते ! यहाँ कुनै धर्मकोबारे चर्चा उठेको बेलामा— भगवान् एकापट्टि र भिक्षुसङ्घ अर्कापट्टि भएमा— मचाहिं भगवान् पट्टिनै रहनेछु— यसरी म भगवान्प्रति अतिप्रसन्नछु भनी मलाई भगवान्ले स्वीकार गर्नुहोस् ।

२– "भन्ते ! यहाँ कुनै धर्मकोबारे चर्चा उठेको बेलामा— भगवान् एकापट्टि र भिक्षु तथा भिक्षुणीसङ्घ अर्कापट्टि भएमा— म चाहिं भगवान् पट्टिनै रहनेछु— यसरी म भगवान्प्रति अति प्रसन्नछु भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस् ।

३– "भन्ते ! यहाँ कुनै धर्मकोबारे चर्चा उठेको बेलामा— भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ तथा उपासकहरू अर्कापट्टि भएमा— मचाहिं भगवान् पट्टिनै रहनेछु— यसरी म भगवान्प्रति अति प्रसन्नछु भनी मलाई भगवान्ले स्वीकार गर्नुहोस् ।

४– "भन्ते ! यहाँ कुनै धर्मकोबारे चर्चा उठेको बेलामा— भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ, उपासकहरू तथा उपासिकाहरू अर्कापट्टि भएमा— मचाहिं भगवान् पट्टिनै रहनेछु— यसरी म भगवान्प्रति अति प्रसन्नछु भनी मलाई भगावन्ले स्वीकार गर्नुहोस् ।

५– "भन्ते ! यहाँ कुनै धर्मकोबारे चर्चा उठेको बेलामा— भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ, उपासकहरू, उपासिकाहरू तथा देवसहित ब्रह्मा, मार, श्रमण-ब्राह्मणहरू अर्कापट्टि भएमा— मचाहिं भगवान् पट्टिनै रहनेछु— यसरी म भगवान्प्रति अति प्रसन्नछु भनी मलाई भगवान्ले स्वीकार गर्नुहोस् ।"

"हे गोध ! यस्तो भन्ने महानाम शाक्यलाई तिमी के भन्दछौ ?"

"भन्ते ! यस्तो भन्ने महानाम शाक्यलाई म केही भन्दिन सिवाय कल्याण, सिवाय कुशल !"

[यति कुरा सुनी दुवै शाक्यहरू प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

८–भरण्डु कालामको आश्रममा

एक समय भगवान् कोशल जनपदमा चारिकागर्दै जहाँ कपिलवस्तु नगर हो त्यहाँ आइपुग्नु भयो[1] ।

---

१. अं. नि. ३. पृ. २५७: भरण्डुकालामसुत्तं ।

त्यसबखत महानाम शाक्यले "भगवान् कपिलवस्तुमा आइपुग्नु भयो" भन्ने खबर सुने। अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गएर भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यलाई भगवान्ले निम्न कुरा भन्नु भयो :—

"हे महानाम ! तिमी जाऊ, कपिलवस्तुमा त्यस्तो वासस्थान खोज, जहाँ हामी एकरात बस्न सकौं।"

"हवस्, भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई महानाम शाक्य कपिलवस्तु नगरमा गए। सारा कपिलवस्तु नगर पैदल घुमी भगवान्लाई एकरात बस्न लायक त्यस्तो कुनै अनुकूल वासस्थान देखेनन्। अनि महानाम शाक्यले जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई निवेदन गरे :—

"भन्ते ! कपिलवस्तु नगरमा त्यस्तो कुनै अनुकूल वासस्थान देखिन, जहाँ भगवान्ले एकरात बिताउन सक्नुहुन्छ। भन्ते ! यी भरण्डु कालाम भगवान्का पुराना सब्रह्मचारी साथी[1] हुनुहुन्छ। आज एकरात उनको आश्रममा बस्नु होस्।"

"हे महानाम ! त्यसो भए जाऊ त्यहाँ वछ्यान बिच्छ्याऊ।"

"हवस्" भनी भगवालन्ाई प्रत्युत्तर दिई महानाम शाक्य जहाँ भरण्डु कालामको आश्रमहो त्यहाँ गई वछ्यान बिच्छ्याई, पाउधुने

---

१. भगवान् आलार कालाम तपस्वीकहाँ छँदा भरण्डु कालाम पनि एकै साथमा थिए।

पानी राखी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई, भन्ते ! वछ्यान बिच्छ्याई पाउधुने पानी राखिसकें । अब भगवान्‌ले जे उचित ठान्नुहुन्छ सोही गर्नुहोस् !" भनी निवेदन गरे ।

अनि भगवान् जहाँ भरण्डु कालामको आश्रमहो त्यहाँ जानुभई पाउधोई बिच्छ्याई राखेको आसनमा बस्नु भयो । त्यसबखत महानामको मनमा यस्तो लाग्यो :—

"आज भगवान्‌सँग सत्संगत गर्ने समय अनुकूल छैन । भगवान् थाक्नु भएको छ । भोलि भगवान्‌सँग सत्संगत गर्नेछु" भनी भगवान्‌लाई अभिवादनन र प्रदक्षिणागरी फर्केर गए ।

महानाम शाक्य त्यसरात बितिसकेपछि भोलिपल्ट जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यलाई भगवान्‌ले निम्नकुरा सुनाउनु भयो :—

"हे महानाम ! यो लोकमा तीन प्रकारका शास्ताहरू विद्यमान छन् । कुन तीन भने ?—

'(१) हे महानाम ! यहाँ एकथरी शास्ताले कामनालाई अतिक्रमगरी प्रथमध्यानको प्रज्ञापन गर्छ, तर रूपलाई (रूपावचर ध्यानलाई) अतिक्रमगरी अरूपावचर (ध्यान) को प्रज्ञापन गर्दैन, न वेदनालाई अतिक्रमगरी निर्वाणको प्रज्ञापन गर्छ ।'

'(२) हे महानाम ! यहाँ अर्को एकथरी शास्ताले कामनालाई पनि अतिक्रमगरी प्रथमध्यानको प्रज्ञापनगर्छ, रूपलाई पनि

अतिक्रमगरी अरूपावचरको प्रज्ञापनगर्छ तर वेदनालाई अतिक्रमगरी निर्वाणको प्रज्ञापन गर्दैन ।'

'(३) हे महानाम ! यहाँ अर्को एकथरी शास्ताले कामनालाई पनि अतिक्रमगरी प्रथमध्यानको प्रज्ञापन गर्छ, रूपलाई पनि अतिक्रमगरी अरूपावचरको प्रज्ञापनगर्छ तथा वेदनालाई पनि अतिक्रमगरी निर्वाणको पनि प्रज्ञापन गर्छ ।'

"हे महानाम ! यिनै तीन प्रकारका शास्ताहरू यो लोकमा विद्यमान छन् । यी तीन प्रकारका शास्ताहरूका एकै निष्ठा छ कि भिन्ना-भिन्नै निष्ठा छ ?"

यसो भन्दा, भरण्डु कालामले महानाम शाक्यलाई भने :—

"हे महानाम ! एकै हो भनी भन ।"

यसो भन्दा, भगवान्‌ले महानाम शाक्यलाई भन्नु भयो :—

"हे महानाम ! भिन्नाभिन्नै हो भनी भन ।"

दोश्रो पटक पनि भरण्डु कालामले महानाम शाक्यलाई "एकै हो भनी भन" भनी भने ।

दोश्रो पटक पनि भगवान्‌ले महानाम शाक्यलाई "भिन्ना-भिन्नै हो भन" भनी भन्नु भयो ।

तेश्रो पटक पनि भरण्डु कालामले महानाम शाक्यलाई "एकै हो भनी भन" भनी भने ।

तेश्रो पटक पनि भगवान्‌ले महानाम शाक्यलाई "भिन्ना-भिन्नै हो भनी भन" भनी भन्नुभयो ।

अनि भरण्डु कालामको मनमा यस्तो लाग्यो :—

"प्रतापि महानाम शाक्यको अगाडि श्रमण गौतमले तीन बारसम्म मेरोकुरा काट्नु भयो, किन म कपिलवस्तु छाडेर नजाउँ !"

त्यसपछि भरण्डु कालाम कपिलवस्तुबाट निस्केर गए। त्यहाँबाट निस्केर गएपछि फेरि कपिलवस्तु नगरमा कहिले पनि फर्केर आएनन्।

× × ×

मूल सूत्र :--

६–कपिलवस्तुमा नवसंस्थागार

यस्तो मैले सुने[1]।

एक समय भगवान्, शाक्यजनपदको कपिलवस्तुस्थित न्यग्रोधारामसा बस्नु भएको थियो।

त्यसबखत कपिलवस्तुवासी शाक्यहरूको एक नयाँ संस्थागार (पार्लियामेन्ट भवन) भरखरै तयार भएको थियो। त्यसमा कुनै पनि श्रमण, ब्राह्मण अथवा मनुष्यहरू बास बसेका थिएनन्। अनि कपिलवस्तुवासी शाक्यहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका कपिलबस्तुवासी शाक्यहरूले भगवान्सँग यस्तो प्रार्थना गरे :--

१. म. नि. २. पृ. २० सेखसुत्तं।

"भन्ते ! यहाँ कपिलवस्तुवासी शाक्यहरूको एक नयाँ संस्थागार भवन भरखरै तयार भएको छ । अहिलेसम्म त्यस भवनको कुनै श्रमण, ब्राह्मण अथवा मनुष्यहरूले परिभोग गरेका छैनन् । अतएव सर्वप्रथम भगवान्ले त्यस भवनको परिभोग गरिदिनु भए बेश हुनेथियो । भगवान्ले पहिले परिभोग गरिसक्नु भएपछि कपिलवस्तुवासी शाक्यहरूले परिभोग गर्नेछन् । यसबाट कपिलवस्तुवासी शाक्यहरूका निम्ति दीर्घकालसम्म हित र सुख हुनेछ ।"

भगवान्ले तूष्णिभावले स्वीकार गर्नुभयो ।

त्यसपछि कपिलवस्तुवासी शाक्यहरू भगवान्ले स्वीकार गर्नुभएको बुझी आसनबाट उठी, भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी जहाँ त्यो नयाँ संस्थागार भवन हो त्यहाँ गए । त्यहाँ पुगिसकेपछि संस्थागारमा बिछ्याउनाहरू बिच्छ्याई, आसनहरूराखी, पानीको घडा राखी, तेलको बत्ती राखी, पुनः जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा उभिइएर बसे । एक छेउमा उभिइएर बसेका ती कपिलवस्तुवासी शाक्यहरूले भगवान्सँग यसरी प्रार्थना गरे :—

"भन्ते ! संस्थागार भवनमा बिछ्याउनाहरू बिच्छ्याइसक्यौं, आसनहरू राखिसक्यौं, अब भगवान्ले जे उचित सम्झनु हुन्छ सोही गर्नुहोस् !"

त्यसपछि भगवान् चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी, भिक्षुसङ्घहरू सहित जहाँ संस्थागार भवन हो त्यहाँ जानुभयो । त्यहाँ

पुगेपछि खुट्टा धोई संस्थागार भवन भित्र पसी माफको स्तम्भमा अडेस-लागी पूर्वाभिमुखगरी बस्नुभयो। भिक्षुसङ्घहरू पनि खुट्टा धोई संस्थागार भवन भित्र पसी पश्चिमी भित्तामा आडलिई पूर्वाभिमुखगरी भगवान्‌लाई नै अघिल्तिर पारी बसे। कपिलवस्तुवासी शाक्यहरू पनि खुट्टा धोई संस्थागार भवन भित्र पसी पूर्वी भित्तामा आडलिई पश्चिमाभिमुखगरी, भगवान्‌लाई नै अघिल्तिर पारी बसे।

भगवान्‌ले कपिलवस्तुवासी शाक्यहरूलाई रातको धेरैबेरसम्म धर्मोपदेशद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित र सम्प्रहर्षित गराई आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो :—

"आनन्द ! तिमीले कपिलवस्तुवासी शाक्यहरूलाई शैक्ष प्रतिपदा सम्बन्धी उपदेश गर, मेरो पीठिउँ दुःखनलाग्यो, म आराम गर्छु।"

"हवस भन्ते !" भनी आयुष्मान् आनन्दले भगवान्‌लाई प्रत्युत्तर दिनुभयो।

अनि भगवान् चारदोबर पट्याइराखेको सङ्घाटि[1] चीवर बिच्छयाई, दाहिने तरफबाट सिंहशय्यागरी, खुट्टामाथि खुट्टाराखी, स्मृति थातमा राखी, 'यतिबेलामा' उठनेछु भन्ने संज्ञा मनमा राखी आराम गर्नुभयो।

---

१ दोबरी चीवर।

शैक्ष-प्रतिपदा

अनि आयुष्मान् आनन्दले महानाम शाक्यलाई आमन्त्रण गर्नुभयो :—

"हे महानाम ! यहाँ आर्यश्रावक शीलसम्पन्न हुन्छ, इन्द्रिय संयमी हुन्छ, भोजनमा मात्राज्ञ हुन्छ, जाग्रत भई बस्छ, सप्त-सद्धर्मले सम्पन्न हुन्छ र चार ध्यानलेयुक्त श्रेष्ट-चित्तलाई यसै जीवनमा इच्छानुसार, विना प्रयास तथा विपुलरूपले प्राप्तगरी बस्छ ।

शील-सम्पन्नता

"हे महानाम ! कसरी आर्यश्रावकले इन्द्रियलाई संयममा राख्छ भने—

(१) 'महानाम ! यहाँ आर्यश्रावक चक्षुले रूप हेर्दा निमित्त-ग्राही (आसक्तभई राम्रो नराम्रो आकार प्रकार हेर्ने) हुँदैन, न व्यञ्जनग्राही (आसक्त भई अङ्ग प्रत्यङ्ग, हाउ-भाउ हेर्ने) हुन्छ । चक्षुरिन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य पापक अकुशल धर्महरू उत्पन्न हुनेहुन् तिनीहरूको निवारणार्थ चक्षुरिन्द्रिय संयमगरी बस्छ, चक्षुरिन्द्रिय रक्षागर्छ, चक्षुरिन्द्रिय बशमा राख्छ ।

(२) 'श्रोतले शब्द सुन्दा निमित्तग्राही हुँदैन, न व्यञ्जनग्राही हुन्छ । श्रोतेन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य उत्पन्न··· हुनेहुन् तिनीहरूको निवारणार्थ चक्षुरिन्द्रिय··· बशमा राख्छ ।

(३) 'घ्राणले गन्ध सुँघदा निमित्तग्राही हुँदैन, न व्यञ्जनग्राही हुन्छ। घ्राणेन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य··· उत्पन्न हुनेहुन् तिनीहरूको निवारणार्थ घ्राणेन्द्रिय··· बशमा राख्छ।

(४) 'जिह्वाले रसास्वाद लिंदा निमित्तग्राही हुँदैन, न व्यजनग्राही हुन्छ। जिह्वेन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य··· उत्पन्न हुने हुन् तिनीहरूको निवारणार्थ जिह्वेन्द्रिय··· बशमा राख्छ।

(५) 'कायले स्पर्श गर्दा निमित्तग्राही हुँदैन, न व्यञ्जनग्राही हुन्छ। कायेन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य··· उत्पन्न हुनेहुन् तिनीहरूको निवारणार्थ कायेन्द्रिय··· बशमा राख्छ।

(६) 'मनले मनको विषय (धर्म) जान्दा निमित्तग्राही हुँदैन, न व्यञ्जनग्राही हुन्छ। मनेन्द्रिय असंयमी हुँदा मनमा जुन अभिध्या दौर्मनस्य··· उत्पन्न हुनेहुन् तिनीहरूको निवारणार्थ मनेन्द्रिय··· बशमा राख्छ।'

"यसरी महानाम ! आर्यश्रावकले इन्द्रियहरूलाई संयममा राख्छ।

भोजनमा मात्राज्ञता

"हे महानाम ! कसरी आर्यश्रावक भोजनमा मात्राज्ञ हुन्छ भने —

'महानाम ! यहाँ आर्यश्रावक प्रतिसंख्यानगरी (विचार पुऱ्याई) ज्ञानपूर्वक आहार ग्रहण गर्छ — 'न क्रीडाको लागि, न बलवान् हुनको लागि, न सुन्दर बन्नको लागि आहार ग्रहण गर्छ किन्तु यो शरीर पालन गर्नकोलागि मात्र, जिघच्छा (भोक) मेटाउनको लागि र शुद्ध-ब्रह्मचर्य रक्षागर्नको लागिमात्र आहार ग्रहणगर्छ। यसप्रकार पुरानो क्षुधा (वेदना) दूरभई नयाँ वेदना उत्पन्न हुने छैन, निरवद्यपूर्वक जीवन यापन पनि हुनेछ र आरामदायी पनि।'

"यसरी महानाम ! आर्यश्रावक भोजनमा मात्राज्ञ हुन्छ।

जाग्रतता

"हे महानाम ! कसरी आर्यश्रावक जाग्रत भई बस्छ भने—

'हे महानाम! यहाँ आर्यश्रावक दिनभरी आवरणीय धर्महरूबाट चित्त परिशोधनगरी, चंक्रमणगरी अथवा आसनमा बसी समय बिताउँछ। रातको प्रथम याममा पनि आवरणीय धर्महरूबाट चित्त परिशोधनगरी, चंक्रमणगरी अथवा आसनमाबसी समय बिताउँछ। रातको मध्यम याममा दाहिने तरफबाट सिंहशय्यागरी बस्छ, खुट्टामाथि, खुट्टाराखी, स्मृति थातमा राखी, उठने संज्ञालाई मनमा राखी समय बिताउँछ। रातको अन्तिम याममा शैय्याबाट उठी आवरणीय धर्महरू-बाट चित्त परिशोधनगरी चंक्रमण गर्छ अथवा आसनमा बस्छ।

"यसरी महानाम ! आर्यश्रावक जाग्रत भई बस्छ।

सप्त सद्धर्ममा सम्पन्नता

"हे महानाम ! कसरी आर्यश्रावक सप्त सद्धर्ममा सम्पन्न हुन्छ भने –

'महानाम ! यहाँ आर्यश्रावक (१) श्रद्धालु हुन्छ, तथागतको बोधिज्ञानमाथि विश्वास राख्छ – 'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१] र बुद्ध भगवान् हुनुहुन्छ।' (२) लज्जालु हुन्छ— कायिक दुश्चरित्रमा लज्जामान्छ, वाचिक दुश्चरित्रमा लज्जामान्छ र मानसिक दुश्चरित्रमा लज्जामान्छ, त्यस्तैगरी पापक अकुशलादि कर्म गर्नमा लज्जामान्छ। (३) पापकर्ममा भयदर्शी हुन्छ— कायिक दुश्चरित्रमा भयमान्छ, वाचिक दुश्चरित्रमा भयमान्छ र मानसिक दुश्चरित्रमा भयमान्छ, त्यस्तैगरी पापक अकुशलादि कर्म गर्नमा भयमान्छ, डराउँछ। (४) बहुश्रुत हुन्छ— श्रुतधर, श्रुतसञ्चिचय (धेरै प्रकारका कुराहरू सुनेर राख्ने) हुन्छ। जुन धर्म आदिकल्याण, मध्यकल्याण र पर्यवशान कल्याण हुन्; जुन धर्म अर्थसहित, व्यञ्जनसहित, केवल परिपूर्ण, परिशुद्ध-ब्रह्मचर्य हुन् ती धर्महरू भन्दछ, त्यस्ता धर्महरू धेरै सुनेको हुन्छ, मनमा धारण गरेको हुन्छ, वचनले परिचित हुन्छ, मनले राम्ररी परीक्षण गरेको हुन्छ र प्रज्ञाले प्रतिवेध पनि गरेको हुन्छ। (५) आरब्धवीर्य भई बस्छ— अकुशल-धर्म हटाउन, कुशल-धर्म बढाउन— बलवान् तथा दृढपराक्रमीभई, लगनताका साथ कुशलधर्ममा बस्छ। (६) स्मृतिवान् हुन्छ— उत्तम स्मृति-प्रज्ञाले सम्पन्न हुन्छ, धेरै समयदेखि गरेको बोलेको पनि स्मरणगर्छ, अनुस्मरण गर्छ। (७) प्रज्ञावान

१. हेर पृ. २२५

हुन्छ— उदयास्तगामिनी प्रज्ञाले सम्पन्न हुन्छ, श्रेष्ट निर्वेदिक सम्यक् दुःखक्षयगामिनी प्रज्ञाले सम्पन्न हुन्छ ।

"यसरी महानाम ! आर्यश्रावक सप्त सद्धर्मले सम्पन्न हुन्छ ।

ध्यानलाभी

"हे महानाम ! कसरी आर्यश्रावक चार ध्यानले युक्त श्रेष्ठचित्त-लाई यसै जीवनमा इच्छानुसार, विनाप्रयास तथा विपुल (अक्सर) रूपले प्राप्त गर्नेहुन्छ भने—

'महानाम ! यहाँ आर्यश्रावक (१) कामबाट अलगभई, अकुशलबाट अलगभई, वितर्क र विचार भएको, एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीति र सुखले युक्त प्रथमध्यान प्राप्तगरी बस्छ; (२) वितर्क र विचारलाई उपशान्तगरी, वितर्क र विचार रहित, अभ्यन्तर सम्प्रसाद र एकाग्रचित्तले युक्त, समाधिज प्रीति र सुखले युक्त द्वितीय-ध्यान प्राप्तगरी बस्छ; (३) प्रीति पनि त्यागी, उपेक्षीभई, स्मृतिवान्, ज्ञानवान् भई, शारीरिक सुखानुभवगर्छ— जसलाई ज्ञानीहरू (आर्यहरू) 'उपेक्षावान्, स्मृतिवान् तथा सुखपूर्वक बस्ने' भनी भन्दछन्, ती तृतीय-ध्यान प्राप्तगरी बस्छ; (४) सौमनस्य (मानसिक सुख), दौर्मनस्य (मानसिक दुःख) लाई पहिलेनै अन्तगरी, सुख-दुःख त्यागी, दुःख र सुख नभएको, स्मृति परिशुद्ध भई उपेक्षा भएको चतुर्थध्यान प्राप्त-गरी बस्छ ।

"यसरी महानाम! आर्यश्रावक चार ध्यानले युक्त श्रेष्ठचित्त-

-लाई यसै जीवनमा इच्छानुसार, विनाप्रयास, विपुलरूपले प्राप्तगर्ने हुन्छ।

"हे महानाम ! जब आर्यश्रावक उक्त प्रकारले शील सम्पन्न हुन्छ, इन्द्रिय संयमी हुन्छ, भोजनमा मात्राज्ञ हुन्छ, जाग्रतभई बस्छ, सप्त सद्धर्मले सम्पन्न हुन्छ र चार-ध्यानले युक्त श्रेष्ठ-चित्तलाई यसै जीवनमा इच्छानुसार, विना प्रयास तथा विपुलरूपले प्राप्तगर्ने हुन्छ, तब सो आर्यश्रावक शैक्ष-प्रतिपदामा सुसम्पन्न भएको हुन्छ। कोरल्ने-बेलाको फुल (अण्डा) जस्तै ज्ञानको प्रभेद बुझ्न समर्थ हुन्छ, सम्बोधिज्ञान लाभगर्न समर्थ हुन्छ, अनुपम (अनुत्तर) योगक्षेम (निर्वाण) पनि प्राप्तगर्न समर्थ हुन्छ।

कुखुराका चल्ला

"हे महानाम जस्तो कि— आठ, दश अथवा बाह्रगोटा कुखुराका फुलहरू राम्रोसँग कुखुराले आफ्नो पखेटाले छोपीसकेको, राम्रोसँग तातो पारीसकेको, राम्रोसँग तयार पारिसकेकोछ; यद्यपि कुखुराले यस्तो इच्छा गर्दैन — 'अहो, मेरो कुखुराका चल्लाहरूले खुट्टाका नङ्ग्राका टुप्पाले अथवा चुच्चोले अण्डकोष फोरी कुशलपूर्वक बाहिर आउन् ।'— तैपनि ती चल्लाहरू खुट्टाका नङ्ग्राका टुप्पाले अथवा चुच्चोले अण्डकोष फोरी कुशलपूर्वक बाहिर निस्कन समर्थ हुन्छन्, त्यस्तैगरी—- हे महानाम ! जब आर्यश्रावक यसरी (उक्त प्रकार) शीलसम्पन्न हुन्छ, इन्द्रिय संयमी हुन्छ र चार-ध्यानले युक्त श्रेष्ठ-चित्त-

लाई यसै जीवनमा इच्छानुसार, विना प्रयास तथा विपुलरूपले प्राप्तगर्न समर्थ हुन्छ;—

"महानाम ! यसैलाई शैक्ष-प्रतिपदामा लाग्ने, कोरल्ने बेलाको फुल जस्तै— ज्ञानको प्रभेद बुझ्न सक्ने, सम्बोधिज्ञान लाभगर्न समर्थ, अनुपम योगक्षेम प्राप्तगर्न समर्थ आर्यश्रावक भन्दछन् ।

पूर्वानुस्मृति

"हे महानाम ! सो आर्यश्रावकले सोही अनुपम उपेक्षा-स्मृति-परिशुद्धतामा पुगिसकेपछि अनेकप्रकारले पूर्वजन्मको कुराहरू अनुस्मरण गर्छ— जस्तै- 'एकजन्म, दुइजन्म, तीनजन्म, चारजन्म, पाँचजन्म, दशजन्म, बीसजन्म; यस्तैगरी शयजन्म, सहश्रजन्म, शतसहश्रजन्म; अनेक संवर्तकल्प (प्रलय कल्प), विवर्तकल्प (सृष्टिकल्प) को अनुस्मरण गर्छ— अमुकस्थानमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहारपान, यस्तो सुख-दुःख भोगगर्ने, यति आयु थियो । त्यहाँबाट च्युतभई यहाँ जन्में ।' यसरी आकार सहित अनेकप्रकार पूर्वजन्मको कुराहरू अनुस्मरण गर्छ— यही नै उसको पहिलो अभिज्ञान हुन्छ— कुखुराको चल्लाले अण्डकोष फोरी निस्कने झैं ।

दिव्यचक्षु

"हे महानाम ! सो आर्यश्रावकले सोही अनुपम उपेक्षा-स्मृति-परिशुद्धतामा पुगिसकेपछि दिव्य-विशुद्ध, अमानुषीय चक्षुले प्राणीहरू

च्युत भएका, उत्पन्न भएका— नीच-उच्च, सुवर्ण-दुर्वर्ण, सुगति-दुर्गतिमा आ-आफ्ना कर्मानुसार जन्मेका प्राणीहरूलाई जान्दछ— यही नै उसको दोश्री अभिज्ञान हुन्छ— कुखुराको चल्लाले अण्डकोष फोरी निस्कने झैं।

आस्रवक्षय

"हे महानाम ! सो आर्यश्रावकले सोही अनुपम उपेक्षा-स्मृति-परिशुद्धतामा पुगिसकेपछि आस्रवक्षयगरी अनास्रवभई, चित्तविमुक्ति, प्रज्ञाविमुक्तिभई यसै जीवनमा स्वयं अभिज्ञानलाई साक्षातगरी उपशान्त-भई बस्छ— यही नै उसको तेश्रो अभिज्ञान हुन्छ— कुखुराको चल्लाले अण्डकोष फोरी निस्कने झैं।

विद्या-चरण सम्पन्नता

"हे महानाम ! जो आर्यश्रावक शीलसम्पन्न हुन्छ, यो 'चरण' हो; जो आर्यश्रावक इन्द्रिय संयमी हुन्छ, यो पनि 'चरण' हो; जो आर्यश्रावक भोजनमा मात्राज्ञ हुन्छ, यो पनि 'चरण' हो; जो आर्य-श्रावक सप्त सद्धर्मले सम्पन्न हुन्छ, यो पनि 'चरण' हो; जो आर्य-श्रावकले चार ध्यानले युक्त श्रेष्ठ-चित्तलाई यसै जीवनमा इच्छानुसार, बिनाप्रयास, विपुलरूपले प्राप्तगरेको हुन्छ, यो पनि 'चरण' नै हो।

"हे महानाम ! आर्यश्रावकले जुन अनेकप्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ— जस्तै— एकजन्म··· साकार सउद्देश्य

अनेकप्रकार पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ यो 'विद्या' हो; जो आर्यश्रावकले अमानुषीय विशुद्ध-दिव्यचक्षुले प्राणीहरू च्युत भएका, उत्पन्न भएका,... आ-आफ्ना कर्मानुसार जन्मेका प्राणीहरूको अनुस्मरण-गर्छ, यो पनि 'विद्या' हो; जो आर्यश्रावक आस्रवक्षयगरी अनास्रवभई चित्तविमुक्ति, प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं अभिज्ञानलाई साक्षातगरी बस्छ, यो पनि 'विद्या' नै हो।

"हे महानाम ! यसैलाई 'विद्यासम्पन्न आर्यश्रावक' भन्दछन्, यसैलाई 'चरणसम्पन्न आर्यश्रावक' पनि।

"महानाम ! ब्रह्मा सनत्कुमारले पनि यस्तो गाथा भनेका छन्—

'खत्तियो सेट्ठो जनेतस्मिं, ये गोत्तपटिसारिनो।
विज्जाचरण सम्पन्नो, सो सेट्ठो देवमानुसे'ति ॥

अर्थ :—

'गोत्र खोजीगर्ने मनुष्यहरूमा क्षत्री श्रेष्ठ छ र विद्याचरणले सम्पन्न भएको पुरुष देव मनुष्यमा श्रेष्ठ छ।'

"हे महानाम ! यो गाथा (श्लोक) ब्रह्मा सनत्कुमारले राम्रै गाएका छन्, नराम्रो गाएका छैनन्; सुभाषित नै छ, दुर्भाषित छैन; अर्थयुक्त नै छ, अनर्थयुक्त छैन। भगवान्‌ले पनि यसलाई अनुमोदन गर्नुभएकैछ।"

भगवान् शैय्याबाट उठी आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो :—

"धन्य ! धन्य !! आनन्द, धन्यहो आनन्द ! तिमीले कपिलवस्तुवासी शाक्यहरूलाई शैक्ष-प्रतिपदाकोबारेमा उपदेश गर्‍यौ !"

आयुष्मान् आनन्दको भाषणलाई भगवान्ले पनि स्वीकृति दिनुभयो । अनि कपिलवस्तुवासी शाक्यहरू प्रसन्नभई आयुष्मान् आनन्दको भाषणलाई अभिनन्दन गरे ।

× × ×

मूल सूत्र :—

१०–तिम्रो मरण राम्रै हुनेछ

यस्तो मैले सुने[१] ।

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामभा बस्नु भएको थियो ।

त्यस बखत महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग यस्तो निवेदन गरे :—

"भन्ते ! यो कपिलवस्तु नगर समृद्धछ, उन्नतशील छ. यो नगरमा धेरै भीडछ, जनाकीर्ण छ, यातायातको भीडले बाटामा कठिनाइ छ । भन्ते ! म भगवान्सँग अथवा मनोभावनीय भिक्षुहरूसँग सतसंगत-

१. सं. नि. IV पृ. ३१४: पठममहानामसुत्त ।

गरी साँझतिर कपिलवस्तु नगरमा फर्किंदा हात्ती भएको ठाउँमा पनि जान्न, घोडा भएको ठाउँमा पनि जान्न, रथ भएको ठाउँमा पनि जान्न, न मानिसहरू भएको ठाउँमा नै जान्छु। तैपनि त्यस बखत मेरो मनले भगवान्‌प्रति भएको स्मरण भुल्दछ, धर्मप्रति भएको स्मरण भुल्दछ र सङ्घप्रति भएको स्मरण पनि भुल्दछ। त्यस बखत मेरो मनमा यस्तो भावना पैदा हुन्छ—'यदि यस बखत मृत्यु भएको खण्डमा मेरो गति कस्तो हुने होला ? के अभिसम्पराय हुने होला ?"

"महानाम ! डराउनु पर्दैन, डराउनु पर्दैन !! तिम्रोगति राम्रै हुनेछ। तिम्रो मरण नराम्रो हुनेछैन। महानाम ! जसको चित्त दीर्घकालदेखि श्रद्धामा परिभावित भएको छ, शीलमा परिभावित भएको छ, श्रुतिमा परिभावित भएको छ, त्यागमा परिभावित भएको छ र प्रज्ञामा पनि परिभावित भएको छ, उसको यो चातुर्महाभौतिक काय आमा बाबुको कारणले उत्पन्न, भात-दाल आदि खाद्यपदार्थद्वारा बढेको, अनित्यादि स्वभाव भएको शरीरलाई यहींनै कौवाले खानेछ, गिद्धले खानेछ, बाजले खानेछ, कुकुरले खानेछ, स्यालले खानेछ अथवा विभिन्न प्रकारका प्राणीहरूले खानेछन्। तर जसको चित्त दीर्घकालदेखि श्रद्धा, शील, श्रुति, त्याग र प्रज्ञाले भावित (अभिवृद्धि) भएको छ उ उर्ध्वगामी नै हुनेछ, विशेषभागी पनि।

"महानाम ! जस्तै—कुनै पुरुषले घ्यूको घैंटो अथवा तेलको घैंटो पानीभित्र डुबाई फोरिदिंदा घ्यू बा तेलका जुन विलौनी र कसर हुन् ती जम्मै पानीमा डुब्दछन् र जुन घ्यू बा तेलहो त्यो पानीमाथि नै

उत्रन्छ । त्यस्तैगरी—दीर्घकालदेखि श्रद्धा, शील, श्रुति, त्याग र प्रज्ञामा भावित भएको उसको चातुर्महाभौतिक काय, ··· अनित्यादिस्वभाव भएको शरीरलाई यहींनै ··· प्राणीहरूले खानेछन् । तर दीर्घकालदेखि श्रद्धा ··· प्रज्ञामा भावित भएको उसको गति चाहिं उर्ध्वगामी नै हुनेछ, विशेषभागी पनि ।

"हे महानाम ! तिम्रो चित्त दीर्घकालदेखि श्रद्धा, शील, श्रुति, त्याग र प्रज्ञामा परिभावित (अभिवृद्धि) भएको छ । न डराऊ, डराउनु पर्दैन ! तिम्रोगति राम्रै हुनेछ, तिम्रो मरण नराम्रो हुने छैन ।"

[यति उपदेश सुनी महानाम शाक्य प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

११–बिरामीलाई आश्वासन

एक समय भगवान्, शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामसा बस्नु भएको थियो[१] ।

त्यस बखत केही भिक्षुहरू "चीवर सिद्धिएर तीन महीना पनि बितिसकेपछि भगवान् चारिकार्थ पाल्नु हुनेछ" भन्दै भगवान्को चीवर सिउँदै थिए ।

---

१. सं. नि. IV पृ. ३४९: गिलानसुत्तं ।

महानाम शाक्यले "चीवर सिद्धिएर तीन महीना पनि बितिसकेपछि भगवान् चारिकार्थ पाल्नु हुनेछ' भन्दै केही भिक्षुहरूले भगवान्को चीवर सिउँदैछन्" भन्ने खबर सुने। अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्लाई यस्तो बिन्तिगरे :—

"भन्ते ! केही भिक्षुहरू भगवान्को चीवर सिउँदैछन्—'चीवर सिद्धिएर तीन महीना पनि बितिसकेपछि भगवान् चारिकार्थ पाल्नु हुनेछ।'

"भन्ते ! मैले भगवान्को श्रीमुखबाट 'प्रज्ञावान् उपासकले प्रज्ञावान् उपासकलाई, बिरामीभई दुःखित तथा पीडित भएको बेलामा उपदेश सुनाउनुपर्छ' भनी भन्नुभएको कुरा सुनेको छैन।"

१—"हे महानाम ! प्रज्ञावान् उपासकले प्रज्ञावान् उपासकलाई, बिरामीभई दुःखित तथा पीडित भएको बेलामा चार आश्वासनीय धर्महरूद्वारा आश्वासन दिनुपर्छ—'हे आयुष्मान् धैर्य राख ! तिमीमा बुद्धप्रति गम्भीर श्रद्धा र भक्ति छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१]... र वहाँ भगवान् बुद्ध हुनुहुन्छ।' हे आयुष्मान् ! धैर्य राख ! तिमीमा धर्मप्रति गम्भीर श्रद्धा र भक्ति छ—'भगवान्को धर्मसु-आख्यातछ,[२]...विज्ञजनले आफैं अवबोधगर्न पनि सक्छ।' हे आयुष्मान् ! धैर्य राख, तिमीमा

---

१. हेर. पृ. २२५: बुद्धानुस्मृति।

२. " " २२६ धर्मानुस्मृति।

सङ्घप्रति पनि श्रद्धा र भक्ति छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[1] र लोकवासीकानिम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।' यस्तैगरी तिमीमा श्रेष्ठ तथा सुन्दर शील पनि छ जो अखण्डित छ, अछिद्रित छ, निर्दागी छ, क्रमसहित छ, स्वातन्त्र्य छ, विज्ञप्रशंसित छ, दृष्टिद्वारा परार्मशित छैन र समाधिसंवर्तनिक पनि छ ।

२—"हे महानाम ! प्रज्ञावान् उपासकले प्रज्ञावान् उपासकलाई बिरामीभई दुःखित तथा पीडित भएको बेलामा उपरोक्त चार आश्वासनीय धर्मद्वारा धैर्यदिई यस्तो सोध्नुपर्छ—'हे आयुष्मान् ! तिम्रो मनमा आमा बाबुमाथि आशा छ कि ?' यस्तो सोध्दा यदि उसले—'मेरो मनमा आमा-बाबुमाथि आशा छ' भनी भन्छ भने उसलाई यस्तो भन्नुपर्छ—'हे आयुष्मान् ! तिमी मरणस्वभावकाह्यौ, मरणबाट बच्न सक्दैनौ । आमा-बाबुमाथि आशा राखेता पनि मर्नेछौ, न राखेता पनि मर्नेछौ । अतएव आमा-बाबुमाथिको आशालाई छाडनु नै वेश हुनेछ ।'

३—"यदि उसले 'जो मेरो आमा-बाबुमाथि आशा थियो सो अब हटिसक्यो' भनी भन्छभने उसंग यस्तो सोध्नुपर्छ—'तिम्रो मनमा पुत्र भार्यामाथि आशा छ कि ?', यदि उसले 'मेरो मनमा पुत्र-भार्यामाथि आशा छ' भन्छ भने उसलाई यस्तो भन्नुपर्छ—'हे आयुष्मान् ! तिमी मरण स्वभावकाह्यौ, मरणबाट बच्न सक्दैनौ । पुत्र-भार्यामाथि आशा राखेता पनि मर्नेछौ, न राखेता पनि मर्नेछौ । अतएव पुत्र-भार्यामाथिको आशालाई छाडनुनै वेश हुनेछ ।'

---

१. हेर पृ. २२६ संघानुस्मृति ।

४—"यदि उसले 'जो मेरो पुत्र-भार्यामाथि आशा थियो सो अब हटिसक्यो' भन्छ भने उसँग यस्तो सोध्नुपर्छ—'तिम्रो मनमा मनुष्यहरूका पञ्चकामविषयभोगबारे आशा छ कि ?', यदि उसले 'मेरो मनमा मनुष्यहरूका पञ्चकामविषयभोगबारे आशा छ' भन्छ भने उसलाई यस्तो भन्नुपर्छ—'हे आयुष्मान् मनुष्यहरूका पञ्चकामविषय-भोगभन्दा दिव्य-काम-सुख अधिक सुन्दर तथा अधिक उत्तम छ। अतएव मनुष्यहरूका पञ्चकामविषयभोगबाट चित्त हटाई चातुर्महाराजिक देवतामाथि चित्त लगाऊ।'

५—"यदि उसले 'मनुष्यहरूका पञ्चकामविषयभोगबाट चित्त हटाई चातुर्महाराजिक देवतामाथि चित्त लगाएकोछु' भन्छ भने उसलाई यस्तो भन्नुपर्छ—'चातुर्महाराजिक देवताभन्दा तावत्त्रिंश देवता अधिक सुन्दर तथा अधिक उत्तम छन्। अतएव चातुर्महाराजिक देवताबाट चित्त हटाई तावत्त्रिंश देवतामाथि चित्त लगाऊ।

६—"यदि उसले 'चातुर्महाराजिक देवताबाट चित्त हटाई ताव-त्त्रिंश देवतामाथि चित्त लगाएकोछु' भन्छ भने उसलाई यस्तो भन्नुपर्छ—'तावत्त्रिंश देवताभन्दा यामा देवता ··· यामा देवताभन्दा तुषित देवता ··· तुषित देवताभन्दा निर्माणरति देवता ··· निर्माणरति देवता-भन्दा परनिर्मित वशवर्ती देवता ··· परनिर्मित वशवर्ती देवताभन्दा ब्रह्मलोक अधिक सुन्दर तथा अधिक उत्तम छ। अतएव परनिर्मित वशवर्ती देवताबाट चित्त हटाई ब्रह्मलोकमाथि चित्त लगाऊ।'

७—"यदि उसले 'परनिर्मित वशवर्ती देवताबाट चित्त हटाई

ब्रह्मलोकमाथि चित्त लगाएको छु' भन्छ भने उसलाई यस्तो भन्नुपर्छ 'हे आयुष्मान् ! ब्रह्मलोक पनि अनित्यैहो, अध्रुवनै हो, स्व-काय-दृष्टि अन्तरगतहो अर्थात् आत्मभाव दृष्टिको भित्रपर्छ । अतएव ब्रह्मलोकबाट पनि चित्त हटाई स्व-कायदृष्टि निरोध गर्नमा अर्थात् आत्मदृष्टिभाव-लाई हटाउनमा चित्त लगाऊ ।'

८—'यदि उसले 'ब्रह्मलोकबाट पनि चित्त हटाई स्व-कायदृष्टि-भाव हटाउनमा चित्त लगाएको छु' भन्छ भने हे महानाम ! यसप्रकार विमुक्तचित्त भएको उपासकसँग, आस्रवबाट विमुक्तचित्त भएको भिक्षुबाट कुनै भिन्नता छैन भनी भन्दछु । जहाँसम्म विमुक्तिको सवालछ —दुवै विमुक्ति नै हुन् ।"

[उपरोक्त उपदेश सुनी महानाम शाक्य प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

१२–शरणानि शाक्यबारे (क)

कपिलवस्तुमा[१] ।

त्यस बखत शरणानि[२] शाक्यको मृत्यु भइसकेको थियो । उनकोबारेमा भगवान्ले यस्तो भन्नु भएको छ —

---

१. सं. नि. IV पृ. ३१९: पठमसरणानिसक्कसुत्तं ।

२. स्याम र रोमनमाः 'सरकानि' छ, अर्थकथामा पनि ।

"शरणानि शाक्य स्रोतापन्न हुन्, अविनिपाती, निश्चितसम्बोधि-परायण हुन् ।"

त्यस बखत केही शाक्यहरू एकत्रितभई, एक ठाउँमा भेलाभई कराउँदैथिए, खिसिगर्दथिए र हँस्सि उडाउँदै थिए—"आश्चर्य हो! अद्भुत हो! अब यहाँ (बुद्ध धर्ममा) को स्रोतापन्न हुन न सक्ला! शरणानि शाक्यको मृत्यु भइसक्यो उसकोबारेमा भगवान् भन्नु हुन्छ—"शरणानि शाक्य स्रोतापन्न हुन्, अविनिपाती, निश्चित सम्बोधिपरायण हुन् ।" जबकि शरणानि शाक्य शिक्षापालन गर्नमा पनि दुर्बल थियो र उसले मद्यपान पनि गर्दथ्यो ।"

अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग यस्तो बिन्तिगरे :—

"भन्ते! शरणानि शाक्यको मृत्यु भइसक्यो। उनकोबारेमा भगवान्ले यस्तो भन्नु भएको छ—'शरणानि शाक्य स्रोतापन्न हुन्, अविनिपाती, निश्चित सम्बोधिपरायण हुन् ।' यहाँ केही शाक्यहरू एकत्रितभई, एक ठाउँमा भेलाभई कराउँदैछन्, खिसिगर्दैछन् र हँस्सि उडाउँदैछन् – 'आश्चर्य हो! अद्भुत हो! अब यहाँ को स्रोतापन्न हुन नसक्ला! शरणानि शाक्यको मृत्यु भइसक्यो उसकोबारेमा भगवान् भन्नुहुन्छ कि - 'शरणानि शाक्य स्रोतापन्न हुन्... ।' जबकि शरणानि शाक्य शिक्षापालन गर्नमा पनि दुर्बल थियो र उसले मद्यपान पनि गर्दथ्यो ।"

"हे महानाम ! जो उपासक दीर्घकालदेखि बुद्धको शरणमा गएको छ, धर्मको शरणमा गएको छ तथा सङ्घको शरणमा गएको छ भने उ कसरी विनिपात (खराबगति) मा जाला ! महानाम ! साँच्चै भन्नेहो भने शरणानि शाक्यलाई नै दीर्घकालदेखि बुद्ध, धर्म तथा सङ्घको शरणमा गएको उपासक भन्न सकिन्छ । शरणानि शाक्य दीर्घकालदेखि बुद्ध, धर्म तथा सङ्घको शरणमा गएका उपासक हुन् । उनी कसरी विनिपात (खराबगति) मा जान सक्लान् !

शैक्षाशैक्ष लक्षण

१–अर्हत्-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्धप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'वहाँ भगवान् अर्हत् हुनुहुन्छ,[1] र वहाँ भगवान् बुद्ध हुनुहुन्छ।' धर्मप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को धर्म सु-आख्यातछ,[2] विज्ञजनले आफैं अवबोध गर्न पनि सक्छ ।' सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[3] र लोकवासीकानिम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।' उ हसन-प्रज्ञाले, जवन-प्रज्ञाले र विमुक्ति-प्रज्ञाले युक्त भएको हुन्छ तथा आस्रवक्षयगरी अनास्रवभई, चित्त विमुक्ति र प्रज्ञाविमुक्तिले सुसम्पन्नभई यसै जीवनमा स्वयं अभिज्ञान साक्षात्कारगरी उपशान्तभई

---

१. हेर पृ. २२५ बुद्धानुस्मृति ।

२. " " २२६ धर्मानुस्मृति ।

३. " " २२६ संघानुस्मृति ।

बस्छ । सो पुरुष नर्कगतिबाट मुक्तछ, तिर्यकगतिबाट मुक्तछ, प्रेतगतिबाट पनि मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि मुक्तनै छ ।

२–अनागामी-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्ध-प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ … धर्मप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ … सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ … । हसन-प्रज्ञा र जवन-प्रज्ञाले युक्त भएको हुन्छ किन्तु विमुक्ति-प्रज्ञाले युक्त भएको हुँदैन । उ पाँच अधोभागीय-संयोजन[१] क्षयगरी औपपातिक (ब्रह्मलोक गामी) हुन्छ; त्यहींनै परिनिर्वाण हुन्छ, फेरि त्यसलोकबाट यहाँ आउँदैन । सो पुरुष पनि नर्कगतिबाट, तिर्यकगतिबाट, प्रेतगतिबाट मुक्त छ तथा अपाय, दुर्गति, विनिपातबाट पनि ।

३–सकृदागामी-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्धप्रति … धर्मप्रति … तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ; किन्तु हसन प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति-प्रज्ञाले युक्त भएको हुँदैन । उ तीन-संयोजनहरूलाई[२] क्षयगरी राग, द्वेष र मोहलाई दुर्बलपारी सकृदागामी भएको हुन्छ—एकपटकमात्र यस लोकमा आई दुःखको अन्त गर्छ । सो पुरुष पनि नर्कगति, तिर्यकगति प्रेतगतिबाट मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि ।

४–स्रोतापन्न-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्ध-

---

१. स्व-कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र व्यापाद-संयोजन ।

२. स्व-कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्श-संयोजन ।

प्रति ··· धर्मप्रति ··· सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ; किन्तु हसन-प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति प्रज्ञाले युक्त भएको हुँदैन। उ तीनै-संयोजन[1] लाई क्षयगरी स्रोतापन्न भएको हुन्छ—अविनिपाती, निश्चित सम्बोधिपरायण। सो पुरुष पनि नर्कगति, तिर्यकगति, प्रेतगतिबाट मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि।

५-धर्मानुसारी-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्ध-प्रति, धर्मप्रति तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुँदैन, न त हसन-प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति-प्रज्ञाले नै युक्त भएको हुन्छ; तर उसमा यी धर्महरू हुन्छन्—(१) श्रद्धेन्द्रिय, (२) वीर्येन्द्रिय (३) स्मृतेन्द्रिय, (४) समाध्येन्द्रिय र (५) प्रज्ञेन्द्रिय। तथागत देशित धर्मलाई प्रज्ञाद्वारा मात्रानुसार बोधगर्छ। सो पुरुष नर्क, तिर्यक, प्रेत-विषयमा जाँदैन तथा अपाय, दुर्गति, विनिपातमा पनि।

६-श्रद्धानुसारी-लक्षण—"हे महानाम ! यहाँ कुनै पुरुष बुद्ध-प्रति, धर्मप्रति तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुँदैन, न त हसन-प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति-प्रज्ञाले नै युक्त भएको हुन्छ; तर उसमा यी धर्महरू हुन्छन्—(१) श्रद्धेन्द्रिय, (२) वीर्येन्द्रिय, (३) स्मृत्येन्द्रिय, (४) समाध्येन्द्रिय र (५) प्रज्ञेन्द्रिय। उसको तथागत-

---

१. स्व-कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्श-संयोजन। स्रोतापन्न हुनेमा राग-द्वेष-मोह दुर्बल भएको हुन्न, जो सकृदागामी हुनेमा हुन्छ।

प्रति श्रद्धामात्र, प्रेममात्र हुन्छ। यो पुरुष पनि नर्क, तिर्यक, प्रेतविषयमा जाँदैन तथा अपाय, दुर्गति, विनिपातमा पनि।

'हे महानाम ! यदि यी ठुल-ठूला रूखहरूले[१] सुभाषित र दुर्भाषितको अर्थ बुझ्न सक्ने भएका भए यी महाशाल रूखहरूलाई पनि 'स्रोतापन्नमा पुगेका, अविनिपातस्वभावका, निश्चित सम्बोधिपरायण' भनी भन्ने थिएँ, शरणानि शाक्यकोबारे त कुरै छाडिदेऊ। महानाम ! शरणानि शाक्यले मरणासन्न समयमा शिक्षापूर्ण गरे।"

[यी उपदेश सुनिसकेपछि महानाम शाक्य प्रसन्न भए।]

× × ×

मूल सूत्र :—

१३–शरणानि शाक्यबारे (ख)

कपिलवस्तुमा[२]।

त्यस बखतमा शरणानि[३] शाक्यको मृत्यु भइसकेको थियो। उनकोबारेमा भगवान्ले यस्तो भन्नु भएको छ—"शरणानि शाक्य

---

१. जुन ठाउँमा बस्नुभई भगवान् बुद्धले उपदेश गर्दै हुनुहुन्थ्यो त्यस ठाउँमा भएका शाल रूखहरूलाई औंल्याउँदै यसो भन्नु भएको हो। सं. अ. III पृ. २२२

२. सं. नि. IV पृ. ३२१: दुतियसरणानिसक्कसुत्तं।

३. स्याम र रोमनमा 'सरकानि' छ, अर्थकथामा पनि।

स्रोतापन्न हुन्—अविनिपाती, निश्चित सम्बोधिपरायण ।"

त्यस बखत केही शाक्यहरू एकत्रितभई[१] हँस्सि उडाउँदैथिए[१] अब यहाँ को स्रोतापन्न हुन नसक्ला ![१] जब कि शरणानि शाक्यले शिक्षानै राम्ररी पालन गरेको थिएन ।

अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि ... भगवान्सँग यस्तो बिन्ति गरे :—

"भन्ते ! शरणानि शाक्यको मृत्यु भइसक्यो । ...[२] । यहाँ केही शाक्यहरू एकत्रितभई ... हँस्सि उडाउँदै छन्- ... अब यहाँ को स्रोतापन्न हुन नसक्ला ! ... जब कि शरणानि शाक्यले शिक्षानै राम्ररी पालन गरेको थिएन ।"

"महानाम ! जो उपासक दीर्घकालदेखि बुद्धको[३] धर्मको ... तथा सङ्घको ... शरणमा गएको छ भने ... उ कसरी विनिपातमा जान सक्ला !

शैक्षाशैक्ष लक्षण

१—अर्हत् लक्षण—"महानाम ! यहाँ कुनै पुरुष बुद्धप्रति धर्मप्रति तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ[४] । हसन-प्रज्ञाले, जवन-प्रज्ञाले र विमुक्ति-प्रज्ञाले युक्त भएको हुन्छ तथा

---

१. हेर. पृ २६८ ।

२. हेर पृ. २६८ ।

३. हेर पृ. २६९ ।

४. हेर पृ. २२५ ।

आस्रवक्षयगरी०[१] उपशान्तभई बस्छ। सो पुरुष नर्क०[१] प्रेतगतिबाट पनि मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि मुक्तनै छ।

२–अनागामी-लक्षण —"महानाम ! यहाँ कुनै पुरुष बुद्धप्रति, धर्मप्रति ... तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ[२]। हसन-प्रज्ञा र जवन-प्रज्ञाले युक्त भएको हुन्छ किन्तु विमुक्ति-प्रज्ञाले युक्त भएको हुँदैन। उ पाँच अधोगामी-संयोजन क्षयगरी अन्तरपरिनिर्वाणगामी[३] हुन्छ, उपहच्च[४] परिनिर्वाणगामी हुन्छ असंस्कार-परिनिर्वाणगामी[५] हुन्छ, ससंस्कारपरिनिर्वाणगामी[६] हुन्छ तथा

---

१. हेर पृ. २६९।

२. हेर पृ. २७०।

३. अनागामीभई शुद्धावास ब्रह्मलोकमा उत्पन्नभई आयुको बीचैमा परिनिर्वाण प्राप्त हुनेलाई 'अन्तरपरिनिर्वाणगामी' भन्दछन्।

४. अनागामीभई शुद्धावास ब्रह्मलोकमा उत्पन्नभई आयुको अवशानमा बाँकी संयोजन क्षयगरी परिनिर्वाण हुनेलाई 'उपहच्चपरिनिर्वाण-गामी' भन्दछन् अर्थात् आयुको साथ साथै संयोजन पनि क्षय हुन्छ।

५. अनागामीभई शुद्धावास ब्रह्मलोकमा जन्मी थोरै प्रयत्नद्वारा बाँकी संयोजन क्षयगरी परिनिर्वाण हुनेलाई 'असंस्कारपरिनिर्वाणगामी' भन्दछन्।

६. अनागामीभई शुद्धावास ब्रह्मलोकमा उत्पन्नभई धेरै प्रयत्नद्वारा बाँकी संयोजन क्षयगरी परिनिर्वाण हुनेलाई 'ससंस्कारपरिनिर्वाणगामी' भन्दछन।

उर्ध्वस्रोत अकनिष्ठगामी[1] हुन्छ। यो पुरुष पनि नर्क, तिर्यक, प्रेतगतिबाट मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि।

३–सकृदागामी-लक्षण—"महानाम ! यहाँ कुनै पुरुष बुद्ध… धर्म… तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ[2]० किन्तु हसन-प्रज्ञा, जवन-प्रज्ञा तथा विमुक्ति प्रज्ञाले युक्त भएको हुँदैन। उ तीन-संयोजनहरूलाई क्षयगरी राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी भएको हुन्छ। एकपटकमात्र यसलोकमा आई दुःखको अन्त गर्छ। यो पुरुष पनि नर्क, तिर्यक, प्रेतगतिबाट मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि।

४–स्रोतापन्न-लक्षण—"महानाम ! यहाँ कुनै पुरुष बुद्धप्रति, धर्मप्रति … तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ[2]०, किन्तु हसन-प्रज्ञा, जवन प्रज्ञा र विमुक्ति-प्रज्ञाले युक्त भएको हुँदैन। उ तीनै-संयोजनलाई क्षयगरी स्रोतापन्न भएको हुन्छ—अविनिपाती,

---

१. अनागामीभई शुद्धावास ब्रह्मलोकमा उत्पन्नभई त्यहाँबाट पुनः माथिल्लो ब्रह्मलोकमागई अर्थात् अविहा, अतप्पा, सुदर्शी र अकनिष्ठ ब्रह्मलोकसम्म पुगी त्यहाँ बाँकीभएको संयोजन क्षयगरी परिनिर्वाण हुनेलाई 'उद्धं सोतो होति अकनिट्ठगामी' अर्थात् उर्ध्व स्रोतमापुगी अकनिष्ठ ब्रह्मलोकसम्मपुग्ने भनी भनिन्छ। अथवा अनागामीहरूमध्ये सबभन्दा पछि परिनिर्वाण हुने भएको हुँदा यिनलाई अकनिष्ट भनिएको हो। सं. अ. III पृ. १२५।

२. हेर पृ. २२५।

निश्चित सम्बोधिपरायण । यो पुरुष पनि नर्क, तिर्यक, प्रेतगतिबाट मुक्तछ तथा अपाय, दुर्गति, विनिपातबाट पनि ।

५–धर्मानुसारी-लक्षण – "महानाम ! यहाँ कुनै पुरुष बुद्ध धर्म, सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुँदैन ···, न त हसन-प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति-प्रज्ञाले नै युक्त भएको हुन्छ; तर उसमा यी धर्म-हरू हुन्छन्–(१) श्रद्धेन्द्रिय[1] ··· र (५) प्रज्ञेन्द्रिय । तथागतदेशित धर्मलाई प्रज्ञाद्वारा मात्रानुसार बोधगर्छ । यो पुरुष नर्क, तिर्यक, प्रेतविषयमा जाँदैन तथा अपाय, दुर्गति, विनिपातमा पनि ।

६–श्रद्धानुसारी-लक्षण – "महानाम ! यहाँ कुनै पुरुष बुद्ध, धर्म, तथा सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुँदैन, न त हसन-प्रज्ञा, जवन-प्रज्ञा र विमुक्ति-प्रज्ञाले नै युक्त भएको हुन्छ; तर उसमा यी धर्म-हरू हुन्छन्—(१) श्रद्धेन्द्रिय,[1] ··· र (५) प्रज्ञेन्द्रिय । उसको तथागतप्रति श्रद्धामात्र, प्रेममात्र भएको हुन्छ । यो पुरुष पनि नर्क, तिर्यक, प्रेतविष-यमा जाँदैन तथा अपाय, दुर्गति, विनिपातमा पनि ।

कमसल-असल खेत

"महानाम ! जस्तो कि—विषम, असार भूमिमा, रूखको ठुटो नकाटेको, बिउ खण्डितगरी रोपेको, घाम-पानीले बिगारेको, मल नभएको, सरलपूर्वक बिउ रोप्न नसकिने, पानी पनि समयमा नपर्ने । त्यस्तो खेतमा रोपेको बिउको फल राम्ररी सप्री फल्न सक्लाके ?"

"सक्दैन, भन्ते !"

१. हेर पृ. २७१ ।

"यस्तैगरी—हे महानाम ! यहाँ दुराख्यात धर्म हुन्छ, राम्ररी प्रकाशित नगरेको, निर्वाणतिर नलैजाने, शान्ति नल्याउने, अ-सम्यक् सम्बुद्धले देशना गरेको—यस्तो धर्मलाई कमसल खेत जस्तै भन्दछु। त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्नगरी, यथोचितरूपले धर्मानुसार आचरण-गरी बस्ने श्रावकलाई—कमसल बिउ जस्तै भन्दछु।

"महानाम ! जस्तो कि—राम्रो समतल परेको खेतमा, सार-भूमिमा, रूखको ठुटो काटेको, राम्रो बिउ रोपेको, घाम-पानीले नबिगा-रेको, मल भएको, सरलपूर्वक बिउ रोप्न सकिने, पानी पनि समय समयमा पर्ने। त्यस्तो खेतमा रोपेको बिउको फल राम्ररी सप्री फल्न सक्लाके ?"

"सक्छ, भन्ते !"

"यस्तैगरी—हे महानाम ! यहाँ सु-आख्यात धर्म हुन्छ, राम्ररी प्रकाशित गरेको, निर्वाणतिर लैजान सक्ने, शान्ति ल्याउन सक्ने, सम्यक् सम्बुद्धले देशनागरेको – यस्तो धर्मलाई असल खेत जस्तै भन्दछु। त्यस धर्ममा धर्मानुधर्म प्रतिपन्नगरी, यथोचितरूपले धर्मानुसार आचरणगरी बस्ने श्रावकलाई – असल बिउ जस्तै भन्दछु। शरणानि शाक्यकोबारे के भन्नुपर्छ र ! शरणानि शाक्यले मरण समयमा राम्ररी शिक्षा परिपूर्ण गरे।"

[यति कुरा सुनी महानाम शाक्य प्रसन्न भए।]

× × ×

मूल पालि :—

१४–भैषज्यं दान

त्यस बखतमा बुद्ध भगवान् शाक्य जनपदको कपिलवस्तुस्थित न्यग्रोधाराममा बस्नु भएको थियो[1]।

त्यस बखत महानाम शाक्यको घरमा भैषज्य (घ्यू, तेल, मह र नौनी) धेरै थियो। अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्संग प्रार्थनागरे :—

"भन्ते ! म सङ्घलाई चतुर्मासभरी भैषज्य प्रवारणा[2] (प्रदान) गर्न चाहन्छु।"

"महानाम ! असल हो। त्यसोभए तिमीले सङ्घलाई चतुर्मासभरी भैषज्य प्रदान गर।"

प्रवारणा गरिराखेता पनि संकोचमानी भिक्षुहरूले (भैषज्यं) स्वीकार गर्दैनथे। भिक्षुहरूले यस कुराको जानकारी भगवान्लाई दिए। भगवान्ले यस सन्दर्भमा धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रण

१. पाचि. पृ १४०: महानामभेसज्जपवारणवत्थु।

२. भिक्षुसङ्घलाई म यस्तो यस्तो वस्तु चाहिने बेलामा दानगर्छु भनी पहिलेनै वचन प्रदान गरिराख्ने।

गर्दै —"भिक्षुहरू ! चतुर्मासभरी भैषर्ज्यप्रत्यय स्वीकारगर्न म अनुमति दिन्छु" भनी आज्ञा दिनु भयो ।

त्यस बखत भिक्षुहरूले महानाम शाक्यसँग थोरै मात्रामा भैषर्ज्य माग्दथे । तैपनि महानाम शाक्यको घरमा धेरै भैषर्ज्य थियो । दोश्रो पटकपनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग प्रार्थना गरे :—

"भन्ते ! म भिक्षुसङ्घलाई अरू चारमहीना पनि भैषर्ज्य प्रदान गर्न चाहन्छु ।"

"महानाम ! असल हो । त्यसो भए तिमीले सङ्घलाई अरू चारमहीना पनि भैषर्ज्य प्रदान गर ।"

प्रवारणागरी राखेता पनि संकोचमानी भिक्षुहरूले (भैषर्ज्य) स्वीकार गर्दैनथे । भिक्षुहरूले यस कुराको जानकारी फेरि भगवान्लाई दिए । भगवान्ले यस सन्दर्भमा धार्मिक उपदेशगरी भिक्षुहरूलाई आमन्त्रणगर्दै—"भिक्षुहरू ! फेरि अरू चारमहीना भैषर्ज्य-प्रत्यय स्वीकार गर्न म अनुमति दिन्छु" भनी भन्नुभयो ।

त्यस बखत भिक्षुहरूले महानाम शाक्यसँग थोरै मात्रामा भैषर्ज्य माग्दथे । तैपनि महानाम शाक्यको घरमा धेरै भैषर्ज्य थियो । तेश्रो पटकपनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवा-

न्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग प्रार्थना गरे :—

"भन्ते ! म भिक्षुसङ्घलाई जीवनभर भैषज्य प्रदानगर्न चाहन्छु।"

"महानाम ! असल हो। त्यसोभए तिमीले सङ्घलाई जीवनभर भैषज्य प्रदान गर।"

संकोचमानी भिक्षुहरूले स्वीकार गर्दैनथे। भगवान्लाई यस कुराको जानकारी दिए। भगवान्ले यस सन्दर्भमा धार्मिक उपदेशगरी भिक्षुहरूलाई आमन्त्रण गर्दै—"भिक्षुहरू ! नित्य प्रदान गरेको भैषज्य स्वीकार गर्न म अनुमति दिन्छु" भनी आज्ञा दिनुभयो।

× × ×

मूल पलि:—

१५—छवर्गीय भिक्षुहरू[1]

त्यस बखत छवर्गीय भिक्षुहरूले चीवर-वस्त्र राम्ररी लगाएका थिएनन्, चित्त प्रसन्न हुनेगरी चीवर पहिरिएका थिएनन्[2]।

---

१. पण्डुक, लोहितक, मैत्रीय, भुम्मज्जक, अस्सजि र पुनर्बसु—यी छजनालाई छवर्गीय भन्दछन्। म.अ.क. III पृ. १२८.

२. पाचि.पृ. १४१: छब्बग्गिय-महानामवत्थु।

छवर्गीय भिक्षुहरूले चीवर-वस्त्र राम्रोसँग न पहिरिएको सम्बन्धमा (उनीहरूलाई भक्तिपूर्वक) महानाम शाक्यले यस्तो भने :--

"भन्ते ! तपाइहरू किन चीवर-वस्त्र राम्रोसँग नलगाई, चित्त (देख्नेको चित्त) प्रसन्न हुनेगरी चीवर नपहिरी हिंड्नु भएको ? प्रव्रजित हुनेहरूले चीवर-वस्त्र राम्ररी लगाई, चित्त (देख्नेको चित्त) प्रसन्न हुनेगरी चीवर पहिरनु योग्य हुन्छ होइन !" यो कुरा सुनेर छवर्गीय भिक्षुहरूले महानाम शाक्यमाथि रिसगरे। अनि छवर्गीय भिक्षुहरूले मनमा यस्तो सोचे-- "कसरी महानाम शाक्यको मुख टाल्नसकौं !" यसपछि उनीहरूका मनमा यस्तो लाग्यो-- "महानाम शाक्यले भिक्षुसङ्घलाई भैषज्य प्रदान गरेका छन्। अवश्य नै हामीले महानाम शाक्यसँग घ्यू मागौं।" अनि छवर्गीय भिक्षुहरू जहाँ महानाम शाक्य थिए त्यहाँ गए। त्यहाँ पुगेपछि महानाम शाक्यलाई यस्तो भने:--

"आवुसो ! हामीलाई एक द्रोणीजति घ्यू चाहिएको छ।"

"भन्ते ! आज जुनेली रातछ, पर्खनुहोस् ! मानिसहरू घ्यू ल्याउन गोठमा गएका छन्। समयमै तपाइहरूले घ्यू लैजान सक्नु हुनेछ।"

दोश्रोपटक पनि, तेश्रोपटक पनि छवर्गीय भिक्षुहरूले महानाम शाक्यलाई भने-- "आवुसो ! हामीलाई एक द्रोणीजति घ्यू चाहिएको छ।"

महानाम शाक्यले पनि फेरि-- "भन्ते ! आज जुनेली रातछ

पर्खनुहोस् । मानिसहरू घ्यू ल्याउन गोठमा गएकाछन् । समयमै तपाइहरूले घ्यू लैजान सक्नु हुनेछ ।"

"आवुसो ! नदिने विचारले प्रदानगरेको के गर्ने । जो कि तिमीले दिन्छु भनी जनाइकन पनि दिंदैनौ !"

अनि महानाम शाक्य कराए, खिन्नभए, धिक्कारे-- "किन यी भदन्तहरू, आज जुनेली रातछ, केही समय पर्खनुहोस् भन्दा पनि पर्खिदैनन् !"

महानाम कराएको, खिन्नभएको र धिक्कारेको कुरा भिक्षुहरूले सुने । जो भिक्षुहरू अल्पेच्छी सन्तुष्ट स्वभावका, लज्जालु, संकोची र शिक्षाकामी थिए उनीहरू कराउन थाले, खिन्नहुन थाले र धिक्कार्न थाले-- किन यी छवर्गीय भिक्षुहरू' महानाम शाक्यले-- "आज जुनेली रातछ, केही समय पर्खनुहोस् भन्दा पनि नपर्खने !" भन्दै यो प्रवृत्ति भगवान्लाई सुनाए । अनि भगवान्ले यस सन्दर्भमा भिक्षुहरू जम्मागराई छवर्गीय भिक्षुहरूसँग सोध्नु भयो-- "हे भिक्षुहरू ! साँच्चै हो कि, तिमीहरूले महानाम शाक्यले 'आज जुनेली रातछ, पर्खनुहोस् ! भन्दा पनि नपर्खेको ?"

"साँच्चै हो, भगवान् !" भनी उनीहरूले प्रत्युत्तर दिए ।

त्यसपछि भगवान्ले निन्दागर्नु हुँदै-- "मोघपुरुष ! तिमीहरूले प्रतिकूल गऱ्यौ, प्रतिलोम गऱ्यौ, नराम्रो गऱ्यौ, अश्रामण्य काम गऱ्यौ, गर्ननहुने काम गऱ्यौ; महानाम शाक्यले-- 'आज जुनेली रातछ, केही समय पर्खनुहोस् !' भन्दा पनि किन तिमीहरूले नपर्खेको ! हे मेघपुरुष!

तिमीहरूको यस्तो कार्यद्वारा न अप्रसन्न भएकलाई प्रसन्न पार्नसक्छ, न प्रसन्न भएकालाई उसको प्रसन्नता बढाउनसक्छ, बल्कि यस्तो कार्य-द्वारा अप्रसन्न भएकालाई पनि झन् अप्रसन्न गराउनका साथै कुनै कुनै प्रसन्न भएकालाई पनि अन्यथा पार्नसक्छ ।"

यसरी भगवान्ले ती भिक्षुहरूलाई अनेकप्रकारले निन्दागरी— "दुर्भरता, दुःपोष्यता, महत्इच्छा, असन्तुष्टिता, सङ्गणिकता,[1] आलस्यताको अवर्णना गर्नुभई, अनेकप्रकारले— सुभरता, सुपोष्यता, अल्पेच्छता, सन्तुष्टता, शिक्षाकामीता, तपस्वीभाव, प्रासादिकता, असंग्रहीता र वीर्यवानको वर्णना गर्नुँदै— भिक्षुहरूलाई तदनुरूप तदनुकूल, तदनुलोमिक धार्मिक कुरा सुनाई आमन्त्रण गर्नुभयो :—

"त्यसोभए, हे भिक्षुहरू ! निम्न दशकारण (गुण) लाई ध्यानमाराखी भिक्षुहरूका निम्ति शिक्षापद (नियम) प्रज्ञापन गर्छु ।

'(१) सङ्घलाई (संगठनलाई) स्वस्थ राख्नकालागि, (२) सङ्घसदस्यलाई सुखपूर्वक बस्नकालागि, (३) दुःशीलहरूका निन्दाकालागि, (४) शिक्षाकामीहरूका अनुकूल विहारकालागि, (५) यसै जीवनमा आस्रवहरूलाई संयम गर्नकालागि, (६) सम्परा-यिक आस्रवहरूलाई हननगर्नकालागि, (७) अप्रसन्नहुनेलाई प्रसन्नपार्न, (८) प्रसन्नहुनेलाई अधिक प्रसन्नपार्न, (९) सद्धर्म स्थिरताकालागि

---

१. दुइ तीन जनाका झुण्डबनाई कुराकानी गरिरहने बानीलाई 'सङ्गणिकता' भन्दछन् ।

२ (१०) विनय-शिक्षा सुरक्षित पार्नका लागि ।'

"भिक्षुहरू ! निम्न शिक्षापद (नियम) निम्नप्रकारले पालन गर्न सिक्नुपर्छ :-- 'निरोगी भिक्षुले, चतुर्मासम्मका निम्ति पवारणा[1] गरेको प्रत्यय[2] स्वीकार गर्नुपर्छ; यदि फेरि (बढता दिनकोलागि) पवारणा गरेमा अथवा नित्यपवारणा गरेमा बाहेक त्यसभन्दा (चार महीनाभन्दा) बढता दिन स्वीकार गरेमा पाचित्तिय[3] भन्ने अपराध लाग्नेछ ।"

× × ×

मूल सूत्र :—

१६–बिरामी बुद्धकहाँ

एक समय भगवान् शाक्यजनपदको कपिलवस्तुस्थित न्यग्रोधारामसा बस्नु भएको थियो[4] ।

त्यस समय भगवान् रोगबाट मुक्तभई रोगासनबाट उठनु

---

१. दिन्छुभनी बचन दिइराखेको ।

२. औषधिमा गनिने पदार्थहरू ।

३. शिक्षापद (नियम) बिगारेमा भिन्न भिन्न प्रकारका दोषलाग्छन् । त्यसमध्येका एकलाई 'पाचित्तिय' भन्दछन् ।

४. अं. नि- ३ पृ. २०३ महानामसक्कसुत्तं ।

भएको केही समयमात्र भएको थियो । अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग निम्नकुरा सोधे :—

ध्यान पहिले कि ज्ञान पहिले ?

"भन्ते ! धेरै समयदेखि भगवान्ले यस्तो धर्मोपदेश गर्नुभएको मलाई थाहाछ कि— 'समाहितचित्त (एकाग्र चित्त) हुनेलाई ज्ञान हुन्छ, समाहितचित्त नहुनेलाई हुँदैन ।' भन्ते ! के, समाधि पहिले हुन्छ अनि ज्ञान हुन्छ कि अथवा ज्ञान पहिले हुन्छ अनि मात्र समाधि?"

त्यस समय आयुष्मान् आनन्दको मनमा यस्तो लाग्यो :—

"भगवान् रोगबाट मुक्तभई रोगासनबाट उठनु भएको केही समय मात्र भएको छ । यी महानाम शाक्यले भगवान्सँग अति गम्भीर प्रश्न सोध्दैछन् । किन म महानाम शाक्यलाई एक ठाउँमालगी उपदेश नगरौं !"

आयुष्मान् आनन्दको उपदेश

अनि आयुष्मान् आनन्दले महानाम शाक्यलाई बाहुमा समाती एक ठाउँमालगी महानाम शाक्यलाई भन्नुभयो :—

"हे महानाम ! भगवान्ले (क) शैक्ष-शीलकोबारेमा पनि

उपदेश दिनु भएको छ, अशैक्ष-शीलकोबारेमा पनि उपदेश दिनु भएकोछ, (ख) शैक्ष-समाधिकोबारेमा पनि उपदेश दिनु भएको छ, अशैक्ष-समाधिकोबारेमा पनि उपदेश दिनुभएको छ, (ग) शैक्ष-प्रज्ञाकोबारेमा पनि उपदेश दिनुभएको छ, अशैक्ष-प्रज्ञाकोबारेमा पनि उपदेश दिनुभएको छ ।"

शैक्ष शील

"शैक्ष-शील भनेको के हो भने— यहाँ भिक्षु शीलवान् हुन्छ, प्रातिमोक्षसंवर[1] शीलले संयमी हुन्छ, आचार-गोचर सम्पन्न हुन्छ, अणुमात्र दोष देखेर पनि डराउँछ, राम्ररी शिक्षा-पदहरू ग्रहणगरी पालनगर्छ । महानाम ! यसैलाई 'शैक्ष-शील' भन्दछन् ।"

शैक्ष-समाधि

"शैक्ष-समाधि भनेको के हो भने— यहाँ भिक्षु (१) कामविषयबाट अलगभई, वितर्क विचार सहित, एकान्तवास (ध्यान) बाट प्राप्त प्रीति र सुखले युक्त प्रथमध्यान प्राप्तगरी बस्दछ, (२) वितंक-विचारलाई उपशान्तगरी, वितर्क-विचार रहित, अभ्यन्तर सम्प्रसाद र एकाग्रचित्तले युक्त समाधिज प्रीति र सुखले युक्त द्वितीय-ध्यान प्राप्तगरी बस्दछ, (३) प्रीति पनि त्यागी, स्मृति सम्प्रजन्य शारीरिक सुखानुभवगरी, उपेक्षी भई, आर्यहरूद्वारा— 'उपेक्षी स्मृति

---

१. २२७ भिक्षु नियमका एक समूहलाई प्रातिमोक्ष-शील भनिन्छ ।

सुखविहारी' भनिने तृतीयध्यान प्राप्तगरी बस्दछ, (४) सुखलाई पनि त्यागी, दुःखलाई पनि त्यागी, पहिले नै सौमनस्य-दौर्मनस्यको अन्तगरी, सुख-दुःख नभएको उपेक्षा-स्मृति-परिशुद्धगरी चतुर्थध्यान प्राप्तगरी बस्दछ । महानाम ! यसैलाई 'शैक्ष-समाधि' भन्दछन् ।"

शैक्ष-प्रज्ञा

"शैक्ष-प्रज्ञा भनेको के हो भने— यहाँ भिक्षुले 'यो दुःख हो' भनी यथार्थतः जान्दछ, 'यो दुःख समुदय हो' भनी यथार्थतः जान्दछ, 'यो दुःख निरोध हो' भनी यथार्थतः जान्दछ र 'यो दुःख निरोधको मार्ग हो' भनी यथार्थतः जान्दछ । महानाम ! यसैलाई 'शैक्ष प्रज्ञा' भन्दछन् ।"

"हे महानाम ! उपरोक्ताकारले सो आर्यश्रावक शीलसम्पन्नभई, समाधि सम्पन्नभई, प्रज्ञा सम्पन्नभई आस्रवक्षयगरी अनास्रवभई, चित्त-विमुक्ति र प्रज्ञा-विमुक्तिलाई यसै जीवनमा स्वयं अभिज्ञान साक्षात्कारगरी बस्दछ ।

"हे महानाम ! यसरी भगवान्‌ले शैक्ष-शीलकोबारेमा र अशैक्ष-शीलकोबारेमा पनि उपदेश दिनुभएको छ; शैक्ष-समाधिकोबारेमा र अशैक्षसमाधिकोबारेमा पनि उपदेश दिनुभएको छ तथा शैक्ष-प्रज्ञाको-बारेमा र अशैक्ष-प्रज्ञाकोबारेमा पनि उपदेश दिनुभएको छ ।"

[यति उपदेश सुनी महानाम शाक्य सन्तुष्ट भए ।]

× × ×

मूल सूत्रः—

१७–सँधै भावितागर

एक समय भगवान्, शाक्जनपदको कपिलवस्तुस्थित न्यग्रोधारामसा बस्नु भएको थियो[१]

त्यस बखतमा महानाम शाक्य रोग निकोभई भरखरै विरामीको आसनबाट उठेका थिए। त्यस बखत केही भिक्षुहरू "चीवर सिद्धिएर तीनमहीना पनि सिद्धिएपछि भगवान् चारिकार्थ जानुहुनेछ" भन्दै भगवान्को चीवर सिउँदै थिए।

महानाम शाक्यले "चीवर सिद्धिएर तीनमहीना पनि सिद्धिएपछि भगवान् चारिकार्थ जानुहुनेछ' भन्दै केही भिक्षुहरूले भगवान्को चीवर सिउँदै छन्" भन्ने खबर सुने। अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एकछेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग निम्न प्रश्न सोधे :—

"भन्ते भगवान्! मैले सुने कि 'चीवर सिद्धिएर तीनमहीना पनि सिद्धिएपछि भगवान् चारिकार्थ जानुहुनेछ' भन्दै केही भिक्षुहरूले भगवान्को चीवर सिउँदैछन्।' भन्ते! हामी विभिन्न प्रकारका विषयमा मनलगाई बस्नेहरूले कुन विषयमा मनलगाई बसे बढिया होला?"

---

१. अं. नि- ११ पृ. ३७५: दुतियमहानामसुत्तं।

"साधु ! साधु !! महानाम ! तिमीहरूका निम्ति यो प्रतिरूप छ, कुलपुत्रहरूका निम्ति यो प्रतिरूप छ, जो तिमी तथागतकहाँ आई 'हामी विभिन्न प्रकारका विषयमा मनलगाई बस्नेहरूले कुन विषयमा मनलगाई बसे बढिया होला' भनी सोध्दछौं ।

"हे महानाम ! (१) श्रद्धाहुने आराधक (निर्वाणको) बन्नसक्छ, श्रद्धा नहुने सक्तैन, (२) वीर्यहुने आराधक बन्नसक्छ, वीर्य नहुने सक्तैन, (३) स्मृतिहुने आराधक बन्नसक्छ, स्मृति नहुने सक्तैन, (४) समाहितचित्तहुने आराधक बन्नसक्छ, समाहितचित्त नहुने सक्तैन, (५) प्रज्ञाहुने आराधक बन्नसक्छ, प्रज्ञा नहुने सक्तैन ।

"हे महानाम ! यी (उक्त) पाँच कुशल धर्महरूमा प्रतिष्ठितभई अरू छ कुशलधर्महरू भावितागर ।"

छ अनुस्मृति

१– बुद्धानुस्मृति– "हे महानाम ! यसरी तथागतको अनुस्मरण गर– 'वहाँ भगवान् अरहत् हुनुहुन्छ[1],० र वहाँ भगवान् बुद्ध हुनुहुन्छ ।'

"हे महानाम ! जुन बेला आर्यश्रावकले तथागतको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त रागयुक्त, द्वेषयुक्त तथा मोहयुक्त हुँदैन । त्यसवखत उसको चित्त ऋजुमार्गमा लागेको हुन्छ । जब तथागत

१. हेर पृ. २२५ बुद्धानुस्मृतिमा ।

अनुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध' धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा कायशान्त (निश्चल) हुन्छ, कायशान्त भएपछि सुखानुभव हुन्छ, सुखितचित्त समाधिष्ठ हुन्छ।

"हे महानाम ! यो बुद्धानुस्मृतिलाई तिमीले हिँडिरहँदा, उभिइरहँदा, बसीरहँदा, लेटिरहँदा, कामकाज हेरीरहँदा तथा पुत्र-सम्बाधसहित घरमा बसीरहँदा पनि भावितागर।

२- धर्मानुस्मृति— "पुनः महानाम ! तिमीले यसरी धर्मानुस्मरण गर-- 'भगवान्‌को धर्म सु-आख्यातछ,[१] विज्ञजनले आफैं अवबोधगर्न सक्छ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले धर्मको अनुस्मरण गर्छ, त्यसबेला उसको चित्त रागयुक्त, द्वेषयुक्त तथा मोहयुक्त हुँदैन। त्यसबखत उसको चित्त ऋजुमार्गमा लागेको हुन्छ। जब धर्मानुस्मरणको कारणले चित्त ऋजु भएको हुन्छ अर्थात् चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा कायशान्त हुन्छ, कायशान्त भएपछि सुखानुभव हुन्छ, सुखितचित्त समाधिष्ठ हुन्छ।

"हे महानाम यो धर्मानुस्मृतिलाई तिमीले हिँडिरहँदा,

---

१. हेर पृ. २२६ धर्मानुस्मृतिमा।

उभिइरहँदा, बसीरहँदा, लेटिरहँदा, कामकाज हेरीरहँदा तथा पुत्र-सम्बाधसहित घरमा बसीरहँदा पनि भवितागर ।

३– सङ्घानुस्मृति––"हे महानाम पुनः तिमीले यसरी सङ्घको अनुस्मरण गर–– 'भगवान्‌को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[1]० र लोक-वासीकानिम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले सङ्घको अनुस्मरण गर्छ, त्यसबेल उसको चित्त ऋजुमार्गमा लागेको हुन्छ । जब सङ्घानु-स्मरणको कारणले··· चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा··· सुखानुभव हुन्छ, सुखितचित समाधिष्ठ हुन्छ ।

"हे महानाम ! यो सङ्घानुस्मृतिलाई तिमीले हिँडिरहँदा, उभिइरहँदा··· तथा पुत्रसम्वाधसहित घरमा बसीरहँदा पनि भवितागर ।

४– शीलानुस्मृति—"पुनः हे महानाम! तिमीले यसरी आफ्नो शीलानुस्मरण गर–– 'मेरो शील अखण्ड, अछिद्र, निर्दागी; क्रमसहित, स्वातन्त्र्थ, विज्ञप्रशंसित छ, दृष्टिद्वारा परामर्शित छैन, समाधिसंवर्तनिक नै छ ।'

"हे महानाम ! जुनबेला आर्यश्रावकले आफ्नो शीलानुस्मरण गर्छ, त्यसबेला उसको चित्त··· ऋजुमार्गमा लागेको हुन्छ । जब

---

1. हेर. पृ. २२६ सङ्घानुस्मृतिमा ।

शीलानुस्मरणको कारणले··· चित्त निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा··· सुखानुभव हुन्छ, सुखितचित्त समाधिष्ठ हुन्छ।

"हे महानाम! यो शीलानुस्मृतिलाई तिमीले हिँडिरहँदा, उभिइरहँदा,··· तथा पुत्रसम्बाधसहित घरमा बसीरहँदा पनि भावितागर।

५– त्यागानुस्मृति– "हे महानाम! पुनः तिमीले यसरी आफ्नो त्यागानुस्मरण गर–– 'मेरो निम्ति लाभ हो, मेरो निम्ति सुलाभ हो, जो कि मात्सर्यमलयुक्त भई घरमा बस्ने मानिसहरू मध्ये म मात्सर्यमल रहितभई घरमा बस्छु–– त्यागीभई, शुद्धहातगरी, याचकपात्रभई दानकार्यमा र दानविभाजन कार्यमा रतभई घरमा बस्दछु।'

"हे महानाम! जुनबेला आर्यश्रावकले आफ्नो त्यागानुस्मरण गर्छ, त्यसबेला उसको चित्त··· ऋजुमार्गमा लागेको हुन्छ। जब त्यागानुस्मरणको कारणले··· चित निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थावबोध, धर्मावबोध हुन्छ र धर्मसंयुक्त प्रामोद्य अनुभव हुन्छ। प्रमुदितद्वारा··· सुखानुभव हुन्छ, सुखितचित्त समाधिष्ठ हुन्छ।

"हे महानाम! यो त्यागानुस्मृतिलाई तिमीले हिँडिरहँदा, उभिइरहँदा,··· तथा पुत्रसम्बाधसहित घरमा बसीरहँदा पनि भवितागर।

६– देवतानुस्मृति–– "पुनः हे महानाम! तिमीले यसरी

देवतानुस्मरण गर–– 'चातुर्महाराजिका देवता छन्,[1]० ब्रह्मकायिक देवताछन्, यी भन्दा उत्तरोत्तर पनि देवता छन् । जुनप्रकारको श्रद्धाले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको श्रद्धा ममा पनि छ; जुनप्रकारको शीलले०··· श्रुतिले० त्यागले[2]० तथा प्रज्ञाले युक्तभई ती देवताहरू यहाँबाट च्युतभई त्यहाँ उत्पन्न भए, त्यसप्रकारको शील० श्रुति० त्याग० तथा प्रज्ञा ममा पनि छ ।'

'हे महानाम! जुनबेला आर्यश्रावकले देवतानुस्मरणगर्छ, त्यसबेला उसको चित्त रागयुक्त, द्वेषयुक्त तथा मोहयुक्त हुँदैन। त्यसबखत उसको चित्त ऋजुमार्गमा लागेको हुन्छ। जब देवतानुस्मरणको कारणले चित्त ऋजुभएको हुन्छ अर्थात् चित् निर्मल भएको हुन्छ, तब आर्यश्रावकलाई अर्थाबोध, धर्माबोध हुन्छ र धर्मसंयुक्त··· प्रामोद्य अनुभव हुन्छ । प्रमुदितद्वारा प्रीति उत्पन्न हुन्छ, प्रीतिद्वारा कायशान्त (निश्चल) हुन्छ, कायशान्त भएपछि सुखानुभव हुन्छ, सुखितचित्त समाधिष्ठ हुन्छ ।

"हे महानाम! यो देवतानुस्मृतिलाई तिमीले हिँडिरहँदा उभिइरहँदा, बसीरहँदा, लेटिरहँदा, कामकाज हेरीरहँदा तथा पुत्रसम्बाधसहित घरमा बसीरहँदा पनि भावितागर ।"

[यति उपदेश सुनी महानाम शाक्य प्रसन्न भए ।]

× × ×

---

१. हेर. पृ. २२९ देवतानुस्मृतिमा ।

२. हेर पृ. २२९ देवतानुस्मृतिमा ।

मूल सूत्र :—

१८–बुद्धद्वारा प्रशंसा

[एक दिन श्रावस्तीमा भगवान्‌ले महानाम शाक्यको प्रशंसा गर्नु हुँदै यस्तो भन्नुभयो—]

"हे भिक्षुहरू ! महानाम शाक्य छ गुण-धर्मले सुसम्पन्नभई तथागतमा निष्ठाराखी अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्[१] । कुन छ गुणहरूले भने—

'(१) बुद्ध-प्रति अटल श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) सङ्घप्रति अटल श्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान र (६) आर्य-विमुक्ति ।'

"भिक्षुहरू ! यिनै छ गुण-धर्महरूले महानाम शाक्य तथागतमा निष्ठाराखी, अमृतदर्शी तथा अमृतसाक्षात्कारगरी बसेका छन् ।"

× × ×

मूल सूत्र :—

१९–अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षुहरू तथा उपासकहरूका एक सभामा प्रणीत दानदिनेहरूमा महानाम शाक्य श्रेष्ठ

१. अं. नि–६. पृ. १४९: भल्लुकादिसुत्तं ।

छन् भनी भन्नुहुँदै भगवान्ले निम्न कुरा प्रकाश गर्नु भयो ।]

"एतदग्गं, भिक्खवे! मम सावकानं उपासकानं पणीत-दायकानं यदिदं महानाम सक्को'ति[1] ।"

अर्थ :—

"हे भिक्षुहरू! मेरा श्रावक उपासकहरूमा प्रणीताकारले दान दिनेहरूमध्येमा महानाम शाक्य अग्रछन् ।"

× × ×

मूल सूत्र :—

२०-निर्वाणको स्रोतमा पुग्नेछौ

यस्तो मैले सुने[2] ।

एक समय भगवान्, शाक्यजनपदको कपिलवस्तु नगरस्थित न्यग्रोधाराममा बस्नु भएको थियो ।

त्यस बखत महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग यस्तो निवेदन गरे :—

१. अं. नि–१. पृ. २६: एतदग्गवग्गो ।

२. सं. नि–IV पृ. ३१६: दुतियमहानामसुत्तं ।

"भन्ते ! यो कपिलवस्तु नगर समृद्धशाली, उन्नतशील छ; यो नगरमा धेरै भीडछ, जनाकीर्ण छ, यातायातको भीडले बाटामा कठिनाइ छ। भन्ते म भगवान्सँग अथवा मनोभावनीय भिक्षुहरूसँग सत्संगतगरी संध्यासमयमा कपिलवस्तु नगरमा फर्किंदा हात्ती भएको ठाउँमा, घोडा भएको ठाउँमा, रथ भएको ठाउँमा तथा मानिस भएको ठाउँमा पनि जान्न। तैपनि त्यस बखत मेरो मनले भगवान्प्रति भएको स्मरण भुल्दछ, धर्मप्रति तथा सङ्घप्रति भएको स्मरण पनि भुल्दछ। त्यस बखत मेरो मनमा यस्तो भावना उत्पन्न हुन्छ कि—'यदि यस बखत मृत्यु भएमा मेरो कस्तोगति हुँदो होला ! के अभिसम्पराय हुँदो होला' ?"

"महानाम ! डराउन पर्दैन, डराउन पर्दैन ! तिम्रोगति राम्रै हुनेछ। तिम्रो मरण नराम्रो हुने छैन।

चार गुण-धर्म

"हे महानाम ! निम्न चार गुण-धर्महरूले सुसम्पन्न हुने आर्यश्रावक निर्वाणकै स्रोतधारमा पुगेको हुन्छ, निर्वाणतिर नै पुगेको हुन्छ र निर्वाणकै नजिक गएको हुन्छ। ती चार गुण-धर्महरू कुन हुन् भने—

(१) 'महानाम ! यहाँ आर्यश्रावक बुद्धप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ,[१] र वहाँ भगवान् बुद्ध हुनुहुन्छ।'

(२) 'धर्मप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को

---

१. हेर पृ. २२५ बुद्धानुस्मृति।

धर्म सु-आख्यात छ,[१] विज्ञजनले आफै अवबोधगर्न सक्छ ।'

(३) 'सङ्घप्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ,[२] र लोकवासीका निम्ति सर्वोत्तम पुण्यक्षेत्र पनि हुन् ।'

(४) 'आर्यकान्त शीलले युक्त भएको हुन्छ—'अखण्ड-शीलले, अछिद्र-शीलले, निर्दागी-शीलले, क्रमसहित-शीलले, स्वातन्त्र्य-शीलले, विज्ञप्रशंसित-शीलले, दृष्टिले अपरामर्शित-शीलले र समाधिसंवर्तनिक-शीलले युक्त भएको हुन्छ ।'

"महामान ! जस्तो कि—पूर्वतिर झुकीरहेको, पूर्वतिर ढल्किरहेको तथा पूर्वतिरकै बोझले तानिराखेको कुनै रूखको जरो काटिदिएको खण्डमा सो रूख कतातिर ढलेर जाला ?"

"भन्ते ! जता झुकाउछ, जता ढल्किएको छ तथा जतातिर बोझिलो छ त्यतैतिर ढलेर जानेछ ।"

"हे महानाम ! यस्तैगरी—यी चार गुण-धर्महरूले युक्त भएको आर्यश्रावक निर्वाणकै स्रोतमा पुग्नेछ, निर्वाणकै नजिक पुग्नेछ र निर्वाणतिरै पुग्नेछ ।"

[यति उपदेश सुनी महानाम शाक्य सन्तुष्ट भए ।]

× × ×

---

१. हेर पृ. २२६ धर्मानुस्मृति ।

२. हेर पृ. २२६ संघानुस्मृति ।

मूल सूत्र :—

२१—अल्पसुख बहुदुःख

यस्तो मैले सुने[१] ।

एक समय भगवान्, शाक्यजनपदको कपिलवस्तुस्थित न्यग्रोधाराममा बस्नु भएको थियो ।

अनि महानाम शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका महानाम शाक्यले भगवान्सँग यस्तो विन्ति गरे :—

"भन्ते ! मैले धेरै समयदेखि भगवान्ले धर्मोपदेश गर्नु भएको जान्दछु कि—लोभ चित्तको उपक्लेशहो, द्वेष चित्तको उपक्लेशहो र मोह चित्तको उपक्लेशहो । भन्ते ! कहिले-कहिले मेरो चित्त लोभयुक्त पनि हुन्छ, द्वेष युक्त पनि हुन्छ र मोह युक्त पनि हुन्छ । अनि मेरो चित्तमा त्यस बखत यस्तो लाग्छ :—के कुरा नहटेकोले मेरो चित्त लोभयुक्त भएको होला, द्वेषयुक्त भएको होला, तथा मोहयुक्त भएको होला ?"

"हे महानाम ! सोही लोभादि अकुशल धर्महरू अभ्यन्तरबाट नहटेकाले कहिले-काँहि चित्त, लोभयुक्त भएको हो, द्वेषयुक्त भएको हो र मोहयुक्त पनि भएको हो । यदि, महानाम ! सो लोभादि अकुशल धर्महरू तिम्रो अभ्यन्तरबाट हटेका भए तिमी घरमा बस्ने थिएनौ, न कामविष-

---

१. म. नि—१. पृ. १२६: चूलदुक्खक्खन्धसुत्तं ।

-यभोग नै गर्ने थियो । महानाम ! तिम्रो अभ्यन्तरबाट सो लोभादि अकुशल धर्महरू नहटेका हुनाले नै तिमी कामविषयभोगगरी घरमा बसिरहेकाह्वौ ।

"हे महानाम ! आर्यश्रावकले कामविषयमा 'अल्पसुख, बहुदुःख, बहुक्लेश र बहुदोषहरू छन्' भन्ने यथार्थतः सम्यक् प्रज्ञाद्वारा राम्ररी बुझेको त हुन्छ, किन्तु उसले कामविषयान्तर, अकुशलविषयान्तर बाहेक अरू प्रीति-सुख स्वानुभूति गर्दैन, न सोभन्दा बढी अरू शान्ततर प्रीति-सुखनै स्वानुभव गर्छ; त्यसो हुनाले उ यत्तिकैले[1] कामविषयबाट अनावर्तित हुन सक्तैन ।

'जब महानाम ! आर्यश्रावकले कामविषयमा 'अल्पसुख, बहुदु:ख, बहुक्लेश र बहुदोषहरू छन्' भन्ने यथार्थतः सम्यक् प्रज्ञाद्वारा राम्ररी बुझेको हुन्छ र उसले कामविषयान्तर, अकुशलविषय न्तर बाहेक अरू प्रीति-सुख पनि स्वानुभूति गर्छ, सोभन्दा बढी अरू शान्ततर प्रीति-सुख पनि स्वानुभवगर्छ, तब उ कामविषयबाट अनावर्तित हुन सक्तछ ।

"हे महानाम ! मैले पनि सम्बोधि प्राप्तहुनु अगाडि, अभिसम्बुद्ध नहुँदै, बोधिसत्वछँदै कामविषयमा 'अल्पसुख. बहुदु:ख, बहुक्लेश र बहुदोषहरू छन्' भन्ने यथार्थतः सम्यक् प्रज्ञाद्वारा राम्ररी बुझेको त थिएँ, किन्तु कामविषयान्तर र अकुशलविषयान्तर बाहेक अरू प्रीति-सुख स्वानुभूति गर्न सकेको थिइन, सोभन्दा अरू शान्ततर प्रीति-सुख पनि

१. यहाँ यत्तिकैले' भनेको अर्थ 'कामविषयमा अल्पसुखादि छ' भनी हेर्न सक्ने, देख्न सक्ने मात्र ।

स्वानुभव गर्न सकेको थिइन; त्यसैहुनाले मैले कामविषयबाट अनावर्ति-धर्मको अनुबोध गरिसकें भनी ज्ञापन गरिन ।

"हे महानाम ! जब मैले कामविषयमा 'अल्पसुख, बहुदुःख, बहुक्लेश र बहुदोषहरू छन्' भन्ने यथार्थतः सम्यक् प्रज्ञाद्वारा राम्ररी बुझें तथा कामविषयान्तर र अकुशलविषयान्तर बाहेक अरू प्रीति-सुख पनि स्वानुभूतिगरें र योभन्दा अरू पनि शान्ततर प्रीति-सुख पनि स्वानुभव गरें, तब मैले कामविषयबाट अनावर्तिधर्मको पनि अनुबोधगरिसकें भनी ज्ञापनगरें ।

कामको आस्वाद केहो ?

"हे महानाम ! कामविषयको आस्वाद भनेको केहो भने ?—

"हे महानाम ! यी कामविषयका पाँच आस्वाद हुन् । कुन पाँच भने (१) चक्षु-विज्ञेय रूप इष्ट, कान्त, मनाप (मन लाग्ने), प्रियरूप, कामूपसंहित (राग उत्पन्न गर्ने) र रजनीय (चित्तलाई रञ्जितपार्ने); (२) श्रोत-विज्ञेय शब्द—इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय; (३) घ्राण-विज्ञेय गन्ध - इष्ट, कान्त ··· र रजनीय; (४) जिह्वा-विज्ञेय रस—इष्ट, कान्त ··· र रजनीय तथा (५) काय-विज्ञेय स्पर्श इष्ट, कान्त ··· र रजनीय। यिनै पाँच कामविषयका आस्वादहुन्, गुणहुन्, बन्धन् पनि हुन् ।

"हे महानाम ! उक्त पाँच कामगुणका कारणबाट जो सुख र सौमनस्य (मानसिक सुख) उत्पन्न हुन्छन् त्यसैलाई कामको आस्वाद भनिन्छ ।

कामको दोष केहो ?

(क) "हे महानाम ! कामविषयको दोष केहो भने—यहाँ कुलपुत्रले विभिन्न शिलपद्वारा जीविका गर्छ—मुद्रागिन्तिद्वारा, गणित-द्वारा, खेत नाप्ने शिलपद्वारा, कृषिकर्मद्वारा, वाणिज्यद्वारा, गौपालनद्वारा, राजाको चाकरीद्वारा, सर्कारी नोकरीद्वारा अथवा अरू कुनै शिलपद्वारा। उसले सर्दी-गर्मी सहनगर्छ। कीट-पतंगादिबाट हुने पीडा सहनगर्छ, मेहन-तगर्छ, क्षुधापिपासा सही मरीमेटी कामगर्छ। यो पनि महानाम ! कामविषयको दोषहो जो यसै जन्ममा देखिन्छ। यही दुवखस्कन्ध हो जो कि कामहेतु, कामनिदान र कामसम्बन्धले उत्पन्न हुन्छ।

(ख) "हे महानाम ! यसरी (उक्तप्रकार) उत्साह, प्रयत्न र मेहनतगर्दा पनि उसले भोगसम्पत्ति प्राप्तगर्न सकेन भने उ 'मेरो उत्साह निष्फलभयो, मेरो मेहनत खेरगयो' भनी शोकगर्छ, सन्तापगर्छ, रुन्छ पनि टाउकोमा हातराखी विलाप पनि गर्छ। यो पनि, महानाम ! कामविषयको दोषहो जो यसै जन्ममा देखिन्छ। यहो दुःखस्कन्ध हो जो कि कामहेतु, कामनिदान र कामसम्बन्धले उत्पन्न हुन्छ।

(ग) "हे महानाम ! यसरी उत्साह, प्रयत्न र मेहनतगर्दा उसलाई भोगसम्पत्ति लाभ भयोभने उ त्यो भोगसम्पत्ति रक्षाको लागि दुःख दौर्मनस्य अनुभव तथा चिन्तागर्छ—'के यो मेरोधन राजाले हरण-गर्ने त होइन ? चोरले लैजाने त होइन ? आगोले भष्महुने त होइन ? पानीले बगाएर लैजाने त होइन ? अप्रिय अनधिकारी पुरुषको हातमा पर्ने त होइन ?' यसरी चिन्ता गर्दागर्दै, यसरी स्याहार गर्दागर्दै—त्यो

सम्पत्ति राजाले हरणगर्छ वा चोरले चोरीगर्छ वा आगोले खान्छ अथवा पानीले बगाई लैजान्छ वा अप्रिय अनधिकारी पुरुषको हातमापर्छ । अनि यसैको कारणले उ 'जो मेरो थियो, त्यो पनि छैन' भनी शोक-सन्ताप लिन्छ, रुन्छ पनि टाउकोमा हातराखी विलाप पनि गर्छ—'हरे, अब के गर्ने होला !' भन्दै सम्मोहित पनि हुन्छ । यो पनि महानाम ! कामविषयको दोषहो जो यसै जन्ममा देखिन्छ । यही दुःखस्कन्ध हो जो कामहेतु, कामनिदान र कामसम्बन्धले उत्पन्न हुन्छ ।

(घ) "हे महानाम ! फेरि कामहेतु, कामनिदान र कामैको सम्बन्धले राजा पनि राजासँग झगडागर्छ, क्षत्री पनि क्षत्रीसँग झगडागर्छ; ब्राह्मण पनि ब्राह्मणसँग झगडागर्छ, गृहपति पनि गृहपतिसँग झगडागर्छ; आमा पनि पुत्रसँग र पुत्र पनि आमासँग झगडागर्छ; पिता पनि पुत्रसँग र पुत्र पनि पितासँग झगडागर्छ; दाजु-भाइ पनि दिदी-बहिनीसँग र दिदी-बहिनी पनि दाजु-भाइसँग झगडागर्छन् तथा साथी पनि साथीसँग झगडागर्छ । उनीहरू कलह, विग्रह, विवादगरी परस्पर हात पनि छाडन थाल्छन्, लट्ठीले पनि पिट्न थाल्छन्, लाठाले पनि पिट्न थाल्छन्, शस्त्र पनि चलाउन थाल्छन् । उनीहरूको त्यहाँ मरण पनि हुन्छ अथवा उनिहरू मरणतुल्य दुःख पनि भोग्छन् । यो पनि, महानाम ! कामविषयकै दोषहो जो यसै जन्ममा देखिन्छ । यही दुःखस्कन्ध हो जो कामहेतु उत्पन्न ··· हुन्छ ।

(ङ) "हे महानाम ! फेरि कामहेतु, कामनिदान र कामैको सम्बन्धले ढाल-तरवारले सज्जितभई, धनुष-वाँणले सज्जितभई—दुवै पक्ष ब्यूहमागई संग्राम पनि गर्न थाल्छन् । भालाले पनि रोप्छन्, वाँणले

पनि हान्छन्, तरवारले पनि प्रहारगर्छन् । उनीहरूलाई त्यहाँ भालाले पनि लाग्छ, वाँणले पनि लाग्छ र उनीहरूका शीरहरू पनि तरवारद्वारा काटिन्छन् । उनीहरूको त्यहाँ मरण पनि हुन्छ, अथवा उनिहरू मरणतुल्य दुःख पनि भोग्छन् । यो पनि, महानाम ! कामविषयकै दोषहो जो यसै जन्ममा देखिन्छ । यही दुःखस्कन्ध हो जो कामहेतु…उत्पन्न हुन्छ ।

(च) "हे महानाम ! फेरि कामहेतु, कामनिदान र कामैको सम्बन्धले ढाल-तरवारले सज्जितभई, धनुष-वाँणले सज्जितभई, किल्लाबनाइ राखेको ठाउँमा यता-उता दगुर्छन्—भालाले रोपेर पनि, वाँणले हानेर पनि, तरवारले प्रहार गरेर पनि । उनीहरूलाई त्यहाँ भालाले पनि रोपिन्छ, वाँणले पनि लाग्छ, गोबरहिलोले पनि छ्याप्छन्, जनसमूहले पनि कुलिचन्छन् र उनीहरूको शीरहरू पनि तरवारद्वारा काटिन्छन् । उनीहरूको त्यहाँ मरण पनि हुन्छ, अथवा उनिहरू मरणतुल्य दुःख पनि भोग्छन् । यो पनि महानाम ! कामविषयकै दोषहो जो यसै जन्ममा देखिन्छ । यही दुःखस्कन्ध हो जो कामहेतु … उत्पन्न हुन्छ ।

(छ) "फेरि, महानाम ! कामहेतु, कामनिदान र कामैकोसम्बन्धले घर पनि फोर्छन्, लूटपाट पनि गर्छन्, गाउँका गाउँ पनि लुट्छन्, चारदोबाटामा बसी डाका पनि मार्छन्, परस्त्रीगमन पनि गर्छन् । अनि उनीहरूलाई समाती राजाले विभिन्नप्रकारका सजाँय, दण्ड पनि दिन्छन्—कोर्राले पनि पिट्छन्, बेतको छडीले पनि पिट्छन्, आधा फलाम भएको छडीले पनि पिट्छन्; हात पनि काट्छन्, खुट्टापनि काट्छन्, हात-खुट्टा पनि काट्छन्; कान पनि काट्छन्, नाक पनि काट्छन्, नाक-कान पनि काट्छन्; खोपडी पनि निकाल्छन्, टाउकोको छाला पनि

निकाल्छन्; बलेको पाला मुखभित्र पनि राखिदिन्छन्; तेलको कपाडा लपेटी शरीर पनि बालिदिन्छन्, हात पनि बालिदिन्छन्; गरधनदेखि गोली-गाँठासम्म छाला काड्छन्, आँङ्को छालालाई जहाँपायो त्यहींबाट काड्छन्; जोर्नी जोर्नीमा किला ठोकिदिन्छन्, बल्छीले तानि तानि मासु झिक्छन्, कम्पनी जत्रो टुक्रा टुक्रा पारी मासुको चोक्टा झिक्छन्, काँइयोले कोरेकोझैं शरीर चिरी क्षार (नुन) पनि राखिदिन्छन्; भुईंमा सुताई कानबाट किला ठोकिदिन्छन्, हाडहरूलाई धुस्नुजस्तै पारिदिन्छन्; तातो तेल खन्याइ दिन्छन्; कुकुरलाई ख्वाइ दिन्छन्, जिउँदै शूलीमा चढाउँछन्, तरवारले शीर पनि काटिदिन्छन्। उनीहरूको त्यहाँ मरण पनि हुन्छ, अथवा उनिहरू मरणतुल्य दुःख पनि भोगगर्छन्। यो पनि महानाम ! कामविषयकै दोषहो जो यसै जन्ममा देखिन्छ। यही दुःखस्कन्ध हो जो काम हेतु…उत्पन्न हुन्छ।

(ज) "फेरि, हे महानाम ! कामहेतु, कामनिदान र कामैको-सम्बन्धले कायद्वारा दुराचार गर्छन्, वचनद्वारा दुराचार गर्छन् तथा मनद्वारा दुराचार गर्छन्। उनीहरू कायद्वारा, वचनद्वारा तथा मनद्वारा दुराचारगरी शरीरछाडी मृत्युपछि अपाय, दुर्गति, विनिपात र नर्कमा पनि उत्पन्न हुन्छन्। यो पनि महानाम ! कामविषयकै सम्परायिक दोषहो। यही दुःखस्कन्ध हो जो कामहेतु … उत्पन्न हुन्छ।

निगण्ठ सर्वदर्शीछ

"हे महानाम ! एक समय म राजगृह नगरको गृघकूट पर्व-

तमा बसेको थिएँ । त्यस वखत केही निगण्ठहरू[१] ऋषिगिरी (इसिगिलि) पर्वतको एकापट्टि कालोढुँगाको एक चट्टानमा कष्टभोगी, तिब्र, खरो तथा कटुवेदना सही आसनमा नबसी उभिइएर नै बसेका थिए । अनि म सन्ध्यासमयमा ध्यानबाट उठी ऋषिगिरी पर्वतको एकापट्टि कालोढुँगाको चट्टानमा जहाँ ती निगण्ठहरू थिए त्यहाँगएँ । त्यहाँ पुगेपछि मैले ती निगण्ठहरूसँग सोधें :—

'आवुसो निगण्ठहरू ! किन तिमीहरू सधैं कष्टभोगी तीब्र, खरो, तथा कटुवेदना सही आसनमा नबसी उभिइएर बसेकाछौ ?'

यस्तो सोध्दा ती निगण्ठहरूले मलाई यस्तो जवाफ दिए :—

'आवुसो ! निगण्ठनाथपुत्र सर्वज्ञ हुनुहुन्छ, सर्वदर्शी (त्रिकालदर्शी), अपरिशेष ज्ञानदर्शी हुनुहुन्छ वहाँ हिंडिरहेको बेलामा पनि, उभिइरहेको बेलामा पनि, सुतिरहेको बेलामा पनि, जागरणभई बसेको बेलामा पनि--निरन्तर ज्ञानदर्शी हुनुहुन्छ । वहाँ भन्नुहुन्छ—'हे निगण्ठहरू तिमीहरूले अघि पापकर्म गरेका थियौ, सो पापकर्मलाई यो कटु तथा दुष्करकारिताद्वारा मासिद्यौ; जो अहिले तिमीहरू कायसंयम, वाक्संयम र मनसंयम गर्दछौ यसबाट अनागतमा पापकर्म हुनेछैन— यसरी पुरानो पापकर्म तपस्याद्वारा निस्तारण हुनेछ, नयाँ कर्म नगर्नाले भविष्यमा आस्रव हुनेछैन, भविष्यमा आस्रव नहुनु कर्मक्षयहो, कर्मक्षयबाट दुःखक्षय, दुःखक्षयबाट वेदनाक्षय, वेदनाक्षयबाट सबै दुःख

१. जैनसम्प्रदायका दिगम्बर साधुहरू ।

मासिएर जानेछ ।' यी कुराहरू हामी रुचाउँछौं, स्वीकार पनि गर्छौं त्यसमा खुशी पनि छौं ।

"हे महानाम ! यस्तोभन्दा मैले तिनीहरूलाई यस्तो भने :—

'हे आवुसो, निगण्ठहरू ! के तिमीहरूलाई 'हामीहरू अघि थियौं वा थिएनौं' भनी थाहाछ ?'

'थाहा छैन, आवुसो !'

'हे आवुसो, निगण्ठहरू ! के तिमीहरूलाई 'हामीहरूले अघि पापकर्म गरेका थियौं वा थिएनौं' भनी थाहा छ ?'

'थाहा छैन, आवुसो !'

'हे आवुसो, निगण्ठहरू ! के तिमीहरूलाई 'यस्तो यस्तो पाप-कर्म गरेका थियौं' भनी थाहा छ ?'

'थाहा छैन, आवुसो !'

'हे आवुसो, निगण्ठहरू ! के तिमीहरूलाई 'यति दुःख मासि-सक्यौं, यति दुःख मास्न बाकीछन्, यति दुःख मास्दा सबै दुःखहरू मासिनेछन्' भनी थाहा छ ?'

'थाहा छैन, आवुसो !'

'हे आवुसो, निगण्ठहरू ! के तिमीहरूलाई 'यसै जन्ममा अकुशल धर्मलाई छाडनु र कुशल धर्मलाई संग्रहगर्नु पर्छ' भनी थाहाछ ?'

'थाहा छैन, आवुसो !'

'हे आवुसो, निगण्ठहरू ! तिमीहरूलाई 'अघि हामीहरू थियौं वा थिएनौं' भन्ने पनि थाहा छैन, 'अघि हामीहरूले पापकर्म गरेका

थियौं वा थिएनौं' भन्ने पनि थाहा छैन, 'यस्तो यस्तो पापकर्म गरेका थियौं' भन्ने पनि थाहा छैन, 'यति दुःख मासिसक्यौं र यति दुःखहरू मास्न बाँकी छन्; यति दुःख मास्दा सबै दुःख मासिने छन्' भन्ने पनि थाहा छैन, 'यसै जन्ममा अकुशल धर्मलाई त्यागी कुशलधर्म संग्रह गर्नुपर्छ' भन्ने पनि थाहा छैन। त्यसोभए आवुसो, निगण्ठहरू! जो लोकमा रौद्र, लोहितपाणि, क्रूरकर्म गर्नेहुन् ती मानिसहरू निगण्ठ सम्प्रदायमा प्रव्रजित हुने छन् (पाप मास्नका लागि)।'

बिम्बिसार र बुद्धमा को सुखी छन्?

'हे आवुसो, गौतम! न सुखले सुख प्राप्तगर्न सकिन्छ, बल्कि दुःखले नै सुख प्राप्तगर्न सकिन्छ। यदि आवुसो गौतम! सुखले सुख प्राप्तगर्न सकिने भए, मगधराजा सेनीय बिम्बिसारले सुख प्राप्तगरेको ठहरिने छ। मगधराजा सेनीय बिम्बिसार तपाइ आयुष्मान् गौतम भन्दा धेरै सुखपूर्वक बस्दछन्।'

'साँच्चै नै आयुष्मान् निगण्ठहरूले 'आवुसो गौतम! नसुखले सुख प्राप्तगर्न सकिन्छ, बल्कि दुःखले नै सुख प्राप्तगर्न सकिन्छ।... मगधराजा सेनीय बिम्बिसार तपाइ आयुष्मान् गौतमभन्दा धेरै सुखपूर्वक बस्दछन्' भनी विनाविचारले भ्वाट्ट भन्नु भयो। यस सन्दर्भमा आयुष्मान् निगण्ठहरूले 'आयुष्मान्हरू मध्ये को सुखपूर्वक बस्छन्?— मगधराजा सेनीय बिम्बिसार कि आयुष्मान् गौतम?' भनी मसँग सोध्नु पर्दथ्यो।'

'आवुसो, गौतम ! साँच्चै नै हामीले विनाविचारगरी भ्रवाट्ट यस्तो कुरा भन्यौं--'आवुसो, गौतम ! न सुखले सुख प्राप्तगर्न सकिन्छ ... ।' यो कुरा त्यसै रहुन्; अहिले पनि हामी तपाइ गौतमसँग सोध्न सक्छौं भन्दै सोधें--'आयुष्मान्‌हरूमध्ये को अधिक सुखपूर्वक बस्छन् ?--मगधराजा सेनीय बिम्बिसार कि आयुष्मान् गौतम ?'

'त्यसोभए आवुसो निगण्ठहरू ! म तपाइहरूसँगै निम्न कुरा सोध्ने छु, तपाइहरूलाई जस्तो लाग्छ त्यस्तो उत्तर दिनु होस् ।

'मगधराजा सेनीय बिम्बिसारले शरीर नचलाई, मुखले कुरा नगरी, सात दिन-रात बिताई एकान्तसुख अनुभवगरी बस्न सक्छन् ? यसबारे तपाइहरू के भन्नु हुन्छ ?'

'आवुसो ! सक्दैनन् ।'

'आवुसो, निगण्ठहरू ! के मगधराजा सेनीय बिम्बिसारले शरीर न चलाई, मुखले कुरा नगरी छ दिन-रात,... पाँच दिन-रात,... चार दिन-रात,... तीन दिन-रात,... दुइ दिन-रात,... एक दिन-रात बिताई एकान्त सुख अनुभवगरी बस्न सक्छन् त ? यसबारे तपाइहरू के भन्नु हुन्छ ?'

'आवुसो, सक्दैनन् ।'

'आवुसो, निगण्ठहरू ! म शरीर नचलाई, मुखले कुरा नगरी एक दिन-रात,...दुइ दिन-रात,...तीन दिन-रात,...चार दिन-रात,... पाँच दिन-रात,... छ दिन-रात,... सात दिन-रातसम्म पनि एकान्त सुखानुभवगरी बस्न सक्छु । यसोभए, आवुसो निगण्ठहरू ! को अधिक-

तर सुखपूर्वक बस्ने ठहरछ त ? मगधराजा सेनीय बिम्बिसार कि म ? यसमा तपाइहरू के भन्नु हुन्छ ?'

'यसोभए, आयुष्मान् गौतम नै मगधराजा सेनीय बिम्बिसार भन्दा अधिकतर सुखपूर्वक बस्ने ठहरिनु हुन्छ' ।"

भगवान्ले यति कुरा सुनाउनु भएपछि अतिप्रसन्नभई महानाम शाक्यले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

—☆—

६. वैशालीवासी उद्गत गृहपति

परिचय

लिच्छवी राज्यको राजधानी वैशाली नगरमा एक नामी सेठ थिए । यिनको शरीर पुष्ट, अग्लो र रूपसम्पन्न तथा यशकीर्तिले उदीयमान भएकोले यिनलाई उद्गत (उग्गतो) भनिएको हो[१] ।

उद्गत गृहपति एक समृद्धशाली कुलका थिए । सर्वप्रथम बुद्धको दर्शन पाउना साथैं यिनको मनमा अपार श्रद्धा र प्रसन्नता भएको थियो । भगवान् बुद्धलाई देख्दा यिनको मनमा कुनै शंकाले स्थान लिएको

---

१. अङ्गुत्तर अर्थकथा पृ. २१३ मा उग्गतो (उद्गत) शब्दको अर्थ बताउँदै "अत्तभावोपिस्स उग्गतो अहोसि समिद्धो, अलङ्कत तोरणं-विय उस्सित चित्तपटो विय च अतिविरोचित्थ, गुणापि उग्गता अहेसुं; सो इमेसं द्विन्नम्पि उग्गतत्ता उग्गतसेट्ठित्वेव सङ्खं गतो" अर्थात् शरीर पनि उदीयमान थियो र समृद्धि पनि, अलंकृत चित्रपट तोरण जस्तै उत्सन्नभई चम्किन्थ्यो, गुणले पनि त्यस्तै थियो अतः यी दुवै कारणले उत्सन्नता भएकोले उद्गत नै भनिएको हो भनी उल्लेख भएको हुँदा मैले यहाँ 'उग्ग' शब्दको संकृत रूपान्तर 'उग्र' शब्दलाई हिन्दी अनुवादले अनुकरणगरेता पनि 'उग्ग' शब्दको अर्थलाई विशेष ध्यानमा राखी 'उद्गत' भनी प्रयोग गरेको छु ।

थिएन । बुद्धको दर्शन पाउना साथैं यिनको मनमा अटल भक्तिले जग बसाल्यो । प्रथमवार बुद्ध दर्शनका साथ साथैं बुद्धको अमृतोपदेश श्रवण-गरी स्रोतापन्न-फल साक्षात्कारगरी केही दिनपछि पुनः तीनै मार्ग-फल साक्षात्कारगरी अनागामी भएका थिए[१] ।

यिनको घरमा ५०० भिक्षुहरूका निम्ति नित्य आसन बिच्छयाइ राखेको हुन्थ्यो । बुद्धासन पनि बिच्छयाइ राखेको हुन्थ्यो । यिनका धेरै आर्यश्रावक उपासक साथीहरू थिए ।

भगवान् बुद्धले उद्गत गृहपतिकोबारेमा उनमा छ श्रेष्ठ शील-सदाचारको अलावा आठ अश्चर्यजनक गुणहरूले सुसम्पन्न रहेको कुरा बताउनु भएको छ । यो कुरा तल लेखिएको मूल सूत्र "अष्ट आश्चर्यगुण" बाट प्रष्ट हुनेछ । यस सूत्रमा उल्लेख भएका कुराहरूमध्ये उद्गत गृहपतिले जुन आफ्ना चार पत्नीहरूलाई 'चाहे तिमीहरू घरमै बस, चाहे आमा-बाबुका घरमा जाऊ, चाहे अरू पुरुषसँग पनि जानसक्छौ' भनी भनेका कुरा हेर्दा साधारण पृथग्जन (सांसारिक) मानिसलाई आश्चर्य जस्तो लागेता पनि बुद्धोपदेशानुसार गहिरिएर हेर्दा कुनै आश्चर्य मान्नुपर्ने कारण देखिंदैन । किन भने अनागामी हुनेको संयोजनहरू मध्ये कामराग-संयोजन निर्मूल भइसकेको हुन्छ । त्यसैले उद्गत गृहपतिले "ब्रह्मचर्य-पञ्चशील ग्रहणगरिसकेको छु" भनी भनेको हो ।

उद्गत गृहपति वृद्ध अवस्थामा पुगेपछि एक दिन उनले अनेक

---

१. अं. अ. क. पृ. २१४ ।

किशिनले दानदिने विचारगरे र यस्तो पनि कल्पनागरे कि 'यस बखतमा भगवान् बुद्ध मेरो घरमा पाल्नुभए बेश हुने थियो ।' यसैबेला भगवान् बुद्ध पनि उनको मनको कुरा थाहापाई उनकै घरमा पाल्नु भयो । अनि उद्गत गृहपति सारै हर्षितभई भगवान् बुद्धले दिनु भएको उपदेश स्मरणगर्दै भगवान्लाई इच्छानुसार भोजनसहित दानदिए । यो कुरा तल लेखिएको "प्रियंकर वस्तु दान" भन्ने मूल सूत्रबाट प्रष्ट बुझिने छ । यसै प्रसंगमा एक दिन भगवान्ले उद्गत गृहपतिलाई प्रियंकर दान दिने-हरूमध्येमा अग्रगण्य छन् भनी घोषणा गर्नु भएको हो ।

उद्गत गृहपतिको निर्मल शीलको प्रभावले गर्दा उनकहाँ देवताहरू समेत आई कुरा गर्थे । 'देवतासँग कुरागर्न सक्छु' भन्ने भावनाले उनले कहिले पनि कसैसँग घमण्ड वा अहंकार गरेको देखिदैन । उनी यसै जन्ममा अर्हत् हुन कोशिस गर्दथे । किन्तु यसोहुनुअगावै देहावशानभई मनोमय ब्रह्मलोकमा उत्पन्न भए । एक दिन बुद्धको दर्शनार्थ ब्रह्मलोकबाट आउँदा उनीसँग भगवान् बुद्धले 'तिम्रो मनोकामना पूरा भयो कि भएन' भनी सोधनी गर्नु भएको बेलामा उनले अर्हत् मार्गमा प्रतिष्ठितभई पुनः यस मनुष्यलोकमा आउन न पर्नेगरी त्यहींबाटै परिनिर्वाण हुने भएको हुँदा 'मनोकामना पुराभयो' भनी बताएको हो । यसबारे तल लेखिएको "उद्गत गृहपतिको स्वर्गवास" बाट स्पष्ट हुनेछ । अरू कुराहरू पाठकहरूले स्वयं सूत्रहरू अध्ययनगरी अवबोध गर्न सक्नु हुनेछ ।

× × ×

मूल सूत्र :—

१–अष्ट आश्चर्यगुण

एक समय भगवान्, वैशालीको महावनस्थित कूटागारशालामा वस्नुभएको थियो[1] त्यसबखत भगवान्ले भिक्षुहरूलाई "भिक्षुहरू !" भनी आमन्त्रण गर्नुभयो। "भदन्त" भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले यस्तो भन्नुभयो :—

"हे भिक्षु हो! आठ आश्चर्यजनक अद्‌भुत गुणले वैशालीवासी उद्‌गत (उग्गो) गृहपति सम्पन्नछन् भनी धारणागर ।"

यति भन्नुभई भगवान् आसनबाट उठी विहारमा (आफु वस्ने घरमा) पस्नुभयो ।

अनि एक भिक्षु पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ वैशालीवासी उद्‌गत गृहपतिको घरहो त्यहाँ गए । त्यहाँ पुगेपछि बिच्छ्याई राखेको आसनमा बसे । अनि वैशालीवासी उद्‌गत गृहपति जहाँ सो भिक्षु थिए त्यहाँगई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका वैशालीवासी उद्‌गत गृहपतिलाई सो भिक्षुले निम्नकुरा सोधेः—

"हे गृहपति ! भगवान्ले 'तिमी आठ आश्चर्यजनक अद्‌भुत गुणले युक्तछौ' भनी भन्नु भएको छ । ती कुन् आठगुणहरू हुन् जसले तिमी सम्पन्न छौ ?',

---

१. अं. नि-८. पृ. ३१५ पठमउग्गसुत्तं ।

"भन्ते ! कुन आठ आश्चर्यजनक अद्‌भुत गुणहरूले युक्त छ भनी मलाई भगवान्‌ले भन्नु भएको हो सो कुरा मलाई थाहाछैन; किन्तु जुन आठ आश्चर्यजनक अद्‌भुत गुणहरू ममा विद्यमानछन्‌ ती सुन्नुहोस्‌, राम्ररो मनमा राख्नुहोस्‌, म भन्दछु ।"

"हे गृहपति ! हुन्छ" भनी सो भिक्षुले वैशालीवासी गृहपतिलाई प्रत्युत्तर दिए। अनि वैशालीवासी उद्‌गत गृहपतिले निम्न कुरा सुनाए :--

१- "भन्ते ! जब मैले भगवान्‌को सर्वप्रथम टाडैबाट दर्शन-पाएँ, दर्शन पाउनासाथै मेरो चित्त भगवान्‌प्रति प्रसन्न भएको थियो । यही पहिलो आश्चर्यजनक अद्‌भुत गुण हो जो ममा विद्यमान छ ।

आनुपूर्वी-कथा

२- "भन्ते ! त्यसपछि प्रसन्नचित्तभई भगवान्‌को सतसंगत गरें। भगवान्‌ले मलाई आनुपूर्वीकथा सुनाउनु भयो-- दान-कथा, शील-कथा, स्वर्ग-कथा, कामविषयको दोष-कथा, कामविषयको तुच्छ-कथा, कामविषयको संक्लिष्ट-कथा र नैष्क्रम्यको गुण-कथा । जब भगवान्‌ले मेरो चित्त, 'उपयुक्तछ, मृदुछ, नीवरण रहितछ, उत्साहयुक्त छ र प्रसन्न छ' भनी जान्नुभयो, तब भगवान्‌ले मलाई आफै खोजीगरी पाउनु भएको (सामुक्कंसिका) धर्मोपदेश गर्नुभयो-- 'यो दुःख हो, यो दुःखको हेतु हो, यो दुःख निरोध हो र यो दुःख निरोध हुने मार्ग हो ।' जसरी मैलो नभएको सफा र सुकिलो बस्त्रमा रँग रँगाउँदा राम्ररी रँगले

समात्ने हो त्यस्तैगरी मलाई त्यसै आसनमा विरज, वीतमल धर्मचक्षु प्राप्त भयो-- 'जे जति समुदय धर्मका हुन् ती जम्मै निरोधधर्म हुन् ।' अनि धर्म देखिसकेपछि, धर्मप्राप्त गरिसकेपछि, धर्मावबोध भइसकेपछि, धर्मको गम्भीरतामा पुगिसकेपछि-- सन्देह रहितभई, निश्चित भई, विशारदतामा प्रतिष्ठित भइसकेपछि र शास्ताको धर्मावबोध गर्नका निम्ति कसैको सहायता नचाहिने भइसकेपछि म त्यहीं नै बुद्ध, धर्म तथा सङ्घका शरणमा गएँ । ब्रह्मचर्य-पञ्चशीलको[1] शिक्षापदहरू पनि ग्रहणगरें । यही दोश्रो आश्चर्यजनक अद्भुत गुण हो जो ममा विद्यमान छ ।

३- "भन्ते ! मेरा चारजना कुमारी प्रजापतिहरू थिए । अनि म जहाँ ती कुमारी प्रजापतिहरू थिए त्यहाँगई उनीहरूलाई यस्तो सुनाएँ :-- 'हे बहिनी हो ! मैले ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदहरू ग्रहण गरिसकेकोछु । अतः जसलाई मनपर्छ उ यहीं बसी भोगसम्पत्ति परिभोगगरी पुण्यकर्मगर, आफ्नो ज्ञातिकुल (आमा-बाबुको घर) मा जान मन लाग्छभने वहाँ जाऊ, यदि कुनै पुरुषसँग जान मनलाग्छभने म उसलाई दिइद्यौंला । यसो भन्दा मेरी जेठी प्रजापतिले मलाई भनिन्— 'मलाई अमुक आर्यपुत्रको हातमा सुम्पिदिनुहोस् । अनि मैले सो पुरुषलाई बोलाउन पठाई बाँया हातले प्रजापतिलाई समाती दायाँहातले कलस समाती त्यो पुरुषलाई (आफ्नी प्रजापति) सुम्पिदिएँ । मेरी कुमारी

---

१. प्राणी हिंसानगर्ने, अदिन्नादान नलिने, ब्रह्मचर्य पालन गर्ने, मृषावाद नगर्ने र सुरापान नगर्ने । यती पाँचलाई ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदहरू भन्दछन् । ब्रह्मचर्य-पञ्चशील नभनी पञ्चशील भन्नाले ब्रह्मचर्यपालन गर्ने भन्ने ठाउँमा कामिथ्याचार नगर्ने भन्नेहुन्छ ।

प्रजापतिलाई परित्याग गरिदिंदा मेरो मनमा अलिकता पनि अन्यथा भएको मलाई थाहाछैन। यही तेश्रो आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ।

४– "भन्ते! मेरो घरमा भोगसम्पत्ति छन् ती जम्मै धन-सम्पत्ति शीलवान् कल्याणधर्मीहरूलाई समानरूपले परिभोगगर्ने अधिकार दिइएको छ। यही चौथो आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ।

५– "भन्ते! जब म कुनै भिक्षुको सत्संगत तथा सेवाटहल गर्छु तब म उनमाथि राम्ररी मनलगाई गौरवपूर्वक नै सत्संगत तथा सेवाटहल गर्छु, अगौरवपूर्वक होइन। यहि पाँचौ आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ।

६– "भन्ते! जब कुनै आयुष्मान्ले मलाई धर्मोपदेश गर्छ भने म त्यो उपदेश गौरवपूर्वक नै सुन्दछु, अगौरवपूर्वक होइन। यदि सो आयुष्मान्ले मलाई धर्मोपदेश गर्दैनन् भने म उनलाई धर्मोपदेश गर्छु। यहो छैटौं आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ।

७– "भन्ते! यसमा कुनै आश्चर्य मान्नुपर्ने कारण छैन कि मकहाँ देवगणहरु आई 'हे गृहपति! भगवान्को धर्म सु-आख्यातछ' भनी भनेमा। ती देवगणहरूलाई म यस्तो भन्दछु–– 'हे देवगणहो! तपाइ देवगणहरूले मलाई यस्तो भन्नुभए पनि नभएपनि भगवान्को धर्म सु-आख्यातनै छ।' 'मकहाँ देवगणहरूआई कुरा गर्छन् अथवा म देवगणहरूसँग कुरागर्छु' भन्ने कारणले मेरो मनमा कुनै प्रकारको गर्व

(उन्नत) वा अहंकार उत्पन्न भएको मलाई थाहाछैन । यही सातौं आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

८– "भन्ते ! भगवान्ले जुन् पाँच अधोगामिनी संयोजन[1] बारे बताउनु भएकोछ, त्यसमध्ये ममा प्रहीण न भएको कुनैपनि संयोजन देख्दिन । यही आठौं आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

"भन्ते ! यहीनै आठ आश्चर्यजनक अद्भुत गुणहरू हुन् जो ममा विद्यमानछन् । किन्तु मलाई थाहाछैन कि कुन 'आठ आश्चर्यजनक अद्भुत गुणहरू ममा छन्' भनी भगवान्ले भन्नुभएको हो ।"

त्यसपछि सो भिक्षु वैशालीवासी उद्गत गृहपतिको घरमा भिक्षाभोजन ग्रहणगरी आसनबाट उठी फर्केर गए । भोजन सिद्धिएपछि सो भिक्षु जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका सो भिक्षुले जे जति कुराकानी वैशालीवासी उद्गत गृहपतिसँग भएका थिए ती जम्मै कुरा भगवान्लाई सुनाए ।

"साधु ! साधु !! भिक्षु, जुन आठ कुराहरू वैशालीवासी उद्गत गृहपतिले ठीकसँग सुनाए, सोही आठ आश्चर्यजनक अद्भुत गुणहरूले युक्तछन् भनी मैले प्रकाश गरेको हुँ । योनै आठ आश्चर्यजनक

---

१. स्व-कायदृष्टि, विचिकित्सा, शीलव्रतपरामर्श, कामच्छन्द र व्यापाद-संयोजन । यी पाँच अधोगामिनी संयोजनहुन् ।

अद्‌भुत गुणहरूले वैशालीवासी उद्‌गत गृहपति सुसपन्नछन्‌ भनी धारणा गर।"

× × ×

मूल सूत्र :--

२-किन यसैजन्ममा परिनिर्वाण हुन्न ?

एक समय भगवान्, वैशालीको महावनस्थित कूटागार-शालामा बस्नु भएको थियो[1]।

त्यसबखत वैशालीवासी उद्‌गत गृहपति जहाँ भगवान्‌ हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका वैशालीवासी उद्‌गत गृहपतिले भगवान्‌सँग निम्न प्रश्न सोधे :—

"भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्‌ ? के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन्‌ ?"

A १- "हे गृहपति ! यहाँ चक्षु विज्ञेय रूपहरू छन्‌ जो इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन्‌। जो भिक्षु ती रूपहरूको अभिनन्दनगर्छ, बयानगर्छ र त्यसैमा डुबिरहन्छ सो, भिक्षु

१, सं नि-III पृ. १०० वेसालीसुत्तं।

ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन। गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्।

A २– "हे गृहपति ! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन्। जो भिक्षु ती शब्दहरूको अभिनन्दनगर्छ,··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती शब्दहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले शब्द-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन। गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्।

A ३– "हे गृहपति ! यहाँ घ्राण-विज्ञेय गन्धहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन्। जो भिक्षु ती गन्धहरूको अभिनन्दन गर्छ,··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती गन्धहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन। गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्।

A ४–"हे गृहपति! यहाँ जिह्वा-विज्ञेय रसहरू छन् जो इष्ट··· र रजनीय हुन्छन्। जो भिक्षु ती रसहरूको अभिनन्दनगर्छ.··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती रसहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रस-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ।

उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

A ५– "हे गृहपति ! यहाँ काय-विज्ञेय स्पर्शहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दनगर्छ,··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

A ६– "हे गृहपति ! यहाँ मनो-विज्ञेय धर्महरू (मन-विषयहरू) छन् जो इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दनगर्छ, बयानगर्छ र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती धर्महरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

B १– "हे गृहपति ! यहाँ चक्षु-विज्ञेय रूपहरू छन् जो इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन् । जो भिक्षु ती रूपहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबि नरहँदा उसमा

त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसैजन्ममा परिनिर्वाण हुन्छन्।

B २– "हे गृहपति ! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन् जो इष्ट,… र रजनीय हुन्छन्। जो भिक्षु ती शब्दहरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती शब्दहरूको अभिनन्दन… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले शब्द-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन्।

B ३– "हे गृहपति ! यहाँ घ्राण-विज्ञेय गन्धहरू छन् जो इष्ट,… र रजनीय हुन्छन्। जो भिक्षु ती गन्धहरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती गन्धहरूको अभिनन्दन… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन्।

B ४– "हे गृहपति ! यहाँ जिह्वा-विज्ञेय रसहरू छन् जो इष्ट,… र रजनीय हुन्छन्। जो भिक्षु ती रसहरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती रसहरूको अभिनन्दन… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले रसविज्ञानद्वारा उपादान उत्पन्न

हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ५– "हे गृहपति ! यहाँ काय-विज्ञेय स्पर्शहरू छन् जो इष्ट,… र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केहो सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ६– "हे गृहपति ! यहाँ मनो-विज्ञेय धर्महरू छन् जो इष्ट,… र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती धर्महरूको अभिनन्दन… र त्यसैमा डुवि नरहँदा उसमा त्यसैको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।"

[यी उपदेश सुनी वैशालीवासी उद्गत गृहपति प्रसन्नभए ।]

× × ×

मूल सूत्र :—¹

३–बुद्धद्वारा प्रशंसा

[एक दिन श्रावस्तीमा वैशालीवासी उद्गत गृहपतिको प्रशंसा गर्नुहुँदै भगवान् बुद्धले निम्न कुरा भन्नु भयो ।]

"हे भिक्षुहरू। वैशालीवासी उद्गत गृहपति छ गुणधर्मले सुसम्पन्नभई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्[1]। कुन छ गुण-धर्म भने ?—

'(१) बुद्धप्रति अटल श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) सङ्घप्रति अटल श्रद्धा, (४) आर्यशील, (५) आर्यज्ञान र (६) आर्य-विमुक्ति।'

"यिनै छ गुण-धर्मले सुसम्पन्नभई वैशालीवासी उद्गत गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्।"

× × ×

मूल सुत्र :—

४—अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूका एक सभामा प्रियंकर दायकहरूमध्ये वैशालीवासी उद्गत गृहपति अग्रछन् भनी भन्नुहुँदै भगवान्ले तलको सूत्र बताउनु भयो।]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं मनापदायकानं यदिदं उग्गो गहपति वेसालिको[2]।"

---

१. अं. नि-६ पृ. १४९ भल्लुकादिसुत्तं।

२. अं नि- १ पृ. २६ एतदग्गवग्गो।

अर्थ :–

"हे भिक्षुहरू ! मेरा प्रियंकरदायक श्रावक उपासकहरू मध्येमा वैशालीवासी अद्गत गृहपति उग्रछन् ।"

× × ×

मूल सूत्र :—

५—प्रियंकर वस्तु-दान

एक समय भगवान्, वैशालीस्थित महावनको कूटागारशाला-मा बस्नु भएको थियो[1] ।

एक दिन भगवान् पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ वैसालीवासी उद्गत गृहपतिको घरहो त्यहाँ जानुभयो । अनि वैशालीवासी उद्गत गृहपति भगवान्कहाँ गई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका वैशालीवासी उद्गत गृहपतिले भगवान्सँग यस्तो प्रार्थनागरे :—

"भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेको छु, ग्रहणगरेको छु कि— जसले आफुलाई मनपर्ने वस्तु दानदिन्छ उसले उस्तै पाउँनेछ[2] ।"

---

१. अं. नि- ५ पृ. ३१४ मनापदायीसुत्तं ।

२. मनापदायी लभते मनापं ।

(१) "भन्ते ! मलाई शाल-पुष्पक[१] खाद्यपदार्थ मनपर्छ, अतः भगवान्ले अनुकम्पाराखी शाल-पुष्पक खाद्यपदार्थ स्वीकार गर्नुहोस् । भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेकोछु, ग्रहण गरेकोछु कि— जसले आफुलाई मनपर्ने वस्तु दानदिन्छ उसले त्यस्तै पाउनेछ ।

(२) "भन्ते ! मलाई पाकेको बयर जस्तैगरी पकाएको सुँगुरको मासु मनपर्छः अतः भगवान्ले अनुकम्पाराखी पाकेको कोल-फल[२] जस्तैगरी पकाएको सुँगुरको मासु स्वीकार गर्नुहोस् । भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेकोछु, ग्रहणगरेको छु कि— जसले आफुलाई मनपर्ने वस्तु दानदिन्छ उसले त्यस्तै पाउनेछ ।

(३) "भन्ते ! मलाई घ्यू-तेलमा मात्र तयार पारिएको नालियशाक[३] मनपर्छ, अतः भगवान्ले अनुकम्पाराखी घ्यू-तेलमा मात्र तयारपारिएको नालियशाक स्वीकार गर्नुहोस् । भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेको छु, ग्रहणगरेको छु कि— जसले आफुलाई मनपर्ने वस्तु दानदिन्छ उसले त्यस्तै पाउनेछ ।

---

१. शालपुष्पकँ सेतो चामलको पीठोले तयार पारिएको खाद्यपदार्थ । अं अ. पृ. ६०१

२. बयरको विभिन्न नामहरूमध्येको नाम 'कोलफल' पनि हो ।

३. एकप्रकारको टुसाजस्तै तरकारी विशेष ।

(४) "भन्ते ! मलाई मार्शी चामलको भातका साथ अनेक सूप, व्यञ्जनहरू मनपर्छ, अतः भगवान्ले अनुकम्पाराखी मार्शीचामलको भातका साथै अनेक सूप ब्यञ्जनहरू स्वीकार गर्नुहोस् । भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेकोछु, ग्रहणगरेको छु कि— जसले आफुलाई मनपर्ने वस्तुदान दिन्छ उसले त्यस्तै पाउनेछ ।

(५) "भन्ते ! मलाई काशीको वस्त्र (रेशम) मनपर्छ, अतः भगवान्ले अनुकम्पाराखी काशीको वस्त्र स्वीकार गर्नुहोस् । भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । भन्ते ! मैले भगवान्को सन्मुखबाट सुनेकोछु, ग्रहणगरेको छु कि— जसले आफुलाई मनपर्ने वस्तुदान दिन्छ उसले त्यस्तै पाउनेछ ।

(६) "भन्ते ! मलाई झल्लर भएको, अस्तर बिच्छ्याइराखेको, ऊनको अस्तर वछ्याइराखेको, बाक्ला-बाक्ला ऊनका बिछ्याउना बिच्छ्याइराखेका र उत्तम कदलीमृगको छाला वछ्याइ राखेको पलङ्गमाथि भीत टाँगिराखेको तथा पलङ्गको सिरान र गोडामनी दुवैतिर रक्तवर्ण तकिया भएको पलङ्ग मनपर्छ । किन्तु हामीलाई पनि थाहाछ कि यस्तो पलङ्ग भगवान्लाई उचित छैन । भन्ते ! भगवान्ले अनुकम्पाराखी सहश्राधिक मूल्यजाने यो चन्दनको पीरा स्वीकार गर्नुहोस् ।" भगवान्ले अनुकम्पापूर्वक स्वीकार गर्नुभयो । त्यसपछि भगवान्ले वैशालीवासी उद्‌गत गृहपतिलाई निम्न गाथाद्वारा अनुमोदन गर्नुभयो :—

१- "मनापदायी लभते मनापं, यो उज्जुभूतेसु ददाति छन्दा।
अच्छादनं सयनमथन्नपानं, नानप्पकारानि च पच्चयानी॥
२- "चत्तञ्चमुत्तञ्च अनागहीतं, खेत्तुपमे अरहन्ते विदित्वा।
यो दुच्चजे सप्पुरिसो चजित्वा, मनापदायी लभते मनापन्ति॥"

अर्थ :--

१- "जसले प्रेमपूर्वक, सोजो-राम्रो जीवन बिताउनेलाई आफुलाई मनपर्ने वस्त्र, शयनासन र अन्नपानादि नानाप्रकारका प्रत्ययवस्तुहरू दानदिन्छ, उसले मनपर्ने वस्तुनै पाउँनेछ।

२- "अरहन्तहरूलाई पुण्यक्षेत्र संझी जो सत्पुरुषले त्यागगन गाह्रो- आफुलाई मनपर्ने वस्तु- त्यक्तगरी, मुक्तगरी, आशा नलिई दानदिन्छ, उसले आफुलाई मनपर्ने वस्तु पाउँनेछ।"

[यति उपदेश सुनी वैशालीवासी उद्गत गृहपति प्रसन्न भए।]

× × ×

मूल सूत्र :—

६–उद्गत गृहपतिको स्वर्गवास

अनि भगवान् वैशालीवासी उद्गत गृहपतिलाई उक्त[1] अनुमोदन धर्मोपदेश गर्नुभई आसनबाट उठी फर्केर जानुभयो[2]।

---

१. माथिको सूत्रोपदेश सिद्धिएपछि।

२. अं. नि-५ पृ. ३१४ मनापदायीसुत्तं।

केही समयपछि वैशालीवासी उद्गत गृहपति परलोक भए ।
परलोकभई वैशालीवाशी उद्गत गृहपतिले एक मनोमय शरीर धारण गरे । त्यसबखतमा भगवान् श्रावस्तीस्थित अनाथपिण्डिक गृहपतिको जेतवन विहारमा वस्नु हुन्थ्यो । अनि एकदिन उद्गत गृहपति देवपुत्र प्रभापूर्ण रात्रीमा, प्रभापूर्ण वर्णलेयुक्तभई, जेतवन विहारजम्मै प्रकाशितपारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादन-गरी एक छेउमा बसे । एक छेउमा बसेका उद्गत देवपुत्रसँग भगवान्ले सोध्नुभयो :—

"हे उद्गत ! के त, जस्तो इच्छागरेको थियो त्यस्तो भयो कि भएन ?"

"भन्ते ! जस्तो इच्छागरेको थिएँ त्यस्तै भयो ।"

अनि भगवान्ले उद्गत-देवपुत्रलाई निम्नगाथा सुनाउनु भयोः—

१- "मनापदायी लभते मनापं, अग्गस्सदाता लभते पुनग्गं ।
वरस्सदाता वरलाभी होति, सेट्ठंददो सेट्ठमुपेति ठानं ॥
२- "यो अग्गदायी वरदायी, सेट्ठदायी च यो नरो ।
दीघायु यसवा होति, यत्थ यत्थूपपज्जती' ति ॥"

अर्थ :—

१- "मनपर्ने दान दिनेलाई मनपर्ने वस्तु प्रतिलाभ हुन्छ, अग्रदान दिनेलाई अग्रफल प्रतिलाभ हुन्छ । उत्तम दानदिनेलाई उत्तमफल प्रति-

लाभ हुन्छ, श्रेष्ठदान दिनेलाई श्रेष्ठस्थान नै प्राप्त हुन्छ ।

२– "जो अग्रदायी, वरदायी, तथा श्रेष्ठदायी हुन्छ, उ जहाँ जहाँ जन्मिन्छ त्यहाँ त्यहाँ दीर्घायु तथा यशवान् भएर रहन्छ ।"

—०—

७. हस्तिग्रामक उद्गत गृहपति

परिचय

वैशालीनगर र भोगनगरको बीचमा हस्तिग्राम, आम्रग्राम र जम्बुग्रामहरू थिए[१]। यी मध्ये हस्तिग्राम वृज्जिजनपदमा पर्दछ।

हस्तिग्राममा एक ठूलो सेठको परिवार थियो। यो परिवारमा एक पुत्रको जन्म भएको थियो। जसको उद्गत भनी नामकरण गरिएको थियो। पछि यिनको पिता स्वर्गवास भएपछि यिनैले सेठपद प्राप्त-गरेका थिए र हस्तिग्रामका सेठ भएकोले यिनी 'हस्तिग्रामक उद्गत गृहपति'ले प्रख्यात भए[२]। हस्तिग्रामक उद्गत गृहपति भन्नाले वैशालीवासी उद्गत गृहपति भिन्नै हुन् भन्ने कुराको पनि जानकारी दिन्छ।

हस्तिग्रामक उद्गत गृहपतिको एक सुन्दर तथा रमणीय नागवन भन्ने उद्यान पनि थियो। एक दिन यिनी धेरै सहेली, नोकर चाकरनीहरूका साथ नागवन उद्यानमा एक हप्तासम्म बस्ने कार्यक्रम अनुसार सहेलीहरूसँग रसरंग तथा मदिरापानगरी प्रमत्तभई दिन बिताउँदै थिए। भगवान् बुद्ध पनि एकदिन यसै उद्यानमा हुनुहुन्थ्यो।

---

१. दी. नि- II ९६

२. अं. अ. क. पृ. २१४

हस्तिग्रामक उद्गत गृहपति मदिरापानले लठ्ठभई सहेलीहरूसँग उद्यानमा डुलिरहँदा टाढैबाट भगवान् बुद्धलाई देख्नासाथ दशऔंला जोरी नमस्कारगरी भगवान्का छेउमा गए। भगवान्का छेउमा जाँदा जाँदै मदिराको नसा हट्दैगयो। बुद्धलाई देखी उनी अत्यन्त प्रसन्न पनि भए। भगवान्को नजिक पुगिसकेपछि उनलाई वहाँले उपदेश गर्नुभयो। उपदेश सुनिसकेपछि हस्तिग्रामक उद्गत गृहपति तीन मार्गफल[1] साक्षात्कारीगरी अनागामीफलमा प्रतिष्ठित भए[2]। त्यहाँदेखि उनी बुद्धको अनन्त भक्त आर्यश्रावक उपासक भई बुद्धप्रमुख भिक्षुसङ्घको सेवा र उपस्थान गर्नथाले।

यिनमा पनि आर्यश्रावक उपासकहरूमा हुने छशीलसदाचारको विशेष ज्ञान थियो। जुनकुरा तल लेखिएको "बुद्धद्वारा प्रशंसा" भन्नेबाट थाहा हुन्छ।

भगवान्ले हस्तिग्रामक उद्गत गृहपतिमा आठ आश्चर्यजनक अद्भुत गुणहरू निहीतछन् भनी भिक्षुहरूलाई बताउनु भएको कुरा सुनी एक भिक्षु उद्गत गृहपतिकहाँ गई सो गुणहरू कुन् कुन् हुन् भनी सोध्दा उद्गत गृहपतिले बताएको कुरा तल लेखिएको "अष्ट आश्चर्यगुण" भन्नेबाट प्रष्ट हुनेछ। अनागामी मार्गफलमा प्रतिष्ठित भएका व्यक्तिहरूमा पाइने गुणहरूमध्ये ब्रह्मचर्य-पञ्च-शील र अरू संयोजनहरू निर्मूल भएको पनि उद्गत गृहपतिमा पाइन्छ।

---

१. स्रोतापन्न, सकृदागामी र अनागामी मार्गफल।

२. अं. अ. क. पृ. २१४

देवताहरू आई "फलाना भिक्षु क्लेशयुक्त छन्, फलाना भिक्षु क्लेश रहितछन्" भन्ने इत्यादि कुरा सुनाएता पनि उनको मनमा यस कुराले कुनै असर परेको देखिंदैन । सबै भिक्षुहरूलाई समानरूपले नै समश्रद्धा र भक्तिले उपस्थानगर्दै भोजन पनि गराउँथे । उनको मनमा 'अमुकभिक्षुलाई थोरै र अमुक भिक्षुलाई धेरै दिउँ' भन्ने विचार पनि कहिले हुनथ्यो । इत्यादि गुणले गर्दानै उनलाई भगवान्ले सङ्घोपस्थान गर्नेहरू मध्येमा सर्वोत्तम घोषित गर्नुभएको हो । जुन कुरा तल लेखिएको "अग्रस्थान घोषणा" भन्नेबाट पुष्टि हुन्छ ।

× × ×

मूल सूत्र :—

१—अष्ट आश्चर्यगुण

एक समय भगवान्, वज्जी (वृजि) जनपदको हस्तिग्रामसमा बस्नु भएको थियो[1]

त्यहाँ भगवान्ले भिक्षुहरूलाई "भिक्षुहो !" भनी आमन्त्रण गर्नुभयो । "भदन्त' भनी भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिए । अनि भगवान्ले उनीहरूलाई यस्तो भन्नुभयो :—

"हे भिक्षुहो ! हस्तिग्रामवासी उद्गत गृहपति आठ आश्चर्यजनक अद्भुत गुणहरूले सुसम्पन्नछन् भनी धारणागर ।"

---

१. अं. नि- ८ पृ. ३१८ दुतियउग्गसुत्तं ।

यति भन्नुभई भगवान् आसनबाट उठी विहार (आफु बस्नेघर) भित्र पस्नुभयो ।

त्यसपछि एक भिक्षु पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी जहाँ हस्तिग्रामक उद्गत गृहपतिको घरहो त्यहाँ गए । त्यहाँ पुगेपछि बिच्छ्याई राखेको आसनमा वसे । अनि हस्तिग्रामक उद्गत गृहपति जहाँ सो भिक्षु थिए त्यहाँगई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका हस्तिग्रामक उद्गत गृहपतिसँग सो भिक्षुले निम्नकुरा सोधे :—

"हे गृहपति ! भगवान्ले तिमीलाई आठ आश्चर्यजनक अद्भुत गुणहरूले युक्तछ भनी भन्नुभएको छ । ती कुन आठगुणहरू हुन् जो तिमी सम्पन्नछौ ?"

"भन्ते ! कुन आठ आश्चर्यजनक अद्भुत गुणहरूले युक्तछ भनी भगवान्ले भन्नु भएको हो सो कुरात मलाई थाहाछैन, किन्तु जुन आठ आश्चर्यजनक अद्भुत गुणहरू ममा विद्यमानछन् ती कुरा सुन्नुहोस्, राम्ररी मनमा राख्नुहोस् ! म भन्दछु ।"

"हुन्छ, गृहपति" भनी सो भिक्षुले हस्तिग्रामक उद्गत गृहपति-लाई प्रत्युत्तर दिए । अनि हस्तिग्रामक उद्गत गृहपतिले निम्न कुरा भने :—

१— "भन्ते ! जब नागवनमा आफ्नो परिचारिकाहरूसँग घुमिरहँदा सर्वप्रथम मैले टाढैबाट भगवान्को दर्शनपाएँ र दर्शनगर्नासाथै मेरो चित्त भगवान्प्रति प्रसन्न भएको थियो; मदिराको नसा पनि हटेर

गयो— भन्ते ! यही पहिलो आश्चर्यजनक अद्‌भुत गुण हो जो ममा विद्यमान छ ।

२— "भन्ते ! अनि मैले प्रसन्नचित्तभई भगवान्‌को सत्संगत गरें । भगवान्‌ले मलाई आनुपूर्विकथा सुनाउनु भयो :— दान-कथा,[१] र नैष्क्रम्यको गुण-कथा । जब भगवान्‌ले मेरो चित्त 'उपयुक्तछ[१] र प्रसन्नछ' भनी जान्नुभयो, तब भगवान्‌ले मलाई आफैं खोजिगरी पाउनु भएको धर्मोपदेश गर्नुभयो[१] । जसरी मैलो नभएको, सफा र सुकिलो वस्त्रमा रँग रगाउँदा राम्ररी रँगले समात्नेहो त्यस्तैगरी मलाई त्यसै आसनमा विरज वीतमल धर्मचक्षु प्राप्तभयो[२] र शास्ताको धर्मावबोध गर्नका निम्ति कसैको सहायता नचाहिने भइसकेपछि म त्यहीं नै बुद्ध, धर्म तथा सङ्घको शरणमा गएँ । ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदहरू[३] पनि ग्रहणगरें । यही दोश्रो आश्चर्यजनक अद्‌भुत गुणहो जो ममा विद्यमान छ ।

३—"भन्ते ! मेरा चार कुमारी प्रजापतिहरू थिए । अनि जहाँ ती कुमारी प्रजापतिहरू थिए त्यहाँगई मैले उनीहरूलाई यस्तो भनें— 'हे बहिनी हो ! मैले ब्रह्मचर्य-पञ्चशीलको शिक्षापदहरू ग्रहण गरिसकेकोछु । जो मनलाग्छ उ यहीं बसी भोगसम्पत्ति परिभोगगरी पुण्यकार्यगरी बस; आफ्नो ज्ञातिकुलमा जान मनलागे वहाँ जाऊ, यदि कुनै पुरुषसँग जान मनलाग्छ भने म उसलाई दिइद्यौंला । यसो भन्दा

---

१. हेर पृ. ३१४ आनुपूर्विकथा

२. हेर पृ. ३१५

३. हेर पृ. ३१५ को पाद टिप्पणि ।

मेरी जेठी पत्नीले मलाई भनी— 'मलाई अमुक आर्यपुरुषको हातमा सुम्पिदिनुहोस् ।' अनि मैले सो पुरुषलाई बोलाउन पठाई बाँया हातले पत्नीलाई समाती, दाँया हातले कलस समाती त्यो पुरुषलाई मेरी पत्नी सुम्पिदिएँ । मेरी कुमारी पत्नीलाई परित्याग गरिदिंदा मेरो मनमा अलिकता पनि अन्यथा भएको मलाई थाहाछैन । भन्ते ! यही तेश्रो आश्चर्यजनक अद्भुत गुण हो जो ममा विद्यामान छ ।

४—"भन्ते! मेरो घरमा भोगसम्पत्ति छ । ती जम्मै धनसम्पत्ति शीलवान् कल्याणधर्मीहरूलाई पनि समानरूपले परिभोग गर्ने अधिकार दिइएको छ। भन्ते ! यही चौथो आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

५— "भन्ते ! जब म कुनै भिक्षुको सत्संगतगर्छु त म उसको सत्कारपूर्वक नै सतसंगत गर्छु, असत्कारपूर्वक होइन । यदि सो भिक्षुले मलाई धर्मोपदेश गर्छन् भने म उनको धर्मोपदेश सत्कारपूर्वक नै सुन्दछु, असत्कारपूर्वक होइन । यदि मलाई सो आयुष्मान्ले धर्मोपदेश गर्दैनन् भने म उनलाई धर्मोपदेश गर्छु । भन्ते यही पाँचौ आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

६— "भन्ते ! यसमा कुनै आश्चर्य मान्नुपर्ने छैन कि जब मैले सङ्घलाई निम्तोगर्दा देवताहरू आई यसो भन्दछन्— 'हे गृहपति! अमुक भिक्षु दुवैतिरबाट[१] विमुक्त छन्, अमुक भिक्षु प्रज्ञा-विमुक्तछन्,[२]

---

१. रूपकाय र नामकायबाट मुक्तछ अर्थात् अर्हत् हुन् । म. नि. अ.क. III पृ. १२८

२. प्रज्ञाद्वारा विमुक्ति प्राप्त भएका अर्थात् विपश्यना-प्रज्ञा प्रधानगरी विमुक्ति भएका । अं. अ. क. पृ. ६९८, म. अ. क. III पृ. १२९

अमुक भिक्षु काय-साक्षीछन्,[1] अमुक भिक्षु दृष्टि(सम्यक)प्राप्तछन्,[2] अमुक भिक्षु श्रद्धा-विमुक्तछन्,[3] अमुक भिक्षु श्रद्धानुसारीछन्,[4] अमुक भिक्षु धर्मानुसारीछन,[5] अमुक भिक्षु शीलवान् कल्याणधर्मीछन्, अमुक भिक्षु दुःशील दुराचारीछन् ।' सङ्घलाई भोजन गराई रहँदा मेरो मनमा यस्तो विचार आएको मलाई थाहा छैन कि— 'यसलाई कम दिउँ, यसलाई धेरै दिउँ, किन्तु समानचित्तले (बराबरगरी) नै दानदिन्छु, भोजन ख्वाउँछु । भन्ते !' यही छैटौं आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

७— "भन्ते ! यसमा कुनै आश्चर्य मान्नुगर्ने कारण छैन कि मकहाँ देवगणहरू आई 'हे गृहपति ! भगवान्को धर्म सु-आख्यात छ' भनेमा । यस्तो भन्दा ती देवगणहरूलाई म यस्तो भन्दछु— 'हे देवगण-

---

१. स्रोतापन्नफल प्राप्तगरेका देखिलिएर अरहत्फल प्राप्तगर्ने सम्मकालाई कायसाक्षी भन्दछन् ।

२. 'यो दुःखहो, यो निरोध हो' भन्ने इत्यादि धारणा प्राप्त भइसकेका । यो पनि स्रोतापन्नबाटै शुरू हुन्छ ।

३. श्रद्धाप्रधानगरी विमुक्ति प्राप्त व्यक्ति । अं अ. क. पृ. ६९८, म. अ. क. III पृ. १२९

४. श्रद्धाको अनुसार जाने व्यक्ति । हेर पृ. २७१ श्रद्धानुसारी ।

५. धर्मानुसार चित्त पठाउने पुरुष । हेर. पृ. २७१ धर्मानुसारी । उपरोक्त सात पुरुषहरूका बारे विस्तृत जान्न चाहेमा म. नि. II कीटागिरिसुत्त हेर्नुहोस् ।

हरू ! तपाइहरूले मलाई यसो भन्नुभए पनि भन्नु नभएपनि भगवान्को धर्म सु-आख्यात नै छ ।' मकहाँ देवगण आई कुरागर्छन् अथवा म देवगणसँग कुरागर्छु भनी मेरो मनमा कुनै प्रकारको गर्व वा अहंकार उत्पन्न भएको मलाई थाहाछैन । भन्ते ! यही सातौं आश्चर्यजनक अद्भुत गुणहो जो ममा विद्यमान छ ।

८— "भन्ते ! यदि म भगवान्भन्दा अगाडि मृत्यु भएमा, भगवान्ले मेरोबारे यस्तो भन्नु भएमा कुनै आश्चर्य हुने छैन कि— 'उसँग त्यो संयोजन छैन जुन संयोजनले युक्त भएको भए उ पुनः यसलोकमा जन्मिने थियो ।' यहीहो भन्ते ! ममा विद्यमान भएको आठौं आश्चर्य अद्भुत गुण ।

"भन्ते ! यिनै आठ आश्चर्यजनक अद्भुत गुणहरू हुन् जुन् ममा विद्यमान छन् । किन्तु मलाई थाहा छैन कि कुन आठ आश्चर्य-जनक अद्भुत गुणहरू ममा छन् भनी भगवान्ले भन्नु भएको हो ।"

अनि सो भिक्षु हस्तिग्रामक उद्गत गृहपतिको घरमा भिक्षा-भोजन ग्रहणगरी आसनबाट उठी फर्केर गए । भोजन सिद्धिएपछि सो भिक्षु जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका सो भिक्षुले जे जति कुराकानी हस्तिग्रामक उद्गत गृहपतिसँग भएका थिए ती जम्मै भगवान्लाई सुनाए ।

"साधु ! साधु !! भिक्षु, जुन आठकुरा हस्तिग्रामक उद्गत गृहपतिले ठीकसँग भने, सोही आठ आश्चर्यजनक अद्भुत गुणहरूले उनी

युक्तछन् भनी मैले प्रकाश गरेको हुँ। यही नै आठ आश्चर्यजनक अद्भुत गुण-धर्मले हस्तिग्रामक उद्गत गृहपति सु-सम्पन्न छन् भनी धारणा गर!"

× × ×

मूल सूत्र :—

२–किन यसै जन्ममा परिनिर्वाण हुन्न ?

एक समय भगवान्, वज्जी (वृजी) जनपदको हस्तिग्राममा बस्नु भएको थियो[१]।

त्यस बखत हस्तिग्रामक उद्गत गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका हस्तिग्रामक उद्गत गृहपतिले भगवान्सँग निम्न प्रश्न सोधे :—

"भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ? के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् !"

(१)— "हे गृहपति ! यहाँ चक्षु-विज्ञेय रूपहरू छन् जो इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन्। जो

१. सं नि· III पृ. १०१ वज्जीसुत्तं।

भिक्षु ती रूपहरूको अभिनन्दनगर्छ, बयानगर्छ र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन। गृहपति! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्।

(२)—"हे गृहपति! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन्… (३) घ्राण-विज्ञेय गन्धहरू छन्… (४) जिह्वा-विज्ञेय रसहरू छन्… (५) काय-विज्ञेय स्पर्शहरू छन्… र (६) मनो-विज्ञेय धर्महरू छन् जो इष्ट… र रजनीय हुन्छन्। जो भिक्षु ती धर्महरूको अभिनन्दनगर्छ… र त्यसैमा डुबि रहन्छ, सो भिक्षु ती धर्महरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुनसक्तैन। गृहपति! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन्।

१— "हे गृहपति! यहाँ चक्षु-विज्ञेय रूपहरूछन् जो इष्ट… र रजनीय हुन्छन्। जो भिक्षु ती रूपहरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन। उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ। गृहपति! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन्।

२— "हे गृहपति यहाँ श्रोत-विज्ञेय शब्दहरू छन्··· ३- घ्राण-विज्ञेय गन्धहरू छन्... ४— जिह्वा-विज्ञेय रसहरू छन्··· ५— काय-विज्ञेय स्पर्शहरू छन्··· र ६— मनो-विज्ञेय धर्महरूछन् जो इष्ट··· र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन गर्दैन, बयान गर्दैन र त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती धर्महरूको अभिनन्दन, बयान र त्यसैमा डुबि नरहँदा उसमा त्यसको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।"

[यी उपदेश सुनी हस्तिग्रामक उद्गत गृहपति प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

३—बुद्धद्वारा प्रशंसा

[एक दिन श्रावस्तीमा हस्तिग्रामक उद्गत गृहपतिको प्रशंसा गर्नुहुँदै भगवान्‌ले निम्न सूत्र भन्नुभयो ।]

"हे भिक्षुहरू ! हस्तिग्रामक उद्गत गृहपति छ गुण धर्महरूले सुसम्पन्नभई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्[1] । कुन् छ गुण-धर्म भने ?—

१. अं. नि-६ पृ. १४९ भल्लुकादिसुत्तं ।

'(१) बुद्धप्रति अटल श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) सङ्घप्रति अटल श्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान र (६) आर्य-विमुक्ति ।'

"यिनै छ गुण-धर्महरूले सुसम्पन्नभई हस्तिग्रामक उद्गत गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेकाछन् ।"

× × ×

मूल सूत्र :—

४–अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूका एक सभामा सङ्घ उपस्थान गर्नेहरू मध्येमा हस्तिग्रामक उद्गत गृहपति अग्रछन् भन्नुहुँदै भगवान्ले निम्न सूत्र भन्नु भयो ।]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं सङ्घुपट्ठाकानं यदिदं हत्थिगामको उग्गतो गहपती' ति[१] ।"

अर्थ :—

"हे भिक्षुहरू ! मेरा सङ्घोपस्थाक श्रावक उपासकहरू मध्येमा हस्तिग्रामक उद्गत गृहपति अग्रछन् ।"

—०—

१. अं नि-१ पृ. २६ एतदग्गवग्गो ।

८. शूर अम्बष्ठ उपासक

परिचय

कोशल राज्यको श्रावस्ती नगरको एक सेठ-कुलमा शूर अम्बष्ठ उपासकको जन्म भएको थियो। उनी विवाहित भएपछि त्यस बखतका तैर्थीय सम्प्रदायका साधुहरूका सेवक भएका थिए।

एक दिन दशबल शास्ता बिहानपख "आज कसलाई उद्धार गर्न सकौंला" भनी करुणासमापत्तिमा (ध्यानमा) बसी ध्यानचक्षुले लोकमा हेर्नु हुँदा शूर अम्बष्ठ उपासक आफ्नो ध्यानरूपी जालमा पर्न आए र शूर अम्बष्ठ उपासक स्रोतापन्न हुने प्रत्यय समेत देख्नुभई भिक्षाको समयमा क्रमशः शूर अम्बष्ठ उपासकको घरद्वारमा जानु भयो।

शूर अम्बष्ठ उपासकले दशबल शास्ता आफ्नो घरको दैलोमा उभिइरहनु भएको देखेर "दशबल शास्ता महान कुलबाट प्रव्रजित हुनु भएको छ। वहाँको यशकीर्ति पनि लोकमा अद्वितीय छ। मेरो घरमा अघि कहिले पनि पाल्नु भएको छैन। त्यस्ता महापुरुष तपस्वी आफ्नो घरद्वारमा आउँदा स्वागत नगर्नु उपयुक्त हुनेछैन" भनी बुद्धिमानितापूर्वक विचारगरी भगवान् छेउगई वहाँको चरणकमलमा शीरले अभिवादनगरी घरभित्र प्रवेश गर्नहुन प्रार्थनागरे। भगवान् पनि घरभित्र पाल्नुभयो। अनि शूर अम्बष्ठले अत्यन्त भक्तिपूर्वक उत्तम आसनमा बसाई उत्तम भिक्षा-भोजन अर्पितगरे।

भोजनपछि भगवान्‌ले उनलाई यथायोग्य तथा चरित्रानुकूल धर्मोपदेश गर्नु भयो। धर्मोपदेशको अन्तमा शूर अम्बष्ठ उपासक स्रोतापन्न फलमा प्रतिष्ठित भए।

भगवान् शास्ता पनि आफ्नो उद्देश्य पूरागरी, उनलाई धर्म-फलमा प्रतिष्ठित गराई, निर्वाणको स्रोतमा राखी, अटल श्रद्धाले सुसपन्न गराई फर्केर जानुभयो।

अङ्गुत्तर अर्थकथानुसार[1] यस बेला पापी मारदेवपुत्र शूर अम्बष्ठ उपासक बुद्धको शरणमा गएको देखेर उनको शरणशील तथा श्रद्धा कत्तिको अटल रहेछ भन्ने कुराको साथै उनी कुनै मार्गफलमा प्रतिष्ठित भए कि भएका रहेनछन् भनी जाँचगर्न आफ्नो दिव्यानुभावद्वारा सम्पूर्ण बत्तीसलक्षणले युक्त बुद्धरूप निर्वाणगरी क्षणभरमै शूर अम्बष्ठको घरद्वारमा पुगे[2]। "दशबल शास्ता फेरि आफ्नो घरद्वारमा पाल्नु भयो" भन्ने सुनेर "कुनै खास कारण नभई भगवान् पुनः फर्कनुपर्ने होइन, अवश्य पनि कुनै विशेष कारण होला" भनी विचारगी शूर अम्बष्ठ उपासक घरबाट झट्ट बाहिर आई भगवान् ठानी अभिवादनगरी "भन्ते ! भरखरै तपाइ यहाँबाट पाल्नु भएको थियो, तुरन्तै यहाँ फर्कनु भयो; किन होला ?" भनी सोधेपछि पापीमार देवपुत्रले भने :—

---

१. पृ. २१५।

२. शूर अम्बष्ठलाई झैं सुप्पबुद्ध कुष्ठीलाई पनि इन्द्रले यस्तै प्रकारले परीक्षण गरेका कुरा धम्म. अ.क.पृ. २३६: बालवग्गमा र उदानमा पनि समुल्लेख छ।

"हो, हे अम्बष्ठ ! मैले तिमीलाई अघि पञ्चस्कन्धबारे उपदेश-दिंदा 'सबै पञ्चस्कन्ध अनित्य, दुःख तथा अनात्महो' भनी भनेको थिएँ, तर त्यो त्यसो होइन; 'केही अनित्यहो, केही होइन' भनी भन्न बिर्सेकोले फेरि भन्नकोनिम्ति फर्केर आएको हुँ ।"

यति कुरा सुन्नासाथ शूर अम्बष्ठको मनमा ख्वास्स पापिमार देवपुत्रको सम्झना भयो । बुद्ध भगवान्ले कहिले पनि होस नराखी कुरा गर्नु हुन्न । यी अवश्यनै पापी मार देवपुत्र हुन् भनी जानी "तिमी मार देवपुत्र होइनौ ?" भनी सोध्दा मार देवपुत्रले आर्यश्रावकको गुणानुभावको प्रभावलेगर्दा सत्य कुरा छिपाएर राख्न सकेनन् र "हो, म मार देवपुत्र हुँ" भनी बके ।

"तिमीजस्ता मार, उएटात के हजारौं आएर अनेक तरहले परीक्षा गरेता पनि मेरो श्रद्धा डगमगाउन सक्ने छैनौ । दशबल बुद्धले मलाई "सबै संस्कार अनित्य हुन्" भनी राम्ररी संझाई अवबोध गराइसक्नु भएको छ । मेरो श्रद्धा अटल छ । जाऊ, तिमी मेरो घरद्वारमा नबस !" भनी तर्जनात्मकरूपले हप्काउँदा पापीमार देवपुत्र क्षणभर पनि टिक्न नसकी त्यहींनै अन्तरधान भए ।

सन्ध्यासमयमा शूर अम्बष्ठ उपासक जेतवन विहारमागई दिउसो भएको घटना सम्बन्धी सबै कुरा भगवान्लाई सुनाई "भन्ते ! यसरी पापीमार देवपुत्रले मेरो श्रद्धा डगमगाउन खोजेका थिए" भनी बिन्तिगरे । यसै सिलसिलामा भगवान्ले त्यहाँ भेला भएका परिषद् अगाडि "शूर अम्बष्ठ उपासक अत्यन्त प्रसन्न हुने श्रावक उपासकहरूमा अग्रछन्" भन्नु

हुँदै अग्रस्थान घोषणा गर्नु भयो। यस्तैगरी पछि एकदिन स्रोतापन्न आर्यश्रावकमा हुने छ गुण-धर्मले पनि सुसम्पन्न छन् भनी शूर अम्बष्ठ उपासकको प्रशंसा गर्नु भयो।

× × ×

मूल सूत्र :—

१–अग्रस्थान घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूलाई सम्बोधन गर्नु हुँदै भगवान् बुद्धले "अत्यन्त प्रसन्न हुनेहरू मध्येमा शूर अम्बष्ठ उपासक श्रेष्ठछन्" भनी घोषणा गर्नु भयो]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं अवेच्चप्पसन्नानं यदिदं सूर अम्बट्ठो'ति[१]।"

अर्थ :—

"हे भिक्षु हो ! अत्यन्त प्रसन्न हुने मेरा श्रावक उपासकहरू मध्येमा शूर अम्बष्ठ अग्रछन्।"

× × ×

---

१. अं. नि–१. पृ. २६. एतदग्गवग्गो।

मूल सूत्र :—

२–बुद्धद्वारा प्रशंसा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा शूर अम्बष्ठ उपासकको प्रशंसा गर्नु हुँदै भगवान्‌ले निम्न कुरा भन्नुभयो ।]

"हे भिक्षु हो ! शूर अम्बष्ठ उपासक छ गुण-धर्मले सुसम्पन्न भई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्[1] । कुन् छ गुण भने ? —

(१) 'बुद्धप्रति अटल श्रद्धा, (२) धर्मप्रति अटल श्रद्धा, (३) सङ्घप्रति अटल श्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान र (६) आर्य-विमुक्ति ।'

"यिनै छ गुण-धर्महरूले सुसम्पन्नभई शूर अम्बष्ठ उपासक तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन् ।"

—☆—

१. अं. नि–६. पृ. १४९: भल्लुकादिसुत्तं ।

६. जीवक वैद्य

परिचय

मगधराज्यको राजधानी राजगृहमा रातको एकशय कार्षापण लिने सुन्दरी शालवती नामक गणिका थिइन् ।

राजा बिम्बिसारसँगको संभोगद्वारा उज्जैन निवासी पद्मावती नामक गणिकाबाट जन्मेको पुत्रनै अभय राजकुमार हुन्[१] । अभय राजकुमार निगण्ठनाथपुत्रका प्रमुख भक्तहरू मध्ये एक हुन्[२] ।

एक दिन शालवती गणिकाले एकपुत्र जन्माइन् । भनिन्छ कि गणिकाहरूले छोरी जन्मेमामात्र पालन-पोषण गर्छन् र छोरा जन्मेमा उसलाई फ्याकिदिन्छन् । यही उक्तिको प्रमाणस्वरूप शालवती गणिकाले पनि आफ्नो छोरा दूधे-बालकलाई नाङ्लोमा राखी कसिगर फ्याक्ने ठाउँमा फाल्न लगाएको थिइन् । यो कुरा महावग्गपालिको जीवककथाद्वारा स्पष्ट हुनेछ जो तल लेखिएको छ । संयोगबश यसै बखत अभयराजकुमार दिनहुँझैं राजाको चाकडीमा गइरहेको बेला बाटोको छेउमा दुधेबालकलाई कौवाहरूले छोपिरहेका देखी मानिसहरूसँग सोध्दा 'दुधे-बालक' भन्ने कुरा थाहापाई 'जीवित छ कि छैन' भनी सोध्दा 'जीवित नै छ'

---

१. थेरीगा. अ. क. पृ. ३१: अभयमाता थेरीगाथा ।

२. म. नि. II पृ. ६७: अभयराजसुत्तं ।

भन्ने सुनी अभय राजकुमारले सो दुधे-वालकलाई आफ्नो अन्तःपुरमा लैजाने आदेश दिए ।

अन्तःपुरमा दुधे-वालकको पालन-पोषण राजकीय ढंगबाट भयो । 'जीवित छ' भन्ने अर्थले 'जीवक' र कुमारद्वारा भरण-पोषणगरी हुवर्या-इएको भन्ने अर्थले 'कौमारभृत्य' भनी नामकरण भएको हो । अर्को अर्थ गर्नेहरू बाल-चिकित्सक भएको हुनाले पनि 'कौमारभृत्य' भनिएको हो भनी भन्दछन्[१] ।

× × ×

अभय राजकुमारको रेखदेखमा भएको भरण-पोषणबाट क्रमशः जीवक वाल्यकाललाई व्यतिक्रम गर्नलागे । एक दिन राजदरबारका केटा-केटीहरूले उनलाई 'बिना आमाका छोरा' भनी भनेको सुनी तथा कुनै चहाड वा पर्वदिनमा, राजदरबारका अरू केटा-केटीहरूले आ-आफ्ना ज्ञातिबन्धु, नातादार, मामा, बाजे, बजैहरूबाट आफुसुहाउँदा विभिन्न वस्तुहरू, कोसेली आदि पाएकै आफुले केही पनि नपाएका जस्ता कारणहरूले गर्दा जीवकको कलिलो बाल चेतनामा चोट पर्‍यो र मनमा अनेक कुरा उठन थाल्यो । एक दिन निर्भीकरूपले अभय राजकुमार-कहाँगई आफ्नो आमा-बाबु 'को हुन् ?' तथा उनीहरू 'कहाँछन् ?' भनी प्रश्नगरे[२] ।

---

१. D. P. P. I. पृ. ९५७

२. समन्तपासादिका पृ. ८२६

यो प्रश्न अभय राजकुमारको निम्ति हृदयस्पर्शी र मार्मिक थियो। राजकुमार अभयले बालमनोविज्ञानलाई ध्यानमाराखी, तत्काल परिस्थिति र बालकको भविष्य कुण्ठित हुन नदिन समेत विचारगरी केही सत्य कुरा प्रकटगरे :—

"हे पुत्र ! मलाई तिम्रो आमा थाहाछैन, किन्तु म तिम्रो पिता हुँ। म तिमीलाई पालन-पोषण गर्दछु।"

उक्त कुराबाट यो स्पष्ट हुन्छ कि जीवक कौमारभृत्य अभय राजकुमारसँग संभोगद्वारा शालवती गणिकाले जन्माएकी हो[1]। त्यस बखतसम्म जीवकले आफ्नी आमा को हुन् भन्ने कुरा पहिला थाहा न पाएता पनि पछिगएर उनले शालवती गणिकाबाट आफू जन्मेको कुरा थाहापाए। शालवती गणिकाकै कोखबाट जन्मेकी[2] जीवककी काँछी बहिनी 'सिरिमा' भन्ने पनि गणिकावृत्तिमा नै थिई भन्ने कुरा धम्मपदट्ठकथा[3] र विमानवत्थु अर्थकथामा[4] स्पष्ट बुझिन्छ। पछि सिरिमा गणिका उत्तरा उपासिकाको सतसंगतको कारणले बुद्धका आर्यश्राविका

---

१. हेर तल 'जीवककथा'। अं. अ. क. पृ. २१६ मा अभयराजकुमारद्वारा शालवती गणिकाको कोखबाट जन्मेको हो भनी स्पष्टरूपमा उल्लेख भएको छ।

२. D. P. P. II पृ. ११४४

३. पृ. ३८८: सिरिमावत्थु।

४. पृ. ६१: सिरिमाविमान।

भई स्रोतापन्न-फल समेत प्राप्तगरी चाँडैनै परलोक भएको कुरा पनि उक्त ग्रन्थमै समुल्लेख भएको छ ।

समय बित्दैगएपछि जीवकको चिन्तनशक्तिमा उन्नत हुँदै गयो । १६ वर्षको उमेर पुग्दा[1] उनले विचारगरे कि यो राजदरबारमा कुनै शिल्पविद्या विना त्यसै जीवन बिताउन सजिलो हुने छैन । शस्त्र-अस्त्र वा अरू कुनै हस्ती-अश्व-शिल्पले कुनै मानवकल्याणकारी काम गर्न सकिने छैन । अतः मैले कुनै मानवकल्याणहुने शिल्प सिक्नु जरूरी छ । यस्तो सोची उनले "वैद्य-शास्त्र सिकेमा मानव-कल्याण गर्न सकिने छ" भन्ने निश्चयगरे । वैद्य-शास्त्रद्वारा केवल मानिसको शारीरिकस्वास्थ्य मात्र होइन बल्कि मानसिक सुखशान्ति पनि प्रदान गर्न सकिने छ ।

त्यस बखत राजदरबारमा विभिन्न व्यापारीहरू आवत-जावत गर्दथे । जीवकले यिनीहरूसँग सम्पर्क राखे । एक दिन यिनले एक व्यापारीसँग तक्षशिलामा कुनै वैद्यशास्त्र जान्ने विद्वान् छ कि भनी सोधे । व्यापारीले सकारात्मक जवाफ दिएको सुनी, जीवकले उनीहरूसँग तक्षशिला[2] जाने अठोटगरे । अनि एक दिन उनीहरू तक्षशिला जान-लाग्दा आफ्ना पिता अभय राजकुमारसँग न सोधी जीवक उनीहरूसँगै गए[3] ।

---

१. अं. अ. क. पृ. ११६

२. वर्तमान शाहजिडी ढेरी, जि. रावलपिण्डी पश्चिम पाकिस्तान ।

३. समन्तपा. पृ. ८२७

तक्षशिला पुगेपछि त्यहाँका नामी वैद्यकहाँगई धर्मान्तेवासी[१] को रूपमा रही वैद्यशास्त्र अध्ययन गर्ने आफ्नो दृढतालाई व्यक्तगरे पछि आचार्य हुने वैद्यले पनि स्वीकृति दिए । यस पछि त्यस आश्रममा ती दुइ गुरुशिष्यहरू अत्यन्त सौहार्दपूर्ण मात्र नभई पिता-पुत्रको जस्तै सम्बन्ध राखी बसे । जीवक पढन र धारणशक्तिमा अति उत्कृष्ट विद्यार्थी थिए । उनले १६ वर्षमा पुरागरिने कोर्षहरू सातै वर्षमा पुरागरे[२] । जुन कुरा मूल सूत्रबाट पनि स्टष्ट हुन्छ ।

सातवर्षसम्म लगातार घोरपिटगरी पढेर पनि गुरुको मुखबाट पढन सिद्धियो भन्ने कुरा सुन्न नपाउँदा उनको मनले केही खिन्नताको महसुस गरेको बुझिन्छ । त्यसैले उनले एक दिन गुरुकहाँ गई "कहिले यो शिल्पको अन्त आउने होला" भनी सोधे । गुरुले मनोभाव बुझी क्रियात्मक परीक्षाको रूपमा — "त्यसो भए हे जीवक ! खन्तीलिई तिमी तक्षशिलाको आसपासको एक एक योजन घुमी कुनै काममा न लाग्ने जडी-बुटी खोजेर ल्याऊ !" भनी अह्राए । जीवक चारैदिशामा घुमी कुनै काममा नलाग्ने पदार्थ भेट्टाउन नसकी गन्हुंगो मनगरी डराइ डराइ गुरुकहाँ गएपछि आचार्यले सारै खुशीभई "यत्तिले तिम्रो जीविका सफल हुनेछ" भनी

---

१. आचार्यहरूका घरायसी कामकाज समेतगरी आश्रममाबसी विद्याध्ययनगर्ने शिष्यहरूलाई 'धर्मान्तेवासी' भन्दछन् र पैसातिरी आचार्यको घरायसी कामकाजबाट मुक्तभई विद्या सिक्नेलाई 'अन्तेवासी' भन्दछन् । समन्तपा पृ. ८२७ ।

२. समन्तपा. पृ. ८२७ ।

आशिर्वाद दिई भविष्यको विचारगरी थोरैमात्र बाटोखर्च दिई जीवकलाई बिदादिएर पठाए ।

उक्त परीक्षा साँच्चैकै—शिल्प, शास्त्र र विद्याको परीक्षा थियो । के आजकलका शिक्षापद्धतिमा पनि यति खँदिलो परीक्षा प्रणाली छ होला ? यस किसिमको परीक्षा प्रणालीले प्रोत्साहन पाउँछ होला ? क्रियात्मक रहित केवल कोरा कागजी परीक्षाको प्रथा तथा शिक्षण केन्द्रहरूमा गुरुशिष्यप्रतिको अघनिष्ट प्रेम, अमधुर सम्बन्ध, दुवै पक्षबाट शिक्षा, शिल्प तथा शास्त्रहरू धनले मात्र लिने-दिने मनोवृत्ति—आदिले गर्दा न गुरुजनहरूमा आफुले सिकाउने शास्त्र विद्याबारे कुनै गहकिलोपन, न त शिक्ने शिष्यमा यस्तो गुण ! जीवन उज्यालो पार्ने जस्ता विद्या-शास्त्रको क्षेत्रमा पनि छल-कपट, चोरी ! मेहनत विना चोरीको विद्या र चोरीको ज्ञानद्वारा कहिले समाज उँभोलाग्न सक्लान् ? ... यसैले त्यस ताकाका विद्वज्जनले "विद्यार्थी-जीवनमा सुख र चैन कहाँ, कहाँ सुख र चैनमा बस्नेलाई विद्या !" भनी भनेको होला । क्षत्रीय परीक्षाको अभावले गर्दा, सरकार र जनताको सोचाइको स्तरमा चाहिने मात्रामा दूरदर्शिताको कमी तथा खँदिलोपनको भावनाले बढता स्थान लिन नसकेको आदि कारणले गर्दा आफ्ना देशका पदार्थ आफ्नै हातमा भइकन पनि लेबल नटाँसिएको हुँदा पहिचानगर्न नसकी अर्काको शरणमा परिरहेकाछन् । हराभरा जङ्गलमा उम्री रहेका कैयौं जडी-बुटीमा त्यस्ता लेबल नटाँसि-एको हुदा विदेशमा पठाई लेबल टाँस्न लगाउँछन् । प्राचीन सिद्धान्त र साधनमा आधुनिक उपकरणको समुचित सामञ्जस्यता ल्याउनसकेमा जीवक जस्ता वैद्य अझ पनि दुर्लभ हुनेछैन होलान् ।

१६ वर्षको उमेरमा आफ्नै आत्मीय विचारले तक्षशिलामागई ७ वर्षसम्म त्यहाँ वैद्य-शास्त्र अध्ययनगरी २४ वर्षको उमेरमा पुग्दा गुरुको असिम स्नेह प्राप्तगरी जीवक वैद्य घर फर्के ।

× × ×

क्रमश: जीवक कौमारभृत्य साकेत[१] नगरमा पुग्दा उनको बाटो खर्च सिद्धिएपछि कुनै रोगीलाई औषधीगरी बाटो खर्चको व्यवस्था गर्ने विचारगरी नगरमा पसी सोधपूछगरे । त्यस नगरको एक सेठकी भार्यालाई ७ वर्षदेखि टाउको दुख्ने रोग भएको सुनी जीवक उनको घरमा गए । किन्तु जीवक केवल २४ वर्षका तन्नेरी भन्ने सुनी सेठनीले, "कत्रा कत्रा बुढापाका वैद्यहरूले त निकोपार्न सकेनन् भने यस्ता तन्नेरी वैद्यले के गर्न सक्लान् !" भन्ने कुरा उनकै नोकरद्वारा सुनी जीवकले "निको नभएसम्म केही दिनु पर्दैन" भनी उही नोकरद्वारा नै सुनाएपछि सेठनीले औषधी गर्न लगाइन् ।

सर्वप्रथम जीवकले आफुले सिकेको शिक्षाको प्रतिफल यहींबाट पाएको देखिन्छ । उनले रोगीको अनुहार हेरी, उनीमा भएको विकृति लक्षण विचारगरी, घ्यूमा अनेक औषधी मिलाई, सातवर्षको रोगलाई एकै मात्रा घ्यूको नसले निकोपारि दिए । फलस्वरूप जीवकले सोरह

---

१. बुद्ध कालका छ प्रमुख नगरहरूमध्ये एक नगर । हाल अयोध्या । छ प्रमुख नगरहरू यी हुन् :— चम्पा, राजगृह, श्रावस्ती, साकेत, कौशम्बी र बाराणशी । दी. नि II पृ. ११३: महापरिनिब्बाणसुत्तं ।

हज्जार (रुपैयाँ) का साथ दाश, दाशी तथा अश्वरथ समेत पाए । यसैं परीक्षाको लागि उनलाई उनको गुरुले थोरै मात्र बाटोखर्च दिएका थिए । अरू कुराहरू तल सूत्रमा आउने नै छन् । राजगृह पुगेपछि जीवकले आफ्ना पिता अभय राजकुमारलाई कृतज्ञतापूर्वक प्राप्त भएको धन जम्मै चढाउँदा राजकुमारले जीवकलाई आफ्नै दरबारको क्याम्पभित्र घर बनाउन दिए । जीवक वैद्यको तन्नेरी जीवनमा यो पहिलो सफलता थियो । जीवकमा त्यस्तो शास्त्रसिद्धि थियो कि कर्मरोग बाहेक अरू कुनै पनि रोगलाई एकै मात्रा औषधीले निकोपारि दिन्थे[१] ।

× × ×

जीवक वैद्यले आफ्नो जीवनमा दोश्रो सफलता राजा बिम्बिसारको पुरानो अलकाई रोग निकोपारि दिंदा पाएका थिए भन्ने कुरा पनि तल मूल सूत्रलेनै स्पष्ट गरेको छ ।

राजा बिम्बिसारले धेरै दिनदेखि शरमिन्दाका साथ दुःख भोगिरहेको रोग निको भएपछि, जीवक वैद्यलाई पाँचशयस्त्रीहरूका आभरण दिएका थिए । यस बेला राजाले सोचेका थिए कि—"यदि जीवकले यी आभरणको पोको नलिएमा उनलाई राजदरबारको प्रमुख राजवैद्य घोषणा गर्नेछु ।" जीवकले पनि बुद्धिपुऱ्याई धनको लोभमा नलागी आभरणको पोको ग्रहणगरेनन् । जीवकको यस त्यागशीलबारे बडो प्रभावित तथा खुशीभई राजाले उनलाई सबैप्रकारले भरिपूर्ण भएको घर,

१. समन्तपा. पृ. ८२७ ।

आम्रवनको उद्यान र वर्षमा एकलाख आम्दानी हुने गाउँसहित ठूलो सम्मान र सत्कारगरी राजदर्बारका महिलाहरूलाई र तथागत सम्यक् सम्बुद्ध प्रमुख आफुलाई समेत चिकित्सागर्नेगरी राजदर्बारका प्रमुख राज वैद्यको स्थानमा राखे[1]।

यस्तै प्रकारको लाभ-सत्कार उज्जैनका राजा चन्द्रप्रद्योतको पाण्डुरोग निकोपारिदिंदा पाएका थिए। निरोगीभई राजा चन्द्रप्रद्योतले उज्जैनबाट राजगृहमा, जीवकलाई ५०० गाडा अन्न, १६,००० रुपैयाँ, १,००० कपडाहरू र शिवीदेशमा बनेको अत्यन्त अनर्घ दोसल्ला एकजोर पनि पठाएका थिए। दोसल्ला पाउने वित्तिकै जीवकले, "यो दोसल्ला ओढन लायक पुरुष महापुरुष भगवान् बुद्ध वाहेक अरू कुनै छैन" भनी त्यसै दिन भगवान् कहाँ गई दोसल्ला अर्पणगरे। एक हजार कपडाहरू पनि भिक्षुसङ्घमा नै चढाए[2]। यो कुरा पनि तल मूल सूत्रमा नै आउने छ।

यस बेलासम्म भगवान् बुद्ध प्रमुख कुनै भिक्षुले पनि गृहपति-द्वारा सिएर दिएको चीवर-वस्त्र ग्रहण गरेका थिएनन्। भगवान् बुद्ध सहित सबै भिक्षुहरू पंसुकूलिक[3] थिए। २० वर्षबाद भिक्षुहरूलाई

१. समन्तपा. पृ. ८२८

२. अं. अ. क. पृ. २१६

३. फ्याकी राखेको कपडाहरू बटुली वस्त्र बनाई ओढनेलाई पांसुकूलिक भन्दछन्। यिनीहरू कसैले पनि सिएर दिएको वस्त्र ग्रहण गर्दैनन्।

गृहपति चीवर ग्रहणगर्ने अनुमति दिनु भएको यो पहिलोबार थियो[१]। दोसल्ला दान गरिसकेपछि अनुमोदन धर्मोपदेश सुनेर जीवक कौमारभृत्य निर्वाणको स्रोतमापुगी स्रोतापन्न भए[२]।

× × ×

राजगृहवासी सेठको टाउकोको शल्य चिकित्सा र बनारसवासी सेठको छोरालाई पेटको शल्य चिकित्सा गरेको कुरा पनि तलका सूत्रहरूमा उल्लेख भएकै छन् यसप्रकार जीवक वैद्य आफ्नो वैद्यविद्यामा सुप्रसिद्ध भएपछि जीवक कौमारभृत्यको जीवन सारै व्यस्त भयो। जुन कुरा तलका "भिक्षु बनाउन अयोग्य व्यक्ति" बाट स्पष्ट छ। भिक्षुहरूका स्वास्थ्यको ख्याल राखी जीवकले भगवान्सँग भिक्षुहरूकानिम्ति सुविधाहरू मागिएको कुरा पनि मूल सूत्रबाट नै थाहा हुनेछ[३]। दिनको दुइ तीन पटक पनि बुद्ध तथा भिक्षुहरूका हेरचाहगर्न जानुपर्ने हुँदा, राजगृहबाट गृधकूट पर्वत तथा वेणुवन टाढापर्ने हुँदा र आफ्नो आम्रवन यो भन्दा नजिकपर्ने हुँदा, जीवकले आफ्नै आम्रबनमा रात्रीस्थान, दिवास्थान, कुटी, मण्डपादि विभिन्न घरहरूका साथ भगवान् बस्न सुहाँउदो गन्धकुटी[४] पनि बनाई १८ हात अग्लो ताम्रवर्ण परखा-

१. समन्तपा. पृ. ८३०

२. म. नि. अ. क. III पृ. ३०

३. हेर यसै पुस्तकमा 'जीवकको प्रार्थना'।

४. भगवान् बस्ने जुनसुकै कोठा, कुटी अथवा घरलाई 'गन्धकुटी' भन्ने चलन छ।

लले जम्मै आम्रवन घेरी, बुद्ध प्रमुख भिक्षुसङ्घलाई स-चीवर भोजन प्रदानगरी, कलशबाट पानी तर्पणगरी आम्रवन जम्मै भगवान् समक्ष समर्पित गरे[१] ।

× × ×

भगवान् गृधकूट पर्वतको आश्रयलिई बस्नु भएको बेला[२] एक दिन भगवान्को स्वास्थ्य ठीक नभई भगवान्ले आयुष्मान् आनन्दलाई "जुलाफ खानपाए हुन्थ्यो" भनी भन्नु हुँदा आयुष्मान् आनन्दले जीवक वैद्य कहाँगई सो हाल भनेपछि जीवकले भगवान्प्रतिको महत् भक्तिको कारणले पिउन नपर्ने केवल सुँघदामात्रै जुलाफ हुनेगरी तीन ओटा कमलको फूलमा औषधी मिलाई क्रमशः भगवान्लाई सुँघाए । पहिलो फूलको सुँघाइले सारै कडा भएको कसर फाल्ने, दोश्रो फूलको सुँघाइले मझ्चौलाखालको कसर फाल्ने र तेश्रो फूलको सुँघाइले मिहीन कसर फाल्नेगरी जम्मा तीसबार विरेचन हुनेछ भनी निवेदनगरे[३] । जुलाफ भएपछि भगवान्को निमित्त रस भोजनको प्रबन्ध पनि आफैंले तर्जुमा गरिदिएका थिए[४] । जुलाफबाट भएको ग्लानी दूरभई तन्दुरुस्ती भएको केही दिनपछि सर्वप्रथम बाहिरको भोजन ग्रहणगर्ने दिनमा आयुष्मान्

---

१. म. नि. अ. क. III पृ. ३०, दी. नि. अ. क. I पृ. ९४ ।

२. अं. अ. क. पृ. २१६ ।

३. समन्तपा. पृ. ८२९ ।

४. अं. अ. क. पृ. २१६ ।

महामौद्‌गल्यायनले सोण सेठको पुत्रकहाँबाट भिक्षाल्याई भगवान्‌लाई चढाएका थिए[१] ।

जुलाफको औषधी सुँघाएर जीवक उठेरगई नगरद्वारबाट निस्किसकेपछि उनको मनमा व्सक्कभई, भगवान्‌लाई ३० बार जुलाफ नभई केवल २९ बारमात्र हुने कारणसम्झी, जुलाफ भइसकेपछि मन्तातो पानीले नुहाउनु भएमा फेरि अर्को एकपल्ट हुने कुरा भन्न बिर्सी सारै चिन्तित भए । नगरद्वार बन्द भइसकेको हुँदा भित्रपस्न पनि सकेनन् । तर भगवान्‌ले उनको मनको कुरा चालपाई जीवकले चिताएझैं भगवान्‌ले गर्नु भयो । यस्तै घटना अर्को एक पटक-गृधकूटबाट देवदत्त भिक्षुले बुद्धलाई हत्यागर्ने नियतले ढुंगा खसाल्दा, खसेको ढुंगा अर्कोढुंगामा लागी त्यसबाट उछिट्टिएर आएको ढुंगाको टुक्राले भगवान्‌को खुट्टाको औंलामा लागेर घाउहुँदा रगत बग्यो । अनि भिक्षुहरूले भगवान्‌लाई खाटमाराखी बोकी, मद्दकुच्छि गाउँमा पुऱ्याएपछि भगवान्‌ले जीवक आम्रवनमा जाने रुचि प्रकट गर्नु भएपछि जीवक आम्रवनमा पुऱ्याएका थिए । त्यस बखत जीवक वैद्यले घाउको रगत रोक्नका लागि औषधी हाली पट्टी बाँधी "भन्ते ! म अन्त एक मानिसको औषधीगरी नआउञ्जेलसम्म पट्टी नखोल्नु होला" भनी गएर ढोका बन्दगर्ने समयसम्म पनि फर्केर आइपुग्न नसक्दा—"अहो ठूलो अपराध भयो, बाँधेको पट्टी खोल्न पाइन, अब कडा औषधी हालेको कारणले भगवान्‌लाई रातभरी सारै नै जलन हुनेछ" भनी चिन्ता गर्दा भगवान्‌ले जीवकको मनसाय

---

१. समन्तपा. पृ. ८२९

अनुरूप पट्टी खोल्नु भएको थियो[1] ।

× × ×

जीवक त्यस बखतका एक ठूला सिद्ध वैद्य थिए । उनमा औषधोपचारको साथसाथै पथ्यको प्रबन्धगर्ने आदि गुण पनि निहीत थियो । भगवान् तथा सङ्घको उनी विशेष सेवागर्थे । बुद्ध भक्त भएकोहुँदा बुद्धको कुनै अफवाह सुन्नपर्दा उनलाई स्वभावतः दुःखलाग्थ्यो र यस्ता अफवाहको सत्यासत्य कुरा पत्तालगाउन उनी बुद्धकहाँगई प्रश्न सोध्दथे । जस्तो कि मज्झिमनिकायको जीवकसुत्तमा[2] जब जीवकले "बुद्धले जानि जानि आफ्नो निम्ति मारेको प्राणीको मासु खान्छन्" भन्ने कुरा सुने तब उनी सीधा बुद्ध कहाँगई यस सम्बन्धमा प्रश्न सोधेका थिए ।

भिक्षुहरूका निम्ति तीन दोषले मुक्त भएको मासु खाने अनुमति छ । किन्तु त्यस बखतका मानिसहरूमा "मार्नेलाई र खानेलाई उत्तिकै अपराध लाग्छ" भन्ने गलत धारणा थियो । जसबारे बुद्धले स्पष्टरूपले अस्वीकार गर्नु भएको देखिन्छ । वहाँले यो स्पष्टगरिदिनु भएको छ कि बुद्ध वा वहाँका श्रावकहरूका निमित्त प्राणी हिंसागर्नेहरूले पाँच प्रकारबाट अपुण्य कमाउँछन् । यसबाट प्राणीप्रति दयाभाव र दानमय पुण्य गर्नको लागि प्राणी मारे पनि पाप लाग्दैन भन्ने र दानद्वारा प्राणीहिंसाको पाप कटन हुन्छ भन्ने—यी दुवै गलत धारणालाई कतैपनि स्थान

१. धम्म. अ. क. पृ. २९८: अरहतवर्ग ।

२. हेर तल "त्रिकोटि परिशुद्ध मांस" शीर्षकमा ।

दिनु भएको छैन[1] ।

जुन त्रिकोटि परिशुद्ध मांसको अनुमति भगवान्ले भिक्षुहरूलाई दिनु भएको छ यसबारे गहिरो तथा तटस्थतापूर्वक विचारगर्नु आवश्यक छ । "खानेलाई र मार्नेलाई उत्तिकै पाप, दानको निमित्त प्राणी मार्नेलाई पाप लाग्दैन तथा पुण्यद्वारा पाप कटन हुन्छ" भन्ने दुवै आन्तिक गलत धारणालाई निषिद्धगर्नु भई "मनोपुब्बङ्गमा धम्मा[2]" अर्थात् कुशला-कुशल कार्यमा मन र चेतना नै प्रधान छ भन्ने सिद्धान्त अनुरूप मध्यम मार्गको उपदेश दिनु भएको देखिन्छ । यसबारे अरू विस्तृतरूपले जान्न चाहनेले मज्झिमनिकाय अर्थकथा[3] हेर्नु आवश्यक छ ।

जीवकले बुद्धसँग "जानि जानि आफ्नो निमित्त मारेको प्राणीको मासु खान्छन्" भन्ने कुरा साँचो हो कि भनी सोध्दा भगवान् बुद्धले सो कुरा "असत्य हो" र "भिक्षुहरूले आफ्नो निमित्त प्राणी मारीरहेको नदेखेको, आफ्नो निमित्त मार्नलागेको छ भन्ने वा मार्नलागेको बेलामा हुने कुनै आवाज नसुनेको तथा 'मेरो निमित्त मारेको हो कि क्याहो ?' भन्ने मनमा शंका सन्देह समेत नभएको, भिक्षामा प्राप्त मासु भोज्यछ" भनी भन्नु भयो । यसबारे तल लेखिएको मूल सूत्रबाटै कारण स्पष्ट भएको छ ।

× × ×

---

१. म. नि. अ. क. III पृ. ३४ ।

२. धम्मपद ।

३. म. नि. अ. क. III पृ. ३० देखि ३४ सम्म ।

जीवक कौमारभृत्यकोबारे एक दिन आफ्नो मन्तव्य व्यक्तगर्नु हुँदै भगवान्‌ले जीवक वैद्य व्यक्तिगतरूपले प्रसन्न हुनेहरूमध्येमा प्रमुख छन् तथा जीवकमा आर्यश्रावकहरूमा हुने छ गुणहरू पनि विद्यमान् छन् भनी भन्नु भयो ।

जीवकको आम्रवनमा धेरै घटनाहरू घटेकाथिए । धेरै विद्वान् भिक्षुहरूले त्यहाँ बास गरेका थिए । यसै आम्रवनमा भगवान् बस्नु भएको बेला एक दिन पितृघात कर्मद्वारा चित्त सन्तप्त भई अशान्ति भइरहेका अजातशत्रु राजालाई जीवकले भगवान्‌कहाँ लगी चित्त शान्त गराइदिएका थिए[1] । यसै आम्रवनमा भगवान् बसिरहनु भएको बेला एक दिन जीवक कौमारभृत्यले महापन्थ भिक्षुसँग आम्रवन विहारमा कति भिक्षुहरू छन् भनी सोध्दा ५०० भिक्षुहरू छन् भन्नु भएको सुनी भोलिपल्टको लागि पाँचशय भिक्षुहरूलाई निम्त्याई, भोलिपल्ट आफ्नो घरमा आएका भिक्षुहरूमा चूळपन्थ भिक्षुलाई नदेखी भगवान्‌ले जीवकलाई बोलाउनु भई चूलपन्थ भिक्षुलाई बोलाउन पठाउँदा चूलपन्थक भिक्षुले अलौकिक प्रातिहार्य देखाएको पनि यहींनै हो[2] । यस्तैगरी जीवक आम्रवनमा अरू अरू पनि धेरै घटनाहरू घटेका थिए ।

× × ×

---

१. दी. नि. I पृ. ४१: सामञ्ञफलसुत्तं ।

२. धम्मप. अ. क. पृ. १२०: अप्रमादवर्ग ।

मूल पालि :—

१—जीवक कथा

त्यस बखतमा बुद्ध भगवान् राजगृहको वेणुवनस्थित कलन्दक निवापमा बस्नु भएको थियो[१]।

त्यस समयमा वैशालीनगर सुसम्मृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष थियो। ७७०७ प्रासादहरू, ७७०७ कूटागारहरू (पगोदा ढाँचाका घरहरू), ७७०७ आराम (बगैंचा) हरू र ७७०७ पोखरी-हरू थिए। आम्रपालि गणिका अभिरूप, दर्शनीय, प्रासादिक तथा परमरूपवती थिई। उ नाच, गान र बाजा बजाउनमा सिपालु थिई। रातको पचास कार्षापण (त्यस बखतका रूपीयाँ) लिई आफुलाई चाहने मानिससँग जाने गर्थी। यसले गर्दा वैशालीनगर प्रसन्न तथा चहकिलो देखिन्थ्यो।

राजगृह निगमवासीहरू केही कामले वैशाली नगरमा गए। राजगृह निगमवासीहरूले वैशालीनगर सुसम्पृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष भएको देखे। ७७०७ प्रासादहरू··· र ७७०७ पोखरीहरू पनि देखे। अभिरूप, दर्शनीय, प्रासादिक तथा परमरूपवती आम्रपाली गणिकालाई पनि देखे। उ नाच, गान, तथा बाजाबजाउनमा निपुणरहिछ भन्ने कुरा पनि थाहापाए। एकरातको पचास कार्षापणलिई आफुले चाहेको मानिससँग जाने कुरा पनि थाहापाए। यसैले वैशालीनगर

१. महाव. पृ. २८६ चीवरखन्धकं, जीवकवत्थु।

प्रसन्न तथा चहकिलो रहेको पनि बुझे ।

वैशालीमा आएको काम सिध्याई राजगृह निगमवासीहरू पुनः राजगृहमै फर्केर गए । उनीहरू जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गई मगधराजा सेनीय बिम्बिसारलाई यस्तो बिन्ति गरे :—

"हे देव ! वैशाली नगर सुसम्मृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष छ । त्यहाँ ७७०७ प्रासादहरू... र ७७०७ पोखरीहरू पनि छन् । अभिरूप, दर्शनीय, प्रासादिक तथा परमरूपवती आम्रपाली गणिका पनि छ । उ नाच, गान, तथा बाजा बजाउनमा सिपालु छ । एक रातको पचास कार्षापण लिई उसलाई चाहने मानिससँग जान्छे । यसैले वैशाली नगर प्रसन्न तथा चहकिलो छ । हे देव ! हामीले पनि गणिका खडागरौं ।"

"हे भणे[1] ! त्यसो भए त्यस्ता कुमारी खोज जसलाई तिमीहरूले गणिका बनाउन सक्ने छौ ।"

त्यस बखत राजगृह नगरमा शालवती नामक कुमारी अभिरूप, दर्शनीय, प्रासादिक तथा अत्यन्त रूपवती थिई । अनि राजगृह निगमवासीहरूले शालवती कुमारीलाई गणिकाको रूपमा खडागरे । केही समयमै शालवती गणिका नाच, गान तथा बाजा बजाउनमा चतुरभई । उसलाई चाहने मानिसहरूसँग रातको एकशय कार्षापण लिई जानथाली । तर केही दिन पछि शालवती गणिका गर्भिणी भई । अनि उसले विचार गरी— "गर्भिणी स्त्रीलाई पुरुषहरू मनपराउँदैनन् । यदि मलाई कसैले 'शालवती गणिका गर्भिणी छ' भनी

---

१. आफुभन्दा मुनिका लागि आमन्त्रण गरिने शब्द ।

थाहापाएको खण्डमा मेरो सबै मान सत्कार हराएर जानेछ । अतः किन म रोगी भएकीछु भनी नजनाउँ।" यति सोची द्वारपाललाई आज्ञा दिई :—

"हे भणे ! द्वारपाल! यदि कसैले मलाई सोध्योभने म 'विरामी छु' भनी भनि देऊ।"

"हवस्, आर्ये !" भनी त्यो द्वारपालले शालवती गणिकाको कुरा मान्यो ।

शालवती गणिकाको गर्भ पूर्णभएपछि उसले छोरा जन्माई । शालवती गणिकाले दासीलाई आज्ञा दिई :—

"हन्दजे ! यो दुधे-वालकलाई पुरानो नाङ्लोमा राखी बाहिर-लगी कसिंगर फ्याँक्ने ठाउँमा फ्याँकिदेऊ !"

"हवस्, आर्ये !" भनी सो दासीले शालवती गणिकाको कुरासुनी त्यो वालकलाई पुरानो नाङ्लोमा राखी वाहिरलगी कसिंगर फ्याँक्ने ठाउँमा फ्याँकिदिई ।

त्यस बखतमा अभय राजकुमार समयमै राजाको चाकरीमा जाँदैथिए र उनले सो वालकलाई कौवाहरूले घेरीराखेको देखेर मानिस-हरूसँग सोधे :—

"हे भणे ! कौवाहरूले घेरीराखेको यो के हो ?"

"हे देव ! दुधे-वालक हो ।"

"हे भणे ! जिउँदै छ ?"

"हे देव ! जिउँदै छ ।"

"हे भणे ! यो वालकको पोषणगर्नको लागि हाम्रो अन्तःपुरमा लगी धाईहरूलाई देऊ !"

"हवस्, देव !" भनी ती मानिसहरूले अभय राजकुमारको कुरासुनी त्यो वालकलाई अभय राजकुमारको अन्तःपुरमा लगी 'यसलाई पोषणगर' भनी धाईहरूलाई सुम्पिदिए ।

त्यो वालक 'जिउँदैछ' भन्ने अर्थले 'जीवक' र राजकुमारद्वारा पोषण गराइएको हुनाले 'कौमारभृत्य' भन्ने नामराखे । चिरकाल नहुँदैमा जीवक कौमारभृत्य जान्ने वुझ्ने भए । एकदिन जीवक कौमारभृत्य जहाँ अभय राजकुमार थिए । त्यहाँगई राजकुमारसँग निम्नकुरा सोधे :—

"हे देव ! मेरी आमा को हुन् र मेरा पिता को हुन् ?"

"हे भणे ! मलाई पनि तिम्रो आमा थाहा छैन । किन्तु म तिम्रो पिताहुँ । मैले तिमीलाई पोषण गराएको छु ।"

यो कुरा सुनी जीवकको मनमा यस्तो लाग्यो :— "यो राजकुलमा कुनै शिल्प विना जीविकागर्नु सजिको हुने छैन किन म सीप नसिकौं ।"

त्यस बखत तक्ष शिलामा एक दिशाप्रमुख वैद्य बसेका थिए । एक दिन जीवक कौमारभृत्य अभय राजकुमारसँग नसोधी जहाँ तक्षशिला हो त्यहाँ गई त्यो वैद्यकहाँ पुगे । वैद्यकहाँ पुगेपछि निवेदन गरे :—

"हे आचार्य ! म सीप सिक्न चाहन्छु ।"

"हे भणे ! त्यसोभए सिक ।"

जीवक कौमारभृत्यले त्यहाँ धेरै पढे, चाँडै पढे, राम्ररी धारण-गरेर पढेका कुराहरू पनि बिर्सिन्नथे । सातवर्ष बितिसकेपछि एकदिन जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो :—

"म धेरै पढदछु, चाँडै पढदछु, राम्ररी मनमा धारण पनि गर्दछु र पढेको कुरा पनि बिर्सिन्न । सातवर्षसम्मले पनि यो सीपको अन्त भएको देखिदन । कहिले यो सीपको अन्त देख्न सक्नेहोला !"

यति मनमा सोची जीवक कौमारभृत्य जहाँ वैद्याचार्य थिए त्यहाँगई सोधे :—

"हे आचार्य ! म धेरै पढदछु, चाँडै पढदछु, राम्ररी मनमा राख्दछु र पढेको कुरा पनि बिर्सिन्न । कहिले यो सीपको अन्तदेख्न सक्नेहोला ?"

"हे भणे ! जीवक ! त्यसोभए तिमी खन्तीलिई तक्षशिलाको चारैतिर योजन योजनसम्म घुमी जे जति औषधीमा काम नलाग्ने पदार्थ देख्नेछौ ती सबै लिएर आऊ ।"

"हवस्, आचार्य !" भनी जीवक कौमारभृत्य ती वैद्यका कुरा सुनी, खन्तीलिई तक्षशिलाको चारैतिर योजन योजनसम्म घुम्दा पनि कुनै पदार्थ औषधीमा काम नलाग्ने देखेनन् । अनि जीवक कौमारभृत्य जहाँ ती वैद्य थिए त्यहाँगई वैद्यलाई यस्तो भने :—

"हे आचार्य ! तक्षशिलाको चारैतिर योजन योजनसम्म घुमें, तर कुनै पनि पदार्थ औषधीमा काम नलाग्ने मैले देखिन ।"

"हे भणे, जीवक ! राम्ररी जान्यौ । तिम्रो जीविकाका लागि यत्तिले पर्याप्तछ" भनी जीवक कौमारभृत्यलाई अलिकति बाटोखर्च दिए ।

जीवक कौमारभृत्य दिएको अलिकति बाटोखर्चलिई राजगृह-तिर लागे । जीवक कौमारभृत्यको सो बाटोखर्च (यात्राको) बीचैमा साकेत नगर पुग्दा सिद्धिहाल्यो । अनि जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो :—

"यो बाटो (जानबाँकी बाटो) कान्तारमय छ, यहाँ पानीको दुर्लभ छ, खानेकुराको पनि अभाव छ । बाटोखर्च नभइकन यात्रागर्नु मुश्किल हुनेछ । अतः किन मैले बाटोखर्च नखोजौं ।"

× × ×

मूल पालिः—

२–सेठनीको चिकित्सा

त्यसबखत साकेत नगरमा सेठकी भार्यालाई सात वर्षदेखि टाउको दुखेको थियो[1] । धेरै ठुल-ठूला दिशाप्रमुख वैद्यहरूले पनि रोग निकोपार्न सकेनन् । धेरै हिरण्य लिएर गए । अनि जीवक कौमारभृत्य साकेत नगर भित्रगई मानिसहरूसँग सोधे :—

---

१. महाव. पृ. २८८ सेट्ठिभरियावत्थु ।

"हे भणे ! यहाँ कुनै बिरामी छ कि जसलाई म औषधी गर्न सकौं !"

"हे आचार्य ! यहाँ सेठकी भार्यालाई सातवर्षदेखि टाउको दुखेको छ । तपाई त्यहाँगई सेठनीलाई औषधी गर्नुहोस् ।"

अनि जीवक कौमारभृत्य जहाँ सेठको घरहो त्यहाँगई द्वारपाललाई भने :—

"हे भणे ! तिमी जाऊ ! सेठनीलाई निवेदन गर कि वैद्य आएकोछ र उ तपाईलाई हेर्न चाहन्छ ।"

"आचार्य ! हुन्छ" भनी त्यो द्वारपाल, जीवक कौमारभृत्यको कुरासुनी जहाँ सेठनी थिइन् त्यहाँगई उनलाई निवेदन गऱ्यो :—

"हे आर्ये ! वैद्य आएको छ र उनी तपाइलाई हेर्न चाहन्छन् ।"

"हे द्वारपाल ! कस्तो वैद्य हो ?"

"हे आर्ये ! तरुणनै छ ।"

"हे द्वारपाल ! भइहाल्यो, त्यो तरुण वैद्यले के गर्न सक्ला ! कत्रा कत्रा ठुल-ठूला दिशाप्रमुख वैद्यहरू आएर त मलाई निकोपार्न सकेनन्, धरै हिरण्य लिएर गए ।"

अनि सो द्वारपालले जीवक कौमारभृत्यलाई भन्यो :—

"हे आचार्य ! सेठनी यस्तो भन्दिछन् :— 'हे भणे ! द्वारपाल भइहाल्यो, त्यो तरुण वैद्यले के गर्न सक्ला ! कत्रा कत्रा ठुल-ठूला दिशाप्रमुख वैद्यहरू आएर त मलाई निकोपार्न सकेनन्, धेरै हिरण्य लिएर गए ।"

"हे भणे ! द्वारपाल, त्यसोभए तिमी गएर सेठको भार्यालाई यस्तो भनी देऊ— 'आर्ये ! पहिले नै केही दिनुपर्दैन । जब रोग निकोहुन्छ अनिमात्र जे चाहन्छ सो देऊ !"

"आचार्य ! हुन्छ" भनी सो द्वारपाल जीवक कौमारभृत्यको कुरा सुनी पुन सेठनीसँग भन्दछ :—

"हे आर्ये ! वैद्य यसो भन्दछन् :— 'आर्ये ! पहिले नै केही दिनु पर्दैन । जब रोग निको हुन्छ अनिमात्र जे चाहन्छ सो देऊ ।"

"त्यसो भए, द्वारपाल ! वैद्यलाई बोलाऊ !"

"हवस्" आर्ये ! भनी सो द्वारपालले सेठनीको कुरा सुनी जीवक कौमारभृत्य कहाँगई भन्यो— "आचार्य ! तपाईलाई सेठनीले बोलाउनु भएको छ' !"

जीवक कौमारभृत्य सेठनीकहाँ गई उनको विकृति विचारगरी सेठनीलाई भने— "हे आर्ये ! मलाई एक पसर घ्यू चाहिन्छ ।"

सेठनीले जीवक कौमारभृत्यलाई एक पसर घ्यू दिलाइ दिइन् । त्यो घ्यूमा जीवक कौमारभृत्यले नानाप्रकारका औषधीहरू हाली खूबसँग पकाएर सेठनीलाई खाटमा उत्तानोपारी सुताई नाकभित्र हालिदिए । सो घ्यू नाकबाट पसेर मुखबाट निस्क्यो । सेठनीले घ्यू फ्यूदानमा थुकी दासीलाई आज्ञा दिइन्— "हन्द, जे ! यो घ्यू कपासमा थापिल्यौ ।"

यो देखेर जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो :—

"अहो आश्चर्य ! कति कठोर कृपणी रहिछन् यी गृहिणी ! फ्याँक्नुपर्ने घ्यू पनि कपासमा थाप्न लगाउँछिन् । यसमा मेरो धेरै मूल्य–

वान् औषधीहरू परेकाछन् । यस्तीले मलाई के दिन्छिन् होलिन् ।

सेठनीले जीवक कौमारभृत्यको मुख-विकार देखी जीवक कौमार-भृत्यसँग सोधिन् :—

"हे आचार्य ! किन तपाइले मुख अँध्यारो पार्नु भएको ?"

मलाई यस्तो लाग्यो कि— "अहो आश्चर्य ! कति कठोर कृपणी भएकी होलिन् यी गृहिणी ! जहाँ कि फ्याँक्नु पर्ने घ्यू पनि कपासमा थाप्न लगाउँछिन् । यसमा मेरा धेरै मूल्यवान् औषधीहरू परेकाछन् । यस्तीले मलाई के दिन्छिन् होलिन् ।" "हे आचार्य ! हामी गृहस्थीहरू यस्तो स्याहार वा संचय गर्नुको अर्थ जान्दछौं । यो घ्यू दासहरूलाई, कामदारहरूलाई, खुट्टामा घस्न अथवा बत्तीमा राख्नको निम्ति असलछ । आचार्य ! तपाई बेखुश हुनुपर्दैन । यसले तपाइले पाउनेमा कुनै कमी हुनेछैन ।"

जीवक कौमारभृत्यले सेठनीको सातवर्षदेखि टाउको दुखेको रोगलाई एकै नसदिने कार्यले निकोपारि दिए । अनि रोगनिकोभएपछि सेठनीले जीवक कौमारभृत्यलाई चारहजार (रुपियाँ) दिइन् । छोराले— "मेरी आमा निरोगी भइन्" भनी चारहजार दियो । बुहारीले— "मेरी शासु निरोगी भइन्" भनी चारहजार दिई । पुरुष गृहपतिले पनि— "मेरी भार्यालाई निकोपारि दिए" भनी चार-हजार दिए, दास, दासी र अश्वरथ पनि दिए ।

अनि जीवक कौमारभृत्य ती सोह्र हजार, दास, दासी तथा अश्वरथ समेत लिएर राजगृह तर्फ गए । क्रमशः राजगृहमा पुगी जहाँ

अभय राजकुमार थिए त्यहाँगई अभय राजकुमारलाई निवेदन गरे :—

"हे देव ! यो मेरो पहिलो काम हो, सोरह हजार (रुपियाँ), दास, दासी तथा अश्वरथ। देव ! मलाई पोषण गर्नुभएको बापत स्वीकार गर्नुहोस्।"

"हे भणे ! जीवक ! भइहाल्यो, तिमीलाइनै होस् ! हाम्रै अन्तःपुरमा घर बनाऊ !'

"हवस्, देव !" भनी जीवक कौमारभृत्यले अभयराजकुमारको कुरासुनी अभय राजकुमारकै अन्तःपुरमा घर बनाए।

× × ×

मूल पालि :—

३—बिम्बिसार राजाको चिकित्सा

त्यस समय मगधराजा सेनीय बिम्बिसारलाई अलकाई रोग थियो[1]। कपडामा रगत लाग्थ्यो। देवीहरूले देखेर हँस्सी उडाउँथे—'देव ! अब तपाइ ऋतुमती हुनुभयो। देवको फूल फुलेको छ[2]। अब देवले चाँडैनै जन्माउनु हुनेछ।" यस कुराले राजा चुप हुन्थे।

---

१. महाव. पृ. २९० बिम्बिसारराजवत्थु।

२. पालिसाहित्यमा मासिकधर्मलाई फूल फूलेको भन्दछन्।

एक दिन मगधराजा सेनीय बिम्बिसारले राजकुमार अभय लाई भने :—

"हे भणे, अभय ! मलाई त्यस्तो रोग भएकोछ जसले गर्दा कपडामा रगत लाग्छ । देवीहरूले मलाई देखेर हँस्सी उडाउँछन्— 'देव ! अब तपाइ ऋतुमती हुनुभयो । देवको फूल फूलेकोछ । अब देवले चाँडैनै जन्माउनु हुनेछ ।' हे भणे, अभय ! त्यसोहुनाले तिमीले त्यस्तो वैद्य खोज जसले मलाई औषधी गर्न सकोस् !"

"हे देव ! यो हाम्रो तरुण जीवक वैद्य राम्रो छ । देवलाई उसले औषधी गर्नेछ ।"

अनि अभय राजकुमारले जीवक कौमारभृत्यलाई आज्ञा दिए:—

"हे भणे, जीवक ! जाऊ, राजालाई औषधीगर ।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्य अभय राजकुमारको आज्ञासुनी नङ्मा औषधीलिई जहाँ मगधराजा सेनीय बिम्बिसार हुनुहुन्थ्यो त्यहाँगई मगधराजा सेनीय बिम्बिसारलाई बिन्तिगरे :—

"हे देव ! म तपाइको रोग हेर्न चाहन्छु ।"

अनि जीवक कौमारभृत्यले मगधराजा सेनीय बिम्बिसारको अलकाई रोगलाई एकै लेपले निकोपारिदिए । मगधराजा सेनीय बिम्बिसार निरोगीभई पाँचशय स्त्रीहरूलाई सबै अलंकारले विभूषित-गरी, ती सबै अलंकार आभूषणहरू झिक्नलगाई एक पोकोपार्नलगाई जीवक कौमारभृत्यलाई भने :—

"हे भणे, जीवक ! यी पाँचशय स्त्रीहरूका आभूषणहरू जम्मै तिमीलाई भयो ।"

"त्यसै रहोस्, देव ! देवले मैले गरेको काममात्र सम्झनुहोस् ।"

"हे भणे, जीवक ! त्यसोभए मलाई स्त्रीहरू बस्ने अन्तःपुरमा र बुद्ध प्रमुख भिक्षुसङ्घलाई पनि उपस्थानगर ।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्यले मगधराजा सेनीय बिम्बिसारलाई प्रत्युत्तर दिए ।

× × ×

मूल पालि :—

४–शल्य चिकित्सा

त्यस समय राजगृहवासी सेठलाई सातवर्षदेखि टाउको दुख्ने रोग लागेको थियो । धेरै ठुल-ठूला दिशाप्रमुख वैद्यहरूले पनि निको-पार्न सकेका थिएनन् । धेरै हिरण्य लिएर गए । वैद्यहरूले त्यागिसकेका थिए । केही वैद्यहरूले 'पाँचौं दिनमा सेठ गृहपति मर्नेछन्" भनी भने, केहीले "सातौं दिनमा सेठ गृहपति मर्नेछन्" भनेका थिए ।

अनि राजगृह निगमवासीहरूका मनमा यस्तो लाग्योः— "यी सेठ गृहपति राजाको पनि निगमवासीहरूका पनि बहूपकारी हुन् । किन्तु यिनलाई वैद्यहरूले त्यागिसके । केही वैद्यहरूले— पांच दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ,' केहीले 'सातौं दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ' भनेकाछन् । राजाको तरुण जीवक वैद्य असल छन् । सेठ गृहपतिलाई चिकित्सा गराउन किन राजासँग जीवक वैद्य नमागौं ।"

यति विचारगरी राजगृह निगमवासीहरू जहाँ मगधराजा सेनीय बिम्बिसार हुनुहुन्थ्यो त्यहाँगई मगधराजा सेनीय बिम्बिसारसँग बिन्तिगरे :—

"देव ! यी सेठ गृहपति राजाको पनि निगमवासीहरूको पनि बहूपकारीहुन् । उनलाई वैद्यहरूले त्यागिसके । केही वैद्यहरूले पाँचौं दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ भने र केहीले सातौं दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ भनी भनेकाछन् । सेठ गृहपतिको चिकित्सा गर्न देवले जीवक वैद्यलाई आज्ञा दिनुभए कल्याण हुनेथियो ।"

अनि मगधराजा सेनीय बिम्बिसारले जीवक कौमारभृत्यलाई आज्ञादिए— "जाऊ, भणे जीवक ! सेठ गृहपतिलाई चिकित्सागर ।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्य मगधराजा सेनीय बिम्बिसारको आज्ञासुनी जहाँ सेठ गृहपति थिए त्यहाँगई सेठ गृहपतिको विकृति विचारगरी सेठ गृहपतिसँग सोधे :—

"हे गृहपति ! यदि तिमी निरोगी भएमा मलाई के दिनेछौ ?"

"हे आचार्य ! सबै सम्पत्ति तपाइको होस् र म पनि तपाइको दास हुनेछु ।"

"के तिमी सात महीनासम्म दाँयाकोल्टो परी सुत्न सक्छौ ?"

"हे आचार्य ! सक्छु ।"

"के तिमी सात महीनासम्म बाँया कोल्टोपरी सुत्न सक्छौ ?"

"हे आचार्य सक्छु ।"

"के तिमी सात महीनासम्म उत्तानोपरेर सुत्न सक्छौ ?"

"हे आचार्य सक्छु ।"

त्यसपछि जीवक वैद्यले सेठ गृहपतिलाई खाटमा सुताई त्यसैमा बाँधी टाउकोको छाला फर्काई (काटेर), खप्परको जोडनी छुट्याई दुइवटा प्राणक (अनुप्राणी) कीरा निकाली महाजनहरूलाई देखाए— "हेर यी दुइ कीराहरू, एउटा स्यानो, एउटा ठूलो। जुन आचार्यले पाँचौं दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ भने तिनीहरूले यो ठूलो कीरा देखे। पाँचौं दिनमा सेठ गृहपतिको गिदी खानेथियो। त्यसपछि सेठ गृहपतिको मृत्यु हुनेथियो। ती आचार्यहरूले राम्रै देखेका हुन्। जुन आचार्यहरूले सातौं दिनमा सेठ गृहपतिको मृत्यु हुनेछ भने तिनीहरूले यो स्यानो कीरा देखे। सातौं दिनमा सेठ गृहपतिको गिदी खानेथियो। ती आचार्यहरूले राम्रै देखेका हुन्।" अनि खप्परको जोडनी मिलाई टाउकोको छाला सिई लेप लगाइदिए। सेठ गृहपतिले एक साता बितिसके पछि जीवक कौमारभृत्यलाई यसो भने :—

"हे आचार्य ! म दाहिनेतिर कोल्टोपरी सात महीनासम्म सुत्न सक्दिन।"

"तिमीले मलाई 'हे आचार्य सात महीनासम्म दाँहिनेतिर कोल्टोपरी सुत्न सक्छु' भनेको होइन ?"

"साँच्चै मैले त्यसो भनेको हुँ। तर अवत मरेर गएपनि म सात महीनासम्म दाँहिने कोल्टोपरी सुत्न सक्दिन।"

"गृहपति ! त्यसो भए तिमी बाँया कोल्टोपरी सात महीनासम्म सुत।"

एक सातापछि फेरि सेठ गृहपतिले जीवक कौमारभृत्यलाई यसो भने :—

"हे आचार्य ! म बाँया कोल्टो परेर पनि सात महीनासम्म सुत्न सक्दिन ।"

"तिमीले मलाई, 'हे आचार्य ! सात महीनासम्म बाँया कोल्टोपरी सुत्न सक्छु, भनेको होइन ?"

"साँच्चैनै मैले त्यसो भनेको हुँ । तर अबत मरेर गए पनि म सात महीनासम्म बाँया कोल्टोपरेर सुत्न सक्दिन ।"

"गृहपति ! त्यसोभए तिमी उत्तानोपरी सात महीनासम्म सुत ।"

फेरि एकसाता बितेपछि सेठ गृहपतिले जीवक कौमारभृत्यलाई यसो भने :—

"हे आचार्य ! म उत्तानो परेर पनि सात महीनासम्म सुत्न सक्दिन ।"

"तिमीले मलाई, 'हे आचार्य ! सात महीनासम्म उत्तानोपरी सुत्न सक्दछु' भनेको होइन ?"

"साँच्चैनै मैले त्यसो भनेको हुँ । तर अबत मरे पनि म सात महीनासम्म उत्तानोपरेर सुत्न सक्दिन ।"

"हे गृहपति ! यदि मैले त्यति नभनेको भए तिमी यत्तिपनि सुत्ने थिएनौ होला । मलाई पहिले नै थाहा थियो कि तीन सातासम्ममा तिमी निको हुनेछौ । गृहपति उठ ! निरोगी भयौ । तिमीलाई थाहा छकि तिमीले मलाई के दिन्छु भनेका थियौ ?"

"आचार्य ! सबै सम्पत्ति तपाइको होस्, म पनि तपाइको दास हुनेछु ।"

"हे गृहपति तिमीले मलाई सबै सम्पत्ति दिन पर्दैन, भइहाल्यो, तिमी मेरो दास पनि हुनुपर्दैन । राजालाई एकलाख, मलाई एकलाख (रुपियाँ) देऊ ।"

अनि निरोगी सेठ गृहपतिले राजालाई एकलाख र जीवक कौमारभृत्यलाई एकलाख दिए ।

× × ×

मूल पालि :--

५—बनारसी सेठपुत्रको शल्य-चिकित्सा

त्यस समय बनारसी सेठको छोराको घुमाउरे खेल खेलेको कारणबाट आन्द्रो गाँठोपर्ने रोग भएको हुनाले यिनले पिएको यागु पनि, खाएको भात पनि राम्ररी पच्दैनथ्यो, झाडा पिसाब पनि राम्ररी हुँदैनथ्यो[1] । यसले गर्दा उ सारै दुब्लो र दुर्बलभई शरीर जम्मै पहेंलोभई हाडछालामात्र बाँकी भएको थियो । अनि एकदिन बनारसी सेठको मनमा यस्तो लाग्यो :—

"मेरो छोरालाई त्यस्तो रोग भएकोछ, जस्लेगर्दा उसले पिएको यागु पनि, खाएको भात पनि राम्रोसँग पच्दैन, झाडा पिसाब पनि राम्ररी हुँदैन । यसलेगर्दा उ सारै दुब्लो, सारै दुर्बल र शरीरजम्मै

१. महाव. पृ. २९२ सेट्ठिपुत्तवत्थु ।

पहेंलोभई हाडछालामात्र बाँकी भइसक्यो। मेरो छोरोलाई औषधी गराउन किन म राजगृहगई राजासँग जीवक वैद्य नमागौं।"

यति विचारगरी बनारसी सेठ राजगृहगई जहाँ मगधराजा सेनीय बिम्बिसार हुनुहुन्थ्यो त्यहाँगई मगधराजा सेनीय बिम्बिसार-सँग बिन्तिगरे :—

"देव ! मेरो छोरोलाई त्यस्तो रोग भएको छ जसलेगर्दा पिएको यागु पनि, खाएको भात पनि राम्रोसँग पच्दैन र झाडा पिसाव पनि राम्ररी हुँदैन। यसले उ सारै दुब्लो, सारै दुर्बल र शरीरजम्मै पहेँलोभई हाडछालामात्र बाँकी भइसक्यो। मेरो छोरोलाई औषधी गराउन देवले जीवक वैद्यलाई आज्ञा दिनुभए कल्याणहुने थियो।"

अनि मगधराजा सेनीय बिम्बिसारले जीवक कौमारभृत्यलाई आज्ञा दिनुभयो :—

"जाऊ, भणे, जीवक ! बनारसमागई बनारसी सेठको छोरोलाई औषधीगर।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्य मगध राजःसेनीय बिम्बिसारको आज्ञासुनी बनारसगई जहाँ बनारसी सेठको छोरो थियो त्यहाँगए। त्यहाँ पुगिसकेपछि बनारसी सेठको छोरोको विकृति परीक्षा-गरी मानिसहरूलाई हटाउनलगाई, पर्दा राख्नलगाई, थाममा बाँधी उसको भार्यालाई अगाडि राखी, पेट चिरी, आन्द्रोको गाँठो झिकी उसकी भार्यालाई देखाइदिए:— "हेर, यही रोगलेगर्दा तिम्रो लोग्नेलाई पिएको यागु पनि, खाएको भात पनि राम्रोसँग नपचेको, झाडा पिसाब पनि

राम्रोसँग नभएको । यसैलेगर्दा उ सारै दुब्लो, सारै दुर्बल, शरीरजम्मै पहेँलोभई हाडछालामात्र बाँकी भएको हो ।" यति भनी आन्द्रोको गाँठो फुकाई, फेरि आन्द्रो भित्र पसाली, पेटको छाला सिएर लेप लगाइ दिए । केही दिन पछिनै बनारसी सेठको छोरोलाई संचो भयो । अनि बनारसी सेठले "मेरो छोरोलाई संचो पारिदिए" भनी जीवक कौमारभृत्यलाई सोरह हजार रुपैयाँ दिए । जीवक कौमारभृत्य त्यो सोरह हजार लिएर पुनः राजगृह फर्केर गए ।

× × ×

मूल पालि :—

६—राजा प्रद्योतको चिकित्सा

त्यस समयमा उज्जैन[1] नगरमा राजा प्रद्योत[2] पाण्डुरोगले पीडित थिए[3] । धेरै ठुल-ठूला दिशाप्रमुख वैद्यहरू आएर पनि निकोपार्न सकेका थिएनन् । धेरै हिरण्य लिएर गए । एक दिन राजा प्रद्योतले मगधराजा सेनीय बिम्बिसारकहाँ दूत पठाए— "मलाई त्यस्तो रोगछ, जुन रोगको चिकित्साको लागि देवले जीवक वैद्यलाई

१. यो शब्द सि. रोमन. स्याममा छैन । केवल नालन्दा पालिमा मात्र छ । अवन्तिदेशको राजधानी उज्जैन हो ।

२. पूरानामः चन्द्रप्रद्योत ।

३. महाव. पृ. २९३: पज्जोतराजवत्थु ।

आज्ञा दिनुभए कल्याण हुनेथियो ताकि उनले मलाई औषधी गर्न सकुन् ।"

अनि मगधराजा सेनीय बिम्बिसारले जीवक कौमारभृत्यलाई आज्ञा दिए :--

"जाऊ, हे भणे, जीवक ! उज्जैन नगरमा गएर राजा प्रद्योतलाई चिकित्सा गर ।"

"हवस्, देव !" भनी जीवक कौमारभृत्य मगधराजा सेनीय बिम्बिसारको आज्ञासुनी उज्जैन नगरमा गई जहाँ प्रद्योत राजा हुनुहुन्थ्यो त्यहाँगई राजा प्रद्योतको विकृति विचारगरी राजा प्रद्योतसँग बिन्ति गरे :--

"हे देव ! घ्यू पकाउने छु, त्यसलाई पिउनुहोस् ।"

"भणे, जीवक ! भो भयो; यदि तिमीले घ्यू विना मलाई औषधीगरी निकोपार्न सक्छौभने त्यसोगर । मलाई घ्यू सारै घीनलाग्छ, म घ्यू मनपराउँदिन ।"

यो कुरासुनी जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो--

"यो राजालाई त्यस्तो रोगछ, घ्यूविना रोग निकोपार्न सकिंदैन । किन मैले घ्यू पकाई त्यसलाई कषायवर्ण, कषायगन्ध र कषायरस नबनाउँ ।"

यति मनमा सोची जीवक कौमारभृत्यले नाना ओषधी हाली घ्यू पकाई कषायवर्ण, कषायगन्ध र कषायरस तयारगरी जीवक कौमारभृत्यले यस्तो विचार गरे :--

"राजालाई घ्यू पिलाई सकेपछि, पच्न लाग्नेबेलामा वाक्वाकी लाग्नेछ। यी राजा भने चण्ड (रिसालु) छन्। मलाई मार्न लगाउन पनि सक्छन्। किन मैले अगाडिनै राजाको आज्ञा लिई नराखौं।"

यति सोचेर जीवक कौमारभृत्य जहाँ राजा प्रद्योत हुनुहुन्थ्यो त्यहाँगई राजा प्रद्योतसँग यस्तो बिन्तिगरे—

"देव! हामी वैद्यहरू त्यस्तो मुहूर्तमा जडीबुटीहरु लिन्छौं, औषधी वनाउँछौं। त्यसो हुनाले देव! वाहनागारमा र ढोकाहरूमा आज्ञा दिइराख्नु भए बेश हुनेथियो कि— 'जुन वाहनमा जीवक जान चाहन्छ सोही वाहनमा जान दिनू, जुन ढोकाबाट निस्कन चाहन्छ सोही ढोकाबाट निस्कन दिनू, जुनबेला जानचाहन्छ सोहीबेलामा जानदिनू र जुनबेला आउन चाहन्छ उहीबेलामा आउन दिनू'।"

अनि राजा प्रद्योतले वाहनागारमा र ढोकाहरूमा आज्ञादिए— "जुन वाहनमा जीवक जानचाहन्छ उही वाहनमा जानदिनू, जुनढोकाबाट निस्कन चाहन्छ उही ढोकाबाट निस्कनदिनू, जुनबेला जानचाहन्छ र जुनबेला आउनचाहन्छ सोहीबेलामा आउन र जानदिनू।"

त्यसबखत राजा प्रद्योतको भद्रवतिका नामक हस्तिनी दिनको पचास योजन हिंडन सक्थ्यो। अनि जीवक कौमारभृत्यले राजा प्रद्योतलाई घ्यू हातमादिई— "देव! कषाय पिउनुहोस्!" भनी घ्यू पिलाई हात्तीसारमागई भद्रवतिका हस्तिनी चढी नगरबाट भागेरगए।

राजा प्रद्योतले घ्यू पिइसकेपछि पच्न लाग्ने बेलामा उनलाई वाक्वाकी लाग्यो। अनि राजा प्रद्योतले मानिसहरूलाई आज्ञादिए :—

"हे भणे ! दुष्ट जीवकले मलाई घ्यू पिलाएछ, त्यसोहुनाले भणे ! जीवकलाई खोज !"

"हे देव ! भद्रवतिका हस्तीनि चढी जीवक वैद्य नगरबाट भागेर गइसक्यो ।"

त्यसबेला राजा प्रद्योतकहाँ अमनुष्य (यक्ष) बाट जन्मेको दिनको साठी योजन हिंड्नसक्ने काक नामक दाश थियो । राजा प्रद्योतले काक दाशलाई आज्ञादिए :—

"हे भणे, काक ! जाऊ, वैद्यलाई 'राजाले तिमीलाई फर्काउँदै-छन् (बोलाउँदैछन्)' भनी फर्काएर ल्याऊ । हे भणे ! यो मनमा राख कि वैद्यहरू मायावी हुन्छन् । उनीहरूका हातबाट कुनै पनि चीज नलेऊ (नखाऊ) ।"

अनि काक दाशले जीवक कौमारभृत्यलाई कौशम्बीको बीच बाटोमा विहानको खाना खाइरहेको बेलामा भेट्टायो । काक दाशले जीवक कौमारभृत्यलाई भन्यो :—

"आचार्य ! राजा प्रद्योत तिमीलाई फर्काउँछन् ।"

"भणे ! काक ! खाना खानुञ्जेलसम्म पर्ख । भणे ! काक ! तिमीले पनि खाना खाऊ ।"

"आर्य ! भयो भो, राजाबाट 'भणे ! काक ! यी वैद्यहरू मायावी हुन्छन्, यिनीहरूका हातबाट केही पनि नलेऊ' भनी आज्ञा भएकोछ ।"

त्यसबखत जीवक कौमारभृत्यले नङ्मा औषधीलिई आमलक खाएर पानी पिउँदै थिए । जीवक कौमारभृत्यले काकदाशलाई यस्तो

भने-- "भणे ! काक ! आमलक खाऊ, पानी पिऊ !"

काक दाशले मनमा विचार गऱ्यो-- "यो वैद्यले आमलक खाएर पानी पिउँदैछ, यसमा कुनै खराबी हुनसक्दैन ।" यति मनमा सोची आधा आमलक खाएर पानी पियो । त्यो आधा आमलक खाएपछि उसलाई त्यहीं पखाला लाग्यो । अनि काक दाशले जीवक कौमारभृत्य-सँग सोध्यो :-- "हे आचार्य ! के मेरो ज्यान बच्ने छ ?"

"हे भणे, काक ! डराउनु पर्दैन, तिमीलाई पनि सँचो हुनेछ, राजालाई पनि। राजा सारै रिसालुछन् मलाई मार्न लगाउन पनि सक्छन्, अतः म फर्किन्न" भनी भद्रवतिका हस्तिनी काकलाई जिम्मा-दिई आफु जहाँ राजगृह हो त्यहाँ गए। क्रमशः जहाँ मगधराजा सेनीय बिम्बिसार हुनुहुन्थ्यो त्यहाँगई मगधराजा सेनीय बिम्बिसारलाई जम्मै प्रवृत्ति बिन्तिगरे ।

"ठीक गऱ्यौ भणे, जीवक ! यदि तिमी नफर्केको भए रिसालु त्यो राजाले तिमीलाई मार्न पनि बेर लगाउन्नथ्यो होला ।"

राजा प्रद्योत स्वस्थ भएपछि जीवक कौमारभृत्यकहाँ दूत पठाए-- "जीवक आऊ ! तिमीलाई म वर प्रदान गर्नेछु ।"

जीवकले जवाफ दिए-- "देव ! भो, भइहाल्यो; मैले गरेको कामलाई सम्झना राख्नुहोस् ।"

त्यसबखत राजा प्रद्योतलाई शिवीदेशमा बनेका दोसल्ला एकजोर प्राप्त भएको थियो जो धेरै कपडाहरूमध्ये, धेरै दोसल्लाहरू-मध्ये, शयकडौं दोसल्लाहरूमध्ये, हजारौं दोसल्लाहरूमध्ये, लाखौं

दोसल्लाहरूमध्ये श्रेष्ठोत्तम, बढियाथियो। अनि राजा प्रद्योतले त्यो शिवीदेशमा बनेका दोसल्ला जीवक कौमारभृत्यलाई पठाए। जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो :—

"शिवीदेशमा बनेको, राजा प्रद्योतले पठाएको यो दोसल्ला धेरै कपडाहरूमध्ये... लाखौं दोसल्लाहरूमध्ये श्रेष्ठोत्तम तथा बढिया छ। यो दोसल्ला परिभोगगर्न भगवान् अरहत् सम्यक् सम्बुद्ध अथवा मगधराजा सेनीय बिम्बिसार बाहेक अरू कुनैपनि व्यक्ति योग्यछैनन्।"

× × ×

मूल पालि :—

७–तीसपटक विरेचन

त्यस समयमा[१] भगवान्को शरीर दोषग्रस्त (अस्वस्थ) थियो[२]। भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो :—

"आनन्द! तथागतको शरीर दोषग्रस्त छ। तथागत विरेचन पिउन चाहन्छ।"

अनि आयुष्मान् आनन्द जहाँ जीवक कौमारभृत्य थिए त्यहाँगई जीवक कौमारभृत्यलाई यसो भन्नुभयो :—

---

१. राजगृहस्थित गृधकूट पर्वतमा हुनुहुन्थ्यो। अं. अ. क. पृ. २१६.

२. महाव. पृ. २९६: समतिंसविरेचनकथा।

"आवुसो, जीवक ! तथागतको शरीर दोषग्रस्त छ । तथागत विरेचन पिउन चाहनुहुन्छ ।"

'भन्ते आनन्द ! त्यसोभए भगवान्‌को शरीरलाई केही दिन स्निग्ध[1] (चिल्लो, नरम) पार्नुहोस् ।"

आयुष्मान् आनन्दले भगवान्‌को शरीरलाई केही दिन स्निग्ध पारी जहाँ जीवक कौमारभृत्य थिए त्यहाँगई जीवक कौमारभृत्यलाई भन्नुभयो :—

"आवुसो जीवक! तथागतको शरीर स्निग्ध भईसक्यो । अब जे उचित ठान्छौ, गर ।"

त्यस वखतमा जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो :—

"मेरो लागि यो प्रतिरूप छैन कि म भगवान्‌लाई पिउनपर्ने विरेचन (औषधी) दिउँ ।"

यति विचारगरी तीनवटा कमलको फूलमा अनेक औषधीद्वारा भावितागरी (पूटगरी) जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई पहिलो कमलको फूल चढाए-- "भन्ते ! यो पहिलो कमलको फूल भगवान्‌ले सुँघ्नुहोस् । यसबाट भगवान्‌लाई दशबार विरेचन हुनेछ ।" अनि दोश्रो कमलको फूल चढाउँदै बिन्तिगरे-- "भन्ते ! दोश्रो कमलको फूल सुँघ्नुहोस् । यसबाट भगवान्‌लाई दशबार विरेचन हुनेछ ।" फेरि तेश्रो कमलको फूल चढाउँदै बिन्तिगरे-- "भन्ते ! यो तेश्रो कमलको फूल सुँघ्नुहोस् ।

१. तेल लगाउने ।

यसबाट भगवान्लाई अर्को दशबार विरेचन हुनेछ । यसरी तीसपटक विरेचन हुनेछ ।"

यसरी जीवक कौमारभृत्य, भगवान्लाई जम्मा तीसपटक विरेचन हुनेगरी (कमलको फूल सूँघाई) फर्केर गए । नगरद्वारबाट बाहिर निस्किसकेपछि जीवक कौमारभृत्यको मनमा क्रमास्य यस्तो लाग्यो :--

"मैले भगवान्लाई तीसपटक विरेचन हुने (औषधी) दिएको हुँ । तर तथागतको शरीर दोषग्रस्त छ । भगवान्लाई तीसपटक विरेचन हुनेछैन । एककम तीसपटक मात्र हुनेछ । यदि भगवान्ले विरेचन भएपछि नुहाउनु भएमा नुहाइसकेपछि भगवान्लाई अर्को एकपटक विरेचन हुनेछ । यसरी भगवान्लाई जम्मा तीसपटक विरेचन हुनेछ ।"

भगवान्ले जीवक कौमारभृत्यको मनको कुरा थाहापाई आयुष्मान् आनन्दलाई भन्नु भयो :--

"आनन्द ! यहाँ जीवक कौमारभृत्य नगरद्वारबाट बाहिर निस्किसकेपछि उसको मनमा यस्तो लाग्यो-- 'मैले भगवान्लाई जम्मा तीसपटक विरेचन हुने (औषधी) दिएको हुँ । किन्तु तथागतको शरीर दोषग्रस्त छ । भगवान्लाई तीसपटक विरेचन हुनेछैन । एककम तीस पटकमात्र हुनेछ । यदि भगवान्ले विरेचन भएपछि नुहाउनु भएमा, नुहाइसकेपछि अर्को एकपटक विरेचन हुनेछ । यसरी जम्मा तीसपटक विरेचन हुनेछ ।' आनन्द त्यसो हुनाले तातो पानी तयारगर ।"

"हवस् भन्ते !" भनी भगवान्‌को कुरासुनी आयुष्मान् आनन्दले तातोपानी तयार गर्नुभयो ।

अनि जीवक कौमारभृत्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्‌सँग सोधे :—

"भन्ते ! भगवान्‌लाई विरेचन भयो कि ?"

"जीवक ! विरेचन भयो ।"

"भन्ते ! नगरद्वार बाहिर पुगेपछि मेरोमनमा यस्तो लागेको थियो— 'मैले भगवान्‌लाई जम्मा तीसपटक विरेचन (औषधी) दिएको हुँ किन्तु तथागतको शरीर दोषग्रस्त छ । भगवान्‌लाई तीसपटक विरेचन हुनेछैन । एककम तीसपटकमात्र विरेचन हुनेछ । यदि भगवान्‌ले विरेचन भएपछि नुहाउनु भएमा, नुहाइसकेपछि पुनः एकपटक विरेचन हुनेछ । यसरी जम्मा तीसपटक विरेचन हुनेछ ।' भन्ते ! भगवान् नुहाउनुहोस् ! सुगत नुहाउनुहोस् !"

भगवान्‌ले तातो पानीले नुहाइसक्यो । नुहाइसकेपछि भगवान्‌लाई अर्को एकपटक विरेचन पनि भइसक्यो । यसरी भगवान्‌लाई जम्मा तीसपटक विरेचन भइसक्यो । त्यसपछि जीवक कौमारभृत्यले भगवान्‌सँग यस्तो प्रार्थनागरे :—

"भन्ते ! भगवान्‌को शरीर प्रकृतिरूपले स्वस्थ नहुञ्जेलसम्म भगवान्‌ले यूसयुक्त भोजनमात्र ग्रहण गर्नुहोस्[१] ।"

× × ×

१. भगवान्‌को स्वास्थ्य ठीक नहुञ्जेलसम्म जीवकले नै यूसयुक्त पथ्य भोजनको प्रतिपादन गरेका थिए । अं. अ. क. पृ. २१६ ।

मूल पालि :--

८—दोसल्ला-दान

चाँडैनै भगवान्‌को शरीर यथावत् स्वस्थ भयो[१] अनि जीवक कौमारभृत्य त्यो (प्रद्योत राजाबाट पाएको[२]) दोसल्ला लिएर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग यस्तो प्रार्थनागरे।

"भन्ते ? भगवान्सँग एक वर माग्न चाहन्छु।"

"जीवक ! तथागत वरबाट मुक्त छ।"

"भन्ते ! जो उचित र निर्दोषछ सोहीमात्र माग्न चाहन्छु, अरू होइन।"

"भन, जीवक !"

"भन्ते ! भगवान् पंसुकूलिक[१] हुनुहुन्छ तथा भिक्षुसङ्घ पनि। भन्ते ! मलाई प्रद्योत राजाले शिवीदेशमा बनेका, धेरै कपडाहरूमध्ये,

---

१. महाव. पृ. २९७: वरयाचनकथा।

२. हेर पृ. ३८४

१. कुनै पनि गृहस्थीहरूले बनाइदिएको चीवर नलगाई केवल यताउता फ्याँकिराखेका अथवा मसानमा फालिराखेका कपडाहरू जुटाई त्यसबाट चीवर सिएर लगाउनेलाई 'पंसुकूलिक' भन्दछन्।

धेरै दोसल्लाहरूमध्ये, शयकडौं दोसल्लाहरूमध्ये, हजारौं दोसल्लाहरूमध्ये, लाखौं दोसल्लाहरूमध्ये श्रेष्ठोत्तम बढिया दोसल्ला एकजोर पठाउनु भएकोछ। अतःसो शिवीदेशमा बनेको दोसल्ला एकजोर भगवान्ले स्वीकारगरि दिनुहोस् र भिक्षुसङ्घलाई पनि गृहपतिहरूले सिइ दिएको चीवर ग्रहणगर्न अनुमति दिइदिनुहोस् !"

भगवान्ले शिवीदेशमा बनेको दोसल्ला स्वीकार गर्नुभयो। त्यसपछि भगवान्ले जीवक कौमारभृत्यलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित र प्रफुल्लित गराउनु भयो। जीवक कौमारभृत्य भगवान्को धार्मिककथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा प्रफुल्लितभई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए। अनि भगवान्ले यसै निदानमा, यसै प्रसंगमा धार्मिक कथाभनी भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो :—

"भिक्षुहो ! गृहपति चीवर[1] (ग्रहणगर्न) अनुज्ञा दिन्छु। जो चाहन्छ सो पंसुकूलिक ह्वौ, जो चाहन्छ उसले गृहपति-चीवर ग्रहणगर। यी मध्ये कुनैलाई पनि म सन्तुष्टि नै भन्दछु अर्थात् उपर्युक्त दुइ प्रकारमध्ये--चाहे पांसुकूलिक चाहे गृहपति चीवरिक— कुनैरूपले बसेता पनि म प्रसन्न छु।"

× × ×

---

१. गृहस्थीहरूले सिएर दिएको चीवर गृहपति चीवर।

मूल सूत्र :—

६—कसरी उपासक हुन्छ ?

एक समय भगवान् राजगृहस्थित जीवकको आम्रवनमा बस्नु-भएको थियो[1] ।

एक दिन जीवक कौमारभृत्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग निम्न कुरा सोधे :—

(क) "भन्ते ! कसरी 'उपाशक' हुन्छ ?"

"हे जीवक ! जव मानिस बुद्धको शरणमा जान्छ, धर्मको शरणमा जान्छ तथा सङ्घको शरणमा जान्छ, जीवक ! तब उ 'उपासक' हुन्छ ।"

(ख) "भन्ते ! कसरी उपासक 'शीलवान्' हुन्छ ?"

"हे जीवक ! जब उपासक प्राणीहिंसाबाट अलग रहन्छ, अदिन्नादानबाट अलग रहन्छ, काम-मिथ्याचारबाट अलग रहन्छ, मृषावादबाट अलग रहन्छ र सुरा, मेरय, मद्यप्रमादस्थानबाट अलग रहन्छ, हे जीवक ! तब उपासक 'शीलवान्' हुन्छ ।"

---

१. अं. नि-८ पृ. ३२५ जीवकसुत्तं ।

(ग) "भन्ते ! कसरी उपासक 'आत्महितको लागि रत-हुन्छ किन्तु परहितको लागि रत हुँदैन ?"

"हे जीवक ! जब उपासक (१) स्वयं श्रद्धालु हुन्छ तर अर्कालाई श्रद्धालु हुनमा प्रेरणा दिंदैन, (२) स्वयं शीलवान् हुन्छ तर अर्कालाई शीलवान् हुनमा प्रेरणा दिंदैन, (३) स्वयं त्यागी हुन्छ तर अर्कालाई त्यागीवन्नमा प्रेरणा दिंदैन, (४) स्वयं भिक्षुहरूको दर्शनाभिलाषी हुन्छ तर अर्कालाई भिक्षुहरूको दर्शन गर्नमा प्रेरणा दिंदैन, (५) स्वयं सद्धर्मश्रवण गर्नमा मनलगाउँछ तर अर्कालाई सद्धर्मश्रवणगर्नमा प्रेरणा दिंदैन, (६) स्वयं सुनेको धर्मलाई धारणागर्छ तर अर्कालाई सुनेको धर्मलाई धारणागर्नमा प्रेरणा दिंदैन, (७) स्वयं धारणागरेको धर्मको अर्थोपपरीक्षणगर्छ तर अर्कालाई धारणागरेको धर्मको अर्थोपपरीक्षण गर्नमा प्रेरणा दिंदैन, (८) स्वयं अर्थ बुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउँछ तर अर्कालाई अर्थबुझी, धर्म-बुझी धर्मानुसार जीवन बिताउनमा प्रेरणा दिंदैन ।

"हे जीवक ! यसरी उपासक आत्महितको लागि रत हुन्छ किन्तु परहितको लागि रत हुँदैन ।"

(घ) "भन्ते ! कसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत हुन्छ ?"

"हे जीवक ! जब उपासक (१) आफु स्वयं पनि श्रद्धालु हुन्छ, अर्कालाई पनि श्रद्धालु हुनमा प्रेरणादिन्छ, (२) आफु स्वयं

पनि शीलवान् हुन्छ, अर्कालाई पनि शीलवान् हुनमा प्रेरणा दिन्छ, (३) आफु स्वयं पनि त्यागी हुन्छ, अर्कालाई पनि त्यागी बन्नमा प्रेरणा दिन्छ, (४) आफु स्वयं पनि भिक्षुको दर्शनाभिलाषी हुन्छ, अर्कालाई पनि भिक्षुको दर्शनगर्नमा प्रेरणादिन्छ, (५) आफु स्वयं पनि सद्धर्मश्रवणगर्नमा मन लगाउँछ, अर्कालाई पनि सद्धर्मश्रवणगर्नको निम्ति मनलगाउनमा प्रेरणादिन्छ, (६) आफुस्वयं पनि सुनेको धर्मलाई धारणागर्छ, अर्कालाई पनि सुनेको धर्मलाई धारणागर्नमा प्रेरणादिन्छ, (७) आफु स्वयं पनि धारणागरेको धर्मको अर्थोपपरीक्षणगर्छ, अर्कालाई पनि धारणागरेको धर्मको अर्थोपपरीक्षणगर्नमा प्रेरणा दिन्छ, (८) आफु स्वयं पनि अर्थ बुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउँछ, अर्कालाई पनी अर्थबुझी, धर्मबुझी धर्मानुसार जीवन बिताउनमा प्रेरणा दिन्छ ।

"हे जीवक ! यसरी उपासक आत्महितको लागि पनि परहितको लागि पनि रत भएको हुन्छ ।"

[यी उपदेश सुनी जीवक उपासक सन्तुष्ट भए ।]

× × ×

मूल सूत्र :—

१०—कम्बल-दान

त्यस समय काशीराजाले[1] जीवक कौमारभृत्यलाई आधा काशिक क्षौम (रेशम) मिसिएको ५०० जाने कम्बल (धुस्सा) पठाएका थिए[2] । जीवक कौमारभृत्य सो आधा काशिक क्षौम (रेशम) मिसिएको कम्बल लिएर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग यस्तो प्रार्थनागरे :—

"भन्ते ! मलाई काशीराजाले पठाएको आधा काशीको रेशम मिसिएको ५०० जाने कम्बल भगवान्ले ग्रहण गर्नुहोस् । जो मेरो लागि दीर्घकालसम्म हिताय सुखाय हुनेछ ।"

भगवान्ले कम्बल स्वीकार गर्नु भयो । त्यसपछि जीवक कौमारभृत्यलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित सम्प्रहर्षित तथा प्रफुल्लित गराउनु भयो । जीवक कौमारभृत्य पनि भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित तथा प्रफुल्लितभई आसनबाट उठी भगवान्-लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए । अनि भगवान्ले यसै

---

१. प्रसेनजित कोशलराजाका भाई (एउटै पिताका) । अ. क. पृ. ८३०

२. महाव. पृ. २९८: कम्बलानुजाननादिकथा ।

निदानमा, यसै सन्दर्भमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो :—

"भिक्षु हो ! कम्बल स्वीकार गर्ने अनुज्ञा दिन्छु ।"

× × ×

मूल पालिः—

११–भिक्षु बनाउन अयोग्य पुरुष

त्यस समय मगधराज्यमा कुष्ठ[१], गण्ड[२], किलास[३], सोस[४] र अपमार[५] (मृगी) जस्ता पाँचरोगहरू निक्कै फैलिएका थिए[६] । रोगले पीडित भएका मानिसहरू जीवक कौमारभृत्यकहाँ गई निवेदन गरे :—

---

१. रातोकुष्ट र कालोकुष्ट ।

२. आँङभरी फैलिएर जाने एक प्रकारको खटीरे रोग । गाईको थुनको टुप्पो जस्तो ज्यूभरी देखिने रोग ।

३. कमलको फूल जस्तो गुलाबीरंग भएको ज्यूभरी फ्वाक्क फ्वाक्कगरी फोकाउठेर आउने, फोका फुटदा पानी नबग्ने रोग । यी तिनै कुष्ट रोग विशेष हुन् ।

४. ज्यू सुकेर जाने रोग ।

५. मृगी रोगमा देवमृगी तथा पित्तमृगी छन् । समन्तपा. पृ. ७४३ ।

६. महाव. पृ. ७६: पञ्चाबाधवत्थु, महाखन्धक ।

"हे आचार्य ! हामीलाई औषधी गरिदिनु भए कल्याण हुने थियो ।"

जीवक भन्दछन्—"हे आर्य ! म सारै व्यस्तछु, धेरै कामछ, धेरै गर्नु पर्नेछ, मगधराजा सेनीय विम्बिसारलाई उपस्थान गर्नु पर्छ, अन्तःपुरमा नारी-गृह पनि हेर्नु पर्छ तथा बुद्ध प्रमुख भिक्षुसङ्घलाई पनि उपस्थान गर्नु पर्छ । म औषधीगर्न सक्दिन ।"

"हे आचार्य ! सबै सम्पत्ती तपाइलाई होस्, हामी पनि तपाइकै दाश हुनेछौं । हामीलाई औषधी गरिदिनुभए कल्याण हुने थियो ।"

जीवक भन्दछन् :—"हे आर्य ! म सारै व्यस्तछु,...मगधराजा सेनीय विम्बिसारलाई उपस्थान गर्नु पर्छ,... म औषधी गर्न सक्दिन ।"

अनि ती मानिसहरूका मनमा यस्तो लाग्यो :—

"यी श्रमण शाक्यपुत्रीय (बौद्ध भिक्षुहरू) सुखजीवी, आराम साथ बस्ने, बढिया भोजनगरी निवासमाबसी शय्यामा सुत्छन् । किन हामी पनि श्रमण शाक्यपुत्रीयहरूकहाँ गई प्रव्रजित (सन्यास) नहौं । त्यहाँ (हामीहरूलाई) भिक्षुहरूले पनि सेवा गर्नेछन्, जीवक कौमारभृत्यले पनि औषधी गर्नेछन् ।"

यति सोची ती मानिसहरू भिक्षुहरूकहाँ गई प्रव्रज्या मागे । भिक्षुहरूले प्रव्रज्यादिए, उपसम्पदा[1] पनि गरे । उनीहरूलाई भिक्षुहरूले पनि उपस्थानगरे, जीवक कौमारभृत्यले पनि औषधीगरे ।

---

१. पूर्ण भिक्षुत्व ।

त्यस बखत भिक्षुहरू, धेरै रोगी भिक्षुहरूका सेवाटहल गर्दै धेरै माग्ने र विज्ञप्ति[१] बहुलभई बस्दथे—"गिलान (रोगीको निम्ति) भोजन देऊ, गिलानोपस्थान (रोगीको सेवाटहल) गर, गिलान-भैषर्ज्य देऊ !" जीवक कौमारभृत्यले पनि धेरै रोगी भिक्षुहरूको चिकित्सा गर्नु पर्ने भएकोले उनी राजकार्यमा पनि जान सकेनन् ।

एक दिन पाँच रोगले पीडित कुनै एक पुरुषले जीवक कौमार-भृत्यकहाँ गई निवेदन गर्‍यो :—"आचार्य ! मलाई चिकित्सा गरिदिनुभए कल्याण हुने थियो ।"

"हे आर्य ! म सारै व्यस्तछु, धेरै कामछ, धेरै गर्नु पर्नेछ, मगध-राजा सेनीय बिम्बिसारको उपस्थान गर्नु पर्छ, अन्तःपुरमा नारी-गृह पनि हेर्नु पर्छ तथा बुद्ध प्रमुख भिक्षुसङ्घको पनि उपस्थान गर्नु पर्छ । म चिकित्सागर्न सक्दिन ।"

"आचार्य ! सबै सम्पत्ती तपाइलाई होस् । म पनि तपाइकै दाश हुनेछु । मलाई चिकित्सा गरिदिनुभए कल्याण हुने थियो ।"

जीवक भन्दछन् —"हे आर्य ! म सारै व्यस्तछु,… चिकित्सा-गर्न सक्दिन ।"

"हे आचार्य ! सबै सम्पत्ती तपाइलाई होस्, म पनि तपाइकै दाश हुनेछु । मलाई चिकित्सा गरिदिनुभए कल्याण हुने थियो ।"

---

१. भिक्षुहरूका विनय (नियम) अनुसार वचन प्रकटगरी कुनै चीज माग्नेलाई 'विज्ञप्ति' भन्दछन् । रोगीले बाहेक निरोगी भिक्षुले बचन प्रकटगरी माग्नु आपत्तिजनक हुन्छ ।

"म सारै व्यस्तछु, धेरै कामछ, धेरै गर्नु पर्ने छ, मगधराजा सेनीय बिम्बिसारको उपस्थान गर्नु पर्छ,... भिक्षुसङ्घको पनि उपस्थान गर्नु पर्छ, म चिकित्सा गर्न सक्दिन" भनी जीवकले फेरि पनि भने।

अनि सो पुरुषको मनमा यस्तो लाग्यो :—

"यी श्रमण शाक्यपुत्रीय सुखजीवी, आराम साथ बस्ने, बढिया भोजनगरी निवासमा बसी शय्यामा सुत्छन्। किन म श्रमण शाक्यपुत्रीय-हरूकहाँ गई प्रव्रजित न हुँ ! त्यहाँ मलाई भिक्षुहरूले पनि सेवाटहल गर्नेछन्, जीवक कौमारभृत्यले पनि चिकित्सा गर्नेछन्। निरोगी भएपछि म चीवर छाड्नेछु।"

यति विचारगरी सो पुरुषले भिक्षुहरूकहाँ गई प्रव्रज्या माग्यो। त्यसलाई प्रव्रज्यागरे र उपसम्पदा पनि दिए। त्यसलाई भिक्षुहरूले पनि सेवाटहल गरे। जीवक कौमारभृत्यले पनि चिकित्सा गरे। निरोगी भएपछि उसले चीवर छाडीदियो। सो पुरुषलाई चीवर छाडेर गएको जीवक कौमारभृत्यले देखेर उसँग सोधे :—

"हे आर्य ! तिमी भिक्षुहरूकहाँ गएर प्रव्रजित भएर बसेका थियौ होइन ?"

"हो, आचार्य !"

"तिमीले किन यस्तो गरेको नि ?"

सो पुरुषले जीवक कौमारभृत्यलाई यसको कारण बताइ दियो। जीवक कौमारभृत्य यो कुरा सुनी खिन्न भए, धिक्कारे र दुःखी भए— "हरे ! यी भिक्षुहरूले पाँच रोगले पीडित पुरुषलाई कसरी प्रव्रजित

गरे !" यति मनमा सोची जीवक कौमारभृत्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग प्रार्थना गरे :—

"भन्ते ! यदि आर्यहरूले पाँचरोग हुनेलाई प्रव्रजित नगर्नु भए बढिया हुने थियो।"

भगवान्ले जीवक कौमारभृत्यलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा प्रफुल्लित गराउनु भयो। जीवक कौमारभृत्य भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा प्रफुल्लितभई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए।

त्यसपछि भगवान्ले यसै कुराको निदानमा, यसै कुराको शिलशिलामा धार्मिक कथा सुनाउनुभई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो :—

"भिक्षुहो ! पाँच प्रकारका रोग हुनेलाई प्रव्रज्या नगर्नू। जसले गर्छ उसलाई दुष्कृत्य आपत्ति (अपराध) लाग्ने छ।"

× × ×

मूल पालि :—

१२—जीवकको प्रार्थना

एक समय भगवान् चारिकागर्दै क्रमशः वैशाली नगरमा पुगुनुभई वैशालीस्थित महावनको कूटागारशालामा बस्नु भएको थियो[१]।

---

१. चुल्लव. पृ. २०८ः नवकम्मिक।

त्यस समय वैशाली नगरमा उत्तम भोजनहरू दिने परिपाटि थियो । भिक्षुहरू ती उत्तम भोजनहरू खाएर अभिसन्न शरीरभई बहुरोगी हुन्थे ।

× ×

एकदिन केहिकामले जीवक कौमारभृत्य वैशाली नगरमा गए । त्यहाँ जीवक कौमारभृत्यले भिक्षुहरू अभिसन्न शरीरभई बहुरोगी भइरहेका देखे । अनि जीवक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग यस्तो प्रार्थना गरे :—

"भन्ते ! यहाँ आजकल भिक्षुहरू अभिसन्न शरीरभई बहुरोगी भएका छन् । यदि भगवान्ले भिक्षुहरूका निम्ति चङ्क्रमणस्थल र जनताघर अर्थात् गरम बाफले नुहाउनेस्थान (Steem bath room) को अनुमति दिनुभए बेश हुने थियो । जसले गर्दा भिक्षुहरू निरोगी हुन सक्ने छन् ।"

अनि भगवान्ले जीवक कौमारभृत्यलाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा प्रफुल्लित गराउनु भयो । त्यसपछि जीवक कौमारभृत्य भगवान्को धार्मिक कथाद्वारा सन्दर्शित,... र प्रफुल्लितभई आसनबाट उठी भगवान्लाई अभिवादन तथा प्रदक्षिणागरी फर्केर गए ।

त्यसपछि भगवान्ले यसै सन्दर्भमा धार्मिक कथा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भयो :—

"भिक्षु हो ! चङ्क्रमण-स्थल र जनताघर नुहाउने स्थानको अनुज्ञा दिन्छु ।"

× × ×

मूल सूत्र :—

१३—बुद्धद्वारा प्रशंसा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा जीवक कौमारभृत्यको प्रशंसा गर्नुहुँदै भगवान्ले निम्न कुरा प्रकाश गर्नु भयो ।]

"हे भिक्षुहरू ! जीवक कौमारभृत्य छ गुण-धर्महरूले सुसम्पन्न भई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका-छन्[१] । कुन् छ गुण-धर्म भने ?—

(१) 'बुद्धप्रति अटल-श्रद्धा, (२) धर्मप्रति अटल-श्रद्धा, (३) सङ्घप्रति अटल-श्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान र (६) आर्य-विमुक्ति ।'

'यिनै छ गुण-धर्महरूले सुसम्पन्नभई जीवक कौमारभृत्य तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन् ।"

× × ×

१. नि-६ १४९: भल्लुकादिसुत्तं

मूल सूत्र :–

१४–अग्रस्थान-घोषणा[1]

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूका एक सभामा व्यक्तिगत प्रसन्न हुनेहरूमध्ये जीवक कौमारभृत्य श्रेष्ठ छन् भनी भन्तुहुँदै भगवान्ले निम्न सूत्र भन्नु भयो–]

"एतदग्गं, भिक्खवे ! मम सावकानं उपासकानं पुग्गलप्पसन्नानं यदिदं जीवको कोमारभच्चो'ति[1] ।"

अर्थ :–

"हे भिक्षुहो ! मेरा श्रावक उपासकहरूमध्ये व्यक्तिगत प्रसन्न हुनेहरूमा जीवक कौमारभृत्य अग्रछन् ।"

× × ×

मूल सूत्र :—

१५–त्रिकोटी-परिशुद्ध मांस

यस्तो मैले सुने[1] ।

एक समय भगवान् जीवक कौमारभृत्यको आम्रवनमा वस्नु

---

१. अं. नि–१. पृ. २६: एतदग्गवग्गो ।

१. म. नि. II पृ. ३९: जीवकसुत्तं ।

भएको थियो ।

त्यस बखतमा जीवक कौमारभृत्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका जीवक कौमारभृत्यले भगवान्सँग यस्तो सोधे :—

"भन्ते ! मैले यस्तो सुने—'श्रमण गौतमको उद्देश्यले प्राणी मार्छन् । श्रमणगौतम जानि जानि उद्देश्यले बनाएको, तयार पारेको मांस खान्छन् ।' भन्ते ! जसले यस्तो भन्दछन्—'श्रमणगौतमको उद्देश्यले प्राणी मार्छन् । श्रमणगौतम जानि जानि उद्देश्यले बनाएको तयारपारेको मांस खान्छन् ।' भन्ते ! के यिनीहरूले भगवान्ले भन्नु भएकैं (कुरा) भन्छन् ? के यिनीहरूले भगवान्माथि कूटा आरोपत लगाउँदैनन् ? के यिनीहरूले धर्मानुरूप (सत्यानुरूप) कुरा भन्छन् ? धर्मानुसार भनिराखेको कुनै कुराको निन्दात हुँदैन ?"

"जीवक ! जसले—'श्रमण गौतमको उद्देश्यले प्राणी मार्छन्, श्रमण गौतम जानि जानि उद्देश्यले बनाएको, तयारपारेको मांस खान्छन्' भनी भन्छन् तिनीहरूले मैले भनेकैं भन्दैनन्, बल्कि उनीहरू ममाथि कूटो आरोप, असत्य आरोप लगाउँछन् । जीवक ! म निम्न तीन प्रकारका मांस अभोज्यछन् भन्दछु—(१) देखेको[१] (= दिट्ठं), (२) सुनेको (= सुतं) तथा (३) शंकालागेको (= परिसङ्कितं) । यी तीन प्रकारका मांस अभोज्यछन् भनी भन्दछु । जीवक ! निम्न तीन

---

१. आफ्नोनिम्ति प्राणी मारिरहेको देखोको, सुनेको र मनमा शंका लागेको ।

प्रकारका मांस भोज्यछन् भनी म भन्दछु—(१) नदेखेको (= अदिट्ठं) (२) नसुनेको (= असुतं) तथा (३) शंका नलागेको (= अपरिसङ्कितं)। यी तीन प्रकारका मांस भोज्यछन् भनी म भन्दछु[1]।

ब्रह्मविहारी

"जीवक ! यहाँ कुनै भिक्षु[2] गाउँ वा निगमको आश्रयलिई बस्छ। उ एक दिशामा मैत्रीसहगतचित्त फैलाई बस्छ, द्वितीय दिशा, तृतीय दिशा, तथा चतुर्थ दिशामा मैत्रीसहगतचित्त फैलाई बस्छ। माथि, तल, बीच, सबैठाउँ, सबैतिर, सबै प्रकारले, सबै लोकमा मैत्रीसहगतचित्त, मैत्रीसहगत विपुलचित्त, मैत्रीसहगत अप्रमाणचित्त फैलाई, अवैरी, अद्वेषी भई बस्छ। त्यसकहाँ गृहपति वा गृहपतिपुत्र गई भोलिको निम्ति भोजनद्वारा निम्तो गर्छ। इच्छाभए उसले निम्तो स्वीकार गर्छ। अनि उ त्यस रात बितिसकेपछि पूर्वाण्हसमयमा चीवर लगाई, पात्र-चीवर ग्रहणगरी जहाँ त्यो गृहपति वा गृहपतिपुत्रको घर हो त्यहाँ जान्छ। त्यहाँ पुगेपछि बछ्याईराखेको आसनमा बस्छ। उसलाई त्यो गृहपति वा गृहपतिपुत्रले प्रणीत भिक्षा-भोजन पस्कन्छ। उसको मनमा (भोजन

---

१. यस किशिमको भोज्य मांसको अलावा अभोज्य मांस दश प्रकारका छन् :—मनुष्य-मांस, हात्तीको-मांस, घोडाको-मांस, कुकुरको-मांस, सर्पको-मांस, सिंहको-मांस, बागको-मांस, चितवाको-मांस, भालुको-मांस, र तरक्षुको-मांस, । महाव. पृ. २३५: भेसज्जक्खन्धकं।

२. स्वयंलाई लक्षगरी भन्नु भएको। म. नि. अ. क. III पृ. ३३।

गर्ने बेलामा) यस्तो हुँदैन—'आहा ! यो गृहपति वा गृहपतिपुत्रले मलाई प्रणीत भिक्षा-भोजन दिए हुन्थ्यो ! ; आहा ! यो गृहपति वा गृहपतिपुत्रले भविष्यमा पनि यस्तैगरी प्रणीत भोजन दिए हुन्थ्यो !' भन्ने पनि हुँदैन । उ सो भिक्षा-भोजनमा अल्झिई, मूछिई, डुबी रहँदैन बल्कि अवगुणको ख्यालराखी, निस्तारबुद्धिले भोजनगर्छ । जीवक ! के त्यो भिक्षुले त्यस बखतमा आत्मपीडाको लागि, पर-पीडाको लागि अथवा दुवैको पीडाको लागि मनले चिताउँछ त ? यसमा तिमी के भन्छौ ?"

"चिताउँदैन, भन्ते !"

"जीवक ! होइन त ? त्यो भिक्षुले त्यस बखतमा निर्दोषपूर्ण आहार नै ग्रहण गर्छ ?"

"हो, भन्ते ! ; भन्ते ! मैले 'ब्रह्मा मैत्रीविहारी हुन्' भन्ने सुनेको छु । त्यस्तो 'मैत्रीविहार' मैले भगवान्मा नै प्रत्यक्ष देखें । भगवान्नै 'मैत्रीविहारी' हुनुहुन्छ ।"

"जीवक ! जुन रागले, द्वेषले र मोहले मानिस व्यापादवान् (द्वेषी) हुन्छन्, तथागतको ती राग, द्वेष र मोह नाशभइसके, उच्छिन्नमूल भइसके, काटिएको तालवृक्ष समान भइसके, अभावप्राप्त भइसके, भविष्यमा उत्पन्न नहुने भइसके । जीवक ! यदि तिमीले यसै कुरालाई ध्यानमाराखी भनेको हो भने, म यसमा सहमत छु ।"

"भन्ते ! यसै कुरालाई ध्यानमाराखी भनेको हुँ ।"

"जीवक ! यहाँ कुनै भिक्षु गाउँ वा निगमको आश्रयलिई बस्छ । उ एक दिशामा करुणासहगतचित्त फैलाई बस्छ, ··· मुदितासह-

गतचित्त फैलाई बस्छ, ··· उपेक्षासहगतचित्त फैलाई बस्छ, द्वितीय दिशा, तृतीय दिशा तथा चतुर्थ दिशामा उपेक्षासहगतचित्त फैलाई बस्छ। माथि, तल, ··· सबै लोकमा उपेक्षासहगतचित्त, उपेक्षा सहगत विपुलचित्त, उपेक्षासहगत अप्रमाणचित्त फैलाइ, अवैरी, अद्वेषी भई बस्छ। त्यसकहाँ गृहपति वा गृहपतिपुत्र गई भोलिको निम्ति भोजनद्वारा निम्तोगर्छ। इच्छाभए उसले निम्तो स्वीकारगर्छ। अनि उ त्यस रात बितिसकेपछि पूर्वाण्हसमयमा चीवर लगाई, पात्र-चीवर ग्रहणगरी जहाँ त्यो गृहपति वा गृहपतिपुत्रको घरहो त्यहाँ जान्छ। त्यहाँ पुगेपछि वछ्याई राखेको आसनमा बस्छ। उसलाई त्यो गृहपति वा गृहपतिपुत्रले प्रणीत भिक्षा-भोजन पस्कन्छ। उसको मनमा (भोजनगर्ने बेलामा) यस्तो हुँदैन –'आहा ! यो गृहपति वा गृहपतिपुत्रले मलाई प्रणीत भिक्षा-भोजन दिए हुन्थ्यो !; आहा ! यो गृहपति वा गृहपतिपुत्रले भविष्यमा पनि यस्तैगरी प्रणीत भोजन दिए हुन्थ्यो !' भन्ने पनि हुँदैन। उ सो भिक्षा-भोजनमा अल्झिई, मूर्छिई, डुबी, रहँदैन, बल्कि अवगुणको ख्यालराखी, निस्तारबुद्धिले भोजनगर्छ। जीवक ! के त्यो भिक्षुले त्यस बखतमा आत्मपीडाको लागि, पर-पीडाको लागि अथवा दुवैको पीडाको लागि मनले चिताउँछ त ? यसमा तिमी के भन्छौ त ?"

"चिताउँदैन, भन्ते !"

"जीवक ! होइन त ? त्यो भिक्षुले त्यस बखतमा निर्दोषपूर्ण आहारनै ग्रहण गर्छ ?"

"हो, भन्ते !; भन्ते ! मैले 'ब्रह्मा मैत्रीविहारी हुन्' भन्ने सुनेको

छु। त्यस्तो 'मैत्रीविहार' मैले भगवान्मा नै प्रत्यक्ष देखें। भगवान्नै 'मैत्रीविहारी' हुनुहुन्छ।"

"जीवक! जुन रागले, द्वेषले र मोहले मानिस व्यापादवान् (द्वेषी) हुन्छन्, तथागतको ती राग, द्वेष र मोह नाशभइसके, उच्छिन्नमूल भइसके, ... भविष्यमा उत्पन्न नहुने भइसके। जीवक! यदि तिमीले यसै कुरालाई ध्यानमाराखी भनेको हो भने म यसमा सहमत छु।"

"भन्ते! यसै कुरालाई ध्यानमाराखी भनेको हुँ।"

पाँच कारणले अपुण्य कमाउँछ

"जीवक! जसले तथागत वा तथागत-श्रावकको उद्देश्यले प्राणीहिंसा गर्छ उसले पाँच कारणद्वारा धेरै अपुण्य कमाउँछ :—

(१) "जो त्यो गृहपतिले यस्तो भन्छ—'जाऊ! अमुक प्राणी ल्याऊ'—यो पहिलो कारणद्वारा धेरै अपुण्य कमाउँछ।

(२) "जो त्यो प्राणीलाई गर्धनमा डोरीले बाँधी ल्याउँछ, दुःख दौर्मनस्य अनुभवगर्छ - यो दोश्रो कारणद्वारा धेरै अपुण्य कमाउँछ।

(३) "जो कि उसले यस्तो भन्छ—'जाऊ, यो प्राणीलाई मार!'—यो तेश्रो कारणद्वारा धेरै अपुण्य कमाउँछ।

(४) "जो त्यो प्राणीलाई मार्दा दुःख-दौर्मनस्य अनुभवगर्छ—यो चौथो कारणद्वारा धेरै अपुण्य कमाउँछ।

(५) "जो उसले तथागतलाई वा तथागत-श्रावकलाई अकप्पिय (अनुचित) भोजन पकाउँछ—यो पाँचौ कारणद्वारा धेरै अपुण्य कमाउँछ।

"जीवक! जसले तथागत वा तथागत-श्रावकको उद्देश्यले प्राणी-हिंसा गर्छ उसले उक्त पाँच कारणद्वारा धेरै अपुण्य कमाउँछ।"

यति भन्नु भएपछि जीवक कौमारभृत्यले भगवान्‌सँग प्रार्थना गरे :—

"भन्ते! आश्चर्य हो! अद्भुत!! कप्पिय (उचित) भोजन नै भिक्षुहरूले ग्रहण गर्छन्; निर्दोष आहार नै भिक्षुहरूले ग्रहण गर्छन्। धन्य, धन्य! भन्ते! जस्तो कि घोप्टेकोलाई उत्तानो पारिदिंदा, छोपिएकोलाई उघारिदिंदा, बाटो भुलेकोलाई बाटो देखाईदिंदा, अँध्यारोमा तेलको बत्ती राखिदिंदा—आँखा हुनेहरूले रूप देखेझैं भगवान् बुद्धले मलाई अनेक प्रकारबाट धर्मप्रकाश पारिदिनु भयो। भन्ते! अब म भगवान्‌को शरण पर्दछु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि भगवान्‌ले मलाई आजीवनसम्म शरणमै आएको उपासक हो भनी स्वीकार गर्नु होस्!"

× × ×

मूल सूत्रः—

१६—आम्रवनमा भगवान् बुद्ध

त्यस समय जीवक कौमारभृत्य मगधराजा अजातशत्रु

वैदेहीपुत्रको नजिक चुपचाप बसेका थिए[१] ।

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले जीवक कौमारभृत्यसँग सोधे :—

"जीवक ! तिमी किन चुपछौ नि ?"

"देव ! भगवान् अरहत् सम्यक् सम्बुद्ध हाम्रा आम्रवनमा ब्राह्लशय पचास भिक्षुहरूका साथ बस्नु भएको छ । वहाँ भगवान्को यस्तो कल्याणकीर्तिशब्द फैलिएको छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ[२]... तथा बुद्ध भगवान् हुनुहुन्छ ।"

"जीवक ! त्यसोभए हस्तीयानहरू तयारगर्न लगाऊ ।"

"हवस्, देव" भनी जीवक कौमारभृत्यले मगधराजा अजातशत्रु वैदेहीपुत्रको आज्ञासुनी पाँचशय ढोईहरू तयारगर्न लगाई, राजा बस्ने हात्ती पनि तयारगर्न लगाई, मगधराजा अजातशत्रु वैदेहीपुत्रसँग बिन्तिगरे :—

---

१. दी. नि. I पृ. ४१: सामञ्ञफलसुत्तं । त्यस समय राजा अजातशत्रु राजदरबारमा राजकीय परिषद्का साथ बसेका थिए । राजाले उपस्थित भारदारहरूसँग 'आज कसको सत्संगत गर्ने होला ?' भनी सोध्नेका थिए । उपस्थित सबैले फलाना फलानाको सत्संगतगरे बेशहोला भनी आ-आफ्ना मन्तव्य प्रकटगरे किन्तु जीवक कौमारभृत्य मात्र केही नबोली चुपलागेर बसेका थिए । यस सम्बन्धी विस्तृता कुराहरू 'बुद्धकालीन राजपरिवार' नामक पुस्तकमा लेखिनेछ ।

२. हेर पृ. ६८: बुद्धगुण ।

"देव ! हस्तीयानहरू तयार भैसके, जो उचित छ सो गर्नुहोस् ।"

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र पाँचशय ढोईहरूमा एक एक स्त्री राखी, आफु चढने हात्तीमा चढी, चिराक समात्न लगाई, महत् राजलीलाले राजगृहबाट निस्केर जहाँ जीवक कौमारभृत्यको आम्रवन हो त्यहाँ गए ।

आम्रवनको नजिक पुग्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र भय-त्रासले जिरीङ्गिएका थिए । अतः मगधराजा अजातशत्रु वैदेहीपुत्रले भयभीतभई, आशंकितभई, जिरिङ्गभई जीवक कौमारभृत्यसँग सोधे :—

"सौम्य ! जीवक ! के तिमीले मलाई छकाएको त होइन ? धोका दिएको त होइत ? शत्रुका हातमा पार्न लागेको त होइन ? कस्तो हो यो ! जहाँ त्यत्रो ठूलो साँढे बारहशय भिक्षुहरू बसेको ठाउँमा हाच्छ्यूगरेको, खोकेको शब्द अथवा कुनै घोष पनि नसुनिएको ! यो कस्तो होला !"

"महाराज ! न डराउनुहोस्, न डराउनुहोस् ! देवलाई मैले छकाएको छैन, न मैले धोका नै दिएको छु, न त देवलाई शत्रुका हातमा नै पार्न लागेको हुँ । बढनुहोस् महाराजा ! अगाडि नै बढनुहोस् !! त्यो मण्डलमालमा अर्थात् ठूलो गोलाकार हलमा दियो बल्दैछ ।"

यति कुरा सुनी मगधराजा अजातशत्रु वैदेहीपुत्र हात्तीबाट जानहुने बाटोसम्म हात्तीमागई, त्यसपछि पैदलनै जहाँ त्यो मण्डलमालको दैलो हो त्यहाँगए । त्यहाँ पुगेपछि जीवक कौमारभृत्यसँग सोधे :—

"सौम्य ! जीवक ! भगवान् कहाँ हुनुहुन्छ नि ?"

"महाराज ! भगवान् त्यहीं नै हुनुहुन्छ, भगवान् त्यहीं नै हुनुहुन्छ। जो बीचको स्तम्भको आडलिई पूर्वपट्टि हेरी, भिक्षुसङ्घको अगाडि बस्नु भएको छ। (वहाँ नै हुनुहुन्छ भगवान्)।"

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए। त्यहाँ (अगाडि) पुगेपछि एक छेउमा उभिए। एक छेउमा उभिएका मगधराजा अजातशत्रु वैदेहीपुत्रले निर्मल जलाशय जस्तो चुपचापभई बसेका भिक्षुसङ्घलाई हेरी प्रीतिमय वाक्य प्रकटगरे :—

"आहा ! जस्तो यी भिक्षुसङ्घ यहाँ शान्तिमय जीवन बिताउँदै छन् त्यस्तै उदयभद्र[1] राजकुमारले पनि शान्तिपूर्ण जीवन बिताउन सकोस् !"

"महाराज ! जहाँ प्रेमछ त्यहीं गयौ।"

"हो भन्ते ! उदयभद्र राजकुमार मलाई प्यारो लाग्छ। जस्तो यी भिक्षुसङ्घ यहाँ शान्तिमय जीवन बिताउँदैछन् त्यस्तै शान्तिमय जीवन उदयभद्र राजकुमारले पनि बिताउन सकोस्।"

यति कुरा सिद्धिएपछि मगधराजा अजातशत्रु वैदेहीपुत्र भगवान्लाई अभिवादनगरी भिक्षुसङ्घलाई पनि दशऔंला जोरी बिन्तिगरी एक छेउमा बसे। एक छेउमा बसेका मगधराजा अजातशत्रु वैदेहीपुत्रले भगवान्सँग प्रार्थनागरे :—

---

१. राजाको छोरा।

"भन्ते ! यदि भगवान्ले प्रश्नको उत्तर दिने अवकाश दिनु हुन्छ भने म भगवान्सँग केही कुरा सोध्न चाहन्छु ।"

"सोध, महाराज ! जहिले चाहन्छौ ।"

[यसपछि मगधराजा अजातशत्रुले बुद्धसँग प्रश्न सोधे । भगवान्ले पनि उत्तर दिनु भयो । यस सम्बन्धी अरू विस्तृत कुराहरू "बुद्धकालीन राजपरिवार" नामक पुस्तकमा लेखिनेछ ।]

—★—

१०. नकुलपिता गृहपति

परिचय

भग्ग (भर्ग) जनपद्को सुंसुमारगिरी भन्ने नगरमा एक ठूलो धनाढ्य कुलमा नकुलपिता गृहपतिको जन्म भएको थियो । यिनले नकुलमाता गृहपत्नीसँग कुमार अवस्थामै विवाह गरेका थिए ।

नकुलपुत्रका पिता भएकोले 'नकुलपिता' र नकुलपुत्रका माता हुनाले 'नकुलमाता' भन्ने नामले प्रसिद्ध भएका हुन्[१] ।

यिनीहरू दुवै सम-श्रद्धा र सम-शील तथा सम-विचारले जीविका गर्दथे । उसको शरीरभए उसको मन र उसको मनभए उसको शरीर भई— दुइ भिन्ना भिन्नै देहधारी प्राणी भएर पनि एकै शरीर, एकै मन झैं गरी यिनीहरूले गृही जीवन बिताएका कुरा तलका सूत्रहरू-बाट थाहा भएको छ ।

पहिलोपटक यिनीहरूले भगवानसँग सुंसुमारगिरी नगरको आसपासको भेसकला मृगदावनमा[२] भेट गरेका थिए । बुद्धसँग भेटहुँदा यिनीहरू दुवैका मनमा बुद्ध भगवान् भन्नु भन्दा बढी पुत्रमाहुने

---

१. सं. नि. अ. क. II पृ. १८१.

२. मृगहरूलाई अभयदान दिइराखेको हुनाले 'मृगदावन' भनिएको हो ।

वात्सल्य गुणमा ममता उत्पन्न भएको कुरा संयुक्तनिकाय र अङ्गुत्तरनिकायार्थकथामा वर्णन गरिएको छ[1] ।

जब यिनीहरूले बुद्धलाई देखी सभाषद् सबैलाई आश्चर्य तथा अद्भुत हुनेगरी – "हे पुत्र ! यतिका दिनसम्म तिमी कहाँ थियौ ? हामी बुढाबुढी भएका बाबुआमालाई हेरविचार गर्नुपर्दैन ?" भनी भने । भगवान् बुद्धले यिनीहरूका मुखबाट स्वतः निस्केका प्रेम तथा स्नेह भरित आमन्त्रणलाई नसुनेझैं गर्नुभयो र पछि जब यिनीहरू शान्त भएझैं भई होसमा आई मध्यस्थभावले कुरागरे तब बुद्ध भगवान्ले यिनीहरूलाई करुणापूर्वक धर्मोपदेश गर्नुभयो । बुद्धको उपदेश सुनी दुवैजना स्रोतापन्न भए[2] ।

उपरोक्त घटनाबाट आश्चर्य तथा चकित भएका भिक्षुहरूले ती नकुलपिता गृहपति र नकुलमाता गृहपत्नीले भगवान्लाई "पुत्र, पुत्र" भनी सम्बोधन गरेको घटनाको रहस्य बुझ्न नसकी रहस्य उद्घाटन गर्नुहुन भगवान्सँग प्रार्थनागरेपछि उपस्थित भिक्षुहरूलाई "भवसंसारमा आवागमन यात्राको कुरालाई पूर्वानुस्मृति ध्यानले हेर्नेहो भने यस संसारमा कुनै न कुनै प्रकारले अन्यमन्य सम्बन्ध न भएका प्राणीहरू पाउन दुर्लभ नै हुनेछन् । अतएव सबै प्राणीप्रति मैत्री राखी बस्नुपर्छ" भनी भन्नुहुँदै "यी नकुलपिता भवान्तरमा ५०० जन्मसम्म निरन्तर मेरो पिताको रूपमा, ५०० जन्मसम्म बाजेको

---

१. सं. नि. अ. क. II पृ. १८२, अं. अ. क. पृ. २१७

२. सं. नि. अ. क. II १८२, अं. अ. क. पृ. २१७.

रूपमा र ५०० जन्मसम्म काकाको रूपमा थिए। यी नकुलमाता गृहपत्नी पनि ५०० जन्मसम्म आमाको रूपमा, ५०० जन्मसम्म बजैको रूपमा र ५०० जन्मसस्म फूपूको रूपमा थिइन्[१]" भनी रहस्य उद्घाटन गर्नुहुँदै ३०० जन्मसम्म साथमा भएको कुरा भन्नु भई "यिनीहरूकै काखमा जन्म जन्मान्तरसम्म लालन पालन तथा हुर्किंदै आएको थिएँ। यसै संस्कारको प्रभावले–– पूर्व परिचित हेतुले –अहिले मलाई देख्नेबित्तिकै यिनीहरूका हृदयमा स्नेह उत्पन्न भई विश्वास भएको हो" भनी भन्नुभयो। जातकपालिमा पनि यस्तो भन्नु भएको छ :–

१– "यस्मिं मनो निविसति, चित्तञ्चापि पसीदति।
अदिट्ठपुब्बके पोसे, कामं तस्मिं पि विस्ससे' ति[२]॥
२– "पुब्बेव सन्निवासेन, पच्चुपन्नहितेन वा।
एवं तं जायते पेमं, उप्पलं व यथोदके' ति[३]"

अर्थ :–

१— "देख्ने बित्तिकै जसमा मनबस्छ अथवा चित्त प्रसन्न हुन्छ, पहिले न देखेको पुरुषमा पनि (पूर्व संस्कारको हेतुले वर्तमानमा पनि) दृढ विश्वास (चित्त) उत्पन्न हुन्छ।

१. सं. नि. अ. क. II १८२, अं अ. क. पृ. २१७.
२. जातकपालि-- नं. ६८ I पृ. १७ साकेतजातकं।
३. जातकपालि नं २३७ I पृ. ६१ साकेतजातकं।

२– "पूर्व जन्ममा एकै ठाउँमा बसिसकेको र वर्तमान समयमा पनि हित-चित हुँदा— पानीमा उत्पन्नहुने उत्पलादि फूलझैं— प्रेम उत्पन्न हुन्छ ।"

यस्तैगरी साकेत ब्राह्मणले पनि बुद्धलाई "पुत्र, पुत्र" भनी सम्बोधन गरेको घटनाको बारेमा साकेतजातकमा[1] र धम्मपदट्ठकथामा[2] पनि उल्लेख भएको पाइन्छ ।

× × ×

नकुलपिता र नकुलमाताहरूका जीवनमा कस्तो परस्पर स्नेह, समझदारिपन, र विश्वास तथा भक्ति थियो भन्ने कुरा एकदिन भगवान् उनीहरूका घरमा जाँदा नकुलपिता र नकुलमाताहरूका आफ्नै मुखबाट आफ्ना प्रीतिमय दाम्पत्य जीवनकोबारे र अझ यस जन्ममामात्र नभई परजन्ममा समेत एकैसाथ बस्ने इच्छा प्रकट गरेका तल लेखिएको "सुखमय दाम्पत्यजीवन" द्वारा प्रष्ट हुनेछ ।

बुढेसकालमा पुगेर आफ्नो तरुणकालको जीवन स्मरणगरी त्यसबाट सन्तोषलिन सक्नु र परस्पर दुवैले बुद्ध जस्ता त्रिकालदर्शी महापुरुषका सामुन्ने आफ्ना बितेका कुराका सत्यतालाई दृढतापूर्वक प्रकट गर्नसक्नु— यो साँच्चैकै दिव्यमय गृही-जीवन हो भनी भन्न सकिन्छ । आफ्ना भित्रीमनका कुरा– जो कि आफ्ना आमा बाबुका

---

१. जातक अ. क-१

२. पृ. ४८८: क्रोधवर्ण ।

अगाडि पनि प्रकटगर्न कठिनाई हुन्छ त्यस्ता कुरा बुद्धमाथि भएको दृढविश्वासको कारणले— उद्गारतापूर्वक पोखे ।

× × ×

संयुक्तनिकाय, नकुलपितु सूत्रमा[1] उल्लेख भएझैं एकदिन वृद्ध नकुलपिता, भेसकला मृगदावनमा बसिरहनु भएका बुद्धकहाँगई बुद्धसँग आफु वृद्ध तथा जराजीर्ण भएको हुँदा बुद्ध दर्शनार्थ सँधै आउन नसकेको कुरा व्यक्तगरी, उपदेशको लागि प्रार्थनागर्दा भगवान् बुद्धले "यो शरीर रोग, व्याधि र मृत्युले भरिएकोछ, यो शरीर फुल (अण्डा) जस्तै कमजोरछ, चाँडै फुट्छ, अरु फुलभन्दा पनि असुरक्षित छ। फुललाई कुनै कीट-पतंगले टोक्न सक्तैन किन्तु यो शरीरलाई कीट-पतंगले टोक्न सक्छ, लामखुट्टेले पनि टोक्न सक्छ । यस्तो असुरक्षित तथा जरा, व्याधि, मृत्यु जस्ता आतुरले भरिएको— कहिले के कस्तो हुनेहो भन्ने थातलिन नसक्ने, अरू अरू वस्तुहरूको जतिमात्रामा मानिसहरूले केही अवधिसम्मको लागि भएता पनि ग्यारेन्टी दिन सक्छन्, त्यतिसम्म पनि कसैले कुनै बेलासम्मको लागि पनि ग्यारेन्टी दिन नसक्ने— यो शरीर परिहरण गर्नेहरूका चित्त पनि त्यत्तिकै नै बेचैन, असुरक्षित तथा आतुरयुक्त भई बस्नेहुँदा तिमीले यो शरीर असुरक्षित र आतुरपूर्ण भएता पनि चित्तलाई अनातुरपारी, सुरक्षितगरी बस" भनी भन्नुभएको अमृतोपदेश सुनी नकुलपिता गृहपति अत्यन्त खुशीभई

---

१. तल लेखिएको छ ।

बुद्धलाई प्रदक्षिणागरी, "विहारमा आएको बेलामा सारिपुत्र महास्थविरको पनि दर्शन गरेर जाउँ" भन्ने विचारले वहाँकहाँ गए ।

जब सारिपुत्र महास्थविरले नकुलपिता जस्ता वयोवृद्धको चेहरामा पनि प्रसन्नमुद्रा तथा उज्यालोपन देख्नुभयो तब सारिपुत्र महास्थविरले नकुलपितासँग "हे गृहपति ! के तिमीले भगवान्‌को श्रीमुखबाट उपदेश त सुनेर आएनौ ?" भनी सोध्दा नकुलपिताले "किन होइन त" भनी भनेबाट नकुलपिताको हृदयमा बुद्धप्रति भएको दृढ विश्वासको भाव व्यक्त हुन्छ[१] ।

सारिपुत्र महास्थविरले नकुलपितासँग "हे गृहपति ! त्यसबेला तिमीले भगवान्‌सँग कतिसम्ममा आतुरकाय भएर पनि अनातुरचित्त भएर बस्न सक्छ त भनी सोधेनौ त ?" भनी भन्नुहुँदा नकुलपिताले "सारिपुत्र महास्थविरबाट नै सो कुराको उत्तर सुन्न पाउँ" भनी प्रार्थना गरेपछि आयुष्मान् सारिपुत्रले प्रत्युत्तर दिनुहुँदै "म मेरो" भनी समाती न बस्नाले नै अनातुरचित्त हुन्छ भनी बताउनु भयो । विस्तृत कुरा तल सूत्रमानै आउने छ ।

यससूत्रमा जुन "आर्यहरू, आर्यधर्म, सत्पुरुषहरू र सत्पुरुष-धर्म" भन्ने शब्दहरू प्रयोग भएकाछन् तिनीहरूका अर्थ बौद्ध धर्मानुसार यसप्रकार हुन् :—

"आर्यपुरुष" भन्नाले विशेषगरी बुद्धलाई नै लक्षित गरेको हो ।

---

१. सं. नि. अ. क. II पृ. १८२

"सत्पुरुष" भनी प्रत्येक बुद्ध र तथागत श्रावकहरूलाई भनिएको हो।

वासना सहित सबैप्रकारका क्लेश निर्मूल भइसकेको हुँदा बुद्धलाई नै सर्वश्रेष्ठ 'आर्य' भन्दछन्। साधारणत क्लेश नभएका सबै 'आर्य' हुन्।

चतुरार्यसत्यादि सतिपठ्ठान (स्मृतिप्रस्थान ध्यान) धर्मलाई आर्य-धर्म भनिन्छ अथवा बुद्धले यी धर्महरू भाविता गरिसक्नु भएकाले सतिपठ्ठानादि धर्मलाई 'आर्य-धर्म' भनिएको हो।

प्रत्येकबुद्ध र तथागत श्रावकहरू पनि क्लेशबाट विमुक्त भएका हुनाले यिनीहरूलाई 'सत्पुरुष' भन्दछन्। यिनीहरूले पालन गरिने सतिपठ्ठानादि धर्महरूलाई 'सत्पुरुष-धर्म' भनिन्छन्।

साधारण अर्थमा सत्पुरुषनै आर्य हो, आर्य नै सत्पुरुष हो। सत्पुरुष-धर्म नै आर्य-धर्म हो, आर्य-धर्म नै सत्पुरुष-धर्म हो[१]।

'पृथक्जन' भन्नाले भिन्नाभिन्नै जीवनका लक्ष, धारणा, विश्वास तथा स्वभाव भएका मानिसलाई भनिएको हो; पृथक् पृथक् विचार भएकालाई भनिएको हो। अर्को अर्थ हो :— जबसम्म मानिस स्रोतापन्न हुँदैन तबसम्म उसलाई पृथक्जन भन्दछन्। स्रोतापन्न हुने जुनसुकै जाति, गोत्र, वर्ण, लिङ्ग तथा देशका भएता पनि उनीहरूका विचारधारा, जीवनको लक्ष तथा विश्वास एउटै हुन्छ, भिन्ना-भिन्नै हुँदैन अतएव यिनीहरू आर्य हुन्। यस बाहेक अरू जम्मै पृथक्जन हुन्।

---

१. सं. नि. अ. क. II पृ. १८३

"आर्यहरूका दर्शन नगरेका र गरेका" भन्नाले केवल मांसचक्षु अथवा दिव्यचक्षुद्वारा मात्र देख्ने वा नदेख्नेलाई भनेको होइन। अपितु आर्य-धर्मलाई स्वयं साक्षात्कारगर्ने र नगर्नेलाई भनेको हो। त्यसोत आर्यपुरुषहरूलाई मानिसलेमात्र नभई पशुपंक्षिहरूले पनि देखेका हुन्छन्। तर यस्तो देखाइलाई 'देखेको र नदेखेको' भनेको होइन। जस्तो कि—

चित्तलपर्वतमा एक क्षीणाश्रव आर्यभिक्षु थिए। उनकहाँ बैसंबितेर प्रव्रजित भएका एक शिष्य भिक्षु थिए। एकदिन यी दुवै भिक्षाटनका निमित्त गए। वृद्धप्रव्रजित भिक्षुले आफ्नो गुरुको पात्र-चीवर लिएका थिए। बाटोमा वृद्धप्रव्रजित भिक्षुले आफ्नो गुरुसँग "भन्ते! आर्य-पुरुष भन्ने कस्तो हुन्छ?" भनी सोध्दा क्षीणाश्रव आर्यभिक्षुले "कहिले काहिं आर्यपुरुषका सेवाटहलगरी, भिक्षाटन जाँदा उसको पात्र-चीवर पनि लिएरजाने शिष्य हुन्छ।" यति भन्दा पनि वृद्धप्रव्रजित भिक्षुले आर्यपुरुष चिन्न सकेनन्[१]।

भगवान्को पालामा वक्कलि भन्ने भिक्षु थिए। उनी भगवान्-प्रति असाध्यै भक्ति तथा श्रद्धा राख्दथे। उनको भक्ति भित्रीज्ञानको नभई भगवान्को सुन्दरतामा मात्र सीमित थियो। जहिले पनि भगवान्-कै अनुहारमात्र हेरी भगवान्को मुखाकृति तथा शारीरिक सुन्दरतामा नै मुग्ध रहन्थे[२]।

---

१. सं नि. अ. क. II पृ १८३

२. अं. अ. क. पृ. १३९

एकदिन बिरामी भएको बेलामा उनले भगवान् बुद्धलाई खबर पठाए। भगवान् बुद्ध उनकहाँ आउनुभएपछि उनले "भन्ते! केगरौं, बिरामीको कारणलेगर्दा भगवान्‌को दर्शनगर्न पनि आउन सकिन" भनी भन्दा भगवान्‌ले उनलाई "अलं वक्कलि! किँ ते इमिना पूतिकायेन दिट्ठेन? यो खो वक्कलि धम्मं पस्सति सोमं पस्सति, योमं पस्सति सो धम्मं पस्सति। धम्मं हि वक्कलि! पस्सन्तो मं पस्सति, मं पस्सन्तो धम्मं पस्सति[१]।" अर्थात्— "भैहाल्यो वक्कलि! अपवित्रले भरिएको यो शरीर हेरेर के गर्छौ? वक्कलि! जसले धर्मलाई देख्दछ, उसले मलाई देख्नेछ जसले मलाई देख्नेछ उसले धर्मलाई देख्दछ। वक्कलि! धर्मलाई नै देख्नेले मलाई देख्दछ, मलाई देख्नेले नै धर्मलाई देख्दछ।" भनी भन्नु भएबाट पनि धर्मदर्शन (साक्षात्कार) नै सत्पुरुष वा आर्यपुरुषहरूको दर्शनहो भन्ने कुरा पुष्टि हुन्छ।

× × ×

एकदिन नकुलपिता सारै बिरामीभई वैद्यले पनि त्यागी सकेको थियो। त्यसबेला नकुलमाताले "अब मैले आफ्नो सत्यक्रियाद्वारा नकुलपिताको रोग निकोपारी दिनुपर्छ" भन्ने विचारगरी बिरामी नकुलपिताको अगाडिगई जुनरूपले नकुलपितालाई कुरा सुनाइन् त्यो सारै मर्मस्पर्शी तथा आश्चर्यजनक छ।

मानिसहरू प्रायः मृत्युकोबारे कुरागर्न डराउँछन्, भयभीत

१. सं नि. II पृ. ४३०: वक्कलिसुत्तं।

हुन्छन् अथवा मृत्युको कुरा गर्न चाहन्नन् । किन्तु बुद्धधर्ममा मानिसलाई मृत्युबारे पनि सफासफ निर्भीकरूपले कुरागर्न सिकाएको छ । मृत्युबारे सतर्कभई, दुःखभोग्न नपर्ने काम जिउँदै छँदा प्रतिपादन गर्छन् । अर्को अर्थले हेर्नेहो भने जसले यस जीवनमा अपुण्यमय जीवन बिताएको हुन्न— कसैको हिंसा, व्यभिचार, असत्य, चोरी डकैती, झूट-कपट, धोकाबाजी र अनैतिक अपराधपूर्ण काम गरेको हुन्न— उ मृत्युदेखि डराउँदैन । उसमा यो दृढता हुन्छ कि मैले जीवनमा कसैको खराबी गरेको छैन, असलै गरेकोछु, भलोनै गरेको छु, अतएव म मृत्यु भए पनि दुर्गतिमा जानेछैन, सुगतिमा नै जानेछु ।

यसै कुराको परिपुष्टि नकुलपिताले पनि गरेका कुरा तल आउने "बिरामी नकुलपिता" बाट स्पष्ट हुनेछ । बिरामी भइरहेका आफ्ना वृद्ध स्वामीलाई आफ्नो जीवनको सत्यकुरा सुनाई मानसिक प्रसन्नता र प्रफुलितपारी पतिको रोग निकोपारि दिइन् । यतिमात्र नभई आफ्नो चरित्रबारे त्रिकालदर्शी बुद्धलाई साक्षिस्थानमा राखी "यदि कसैलाई मेरो कुरामा शंकालागे बुद्धकहाँगई सोधुन्" भनी आफ्ना निर्मल जीवनबारे दृढताका साथ परिचय दिएको छ । यस्तै भार्यालाई लक्षमा राखेर नै भगवान्ले "भार्या नै परम मित्रहो" भनी भन्नु भएको होला ।

बिरामी नकुलपितालाई प्रेमपूर्वक तथा प्रमाणसहित संक्ना दिलाउँदै भनेको कुराबाट त्यसबेलासम्म उनीहरू दुवैले गृहस्थी-ब्रह्मचर्यशील पालन गरेको सोरहवर्ष भएको पनि साबित हुन्छ ।

बुद्ध भेट हुनुभन्दा अगाडि देखिनै यिनीहरू सदाचार सम्पन्न तथा सुमधुर दाम्पत्य जीवन यापन गर्दै आएका र बुद्धभेट भएपछि स्रोतापन्न फलमा प्रतिष्ठित भएका हुनाले यिनीहरूका जीवन सुनमाथि सुगन्ध भएजस्तै भएको छ । यिनीहरूले बुद्धलाई आफ्नो वृद्ध अवस्थामा देखेको कुरा पनि ध्यानमा राख्न योग्य छ ।

सुंसुमारगिरी नगरमा जहिले आउनु भएपनि नकुलपिताहरूलाई संग्रहगर्ने विचारले भगवान् बुद्ध यिनीहरूका घरमा जानुहुन्थ्यो । यसबाट यो स्पष्ट देखिन्छ कि नकुलपिताका बुद्धप्रति कति गहिरो विश्वास थियो । यस्तै विश्वासीहरूलाई ध्यानमाराखी एकदिन भगवान्ले जेतवन विहारमा नकुलपिता र नकुलमातालाई[1] विश्वासीहरूमध्येमा श्रेष्ठोत्तम हुन् भन्ने कुरा घोषणा गर्नुभयो र साथै नकुलपिता गृहपतिमा आर्यश्रावकहरूमा हुने छ गुण-धर्महरू पनि विद्यमान् छन् भनी प्रशंसा पनि गर्नुभयो ।

× × ×

मूल सूत्र :—

१—म वृद्ध छु

यस्तो मैले सुनें[2] ।

एक समय भगवान् भर्गदेशको सुंसुमारगिरी नगरस्थित भेसकला मृगदावनमा बस्नु भएको थियो ।

---

१. नकुलमाताबारे 'बुद्धकालीन महिलाहरू' भन्ने अर्को पुस्तकमा उल्लेख हुनेछ ।

२. सं. नि. II पृ. २४१: नकुलपितुसुत्तं ।

एकदिन नकुलपिता गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँगए। त्यहाँपुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका नकुलपिता गृहपतिले भगवान्लाई बिन्तिगरे :—

"भन्ते ! म जराजीर्ण बुढो छु, जन्मले जेठोछु, उमेर पुगिसकेको छु, तीनै बैंस बितिसकेको छु; आतुर (बेचैन, व्याधिग्रस्त) कायछु, सधैं रोगीछु, रोगको कारणले गर्दानै भगवान्को र मनोभावनीय (जसको सत्संगत वा दर्शनगर्दा मन हलुँगो हुन्छ त्यस्ता) भिक्षुहरूको नित्य दर्शनगर्न आउन सक्दिन। भन्ते ! मलाई भगवान्ले अववाद र अनुशासन (दयापूर्वक संझाई बुझाई केही कुरा केही उपदेश) गर्नुहोस् ! जुन मेरो निम्ति दीर्घकालसम्मकोलागि हित र सुख हुनेछ।"

"गृहपति ! यस्तै हो ! यस्तै हो !! यो शरीर जहिले पनि दुःखपूर्ण, रोगग्रस्त तथा बेचैन छ। यो शरीर फुल जस्तै सूक्ष्म छविले ढाकिएकोछ; रोगैरोगले भरिएको यो शरीर परिहरण (परिपालन) गर्दा एकछिन मात्र आरोग्य भएको थाहा पाउन सके अरू के चाहिन्छ र ? त्यसकारण तिमीले यस्तो सिक कि— 'आतुर (रोगग्रस्त, बेचैन) काय भएको मैले, चित्तलाई अनातुर (निरोग, चैन) पारी बसौंला।' यहीनै तिमीले सिक्न सक्नुपर्छ।"

अनि नकुलपिता गृहपति भगवान्को उपदेश भाषणलाई अभिनन्दन तथा अनुमोदनगरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणागरी जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँगए। त्यहाँ

पुगिसकेपछि आयुष्मान् सारिपुत्रलाई अभिवादनगरी एक छेउमा बसे। एक छेउमा बसेका नकुलपिता गृहपतिसँग आयुष्मान् सारिपुत्रले निम्न-कुरा सोध्नु भयो :—

"हे गृहपति ! तिम्रो मुख प्रसन्न छ, इन्द्रियहरू पनि प्रफुल्लित छन्, मुखवर्ण निर्मल तथा परिशुद्ध देखिन्छ। आज भगवान्बाट उपदेश सुन्न पायौ कि क्या हो ?"

"भन्ते ! किन नपाउनु नि, भरखरैमात्र मलाई भगवान्ले धर्मकथाको अमृतोपदेशद्वारा अभिषिक्त गर्नु भएको छ।"

"हे गृहपति ! कस्तो धर्मकथाको अमृतोपदेशद्वारा तिमीलाई भगवान्ले अभिषिक्त गर्नुभयो ?"

'भन्ते ! म भगवान्कहाँ गएको थिएँ। त्यहाँ पुगिसकेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसें। एक छेउमा बसेको मैले भगवान्लाई यस्तो बिन्तिगरें :—

'भन्ते ! म जराजीर्ण बुढोछु, जन्मले जेठोछु, उमेर पुगिसकेको छु, तीनै बैंस बितिसकेकोछु; आतुरकायछु, सँधै रोगीछु, रोगको कारणले गर्दा नै भगवान्को र मनोभावनीय भिक्षुहरूको नित्य दर्शन-गर्न आउन सक्दिन। भन्ते, मलाई भगवान्ले अववाद र अनुशासन गर्नुहोस् ! जुन मेरो निम्ति दीर्घकालसम्मकोलागि हित र सुख हुनेछ।'

"भन्ते ! यति बिन्तिगर्दा मलाई भगवान्ले निम्न उपदेश दिनुभयो :—

'गृहपति ! यस्तै हो! यस्तै हो!! यो शरीर जहिले पनि दुःख-

पूर्ण, रोगग्रस्त तथा बेचैन छ। यो शरीर फुल जस्तै सूक्ष्म छविले ढाकिएकोछ; रोगैरोगले भरिएको यो शरीर परिहणगर्दा एकछिन मात्र आरोग्य भएको थाहापाउन सके अरू के चाहिन्छ र? त्यसकारण तिमीले यस्तो सिक कि— 'आतुरकाय भएको मैले, चित्तलाई अनातुर पारी बसौंला।' यहीनै तिमीले सिक्न सक्नुपर्छ।'

"यसरी भन्ते! मलाई भगवान्‌ले धर्मकथाको अमृतोपदेशद्वारा अभिषिक्त गर्नुभयो।"

सारिपुत्रोपदेश

"हे गृहपति! तिमीले भगवान्‌सँग-- 'भन्ते! कतिसम्मले आतुरकाय हुन्छ र कतिसम्मले आतुरचित्त हुन्छ? कतिसम्मले आतुरकाय भएर पनि अनातुरचित्त हुन्छ?' भनी प्रश्न सोध्ने विचार गरेनौत?"

"यसकुराको अर्थ बुझ्नका लागि हामी टाढैबाट भए पनि आयुष्मान् सारिपुत्रका समक्ष आउने थियौं होला। अतएव आयुष्मान् सारिपुत्रले नै अहिले भन्नुभएको कुराको अर्थ संझाई दिनुभए वेशहुने थियो।"

"हे गृहपति! त्यसोभए सुन, राम्ररी मन लगाऊ! म भन्ने छु।"

"हवस् भन्ते!" भनी नकुलपिताले आयुष्मान् सारिपुत्रलाई प्रत्युत्तर दिएपछि आयुस्मान् सारिपुत्रले भन्नुभयो :—

"हे गृहपति ! कसरी आतुरकाय र अनातुरचित्त हुन्छ भने ?—

A १— "गृहपति ! यहाँ— आर्यहरू दर्शन नगरेका, आर्य, धर्ममा दक्षता नभएका, आर्यधर्ममा विनीत नभएका; सत्पुरुषहरू दर्शन नगरेका, सत्पुरुषधर्ममा दक्षता नभएका, सत्पुरुष धर्ममा विनीत नभएका— अश्रुतवान् पृथक्जनले 'रूप' आत्महो भनी हेर्छ, रूपत्वलाई 'आत्म-हो' भनी हेर्छ; आत्ममा 'रूपछ' भनी हेर्छ अथवा रूपमा 'आत्मछ' भनी हेर्छ[1] । 'म रूप हुँ मेरो रूपहो' भनी (चातुर्महाभौतिक शुद्ध-रूपमा) पर्युत्थानभई अर्थात् त्यसैमा तल्लीन भएर बस्दछ । 'म रूपहुँ, मेरो रूपहो' भनी (तृष्णा, दृष्टिले) त्यसैमा तल्लीन भई बस्नेको 'रूप' विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन । सो 'रूप' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य तथा मानसिक वेचैनी हुन्छ ।

A २—' 'वेदना' आत्महो भनी हेर्छ, वेदनात्वलाई 'आत्महो' भनी हेर्छ; आत्ममा 'वेदनाछ' भनी हेर्छ अथवा वेदनामा 'आत्मछ' भनी हेर्छ । 'म वेदना हुँ, मेरो वेदना हो' भनी त्यसैमा तल्लीन भएर बस्दछ । 'म वेदना हुँ, मेरो वेदना हो' भनी त्यसैमा तल्लीनभई

१. "रूपं अत्ततो समनुपस्सति, रूपवन्तं वा अत्तानं, अत्तनिवा रूपं, रूपस्मिं वा अत्तानं ।"

बस्नेको 'वेदना' विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'वेदाना' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य तथा मानसिक बेचैनी हुन्छ।

A ३— " 'संज्ञा' आत्म हो भनी हेर्छ, संज्ञात्वलाई 'आत्महो' भनी हेर्छ; आत्ममा 'संज्ञाछ' भनी हेर्छ अथवा संज्ञामा 'आत्मछ' भनी हेर्छ। 'म संज्ञा हुँ, मेरो संज्ञा हो' भनी त्यसैमा तल्लीन भएर बस्दछ। 'म संज्ञा हुँ, मेरो संज्ञाहो' भनी त्यसैमा तल्लीनभई बस्नेको 'संज्ञा' विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'संज्ञा' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप,··· मानसिक बेचैनी हुन्छ।

A ४— " 'संस्कार' आत्म हो भनी हेर्छ, संस्कारत्वलाई 'आत्महो' भनी हेर्छ; आत्ममा 'संस्कारछ' भनी हेर्छ अथवा संस्कार-मा 'आत्मछ' भनी हेर्छ 'म संस्कार हुँ, मेरो संस्कारहो' भनी त्यसैमा तल्लीन भएर बस्दछ। 'म संस्कार हुँ, मेरो संस्कार हो' भनी त्यसैमा तल्लीनभई बस्नेको 'संस्कार' विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'संस्कार' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप,··· मानसिक बेचैनी हुन्छ।

A ५— " 'विज्ञान' आत्म हो भनी हेर्छ, विज्ञानत्वलाई

'आत्महो' भनी हेर्छ; आत्ममा 'विज्ञानछ' भनी हेर्छ अथवा विज्ञानमा 'आत्मछ' भनी हेर्छ। 'म विज्ञान हुँ, मेरो विज्ञान हो' भनी त्यसैमा तल्लीन भएर बस्दछ। 'म विज्ञान हुँ, मेरो विज्ञान हो' भनी त्यसैमा तल्लीनभई बस्नेको 'विज्ञान' विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'विज्ञान' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप,... मानसिक बेचैनी हुन्छ।

"गृहपति! यसप्रकार आतुरकाय पनि हुन्छ र आतुरचित्त पनि।

"गृहपति! कसरी आतुरकाय भएर पनि अनातुरचित्त हुन्छ भने ?—

B १— "गृहपति! यहाँ—आर्यहरूका दर्शनगरका, आर्यधर्ममा दक्षता भएका, आर्यधर्ममा विनीत भएका; सत्पुरुषहरूको दर्शनगरेका, सत्पुरुषधर्ममा दक्षता भएका, सत्पुरुषधर्ममा विनीत भएका— श्रुतवान् आर्यश्रावकले 'रूप' आत्महो भनी हेर्दैन, न रूपत्वलाई 'आत्महो' भनी हेर्छ; न आत्ममा 'रूपछ' भनी हेर्छ, न त रूपमा 'आत्मछ' भनी हेर्छ। 'मरूप हुँ, मेरो रूपहो' भनीकन पनि त्यसैमा तल्लीन भएर बस्दैन। 'म रूपहुँ, मेरो रूपहो' भनी त्यसैमा तल्लीनभई नबस्नेको रूप पनि विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'रूप' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप, दुःख, दौर्मनस्य तथा मानसिक बेचैनी हुँदैन।

B २—" 'वेदना' आत्महो भनी हेर्दैन, न वेदनात्वलाई 'आत्महो' भनी हेर्छ; न आत्ममा 'वेदनाछ' भनी हेर्छ, न त वेदनामा 'आत्मछ' भनी हेर्छ। 'म वेदना हुँ, मेरो वेदनाहो' भनीकन पनि त्यसैमा तल्लीन भएर बस्दैन। 'म वेदना हुँ, मेरो वेदना हो' भनी त्यसैमा तल्लीनभई नबस्नेको वेदना पनि विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'वेदना' विपरिणामन्यथाभाव प्राप्तहुँदा उसलाई शोक, सन्ताप,··· मानसिक बेचैनी हुँदैन।

B ३—" 'संज्ञा' आत्महो भनी हेर्दैन, न संज्ञात्वलाई 'आत्म हो' भनी हेर्छ; न आत्ममा 'संज्ञा छ' भनी हेर्छ, न त संज्ञामा 'आत्मछ' भनी हेर्छ। 'म संज्ञा हुँ, मेरो संज्ञाहो' भनीकन पनि त्यसैमा तल्लीन भएर बस्दैन। 'म संज्ञाहुँ, मेरो संज्ञाहो' भनी त्यसैमा तल्लीनभई नबस्नेको संज्ञा पनि विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'संज्ञा' विपरिणामन्यथाभाव प्राप्तहुँदा उसलाई शोक, सन्ताप,··· मानसिक बेचैनी हुँदैन।

B ४—" 'संस्कार' आत्महो भनी हेर्दैन, न संस्कारत्वलाई 'आत्महो' भनी हेर्छ; न आत्ममा 'संस्कारछ' भनी हेर्छ; न त संस्कारमा 'आत्मछ' भनी हेर्छ। 'म संस्कार हुँ, मेरो संस्कारहो' भनीकन पनि त्यसैमा तल्लीन भएर बस्दैन। 'म संस्कार हुँ, मेरो संस्कारहो" भनी त्यसैमा तल्लीनभइ नबस्नेको संस्कार पनि विपरिणाम हुन्छ,

अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'संस्कार' विपरिणामन्यथाभाव प्राप्त हुँदा उसलाई शोक, सन्ताप,… मानसिक बेचैनी हुँदैन।

B ५—" 'विज्ञान' आत्महो भनी हेर्दैन, न विज्ञानत्वलाई 'आत्महो' भनी हेर्छ; न आत्मसा 'विज्ञानछ' भनी हेर्छ, न त विज्ञानमा 'आत्मछ' भनी हेर्छ। 'म विज्ञानहुँ, मेरो विज्ञान हो' भनीकन पनि त्यसैमा तल्लीन भएर वस्दैन। 'म विज्ञान हुँ, मेरो विज्ञान हो' भनी त्यसैमा तल्लीनभई नबस्नेको विज्ञान पनि विपरिणाम हुन्छ, अन्यथा हुन्छ अर्थात् परिवर्तन हुन्छ, आफ्नो स्वभावमा रहँदैन। सो 'विज्ञान' विपरिणामन्यथाभाव प्राप्तहुँदा उसलाई शोक, सन्ताप,… मानसिक बेचैनी हुँदैन।

"गृहपति ! यसप्रकार आतुरकाय भएर पनि अनातुरचित्त हुन्छ।"

आयुष्मान् सारिपुत्रले यति भन्नुभएपछि सन्तुष्टभई नकुलपिता गृहपतिले आयुष्मान् सारिपुत्रको उपदेशलाई अभिनन्दन गरे।

× × ×

मूल सूत्र :—

२–सुखमय दाम्पत्य जीवन

यस्तो मैले सुनें[1] ।

एक समय भगवान् भर्गदेशको सुंसुमारगिरी नगरस्थित भेसकला मृगदावनमा वस्नु भएको थियो ।

एकदिन भगवान् पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण-गरी जहाँ नकुलपिता गृहपतिको घरहो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि वछ्याइराखेको आसनमा वस्नुभयो ।

अनि नकुलपिता गृहपति र नकुलमाता गृहपत्नी भगवान् भएको ठाउँमागई भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका नकुलपिता गृहपतिले भगवान्लाई यस्तो बिन्तिगरे :—

"भन्ते ! जहिलेदेखि नकुलमाता गृहपत्नीलाई कुमारी अवस्थामै मैले ल्याएँ, उसबेलादेखि नकुलमाता गृहपत्नीप्रति मेरो मनले पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहाछैन भने शरीरद्वारा व्यभिचार गर्नेत सवालै उठदैन ! भन्ते ! हामी (दुवै) यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौं !"

नकुलमाता गृहपत्नीले पनि भगवान्लाई यस्तै बिन्तिगरिन् :—

"भन्ते ! जहिलेदेखि नकुलपिता गृहपतिले मलाई कुमारी

---

१. अं नि- ४. पृ. ६५: पठमसमजीविसुत्तं ।

अवस्थामै ल्याए, उसबेलादेखि नकुलपिता गृहपतिप्रति मेरो मनले पनि व्यभिचार गरेको (मनले पाप चिताएको) मलाई थाहाछैन भने शरीरद्वारा व्यभिचार गर्ने त सवालै उठदैन। भन्ते। हामी (दुवै) यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न चाहन्छौं !"

"हे गृहपति ! यदि दुवै दम्पतिले यस जन्ममा पनि परजन्ममा पनि परस्पर (दुवैले) हेर्न र देख्न चाहन्छौ भने-- सम-श्रद्धा, सम-शील, सम-त्याग, सम-प्रज्ञा हुनुपर्छ। यस्तो भएमा उनीहरूले यस जन्ममा पनि परजन्ममा पनि परस्पर हेर्न र देख्न सक्नेछन्।"

यसपछि पुनः गाथा भन्नुभयो :—

१- "उभो सद्धा वदञ्ञू च, सञ्ञता धम्मजीविनो।
ते होन्ति जानिपतयो, अञ्ञमञ्ञं पियंवदा।
२- "अत्थासं पचुरा होन्ति, फासुकं[1] उपजायति।
अमित्ता दुम्मना होन्ति, उभिन्नं समसीलिनं॥
३- "इध धम्मं चरित्वान, समसीलब्बता उभो।
नन्दिनो देवलोकस्मिं, मोदन्ति कामकामिनो' ति॥"

अर्थ :—

१- "दुवै श्रद्धालु, परस्पर बुझ्न सक्ने र संयमी, धर्मजीवी, परस्पर प्रियवादी हुने दम्पतिहरूलाई—

२— "समानशीलको कारणले प्रचूर मात्रामा धन हुन्छ,

१. रोमनमाः वासत्थं।

आरामसाथ घर बस्छन्, अमित्र (शत्रु) हरूको मुख अँध्यारो हुन्छ ।

३-- "यसलोकमा धर्मचारीभई समानशील पालनगर्ने दुवै कामनागरेको पाउने देवलोकमा पनि सुख प्राप्तगरी नन्दित हुन्छन् ।"

× × ×

मूल सूत्र :--

३-किन यसैजन्ममा परिनिर्वाण हुन्न ?

एक समय भगवान् भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेषकला मृगदावनमा बस्नु भएको थियो[१] ।

एकदिन नकुलपिता गृहपति जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका नकुलपिता गृहपतिले भगवान्सँग निम्नप्रश्न सोधे :--

"भन्ते ! के हेतु, के प्रत्यय होला जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ? के हेतु, के प्रत्यय होला जो कि केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ?"

A १— "हे गृहपति ? यहाँ चक्षु-विज्ञेयरूपहरू छन् जो

१. सं नि III पृ. १०६ नकुलपितुसुत्तं ।

इष्ट, कान्त, मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन्। जो भिक्षु ती रूपहरूको अभिनन्दनगर्छ, बयानगर्छ र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुनसक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाग हुँदैनन् ।

A २— "हे गृहपति ! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती शब्दहरूको अभिनन्दन गर्छ,... र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती शब्दहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले शब्द-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

A ३— "हे गृहपति ! यहाँ घ्राण-विज्ञेय गन्धहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती गन्धहरूको अभिनन्दन,··· र त्ययैमा डुबिरहन्छ, सो भिक्षु ती गन्धहरूको अभिनन्दन··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारगले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ। उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा पनिनिर्वाण हुँदैनन् ।

A ४— "हे गृहपति ! यहाँ जिह्वा-विज्ञेय रसहरू छन्

जो इष्ठ,··· र रजनीय हुन्छन् । जो भिक्षु ती रसहरूको अभिनन्दन··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती रसहरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले रस-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

A ५— "हे गृहपति ! यहाँ काय-विज्ञेय स्पर्शहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दन,... र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन,... र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

A ६— "हे गृहपति ! यहाँ मनोविज्ञेय-धर्महरू छन् जो [इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन··· र त्यसैमा डुबिरहन्छ, सो भिक्षु ती धर्महरूको अभिनन्दन,··· र त्यसैमा डुबिरहँदा उसमा त्यसैको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुन्छ । उपादान संयुक्त भिक्षु परिनिर्वाण हुन सक्तैन । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो कि यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुँदैनन् ।

B १—"हे गृहपति! यहाँ चक्षु-विज्ञेय रूपहरू छन् जो इष्ट, कान्त मनाप, प्रियरूप, कामूपसंहित र रजनीय हुन्छन् । जो भिक्षु ती रूपहरूको

अभिनन्दन, गर्दैन बयान गर्दैन र त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती रूपहरूको अभिनन्दन, बयान र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले रूप-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B २— "हे गृहपति ! यहाँ श्रोत-विज्ञेय शब्दहरू छन् जो इष्ट,… र रजनीय हुन्छन् । जो भिक्षु ती शब्दहरूको अभिनन्दन… र त्यसैमा डुबिरहँदैन, सो भिक्षु ती शब्दहरूको अभिनन्दन,… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले शब्द-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ३— "हे गृहपति ! यहाँ घ्राण-विज्ञेय गन्धहरू छन् जो इष्ट,… र रजनीय हुन्छन् । जो भिक्षु ती गन्धहरूको अभिनन्दन… र त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती गन्धरूको अभिनन्दन… र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले गन्ध-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ४— "हे गृहपति ! यहाँ जिह्वा-विज्ञेय रसहरू छन् जो इष्ट,… र रजनीय हुन्छन् । जो भिक्षु ती रसहरूको अभिनन्दन… र

त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती रसहरूको अभिनन्दन··· र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले रस-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ५— "हे गृहपति ! यहाँ काय-विज्ञेय स्पर्शहरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती स्पर्शहरूको अभिनन्दन,··· र त्यसैमा डुबि रहँदैन सो भिक्षु ती स्पर्शहरूको अभिनन्दन,··· र त्यसैमा डुबि नरहँदा उसमा त्यसैको कारणले स्पर्श-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन ! उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्यय हो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।

B ६ -- "हे गृहपति । यहाँ मनोविज्ञेय धर्महरू छन् जो इष्ट,··· र रजनीय हुन्छन् । जो भिक्षु ती धर्महरूको अभिनन्दन··· र त्यसैमा डुबि रहँदैन, सो भिक्षु ती धर्महरूको अभिनन्दन.··· र त्यसैमा डुबि-नरहँदा उसमा त्यसैको कारणले धर्म-विज्ञानद्वारा उपादान उत्पन्न हुँदैन । उपादान विसंयुक्त भिक्षु परिनिर्वाण हुन्छ । गृहपति ! यही हेतु, यही प्रत्ययहो जो यहाँ केही सत्वहरू यसै जन्ममा परिनिर्वाण हुन्छन् ।"

[यी उपदेश सुनी नकुलपिता गृहपति प्रसन्न भए ।]

× × ×

मूल सूत्रः—

४-बिरामी नकुलपिता

एक समय भगवान् भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला मृगदावनमा बस्नु भएको थियो[१] ।

त्यस समय नकुलपिता गृहपति रोगी थिए सारै बिरामीभई दुःखी थिए । अनि नकुलमाता गृहपत्नीले नकुलपिता गृहपतिलाई यस्तो कुरा भनिन् :—

१— "हे स्वामी ! सापेक्षी भएर मृत्युको हातमा नपर्नुहोस्, सापेक्षी भएर मृत्युको हातमा पर्दा दुःख हुन्छ । सापेक्षी भएर मृत्यु-हुनेलाई बुद्धले पनि प्रशंसागर्नु भएको छैन । हे स्वामी ! शायद तपाइको मनमा यस्तो हुन सक्छ कि— 'यी नकुलमाता गृहपत्नी मेरो मृत्युपछि बालकहरूको भरण-पोषण गर्न सक्नेछैन, घरबार पनि धान्न सक्नेछैन ।' स्वामी ! तपाइले यस्तो सोचनु पर्दैन, म कपासको धागो कात्न सिपालु-छु, तपाइको मृत्युपछि बालकहरूको भरण-पोषण पनि गर्न सक्छु र घरबार पनि धान्न सक्छु । स्वामी ! त्यसकारण तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन ।

२— "हे स्वामी ! शायद तपाइको मनमा यस्तो हुन सक्छ

१. अं नि–६ पृ. १७ नकुलपितुसुत्तं ।

कि— 'यी नकुलमाता गृहपत्नी मेरो मृत्युपछि अर्काको घरमा (अर्को पुरुषसँग) जानेछ ।' स्वामी ! तपाइले यस्तो संझनुपर्दैन । तपाइलाई पनि थाहाछ, मलाई पनि थाहाछ कि हामी दुवैले सोरहवर्षसम्म गृहस्थ-ब्रह्मचर्य शील पालन गरेका कुरा । स्वामी ! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्युहुनेलाई प्रशंसा गर्नुभएको छैन ।

३— "हे स्वामी ! शायद तपाइको मनमा यस्तो हुनसक्छ कि-- 'मेरो मृत्युपछि यी नकुलमाता गृहपत्नीले भगवान्को दर्शन-गर्न चाहने छैन, भिक्षुसङ्घको पनि दर्शनगर्न चाहने छैन ।' स्वामी ! तपाइले यस्तो चिताउनु पर्दैन । तपाइको मृत्युपछि म झन् भगवान्को दर्शनगर्न चाहनेछु तथा भिक्षुसङ्घको पनि दर्शनगर्न चाहनेछु । स्वामी ! तपाइको मृत्यु सापेक्षी नहोस् । सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्युहुनेलाई प्रशंसा गर्नु भएको छैन ।

४-- "हे स्वामी ! शायद तपाइको मनमा यस्तो हुन सक्छ कि-- 'यी नकुलमाता गृहपत्नीले मेरो मृत्युपछि राम्ररी शील पालन गर्नेछैन ।' स्वामी तपाइले यस्तो सोचनु पर्दैन । जति भगवान्का गृही श्राविकाहरू छन्-- निर्मल शुद्धजीवी, राम्ररी शील पालनगर्ने-- तिनीहरूमध्ये म पनि एक हुँ । जसले यसबारे शंकासन्देह गर्छ उसले भगवान् बुद्धकहाँ गएर सोधोस् । अहिले भगवान् अरहत् सम्यक् सम्बुद्ध

भर्ग देशको सुंसुमारगिरी नगरस्थित भेसकला भन्ने मृगदावनमा बस्नु भएकैछ। स्वामी! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस्। सापेक्षी भएर मृत्युको हातमा पर्नु दुःख हो। भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्यु हुनेलाई प्रशंसा गर्नुभएको छैन।

५-- "हे स्वामी! शायद तपाइको मनमा यस्तो हुन सक्छ कि-- 'यी नकुलमाता गृहपत्नी आध्यात्मिक चित्त समाधि लाभिनी हुनेछैन।' स्वामी! तपाइले यस्तो सोचनु पर्दैन। भगवान्का जति गृही श्राविकाहरू छन्-- निर्मल शुद्धजीवी, आध्यात्मिक चित्त समाधि लाभिनी-- तिनीहरूमध्ये म पनि एक हुँ। जसले यसबारे शंका-सन्देह गर्छ उसले भगवान् बुद्धकहाँ गएर सोधोस्। अहिले भगवान् अरहत् सम्यक् सम्बुद्ध भर्गदेशको··· मृगदावनमा बस्नु भएकै छ। स्वामी! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस्। सापेक्षी भएर मृत्युको हातमापर्नु दुःख हो। भगवान् बुद्धले पनि सापेक्षीभएर मृत्युहुनेलाई प्रशंसा गर्नुभएको छैन।

६-- "हे स्वामी! शायद तपाइको मनमा यस्तो हुनसक्छ कि-- 'यी नकुलमाता गृहपत्नी यो धर्म-विनयमा (बुद्धधर्ममा) गम्भीरता प्राप्त, अतिगम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंकासन्देहले कुरागर्नु नपर्नेभई, वैशारद्य प्राप्तगरी कसैको भरमा (धर्मविबोधकालागि) पर्नु नपर्नेभई बस्नेछैन।' स्वामी! तपाइले यस्तो संझनु पर्दैन। भगवान् बुद्धका जति गृही श्राविकाहरू छन्-- निर्मल शुद्धजीवी तथा यो धर्मविनयमा गम्भीरता प्राप्त,··· वैशारद्य प्राप्तगरी कसैको भरलिनु

नपर्नेभई वस्छन्–– तिनीहरूमध्ये म एक हुँ । जसले यसबारे शंकासन्देह गर्छ उसले भगवान् बुद्धकहाँगई सोधोस् । अहिले भगवान् अरहत् सम्यक् सम्बुद्ध भर्ग देशको··· भेषकला भन्ने मृगदावनमा बस्नु भएकै छ । स्वामी ! त्यसैले तपाइको मृत्यु सापेक्षी नहोस् ! सापेक्षी भएर मृत्युको हातमापर्नु दुःख हो । भगवान् बुद्धले पनि सापेक्षी भएर मृत्युहुनेलाई प्रशंसा गर्नुभएको छैन ।"

नकुलपिता गृहपतिलाई नकुलमाता गृहपत्नीले यसप्रकार अववाद (संझाई बुझाई प्रेमपूर्वक कुरा सुनाउनु) गर्दा उसको सो रोग निको भयो । नकुलपिता गृहपतिको सो रोग दूरभई नकुलपिता गृहपति त्यस रोगासनबाट उठे । रोगासनबाट उठेको केही दिनपछि नकुलपिता गृहपति लौरोटेकी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि नकुलपिता गृहपतिले भगवान्लाई अभिवादनगरी एक छेउमा बसे । एक छेउमा बसेका नकुलपिता गृहपतिलाई भगवान्ले यस्तो भन्नुभयो :––

"हे गृहपति ! तिम्रो निम्ति लाभहो, तिम्रो निम्ति सुलाभ हो !! जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामी, अववादिका तथा अनुशासिका (प्रेमपूर्वक संझाउने) स्त्री छे । (१) गृहपति ! जति मेरा गृही श्राविकाहरू छन्–– निर्मल शुद्धजीवी, रात्ररी शील पालन गर्ने–– तिनीहरूमध्ये नकुलमाता गृहपत्नी पनि एक हुन् । (२) गृहपति ! जति मेरा गृही श्राविकाहरू छन्–– निर्मल शुद्ध-जीवी, आध्यात्मिक चित्तसमाधि लाभी–– तिनीहरूमध्ये नकुलमाता

गृहपत्नी पनि एक हुन् । (३) गृहपति ! जति मेरा गृही श्राविकाहरू छन्—– निर्मल शुद्धजीवी, यो धर्मविनयमा गम्भीरता प्राप्त, अति गम्भीरता प्राप्त, आश्वासन प्राप्त, शंकासन्देहले कुरागर्नु नपर्ने, वैशारद्य प्राप्त, कसैको भरलिनु नपर्ने–– तिनीहरूमध्येमा नकुलमाता गृहपत्नी पनि एक हुन् ।

"हे गृहपति ! अतएव तिम्रो निम्ति यो लाभ हो ! सुलाभ हो !! जसको नकुलमाता गृहपत्नी जस्ती अनुकम्पिका, अर्थकामी, अववादिका तथा अनुशासिका स्त्री छे ।"

[यति उपदेश सुनी नकुलपिता गृहपति अति प्रसन्न भए ।]

× × ×

मूल सूत्र :—

५—अग्रस्थान-घोषणा

[एक दिन श्रावस्तीस्थित जेतवन विहारमा भिक्षु तथा उपासकहरूका एक सभामा विश्वासीहरूमध्ये नकुलपिता गृहपति सर्व-श्रेष्ठछन् भनी घोषणागर्नु हुँदै भगवान्ले निम्न कुरा भन्नुभयो––]

"एतदग्गं, भिक्खवे ! मम सावकानं विस्सासिकानं यदिदं नकुलपिता गहपती' ति[१] ।"

अर्थ :—

"हे भिक्षुहो ! मेरा विश्वासी श्रावक उपासकहरूमध्येमा नकुलपिता गृहपति अग्रछन् ।

× × ×

मूल सूत्र :—

६—बुद्धद्वारा प्रशंसा

[एकदिन श्रावस्तीस्थित जेतवन विहारमा नकुलपिता गृहपतिको प्रशंसा गर्नुहुँदै भगवान्ले निम्न कुरा भन्नुभयो—]

"हे भिक्षु हो ! नकुलपिता गृहपति छ गुण-धर्महरूले सुसम्पन्न भई तथागतमा निष्ठाराखी, अमृतदर्शी र अमृतसाक्षात्कारगरी बसेका छन्[२] । कुन छ गुण-धर्म भने ?—

'(१) बुद्धप्रति अटलश्रद्धा, (२) धर्मप्रति अटलश्रद्धा, (३) सङ्घप्रति अटलश्रद्धा, (४) आर्य-शील, (५) आर्य-ज्ञान तथा (६) आर्य-विमुक्ति ।'

---

१. अं नि- १ पृ. २६: एतदग्गवग्गो ।

२. अं. नि-६ पृ. १४९: भल्लुकादिसुत्तं ।

"भिक्षु हो ! यिनै छ गुण-धर्महरूले सुसम्पन्न भई नकुलपिता गृहपति तथागतमा निष्ठाराखी, अमृतदर्शी तथा अमृतसाक्षात्कारगरी बसेकाछन् ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित
"बुद्धकालीन गृहस्थीहरू" भाग-१, संग्रह-२

—०—

नामावली

भ

स

श

शब्दावली

ध

म

लेखकका अरू पुस्तकहरू :-

१-संक्षिप्त बुद्ध-जीवनी ... १:-
२-धम्मपद ... ... १।५०
३-गृही विनय ... ... १।-
४-अग्रश्रावक ... ...
५-कसको कुरा सत्य हो ?...
६-बुद्धकालीन ब्राह्मण ... ७।-

प्रतीक्षामा :

बुद्धकालीन राजपरिवार

बुद्धकालीन महिलाहरू

पुस्कक पाइने ठेगाना

१. रत्नपुस्तक भण्डार,
भोटाहिटी, काठमाडौं, नेपाल ।

२. हाम्रो पसल, भैरहवा, नेपाल ।

३. दयाशंकर प्रदीपशंकर, पोखरा, नेपाल ।

४. श्रेष्ठ बूक डिपो, धरान, नेपाल ।

५. जानुका पुस्तक भण्डार, बिराटनगर, नेपाल ।

६. जानकी पुस्तक भण्डार, जनकपुरधाम, नेपाल ।

७. श्रीघः विहार, नघलटोल, काठमाडौं नेपाल ।

MAHABODHI SOCIETY,
P. O. SARNATH, VARANASI, INDIA.